नेपाल सरकार
अर्थ मन्त्रालय

आर्थिक सर्वेक्षण

आर्थिक वर्ष २०६६/६७

भाग-१

प्राक्कथन

समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माणको अभियान प्रति लक्षित नेपाल सरकारका आर्थिक नीति तथा कार्यक्रमहरुको प्रगति समीक्षा सबैलाई जानकारी होस् भन्ने उद्देश्यबाट आर्थिक सर्वेक्षण २०६६/६७ तयार गरिएको छ । मुलुकमा राजनीतिक स्थायित्व कायम गरी उपलब्ध सम्भावना तथा अवसरहरुलाई पूर्णरुपमा सदुपयोग गर्दै समग्र अर्थतन्त्रलाई माथि उठाउनुपर्ने आवश्यकता रहेको छ । समग्रमा अर्थतन्त्र सकारात्मक रहेको भएतापनि आर्थिक परिसूचकहरुको विश्लेषण गर्दा आर्थिक स्थायित्व कायम गरी समग्र आर्थिक विकासको गति तीव्र पार्ने कार्यमा व्यवधान कायम छ । जनताको आर्थिक-सामाजिकस्तर माथि उकास्न आर्थिक तथा वित्तीय समावेशीकरणको मुद्दालाई पनि उच्च प्राथमिकता दिनु त्यतिकै जरुरी छ ।

अर्थतन्त्रका विविध क्षेत्रहरुको विद्यमान स्थिति, परिवर्तन, प्रवृत्ति, उपलब्धिहरुको मूल्याङ्कन तथा क्षेत्रगत समस्या र चुनौतीहरुको विश्लेषण सहित यो आर्थिक सर्वेक्षण गरिमामय व्यवस्थापिका-संसद समक्ष प्रस्तुत गरेको छु । प्रस्तुत सर्वेक्षणमा चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्मका आर्थिक गतिविधि तथा तथ्याङ्कहरुलाई विश्लेषण गरी उपयोगी बनाउने प्रयास गरिएको छ ।

यस आर्थिक वर्षदेखि आर्थिक सर्वेक्षणलाई संग्रहणीय र थप उपयोगी बनाउनको लागि दुई भागमा प्रकाशन गरिएको छ । भाग एकमा देशको समग्र आर्थिक विश्लेषण तथा चुनौतीहरु प्रस्तुत गरिएको छ भने भाग दुईमा तथ्याङ्कहरुलाई तालिकामा व्यवस्थितरुपमा समावेश गरिएको छ ।

प्रस्तुत आर्थिक सर्वेक्षण व्यवस्थापिका-संसदका माननीय सदस्यहरु, राजनीतिक दल, बुद्धिजीवी, पेशाविद्, शोधकर्ता, शिक्षक, विद्यार्थी, उद्योगपति, व्यवसायी तथा सर्वसाधारणका लागि उपयोगी स्रोतको रुपमा रहनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, आर्थिक सर्वेक्षण तयार गर्ने कार्यमा संलग्न अर्थ मन्त्रालयका पदाधिकारीहरु विशेषत: आर्थिक कार्य विषयक तथा नीति विश्लेषण महाशाखाका सम्पूर्ण कर्मचारीहरु, नेपाल राष्ट्र बैंङ्कका सम्बन्धित पदाधिकारीहरु धन्यवादका पात्र हुनुहुन्छ । साथै यस कार्यको निम्ति आवश्यक पर्ने तथ्याङ्क, सूचना एवं विवरण उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने विभिन्न मन्त्रालय तथा निकायहरुलाई धन्यवाद दिन चाहन्छु ।

असार २०६७

सुरेन्द्र पाण्डे
अर्थ मन्त्री

विषय-सूची

	विषय	पृष्ठ
	प्राक्कथन	
	मञ्जुषा सूची	i
	विषय-तालिका सूची	ii
	चार्ट सूची	vi
	छोटकरी रूप	viii
	कार्यकारी सारांश	xiv
	समष्टिगत आर्थिक परिसूचकहरु	xx
	अर्थतन्त्रका प्रमुख चुनौतीहरु	xxv
१.	आर्थिक गतिविधि	१
२.	सार्वजनिक वित्त	१५
३.	मूल्य तथा आपूर्ति	२८
४.	मुद्रा तथा बैंकिङ्ग	३८
५.	पुँजी बजार	७६
६.	वाह्य क्षेत्र	८४
७.	गरिबी निवारण र रोजगारी	९५
८.	कृषि, उद्योग र पर्यटन	१०८
९.	सार्वजनिक संस्थान	१३६
१०.	ऊर्जा तथा वन	१५३
११.	यातायात तथा सञ्चार	१६५
१२.	सामाजिक क्षेत्र	१८०

मञ्जुषा सूची

मञ्जुषा नं.	विषय	पृष्ठ
४(क)	आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिका विशेषताहरु	३८
४(ख)	आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिको मध्यावधि समीक्षा	४२
४(ग)	नेपाल राष्ट्र बैंकको पुनर्संरचना	६०
४(घ)	नेपाल बैंक लिमिटेड तथा राष्ट्रिय वाणिज्य बैंकको संरचनागत सुधार कार्यक्रम	६१
४(ङ)	समग्र वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि	६४
४(च)	उत्पादनमूलक पुनर्कर्जा सुविधासम्बन्धी व्यवस्था	६७
४(छ)	मार्जिन लेण्डिङ्ग प्रकृतिको कर्जासम्बन्धी निर्देशनमा परिवर्तन	६८
४(ज)	घरजग्गा तथा रियलस्टेट कर्जा र कुल कर्जासम्बन्धी निर्देशनको झलक	६९
४(झ)	निरीक्षण एवम् सुपरीवेक्षणको २०६६ फागुन मसान्तसम्मको प्रगति	७४
५(क)	नेपाल धितोपत्र तथ्याङ्क व्यवस्थापन प्रणाली	७९
५(ख)	धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली	८०
५(ग)	धितोपत्र बजारको नियमन तथा पूर्वाधार विकाससम्बन्धी भावी कार्यक्रम	८१
६(क)	नेपाल-भारतबीच भएको नयाँ वाणिज्य सन्धि	८८
६(ख)	सुन चाँदी आयातसम्बन्धमा गरिएको विशेष व्यवस्था	९०
६(ग)	वाह्य क्षेत्रसम्बन्धी प्रक्रियागत सुधारहरु	९२
७(क)	गरिबी मापन	९५
८(क)	कृषि क्षेत्रका मुख्य गतिविधिहरू	१०८
८(ख)	उद्योग र वाणिज्य क्षेत्रका मुख्य गतिविधिहरू	१२३
८(ग)	पर्यटन क्षेत्रका मुख्य गतिविधिहरू	१३१
९(क)	निजीकरण कार्यक्रम कार्यान्वयनमा देखिएका चुनौतीहरू	१५०
१०(क)	वन क्षेत्रको व्यवस्थापनमा अवलम्बन गरिएका नीति तथा कार्यनीति	१५९
१०(ख)	वन स्रोत तथ्याङ्क	१६०
१२(क)	नेपालको साक्षरताको अवस्था	१९०
१२(ख)	एस.एल.सी. परीक्षामा सम्मिलित तथा उत्तीर्ण छात्रछात्राको विवरण	१९४
१२(ग)	स्थानीय विकास मन्त्रालयले चालू आर्थिक वर्षमा अवलम्बन गरेका मुख्य मुख्य कानुनी व्यवस्थाहरू	२२२
१२(घ)	शान्ति तथा पुनर्निर्माण मन्तालयबाट सम्पन्न भएका मुख्य मुख्य कार्यहरू	२६२

विषय-तालिका सूची

तालिका नं.	विषय	पृष्ठ
१(क)	विश्वको आर्थिक वृद्धिदर	१
१(ख)	उपभोक्ता मूल्यमा आधारित मुद्रास्फीति दर	२
१(ग)	कुल आन्तरिक (गार्हस्थ्य) माग	३
१(घ)	विश्व व्यापार	४
१(ङ)	छिमेकी मुलुकहरुको आर्थिक वृद्धिदर	४
२(क)	कुल सरकारी खर्चसँग सरकारी वित्तका शीर्षकहरुको अनुपात	१५
२(ख)	कुल गार्हस्थ्य उत्पादनसँग सरकारी खर्च र राजस्वको अनुपात	१६
२(ग)	पुँजीगत तथा साँवा भुक्तानी खर्च र सोको पूर्तिगर्ने स्रोतहरु	१७
२(घ)	न्यून वित्त	२७
३(क)	उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित वार्षिक विन्दुगत मुद्रास्फीति दर	२९
३(ख)	शहरी क्षेत्रको विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क	३०
३(ग)	शहरी क्षेत्रको औसत उपभोक्ता मूल्य सूचकाङ्क	३१
३(घ)	शहरी क्षेत्रको विन्दुगत राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क	३२
३(ङ)	राष्ट्रिय थोक मूल्य सूचकाङ्क	३४
३(च)	राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क	३५
४(क)	बैंकदर, पुनर्कर्जादर र अनिवार्य नगद अनुपात	४२
४(ख)	मुद्रा प्रदायमा प्रभाव पार्ने कारकहरु	४४
४(ग)	सञ्चित मुद्रामा भएको परिवर्तन	४५
४(घ)	खुला बजार कारोवार स्थिति	४६
४(ङ)	९१-दिने ट्रेजरी विल्स, अन्तर बैङ्क र मुद्दती निक्षेपको ब्याजदर	४७
४(च)	बैङ्क तथा वित्तीय संस्थाहरुको संख्या	४८
४(छ)	बैङ्क तथा वित्तीय सस्थाहरूको केही प्रमुख परिसूचकहरु	४९
४(ज)	वित्तीय विस्तार तथा प्रगाढताका केही परिसूचकहरू	५०
४(झ)	वाणिज्य बैंकका शाखाहरु	५२
४(ञ)	वाणिज्य बैंकहरुको निष्क्रिय कर्जाको स्थिति	५३
४(ट)	ग्रामीण स्वावलम्वन कोषको कारोवार विवरण	५९
४(ठ)	वचत तथा ऋण सहकारी संस्थाहरुको गतिविधिको झलक	५९
४(ड)	ऋणात्मक पुँजी कोष	६२
४(ढ)	कुल कर्जामा भाखा नाघेको कर्जा	६३
४(ण)	नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको स्थिति	६४

५(क)	प्राथमिक बजार प्रवृत्ति	७६
५(ख)	दोस्रो बजार प्रवृत्ति	७८
६(क)	अन्तर्राष्ट्रिय व्यापार स्थिति	८६
६(ख)	कुल विदेशी विनिमय सञ्चिति	९१
६(ग)	विदेशी विनिमय प्रविति	९४
६(घ)	अन्तर्राष्ट्रिय बजारमा तेल तथा सुनको मूल्य	९४
७(क)	गरिबी मापन (२०५२/५३ र २०६०/६१)	९६
७(ख)	नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणका केही परिसूचकहरूको तुलनात्मक विवरण	१०१
७(ग)	गरिबी निवारण कोषबाट सामुदायिक संस्थाहरूलाई गएको अनुदान विवरण	१०३
७(घ)	नेपाल श्रमशक्ति सर्वेक्षण, २००८ को नतिजा विवरण	१०५
७(ङ)	देशगत वैदेशिक रोजगारीको स्थिति	१०६
८(क)	कृषि वालीको उत्पादकत्व	११२
८(ख)	ऋण लगानी, असुली तथा लगानीमा रहेको रकमको विवरण	११७
८(ग)	नेपालभर सञ्चालनमा रहेका सहकारी संस्थाहरू सम्बन्धी विवरण	११९
८(घ)	विदेशी लगानीका लागि आर्थिक वर्ष २०६५/६६ मा स्वीकृति दिइएका उद्योगहरू	१२५
८(ङ)	देशगतरूपमा विदेशी लगानी	१२६
८(च)	विदेशी लगानीका लागि आर्थिक वर्ष २०६६/६७ मा स्वीकृति दिइएका उद्योगहरू	१२७
८(छ)	विदेशी लगानीका लागि २०६६ फागुनसम्म स्वीकृति दिइएका उद्योगहरू	१२७
८(ज)	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको लक्ष्य एवं उपलब्धिहरु	१३३
९(क)	लेखा परीक्षण हुन नसकेको केही संस्थानहरू	१४४
९(ख)	सञ्चालक समितिसम्बन्धी सुधार हुन बाँकी संस्थानहरू	१४५
९(ग)	नेपाल सरकारको सेयर लगानीमा फरक देखिएको विवरण	१४६
९(घ)	नेपाल सरकारको ऋण लगानीमा फरक देखिएको विवरण	१४६
९(ङ)	कोषको व्यवस्था नगरिएको दायित्व भएका संस्थानहरू	१४७
९(च)	विनिवेश/खारेजी/विघटन भएका सार्वजनिक संस्थानहरू	१४९
९(छ)	विनिवेश वा खारेज गरिएका सार्वजनिक संस्थानहरूमा नेपाल सरकारबाट गरेको लगानी विवरण	१५१
१०(क)	नेपालमा वैकल्पिक ऊर्जा/गोवरग्याँसको अवस्था	१५८
१०(ख)	राष्ट्रिय निकुञ्ज - एक झलक	१६३
१०(ग)	वन्यजन्तु आरक्ष - एक झलक	१६३
१०(घ)	संरक्षण क्षेत्र - एक झलक	१६४
१०(ङ)	मध्यवर्ती क्षेत्र - एक झलक	१६४

११(क)	नेपालमा उपलब्ध सडक सुविधा	१६५
११(ख)	सवारी साधनहरूको संख्या	१६६
११(ग)	यातायात क्षेत्रमा भएका विविध कार्य	१६७
११(घ)	भौगोलिक क्षेत्र अनुसार हुलाक सेवाको विवरण	१७४
११(ङ)	२०६६ फागुन मसान्तसम्म दूरसञ्चारका ग्राहक/सेवा प्रदायकहरूको विवरण	१७५
१२(क)	विभिन्न आर्थिक वर्षहरुमा समुदायमा हस्तान्तरण गरिएका विद्यालयहरुको विवरण	१८०
१२(ख)	समुदायमा आधारित बाल विकास केन्द्रहरूको प्रगति विवरण	१८१
१२(ग)	सहीद स्मृति आवासीय विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको विवरण	१८५
१२(घ)	शिक्षाको लागि खाद्य कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमहरूको विवरण	१८६
१२(ङ)	परिषदबाट सञ्चालित तालिमहरुको विवरण	१८७
१२(च)	विद्यालय, विद्यार्थी र शिक्षक अनुपात	१९०
१२(छ)	शैक्षिक सत्र २०६६ मा प्रति शिक्षक विद्यार्थी अनुपात	१९१
१२(ज)	क्षेत्रगतरुपमा विद्यालयहरुको विवरण	१९२
१२(झ)	शैक्षिक सत्र २०६६ सम्म सम्बन्धन प्राप्त उच्च माध्यमिक विद्यालयहरूको क्षेत्रगत विवरण	१९५
१२(ञ)	वार्षिक परीक्षामा सम्मिलित र उत्तीर्ण विद्यार्थी संख्या	१९६
१२(ट)	विभिन्न विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरू तथा विद्यार्थी संख्या	१९७
१२(ठ)	मुख्य प्राज्ञिक कार्यक्रमहरुको संक्षिप्त उपलब्धि विवरण	१९८
१२(ड)	त्रिभुवन विश्वविद्यालय अन्तर्गतका अध्ययन संस्थान/संकायहरु सम्बन्धी प्राज्ञिक विवरण	२००
१२(ढ)	त्रिभुवन विश्वविद्यालय अन्तर्गत साधारणतर्फको जनशक्ति उत्पादन विवरण	२०१
१२(ण)	त्रिभुवन विश्वविद्यालयतर्फको प्राविधिक जनशक्ति उत्पादन विवरण	२०२
१२(त)	एम.फिल./विद्यावारिधिमा अध्ययनरत विद्याथीहरुको विवरण	२०३
१२(थ)	त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्जले उपलब्ध गराएको सेवाको विवरण	२०३
१२(द)	त्रिभुवन विश्वविद्यालय पशुचिकित्सा शिक्षण अस्पताल, रामपुरले प्रदान गरेको सेवाको विवरण	२०५
१२(ध)	पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत विद्यार्थी भर्ना/उत्पादन स्थिति	२०८
१२(न)	शैक्षिक सत्र २०६५ मा नेपाल संस्कृत विश्वविद्यालयको छात्र-छात्रा भर्ना विवरण	२१०
१२(प)	पोखरा विश्वविद्यालय अन्तर्गत शैक्षिक सत्र, २०६६ मा अध्ययनरत विद्यार्थीहरुको विवरण	२१२
१२(फ)	पोखरा विश्वविद्यालय अन्तर्गत शैक्षिकसत्र २०६५ र २०६६ मा उपलब्ध	

	गराएको छात्रवृत्ति विवरण	२१३
१२(ब)	नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका विशेषज्ञ चिकित्सकहरुको विवरण	२२१
१२(भ)	भौतिक पूर्वाधार विकासतर्फको उपलब्धि विवरण	२२८
१२(म)	सामाजिक सुरक्षा अन्तर्गत लक्षितवर्गलाई उपलब्ध गराइएको भत्ताको विवरण	२२९
१२(य)	स्थानीय निकायहरुमा अनुदान रकम वितरणको सूत्र	२३८
१२(र)	आर्थिक वर्ष २०६५/६६ मा स्थानीय निकायको आन्तरिक आय	२४०
१२(ल)	महिला विकास कार्यक्रमको हालसम्मको प्रमुख उपलब्धिहरु	२४३
१२(व)	वैदेशिक रोजगारको स्थिति	२४६
१२(श)	व्यवसायिक तथा सीपमूलक तालिमहरुको विवरण	२४७
१२(ष)	ग्रामीण खानेपानी तथा सरसफाई विकास कोषको प्रगति विवरण	२५९
१२(स)	शान्ति तथा पुनर्निर्माणको क्षेत्रमा हालसम्म भएको खर्चको विवरण	२६३

चार्ट सूची

चार्ट नं.	विषय	पृष्ठ
१(क)	कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर	५
१(ख)	कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर (प्रतिशतमा)	९
१(ग)	कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान	१०
२(क)	सरकारी खर्च र राजस्वको वृद्धिदर	१८
२(ख)	स्वीकृत वैदेशिक सहायता र उपयोग	२४
२(ग)	सरकारी न्यून वित्त र वैदेशिक तथा आन्तरिक ऋण	२७
३(क)	उपभोक्ता मूल्य सूचकाङ्कमा भएको परिवर्तन	२८
३(ख)	शहरी क्षेत्रको औसत उपभोक्ता मूल्य सूचकाङ्क	३०
३(ग)	राष्ट्रिय शहरी उपभोक्ता मूल्य सूचकाङ्क	३१
४(क)	मुद्रा प्रदायको वृद्धिदर	४३
४(ख)	मुद्रा प्रदायमा प्रभाव पार्ने कारकहरुमा भएको परिवर्तन	४५
४(ग)	९१-दिने ट्रेजरी विल्स, अन्तर बैंक र मुद्दती निक्षेपको व्याजदर	४८
४(घ)	वाणिज्य बैंकहरूको कर्जा तथा सापटी र निक्षेप	५१
४(ङ)	वित्त कम्पनीहरुको निक्षेप तथा कर्जा सापटी	५५
४(च)	कर्मचारी सञ्चयकोषको कोष संकलन, कर्जा सापटी तथा लगानी	५५
५(क)	धितोपत्रको निष्कासन	७६
५(ख)	बजार पुँजीकरण	७७
५(ग)	धितोपत्रको चुक्ता मूल्य तथा कारोवार रकम	७८
५(घ)	नेप्से परिसूचक (विन्दु)	७९
६(क)	वैदेशिक व्यापारको स्थिति	८५
६(ख)	वाह्य क्षेत्रको स्थिति	९०
६(ग)	बैंकिङ्ग प्रणालीमा रहेको विदेशी विनिमय सञ्चिति	९२
८(क)	प्रमुख खाद्यान्न बालीहरूको उत्पादन	११०
८(ख)	पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा	१३५
१०(क)	विद्युत उत्पादन तथा खपत	१५६

११(क)	सडक सुविधाको विस्तार	१६५
११(ख)	टेलिफोन सेवा विस्तार	१७५
१२(क)	सार्वजनिक विद्यालयहरुको संख्या	१९१
१२(ख)	विद्यालयहरूको क्षेत्रगत विवरण (सरकारी/सामुदायिक/ निजीस्तरमा सञ्चालित)	१९३
१२(ग)	विद्यार्थी भर्ना संख्या	१९४
१२(घ)	स्वास्थ्य सेवाको विस्तार	२१९
१२(ङ)	स्वास्थ्य सुविधाको विस्तार	२२०

छोटकरी रूप

ADB	-	Asian Development Bank
ADSL	-	Automatic Dependent Subcribers Line
AFIS	-	Aeronautical Flight Information System
AIDS	-	Acquired Immune Deficiency Syndrome
AIP	-	Aeronautical Information Publications
AITIC	-	Agency for International Trade Information & Cooperation
AMHS	-	ATS Message Handling System
AMT	-	Aircraft Maintenance Technician
AOC	-	Air Operation Certificate
API	-	Annual Parasite Incidence
ARI	-	Acute Respiratory Infection
ART	-	Antiretroviral Therapy
ASA	-	Air Service Agreement
ATM	-	Air Traffic Management
ATS	-	Air Traffic Services
ATSEP	-	Air Traffic Safety Electronic Personnel
AusAid	-	Australian Aid
AVSEC	-	Aviation Security
BCG	-	Bacille Calmette-Guérin
BDS	-	Bachelor of Dental Science
BDSPO	-	Business Development Srevice Provider Organization
BIMSTEC	-	Bay of Bengal Initiative for Multi- Sectoral Technical and Economic Cooperation
BSP	-	Bio-gas Support Program
CAAN	-	Civil Aviation Authority Nepal
CAC	-	Comprehenssive Abortion Care
CAP	-	Corrective Action Plan
CAP	-	Community Action Process
CBD	-	Convention on Biological Diversity
CB-IMCI	-	Community-Based Integrated Management for Child Illness
CBR	-	Community-Based Reform
CCTV	-	Closed Circuit Television
CDCF	-	Community Development Carbon Fund
CDM	-	Clean Development Mechanism
CDMA	-	Code Division Multiple Access
CDS	-	Central Depository System

CEDAW	-	Convention on Elimination all forms of Discrimination Against Women
CEO	-	Chief Executive Officer
CEOC	-	Comprehenssive Emegency Obstetric Care
CER	-	Certified Emission Reduction
CFIT	-	Control Flight into Terrain
CITES	-	Convention on International Trade and Endangered Species
COSCAP-SA	-	Cooperative Development of Operational Safety and Continuing Airworthiness Program – South Asia
CPR	-	Current Prevalence Rate
CRC	-	Camera Ready Copy
CUTE	-	Common User Terminal Equipment
CYP	-	Couple Year of Protection
DAG	-	Disadvantaged Group
DCP	-	Designated Check Pilot
DFID	-	Department for International Development, UK
DGHR	-	Dangerous Goods Handling Requirements
DI pipes	-	Ductile Iron pipes
DOLIDAR	-	Department of Local Infrastructure Development and Agriculture Road
DOTs	-	Direct Observation Treatments
DPMAS	-	District Poverty Monitoring and Analysis System
DPPR	-	Disaster Preparedness Program Review
DPR	-	Detailed Project Report
DPT	-	Diphtheria, Pertussis and Tetanus
DRF	-	Debt Relief Fund
DTH	-	Direct to Home
EC	-	European Community
ECD	-	Early Childhood Development
EDV	-	Electronic Diversity Visa
EIA	-	Environmental Impact Assessment
EIF	-	Enhanced Integrated Framework
ENT	-	Ear, Nose and Throat
EOC	-	Emergency Obstetric Care
EPZ	-	Export Processing Zone
EU	-	European Union
EWARS	-	Early Warning Reporting System
FD	-	Flight Data
FISIM	-	Financial Intermediation Services Indirectly Measured

FM	-	Frequency Modulation
FNCCI	-	Federation of Nepalese Chamber of Commerces and Industry
FOB	-	Free on Board
FOR	-	Flight Opetation Requirment
GAVI	-	The Global Alliance for Vaccines and Immunization
GCE	-	General Certificate of Education
GDP	-	Gross Domestic Product
GFATM	-	Global Fund for AIDS Tuberculosis Management
GHC	-	Grievance Hearing Cell
GMPCS	-	Global Mobile Personal Communication System
GNI	-	Gross National Income
GPS	-	Global Positioning System
GSM	-	Global System for Mobile Communications
GNSS	-	Global Navigation Sattlite System
GTZ	-	Gesellschaft für Technische Zusammenarbeit (German Technical Cooperation)
GYE	-	Gynecologist
ha	-	hectare
HIV	-	Human Immunodeficiency Virus
HIV/AIDS	-	Human Immunodeficiency Virus/ Acquired Immune Deficiency Syndrome
HPAI	-	Highly Pathogenic Avian Influenza
ICAO	-	International Civil Aviation Organization
ICT	-	Information and Communication Technology
IDA/PRSC	-	International Development Association/Poverty Reduction Strategy Credit
IEC	-	Information, Education and Communication
IEE	-	Initial Environment Examination
IFAD	-	International Fund for Agricultural Development
IFRS	-	International Financial Reporting Standards
ILO	-	International Labour Organization
ILS	-	Instrument Landing System
IMCI	-	Integrated Management of Child Illness
IMF	-	International Monetary Fund
ISDN	-	Integrated Services Digital Network
ISIC	-	International Standard Industrial Classification
IT	-	Information Technology
ITU	-	International Telecommunication Union
IUD	-	Intrauterine Device
IUSOAP	-	ICAO Universal Safety Oversight Audit Program
JE	-	Japanese encephalitis

JICA	-	Japan International Coorporation Agency
JITCO	-	Japan International Training Coorporation Organizaion
KFW	-	German Development Fund
KG	-	Kilo Gram
KOICA	-	Korean International Cooperation Agency
LDO	-	Light Diesel Oil
LGCDP	-	Local Governance and Community Development Program
LIBOR	-	London Inter-Bank Offered Rate
LMFF	-	Liquidity Monitoring and Forecasting Framework
LOA	-	Letter of Agreement
MBBS	-	Medicinae Baccalaureus et Baccalaureus Chirurgiae (Latin), (Bachelor of Medicine, Bachelor of Surgery)
MC	-	Minimum Conditions
MCPM	-	Minimum Conditions and Performance Measures
MD	-	Doctor of Medicine
MDA	-	Mass Drugs Administration
MDGs	-	Millennium Development Goals
MDR	-	Milti-Drug Resistant
MDs	-	Masters in Dental Surgery
MfDR	-	Management for Development Results
MOU	-	Memorandum of Understanding
MS	-	Master of Science
MT	-	Metric Ton
MTEF	-	Mid-Term Expenditure Framework
MTO	-	Mineral Turpentine Oil
MUAN	-	Municipalities Association of Nepal
MW	-	Medium Wave
NASC	-	Nepal Administrative Staff College
NATTA	-	Nepal Association of Tour and Travel Agents
NCAR	-	Nepal Civilian Authority Regulation
NCASTP	-	National Civil Aviation Security Training Program
NCD	-	Non-Communicable Diseases
NDHS	-	Nepal Demographic and Health Survey
NFHP	-	National Family Health Program
NLSS	-	National Living Standards Survey
NPA	-	Non-Performing Assets
NSIC	-	Nepal Standard Industrial Classification
NTCS	-	Nepal Trade Competitiveness Study

NTV	-	Nepal Television
OBS	-	Obstetric
OFID	-	OPEC Fund for International Development
OPD	-	Out-Patient Department
OPV	-	Oral Polio Vaccine
OVOP	-	One Village One Product
P1	-	Priority First
PABX System	-	Public Telephone Exchange System
PATA	-	Pacific Area Travel Agency
PBM	-	Performance-Based Monitoring
PCF	-	Per Capita Funding
PCO	-	Public Call Operator
PGDP	-	Population Gender and Development Program
PLR	-	Personnel Licencing Requirement
PMAS	-	Poverty Monitoring and Analysis System
PMEU	-	Program Monitoring and Evaluation Unit
PMTCT	-	Prevention of Mother to Child Transmission
PNC	-	Post-Natal Care
PPIS	-	Project Performance Information System
PPP	-	Public-Private Partnership
PPP	-	Purchasing Power Parity
PPR	-	Peste Des Petits Ruminants
PRSP	-	Poverty Reduction Strategy Paper
PSI	-	Population Service International
PSTF	-	Partial Subsidy Tuition Fee
PSTN	-	Public Subscriber Telephone Network
RCAG	-	Remote Center Air/Ground
RFF	-	Rescue Fire Fighting
RUPP	-	Rural-Urban Partnership Program
RWRMP	-	Rural Water Resource Management Project
SAFTA	-	South Asian Free Trade Area
SAPTA	-	SAARC Preferential Trading Arrangement
SARPs	-	Standard and Recommendation Practices
SBA	-	Skilled Birth Attendant
SDC	-	Swiss Development Cooperation
SEZ	-	Special Economic Zone
SITC	-	Standards International Trade Classification
SMD	-	Strengthening Maintenance and Development Process
SNA	-	System of National Accounts, 1993
SOP	-	Standard Operation Procedures

SPS	-	Sanitary and Phytosanitary
STI	-	Second-Tier Institution
SW	-	Short Wave
TA	-	Technical Assistance
TB	-	Tuberculosis
TDP	-	Teachers Professional Development
TIA	-	Tribhuvan International Airport
TITV	-	Thai International Television
TOR	-	Terms of Reference
TRADE	-	Tariff Relief Assistance for Developing Economies
TT	-	Tetanus Toxoid
TYIP	-	Three-Year Interim Plan
UDLE	-	Urban Development through Local Efforts
UDLE/RUPP	-	UDLE/Rural-Urban Partnership Program
UN	-	United Nations
UNCTAD	-	United Nations Conference on Trade and Development
UNDP	-	United Nations Development Program
UNFPA	-	United Nations Fund for Population
UN-HABITAT	-	United Nations Human Settlement Program
UNICEF	-	United Nations Children's Fund
UNSECAP	-	UN Social and Economic Commission for Asia and the Pacific
UNWTO	-	UN World Tourism Organization
USAID	-	United State Aids
USAP	-	Universal Security Audit Program
USOAP	-	Universal Safety Oversight Audit Program
VCT	-	Voluntary Counseling and Testing for HIV
VHF	-	Very High Frequency
VOR/DME	-	Very High Frequency Omni Range / Distance Measuring Equipment
VSAT	-	Very Small Aperture Terminal
WHO	-	World Health Organization
WLL	-	Wireless Loop
WTO	-	World Trade Organization
कि.मी.	-	किलोमिटर
कि.ली.	-	किलो लिटर
के.जी.	-	किलोग्राम
जि.डि.पी. (GDP)	-	कुल गार्हस्थ्य उत्पादन
वि.सं.	-	विक्रम संवत्

कार्यकारी सारांश

१. विश्वको आर्थिक वृद्धिदर सन् २००८ मा ३.० प्रतिशतले वृद्धि भएकोमा सन् २००९ मा ०.६ प्रतिशतले ऋणात्मक हुने अनुमान छ । विकसित अर्थतन्त्रहरु, उदीयमान तथा विकासशील अर्थतन्त्रहरु, विकासोन्मुख एसिया, मध्य पूर्व तथा उत्तर अफ्रिकी मुलुकहरु, मध्य तथा पुर्वी युरोपेली मुलुकहरु र नव औद्योगिक एसियाली अर्थतन्त्रहरु यी सबै समूहहरुमा आर्थिक वृद्धिदर सन् २००७ को तुलनामा सन् २००८ मा र सन् २००८ को तुलनामा सन् २००९ मा अझ कम हुने अनुमान रहेको छ । विकसित अर्थतन्त्रहरु, मध्य तथा पुर्वी युरोपेली मुलुकहरु र नवऔद्योगिक एसियाली अर्थतन्त्रहरुमा सन् २००९ मा आर्थिक वृद्धिदर ऋणात्मक हुने देखिएको छ । विश्वव्यापी वित्तीय संकट पश्चात् कुल गार्हस्थ्य मागमा ह्रास आएका कारण निर्यात तथा आयात दुवैमा संकुचन आई वृद्धिदर नकारात्मक हुने अनुमान गरिएको हो । यस्तो बृद्धिदर सन् २०१० मा ४.२ प्रतिशत तथा सन् २०११ मा ४.६ प्रतिशत हुने प्रक्षेपण रहेबाट सन् २००७ को शुरुवातबाट देखापरेको अमेरिकी वित्तीय संकटको असर कमशः केही कम हुंदै गएको तथा आउंदा वर्षहरुमा सुधार हुने संकेत मिलेको छ ।

२. अर्थतन्त्रको पुनरुत्थान तथा आर्थिक मन्दीबाट बाहिर आउन धेरैजसो विकसित तथा विकासोन्मुख देशहरुले आर्थिक मन्दीको गहिरो असर पर्न नदिन लचिलो मौद्रिक नीति र सरकारी वित्त नीति अंगिकार गरेका छन् । यस्ता नीतिगत राहतका कार्यक्रमहरुलाई अझै केही समयका लागि निरन्तरता दिनुपर्ने आवश्यकता रहेका कारण मागमा वृद्धि आई मूल्य पनि बढ्दै गएको अवस्था छ । सन् २०१० मा पनि उपभोक्ता मूल्यमा आधारित मुद्रास्फीतिदर बढ्दै जाने अनुमान रहेको छ । मुद्रास्फीतिदर विकसित अर्थतन्त्रहरुको तुलनामा मध्य पूर्व तथा उत्तर अफ्रिकी मुलुकहरु, उदीयमान तथा विकासशील अर्थतन्त्रहरु, मध्य तथा पूर्वी युरोपेली मुलुकहरु र विकासोन्मुख एसियामा उच्च रहने अनुमान रहेको छ ।

३. विश्व अर्थव्यवस्थामा आर्थिक वृद्धिदर तथा मुद्रास्फीति दरको प्रभाव कुल यथार्थ गार्हस्थ्य मागमा प्रतिविम्बित हुने र रोजगारीका अवसरहरु कम हुंदा आयमा प्रतिकूल प्रभाव पर्न गई उपभोग तथा लगानी दुवै उद्देश्यको निम्ति आन्तरिक तथा बाह्य बस्तु तथा सेवाको माग कम हुन जान्छ । सन् २००९ मा केही विकसित तथा नवऔद्योगिक एसियाली अर्थतन्त्रहरुमा कुल माग ऋणात्मक हुने अनुमान रहेको छ ।

४. नेपालका छिमेकी मुलुकहरु चीन र भारतले सन् २००८ मा कमशः ९.६ प्रतिशत र ७.३ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गरेका थिए भने उक्त वृद्धिदर सन् २००९ मा कमशः ८.७ प्रतिशत र ५.७ प्रतिशतमा सीमित रहने देखिएको छ ।

५. चालु आर्थिक वर्ष २०६६/६७ मा नेपालको आर्थिक वृद्धिदरमा कमी आउने देखिएको छ । आधारभूत मूल्यमा कुल गार्हस्थ्य उत्पादन आर्थिक वर्ष २०६५/६६ मा ४.० प्रतिशतले बढेकोमा चालू वर्षमा ३.५ प्रतिशतले मात्र बढ्ने अनुमान छ ।

६. कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर कम हुनुमा मौसमी प्रतिकूलताको कारण खासगरी वर्षे बालीको उत्पादनमा ह्रास आउनु, बन्द, हडताल, श्रम समस्या, विद्युत आपूर्तिमा कमी तथा बाह्य बजारको संकुचनका कारण गैर-कृषि क्षेत्रका आर्थिक क्रियाकलापहरुको विस्तारमा समेत सोचे जस्तो अनुकूल प्रभाव पर्न नसक्नु नै प्रमुख रहेका छन ।

७. आर्थिक वर्ष २०६५/६६ को तुलनामा आर्थिक वर्ष २०६६/६७ मा उत्पादन वृद्धिदर विस्तारित भएका गैर-कृषि क्षेत्रहरुमा खानी तथा उत्खनन् (गत वर्ष ०.७ प्रतिशत, यस वर्ष ४.२ प्रतिशत), उद्योग (गत वर्ष १.० प्रतिशतले ऋणात्मक, यस वर्ष २.६ प्रतिशत), विद्युत ग्यास तथा पानी (गत वर्ष ०.९ प्रतिशतले ऋणात्मक, यस वर्ष ०.५ प्रतिशत), निर्माण (गत वर्ष ०.९ प्रतिशत, यस वर्ष ६.६ प्रतिशत), होटल तथा रेष्टुराँ (गत वर्ष ३.० प्रतिशत, यस वर्ष ८.५ प्रतिशत), वित्तीय मध्यस्थता (गत वर्ष १.५ प्रतिशत, यस वर्ष १.६ प्रतिशत) र घरजग्गा, भाडा तथा व्यावसायिक सेवाहरु (गत वर्ष १.७ प्रतिशत, यस वर्ष ४.८ प्रतिशत) रहन पुगे ।

८. उपरोक्त बाहेकका अन्य सबै क्षेत्रहरुको उत्पादन वृद्धिदर गत वर्षको तुलनामा न्यून रहेको छ । यी क्षेत्रहरुमा कृषि तथा वन (गत वर्ष ३.० प्रतिशत, यस वर्ष १.१ प्रतिशत), मत्स्यपालन (गत वर्ष ५.७ प्रतिशत, यस वर्ष ५.३ प्रतिशत), थोक तथा खुद्रा व्यापार (गत वर्ष ५.९ प्रतिशत, यस वर्ष ५.६ प्रतिशत), यातायात, सञ्चार तथा भण्डारण (गत वर्ष ७.६ प्रतिशत, यस वर्ष ६.५ प्रतिशत), सार्वजनिक प्रशासन र रक्षा (गत वर्ष ७.३ प्रतिशत, यस वर्ष ४.२ प्रतिशत), शिक्षा (गत वर्ष ११.३ प्रतिशत, यस वर्ष ६.५ प्रतिशत), स्वास्थ्य र सामाजिक कार्य (गत वर्ष ११.२ प्रतिशत, यस वर्ष ५.६ प्रतिशत) र अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरु (गत वर्ष १३.० प्रतिशत, यस वर्ष ६.१ प्रतिशत) रहेका छन् ।

९. ISIC वर्गीकरण अनुसार उत्पादकको मूल्यमा कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचनालाई नियाल्दा कृषि तथा वन क्षेत्रको ३३.० प्रतिशत र मत्स्यपालन क्षेत्रको ०.५ प्रतिशत अंश रहेको छ भने थोक तथा खुद्रा व्यापारको १४.० प्रतिशत; यातायात, सञ्चार तथा भण्डारणको ९.८ प्रतिशत; घरजग्गा, भाडा तथा व्यावसायिक सेवाहरुको ८.३ प्रतिशत; शिक्षाको ६.७ प्रतिशत; निर्माणको ६.६ प्रतिशत र उद्योगको ६.३ प्रतिशत अंश रहेको छ । त्यस्तै, वित्तीय मध्यस्थताको ४.१ प्रतिशत, अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरुको ३.७ प्रतिशत, सार्वजनिक प्रशासन तथा रक्षाको २.० प्रतिशत, होटल तथा रेष्टुराँको १.७ प्रतिशत, विद्युत्, ग्यास तथा पानीको १.५ प्रतिशत, स्वास्थ्य र सामाजिक कार्यको १.५ प्रतिशत र खानी तथा उत्खनन्को ०.५ प्रतिशत हिस्सा रहेको छ ।

१०. पछिल्ला वर्षहरुमा नेपाली अर्थतन्त्रमा सेवा क्षेत्र (Tertiary Sector) को अंश क्रमिक रुपमा बढ्दै गइरहेको छ । कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान गत आर्थिक वर्ष २०६५।६६ मा ५१.६ प्रतिशत रहेकोमा चालू आर्थिक वर्ष २०६६।६७ मा ५१.५ हुने

अनुमान रहेको छ । यसैगरी प्राथमिक क्षेत्र (Primary Sector) को योगदान गत वर्षको ३३.२ प्रतिशतको तुलनामा चालु वर्ष ३४.१ प्रतिशत तथा द्वितीय क्षेत्र (Secondary Sector) को योगदान गत वर्षको १५.२ प्रतिशतको तुलनामा चालू वर्ष १४.४ प्रतिशत हुने अनुमान रहेको छ । चालु आर्थिक वर्ष २०६६।६७ मा सेवा क्षेत्र, प्राथमिक क्षेत्र र द्वितीय क्षेत्र क्रमशः ५.५, १.२ र ३.९ प्रतिशतले वृद्धि हुने अनुमान छ । गत आर्थिक वर्ष २०६५।६६ मा सेवा क्षेत्र ६.३ प्रतिशतले र प्राथमिक क्षेत्र ३.० प्रतिशतले वृद्धि भएकोमा द्वितीय क्षेत्रको वृद्धिदर ०.३ प्रतिशतले ऋणात्मक रहेको थियो ।

11. गत आर्थिक वर्ष २०६५/६६ मा प्रचलित मूल्यमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा गार्हस्थ्य वचतको अनुपात ९.७ प्रतिशत रहेकोमा चालू आर्थिक वर्ष २०६६/६७ केही कमी आई यस्तो अनुपात ९.४ प्रतिशत हुने अनुमान रहेको छ । त्यस्तै, गत वर्ष ३६.१ प्रतिशत रहेको राष्ट्रिय वचत अनुपात आर्थिक वर्ष २०६६/६७ मा ३४.४ प्रतिशतमा झरेको अनुमान छ । गत वर्ष ३१.९ प्रतिशत रहेको कुल लगानी र कुल गार्हस्थ्य उत्पादन अनुपात चालू वर्ष ३८.२ प्रतिशत हुने अनुमान छ । कुल गार्हस्थ्य उत्पादनको अनुपातमा वस्तु तथा सेवाहरुको खुद निर्यात गत वर्ष १८.९ प्रतिशतले मात्र ऋणात्मक रहेकोमा यस वर्ष २८.४ प्रतिशतको अत्यधिक मात्राले ऋणात्मक हुने अनुमान रहेको छ ।

12. आर्थिक वर्ष २०६५/६६ मा राजस्व परिचालन ३३.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धि २२.७ प्रतिशत रहेको थियो । राजश्वमा आएको उत्साहजनक बढोत्तरीले गर्दा चालु वर्षमा कुल गार्हस्थ्य उत्पादनको तुलनामा राजस्व परिचालन १५.१ प्रतिशत पुग्ने अनुमान छ । यस्तो अनुपात आर्थिक वर्ष २०६५/६६ मा १४.५ प्रतिशत रहेको थियो ।

13. खर्च र आय बीचको दूरी बढ्दै जांदा अर्थतन्त्रको आन्तरिक तथा वैदेशिक ऋण रकम पनि क्रमिकरुपमा बढ्दै जान्छ । कुल तिर्न बाँकी ऋण रकमलाई कुल गार्हस्थ्य उत्पादनसंग तुलना गर्दा भने समीक्षा वर्षमा केही कमी आएको देखिन्छ । कुल तिर्न बाँकी ऋण आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा ३७.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६६/६७ को सोही अवधिमा ३३.८ प्रतिशतमा झरेको छ । यस अवधिमा कुल गार्हस्थ्य उत्पादनसंगको अनुपातमा वैदेशिक र आन्तरिक ऋण दुवै घटेको छ । वैदेशिक ऋण गत वर्षको २५.३ प्रतिशतबाट २३.३ प्रतिशतमा र आन्तरिक ऋण गत वर्षको १२.१ बाट १०.५ प्रतिशतमा सीमित भएको छ । रकमको आधारमा हेर्दा २०६५ फागुन मसान्तमा कुल तिर्न बाँकी सरकारी ऋण रकम रु. ३७० अर्ब ६९ करोड (वाह्य रु. २५० अर्ब ७१ करोड र आन्तरिक रु. ११९ अर्ब ९८ करोड) रहेकोमा २०६६ फागुन मसान्तमा यसमा ७.८ प्रतिशत (वाह्य ९.८ प्रतिशत र आन्तरिक ३.७ प्रतिशत) ले वृद्धि भई कुल तिर्न बाँकी ऋण रकम रु. ३९९ अर्ब ७५ करोड (वाह्य रु. २७५ अर्ब ३० करोड र आन्तरिक रु. १२४ अर्ब ४५ करोड) पुगेको छ ।

14. आर्थिक वर्ष २०६५/६६ सम्ममा नेपाल सरकारले ३६ वटा विभिन्न सार्वजनिक संस्थानहरुमा सेयरको रुपमा रु. ८६ अर्ब १३ करोड र ऋणको रुपमा रु. ७४ अर्ब ६० करोड गरी जम्मा रु. १६० अर्ब ७३ करोड लगानी गरेको छ। गत आर्थिक वर्षसम्ममा सेयर लगानी रु. ९१ अर्ब ९२ करोड र ऋण लगानी रु. ७३ अर्ब ६९ करोड गरी जम्मा लगानी रु. १६५ अर्ब ६१ करोड पुगेको थियो । आर्थिक वर्ष २०६५/६६ मा नेपाल सरकारले सार्वजनिक संस्थानहरुबाट लाभांशको रुपमा रु. ३ अर्ब ४७ करोड प्राप्त गरेको छ, जुन कुल सेयर लगानीको अनुपातमा ४.० प्रतिशत हुन आउँछ। आर्थिक वर्ष २०६४/६५ मा लाभांशको रुपमा नेपाल सरकारले प्राप्त गरेको रकम रु. १ अर्ब ५१ करोड रहेको थियो ।

15. चालू आर्थिक वर्षमा पनि मुद्रास्फीतिको दर निकै उच्च रहेको छ। २०६५ फागुनमा १३.१ प्रतिशतले वृद्धि भएको विन्दुगत आधारको उपभोक्ता मूल्य सूचकाङ्क २०६६ फागुनमा थप ११.२ प्रतिशतले वृद्धि भएको छ। गत अवधिमा १२.३ प्रतिशतले वृद्धि भएको थोक मूल्य सूचकाङ्क चालु वर्षमा पनि गत वर्षकै हाराहारीमा अर्थात् १२.२ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्ष २०६५/६६ मा १५.८ प्रतिशतले वृद्धि भएको कुल गार्हस्थ्य उत्पादनको मूल्य सूचकाङ्क यस आर्थिक वर्ष २०६६/६७ मा १४.० प्रतिशतले वृद्धि भएको छ ।

16. चालु आर्थिक वर्ष २०६६/६७ मा बैंकिङ्ग प्रणालीको निक्षेपको वृद्धिदरमा कमी आएको छ । गत आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा १४.३ प्रतिशतले वृद्धि भएको वाणिज्य बैंकहरुको कुल निक्षेप परिचालन चालू आर्थिक वर्षको सोही अवधिमा ४.२ प्रतिशतले मात्र वृद्धि भएको छ ।

17. आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा १६.२ प्रतिशतले वृद्धि भएको निर्यात समीक्षा अवधिमा ८.० प्रतिशतले ह्रास आएको छ। यस वर्षको समीक्षा अवधिमा ४३.९ प्रतिशतले बढेको आयात गत वर्षको सोही अवधिमा २६.३ प्रतिशतले बढेको थियो। त्यसैगरी, विप्रेषण आय गत वर्षको पहिलो आठ महिनामा ५८.९ प्रतिशतले बढी रू. १३१ अर्व रहेकोमा यस वर्षको सोही अवधिमा ९.९ प्रतिशतले वृद्धि भई रू. १४३ अर्व ९६ करोड पुगेको छ ।

18. आयातमा उल्लेख्य वृद्धि आउनु तर निर्यात घट्नुले व्यापार घाटाको आयतन बढ्दै गएको छ। उच्च व्यापार घाटाका कारण चालु आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनासम्ममा शोधनान्तर स्थिति रु. २३ अर्व ५३ करोडले घाटामा रहेको छ । विदेशी विनिमय सञ्चितिको आयात धान्न सक्ने क्षमता भने सन्तोषजनक स्तरमा नै रहेको छ। खासगरी आवागमनमा समयसमयमा देखिएका अवरोधहरु तथा औद्योगिक सम्बन्ध र ऊर्जा आपूर्तिको अनिश्चितताको कारणले निर्यात प्रवर्धनमा प्रतिकूल अवस्था सिर्जना हुन गएको छ ।

19. नेपाल भ्रमणमा आउने पर्यटकको संख्या सन् २००८ (पुस २०६४ देखि पुस २०६५ सम्म) मा ५.० प्रतिशतले घटेकोमा सन् २००९ (पुस २०६५ देखि पुस २०६६ सम्म) मा १.९ प्रतिशतको सामान्य वृद्धि देखिएको छ। गत वर्ष नेपाल भित्रिएका पर्यटकहरुको संख्या ५ लाख २ सय ७७ रहेकोमा यस वर्ष ५ लाख ९ हजार ७ सय ५२ रहेको छ। पर्यटकको औषत बसाई अवधि गत वर्ष ११.७८ दिन रहेकोमा यस वर्ष सीमान्त रुपमा घटी ११.६० दिनमा झरेको छ। यस क्षेत्रबाट आर्थिक वर्ष २०६५/६६ मा रु. २७ अर्ब ९६ करोड विदेशी मुद्रा आर्जन भएकोमा चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा रु. १६ अर्ब ७६ करोड आर्जन भएको छ। गत आर्थिक वर्षको प्रथम आठ महिनामा यस क्षेत्रबाट प्राप्त विदेशी मुद्रा रु. १६ अर्ब ८२ करोड थियो।

20. न्यून आर्थिक वृद्धिदरका कारण आर्थिक विकासको गति प्रतिकूल ढंगबाट प्रभावित भईरहेको तथा दोहोरो अंकको उच्च मूल्य वृद्धिको सामना गर्नु परिरहेको अवस्थामा क्रयशक्ति क्षमतामा ह्रास आई जीवनस्तरमा पर्न गएको प्रतिकूल प्रभावले गर्दा समग्र आर्थिक व्यवस्थापनको दक्षतामा प्रश्न चिन्ह खडा भएको छ। अर्थतन्त्रको विस्तारमा गति दिन विकास प्रयास, लगानी तथा नियमनका क्षेत्रमा व्यापक सुधारको आवश्यकता एकातर्फ छ भने अर्फ महत्वपूर्ण कुरा बन्द, हड्ताल, चक्काजाम, उर्जा संकट, श्रम समस्या जस्ता व्यवधानहरुका कारण अर्थतन्त्रले अत्यन्तै गम्भिर प्रकृतिको प्रतिकूल आपूर्ति झड्का व्यहोर्नु परिरहेको बिडम्वना अर्कोतर्फ छ। अतः दैनिक जीवनयापन सुनिश्चित गर्न खासगरी यातायात व्यवस्थामा अडचन आउने खालका बन्द र हड्तालालाई पूर्णरुपमा सदाका लागि प्रतिवन्ध लगाउने गरी पर्याप्त कानुनी तथा प्रशासनिक व्यवस्था तत्काल तर्जुमा गरी सोको कार्यान्वयन प्रभावकारी बनाइनु अपरिहार्य भैसकेको छ।

21. सामाजिक क्षेत्रको विकास नेपाल सरकारको प्रमुख प्राथमिकतामा रहेको र सोही अनुसार लगानी समेत बढाइएकोले यस क्षेत्रको विकास र विस्तार संतोषजनक रहेको छ। सरकारले सञ्चालन गरेको साक्षरता अभियान कार्यक्रमले समग्रमा साक्षरताको प्रतिशत बढ्दै गएको छ। साथै, शिक्षा क्षेत्रमा सरकारको अतिरिक्त निजी क्षेत्रको लगानी र सहभागिता पनि त्यत्तिकै मात्रामा विस्तार हुँदै गएको छ। यसबाट प्राथमिकदेखि उच्च शिक्षाको तहसम्म सरकार र निजी क्षेत्रको योगदान उत्साहजनक रहेको छ। परिणामस्वरुप शैक्षिक सत्र २०६५ मा प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक विद्यालयहरुको संख्या क्रमशः ३० हजार ९ सय २४, १० हजार ६ सय ३६ र ६ हजार ५ सय १६ रहेकोमा शैक्षिक सत्र २०६६ मा क्रमशः ३१ हजार ६ सय ५५, ११ हजार ३ सय ४१ र ६ हजार ९ सय २८ पुगेको छ। त्यस्तै, गत वर्षको शैक्षिक सत्रमा कुल विद्यार्थी संख्या ६९ लाख ९४ हजार रहेकोमा चालु वर्षको शैक्षिक सत्रमा ७२ लाख ९५ हजार पुगेको छ। यसका साथै नेपालको लागि आवश्यक पर्ने साधारण एवं प्राविधिक उच्च जनशक्ति अन्तर्राष्ट्रिय मापदण्ड अनुसार तयार गर्न नेपालका विश्वविद्यालयहरु क्रियाशील रहेका छन्। फलस्वरुप, नेपालका विश्वविद्यालयहरुमा

विभिन्न विधा/विषयमा अध्ययन गर्ने विद्यार्थीहरुको संख्यामा पनि क्रमिक विस्तार भइरहेको छ ।

22. आधारभूत स्वास्थ्य सेवामा सेवा सर्वसुलभरुपमा जनतालाई उपलब्ध गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मातहतका निकायबाट दातृ निकायको सहयोग समेत जुटाई स्वास्थ्य क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरी वाल मृत्यदर १४ (प्रतिहजार जिवित जन्म), मातृ मृत्युदर २ सय ८१ (प्रतिलाख जन्ममा) झरेको, क्षयरोगीलाई नि:शुल्क उपचार गरिएको, परिवार नियोजनका साधन प्रयोगकर्ता ४१.६ प्रतिशत पुऱ्याइएको, पोलियो लगायत अन्य खोपमा उल्लेख प्रगति हासिल भएको, महामारीजन्य संक्रामक रोगको रोकथामको लागि नियन्त्रणजन्य उपाय अवलम्वन गरिएको, एच.आई.भि. एड्स रोगको रोकथामको लागि चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिएको, स्वास्थ्यकर्मीको क्षमता बढाउन विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन गरिएको, आयुर्वेदिक स्वास्थ्य सेवामा जनताको पुहँच वृद्धि भई स्वास्थ्य सम्बन्धी सूचकहरुमा सकारात्मक उपलब्धी हासिल भएको छ ।

23. स्थानीय जनताको आवश्यकता, माग एवं क्षमता बमोजिमका स-साना विकास निर्माण योजनाहरु सम्बन्धित निकायहरुसँग समन्वय गरी स्थानीयस्तरबाट सञ्चालन गरिएकोमा सडक, खानेपानी, झोलुङ्गे पुल, सिंचाइ जस्ता भौतिक पूर्वाधारजन्य योजना र जनचेतना अभिवृद्धि जस्ता सामाजिक विकासका कार्यहरुलाई निरन्तरता दिइएको छ । महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिकहरुको हक कल्याण अभिवृद्धि गरी क्षमता विकासका कार्यक्रमहरुद्वारा राज्यका सबै निकायमा उनीहरुको पहुँच अभिवृद्धि गर्न महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएका छन् । देशमा उपलब्ध श्रम शक्तिलाई विभिन्न सीपमूलक व्यवसायिक तालिम सञ्चालन गरी प्राविधिक पेशामा दक्ष बनाउने एवं वैदेशिक रोजगारमा जानेहरुका लागि सुरक्षित रोजगारको अवसर उपलब्ध गराई विप्रेषणद्वारा अर्थतन्त्रमा टेवा पुऱ्याउने गरी श्रम तथा यातायात मन्त्रालयबाट कार्यक्रम सञ्चालन गरिएको छ । शहरी विकास सम्बन्धी कार्यक्रमहरु तथा जनतालाई सर्वसुलभ रुपमा स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउने गरी सम्बन्धित निकायहरुबाट विभिन्न कार्यक्रमहरु सञ्चालन गरिएका छन ।

समष्टिगत आर्थिक परिसूचकहरू

विवरण	एकाई	आर्थिक वर्ष								
		५८/५९	५९/६०	६०/६१	६१/६२	६२/६३	६३/६४	६४/६५	६५/६६	६६/६७[1]
आर्थिक गतिविधि										
यथार्थ कुल गार्हस्थ्य उत्पादन[2] वित्तीय मध्यस्थता सहितको आधारभूत मूल्यमा	वार्षिक % परिवर्तन	०.२	३.८	४.४	३.२	३.७	२.८	५.८	४.०	३.५
*****कृषि***	वार्षिक % परिवर्तन	३.१	३.३	४.७	३.५	१.९	१.०	५.८	३.०	१.२
*****उद्योग***	वार्षिक % परिवर्तन	०.७	३.१	१.५	२.९	४.४	४.०	१.६	-०.३	३.९
*****सेवा***	वार्षिक % परिवर्तन	-१.८	३.७	६.८	३.३	५.६	४.५	७.३	६.३	५.५
यथार्थ कुल गार्हस्थ्य उत्पादन[3] (उत्पादकको मूल्यमा)	वार्षिक % परिवर्तन	०.१	३.९	४.७	३.५	३.४	३.४	६.१	४.९	४.६
प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा)	वार्षिक % परिवर्तन	-२.०	१.६	२.५	१.५	१.५	१.४	३.८	१.५	२.३
प्रति व्यक्ति कुल राष्ट्रिय आय (स्थिर मूल्यमा)	वार्षिक % परिवर्तन	-२.५	१.६	२.३	२.१	१.९	१.७	३.८	२.९	२.२
कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा)	वार्षिक % परिवर्तन	४.१	७.१	९.०	९.८	११.०	११.३	१२.१	२१.५	१९.३
कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा)	वार्षिक % परिवर्तन	३.५	७.१	८.९	१०.५	११.५	११.६	१२.०	२१.८	१९.१
कुल राष्ट्रिय खर्चयोग्य आम्दानी (प्रचलित मूल्यमा)	वार्षिक % परिवर्तन	३.६	७.६	९.३	११.१	१४.०	१०.१	१६.५	२४.५	१८.१
प्रतिव्यक्ति कुल गार्हथ्य उत्पादन	अमेरिकी डलर	२५५	२६१	२९३	३२८	३५०	३९०	४६४	४६७	५६२
प्रतिव्यक्ति कुल राष्ट्रिय आय	अमेरिकी डलर	२५४	२६१	२९२	३२९	३५२	३९४	४६९	४७२	५६८
प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आम्दानी	अमेरिकी डलर	२९२	३०१	३३९	३८३	४२०	४६४	५७३	५८९	७०३
कुल गार्हस्थ्य उत्पादन *वित्तीय मध्यस्थता सहितको आधारभूत मूल्यमा	रु.अर्ब	४२७.४०	४४२.१३	४६४.८३	४८०.३४	४९९.५४	५१५.१३	५४५.३०	५६७.६१	५८८.५३
*****कृषि***	रु.अर्ब	१६२.४०	१६७.८०	१७५.७७	१८१.९८	१८५.३६	१८७.१८	१९८.०७	२०४.०३	२०६.३९
*****उद्योग***	रु.अर्ब	७२.२२	७४.४५	७५.५६	७७.७६	८१.१५	८४.४१	८५.७९	८५.५६	८८.८७
*****सेवा***	रु.अर्ब	१९२.७८	१९९.८७	२१३.५०	२२०.६१	२३३.०३	२४३.५४	२६१.४४	२७८.०२	२९३.२७
यथार्थ कुल गार्हस्थ्य उत्पादन *उत्पादकको मूल्यमा	रु.अर्ब	४४२.०५	४५९.४९	४८१.००	४९७.७४	५१४.४९	५३२.०४	५६४.५२	५९१.९३	६१९.०३
प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा)	रु.	१८६८२	१८९९०	१९४६७	१९७५४	२००४३	२०३३२	२११०८	२१४१६	२१९०५
प्रति व्यक्ति कुल राष्ट्रिय आय (स्थिर मूल्यमा)	रु.	१८६५८	१८९६४	१९४०६	१९८०९	२०१९४	२०५४०	२१३१३	२१९२४	२२४१७
कुल गार्हस्थ्य उत्पादन (उत्पादकको प्रचलित मूल्यमा)	रु.अर्ब	४५९.४४	४९२.२३	५३६.७५	५८९.४१	६५४.०८	७२७.८३	८१५.६६	९९१.३२	१,१८३
कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा)	रु.अर्ब	४५८.८	४९१.६	५३५.१	५९१.०	६५९.०	७३५.३	८२३.६	१००३.१	११९५.१

विवरण	एकाई	आर्थिक वर्ष								
		58/59	59/60	60/61	61/62	62/63	63/64	64/65	65/66	66/67[1]
कुल राष्ट्रिय खर्चयोग्य आम्दानी (प्रचलित मूल्यमा)	रु.अर्ब	527.0	567.1	620.0	688.8	785.2	864.3	1006.4	1252.6	1479.1
प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन	रु.	19410	20340	21694	23300	25290	27525	30171	35865	41851
प्रतिव्यक्ति कुल राष्ट्रिय आय	रु.	19385	20312	21626	23365	25482	27806	30465	36290	42291
प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आम्दानी	रु.	22265	23433	25056	27227	30359	32684	37227	45316	52340
कुल उपभोग/ जि.डि.पी.	प्रतिशत	90.5	91.4	88.3	88.4	91.0	90.2	90.2	90.3	90.6
कुल गार्हस्थ्य बचत/जि.डि.पी.	प्रतिशत	9.5	8.6	11.7	11.6	9.0	9.8	9.8	9.7	9.4
कुल राष्ट्रिय बचत/ जि.डि.पी.	प्रतिशत	24.2	23.8	27.3	28.4	29.0	28.6	33.2	36.1	34.4
कुल स्थिर पुँजी लगानी/जि.डि.पी.	प्रतिशत	19.6	19.9	20.3	19.9	20.7	21.1	21.9	21.3	21.3
*सरकारी / जि.डि.पी.	प्रतिशत	3.7	2.9	2.6	2.7	2.6	3.2	3.6	3.7	4.1
*निजी / जि.डि.पी.	प्रतिशत	15.5	16.3	16.3	15.7	17.2	16.9	15.7	14.7	14.6
कुल लगानी/ जि.डि.पी.	प्रतिशत	20.2	21.4	24.5	26.5	26.9	28.7	30.3	31.9	38.2
कुल गार्हस्थ्य बचत र कुल लगानी बीचको अन्तर/ जि.डि.पी	प्रतिशत	-10.8	-12.8	-12.8	-14.9	-17.9	-18.9	-20.5	-22.2	-28.8
वस्तु तथा सेवाको खुद निर्यात (निर्यात-आयात)/ जि.डि.पी.	प्रतिशत	-10.9	-11.3	-11.1	-13.1	-14.7	-15.2	-16.5	-18.9	-28.4
*आयात/ जि.डि.पी.	प्रतिशत	28.5	28.5	29.5	29.5	31.3	31.7	33.3	34.6	38.1
*निर्यात/ जि.डि.पी.	प्रतिशत	17.7	15.7	16.7	14.6	13.4	12.9	12.8	12.4	9.2
कुल जनसंख्या	करोड	2.37	2.42	2.47	2.53	2.59	2.64	2.70	2.76	2.83
मूल्य										
उपभोक्ता मूल्य सूचकाङ्क[2]	वार्षिक % परिवर्तन	2.9	4.8	4	4.5	8	6.4	7.7	13.2	10.7
कुल गार्हस्थ्य उत्पादन मूल्य सूचकाङ्क[3]	वार्षिक % परिवर्तन	3.9	3.1	4	5.9	6.9	7.3	5.6	15.8	14.0
* *प्राथमिक क्षेत्र*	वार्षिक % परिवर्तन	3.6	0.7	2.8	3.5	4.4	6.1	3.3	20.3	20.0
* *द्वितीय क्षेत्र*	वार्षिक % परिवर्तन	4.8	4.1	5.4	5.5	3.6	5.7	11.0	13.3	7.5
* *सेवा क्षेत्र*	वार्षिक % परिवर्तन	3.8	4.7	4.5	7.8	9.9	8.3	5.3	13.6	11.9
थोक मूल्य सूचकाङ्क[4]	वार्षिक % परिवर्तन	4.9	3.8	4.1	7.3	8.9	9.0	9.1	12.8	13.3
तलब तथा ज्यालादर सूचकाङ्क[5]	वार्षिक % परिवर्तन					3.9	9.8	9.7	15.4	13.9
**तलब*	वार्षिक % परिवर्तन					0.3	6.3	10.9	10.5	13.8
**ज्यालादर*	वार्षिक % परिवर्तन					5.3	10.9	9.4	16.9	14.0
सार्वजनिक वित्त										
राजस्व	वार्षिक % परिवर्तन	3.2	11.5	10.9	12.5	3.1	21.3	22.7	33.3	24.6
कुल सरकारी खर्च	वार्षिक % परिवर्तन	0.3	4.9	6.5	14.7	8.1	20.5	20.8	36.1	20.9

विवरण	एकाई	आर्थिक वर्ष								
		58/59	59/60	60/61	61/62	62/63	63/64	64/65	65/66	66/67[1]
** चालू खर्च*	वार्षिक % परिवर्तन	6.6	6.6	6.6	11.0	8.6	15.1	18.6	39.7	25.1
** पुँजीगत खर्च*	वार्षिक % परिवर्तन	-12.5	-9.8	3.3	18.4	8.1	34.2	34.7	36.6	19.4
** साँवा भुक्तानी खर्च*	वार्षिक % परिवर्तन	13.1	48.6	12.9	25.4	5.4	17.4	-2.2	14.9	-1.9
ऋण सेवा (साँवा र व्याज भुक्तानी)	वार्षिक % परिवर्तन	17.5	32.6	7.1	13.9	3.4	12.2	-0.7	18.6	5.5
राजस्व / जि.डि.पी.	प्रतिशत	11	11.4	11.6	11.9	11.1	12.1	13.2	14.5	15.1
** कर राजस्व*/ जि.डि.पी.	प्रतिशत	8.6	8.7	9.0	9.2	8.8	9.8	10.4	11.8	13.3
** गैर-कर राजस्व*/ जि.डि.पी.	प्रतिशत	2.4	2.8	2.6	2.7	2.3	2.3	2.8	2.7	1.7
कुल सरकारी खर्च[2] / जि.डि.पी.	प्रतिशत	17.4	17.1	16.7	17.4	17.0	18.4	19.8	22.2	22.5
** चालू खर्च*[2] / जि.डि.पी.	प्रतिशत	10.6	10.6	10.3	10.5	10.2	10.6	11.2	12.9	13.5
** पुँजीगत खर्च*[2] / जि.डि.पी.	प्रतिशत	5.4	4.5	4.3	4.6	4.5	5.5	6.6	7.4	7.4
** साँवा भुक्तानी खर्च* / जि.डि.पी.	प्रतिशत	1.4	1.9	2.0	2.3	2.2	2.3	2.0	1.9	1.6
ऋण सेवा (साँवा र व्याज भुक्तानी)/ जि.डि.पी.	प्रतिशत	2.7	3.3	3.2	3.4	3.1	3.1	2.8	2.7	1.6
वैदेशिक अनुदान/ जि.डि.पी.	प्रतिशत	1.4	2.3	2.1	2.4	2.1	2.2	2.5	2.7	3.4
बजेट घाटा/ जि.डि.पी.	प्रतिशत	5.0	3.3	2.9	3.1	3.8	4.1	4.1	5.0	3.9
वैदेशिक ऋण/ जि.डि.पी.	प्रतिशत	1.7	0.9	1.4	1.6	1.3	1.4	1.0	1.0	1.1
आन्तरिक ऋण/ जि.डि.पी.	प्रतिशत	1.7	1.8	1.0	1.5	1.8	2.5	2.5	1.9	2.6
वैदेशिक ऋण र अनुदान/ जि.डि.पी.	प्रतिशत	3.1	3.2	3.5	4.0	3.4	3.6	3.6	3.7	4.5
कुल तिर्न बाँकी ऋण	?=ca{	293.8	308.1	318.9	307.2	328.7	320.4	366.0	399.8	386.8
** तिर्न बाँकी आन्तरिक ऋण*	?=ca{	73.6	84.7	86.1	87.6	94.7	103.8	116.0	122.8	140.7
** तिर्न बाँकी वैदेशिक ऋण*	?=ca{	220.1	223.4	232.8	219.6	234.0	216.6	250.0	277.0	246.0
प्रतिव्यक्ति कुल तिर्न बाँकी ऋण	?=	12395	12731	12911	12142	12708.4	12117.0	12331.3	13505.0	13686.7
कुल तिर्न बाँकी ऋण/ जि.डि.पी.	प्रतिशत	63.9	62.6	59.4	52.1	50.3	44.0	44.9	40.3	32.7
** तिर्न बाँकी आन्तरिक ऋण*/ जि.डि.पी.	प्रतिशत	16.0	17.2	16.0	14.9	14.5	14.3	14.2	12.4	11.9
** तिर्न बाँकी वैदेशिक ऋण*/ जि.डि.पी.	प्रतिशत	47.9	45.4	43.4	37.3	35.8	29.8	30.6	27.9	20.8
तिर्न बाँकी वैदेशिक ऋण/ राजस्व	प्रतिशत	436.4	397.4	373.5	313.2	323.7	247.0	232.3	193.1	137.6
तिर्न बाँकी वैदेशिक ऋण/निर्यात	प्रतिशत	468.9	447.5	431.8	374.1	388.4	364.8	421.8	409.2	402.5
ऋण सेवा (सांवा र व्याज भुक्तानी)/चालू खर्च	प्रतिशत	25	31.1	31.2	32.0	30.5	29.7	24.9	21.1	17.8
तिर्न बाँकी वैदेशिक	प्रतिशत	207.9	206.4	178.8	169.1	141.8	131.2	117.6	98.9	97.1

विवरण	एकाई	आर्थिक वर्ष								
		58/59	59/60	60/61	61/62	62/63	63/64	64/65	65/66	66/67[1]
ऋण/विदेशी विनिमय संचिति										
मुद्रा तथा बैंकिङ्ग										
आन्तरिक कर्जा	वार्षिक % परिवर्तन	10.4	10.4	9.9	13.8	7.8	16.7	20.4	25.7	17.3
** निजी क्षेत्रतर्फ*	वार्षिक % परिवर्तन	5.2	13.2	14.3	14.2	14.4	12.3	24.3	28.3	18.3
** सरकारतर्फको खुद कर्जा*	वार्षिक % परिवर्तन	22.4	5.9	1.8	11.3	10.4	10.4	11.2	20.4	13.7
बैंकिङ्ग क्षेत्रको कुल कर्जामा निजी क्षेत्रतर्फको कर्जाको अंश	प्रतिशत	65.7	67.4	70.1	70.3	75.5	75.8	77.7	78.8	79.4
संकुचित मुद्रा प्रदाय (M_1)	वार्षिक % परिवर्तन	9.3	8.6	12.2	6.6	14.2	12.2	21.6	27.3	12.3
** मुद्रा*	वार्षिक % परिवर्तन	15.2	2.2	11.1	8.8	13.3	7.4	19.9	25.5	18.1
** चल्ती निक्षेप*	वार्षिक % परिवर्तन	-3.5	25	14.4	2.2	16	22.8	25	30.5	2.1
विस्तृत मुद्रा प्रदाय (M_2)	वार्षिक % परिवर्तन	4.4	9.8	12.8	8.3	15.6	14	25.2	27.7	12.4
** मुद्दती र बचत निक्षेप*	वार्षिक % परिवर्तन	2.1	10.4	13.1	9.2	16.4	14.9	27	27.9	12.5
कुल निक्षेप (वाणिज्य बैंकहरुको)	वार्षिक % परिवर्तन	1.4	10.3	14.7	7.7	15.8	15.3	26.0	30.4	9.6
कुल निक्षेप/जि.डि.पी.	प्रतिशत	40.0	41.2	43.3	42.5	44.3	46.0	51.7	55.5	51.0
कुल आन्तरिक कर्जा/जि.डि.पी	प्रतिशत	44.2	45.5	45.9	47.5	49.3	49.5	53.6	55.8	54.9
** निजी क्षेत्रतर्फ*/जि.डि.पी.	प्रतिशत	29	30.7	32.1	33.4	37.2	37.6	41.7	44.0	43.6
** सरकारतर्फको खुद कर्जा*/जि.डि.पी.	प्रतिशत	13	11.9	10.7	10.8	10.9	11.2	11.2	10.6	7.2
संकुचित मुद्रा प्रदाय/जि.डि.पी.	प्रतिशत	16.8	17	17.5	17	17.3	17.4	18.9	19.8	18.7
** मुद्रा*/जि.डि.पी.	प्रतिशत	12.1	11.6	11.8	11.7	11.9	11.5	12.3	12.7	12.6
** चल्ती निक्षेप*/जि.डि.पी.	प्रतिशत	4.7	5.5	5.7	5.3	5.4	6.0	6.6	7.1	6.1
विस्तृत मुद्रा प्रदाय/जि.डि.पी.	प्रतिशत	48.8	50	51.7	51	53.0	54.3	60.7	63.8	60.2
** मुद्दती र बचत निक्षेप*/जि.डि.पी.	प्रतिशत	32	32.9	34.2	34	35.7	36.9	41.8	44.0	41.5
वाह्य क्षेत्र										
निर्यात (वस्तु)	वार्षिक % परिवर्तन	-15.6	6.4	8	8.9	2.6	0.9	12.0	14.2	-9.7
आयात (वस्तु)	वार्षिक % परिवर्तन	-7.2	15.8	9.6	9.7	16.3	10.3	23.9	28.2	28.9
निर्यात/आयात अनुपात	प्रतिशत	43.7	40.2	39.6	39.3	34.7	30.5	26.7	23.8	16.7
व्यापार घाटा	वार्षिक % परिवर्तन	0.7	23.1	10.7	10.2	25.1	19.2	20.2	33.3	41.0
पर्यटन आय	वार्षिक % परिवर्तन	-26.1	35.7	54.5	-43.3	8.7	6	84.2	49.9	-0.3
पर्यटन व्यय	वार्षिक % परिवर्तन	3.8	7.7	62.4	-3.3	23.4	32	32.2	50.5	8.0
विप्रेषण आय	रु. अर्ब	47.22	47.54	54.20	58.59	65.54	97.69	142.68	209.70	224.29
विप्रेषण आय	वार्षिक % परिवर्तन	0.7	14	8.1	11.9	49	2.5	42.5	47.0	7.0

विवरण	एकाई	आर्थिक वर्ष								
		58/59	59/60	60/61	61/62	62/63	63/64	64/65	65/66	66/67[1]
चालू खाता सन्तुलन	रु. अर्ब	18.16	11.62	14.60	11.55	14.23	-0.90	23.68	41.44	-27.60
निर्यात/ जि.डि.पी.	प्रतिशत	10.2	10.1	10	10	9.2	8.2	7.3	6.8	5.2
आयात/ जि.डि.पी.	प्रतिशत	23.4	25.3	25.4	25.4	26.6	26.8	27.2	28.7	31.0
व्यापार घाटा/ जि.डि.पी.	प्रतिशत	-13.2	-15.1	-15.3	-15.4	-17.4	-18.6	-19.9	-21.9	-25.8
पर्यटन आय/ जि.डि.पी.	प्रतिशत	1.9	2.4	3.4	1.8	1.5	1.4	2.3	2.8	2.4
पर्यटन व्यय/ जि.डि.पी.	प्रतिशत	1.2	1.3	1.9	1.6	1.8	2.2	2.6	3.2	2.9
विप्रेषण आय/ जि.डि.पी.	प्रतिशत	10.3	11	10.9	11.1	14.9	13.8	17.5	21.2	19.0
चालू खाता सन्तुलन/ जि.डि.पी	प्रतिशत	4	2.4	2.7	2	2.2	-0.1	2.9	4.2	-2.3
शोधनान्तर वचत	रु. अर्ब	-3.34	4.36	16.01	5.74	25.60	5.90	29.68	41.28	-19.57
विदेशी विनिमय संचिति	रु. अर्ब	105.90	108.23	130.21	129.90	165.03	165.13	212.62	279.99	253.36
विदेशी विनिमय संचिति	वार्षिक % परिवर्तन	0.7	2.2	20.3	-0.2	27	0.1	28.8	31.7	-9.5
संचितिको आयात धान्ने क्षमता **** वस्तु आयात***	महिनाको आयात बराबर	11.6	10.4	11.5	10.4	11.4	10.2	11.5	11.8	8.4
**** वस्तु तथा सेवा आयात***	महिना आयात बराबर	9.8	9	9.7	8.8	9.6	8.4	9.3	9.7	7.3
विदेशी विनिमय दर[6]	१ अमेरिकी डलर.= रु.	76.88	77.79	73.79	72.06	72.32	70.49	65.02	76.88	74.19

[1] *वार्षिक प्रारम्भिक अनुमान (प्रथम आठ महिनाको तथ्याङ्कमा आधारित);* [2] *आधार वर्ष २०५७/५८=१००;* [3] *आधार वर्ष २०५२/५३=१००;*

[4] *आधार वर्ष २०५६/५७=१००;* [5] *आधार वर्ष २०६१/६२=१००;* [6] *खरिद र विक्री दरको वार्षिक औसत, चालु आर्थिक वर्षको जेठ महिनासम्मको औषत*

टिप्पणी : जि.डि.पी.सँगको अनुपात हिसाव गर्दा उत्पादकको प्रचलित मूल्यको कुल गार्हस्थ्य उत्पादनसँग गरिएको छ । कतिपय पुराना तथ्याङ्हरु समेत स्रोतवाटै संशोधन भई आएकोले सोही अनुरुप परिमार्जन गरिएको छ ।

अर्थतन्त्रका प्रमुख चुनौतीहरु

१. आर्थिक गतिविधि

१.१ नेपालको आर्थिक विकासको प्रक्रियामा न्यून आर्थिक वृद्धिदर एउटा ठूलो चुनौतीको रुपमा रहने गरेको छ । त्रिवर्षीय अन्तरिम योजनाको अन्तिम वर्षसम्मको अनुमानित तथ्याङ्कको आधारमा हेर्दा योजनामा उल्लेखित ५.५ प्रतिशतको लक्षित वृद्धिदर हासिल हुने देखिदैन । चालू आर्थिक वर्ष २०६६/६७ को ५.५ प्रतिशतको वृद्धिदर हासिल गर्ने लक्ष्य पनि प्राप्त नहुने देखिन्छ । शान्ति प्रक्रिया र सुरक्षाको स्थितिमा सुधार हुँदै जाने अपेक्षा गरिएकोमा विभिन्न समयमा हुने गरेका बन्द, हडताल, श्रम समस्या, विद्युत आपूर्तिमा कमी तथा बाह्य बजारको संकुचनका कारण लक्षित आर्थिक वृद्धिदर हासिल गर्न कठिनाइ परेको छ । उत्पादन, रोजगारी, तथा जीवनयापनको दृष्टिले कृषि नेपाली अर्थतन्त्रको प्रमुख क्षेत्रको रुपमा रहेको छ । आधा शताब्दिदेखि अवलम्वन गरिँदै आएको योजनावद्ध विकासको पृष्ठभूमिमा भएको हाम्रो अर्थतन्त्रमा कृषि क्षेत्रको विकास र प्रवर्द्धनको निम्ति मुख्यरुपमा सहयोग पुऱ्याउने सिंचाइ व्यवस्था कमजोर रहनु कृषि क्षेत्रतर्फको प्रमुख चुनौती हो ।

१.२ लगानी प्रवर्द्धनका लागि लगानी-मैत्री वातावरणको आवश्यकता रहन्छ । ऊर्जा समस्या, श्रम समस्या र अनिश्चितता जस्ता कारणले लगानीको उपयुक्त वातावरण निर्माण हुन सकेन । यसले गर्दा उत्पादनमूलक उद्योग, अन्य व्यवसाय एवं सेवाहरु पनि फष्टाउन सक्ने अवस्थामा रहेनन् । परिणामस्वरुप अन्तरिम योजना तथा चालू आर्थिक वर्षको लक्ष्यित आर्थिक वृद्धिदर हासिल गर्न सकिएन ।

१.३ आर्थिक वृद्धिदरमा कमी आउँदा पनि उपभोग भने बढ्दो छ । उपभोगको बढ्दो प्रवृत्तिका कारण गार्हस्थ्य वचतको अनुपातमा संकुचन आएको छ । तसर्थ, वचत प्रोत्साहित गर्ने वातावरण सिर्जना गर्नु अर्थतन्त्रको अर्को चुनौती हो ।

१.४ नेपालमा रोजगारीका अवसरहरु क्षीण भएकोले विदेशमा कामदारको रुपमा काम गर्न नेपालका लाखौ युवाशक्ति विदेशिएका छन् । उनीहरुले नेपालका आफन्तजनहरुको जीवन निर्वाहको निम्ति उल्लेख्य परिमाणमा विप्रेषणको रकम पठाउने गरेका छन् । यस्तो विप्रेषण आप्रवाह रकम कुल गार्हस्थ्य उत्पादनको करिव २१ प्रतिशतको हाराहारीमा छ । तर, प्राप्त विप्रेषणको ठूलो हिस्सा आधारभूत उपभोग्य सामानहरुको आयात तथा घरजग्गा खरिदमा उपभोग हुने गर्दछ । विप्रेषणको रुपमा आउने रकमलाई वित्तीय बचतको रुपमा परिचालन गर्न सकिएको छैन ।

१.५ वैदेशिक रोजगारीमा जान नसकेका तथा विदेशबाट फर्केका श्रमशक्तिलाई देशभित्रै उत्पादनशील रोजगारीका अवसरहरु सिर्जना गर्नु पनि चुनौतीपूर्ण रहेको छ । योजनावद्ध

विकास प्रयासबाट विगतमा निर्माण गरिएका भौतिक आधारशीलाहरुको मर्मत संभार तथा विद्यमान मानवीय संसाधनको अधिकतम उपयोग गरी आधारभूत आर्थिक क्रियाकलाप विस्तारको कार्य अझै अपेक्षित स्तरमा हुन सकेको छैन ।

१.६ सामाजिक सद्भाव र शान्तिका लागि साधन र श्रोतको न्यायोचित एवम् समतामूलक वितरण अपरिहार्य शर्त हो । आय असमानता झन बढ्दै गइरहेको चुनौतीपूर्ण अवस्थाको सन्दर्भमा सन्तुलित तथा फराकिलो आधारको आर्थिक क्रियाकलाप अभिवृद्धिमा विशेष जोड दिनु पर्ने देखिएको छ ।

१.७ नेपालमा कृषि प्रशोधन उद्योग, पर्यटन, जलविद्युत, मूल्यवान जडीवुटी प्रयोग गर्ने उद्योग, शिक्षा र स्वास्थ्य जस्ता उपलब्ध अवसरहरुको अधिकतम प्रयोग गरी आर्थिक वृद्धिदर उच्च गर्ने बृहत् संभावना रहेको छ । उपलब्ध विशिष्ट प्राकृतिक सम्पदाको दोहन एवं प्रशोधन गर्न आन्तरिक तथा वाह्य लगानी परिचालन गर्नु आवश्यक छ । लगानीको वातावरण सहज हुन नसकेको वर्तमान अवस्थामा सम्बन्धित सबैको ध्यान यसतर्फ आकर्षित गर्नु पर्ने हुन्छ । यी उद्योगमा हुने लगानीबाट बेरोजगारी न्यून गर्न तथा गरिबी घटाउन ठोस योगदान पुग्न सक्ने तथ्यप्रति सरोकारवाला सबैको चासो जगाउन नसकिएको अवस्था रहेको छ ।

१.८ कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको झण्डै एक-तिहाई योगदान रहनुका साथै ग्रामीण रोजगारीमा यसको उच्च योगदान रहेको छ । करिब ८० प्रतिशत जनता ग्रामीण क्षेत्रमा बसोवास गर्ने र आय आर्जनको मुख्य श्रोत नै कृषि रहेको हुँदा राष्ट्रिय अर्थतन्त्रमा यसको महत्वपूर्ण भूमिका रहेको स्पष्ट छ । बढ्दो खाद्य संकटलाई ध्यानमा राख्दा कृषि क्षेत्र आत्मनिर्भर बन्नु पर्ने आवश्यकता रहेको छ । सिंचाइको प्रत्याभूति, प्राङ्गारिक मल, भण्डारण, उन्नत वीउ विजन, कृषि प्रसार सेवा तथा कृषि सडकको निर्माणलाई प्राथमिकता दिइएता पनि अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन ।

१.९ सडक यातायातमा अवरोध गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी आवागमन तथा ढुवानी कार्यमा सहजता ल्याई अर्थतन्त्रको लागत घटाउँदै प्रतिस्पर्धात्मक क्षमता बढाउन सके आर्थिक गतिविधिमा तीव्रता आउने स्पष्ट छ । औद्योगिक श्रम सम्बन्धमा समुचित सुधारका साथै औद्योगिक र व्यापारिक तथा अन्य व्यवसायिक क्षेत्रको विस्तार गर्नेतर्फ राष्ट्रिय प्राथमिकताका साथ कार्यक्रम कार्यान्वयन गर्नुपर्ने चुनौती छ ।

२. सार्वजनिक वित्त

२.१ आर्थिक वर्ष २०६६/६७ मा पनि सरकारी वित्त क्षेत्रका मुख्य विशेषताहरुका रुपमा उत्साहजनक राजस्व परिचालन, तुलनात्मकरुपमा सन्तोषजनक पूँजीगत खर्च र न्यून घाटा उल्लेख्य रहेका छन् । विकास निर्माणका लागि साधन परिचालन बढाउन मुख्यरुपमा चालू खर्च र साँवा भुक्तानी खर्च पूरा गरी राजस्व वचतको परिमाण बढाउन राजस्व परिचालनको प्रक्रियालाई दिगोरुपमा गतिशील, सुदृढ, सक्षम र

उत्पादनशील बनाउनु पर्ने चुनौती देखिएको छ । आर्थिक विकासको उद्देश्य हासिल गर्न दिगो आधार सुनिश्चित गर्नको लागि बढी भन्दा बढी साधन पुँजीगत प्रयोजनको लागि प्रवाहित गर्नुपर्ने र कम प्राथमिकतायुक्त वा अनुत्पादनशील खर्च नियन्त्रण अपेक्षित रुपमा गर्न सकिएको छैन ।

२.२ सरकारी वित्त घाटालाई वाञ्छित सीमाभित्र राखी समग्र आर्थिक सन्तुलन एवं स्थिरता कायम गर्नु पर्ने आवश्यकता एकातर्फ छ भने अर्कोतर्फ जनताका असीमित आकांक्षा पूरा गर्ने क्रममा सरकारले गरेका प्रतिवद्धताहरुलाई मूर्तरुप दिन सार्वजनिक खर्च बढाउनु पर्ने आवश्यकता छ । यी दुई अवस्थाहरुबीच तादात्म्य मिलाई अर्थतन्त्रको रुपान्तरणको प्रक्रियालाई ठोस रुपमा क्रियाशील बनाउनु पर्ने चुनौती रहेको छ ।

२.३ सरकारी क्षेत्रबाट सञ्चालित हुने विकास-निर्माणका कार्यहरुको लागि आवश्यक पर्ने साधनको लागि वैदेशिक सहायतामाथिको अत्यधिक निर्भरताले अर्थतन्त्रको दीर्घकालीन संरचना र समष्टिगत आर्थिक सन्तुलनमा पार्न सक्ने नकारात्मक प्रभाव र सोबाट देशको विकास प्रयासको स्वस्थता, स्थिरता र सुदृढतामा पर्न सक्ने सम्भावित जोखिमहरुको परिप्रेक्ष्यबाट हेर्दा पनि राजस्व परिचालनमा थप जोड दिनु पर्नेछ । आयोजना व्यवस्थापनमा प्रभावकारिता ल्याई साधनको उच्चतम उपयोग हासिल गर्न, वैदेशिक सहायता अन्तर्गत उत्पादनशील अनुदानको परिमाण बढाउन, चालू खर्च व्यवस्थापनमा सुधार गर्न तथा पुँजीगत खर्च विस्तारमा तदारुकता ल्याउन आवश्यक देखिन्छ ।

२.४ कुल गार्हस्थ्य वचत र लगानीबीचको बढ्दो असन्तुलनको कारण भविष्यमा एकातर्फ विकास-निर्माणको नियमित प्रक्रियामा अड्चनहरु आउने र अर्कोतर्फ साधन व्यवस्थापन तथा विदेशी ऋण सेवाको कार्यमा जटिलताहरु थपिने हुन्छ । तसर्थ, विदेशी ऋण तथा सेवाको दायित्वलाई सरकारी वित्त क्षेत्र तथा समग्र अर्थतन्त्रको लागि दिगोरुपमा कावुमा राख्न मुख्य रुपमा अनावश्यक उपभोगमा नियन्त्रण गरी कुल गार्हस्थ्य वचत अनुपातमा वृद्धि गर्ने, अनुत्पादक चालू खर्चमा नियन्त्रण गर्ने र विकास खर्चको उत्पादनशील प्रयोग बढाउनेतर्फ विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

२.५ राजस्व परिचालनको कार्यलाई गतिशील बनाउन हालका वर्षहरुमा राजस्व परिचालनको प्रवृत्ति उत्साहजनक रहेको छ । यो स्थितिलाई कायम राख्नका लागि राजस्वको प्रमुख संयन्त्रको रूपमा रहेको कर राजस्व र त्यसमा पनि मूल्य अभिवृद्धि कर र आयकरको परिचालन बढाउन कर चुहावटका सम्भाव्य क्षेत्रहरूको पहिचान गरी सोको नियन्त्रणमा प्रभावकारिता ल्याउनु पर्ने चुनौती रहेको छ । राजस्व प्रशासनको चुस्तता, कार्यदक्षता तथा व्यवसायिकता अभिवृद्धि गर्नु अपरिहार्य हुने भएकोले यसतर्फ अपेक्षित उपलब्धि हासिल गर्न आवश्यक व्यवस्थाहरु कार्यान्वयनमा ल्याउनु पर्ने चुनौती छ ।

२.६ राजस्व परिचालनमा विगतमा हासिल भएका उपलब्धिलाई संस्थागत गर्नु चुनौतीपूर्ण रहेको छ । यस प्रसङ्गमा केन्द्रीय राजस्व बोर्डको अवधारणालाई मुर्तरुप दिन सकिएको छैन ।

३. मूल्य तथा आपूर्ति

३.१ उपभोक्ता मूल्य सूचकाङ्कमा बढी भार भएको खाद्य तथा पेय पदार्थ समूहको सूचकाङ्क विगत वर्षदेखि नै दुई अंकको दरले बढीरहेको छ । विश्व र भारतमा खाद्यान्नको उच्च मूल्य वृद्धि, यो वर्ष खाद्य उत्पादनमा आएको ह्रास, उच्च जनसंख्या वृद्धिदर र आपूर्ति व्यवधान मूल्य वृद्धिका प्रमुख कारणहरु हुन् । यी समस्याहरू न्यूनीकरण गर्न कृत्रिम अभाव सृजना गर्ने एवं मूल्यमा अस्वाभाविक परिवर्तन ल्याउने, मिलोमतोमा विक्री वितरण गर्ने जस्ता उपभोक्ताको हित विपरित हुने क्रियाकलापहरूलाई नियन्त्रणमा ल्याई बजार मूल्य निर्धारण हुने परिपाटी विकास गर्न बजार अनुगमन कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउनु पर्ने चुनौती रहेको छ ।

३.२ न्यून आर्थिक वृद्धिदरका कारण आर्थिक विकासको गति सुस्त रहेको अवस्थामा विगत दुई वर्ष यता आएर निरन्तर रुपमा दोहोरो अंकको उच्च मूल्य वृद्धि हुनु दुखःद संयोग हो । यसबाट क्रयशक्ति क्षमता र जीवनस्तरमा पर्न गएको प्रतिकूल प्रभावले गर्दा समग्र आर्थिक व्यवस्थापनको दक्षतामा ठूलो प्रश्न चिन्ह लाग्न गएको छ । तसर्थ, अर्थतन्त्रको विस्तारमा गति दिन विकास प्रयास र लगानी तथा नियमनका क्षेत्रमा व्यापक सुधारको आवश्यकता एकातर्फ छ भने अर्फ महत्वपूर्ण कुरा बन्द, हड्ताल, चक्काजाम, उर्जा संकट, श्रम समस्या जस्ता व्यवधानहरुका कारण अर्थतन्त्रले अत्यन्तै गम्भिर प्रकृतिको प्रतिकूल आपूर्ति झड्का (Adverse Supply Shock) व्यहोर्नु परिरहेको बिडम्वना छ ।

३.३ विश्व वजारमा पेट्रोलियम पदार्थको मूल्यमा उतारचढाव आउँदा सोको असर नेपालको मूल्य स्थितिमा पनि पर्ने गरेको छ । पेट्रोलियम पदार्थको मूल्य स्वतः समायोजन हुने पद्धति अवलम्वन गर्न सके विगतमा जस्तै एक्कासी चर्को मूल्यवृद्धिको समस्या रोक्न सकिने हुँदा स्वतः मूल्य समायोजन प्रणाली अवलम्वन गर्नुको विकल्प छैन ।

३.४ मुद्रास्फीतिका कारणहरु मध्ये चिनी तथा चिनीजन्य वस्तुका साथै दलहन र खाद्यान्नको मूल्य बृद्धि हुँदै जानु पनि प्रमुख हो । चिनीको यथेष्ट आपूर्ति गर्न अल्पकालीन रुपमा आयात गर्नुपर्ने र दीर्घकालीन समाधानको रूपमा आन्तरिक उत्पादनलाई बढाउनु पर्ने हुन्छ । यसको निमित्त सरकारी, निजी एवम् दुवै क्षेत्रको संयुक्त प्रयासलाई समुचित विकास गर्ने, चिनी कारखानाहरूको नियमित सञ्चालन सुनिश्चित गर्ने र उखु खेतीको विस्तार गर्नुपर्ने चुनौती रहेको छ ।

३.५ विगतमा जस्तै विश्वव्यापीरूपमा आउने खाद्यान्न संकटको समस्यालाई निराकरण गर्न मौजुदा भण्डारण अवस्थामा सुधार गर्न आवश्यक देखिन्छ । साथै, खुला सिमानाका कारण नेपालका उत्पादन भण्डारणका लागि सीमावर्ती भारतीय बजारमा लैजाने गरिंदा मूल्यमा दोहोरो चाप देखापरेको छ । यस समस्याको निराकरण गर्न सरकारी वा निजी क्षेत्रको संलग्नतामा विभिन्न मध्यवर्ती क्षेत्रहरुमा अत्यावश्क नुन, तेल, चिनी, दाल एवं

खाद्यान्नको भण्डारण व्यवस्था मिलाई आपूर्ति व्यवस्थापन नियमित गराउने चुनौती अद्यापि रहेको छ ।

३.६ मुद्रास्फीतिको प्रमुख कारणको रुपमा मौद्रिक विस्तार रहेको छैन । तापनि, मौद्रिक विस्तारका कारण मूल्यमा पर्न सक्ने चापको निरन्तर विश्लेषण गर्दै यसमा निरन्तर निगरानी राख्नु पर्ने हुन्छ । मौद्रिक नीतिको मूल उद्देश्य मूल्य स्थायित्व कायम गर्ने रहेकोले मौद्रिक व्यवस्थापन प्रभावकारी हुनु पर्नेमा कसैको दुई मत हुन सक्दैन । तसर्थ, मौद्रिक व्यवस्थापनबाट मूल्य स्थायित्व कायम गराउनको लागि मौद्रिक नीति कार्यान्वयनको प्रमुख उपकरणको रुपमा रहेको खुला बजार कारोवार सञ्चालन (Open Market Operations) लाई अझ बढी प्रभावकारी बनाउँदै लैजानु पर्ने चुनौती रहेको छ ।

३.७ हाल नेपालका केही दुर्गम स्थानहरूमा खाद्यान्न, नुन, तेल, चिनी, दाल लगायतका अत्यावश्यक वस्तुहरूको आपूर्तिमा कठिनाई उत्पन्न भएकाले यसका लागि सरकारी वा निजी क्षेत्रको संलग्नतामा विभिन्न भण्डारण केन्द्रको स्थापना गरी त्यस्ता अत्यावश्यक वस्तुको मौज्दात राखी सहज मूल्यमा आपूर्ति गर्ने वातावरणको सृजना गर्नु आवश्यक छ । तरकारी, फलफुल जस्ता शीघ्र नाश हुने कृषि उपजहरूको ढुवानीका लागि वातानुकुलित उपकरणहरू जडान गर्ने व्यवस्था मिलाउनु आवश्यक छ ।

३.८ देशभरी विस्तार भएका सहकारी संस्थाहरूको उचित व्यवस्थापन र परिचालनबाट वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापनमार्फत् मूल्य नियन्त्रण गर्न सकिने हुँदा सहकारी संस्थाहरूको विकास र व्यवस्थापन गरी वस्तु तथा सेवाको सहजरुपमा थोक तथा खुद्रा आपूर्ति व्यवस्था गर्नुको साथै सुपथ मूल्य पसल, सहकारी पसल सञ्चालन गर्ने र त्यसको प्रभावकारी रूपमा अनुगमन गर्नु पर्ने देखिन्छ । तसर्थ, सहकारी संस्थाहरुको विकास र व्यवस्थापन गरी वस्तु तथा सेवाको समुचित आपूर्ति र बिक्री वितरणमा प्रभावकारिता ल्याइनु पर्ने चुनौती रहेको छ ।

४. मुद्रा तथा बैंकिङ्ग

४.१ बैंक तथा वित्तीय संस्थाहरुको स्थापना र संचालनको बढ्दो क्रमसंगै मुलुकको वित्तीय प्रणाली थप प्रगाढ हुंदै गएको छ । कार्य-प्रकृतिका आधारमा बैंकिङ्ग व्यवसाय उच्च जोखिममा संचालन हुने क्षेत्र भएकोले व्यवसायको विस्तारसँगै जोखिमको बढ्दो प्रवृत्तिलाई समेत अनुगमन गर्दै समग्र वित्तीय क्षेत्रलाई सबल र सक्षम बनाउन नियमन र सुपरिवेक्षणको दायरा अझ फराकिलो तथा प्रभावकारी बनाउनु पर्ने चुनौती रहेको छ । साथै, संस्थागत सुशासन तथा स्वःनियमन सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउँदै लैजानु पर्ने आवश्यकता रहेको छ ।

४.२ नेपालको बैंकिङ्ग क्षेत्रमा ठूलो बजार अंश ओगट्ने नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको स्थितिमा सुधार ल्याउन केही वर्षदेखि वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत पुनर्संरचनाको कार्य भईरहेको छ । यसबाट यिनीहरूको वित्तीय स्थितिमा केही सुधार आएपनि दुवै बैंकको पुँजीकोष अझै पनि नकारात्मक रहेको छ ।

यी दुई बैंकहरुको पूँजी पर्याप्तताका लागि आवश्यक व्यवस्था गर्नु पर्ने चुनौती रहेको छ ।

४.३ मुलुकको आर्थिक विकासको लागि बचत परिचालन प्रोत्साहित गर्न, परिचालित बचतलाई पुँजी निर्माणमा लगाउन, बैंक तथा वित्तीय संस्थाहरुको विश्वसनीयता बढाउन, सर्वसाधारण निक्षेपकर्ताको हित संरक्षण गर्दै बैंक तथा वित्तीय संस्थाहरुप्रतिको विश्वसनीयता अभिवृद्धि गर्न एवं अन्तर्राष्ट्रिय वित्तीय जगतमा देखिएको सकारात्मक पक्षलाई आत्मसात गर्न समेत निक्षेप वीमा योजनाको शीघ्र कार्यान्वयन गर्नु पर्ने आवश्यकता रहेको छ । यसबाट वित्तीय क्षेत्रमा देखिन सक्ने नैतिक जोखिम प्रति त्यतिकै रुपमा सजग रहनुपर्ने अवस्था पनि छ । निक्षेप वीमा योजनालाई बढी भन्दा बढी व्यक्ति तथा समुदायमा पुऱ्याउन अविलम्ब निक्षेप वीमा/सुरक्षण ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु समेत आवश्यक छ ।

४.४ लघु वित्त कारोवार गर्ने विकास बैंक, बचत तथा ऋण सहकारी संस्था तथा गैरसरकारी संस्थाहरुको नियमन तथा अनुगमन गर्न लघु वित्तसम्बन्धी छाता ऐन जारी गरी सो ऐन अन्तर्गत दोस्रो तहको नियमन संस्था स्थापना गरी उक्त संस्थाबाट लघु वित्त कारोवारमा संलग्न संस्थाहरूको नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने व्यवस्था मिलाउनु अत्यन्त आवश्यक भईसकेको छ ।

४.५ लघुवित्त नीति, २०६४ को प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने ऐन नियम, निर्देशिका तथा कार्यक्रमहरूको तर्जुमा गरी तत्काल कार्यरुपमा उतार्नु पर्ने देखिन्छ । दुर्गम ग्रामीण तथा विपन्न क्षेत्रमा लघु वित्तीय र सहकारी संस्थाहरू मार्फत वित्तीय साधन र सेवाको पहुँच बढाउन ग्रामीण स्वावलम्बन कोषमा दिगो वित्तीय स्रोतको व्यवस्था गर्नुपर्ने चुनौती रहेको छ । साथै, दुर्गम तथा पहाडी क्षेत्रमा विकास बैंक एवं लघुवित्त विकास बैंक खोल्ने कार्यलाई प्रोत्साहित गरिने नीतिलाई निरन्तरता दिनु आवश्यक छ ।

४.६ निष्कृय कर्जाको स्तरलाई घटाउने उपायको रूपमा ऋण असुली न्यायाधीकरणलाई सुदृढीकरण गर्ने तथा सम्पत्ति व्यवस्थापन निगम स्थापना गर्नको लागि आवश्यक व्यवस्थापन गर्नुपर्ने चुनौती रहेको छ ।

४.७ सुर्रक्षित कारोबार ऐनको भावना एवं मर्मलाई मूर्तरुप दिन सुरक्षित कारोबार दर्ता कार्यालय सञ्चालनमा ल्याउन आवश्यक भएको छ ।

४.८ वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत कर्जा सूचना केन्द्र लिमिटेडलाई स्वचालित एवं यान्त्रिकीकरण गर्ने योजना रहेकोले यस सम्बन्धी कार्यलाई प्राथामिकतामा राखी तोकिएको समयभित्रै सो कार्य पूरा गर्न आवश्यक छ ।

४.९ बैंक तथा वित्तीय संस्थाहरुको वित्तीय उपलब्धिको मूल्याङ्कन गर्दै कार्य संचालनका विविध पक्षहरुमा पारदर्शिता ल्याउनु आवश्यक भएकोले शाख मूल्याङ्कन संस्था (Credit Rating Agency) को स्थापना जरुरी छ । यस्तो प्रकृतिको संस्थाको स्थापनाबाट बैंक तथा वित्तीय संस्थाहरू तथा अन्य संगठित संस्थाहरू समेतको उपलब्धिको मूल्याङ्कन

हुने हुँदा सबै सरोकारवालाहरू लाभान्वित हुने, वित्तीय क्षेत्रलाई बजार प्रक्रियामार्फत् नियन्त्रण गरी प्रतिस्पर्धी बनाउन र वित्तीय स्थिरता कायम गर्न सहयोग पुग्ने हुंदा ख्यातिप्राप्त विदेशी संस्था समेतको संयुक्त लगानीमा देशभित्र एउटा शाख मूल्याङ्कन संस्थाको स्थापना गर्नु उपयुक्त हुने देखिएको छ ।

४.१० वित्तीय मध्यस्थताकर्ताको स्वीकृति नै नलिई कतिपय संस्थाहरूले नेटवर्क मार्केटिङ्ग र सेवा प्रवाहका नाममा निक्षेप, बीमा, शेयर र स्वास्थ्य सम्बन्धी कारोवारका अतिरिक्त वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरू समेतबाट साधन परिचालन गरिरहेको जानकारीमा आएकोले सम्बद्ध सबै सरोकारवाला निकायहरुको संयुक्त प्रयासबाट यस्ता कार्यहरु रोकी आवश्यक कार्वाही गर्नु जरूरी छ ।

५. पुँजी बजार

५.१ लगानीकर्ताहरूलाई अपेक्षित रुपमा धितोपत्र तथा बजारको सम्भावना सम्बन्धी सल्लाह सुझाव समेत उपलब्ध नहुंदा धितोपत्रमा गरिने लगानी बढी जोखिमयुक्त हुँदै गएको परिप्रेक्ष्यमा बजारमा नयाँ दलाल व्यवसायीहरूको प्रवेश गराउँदै धितोपत्र खरिद-बिक्री सेवालाई दक्ष एवं प्रतिस्पर्धी बनाई धितोपत्र बजारप्रति सर्वसाधारण लगानीकर्ताहरूको विश्वास बढाउनु आवश्यकता छ ।

५.२ नेपाल धितोपत्र बोर्डको संस्थागत क्षमता अभिवृद्धिका लागि भौतिक पूर्वाधारको विकास, आर्थिक सञ्चालन सम्बन्धी नियमहरूमा स्वायत्तता, बोर्डको कानुन प्रवलीकरण, दक्ष एवं प्राविधिक जनशक्तिको पर्याप्त व्यवस्था तथा आन्तरिक सुशासन प्रणालीमा सुधार गरी नेपाल धितोपत्र बोर्डलाई धितोपत्र बजारको सशक्त नियमन निकायका रुपमा स्थापित गर्ने कार्यलाई जोड दिनुपर्ने हुन्छ ।

५.३ सरकारी विकास ऋणपत्रको प्राथमिक निष्कासनको खरिदमा ९९ प्रतिशत भन्दा बढी सङ्गठित संस्थाहरूको सहभागिता हुंदाहुँदै पनि यसको दोस्रो बजार कारोवार सुविधा सम्बन्धमा सर्वसाधारण लगानीकर्ताको अनभिज्ञताका कारणले यसको दोस्रो बजार कारोवार सक्रिय हुन सकिरहेको छैन । यस सन्दर्भमा सर्वसाधारण लगानीकर्ताहरूलाई विकास ऋणपत्रको प्राथमिक निष्कासनमा सहभागी गराउँदै दोस्रो बजार कारोवार तथा विकास, यसमा निहित जोखिम एवं लाभ सम्बन्धमा प्रशिक्षण दिन र यस सम्बन्धमा पर्याप्त प्रचारप्रसार गरी आम लगानीकर्ताको चासो अभिवृद्धि गर्नु अपरिहार्य भएको छ ।

५.४ नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, पेन्सन योजना तथा बीमा कम्पनीहरू जस्ता संझौतामूलक संस्थागत लगानीकर्ताहरूलाई उपयुक्त हुने लगानी साधनहरूको अभाव भइरहेको वर्तमान अवस्थामा संस्थागत क्षेत्रबाट डिवेञ्चर जारी गरी ऋण पुँजी उठाउने तथा सामुहिक लगानी योजना र एकांक योजनाको निष्कासन एवं व्यवस्थापन कार्यको स्पष्ट नियमन व्यवस्था गरी धितोपत्र वजारमार्फत संस्थागत लगानीकर्ताहरूलाई उपयुक्त लगानीको साधन उपलब्ध गराउन वाञ्छनीय देखिन्छ । साथै, नागरिक लगानी कोष तथा कर्मचारी सञ्चय कोष जस्ता ठूलो परिमाणमा

दीर्घकालीन बचत परिचालन गर्ने संस्थाहरूमा आधुनिक वित्तीय सिद्धान्त अनुसार कोष व्यवस्थापन कार्य गर्ने र यस्ता संस्थाहरूसंग रहेको रकमलाई पुँजी बजार मार्फत दीर्घकालीन प्रतिफलजन्य उत्पादनशील क्षेत्रमा परिचालन गर्नुपर्ने आवश्यकता रहेको छ ।

५.५ दक्षिण एशिया क्षेत्रमा अन्तर्राष्ट्रिय सूचिकरण तथा कारोवारको अवधारणा विकास भइरहेकोमा हाल सुरुवात गरिएको विद्युतीय कारोवार प्रणालीलाई भरपर्दो, धितोपत्रको नामसारी तथा हक हस्तान्तरण प्रकृयालाई छिटोछरितो एवं कारोवारमा संलग्न लगानीकर्ताहरूको सहज पहिचान हुने व्यवस्थाका लागि स्वायत्त र प्रतिस्पर्धी धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली स्थापना गर्नु आवश्यक छ । साथै, गैर-आवासीय नेपाली तथा वैदेशिक संस्थागत लगानीकर्ताहरूलाई पनि खुला गरी यस सम्बन्धी सेवालाई देशव्यापी एवं अन्तर्राष्ट्रियकरण गर्ने कार्य पनि चुनौतीपूर्ण रहेको छ ।

५.६ देशका कतिपय उद्योग व्यवसायहरू निजीरुपमा सञ्चालित भैरहेको तथा पब्लिक कम्पनीमा समेत संस्थागत संस्कृतिको उचित विकास हुन नसकेको सन्दर्भमा विश्वसनीय एवं भरपर्दो निजी क्षेत्रको विकास गर्न संस्थागत सुशासनका सिद्धान्त तथा मर्यादाहरूको विकास गरी प्रभावकारी रुपमा लागु गर्नुपर्ने आवश्यकता रहेको छ ।

५.७ सूचीकृत सङ्गठित संस्थाहरूले समयमै वित्तीय विवरणहरूको लेखा परीक्षण नगराउने, लेखा परीक्षण गरिएका विवरणहरू पनि तुलनायोग्य नहुने, बजार मूल्यलाई प्रभाव पार्ने सम्वेदनशील सूचना तथा जानकारीहरू आफ्नो अनुकूल हुने गरी सार्वजनिक गर्ने जस्ता अभ्यास एवं प्रवृत्तिमा सुधार ल्याउन अन्तर्राष्ट्रिय वित्तीय विवरण मान प्रवाहस्तर (International Financial Reporting Standards-IFRS) लागु गरी समग्र संस्थागत क्षेत्रलाई पारदर्शी बनाउने कार्य चुनौतीपूर्ण रहेको छ ।

५.८ वित्तीय क्षेत्रमा बढ्दै गएको जटिलता एवं पुँजी बजारको विकासको सम्भावनालाई दृष्टिगत गरी केन्द्रीय निक्षेप प्रणालीलाई तत्काल कार्यान्वयनमा ल्याउनुपर्ने भएको छ । त्यसैगरी, बैंक तथा वित्तीय संस्थाहरुको पुँजीकोष सवलीकरण गर्न स-साना कम्पनीहरुलाई एक आपसमा गाभ्न प्रोत्साहन गर्ने नीतिका लागि कानूनी अवरोधहरु कम गर्नु आवश्यक भएको छ ।

५.९ संस्थागत ऋणपत्र, सामुहिक लगानी कोष तथा डिपोजिटरी सेवामा सहभागी हुने हितग्राहीको हित सुरक्षाका लागि ट्रष्टीको अपरिहार्यता रहेको परिप्रेक्ष्यमा ट्रष्टीको नियमन सम्वन्धमा कुनै व्यवस्था नहुंदा धितोपत्र वजार विकासमा समेत प्रतिकूल असर परिरहेकाले ट्रष्टी सम्बन्धी छुट्टै ऐन तर्जुमा गर्नुपर्ने आवश्यकता रहेको छ ।

५.१० हाल Commodity तथा Future कारोवारले पनि क्रमशः आकार ग्रहण गरिरहेको सन्दर्भमा यस सम्बन्धी कारोवारहरुलाई प्रचलित कानुनको अधीनमा रहने गरी नियमन

र नियन्त्रणको दायरामा ल्याई नियमित अनुगमन र विश्लेषण गर्ने प्रयोजनार्थ कानुनी तथा नीतिगत व्यवस्था हुनु आवश्यक भएको छ ।

५.११ प्राथमिक बजारमा धितोपत्रको मूल्य निर्धारणको आधुनिक प्रकृया (Book Building Process आदि) को अभाव भई अंकित मूल्यमा धितोपत्र निष्कासन हुंदा निष्कासित धितोपत्र खरिदमा अत्यधिक चाप पर्नुका साथै दोस्रो बजार मूल्यमा अत्यधिक उतारचढाव आउने गरेको छ । बजारमा सेयर कारोवारको बाहुल्यता रही अन्य प्रकारका धितोपत्रको प्रयोग तथा कारोवार न्यून हुनु तथा Option, Future र Hedge Fund आदिको अभाव, एकीकृत ऋणपत्र बजारको अभाव, बजारमा संस्थागत लगानीकर्ताको अनुपस्थिति तथा साख मूल्यांकन संस्था जस्ता धितोपत्र बजारका आधारभूत पूर्वाधारको अभाव, दोस्रो बजार कारोवार सेवा छनौट अवसरको अभाव, बजार सूचना प्रवाह तथा संस्थागत सुशासनको कमजोर स्थिति, स-साना लगानीकर्ताहरुमा यस सम्बन्धी जानकारी एवं सूचनाको पहुंचमा कमी र नियमन निकायको बजार अनुगमन तथा सुपरीवेक्षण क्षमताको कमीका कारण धितोपत्र बजार स्थिर एवं विश्वसनीय हुन सकेको छैन । बजारमा रहेका यी कमी कमजोरीहरुमा सुधार ल्याई धितोपत्र बजारलाई पुँजी परिचालनको महत्वपूर्ण संयन्त्रको रुपमा विकास गर्नु आवश्यक छ ।

६. वाह्य क्षेत्र

६.१ निर्यातको वृद्धिदर ऋणात्मक रहेको तथा आयात उच्च दरले बढी व्यापार घाटा उल्लेख्यरुपमा बढेको एवं समग्र शोधनान्तर स्थिति समेत घाटामा रहेको वर्तमान स्थितिमा नीतिगत, संस्थागत र संरचनागत सुधार गरी निर्यात प्रवर्द्धनमा केन्द्रित हुनु जरूरी छ । नेपालले एकातर्फ निर्यात सम्भावना भएका वस्तुहरूको पहिचान, त्यस्ता वस्तुको लागि उचित बजारको खोजी र वस्तुको प्रतिस्पर्धात्मक क्षमता बढाउँदै बजारको साथै वस्तु विविधिकरणमा जोड दिई निर्यात प्रवर्द्धन गर्नु जरूरी छ भने अर्कोतर्फ चामल, दुध, फलफूल, तरकारी लगायत कृषिजन्य वस्तुहरू र सीमेन्ट लगायतका निर्माण सामग्रीहरुको स्वदेशमै उत्पादन विस्तार गरी आयात प्रतिस्थापन गर्नु जरुरी छ ।

६.२ नेपालको प्रमुख निर्यातयोग्य वस्तुको रुपमा रहेका तयारी पोसाक, पश्मिना, गलैचाको अन्तर्राष्ट्रिय वजारमा तिव्र प्रतिस्पर्धा रहेको सन्दर्भमा लागतमा केही मात्रामा भएपनि कमी ल्याउनका लागि उपरोक्त वस्तुहरूको लागि सुख्खा बन्दरगाह नजिक तयारी पोशाक प्रशोधन क्षेत्रको स्थापना गर्नु जरूरी छ । यसको साथै प्रमुख निर्यातमूलक वस्तुमध्ये विशेष गरी तयारी पोशाक, गलैचा तथा अन्य सम्भावित वस्तुहरूको युरोपेली वजार र भारतमा निर्यात वृद्धिको लागि उपयुक्त रणनीति अवलम्वन गर्नु जरुरी छ । पछिल्लो समयमा भारततर्फ समेत निर्यात हुन थालेको तयारी पोशाकलाई भारत सरकारले बेला-बेलामा लगाउने गरेको अतिरिक्त शुल्कले प्रभावित गर्ने गरेको हुँदा त्यस्ता अवरोधहरू हटाउन सशक्त पहल हुनु जरूरी छ ।

६.३ व्यापार सम्झौतामा सामुहिक रुपमा भन्दा द्विपक्षीय वार्ताबाट सुविधा र सहुलियत प्राप्त गर्न सहज हुने सन्दर्भमा प्रमुख व्यापारिक साझेदार मुलुकहरूसँग Bilateral Preferential Agreement/Negotiation गरी निर्यात प्रवर्द्धनमा जोड दिनु आवश्यक छ । व्यापार वार्ता र समूहहरूमा अल्पविकसित राष्ट्रको समूहमा मात्र नभई भूपरिवेष्ठित राष्ट्रको समूह वनाई सो मार्फत सहुलियत प्राप्त गर्नेतर्फ लाग्नु पर्ने देखिन्छ ।

६.४ अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनका लागि वस्तुको Branding महत्वपूर्ण हुने भएकोले चिया, कफी जस्ता वस्तुमा छिटोभन्दा छिटो सरकारले Branding का लागि स्वीकृति प्रदान गर्नुपर्ने देखिन्छ । हस्तकलाका वस्तुमा रहने धातुको गुणस्तर परीक्षण र प्रमाणीकरणका लागि सरकार र निजी क्षेत्रको सहभागितामा अन्तर्राष्ट्रियस्तरको प्रयोगशाला निर्माण गर्नु जरूरी छ । प्रांगारिक मल र जैविक विषादीमात्र प्रयोग गरेर उत्पादन गरिएका नेपाली वस्तुहरु (उत्पादन) विशेष गरी चिया तथा कफीलाई गुणस्तरीय र जैविक हो भनेर प्रमाणित गर्ने आधिकारिक निकायको व्यवस्था हुनुपर्ने देखिन्छ । नेपालमा उत्पादन हुने निर्यातयोग्य कृषि उपजहरूको आवश्यक गुणस्तर परीक्षणका लागि अन्तर्राष्ट्रिय मान्यता हुने किसिमको क्वारेन्टाइन परीक्षण विन्दुहरू स्थापना गरी निर्यात व्यापारलाई सरलीकरण गर्नु जरूरी छ ।

६.५ भारतको दिल्लीमा फूल वा Cutflower को माग उच्च रहेको र अन्य टाढाका राज्यबाट आपूर्ति हुदै आएको सन्दर्भमा उक्त वजारबाट फाइदा प्राप्त गर्न नेपालको सुदुर पश्चिमाञ्चल क्षेत्रमा पुष्पखेती (Floriculture) को व्यापक विस्तार गर्न चाहिने प्राविधिक तथा वित्तीय सहयोग उपलब्ध गराउने नीति तथा कार्यक्रमको अभाव रहेको देखिन्छ ।

६.६ नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा छुट्टै पर्यटन ब्राण्डको रुपमा परीचित गराई अनुपम गन्तव्यस्थलको रुपमा स्थापित गर्ने उद्देश्यले नेपाल सरकारले सन् २०११ लाई नेपाल पर्यटन वर्ष मनाउने भएको छ । यस सन्दर्भमा पर्यटन प्रवर्द्धन, पर्यटकीय पूर्वाधारको विकास, पर्यटन उद्योगको विविधीकरण, व्यापक प्रचार प्रसार, अन्तर्राष्ट्रिय क्षेत्रमा सही सूचना प्रवाह गरी पर्यटकलाई पर्याप्त रुपमा सुसूचित गर्दै नेपालबारे रहेको अनभिज्ञता र अनर्गल प्रचार हटाई पर्यटकहरूको आगमन संख्या बढाउने, बसाई अवधि लम्ब्याउने र गुणस्तरीय पर्यटनलाई प्रोत्साहित गर्न पर्याप्त मात्रामा प्रयास गर्न सकिएको छैन ।

६.७ चीनिया तथा भारतीय पर्यटक भित्र्याउनका लागि स्थल तथा हवाई यातायात सेवाको विस्तार, छिमेकी मुलुकका पर्यटकलाई नेपाल प्रवेश शुल्कमा सहुलियत एवं सहजीकरण र प्याकेज टुरिजम् कार्यक्रम जस्ता नीतिको अभाव रहेको छ ।

६.८ शिक्षा तथा स्वास्थ्य सेवा क्षेत्र मार्फत् वर्षेनी अर्बौं रकम बाहिरिरहेको वर्तमान सन्दर्भमा यी क्षेत्रहरुको गुणस्तर वृद्धि गर्न तथा क्षमता वढाउन नसकिएको अवस्था छ ।

६.९ नेपाल आउने र जाने यात्रुहरूको चाप वढ्दै गएकोले नयाँ-नयाँ विदेशी विमान कम्पनीहरूले काठमाडौंको लागि हवाई सेवाको विस्तार गरिरहेका छन् । बैदेशिक रोजगारी तथा शिक्षा जस्ता कामका कारणले विदेश जाने आउने क्रम वढेको छ ।

यसरी निरन्तर हवाई यात्रुको संख्यामा वृद्धि भएपनि नेपालको एक मात्र राष्ट्रिय ध्वजाबाहकको क्षमता भने निरन्तर घटीरहेकोले नेपालले आर्जन गर्नसक्ने विदेशी मुद्राको वृद्धिदरमा पनि कमी आइरहेको छ ।

६.१० गिट्टी, ढुंगा, बालुवा नेपालबाट प्रमुख रुपमा निर्यात हुदै आएका वस्तुहरू हुन् । यस्ता वस्तुहरूको निर्यातबाट एकातिर खेर गईरहेका वस्तुको व्यापारबाट विदेशी मुद्रा आर्जन भएको छ भने अर्कोतिर जथाभावी खन्ने झिक्ने कार्यले वातावरणलाई नकारात्मक प्रभाव पर्ने हुन्छ । यसको दीर्घकालीन उपयोग र वातावरणीय संरक्षणलाई समेत प्रत्याभूति हुने गरी आवश्यक नियमन सहित निर्यात गर्ने व्यवस्था गर्नु जरुरी छ ।

६.११ विदेशी मुद्रा आम्दानीको प्रमुख स्रोतको रुपमा रहेको विप्रेषणलाई वृद्धि गरी दीगो बनाउन र लगानीमूलक कार्यमा परिचालित गर्न नीतिगत, संस्थागत र संरचनागत सुधार गर्नु आवश्यक छ । विशेष गरेर श्रम सम्झौताको कार्यान्वन गर्ने, सकेसम्म अर्ध-दक्ष र दक्ष कामदारलाई मात्र पठाउने, वैदेशिक रोजगारीमा जानेहरूको लागि विशेष राहदानीको व्यवस्था गरी त्यसैको आधारमा सटही सुविधा, ब्याजदर, भन्सार सुविधा जस्ता कुरामा केही आकर्षण प्रदान गर्ने र आर्जन गरी पठाउने/ल्याउने रकमलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने/गराउने वातावरण निर्माण गर्न सकिएको छैन ।

६.१२ अन्तर्राष्ट्रिय व्यापारबाट तुलनात्मक लाभ लिनका लागि उचित रणनीति तर्जुमा गर्न तथा सरकारी नीति-नियम कार्यान्वयनका सम्वन्धमा आउन सक्ने व्यवधानहरूलाई समेत सम्वोधन गर्न एक उच्चस्तरीय संयन्त्र गठन गर्नु पर्ने देखिन्छ । यसलाई अन्तर्राष्ट्रिय उपभोक्ताको रूचीमा आउने परिवर्तन र व्यापारिक प्रवृत्तिको अध्ययन, अनुसन्धान र विश्लेषण गरी निर्यातयोग्य वस्तुको डिजाइन तथा विकास केन्द्रको रुपमा समेत काम गराउनु पर्ने चुनौती रहेको छ ।

७. गरिबी निवारण र रोजगारी

७.१ मुलुक पुनःसंरचना र रुपान्तरणको बाटोमा अग्रसर भइरहेको वर्तमान अवस्थामा जनताका अधिकार, पहुंच र समतामूलक नीति र कार्यक्रममार्फत गरिवीको पासोमा जकडिएका तथा युगौंदेखि दविएका, पछाडि पारिएका, किनारा लगाइएका नागरिक र क्षेत्रलाई केन्द्रित गर्दै अघि वढ्नु पर्ने चुनौती रहेको छ । विद्यमान राज्य संरचना, तद्जनित पारिवारिक, सामाजिक, सास्कृतिक, धार्मिक, कानुनी पद्धतिलाई गरिव र विपन्नतम लिंग, वर्ग तथा क्षेत्रमुखी हुने गरी पुनर्मूल्यांकन र पुनसंरचित गर्नुपर्ने स्थिति छ । राष्ट्र-राज्य, शक्ति सम्वन्ध र शासनको पुनर्परिभाषा गर्दै अधिक गरिवमुखी, न्यायपूर्ण, प्रभावकारी जन सन्निकटका साथै स्वसमावेसीको अनुभूति हुने स्थितिको सिर्जना गर्ने कठिन कार्यभार मुलुकका सामु विद्यमान छ ।

७.२ द्वन्द्व, द्वन्द्वको विस्तारित रुप तथा द्वन्द्वोत्तर अवस्थामा जनताको क्षेत्रगत चलायमानता (Spatial mobility) वढेको र सोको चाप नगर तथा अधिक सुविधा एवम् सुरक्षित स्थलतर्फ केन्द्रित रहेकोले यसबाट बढेको शहरी गरिबीजन्य समस्यालाई संवोधन गर्नुपर्ने चुनौती छ ।

७.३ देशमा उत्पादनमूलक रोजगारीको अवस्था कमजोर रहेको, औद्योगिक क्षेत्र संकुचित रहेको, विप्रेषणको स्थितिले पर निर्भरता वढेको, भूमिहिनको समस्या रहेको अवस्थामा विद्यमान गरिबीलाई न्यूनीकरण गर्ने नीति तथा कार्यक्रमलाई निरन्तरता दिई धनी र गरिब बीचको अन्तरलाई कम गर्दै जाने कार्य चुनौतीपूर्ण रहेको छ ।

७.४ विपन्न वर्ग, क्षेत्र, लिंग, जाति, जनजाति, अलग शारीरिक क्षमता भएका लक्षित समुदाय आदिको वहुआयामिक अवस्था सुधार्ने विशिष्टिकृत हस्तक्षेप र हस्तान्तरणमुखी प्रभावकारी नीति तथा कार्यक्रमको खाँचो टड्कारोरूपमा महशुस गरिएको छ । साथै, जिल्लास्तरमा समन्वय, सहजीकरण तथा अनुगमनका लागि संस्थागत संयन्त्रको समेत अभाव खड्किएको छ ।

७.५ श्रम बजारमा प्रति वर्ष थप हुने अनुमानित चार लाख श्रमशक्तिलाई स्वदेशमा नै रोजगारी दिनसक्ने अवस्था नहुँदा विदेशिनु पर्ने एवम् देशभित्र दक्ष जनशक्तिको माग र आपूर्तिबीच तालमेल हुन सकेको पाइदैन । देशको जनशक्तिलाई नयाँ प्रविधि र बजार सुहाउँदो गुणस्तरयुक्त ज्ञान र सीपमूलक बनाई स्वदेश तथा विदेशका बजारमा रोजगारीका अवसरहरु प्रबर्द्धन गर्नु आजको प्रमुख आवश्यकता हो ।

७.६ वैदेशिक रोजगारलाई मर्यादित, सुरक्षित र व्यवस्थित वनाउन नेपाली कामदारहरुलाई दक्ष एंव प्रतिस्पर्धी बनाउने, रोजगारीका नयाँ गन्तव्य मुलुकहरु पहिचान गरी थप मुलुकहरुमा श्रम सम्झौता गर्ने, कुटनीतिक नियोगहरुको साधन स्रोत र क्षमता अभिवृद्धि गर्ने, सम्बन्धित मुलुकहरुमा सुरक्षित गृह निर्माण गरी संचालन गर्ने, वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरुको पारिश्रमिक र सेवा प्रवर्द्धन शुल्कमा पुनरावलोकन गर्ने, तथ्यांक अद्यावधिक गर्ने तथा वैदेशिक रोजगार सम्बन्धी अध्ययन गरी उपयुक्त नीति तर्जुमा गर्नु पर्ने अवस्था छ ।

८. कृषि, उद्योग र पर्यटन

८.१ नीजि क्षेत्रको संलग्नतामा कृषि प्रसार सेवा प्रवाह गराउने नीतिगत व्यवस्था लागु भएपछि निजी क्षेत्रबाट सेवा प्रवाह हुन सक्ने दृष्टिकोण राखी मन्त्रालयको संगठनात्मक संरचनामा आएको परिवर्तन अनुरुप कृषि प्रसार सेवातर्फका सेवाकेन्द्र/उप-केन्द्रहरुको संख्या घटाइएकोमा निजी क्षेत्र अपेक्षित मात्रामा आकर्षित हुन नसकेको अवस्था छ ।

८.२ कृषि अनुसन्धानमा बैज्ञानिक तथा प्राविधिक जनशक्तिको कमी हुंदै गइरहेको, ल्याव उपकरण तथा सुविधाको कमी र परीक्षण अनुसन्धानमा प्रयोग हुने प्रयोगशाला उपकरण एवं पूर्वाधारहरु जीर्ण अवस्थामा रहेकाले अनुसन्धान तथा परीक्षण सम्बन्धी कार्य प्रभावित हुन पुगेको छ ।

८.३ कृषि क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका कार्यक्रमहरुवारे जानकारी एवं समन्वय नहुंदा जिल्लामा गएको स्रोतको पहिचान नहुने एवं कार्यक्रममा दोहोरोपनाले गर्दा स्रोत सदुपयोग हुन नसकेको स्थिति छ ।

८.४ विभिन्न जिल्लाहरुको भौगोलिक अवस्थितिका कारण एउटै कार्यक्रम (उदाहरणको लागि साना सिंचाई योजना) को लागतमा जिल्लैपिच्छे अन्तर पर्न जाने परिस्थितिले गर्दा उपलब्ध गराइने अनुदान रकमबाट समान उपलब्धि प्राप्त हुन नसक्नु अर्को समस्याको रुपमा देखिएको छ ।

८.५ मागको तुलनामा रासायनिक मलको आपूर्ति अति न्यून रहेको छ । अन्तर्राष्ट्रिय बजारमा अत्यधिक मूल्य बृद्धिका कारणले रासायनिक मलको आयातमा प्रत्यक्ष असर परेको छ । नेपाल सरकारबाट लागत सहभागिताको आधारमा सीमित मात्रामा अनुदानमा मल उपलब्ध गराउने नीति लिइएको भएतापनि ८० प्रतिशत भन्दा बढी किसानहरु साना एवम् सीमान्त वर्गका भएकोले कृषकको माग अनुसार रासायनिक मल आपूर्ति हुनसकेको छैन । अनौपचारिक स्रोतबाट मलको आपूर्तिका कारण किसानले मल अभावको समस्या झेल्नु नपरेको भएतापनि मलको गुणस्तरको अनुगमन हुन नसक्दा कमसल मल भित्रिएको गुनासो बढिरहेको छ । यसबाट दीर्घकालमा उर्वर माटोको गुणस्तरमा समेत ह्रास आउने सम्भावना छ ।

८.६ कानूनी व्यवस्थाको अभाव तथा जग्गा प्राप्तिमा विवाद भइरहनु जस्ता समस्याहरुले विशेष आर्थिक क्षेत्र स्थापना सम्बन्धी कार्यक्रम कार्यान्वयनमा ढिलाई भएको छ ।

८.७ यातायात सम्बन्धी ऐनले नेपाली नागरिकलाई पर्यटकको रुपमा मान्यता नदिनु, आन्तरिक पर्यटन विकास समुचितरुपमा हुन नसक्नु, सीमा नाकाहरुमा एकिकृतरुपमा अध्यागमन, भन्सार तथा सूचना केन्द्रको व्यवस्था नहुनु तथा पर्यटन कार्यालयहरुमा पर्याप्त एवं दक्ष जनशक्ति र स्रोत हुन नसक्दा पर्यटन क्षेत्रको विकासमा चुनौती देखिएको छ ।

९. सार्वजनिक संस्थान

९.१ नेपाल सरकारको पूर्ण स्वामित्वमा स्थापित ३६ वटा सार्वजनिक संस्थानहरुमध्ये आर्थिक वर्ष २०६५।६६ मा १८ वटा संस्थानहरु घाटामा संचलित छन् र कतिपय संस्थानहरुको खुद सम्पत्ति (Networth) नकारात्मक रहेको छ । ठूलो मात्रामा कोषको व्यवस्था नगरिएको दायित्व (Unfunded Liability) बढदै जाँदा संस्थानलाई ठूलो आर्थिक भार पर्ने देखिन्छ । घाटामा रहेका संस्थानहरुले सरकारमाथि निर्भरता बढाउदै लगेको र नाफामा रहेका संस्थानहरुमा आवश्यकताभन्दा बढी सुविधा लिने प्रवृत्ति बढीरहेको छ । समयमा वार्षिक हरहिसाव तयार एवं लेखापरीक्षण हुन नसक्दा संस्थानप्रतिको जनविश्वासमा ह्रास आउने र सुधार प्रकृयामा समेत प्रतिकुल प्रभाव पार्ने अवस्था देखिएको छ । त्यस्तै संस्थानहरुमा उपयुक्त र नवीनतम प्रविधि तथा चालू पुँजीको अभाव हुनु पनि चुनौतीको रुपमा रहेका छ ।

९.२ कर्मचारी संङ्ख्यालाई उपयुक्त आकारमा ल्याउन नसक्दा संस्थानको शिरोभार खर्च पनि बढ्दै गएको छ । यसमा सम्बन्धित संस्थान र मन्त्रालयबाट समेत समयानुकूल

प्रतिवद्धता र कार्यान्वयनको उत्तरदायित्व लिने परिपाटी बसाल्नु पर्ने आवश्यकता रहेको छ। कर्मचारी नियुक्ति तथा सेवासुविधाका सम्बन्धमा स्पष्ट नीतिको अभाव छ।

९.३ संस्थानको लक्ष्य प्राप्तिमा देखिएको समष्टिगत प्रगतिबाट सन्तोष लिन सकिने अवस्था देखिंदैन। सरकार परिवर्तनसंगै संचालक समितिका सदस्यहरु तथा प्रमुख व्यवस्थापकको परिवर्तन समेतले गर्दा संस्थानहरुको व्यवस्थापन र सञ्चालनले समयानुकूल गति लिन सकेको देखिंदैन। केही संस्थानहरुलाई बजार भाउ अनुसार मूल्य निर्धारण गर्न पूर्ण स्वतन्त्रता प्रदान गर्न नसकिएको कारणबाट ती संस्थानहरुको अस्तित्वमाथि नै चुनौती आएको देखिन्छ। संस्थानको अनुगमन तथा निरीक्षणको लागि पनि स्पष्ट नीति र संयन्त्रको आवश्यकता रहेको छ।

९.४ सार्वजनिक संस्थानहरुको निजीकरणको कार्यान्वयन पक्ष पनि चुनौतीपूर्ण रहेको छ। निजीकरण भैसकेका कतिपय संस्थानहरुमा हिसाब-मिलान र समायोजनको समस्या रहेको छ भने बिघटित तथा खारेज गरिएका केही संस्थानहरुको सम्पत्ति व्यवस्थापन गर्न पनि समस्या रहेको छ। व्यवसायिक दृष्टिले संभाव्य नदेखिएका संस्थानहरु क्रमशः निजीकरण गर्दै जानु पर्ने कार्य पनि विगत केही समयदेखि अवरुद्ध छ। कर्मचारी संगठन लगायत अन्य कतिपय कारणहरुले गर्दा संस्थानहरुको निजीकरण प्रकृया थप चुनौतीपूर्ण बन्दै गएको छ।

१०. उर्जा तथा वन

१०.१ निजी क्षेत्रको लागि लगानी-मैत्री वातावरण अपेक्षितरुपमा तयार नहुनु र समय-सापेक्ष रुपमा मानवीय तथा भौतिक संरचना तथा सुविधा उपलब्ध हुन नसक्नुले विद्युत विकास सम्बन्धी कार्य प्रतिकूल रुपमा प्रभावित हुन पुगेको छ। शान्ति-सुरक्षा, राजनीतिक स्थिरता र प्रतिवद्धताको अभावले पनि यस क्षेत्रको विकासमा थप चुनैती निम्त्याएको अवस्था छ।

१०.२ नवीकरणीय उर्जा प्रविधिको विकासका लागि आर्थिक-भौतिक श्रोतको अभाव, निर्माण तथा कार्यान्वयन चरणमा प्रक्रियागत कठिनाई एवं सार्वजनिक-नीजि साझेदारी अवधारणा अनुरुप अघि बढ्न नसकिने जस्ता चुनौतीहरुको सामना गर्नु पर्ने अवस्था रहेको छ।

१०.३ वन विकास तथा संरक्षणको क्षेत्रमा साधन र स्रोतको कमी रहनु, वन अतिक्रमण हुनु, यस सम्बन्धी कार्य राष्ट्रिय प्राथमिकतामा नपर्नु, चोरी कटानी-निकासी बढ्नु र भू-क्षय लगायतका प्राकृतिक प्रकोपबाट वनको क्षति हुनु जस्ता विविध कारणहरुले वन व्यवस्थापन पक्ष चुनौतीपूर्ण हुन गएको छ।

१०.४ ध्वस्त भौतिक संरचनाको पुनः निर्माण हुन नसक्नु, दक्ष जनशक्तिको अभाव रहनु, अध्ययन-अनुसन्धानको कमी हुनु, चोरी शिकार नियन्त्रण गर्न नसकिनु, निकुञ्ज-आरक्ष क्षेत्रको अतिक्रमण हुने क्रम बढ्दै जानु जस्ता विविध कारणहरुले गर्दा राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रको विकास तथा व्यवस्थापनमा समस्या सिर्जना भएको छ।

११. यातायात र सञ्चार

११.१ अन्तराष्ट्रिय नागरिक उडड्यन संगठनको सदस्य राष्ट्रको हैसियतले नेपालले अन्तर्राष्ट्रिय मापदण्डअनुसार उडान सुरक्षाको स्तर कायम राख्नु प्रमुख दायित्व भएको सन्दर्भमा पर्याप्त स्रोत, साधन, दक्ष विशेषज्ञ जनशक्तिको विकास गर्दै मौजुदा दक्ष जनशक्तिलाई सेवामा निरन्तरता (Retention) दिनु आवश्यक छ ।

११.२ हवाई सुरक्षा सम्बन्धी उपकरणहरु ज्यादै उच्च प्रविधिको हुने र सो सञ्चालन गर्ने जनशक्ति पेशागत रुपमा अत्यन्त दक्ष हुनुपर्नेमा नेपालमा हवाई सुरक्षा सम्बन्धी जनशक्ति छुट्टै नभई नेपाल प्रहरीको सामान्य जनशक्तिबाट सञ्चालन हुदैं आएकोले तत्सम्बन्धी जनशक्ति विकासका लागि आवश्यक व्यवस्था गर्नु पर्ने चुनौती रहेको छ ।

११.३ नेपालको भौगोलिक स्वरुप तथा जटिलताले गर्दा एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलको अपरेशन समय विस्तार गरी बढी भन्दा बढी अन्तर्राष्ट्रिय वायुसेवाहरुलाई आकर्षित गर्ने उद्देश्यले आधुनिक उड्डयन सहायक उपकरण सुविधाहरु जडान गर्नको लागि आवश्यक वित्तीय र प्राविधिक व्यवस्थापन गर्नु आवश्यक छ ।

११.४ हुलाक सेवामा जनशक्ति व्यवस्थापनको उचित प्रबन्ध हुन नसक्नु तथा अपेक्षित रूपमा सेवा विविधीकरण हुन नसक्नु, मोबाइल टेलिफोनको गुणस्तरमा सुधार नहुनु, रेडियो नेपाल तथा नेपाल टेलिभिनको प्रसारण पहुँचमा वृद्धि हुन नसक्नु, विद्युतीय सञ्चार माध्यम सञ्चालन गर्न विद्युत् कटौतीले कठिनाइ हुनु, सूचना विभागमा निर्मित पोर्टलमा सूचनाहरू अद्यावधिक गर्ने क्रममा सम्बन्धित सरकारी निकायबाट यथासमयमा आवश्यक सूचना उपलब्ध नहुनु तथा चलचित्र विकास शुल्कको उठौतीमा कठिनाइ रहनु जस्ता चुनौतीहरू सञ्चार क्षेत्रमा विद्यमान रहेका छन् ।

१२. सामाजिक क्षेत्र

१२.१ अन्तरमन्त्रालय समन्वयको अभावले गर्दा अनौपचारिक शिक्षा तथा वालबिकास कार्यक्रम प्रभावकारी बन्न नसक्नुका साथै स्थानीय निकायहरुबीच अपनत्वको भावनाको विकास हुन सकेको छैन । त्यस्तै, शिक्षा मन्त्रालय तथा स्वायत्त निकायबीच तिनीहरुको काम र भूमिकामा अस्पष्टता, कार्यक्रम सञ्चालनमा राजनीतिक सहमति/समर्थन प्राप्त हुन नसक्नु र शिक्षा क्षेत्रका तल्लो ईकाइमा सूचना व्यवस्थापन एवम् प्रतिवेदन प्रणाली चुस्त हुन नसक्नु जस्ता चुनौतीहरु रहेका छन् ।

१२.२ पाठ्यक्रम विकास केन्द्रतर्फ समयमा नै बजेट खर्च गर्ने आधार र अख्तियारी प्राप्त नहुनु र नियमित विद्युत् आपूर्तिको अभावका कारण पाठ्यक्रम छपाइमा ढिलाई जस्ता समस्याहरु रहेका छन् । त्यस्तै, भौगोलिक विकटता, दैवीप्रकोप तथा आम हड्ताल आदिले शिक्षा क्षेत्र नराम्रोसँग प्रभावित हुन गएको छ । शिक्षाको लागि खाद्य कार्यक्रम अन्तर्गत खाद्य वस्तुको ढुवानी, गुणस्तर कायम, भण्डारण एवम् नियमित वितरणमा

कठिनाई रहेको छ । साथै, साक्षरता अभियानका मुख्य सञ्चालक गाउं विकास समिति सचिवहरुको रिक्तता, तराईका जिल्लामा शिक्षा अधिकारीहरुको दरवन्दी पूर्ति नहुनु र एकिकृत अनुगमनको कमी यस क्षेत्रका थप समस्या तथा चुनौतीका रुपमा रहेका छन् ।

१२.३ उच्च माध्यमिक शिक्षा परिषद् अन्तर्गत योग्य शिक्षक र तिनीहरुको सेवास्तर एवम् संख्या निर्धारण नहुनु, व्यवहारिक पाठ्यक्रमको अभाव, मर्यादित, स्वच्छ र स्तरीय परीक्षा सञ्चालनमा समस्या, सम्बन्धन स्वीकृति दिनमा समतामूलक पहुँचको कमी तथा शिक्षा नियमावली र उच्च शिक्षा सम्बन्धी ऐन-नियमबीच तालमेल नहुनु जस्ता समस्याहरु रहेका छन् ।

१२.४ विश्वविद्यालयहरुतर्फ त्रिभुवन विश्वविद्यालयमा धेरै वर्षदेखि अधिकतम विद्यार्थी चाप एवं आर्थिक स्रोतको अभाव हुनुका साथै पूर्वाञ्चल विश्वविद्यालयमा बन्द, हड्ताल र तालावन्दीका कारण शैक्षिक कार्यक्रम र परीक्षाफल प्रकाशन सम्बन्धी कार्यहरु प्रभावित हुन पुगेका छन् । त्यस्तै, नेपाल संस्कृत विश्वविद्यालयको नामको जग्गा अतिक्रमण/कब्जा हुनु, आयुर्वेद शिक्षा सञ्चालन गर्न र विभिन्न भाषाको पाठ्यसामग्री तयार गर्न स्रोतको अभाव हुनु आदि थप समस्याका रुपमा देखिएका छन् ।

१२.५ आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा राखी स्वास्थ्य सेवा सर्वसुलभ रुपमा उपलब्ध गराउन विभिन्न कार्यक्रम सञ्चालन गरी स्वास्थ्य क्षेत्रका विभिन्न परिसूचकहरुमा सकारात्मक उपलब्धि हासिल भएतापनि जनतामा रहेको न्यून चेतनास्तर, कठीन भौगोलिक बनावट, कमजोर आर्थिक स्थिति, पर्याप्त मात्रामा दक्ष चिकित्सकको कमी र स्वास्थ्य सूचना प्रणाली तथा विश्लेषण क्षमताको कमी जस्ता कारणले गर्दा ग्रामीण एवं दुर्गम क्षेत्रमा सर्वसुलभरुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने कार्य अझैपनि चुनौतीपूर्ण नै रहेको छ ।

१२.६ स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, दरवन्दी अनुसार गाउँ विकास समितिमा सचिव पदपूर्ति हुन नसक्नु, प्राविधिक जनशक्तिको न्यूनता, शान्ति सुरक्षाको अभावका कारण विकास निर्माणका काममा देखिएको समस्या, समयमै कानूनी व्यवस्था तर्जुमा हुन नसक्नु, सार्वजनिक जमिनको अतिक्रमण, सडक वत्तीको व्यवस्थापन गर्न कठिनाई, दातृ निकायको सहयोग रकम आवश्यक प्रक्रिया पूरा गरी समयमै सोधभर्ना हुन नसक्नु, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाले स्थानीय निकायहरुसँग समन्वय गरी स्थानीय माग एवम् आवश्यकता अनुरुप कार्यक्रम सञ्चालन नगर्नु तथा ती संघ संस्थाहरुको बजेट, खर्च एवम् उपलब्धि एकिकृतरुपमा नदेखिनु, ILO 169 को बुझाईमा भिन्नताको कारण स्थानीय निकायको स्रोत परिचालनमा समस्या देखिनु जस्ता समस्या एवम् चुनौतीहरु रहेका छन् ।

१२.७ सामाजिक सुरक्षाको क्षेत्रमा परम्परादेखि जरो गाडेको रुढीवादी मूल्य, मान्यता र सोचाईमा परिवर्तन नआएसम्म कानुनी व्यवस्थाको प्रावधानले मात्र हक अधिकार व्यवहारिक रुपमा स्थापित गर्न नसकिने हुँदा यी मूल्य र मान्यतामा परिवर्तन ल्याउनु

चुनौतीपूर्ण रहेको छ । चेतनाको अभाव, महिलाहरुको श्रमलाई आर्थिक उपार्जनयुक्त क्रियाकलापमा परिणत गर्न नसकिनु, सीमित साधन र स्रोतबाट थुप्रै आकांक्षाहरु परिपूर्ति गर्नु पर्ने स्थितिमा महिला अधिकार तथा बाल अधिकारको लागि अन्तर्राष्ट्रिय क्षेत्रमा व्यक्त गरिएका प्रतिवद्धताहरु पूरा गर्न कठिनाइ हुनु, जेष्ठ नागरिक, अपाङ्ग व्यक्तिहरु समाजका वोझ होइनन् वरु उनीहरुमा रहेको ज्ञान सीप समाजको सम्पत्ति हो भन्ने कुरा अवलम्बन गरी उनीहरुको क्षमता अनुसार विकासका लागि पर्याप्त कार्यक्रम सञ्चालन नहुनु, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थानहरुले स्थानीय माग र आवश्यकता बमोजिम सरोकारवाला निकायहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन नगर्नुले पनि आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणको प्रकृयाले सोचे जस्तो गति लिन सकेको छैन ।

१. आर्थिक गतिविधि

विश्व अर्थतन्त्र

आर्थिक वृद्धिदर

१.१. सन् २००७ मा ५.२ प्रतिशत र सन् २००८ मा ३.० प्रतिशतले वृद्धि भएको विश्व उत्पादन सन् २००९ मा ०.६ प्रतिशतले ऋणात्मक हुने अनुमान छ। यस्तो वृद्धिदर सन् २०१० मा ४.२ प्रतिशत तथा सन् २०११ मा ४.६ प्रतिशत हुने प्रक्षेपण रहेको छ। विश्वव्यापी वित्तीय सङ्कट पश्चात् कुल गार्हस्थ्य मागमा ह्रास आएका कारण निर्यात तथा आयात दुवैमा संकुचन आई वृद्धिदर नकारात्मक हुने अनुमान गरिएको हो। सन् २००७ को सुरुबाट देखापरेको अमेरिकी वित्तीय सङ्कटको असर क्रमशः कम हुँदै गएको तथा आउँदा वर्षहरूमा केही सुधार हुने संकेत पनि मिलेको छ। विकसित अर्थतन्त्रहरू, उदीयमान तथा विकासशील अर्थतन्त्रहरू, विकासोन्मुख एसिया, मध्य पूर्व तथा उत्तर अफ्रिकी मुलुकहरू, मध्य तथा पुर्वी युरोपेली मुलुकहरू र नवऔद्योगिक एसियाली अर्थतन्त्रहरू यी सबै समूहहरूमा आर्थिक वृद्धिदर सन् २००७ को तुलनामा सन् २००८ मा र सन् २००८ को तुलनामा सन् २००९ मा अझ कम हुने अनुमान रहेको छ। विकसित अर्थतन्त्रहरू, मध्य तथा पुर्वी युरोपेली मुलुकहरू र नवऔद्योगिक एसियाली अर्थतन्त्रहरूमा सन् २००९ मा आर्थिक वृद्धिदर ऋणात्मक हुने देखिएको छ। विश्वको आर्थिक वृद्धिदरलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १ (क) : विश्वको आर्थिक वृद्धिदर

(वार्षिक प्रतिशत परिवर्तन)

	2007	2008	2009	प्रक्षेपण	
				2010	2011
विश्वको उत्पादन	5.2	3.0	-0.6	4.2	4.6
विकसित अर्थतन्त्रहरू	2.8	0.5	-3.2	2.3	2.4
उदीयमान तथा विकासशील अर्थतन्त्रहरू	8.3	6.1	2.4	6.3	6.5
विकासोन्मुख एसिया	10.6	7.9	6.6	8.7	8.7
मध्य पूर्व तथा उत्तर अफ्रिकी मुलुकहरू	5.6	5.1	2.4	4.5	4.8
मध्य तथा पुर्वी युरोपेली मुलुकहरू	5.5	3.0	-3.7	2.8	3.4
नवऔद्योगिक एसियाली अर्थतन्त्रहरू	5.7	1.8	-0.9	5.2	4.9

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य (World Economic Outlook), २००९ र २०१०

उपभोक्ता मूल्य

१.२. धेरैजसो विकसित तथा विकासोन्मुख देशहरूले आर्थिक मन्दीको गहिरो प्रतिकूल असरबाट आफ्नो अर्थतन्त्र जोगाउन लचिलो मौद्रिक नीति र सरकारी वित्त नीति अंगिकार गरेका थिए । अर्थतन्त्रको पुनरुत्थान तथा आर्थिक मन्दीबाट अर्थतन्त्र उकास्न यस किसिमका नीतिगत राहतका कार्यक्रमहरूलाई अझै केही समयका लागि निरन्तरता दिनुपर्ने आवश्यकता समेत महशुस गरिएको छ । विशेषगरी विकासोन्मुख एसिया तथा विकासोन्मुख र विकासशील देशहरूमा देखिएको उच्च पुनरुत्थानका कारण वस्तुहरूको मागमा भएको वृद्धिको फलस्वरुप मूल्य पनि बढ्दै गएको छ । सन् २०१० मा पनि मूल्य बढ्दै जाने अनुमान रहेको छ । सन् २००८ मा विकसित अर्थतन्त्रहरूको आर्थिक वृद्धिदर ०.५ प्रतिशत रहेको अवस्थामा मुद्रास्फीतिदर ३.४ प्रतिशत रहेको थियो भने सन् २००९ मा आर्थिक वृद्धिदर ३.२ प्रतिशतले ऋणात्मक हुँदाको अवस्थामा पनि मुद्रास्फीतिदर ०.१ प्रतिशत रहेको थियो । त्यस्तै, उदीयमान तथा विकासशील अर्थतन्त्रहरूको आर्थिक वृद्धिदर तथा मुद्रास्फीतिदर बीचको प्रकृति पनि यस्तै देखिएको छ । निम्न तालिकाबाट मुद्रास्फीतिदरको यो प्रवृत्तिवारे स्पष्ट हुन्छ ।

तालिका १(ख): उपभोक्ता मूल्यमा आधारित मुद्रास्फीतिदर

(वार्षिक प्रतिशत परिवर्तन)

	2007	2008	2009	प्रक्षेपण	
				2010	2011
विकसित अर्थतन्त्रहरू	2.2	3.4	0.1	1.5	1.4
उदीयमान तथा विकासशील अर्थतन्त्रहरू	6.5	9.2	5.2	6.2	4.7
विकासोन्मुख एसिया	5.4	7.4	3.1	5.9	3.7
मध्य पूर्व तथा उत्तर अफ्रिकी मुलुकहरू	10.0	13.5	6.6	6.5	6.4
मध्य तथा पुर्वी युरोपेली मुलुकहरू	6.0	8.1	4.7	5.2	3.6

स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य, २००९ र २०१०

कुल यथार्थ गार्हस्थ्य माग

१.३. विश्व अर्थव्यवस्थामा आर्थिक वृद्धिदर तथा मुद्रास्फीतिदरको प्रभाव कुल यथार्थ गार्हस्थ्य मागमा प्रतिविम्वित हुने गर्दछ । रोजगारीका अवसरहरू कम हुने भएकोले जनताको आयमा प्रतिकूल प्रभाव पर्न गई उपभोग तथा लगानी दुवै उद्देश्यको निम्ति आन्तरिक तथा वाह्य वस्तु तथा सेवाको माग कम हुन गई कुल मागमा कमी आउँछ र अर्थव्यवस्थाको गतिशीलता कुण्ठित हुन्छ । केही विकसित तथा नव औद्योगिक एसियाली अर्थतन्त्रहरूमा कुल मागमा देखिएको प्रक्षेपित परिवर्तन तालिका १(ग) बाट स्पष्ट हुन्छ ।

तालिका १(ग): कुल आन्तरिक (गार्हस्थ्य) माग

(वार्षिक प्रतिशत परिवर्तन)

	2007	2008	2009	प्रक्षेपण	
				2010	2011
विकसित अर्थतन्त्रहरू	2.8	0.5	-3.2	2.3	2.4
संयुक्त राज्य अमेरिका	2.1	0.4	-2.4	3.1	2.6
यूरो देशहरू	2.8	0.6	-4.1	1.0	1.5
बेलायत	2.6	0.5	-4.9	1.3	2.5
क्यानडा	2.5	0.4	-2.6	3.1	3.2
नवऔद्योगिक एसियाली अर्थतन्त्रहरू	5.8	1.8	-0.9	5.2	4.9

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य, २०१०

१.४ विकसित अर्थतन्त्रहरूको समग्र मागमा हुने कमीबाट आर्थिक क्रियाकलापहरूको गतिशीलता कम हुने र रोजगारीमा कटौती हुने देखिन्छ। फलस्वरुप, विदेशी श्रमिकहरूको मागमा समेत कटौती हुने भएकोले विकासोन्मुख देशहरूबाट ती देशहरूमा कार्यरत श्रमिकहरूको मागमा कटौती हुन जान्छ। विकाशोन्मुख देशहरूको आय स्रोतको उल्लेख्य हिस्सा रहँदै आएको विप्रेषण आप्रवाह कम हुन गई समष्टिगत आर्थिक सन्तुलन समेत विग्रिन सक्ने सम्भावना ती देशहरूको निम्ति चिन्ताको विषय हुने गर्दछ। साथै, उपभोग्य सामानको मागमा कटौती हुन सक्ने भएकोले विकासोन्मुख अर्थतन्त्रहरूबाट विकसित अर्थतन्त्रहरूमा हुने गरेको निर्यात निकै घट्न सक्नेछ। अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०१० मा समेत विकसित अर्थतन्त्रहरूको समग्र आन्तरिक मागमा कुनै सुधार नआउने र सो वर्षको मागको स्तर सन् २००७ को भन्दा कम रहने प्रक्षेपण गरेको छ।

१.५ विश्व अर्थव्यवस्थामा देखिएको वित्तीय तथा आर्थिक सङ्कटको प्रभाव विश्व व्यापारमा स्पष्टरुपमा देखिएको छ। केही समयसम्म उकालो लाग्दै गरेको पेट्रोलियम पदार्थ तथा खाद्य पदार्थहरूको मूल्यले विश्व व्यापारको वृद्धिदरमा पारेको प्रतिकूल प्रभाव तालिका १(घ) बाट स्पष्ट हुन्छ। सन् २००७ मा विकसित अर्थतन्त्रहरूको निर्यात ६.३ प्रतिशत र उदीयमान तथा विकासशील अर्थतन्त्रहरूको निर्यात ९.७ प्रतिशतले वृद्धि भएकोमा सन् २००८ र सन् २००९ दुवै वर्षहरूमा यी दुई समूहहरूमा निर्यात वृद्धिदर घट्ने क्रम रह्यो। अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको प्रक्षेपणमा सन् २०१० मा विकसित अर्थतन्त्रहरूको निर्यात ६.६ प्रतिशत र उदीयमान तथा विकासशील अर्थतन्त्रहरूको निर्यात ८.३ प्रतिशतले वृद्धि हुने देखिएको छ। सन् २००७ मा आयातको वृद्धिदर विकसित अर्थतन्त्रहरूको हकमा ४.७ प्रतिशत रहेको थियो भने उदीयमान तथा विकासशील अर्थतन्त्रहरूको हकमा १२.७ प्रतिशत रहेको थियो। दुवै समूहका अर्थतन्त्रहरूमा सन् २००७ को तुलनामा सन् २००८ मा आयातको वृद्धिदर घटेको थियो भने सन् २००९ मा यस्तो वृद्धिदर ऋणात्मक रहेको छ। सन् २०१० र सन् २०११ मा भने निर्यात तथा आयात दुवैमा सामान्य सुधार हुँदै जाने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ।

तालिका १(घ): विश्व व्यापार

(वार्षिक प्रतिशत परिवर्तन)

विश्व व्यापारको आयतन (संक्षेपमा)

	2007	2008	2009	प्रक्षेपण	
				2010	2011
विश्वको व्यापार आयतन (वस्तु र सेवा)	7.2	2.8	-10.7	7.0	6.1
निर्यात					
विकसित अर्थतन्त्रहरू	6.3	1.9	-11.7	6.6	5.0
उदीयमान तथा विकासशील अर्थतन्त्रहरू	9.7	4.0	-8.2	8.3	8.4
आयात					
विकसित अर्थतन्त्रहरू	4.7	0.6	-12.0	5.4	4.6
उदीयमान तथा विकासशील अर्थतन्त्रहरू	12.7	8.5	-8.4	9.7	8.2

स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य, २०१०

छिमेकी अर्थतन्त्रहरूको आर्थिक वृद्धिदर

१.६ आर्थिक वृद्धिदरका हिसावले नेपालका छिमेकी देशहरू चीन तथा भारतको निम्ति सन् २००७ र २००८ उत्साहजनक वर्षहरूका रुपमा नै रहेको देखिन्छ। ती दुई वर्षहरूमा क्रमश: १३.० प्रतिशत र ९.६ प्रतिशतको वृद्धिदर हासिल गर्न चीन सफल रह्यो भने भारतले पनि ९.४ प्रतिशत र ७.३ प्रतिशतको वृद्धिदर हासिल गऱ्यो। सन् २००९ मा भने यस्तो वृद्धिदरमा केही कमी आई चीन र भारतमा क्रमश: ८.७ प्रतिशत र ५.७ प्रतिशत रहने अनुमान छ। उपरोक्त वर्षहरूमा दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनका अन्य मुलुकहरूमा पनि वृद्धिदर मिश्रीत प्रवृत्तिको देखिएतापनि धेरैजसो मुलुकहरूमा सन् २००८ को तुलनामा सन् २००९ मा यस्तो वृद्धिदरमा कमी आएको देखिन्छ।

तालिका १ (ङ) : छिमेकी मुलुकहरूको आर्थिक वृद्धिदर

(वार्षिक प्रतिशत परिवर्तन)

	2007	2008	2009	प्रक्षेपण	
				2010	2011
चीन	13.0	9.6	8.7	10.0	9.9
अफगानिस्तान	14.2	3.4	22.5	8.6	7.0
बंगलादेश	6.3	6.0	5.4	5.4	5.9
भुटान	19.7	5.0	6.3	6.8	6.6
भारत	9.4	7.3	5.7	8.8	8.4
माल्दिब्स	7.2	6.3	-3.0	3.4	3.7
पाकिस्तान	5.6	2.0	2.0	3.0	4.0
श्रीलंका	6.8	6.0	3.5	5.5	6.5
नेपाल	3.3	5.3	4.7	3.0	4.0

स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य, २०१०

राष्ट्रिय आर्थिक गतिविधि

१.७ चालु आर्थिक वर्ष २०६६/६७ मा कुल गार्हस्थ्य उत्पादन ५.५ प्रतिशतले बढ्ने लक्ष्य निर्धारण गरिएकोमा उत्पादकको मूल्यमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ३.५ प्रतिशत मात्र हुने अनुमान छ। गत आर्थिक वर्ष २०६५/६६ मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ४.० प्रतिशत रहेको संशोधित अनुमान छ। लक्ष्यको तुलनामा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर कम हुनुमा विभिन्न आन्तरिक तथा वाह्य कारकहरूको प्रभाव रहेको छ। आन्तरिक कारणहरूमध्ये मौसमी प्रतिकूलताको कारण खासगरी वर्षे वालीको उत्पादनमा ह्रास आएकोले कृषि उत्पादन वृद्धिदर सामान्य मात्र रहने अनुमान छ। त्यस्तै, विभिन्न समयमा हुने गरेका बन्द, हडताल, श्रम समस्या, विद्युत आपूर्तिमा कमी तथा बाह्य बजारको संकुचनका कारण गैरकृषि क्षेत्रका आर्थिक क्रियाकलापहरूको विस्तारमा समेत सोचे जस्तो अनुकूल प्रभाव पर्न सकेन।



कृषि क्षेत्र

१.८ आर्थिक वर्ष २०५७/५८ को मूल्यमा कृषि क्षेत्र (कृषि तथा वन) को उत्पादन चालु आर्थिक वर्षमा १.१ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। गत आर्थिक वर्षमा यस्तो वृद्धिदर ३.० प्रतिशत थियो। चालु वर्ष कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३३.० प्रतिशत रहने अनुमान छ। गत वर्ष यस्तो योगदान ३२.१ प्रतिशत रहेको थियो।

१.९ मौसमको प्रतिकुलताको कारण वर्षे बालीको उत्पादनमा ह्रास आएकोले कृषि क्षेत्रको वृद्धिदरमा कमी आएको हो। कृषि उत्पादन सूचकांकको आधारमा अघिल्लो वर्षको उत्पादनसँग तुलनात्मक अध्ययन गर्दा खाद्यान्न बालीको उत्पादनमा ५.८ प्रतिशतले कमी आउने अनुमान छ। यसमा पनि धानको उत्पादनमा ११.१ प्रतिशत तथा मकैको उत्पादनमा ३.९ प्रतिशतले ह्रास आउने अनुमान छ। तरकारीको उत्पादन भने अघिल्लो वर्षको तुलनामा ७.३ प्रतिशतले वृद्धि हुने अनुमान छ। यसैगरी अन्य उत्पादनहरू फलफूल, मासु तथा दुधमा क्रमशः २२.० प्रतिशत, २.७ प्रतिशत र ४.१ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। वन पैदावर उत्पादन चालु आर्थिक वर्षमा ०.३ प्रतिशतले घट्ने प्रारम्भिक अनुमान रहेको छ।

मत्स्यपालन

१.१० मत्स्यपालन क्षेत्रमा आर्थिक वर्ष २०६५/६६ को तुलनामा आर्थिक वर्ष २०६६/६७ मा ५.३ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ। अघिल्लो वर्ष यस्तो उत्पादन ५.७ प्रतिशतले वृद्धि भएको थियो। यो उपक्षेत्रले विगत ५ वर्षमा ६.२ प्रतिशतको औषत वृद्धिदर हासिल गरेको देखिन्छ।

गैर कृषि क्षेत्र

१.११ चालु आर्थिक वर्ष २०६६/६७ मा गैरकृषि क्षेत्रको वृद्धिदर ५.१ प्रतिशत रहेको अनुमान छ। यो वृद्धिदर गत वर्षको ५.७ प्रतिशतको तुलनामा केही कम रहेको छ। गैरकृषि क्षेत्रको वृद्धिदर कम हुनुमा ऊर्जा आपूर्तिमा देखिएको कमी मुख्य कारकको रुपमा देखिएको छ। ज्यादै न्यून वृद्धिदर हासिल गर्ने एउटा उपक्षेत्र विद्युत, ग्याँस तथा पानी हो भने अर्को उपक्षेत्र वित्तीय मध्यस्थता हो। चालु आर्थिक वर्षमा यी उपक्षेत्रहरूको वृद्धिदर क्रमशः ०.५ प्रतिशत र १.६ प्रतिशत मात्र हुने अनुमान छ। गत आर्थिक वर्षमा पनि यी उपक्षेत्रहरूको वृद्धिदर न्यून (क्रमशः ऋणात्मक ०.९ प्रतिशत र १.५ प्रतिशत) रहेको थियो।

होटल र रेष्टुरेन्ट

१.१२ कुल गार्हस्थ्य उत्पादनका १५ वटा उपक्षेत्रहरूमध्ये यस उपक्षेत्रको वृद्धिदर चालु आर्थिक वर्षमा सबैभन्दा उच्च ८.५ प्रतिशत रहने अनुमान छ। गत वर्ष यो उपक्षेत्रले ३.० प्रतिशतको वृद्धिदर हासिल गरेको थियो। चालु आर्थिक वर्षमा यो उपक्षेत्रको वृद्धिदर उल्लेख्य रहनुमा विश्वव्यापी वित्तीय सङ्कट तथा आर्थिक मन्दीको प्रभावमा क्रमशः कमी आएको र पर्यटन क्षेत्रमा देखिएको सकारात्मक प्रभाव हो। शान्ति सुरक्षामा आएको सुधारले पर्यटक आगमनमा वृद्धि भएको र यो उपक्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर बढ्न गएको अनुमान छ। यो उपक्षेत्रले विगत ५ वर्षमा ५.६ प्रतिशतको औषत वृद्धिदर हासिल गरेको भएतापनि कुल गार्हस्थ्य उत्पादनतर्फको योगदान २.० प्रतिशत भन्दा कम छ।

निर्माण क्षेत्र

१.१३ यस उपक्षेत्रको वृद्धिदर गत आर्थिक वर्षको ०.९ प्रतिशतको तुलनामा ६.६ प्रतिशत रहने अनुमान रहेको छ। काठमाडौं उपत्यका तथा अन्य शहरी क्षेत्रहरूमा निजी तथा सार्वजनिक क्षेत्रबाट वासस्थान, आवासीय क्षेत्र तथा कार्यालयहरूको निर्माण कार्य तीव्र गतिमा भएकोले समग्र निर्माण क्षेत्रको वृद्धि सन्तोषजनक रहेको अनुमान छ। यो उपक्षेत्रको विगत ५ वर्षको उपलब्धि पनि सन्तोषजनक रहेको छ। अर्थात एकातिर ४.५ प्रतिशतको औषत वृद्धिदर हासिल गरेको छ भने अर्कोतिर कुल गार्हस्थ्य उत्पादनमा औषत ६.७ प्रतिशत योगदान पुऱ्याएको छ। बैंकिङ्ग क्षेत्रको रियल स्टेट तथा आवाशीय घरकर्जामा भएको विस्तारले यो उपक्षेत्रको वृद्धिमा प्रत्यक्षरुपमा योगदान पुऱ्याएको देखिन्छ।

यातायात, सञ्चार तथा भण्डारण

१.१४ आर्थिक वर्ष २०६६/६७ मा यस उपक्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर ६.५ प्रतिशत रहने अनुमान छ। गत वर्ष पनि यस उपक्षेत्रले ७.६ प्रतिशतको वृद्धिदर हासिल गरेको थियो। खासगरी संचारतर्फ क्रमिकरुपमा हुँदै गएको विस्तारको फलस्वरुप यो उपक्षेत्रले सन्तोषजनक वृद्धि हासिल गर्न सकेको हो। बन्द तथा लोडसेडिङ्गको प्रभावले गर्दा यस वर्षको वृद्धिदरमा सामान्य कमी आउने अनुमान रहेको छ। यो उपक्षेत्रको विगत ५ वर्षको उपलब्धि पनि उल्लेख्य रहेको छ। अर्थात् एकातिर ७.१ प्रतिशतको औषत वृद्धिदर हासिल गरेको छ भने अर्कोतिर कुल गार्हस्थ्य उत्पादनमा औषत ९.९ प्रतिशत योगदान पुऱ्याएको छ।

शिक्षा

१.१५ सामाजिक पूर्वाधार विकास तथा जनशक्तिको गुणात्मक वृद्धिको लक्ष्य लिएर सरकारले गरेको शिक्षातर्फको लगानी विस्तार तथा निजी क्षेत्रले समेत यस उपक्षेत्रको विस्तारमा पुऱ्याएको योगदानको फलस्वरुप चालु आर्थिक वर्ष २०६६/६७ मा यस उपक्षेत्रको उत्पादनको वृद्धिदर ६.५ प्रतिशत हुने अनुमान छ। गत आर्थिक वर्षमा यस उपक्षेत्रले ११.३ प्रतिशतको वृद्धि हासिल गरेको तुलनामा चालु आर्थिक वर्षमा केही कमी आएतापनि वृद्धिदर सन्तोषजनक नै रहेको छ। यो उपक्षेत्रको विगत ५ वर्षको उपलब्धि पनि उल्लेख्य रहेको छ। अर्थात् एकातिर ७.१ प्रतिशतको औषत वृद्धिदर हासिल गरेको छ भने अर्कोतिर कुल गार्हस्थ्य उत्पादनमा औषत ६.२ प्रतिशत योगदान पुऱ्याएको छ।

थोक तथा खुद्रा व्यापार

१.१६ चालु आर्थिक वर्षमा यस उपक्षेत्रको वृद्धिदर सन्तोषजनक रहेको अनुमान छ। गत वर्ष ५.९ प्रतिशतले वृद्धि भएको यो उपक्षेत्रको उत्पादन चालु आर्थिक वर्षमा ५.६ प्रतिशतले बढ्ने अनुमान छ। यो उपक्षेत्रले विगत ५ वर्षमा गैरकृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी १३.७ प्रतिशतको उल्लेखनीय योगदान रहेतापनि यसको औषत वृद्धिदर भने २.३ प्रतिशत मात्र रहेको छ।

रियलस्टेट, भाडा तथा व्यावसायिक सेवाहरू

१.१७ चालु आर्थिक वर्षमा यस उपक्षेत्रको उत्पादन ४.९ प्रतिशतले वृद्धि हुने अनुमान छ। गत वर्ष यो उपक्षेत्रले १.८ प्रतिशतको न्यून वृद्धिदर हासिल गरेको थियो। उत्पादनशील क्षेत्र फष्टाउन नसकेको भएतापनि आवास परियोजनाहरूको निर्माणमा आएको विस्तारले रियलस्टेट तथा ब्यावसायिक सेवाहरूमा सकारात्मक प्रभाव परेको अनुमान छ। यो उपक्षेत्रले विगत पाँच वर्षमा ७.० प्रतिशतको औषत वृद्धिदर हासिल गरेको छ भने कुल गार्हस्थ्य उत्पादनमा पनि औषत ९.२ प्रतिशत योगदान पुऱ्याएको छ।

खानी तथा उत्खनन्

१.१८ गैर कृषि क्षेत्र अन्तर्गत समाहित विभिन्न उपक्षेत्रहरू मध्ये खानी तथा उत्खनन् क्षेत्र अघिल्लो वर्ष ०.७ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष ४.२ प्रतिशतले वृद्धि हुने

अनुमान रहेको छ । यो उपक्षेत्रले विगत पाँच वर्षमा ४.० प्रतिशतको औषत वृद्धिदर हासिल गरेको देखिन्छ ।

उद्योग

१.१९ गैर कृषि क्षेत्र अन्तर्गत समाहित विभिन्न उपक्षेत्रहरू मध्ये उत्पादन उद्योगको प्रगति सामान्य रह्यो । गत वर्षको तुलनामा यसको उत्पादन २.६ प्रतिशतले बढ्ने अनुमान छ । गत वर्ष यो उपक्षेत्रको वृद्धिदर १.० प्रतिशतले ऋणात्मक रहेको थियो । औद्योगिक उत्पादन सूचकांक अनुसार बिस्कुट, फलामे छड, हल्का पेय पदार्थ, नुडल्स जस्ता वस्तुको उत्पादनमा आएको वृद्धिले उद्योग क्षेत्रको कुल गार्हस्थ्य उत्पादन बढ्ने अनुमान रहेको छ । यो उपक्षेत्रले विगत ५ वर्षमा औषतमा ७.१ प्रतिशतको योगदान गरेतापनि औषत वृद्धिदरको हिसावले सबैभन्दा कम अर्थात् १.१ प्रतिशत मात्र हासिल गरेको देखिन्छ ।

विद्युत ग्याँस तथा पानी

१.२० यस क्षेत्रको उत्पादनमा अघिल्लो आर्थिक वर्षको तुलनामा ०.५ प्रतिशतले वृद्धि हुने अनुमान छ । गत वर्ष यस क्षेत्रको उत्पादन ०.९ प्रतिशतले ऋणात्मक रहेको थियो । यो उपक्षेत्रले विगत ५ वर्षमा ३.५ प्रतिशतको औषत वृद्धिदर हासिल गरेतापनि कुल गार्हस्थ्य उत्पादनमा यसको योगदान कमै देखिन्छ ।

वित्तीय मध्यस्थता

१.२१ चालु आर्थिक वर्षमा यस उपक्षेत्रको उत्पादनको वृद्धिदर १.६ प्रतिशत मात्र रहने अनुमान छ । गत वर्ष यस उपक्षेत्रले १.५ प्रतिशत वृद्धिदर हासिल गर्न सकेको थियो । समीक्षा अवधिमा आर्थिक क्रियाकलापका विभिन्न क्षेत्रहरूले भोग्नुपरेको ऊर्जा सङ्कट तथा अन्य गैरआर्थिक व्यवधानहरूले गर्दा वित्तीय मध्यस्थताको गतिमा खासै सुधार आउन नसकेको हो । तर वित्तीय मध्यस्थताले विगत ५ वर्षमा ९.६ प्रतिशतको उल्लेखनीय औषत वृद्धिदर हासिल गरेकोले देशको आर्थिक वृद्धिमा यो उपक्षेत्रको योगदान महत्वपूर्ण देखिन्छ ।

सार्वजनिक प्रशासन र रक्षा

१.२२ सार्वजनिक प्रशासन र रक्षामा गरिएको सरकारको बजेट तथा खर्चको आधारमा तयार गरिएको अनुमान अनुसार यस उपक्षेत्रले ४.२ प्रतिशतको वृद्धिदर हासिल गर्ने अनुमान छ । गत आर्थिक वर्षमा यस उपक्षेत्रको वृद्धिदर ७.३ प्रतिशत रहेको थियो । त्यस्तै विगत ५ वर्षको यो उपक्षेत्रको वृद्धिदर औषतमा ४.१ प्रतिशत रहेको छ ।

स्वास्थ्य र सामाजिक कार्य

१.२३ आर्थिक वर्ष २०६६/६७ मा यस उपक्षेत्र ५.६ प्रतिशतले बढ्यो । गत आर्थिक वर्षमा यस्तो वृद्धिदर ११.२ प्रतिशत थियो । जनतालाई स्वास्थ्य सेवा उपलब्ध गराउँदै जाने

सरकारी प्रतिबद्धता अनुरूपको खर्च र निजी स्वास्थ्य सेवाको कारोवार बढेको कारणले गर्दा यो उपक्षेत्रको उत्पादन बढ्ने अनुमान गरिएको हो ।

अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू

१.२४ चालु आर्थिक वर्ष यस उपक्षेत्रको उत्पादन ६.१ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ । गत वर्ष यो उपक्षेत्रले १३.० प्रतिशतको उत्साहजनक वृद्धि हासिल गरेको थियो । यस उपक्षेत्र भित्र सरकारले प्रदान गर्ने सामुदायिक सेवा तथा अन्य सामाजिक र व्यावसायिक सेवाहरू पर्दछन् । यो उपक्षेत्रले विगत ५ वर्षमा सबैभन्दा बढी अर्थात् १०.२ प्रतिशतको औषत वृद्धिदर हासिल गर्न सक्षम भएको छ ।

क्षेत्रगत विवरण

१.२५ पछिल्ला वर्षहरूको प्रवृति केलाउंदा प्राथमिक क्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर चालु आर्थिक वर्ष २०६६/६७ मा १.२ प्रतिशत रहेको अनुमान छ । गत वर्ष यो क्षेत्रको वृद्धिदर ३.० प्रतिशत थियो । द्वितीय क्षेत्र भित्र औद्योगिक उत्पादन, विद्युत, ग्यास तथा पानी र निर्माण पर्दछन् । यस क्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर चालु आर्थिक वर्षमा ३.९ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्षमा यो क्षेत्रको वृद्धिदर ०.३ प्रतिशतले ऋणात्मक रहेको थियो । त्यसैगरी, तृतीय क्षेत्र अन्तर्गत सेवा क्षेत्रहरू पर्दछन् । चालु आर्थिक वर्षमा तृतीय क्षेत्रको वृद्धि ५.५ प्रतिशत हुने अनुमान छ । गत आर्थिक वर्षमा यो क्षेत्रले ६.३ प्रतिशतको वृद्धिदर हासिल गरेको थियो ।



कुल गार्हस्थ्य उत्पादनको संरचना

१.२६ आर्थिक संरचनाको पछिल्लो स्थिति अवलोकन गर्दा आर्थिक वर्ष २०५७/५८ मा कुल गार्हस्थ्य उत्पादन अनुमानको नयाँ श्रृंखला सुरु गरेपछिका ९।१० वर्षमा नेपाली अर्थतन्त्रको उत्पादन संरचनामा केही परिवर्तन आएको छ । यस अवधिमा कुल मूल्य अभिवृद्धिमा प्राथमिक क्षेत्र (कृषि, वन र मत्स्यपालन) को योगदान २०५७/५८ को ३७.० प्रतिशतबाट २.९ प्रतिशत विन्दुले घटी २०६६/६७ मा ३४.१ प्रतिशतमा झर्ने अनुमान छ । प्राथमिक क्षेत्र भित्रको योगदानमा कृषि तथा वन उपक्षेत्रको योगदान ३.१

प्रतिशत विन्दुले घटी ३३.० प्रतिशतमा झरेको छ भने मत्स्यपालन उपक्षेत्रको योगदान ०.१ प्रतिशत विन्दुले बढेर ०.५ प्रतिशत पुगेको छ ।

१.२७ कुल गार्हस्थ्य उत्पादनमा खानी तथा उत्खनन्, प्रशोधन उद्योग, विद्युत, ग्यास तथा पानी र निर्माण सम्मिलित द्वितीय क्षेत्र (जसलाई उद्योग समूह पनि भनिन्छ) को अंश वा योगदान पनि २०५७/५८ को तुलनामा २.५ प्रतिशत विन्दुले घटी २०६६/६७ मा १४.४ प्रतिशत रहने अनुमान रहेको छ । यसको मूल कारण प्रशोधन उद्योगको योगदानमा २.८ प्रतिशत विन्दुको कमी आई २०६६/६७ मा ६.३ प्रतिशतमा ओर्लनु हो ।

१.२८ कुल गार्हस्थ्य उत्पादनका ब्यापार; होटल; यातायात, संचार तथा भण्डारण; वित्तीय मध्यस्थता; घरजग्गाको कारोवार; सार्वजनिक प्रशासन र रक्षा; शिक्षा, स्वास्थ्य, र अरु सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा सहित नौ उपक्षेत्रलाई समष्टिगतरुपमा सेवा वा अन्य (Tertiary) क्षेत्र भनिन्छ । यस क्षेत्रको योगदान भने ५.४ प्रतिशत विन्दुले बढी २०६६/६७ मा ५१.५ प्रतिशत पुग्ने अनुमान गरिएको छ । यी उपक्षेत्रमध्ये शिक्षाको योगदान २.६ प्रतिशत विन्दु, यातायात तथा संचारको २.४ प्रतिशत विन्दु र वित्तीय मध्यस्थताको योगदान १.४ प्रतिशत विन्दुले बढेको छ भने थोक तथा खुद्रा ब्यापारको योगदान २.५ प्रतिशत विन्दुले घटेको छ । यसबाट वस्तु भन्दा सेवाको उत्पादनले बढी प्रश्रय पाएको देखिन्छ ।

१.२९ कुल गार्हस्थ्य उत्पादनको ISIC वर्गीकरण अनुसार उत्पादकको मूल्यमा कृषि क्षेत्रको हिस्सा ३४.१ प्रतिशत र गैर कृषि क्षेत्रको हिस्सा ६५.९ प्रतिशत रहेको अनुमान छ । समग्रमा हेर्दा गत आर्थिक वर्षमा पनि कृषि क्षेत्रको हिस्सा ३३.२ र र गैर कृषि क्षेत्रको हिस्सा ६६.८ रहेको हुँदा दुई वर्ष बीच समग्र संरचनामा खास भिन्नता नरहेको देखिन्छ । चालु आर्थिक वर्षमा अघिल्लो वर्षको तुलनामा यस्तो हिस्सामा वृद्धि हुने उपक्षेत्रहरूमा कृषि तथा वन, मत्स्यपालन, थोक तथा खुद्रा ब्यापार, होटल तथा रेष्टुरेण्ट र सार्वजनिक प्रशासन तथा रक्षा रहेका छन् भने कमी आउने उपक्षेत्रहरूमा उत्पादन उद्योग, खानी तथा उत्खनन्, विद्युत, ग्यास तथा पानी, निर्माण, यातायात, भण्डारण तथा संचार, वित्तीय मध्यस्थता, रियलस्टेट, भाडा तथा व्यावसायिक सेवाहरू, शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवा र अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू रहेका छन् । कुल गार्हस्थ्य उत्पादनमा चालु वर्षको क्षेत्रगत योगदानलाई चार्टमा पनि प्रस्तुत गरिएको छ ।



उपभोग

१.३० अर्थतन्त्रमा एक पक्ष वा समूहको आम्दानी भनेको अर्को पक्षको खर्च हो । खर्च तर्फबाट कुल गार्हस्थ्य उत्पादनको संरचना केलाउंदा २०५७/५८ देखि २०६६/६७ बीचको दश वर्षको अवधिमा कुल उपभोग खर्च कुल गार्हस्थ्य उत्पादनको ८८.३ प्रतिशतबाट २.३ प्रतिशत विन्दुले बढेर ९०.६ प्रतिशत र कुल स्थीर पूंजी निर्माणको अंश १९.२ प्रतिशतबाट २.१ प्रतिशत विन्दुले बढेर २१.३ प्रतिशत पुगेको छ । कुल गार्हस्थ्य उत्पादनको अंशको रुपमा वस्तु तथा सेवाको खुद निर्यात (निर्यातबाट आयात घटाउदा बांकी रहेको रकम) २०५७/५८ को ऋणात्मक १०.७ प्रतिशतबाट झण्डै २.७ गुणाले बढेर ऋणात्मक २८.८ प्रतिशत पुगेको छ ।

१.३१ कुल उपभोगतर्फ यस अवधिमा कुल गार्हस्थ्य उत्पादनको अंशको रुपमा निजी क्षेत्रको उपभोग अंश १.५ प्रतिशत विन्दुले घटेर ७७.५ प्रतिशतमा झरेको छ भने सरकारी उपभोगको अंश चाहिं ३.४ प्रतिशत विन्दुले बढेर ११.५ प्रतिशत पुगेको छ । लामो सशस्त्र द्वन्द, शान्ति सम्झौता पछि लम्बिदै गएको राजनैतिक संक्रमण र यसबाट सिर्जना भएको राजनैतिक अस्थिरता सरकारी उपभोग बढ्नुका मुल कारण हुन् ।

१.३२ दश वर्षको यस अवधिमा कुल गार्हस्थ्य उत्पादनसँग तुलना गर्दा वस्तु तथा सेवाको आयातको अंश ४.९ प्रतिशत विन्दुले बढी ३८.१ प्रतिशत पुग्यो भने निर्यातको अंश २२.६ प्रतिशतबाट १३.३ प्रतिशत विन्दुले घटी ९.२ प्रतिशतमा झर्ने अनुमान छ । रकममै कुरा गर्दा पनि २०५७/५८ को तुलनामा आयात तीन गुणाले बढेर २०६६/६७ मा रू. ४ खर्व ५० अर्व १९ करोड पुग्ने अनुमान छ । निर्यात चाहिं दश वर्षको अवधिमा ९.६ प्रतिशतले मात्र बढ्ने अनुमान छ । २०५७/५८ मा निर्यातले आयातको ६७.९ प्रतिशत खामेकोमा २०६६/६७ मा २४.२ प्रतिशत मात्र खाम्ने अनुमान छ ।

१.३३ आर्थिक वर्ष २०६६/६७ मा स्थिर मूल्यमा कुल उपभोग ८.४ प्रतिशतले वृद्धि भई रू. ५ खर्व ६६ अर्व ५९ करोड पुग्ने अनुमान रहेको छ । अघिल्लो आर्थिक वर्ष कुल उपभोग रू. ५ खर्व २२ अर्व ९१ करोड रहेको थियो । साथै, यो रकम कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ९१.५ प्रतिशत हुन आउँदछ । आर्थिक वर्ष २०६५/६६ मा कुल गार्हस्थ्य उत्पादनको तुलनामा कुल उपभोग ८८.३ प्रतिशत थियो । कुल उपभोग मध्ये सरकारी उपभोग आर्थिक वर्ष २०६६/६७ मा ११.५ प्रतिशत हुने अनुमान छ भने गत वर्ष यो अनुपात ११.० प्रतिशत रहेको थियो । निजी क्षेत्रको उपभोगको स्वरुप हेर्दा आर्थिक वर्ष २०६६/६७ मा खाद्य उपभोगको अंश ५७.४ प्रतिशत, गैर खाद्यको २९.९ प्रतिशत र सेवाको १२.७ प्रतिशत रहेको अनुमान छ । आर्थिक वर्ष २०६५/६६ मा निजी क्षेत्रको कुल उपभोगमा खाद्य पदार्थ, गैर खाद्य पदार्थ र सेवाको अंश क्रमश: ५९.५ प्रतिशत, २८.४ प्रतिशत र १२.१ प्रतिशत थियो । विगत दुई वर्षमा निजी क्षेत्रको उपभोगको स्वरुपमा खासै परिवर्तन नभएको र कुल उपभोगमा खाद्यको नै अत्याधिक वाहुल्यता रहेको यसबाट पुष्टि हुन्छ । उपभोगको गतिशीलता (Consumption Dynamics) हेर्दा आर्थिक वर्ष २०६६/६७ मा कुल उपभोग ८.४ प्रतिशतले बढेकोमा

निजी क्षेत्रको उपभोग ७.८ प्रतिशतले र सरकारी उपभोग १३.१ प्रतिशतले बढेको अनुमान छ। आर्थिक वर्ष २०६५/६६ मा निजी तथा सरकारी उपभोग क्रमशः ५.७ प्रतिशत र ९.७ प्रतिशतले बढेको थियो। यसरी सरकारी उपभोग उल्लेख्यरुपले बढ्नुमा चालु खर्चमा भएको अत्यधिक वृद्धि हो।

बचत

१.३४ आर्थिक वर्ष २०६६/६७ मा प्रचलित मूल्यमा कुल गार्हस्थ्य वचत १५.० प्रतिशतले वृद्धि भई रू. १ खर्व १० अर्व ७५ करोड पुग्ने अनुमान छ। अघिल्लो वर्ष कुल गार्हस्थ्य वचत २०.१ प्रतिशतले बढेको थियो। उपभोग एवम् बचत दुवैमा वृद्धि भएतापनि गत आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनको तुलनामा ९.७ प्रतिशत रहेको वचत चालु आर्थिक वर्षमा सामान्य कमी भई ९.४ प्रतिशतमा सीमित रहने अनुमान छ। २०५७/५८ देखि २०६६/६७ बीचको दश वर्षको अवधिमा कुल गार्हस्थ्य उत्पादनको तुलनामा गार्हस्थ्य वचतको मात्रा ११.७ प्रतिशतबाट २.३ प्रतिशत विन्दुले घटेको छ।

पुँजी निर्माण

१.३५ आर्थिक वर्ष २०६६/६७ मा स्थिर मूल्यमा कुल पुँजी निर्माण रू. २ खर्व २८ अर्व १४ करोड हुने अनुमान छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा यो अंश ३६.९ प्रतिशत हुन आउँदछ। गत वर्षको तुलनामा कुल पुँजी निर्माणको वृद्धिदर उल्लेख्यरुपमा बढेर २६.० प्रतिशत रहने अनुमान छ। गत वर्ष ९.७ प्रतिशतले वृद्धि भएको कुल पुँजी निर्माण कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ३०.६ प्रतिशत रहेको थियो। कुल पुँजी निर्माणमा स्थिर पुँजी निर्माणको अंश आर्थिक वर्ष २०६६/६७ मा ५०.५ प्रतिशत र मौज्दात परिवर्तन ४९.५ प्रतिशत रहेको देखिन्छ। यस्तो अंश अघिल्लो आर्थिक वर्षमा क्रमशः ६०.५ प्रतिशत र ३९.५ प्रतिशत थियो। कुल पुँजी निर्माणमा मौज्दातको अंश बढ्नुले लगानीको दक्षता र उचित व्यवस्थापन गर्ने क्षमतामा ह्रास आएको स्थितिलाई संकेत गर्दछ। कुल स्थिर पुँजी निर्माण मध्ये आर्थिक वर्ष २०६६/६७ मा सरकारको अंश २१.८ प्रतिशत र निजी क्षेत्रको अंश ७८.२ प्रतिशत रहेको अनुमान छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अंश २०.२ प्रतिशत र निजी क्षेत्रको अंश ७९.८ प्रतिशत थियो। यसरी आर्थिक वर्ष २०६६/६७ मा स्थिर पुँजी निर्माणमा सरकारी क्षेत्रको सहभागितामा बढोत्तरी र निजी क्षेत्रको सहभागितामा कमी भएको स्पष्ट देखिन्छ। कुल स्थिर पुँजी निर्माणमा निजी क्षेत्रको अंश घट्नुले माथि भनिए झैं प्रतिकूल लगानी वातावरणको स्थितिलाई पुष्टि गर्दछ।

वस्तु तथा सेवाको खुद निर्यात

१.३६ आर्थिक वर्ष २०६६/६७ मा स्थिर मूल्यमा वस्तु तथा सेवाको आयात रू. २ खर्व ४५ अर्व ४ करोड भएको अनुमान छ भने निर्यात रू. ६९ अर्व ३५ करोड भएको अनुमान छ। फलस्वरुप चालु वर्षमा स्थिर मूल्यमा व्यापार घाटा रू. १ खर्व ७५ अर्व ६९ करोड पुग्ने देखिन्छ। गत वर्ष २०.० प्रतिशतले स्थिर मूल्यमा वृद्धि भएको व्यापार घाटा

समीक्षा अवधिमा ५६.९ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६६/६७ मा व्यापार घाटा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २८.४ प्रतिशत हुन आउँदछ। गत आर्थिक वर्षमा यस्तो घाटा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा १८.९ प्रतिशत मात्र थियो। आयातमा भएको तिव्र वृद्धि र निर्यातमा भएको कमीले गर्दा व्यापार घाटामा उल्लेख्य वृद्धि भएको हो। चालु आर्थिक वर्षमा स्थिर मूल्यमा वस्तु तथा सेवा आयातको ३०.७ प्रतिशत अंश वस्तु तथा सेवाको निर्यातले थेग्न सक्ने देखिएको छ। गत आर्थिक वर्ष यस्तो क्षमता २८.३ प्रतिशत थियो। आर्थिक वर्ष २०६६/६७ मा सेवा निर्यातबाट प्राप्त आय १०.९ प्रतिशतले र यस क्षेत्रतर्फको खर्च पनि १०.७ प्रतिशतले ह्रास आउने अनुमान छ। गत वर्ष सेवा निर्यातबाट प्राप्त आय १०.३ प्रतिशतले आयात वापतको खर्च ५.९ प्रतिशतले वृद्धि भएको थियो।

खर्चयोग्य आम्दानी

१.३७ नेपालमा राष्ट्रिय लेखाको विवेचना गर्दा कुल गार्हस्थ्य उत्पादनलाई मात्र आधार मान्ने चलन छ। विगत एक दशक यता नेपालको राष्ट्रिय अर्थतन्त्रमा विप्रेषण आप्रवाह निरन्तररुपमा बढिरहेको छ। तसर्थ, नेपाली जनताको खर्चयोग्य आम्दानी कुल गार्हस्थ्य उत्पादन भन्दा बढी हुन्छ। नेपालीले मुलुकभित्र कमाएको आयमा विदेशबाट कमाएको खुद आय जोड्दा हुने योगलाई कुल राष्ट्रिय खर्चयोग्य आम्दानी भनिन्छ। प्रचलित मूल्यमा २०६६/६७ मा कुल गार्हस्थ्य उत्पादन १९.३ प्रतिशतले र कुल राष्ट्रिय खर्चयोग्य आम्दानी १८.१ प्रतिशतले बढ्ने अनुमान छ। आर्थिक वर्ष २०६५/६६ मा कुल गार्हस्थ्य उत्पादन २१.५ प्रतिशतले र कुल राष्ट्रिय खर्चयोग्य आम्दनी २४.५ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०६६/६७ को कुल गार्हस्थ्य उत्पादन उक्त वर्षको कुल राष्ट्रिय खर्चयोग्य आम्दानीको ८०.० प्रतिशत हुने अनुमान छ।

१.३८ कुल राष्ट्रिय खर्चयोग्य आम्दानीलाई आधार मानी हेर्दा कुल उपभोग अनुपात ७२.५ प्रतिशत र कुल राष्ट्रिय बचत २७.५ प्रतिशत हुन आउँछ। आर्थिक वर्ष २०६५/६६ मा यस्तो उपयोग र बचत अनुपात क्रमशः ७१.५ प्रतिशत र २८.५ प्रतिशत थिए। यसैगरी आर्थिक वर्ष २०६५/६६ र २०६६/६७ मा कुल गार्हस्थ्य बचत, कुल राष्ट्रिय खर्चयोग्य आम्दानीको क्रमशः ७.७ प्रतिशत र ७.५ प्रतिशत थियो। स्मरणीय छ, कुल गार्हस्थ्य उत्पादनको अनुपातको रुपमा यी दुई वर्ष कुल गार्हस्थ्य बचत क्रमशः ९.८ प्रतिशत र ९.४ प्रतिशत थियो। वार्षिक वृद्धिदरको प्रवृत्ति हेर्दा २०६६/६७ मा कुल राष्ट्रिय खर्चयोग्य आम्दानी, उपभोग र बचत सबैको वृद्धिदर २०६५/६६ भन्दा घटेका छन्। कुल खर्चयोग्य आम्दानीको वृद्धिदर भन्दा कुल उपभोगको वृद्धिदर उच्च छ भने बचतको वृद्धिदर कम छ। यसले के देखाउँछ भने बढेको सीमान्त आम्दानीको ठूलो हिस्सा उपभोग मै जाने गरेको छ।

१.३९ राष्ट्रिय लेखा तथ्याङ्कबाट राष्ट्रिय उत्पादनमा संलग्न विभिन्न वर्गबीच कुल आम्दानीको वितरणको स्थिति र समय क्रममा यस्तो वितरणको गतिशीलता पनि हेर्न सकिन्छ। यस दृष्टिकोणबाट हेर्दा आर्थिक वर्ष २०६६/६७ को प्रचलित मूल्यको कुल राष्ट्रिय खर्च

योग्य आम्दानी रू. १४ खर्ब ७९ अर्ब १० करोड १० लाखमध्ये कामदारले तलब भत्ता वापत रू. ४ खर्ब १६ अर्ब ९१ करोड ४० लाख पाएका थिए भने व्यावसायीले कुल नाफा वा मिश्रित आय स्वरुप रू. ६ खर्ब ५७ अर्ब ४१ करोड ६० लाख पाएका थिए। प्रतिशतको हिसाबमा कामदारको अंश २८.२ प्रतिशत र व्यावसायीको अंश ४४.४ प्रतिशत हुन आउँछ। आर्थिक वर्ष २०५७/५८ को कुल राष्ट्रिय खर्चयोग्य आम्दानीमध्ये कामदारको भागमा ३९.१ प्रतिशत र व्यवसायीको भागमा ४२.२ प्रतिशत हिस्सा परेको थियो। यसरी ९ वर्षको अवधिमा कुल आम्दानीमा कामदारको अंश १०.९ प्रतिशत विन्दुले घटेको छ भने व्यवसायीको अंश २.२ प्रतिशत विन्दुले बढेको छ।

२. सार्वजनिक वित्त

सरकारी वित्तको स्वरूप

२.१ नेपाल सरकारको वित्तीय कारोवारको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०६५/६६ मा कुल खर्च रू. २ खर्ब १९ अर्ब ६६ करोड थियो। यसमध्ये चालू खर्च ५८.२ प्रतिशत रहयो भने पुँजीगत खर्च ३३.३ प्रतिशत र साँवा भुक्तानी वापतको खर्च ८.६ प्रतिशत थियो। विगतका वर्षहरूको खर्चको प्रवृत्ति हेर्दा आर्थिक वर्ष २०५८/५९ देखि आर्थिक वर्ष २०६२/६३ सम्म कुल खर्चमा चालू खर्चको अंश ६० देखि ६२ प्रतिशतको हाराहारीमा रहेकोमा त्यसपछिका वर्षहरूमा यसको अनुपातमा केही ह्रास भएको देखिन्छ। खर्चको दृष्टिले यो अपेक्षा गरेको अवस्था हो। कुल खर्चमा पुँजीगत खर्चको अंश आर्थिक वर्ष २०५९/६० देखि आर्थिक वर्ष २०६२/६३ सम्मको अवधिमा २६ प्रतिशतको हाराहारीमा रहेकोमा त्यसपछिका वर्षहरूमा सुधारोन्मुख प्रवृत्ति देखिएको छ। त्यस्तै, राजस्व परिचालनबाट आर्थिक वर्ष २०५८/५९ देखि आर्थिक वर्ष २०६५/६६ सम्म ६३ प्रतिशतदेखि करिब ७० प्रतिशतसम्म कुल खर्च धानिने गरेको पाइन्छ। यो अवधिमा कुल राजस्व औसत १७.३ प्रतिशतले बढेको देखिन्छ भने कुल खर्चको औसत वृद्धिदर १७.८ प्रतिशत रहेको देखिन्छ।

तालिका २ (क) : कुल सरकारी खर्चसँग सरकारी वित्तका शीर्षकहरूको अनुपात

(प्रतिशतमा)

विवरण	2058/59	2059/60	2060/61	2061/62	2062/63	2063/64	2064/65	2065/66
खर्च	100.0	100.0	100.0	100.0	100.0	100.0	100.0	100.0
चालू खर्च	61.0	62.0	62.1	60.1	60.4	57.7	56.7	58.2
पुँजीगत खर्च	30.9	26.6	25.8	26.7	26.7	29.7	33.2	33.3
साँवा भुक्तानी खर्च	8.0	11.4	12.1	13.2	12.9	12.6	10.1	8.6
आय	71.4	80.4	82.3	82.4	77.7	77.5	79.3	77.3
राजस्व	63.0	66.9	69.7	68.4	65.2	65.7	66.7	65.3
वैदेशिक अनुदान	8.4	13.5	12.6	14.0	12.5	11.8	12.6	12.0
बचत (+)/न्यून (-)	-28.6	-19.6	-17.7	-17.6	-22.3	-22.5	-20.7	-22.7
वैदेशिक ऋण	9.6	5.4	8.5	9.0	7.4	7.5	5.6	4.5
आन्तरिक ऋण	10.0	10.6	6.3	8.7	10.7	13.4	12.7	8.4
मौज्दात परिवर्तन (-) बचत	9.0	3.6	2.9	-0.2	4.3	1.6	2.4	9.8

स्रोत : महालेखा नियन्त्रकको कार्यालय।

२.२. आर्थिक वर्ष २०५९/६० देखि आर्थिक वर्ष २०६५/६६ सम्मको अवधिमा न्यून वित्त औसत १६. ० प्रतिशतले बढेको देखिन्छ। यसै अवधिमा कुल खर्चमा न्यून वित्तको अंश

भने आर्थिक वर्ष २०५८/५९ को २८.६ प्रतिशतबाट क्रमिकरुपमा घट्दै आर्थिक वर्ष २०६१/६२ मा १७.६ प्रतिशत रहयो। आर्थिक वर्ष २०६५/६६ मा २२.७ प्रतिशत रहेको छ। कुल न्यून वित्त व्यहोर्ने स्रोतहरूमा आर्थिक वर्ष २०५९/६० मा आन्तरिक ऋणको हिस्सा ५४.० प्रतिशत थियो भने त्यसपछिका वर्षहरूमा यसमा निकै उतारचढाव देखियो। आर्थिक वर्ष २०६५/६६ मा आन्तरिक ऋणको अंश ३७.० प्रतिशतसम्म पुगेको देखिन्छ। वैदेशिक ऋणबाट समेत नपुग हुन आएको रकम मौज्दात परिवर्तनको न्यूनतामा प्रतिविम्बित हुन्छ।

२.३ कुल गार्हस्थ्य उत्पादनको अनुपातमा आर्थिक वर्ष २०६५/६६ मा कुल खर्च र राजस्व आर्थिक वर्ष २०६४/६५ को तुलनामा दुवै बढेका छन्। सरकारी खर्चको अनुपात आर्थिक वर्ष २०६४/६५ मा १९.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा २२.२ प्रतिशत पुगेको छ। राजस्व अनुपात १४.५ प्रतिशत रहेको छ जुन आर्थिक वर्ष २०६४/६५ मा १३.२ प्रतिशत थियो। कुल खर्च र राजस्व परिचालन बीचको अन्तर आर्थिक वर्ष २०६४/६५ को ६.६ प्रतिशतबाट आर्थिक वर्ष २०६५/६६ मा ७.७ प्रतिशत पुगेको छ। यसरी राजस्व परिचालनको हिस्सा बढ्दै गएको सुखद स्थिति देखिएको छ।

तालिका २ (ख) : कुल गार्हस्थ्य उत्पादनसँग सरकारी खर्च र राजस्वको अनुपात

(कुल गार्हस्थ्य उत्पादन, उत्पादकको प्रचलित मूल्यमा)

(प्रतिशत)

विवरण	आर्थिक वर्ष							
	2058/59	2059/60	2060/61	2061/62	2062/63	2063/64	2064/65	2065/66
चालू खर्च	10.6	10.6	10.3	10.5	10.2	10.6	11.2	12.9
पुँजीगत खर्च	5.4	4.5	4.3	4.6	4.5	5.5	6.5	7.4
सांवा भुक्तानी खर्च	1.4	1.9	2.0	2.3	2.2	2.3	2.0	1.9
कुल खर्च	17.4	17.1	16.7	17.4	17.0	18.3	19.7	22.2
राजस्व परिचालन	11.0	11.4	11.6	11.9	11.1	12.0	13.2	14.5
खर्च र राजस्वबीचको अन्तर	6.4	5.6	5.1	5.5	5.9	6.3	6.6	7.7

स्रोत: महालेखा नियन्त्रक कार्यालय र केन्द्रीय तथ्याङ्क विभाग।

२.४ राजस्व वचत पुँजीगत तथा साँवा भुक्तानी खर्च व्यहोर्ने दिगो स्रोतको रुपमा मानिन्छ। आर्थिक वर्ष २०६४/६५ मा पुँजीगत तथा साँवा भुक्तानी खर्चसँग राजस्व बचतको अनुपात २३.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा १७.१ प्रतिशत पुगेको छ। पुँजीगत तथा साँवा भुक्तानी खर्च व्यहोर्ने स्रोतहरू मध्ये आर्थिक वर्ष २०६५/६६ मा वैदेशिक अनुदानको अंश आर्थिक वर्ष २०६४/६५ को तुलनामा ०.४ प्रतिशत विन्दुले कमी आई २८.७ प्रतिशत रहेको छ। साथै, न्यून वित्त परिचालनको यस्तो अनुपात आर्थिक वर्ष २०६४/६५ को तुलनामा आर्थिक वर्ष २०६५/६६ मा ६.३ प्रतिशत विन्दुले बढी ५४.२ प्रतिशत रहेको छ।

तालिका २ (ग) : पुँजीगत तथा साँवा भुक्तानी खर्च र सोको पूर्ति गर्ने स्रोतहरू

शीर्षक	२०५९/६०	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६
कुल पुँजीगत तथा साँवा भुक्तानी खर्च (रू. करोडमा)	३१९१.५६	३३८९.०५	४०८७.४०	४३८७.१४	५६४८.२२	6990.30	9192.30
क. पुँजीगत खर्च	२२३५.६१	२३०९.५६	२७३४.०७	२९६०.६६	३९७२.९९	5351.61	7308.89
ख. साँवा भुक्तानी खर्च	९५५.९५	१०७९.४९	१३५३.३३	१४२६.४८	१६७५.२३	1638.69	1883.41
खर्च व्यहोर्ने स्रोतहरू (प्रतिशतमा)							
क. राजस्व बचत	१३.०	२०.०	२०.६	१२.०	१८.७	23.1	17.1
ख. वैदेशिक अनुदान	३५.५	३३.३	३५.२	३१.५	२८.०	29.1	28.7
ग. न्यून वित्त परिचालन	५१.५	४६.७	४४.२	५६.५	५३.३	47.8	54.2
अ. वैदेशिक ऋण	(१४.३)	(२२.५)	(२२.७)	(१८.८)	(१७.८)	(12.9)	(10.8)
आ.आन्तरिक ऋण	(२७.८)	(१६.५)	(२१.९)	(२६.९)	(३१.७)	(29.3)	(20.0)
इ. मौज्दात परिवर्तन	(९.४)	(७.७)	(०.४)	(१०.८)	(३.८)	(5.6)	(23.3)

स्रोतः महालेखा नियन्त्रक कार्यालय ।

२.५ न्यून वित्त परिचालनका स्रोतहरू मध्ये आर्थिक वर्ष २०६५/६६ मा वैदेशिक ऋणको अंश १०.८ प्रतिशत, आन्तरिक ऋणको अंश २०.० प्रतिशत र मौज्दात परिवर्तनको अंश २३.३ प्रतिशत रहेको छ । साथै, वैदेशिक ऋणको अंश आर्थिक वर्ष २०६१/६२ देखि आर्थिक वर्ष २०६३/६४ सम्म उल्लेख्य थियो । आर्थिक वर्ष २०६५/६६ मा पुँजीगत तथा साँवा भुक्तानी खर्च व्यहोर्ने स्रोतहरूमध्ये राजस्व बचतको अंश १७.१ प्रतिशत, वैदेशिक अनुदानको अंश २८.७ प्रतिशत र न्यून वित्त परिचालनको अंश ५४.२ प्रतिशत रहेको छ । राजस्व बचतको अंश आर्थिक वर्ष २०६४/६५ को तुलनामा आर्थिक वर्ष २०६५/६६ मा ६.० प्रतिशत विन्दुले बढी छ भने वैदेशिक अनुदानको अंश ०.४ प्रतिशत विन्दुले बढी छ ।



सरकारी वित्त

२.६ अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६४/६५ मा कुल सरकारी खर्च २०.८ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६५/६६ मा ३६.१ प्रतिशतले वृद्धि भएको छ । यसमध्ये चालू खर्च आर्थिक वर्ष २०६४/६५ मा १८.६ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६५/६६ मा ३९.७ प्रतिशतले वृद्धि भएको छ । पुँजीगत खर्च आर्थिक वर्ष २०६४/६५ मा ३४.७ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६५/६६ मा ३६.६

प्रतिशतले वृद्धि भएको छ। साँवा भुक्तानी खर्च भने आर्थिक वर्ष २०६४/६५ मा २.२ प्रतिशतले कमी भएकोमा आर्थिक वर्ष २०६५/६६ मा १४.९ प्रतिशतले वृद्धि भएको छ।



२.७ आर्थिक वर्ष २०६५/६६ मा कुल सरकारी खर्च रू. २ खर्ब १९ अर्ब ६६ करोड १९ लाख भएको देखिन्छ। यो खर्च व्यहोर्ने स्रोतहरूमा राजस्व परिचालन ६५.३ प्रतिशत, वैदेशिक अनुदान १२.० प्रतिशत, वैदेशिक ऋण ४.५ प्रतिशत, आन्तरिक ऋण ८.४ प्रतिशत र मौज्दात परिवर्तन ९.८ प्रतिशत रहेका थिए। आर्थिक वर्ष २०६४/६५ मा भएको कुल सरकारी खर्च रू. १ खर्ब ६१ अर्ब ३४ करोड ३३ लाखमध्ये राजस्व परिचालनबाट ६६.७ प्रतिशत, वैदेशिक अनुदानबाट १२.६ प्रतिशत, वैदेशिक ऋणबाट ५.६ प्रतिशत, आन्तरिक ऋणबाट १२.७ प्रतिशत र मौज्दात परिवर्तनबाट २.४ प्रतिशत व्यहोरिएको थियो।



चालू खर्च

२.८ आर्थिक वर्ष २०६५/६६ मा कुल चालू खर्च रू. १ खर्ब २७ अर्ब ७३ करोड ८९ लाख पुगेको छ। यो रकम अघिल्लो आर्थिक वर्षको भन्दा ३९.७ प्रतिशत बढी छ। आर्थिक वर्ष २०६४/६५ मा कुल चालू खर्च रू. ९१ अर्ब ४४ करोड ६९ लाख रहेको थियो। कुल चालू खर्चमध्ये आर्थिक वर्ष २०६५/६६ मा संवैधानिक अंगहरूको खर्चको अंश १.१ प्रतिशत, साधारण प्रशासनको अंश १३.२ प्रतिशत, राजस्व तथा आर्थिक प्रशासनको अंश ०.९ प्रतिशत, आर्थिक प्रशासन र योजनाको अंश ०.३ प्रतिशत, न्याय प्रशासनको अंश ०.६ प्रतिशत तथा वैदेशिक सेवाको अंश ०.९ प्रतिशत रहेको छ। त्यस्तै, रक्षा तर्फको खर्चको अंश १०.८ प्रतिशत, सामाजिक सेवाको अंश ३७.१ प्रतिशत, आर्थिक सेवाहरूको अंश ९.४ प्रतिशत, साँवा व्याज भुक्तानीको अंश ६.४ प्रतिशत र विविध खर्चको अंश १९.२ प्रतिशत रहेको छ।

२.९ कुल चालू खर्चमध्ये आर्थिक वर्ष २०६५/६६ मा सबैभन्दा बढी खर्च (रू. ४७ अर्ब ४३ करोड ७९ लाख) शिक्षा, स्वास्थ्य, खानेपानी, स्थानीय विकास र अन्य सामाजिक सेवामा भएको छ। यसैगरी, अन्य प्रमुख चालू खर्चहरूमध्ये साधारण प्रशासनमा रू. १६ अर्ब ६८ करोड ३ लाख खर्च भएको छ भने रक्षातर्फ रू. १३ अर्ब ७४ करोड ८४ लाख र आर्थिक सेवाहरूमा रू. १२ अर्ब ५ करोड २६ लाख खर्च भएको छ। सोही आर्थिक वर्षमा साँवाको ब्याज भुक्तानीतर्फ रू. ८ अर्ब १५ करोड ४२ लाख खर्च भएको छ।

२.१० प्रमुख चालू खर्चहरूको विश्लेषण गर्दा आर्थिक वर्ष २०६४/६५ को तुलनामा आर्थिक वर्ष २०६५/६६ मा सामाजिक सेवातर्फको खर्च ३५.२ प्रतिशतले वृद्धि भएको देखिन्छ भने रक्षातर्फ ३०.१ प्रतिशतले, साधारण प्रशासनतर्फ २०.९ प्रतिशतले, न्याय प्रशासनतर्फ २०.५ प्रतिशतले, वैदेशिक सेवातर्फ १२.७ प्रतिशतले, आर्थिक सेवातर्फ ३१.० प्रतिशतले, राजस्व तथा आर्थिक प्रशासनतर्फ ३२.२ प्रतिशतले र विविध खर्चतर्फ १०९.९ प्रतिशतले वृद्धि भएको देखिन्छ। तर संवैधानिक अंगतर्फको खर्चमा भने १३.७ प्रतिशतले ह्रास आएको छ। आर्थिक प्रशासन र योजनातर्फ ५.१ प्रतिशतले खर्च बढेको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६५/६६ मा व्याज भुक्तानीतर्फको खर्च भने ३६.३ प्रतिशतले बढेको देखिएको छ।

पुँजीगत खर्च

२.११ आर्थिक वर्ष २०६५/६६ मा अघिल्लो आर्थिक वर्षको तुलनामा पुँजीगत खर्च ३६.६ प्रतिशतले वृद्धि भई कुल रू. ७३ अर्ब ८ करोड ९० लाख भएको छ। आर्थिक वर्ष २०६४/६५ मा यस्तो खर्च रू. ५३ अर्ब ५१ करोड ६२ लाख रहेको थियो। आर्थिक वर्ष २०६५/६६ मा कुल पुँजीगत खर्च अन्तर्गतका प्रमुख खर्चहरूमध्ये आर्थिक सेवामा रू. ३१ अर्ब ९९ करोड ९९ लाख, सामाजिक सेवामा रू. ३४ अर्ब ५ करोड ६८ लाख र रक्षातर्फ रू. ७१ करोड २५ लाख खर्च भएको छ। त्यस्तै, साधारण प्रशासनतर्फ रू. १ अर्ब ७८ करोड १७ लाख, न्याय प्रशासनतर्फ रू. ३० करोड १७ लाख, ऋण तथा लगानी रू. ९३ करोड ४७ लाख, संवैधानिक अंगहरूतर्फ रू. ८ करोड ४७ लाख, राजस्व तथा आर्थिक प्रशासनतर्फ १३ करोड १८ लाख, आर्थिक प्रशासन र योजनातर्फ रू. ४ करोड १२ लाख, वैदेशिक सेवातर्फ रू. ३ करोड ५१ लाख र विविधतर्फ रू. ३ अर्ब २७ लाख खर्च भएको छ। कुल पुँजीगत खर्चको अंशमा आर्थिक सेवा ४३.८ प्रतिशत, सामाजिक सेवा ४६.६ प्रतिशत, रक्षा १.० प्रतिशत, साधारण प्रशासन २.४ प्रतिशत, न्याय प्रशासन ०.४ प्रतिशत, ऋण तथा लगानी १.३ प्रतिशत, संवैधानिक अंगहरू ०.१ प्रतिशत, राजस्व तथा आर्थिक प्रशासन ०.४ प्रतिशत, आर्थिक प्रशासन र योजना ०.२ प्रतिशत, वैदेशिक सेवा र विविध ४.१ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६४/६५ मा भएको पुँजीगत खर्चसँग तुलना गर्दा आर्थिक वर्ष २०६५/६६ मा सामाजिक सेवातर्फ ६९.९ प्रतिशतले र आर्थिक सेवातर्फ ४४.५ प्रतिशतले वृद्धि भएको छ भने रक्षातर्फ ११.९ प्रतिशतले र राजस्व तथा आर्थिक प्रशासनतर्फको खर्च ३१.१ प्रतिशतले कमी भएको देखिन्छ। त्यस्तै, साधारण प्रशासनतर्फ ०.५ प्रतिशतले र न्याय

प्रशासनतर्फको खर्च ८.९ प्रतिशतले वृद्धि भएको छ भने आर्थिक प्रशासन र योजनातर्फको खर्च ४०.८ प्रतिशतले घटेको छ ।

साँवा भुक्तानी खर्च

२.१२ आर्थिक वर्ष २०६५/६६ मा साँवा भुक्तानी खर्च रू. १८ अर्ब ८३ करोड ४१ लाख पुगेको छ । यस्तो खर्च आर्थिक वर्ष २०६४/६५ मा रू. १६ अर्ब ३८ करोड ६९ लाख थियो । आर्थिक वर्ष २०६५/६६ मा कुल साँवा भुक्तानी खर्चमध्ये आन्तरिक ऋणको साँवा भुक्तानी खर्चको अंश ४६.३ प्रतिशत र बाह्य ऋणको साँवा भुक्तानी खर्चको अंश ५३.७ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६५/६६ मा आन्तरिक ऋणको साँवा भुक्तानी खर्च २.३ प्रतिशतले बढेको छ भने बाह्य ऋणको साँवा भुक्तानी खर्च ३४.९ प्रतिशतले घटेको छ ।

आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनासम्मको खर्चको स्थिति

२.१३ कुल नगद निकासा र चालू कोषको आधारमा आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा कुल खर्च २७.४ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ४६ अर्ब २४ करोड ४ लाख पुगेको छ । आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा रू. १ खर्ब १४ अर्ब ७९ करोड ९१ लाख खर्च भएको थियो । कुल खर्चमध्ये आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा चालू खर्च रू. १ खर्ब १ अर्ब ७ करोड ६२ लाख, पुँजीगत खर्च रू. ३४ अर्ब ९ करोड ९१ लाख र साँवा भुक्तानी रू. ११ अर्ब ६ करोड ५० लाख खर्च भएको देखिन्छ । आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा चालू खर्च रू. ७७ अर्ब ३२ करोड ७८ लाख, पुँजीगत खर्चतर्फ रू. २५ अर्ब ९१ करोड २७ लाख र साँवा भुक्तानी रू. ११ अर्ब ५५ करोड ८६ लाख खर्च भएको थियो । यसरी, आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६६/६७ को सोही अवधिमा चालू खर्च ३०.७ प्रतिशतले र पुँजीगत खर्चमा ३१.६ प्रतिशतले वृद्धि भएको छ भने सोही अवधिमा साँवा भुक्तानी खर्चमा ४.३ प्रतिशतले कमी आएको छ ।

राजस्व

२.१४ राजस्व परिचालन, वैदेशिक अनुदान तथा ऋण, आन्तरिक ऋणको साथै नगद मौज्दात परिवर्तनलाई सरकारी खर्च जुटाउने वित्तीय संयन्त्रको रुपमा उपयोग गरिँदै आएको छ । आर्थिक वर्ष २०६५/६६ मा राजस्व परिचालन आर्थिक वर्ष २०६४/६५ को तुलनामा ३३.३ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ४३ अर्ब ४७ करोड ४५ लाख पुगेको छ । आर्थिक वर्ष २०६४/६५ मा अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलन २२.७ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०६४/६५ मा कुल सरकारी खर्चको ६६.७ प्रतिशत राजस्व परिचालनबाट ब्यहोरिएको थियो भने आर्थिक वर्ष २०६५/६६ मा कुल खर्चको ६५.३ प्रतिशत राजस्व परिचालनबाट ब्यहोरिएको देखिन्छ ।

२.१५ कुल राजस्वमध्ये आर्थिक वर्ष २०६५/६६ मा कर राजस्वको अंश ८१.६ प्रतिशत रहेको छ भने गैरकर राजस्वको अंश १८.४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६४/६५ मा कुल राजस्वमा कर राजस्व र गैरकर राजस्वको अंश क्रमश ७९.१ प्रतिशत र २०.९ प्रतिशत रहेको थियो।

२.१६ आर्थिक वर्ष २०६५/६६ मा अघिल्लो आर्थिक वर्षको तुलनामा कर राजस्व ३७.५ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६४/६५ मा अघिल्लो आर्थिक वर्षको तुलनामा कर राजस्व १९.७ प्रतिशतले वृद्धि भएको थियो। आर्थिक वर्ष २०६५/६६ मा कुल कर राजस्वमध्ये भन्सार महसुलको अंश २२.९ प्रतिशत रहेको छ भने वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने करको अंश ४७.८ प्रतिशत रहेको छ। मालपोत तथा रजिष्ट्रेशनको अंश ४.५ प्रतिशत र आय, नाफा र सम्पत्ति करको अंश २४.८ प्रतिशत रहेको देखिन्छ।

२.१७ आर्थिक वर्ष २०६५/६६ मा आर्थिक वर्ष २०६४/६५ को तुलनामा कर राजस्वतर्फ भन्सार महसुल २७.२ प्रतिशतले बढेको छ भने वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर ३६.४ प्रतिशतले वृद्धि भएको छ। आय, नाफा र सम्पत्ति कर ४४.४ प्रतिशतले र मालपोत तथा रजिष्ट्रेशन दस्तुर ७७.६ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६५/६६ मा भन्सार महसुल अन्तर्गत पैठारी महसुल २८.८ प्रतिशतले वृद्धि भएको छ भने निकासी महसुल ७८.७ प्रतिशतले बढ्न गएको र भारतीय अन्त:शुल्क फिर्ता ७.१ प्रतिशतले बढेको देखिन्छ। वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर अन्तर्गत अन्त:शुल्क ४५.० प्रतिशतले र मूल्य अभिवृद्धि कर ३३.२ प्रतिशतले वृद्धि भएको छ।

२.१८ आर्थिक वर्ष २०६४/६५ को तुलनामा आर्थिक वर्ष २०६५/६६ मा गैरकर राजस्व १७.९ प्रतिशतले वृद्धि भई रू. २६ अर्ब ४२ करोड २६ लाख पुगेको छ। कुल गैरकर राजस्वमध्ये आर्थिक वर्ष २०६५/६६ मा दस्तुर, दण्ड, जरिवाना र जफतको अंश २३.४ प्रतिशत, सरकारी सेवा तथा वस्तुको विक्रीबाट प्राप्त आयको अंश १९.९ प्रतिशत, लाभांशको अंश २७.२ प्रतिशत, रोयल्टी तथा सरकारी सम्पत्ति बिक्रीको अंश ९.६ प्रतिशत, साँवा र ब्याजको अंश १७.५ प्रतिशत र विविध गैरकर राजस्वको अंश २.४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६५/६६ मा गैरकर राजस्व अन्तर्गत फर्म रजिष्ट्रेशन दस्तुर ३३.५ प्रतिशतले तथा प्रशासनिक दस्तुर, दण्ड, जरिवाना र जफत ३७४.६ प्रतिशतले वृद्धि भएको छ। सेवामूलक संस्थातर्फको लाभांश १२८.१ प्रतिशतले बढेको र अन्य सरकारी क्षेत्रको आयमा ४.५ प्रतिशतले वृद्धि भएको देखिन्छ। अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६५/६६ मा गैरकर राजस्व अन्तर्गत कम्पनी र संस्थानहरूबाट प्राप्त हुने साँवा ३१.८ प्रतिशतले बढेको छ भने व्याज ४३.७ प्रतिशतले बढेको छ।

आर्थिक वर्ष २०६६/६७ को फागुन महिनासम्मको राजस्वको स्थिति

२.१९ आर्थिक वर्ष २०६६/६७ को फागुन महिनासम्ममा कुल राजस्व रू. १ खर्ब ५ अर्ब ४६ करोड ४३ लाख सङ्कलन भएको छ। आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा कुल राजस्व रू. ८४ अर्ब २० करोड ३२ लाख सङ्कलन भएको थियो। यसरी, आर्थिक वर्ष २०६६/६७ को फागुन महिनासम्मको राजस्व असुली गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २५.२ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६६/६७ को यस अवधिमा कुल राजस्वमध्ये रू. ९३ अर्ब ८ करोड ५ लाख कर राजस्व र रू. १२ अर्ब ३८ करोड ३८ लाख गैरकर राजस्व सङ्कलन भएको छ। अघिल्लो आर्थिक वर्षको फागुन महिनासम्मको तुलनामा आर्थिक वर्ष २०६६/६७ को सोही अवधिमा कर राजस्व ३६.७ प्रतिशतले वृद्धि भएको छ भने गैरकर राजस्व २३.२ प्रतिशतले बढेको छ।

२.२० आर्थिक वर्ष २०६६/६७ को फागुन महिनासम्मको अवधिमा भन्सारतर्फ रू. २१ अर्ब ६८ करोड ९ लाख असुली भई गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४०.७ प्रतिशतले वृद्धि भएको देखिन्छ। यस अवधिमा वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर रू. ४८ अर्ब ७८ करोड ७४ लाख असुली भई अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ४८.० प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६६/६७ को फागुन महिनासम्मको अवधिमा भन्सारतर्फको पैठारी महसुल ४८.४ प्रतिशतले बढ्न गई यस अवधिको कुल भन्सार महसुल मध्ये पैठारी महसुलको अंश ८७.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको यसै अवधिमा यो अंश ८२.९ प्रतिशत थियो। निकासी महसुल ५०.१ प्रतिशतले र भारतीय अन्तःशुल्क फिर्ता २०.८ प्रतिशतले बढेको देखिन्छ। यसरी नै रजिष्ट्रेशन दस्तुर १६.८ प्रतिशतले, आयकर (सार्वजनिक क्षेत्र) १५.५ प्रतिशतले र सवारी साधन कर २०.० प्रतिशतले बढी असुली भएको देखिन्छ।

वैदेशिक सहायता

२.२१ आर्थिक वर्ष २०६३/६४ को तुलनामा आर्थिक वर्ष २०६४/६५ मा स्वीकृत वैदेशिक सहायता ३२.९ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६५/६६ मा २.५ प्रतिशतले घटेको देखिन्छ। आर्थिक वर्ष २०६४/६५ मा रू. ४९ अर्ब १८ करोड ६२ लाख वैदेशिक सहायता स्वीकृत भएकोमा आर्थिक वर्ष २०६५/६६ मा रू. ४७ अर्ब ९७ करोड ५३ लाख स्वीकृत भएको छ। आर्थिक वर्ष २०६५/६६ को कुल स्वीकृत वैदेशिक सहायतामध्ये द्विपक्षीय सहायता अन्तर्गत रू. २७ अर्ब १९ करोड ६५ लाख र बहुपक्षीय सहायता अन्तर्गत रू. २० अर्ब ७७ करोड ८८ लाख रहेको छ। स्वीकृत वैदेशिक सहायतालाई ऋण र अनुदान सहायतामा वर्गीकरण गरी हेर्दा आर्थिक वर्ष २०६५/६६ मा वैदेशिक अनुदानतर्फ रू. ४३ अर्ब ९ करोड ५७ लाख र वैदेशिक ऋणतर्फ रू. ४ अर्ब ८७ करोड ९५ लाख रहेको देखिन्छ। आर्थिक वर्ष २०६५/६६ मा अघिल्लो आर्थिक वर्षको तुलनामा स्वीकृत वैदेशिक सहायतामध्ये वैदेशिक अनुदान ४.९ प्रतिशतले बढ्न गएको छ भने वैदेशिक ऋण ३९.९ प्रतिशतले घटेको छ।

२.२२ स्वीकृत वैदेशिक सहायता रकमलाई क्षेत्रअनुसार वर्गीकरण गरी हेर्दा आर्थिक वर्ष २०६५/६६ मा कुल स्वीकृत वैदेशिक सहायतामध्ये कृषि, सिँचाइ र वन क्षेत्रको अंश ३.६ प्रतिशत, विद्युत्को अंश ७.४ प्रतिशत, ग्रामीण विकास क्षेत्रको अंश २६.१ प्रतिशत, शिक्षा क्षेत्रको अंश २.७ प्रतिशत, यातायात तथा सञ्चार क्षेत्रको अंश १२.५ प्रतिशत र अन्य क्षेत्रको अंश ३३.९ प्रतिशत रहेको छ ।

अनुदान तथा ऋण

२.२३ आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा कुल स्वीकृत वैदेशिक सहायता रू. ७६ अर्ब ७३ करोड ७६ लाख रहन गई अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ७७.९ प्रतिशतले बढेको छ । कुल स्वीकृत वैदेशिक सहायतामध्ये समीक्षा अवधिमा वैदेशिक अनुदानतर्फ रू. ५८ अर्ब ३४ करोड ४५ लाख (कुल सहायताको ७६.० प्रतिशत) र वैदेशिक ऋणतर्फ रू. १८ अर्ब ३८ करोड ८९ लाख (कुल सहायताको २४.० प्रतिशत) रहेको छ । आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनाको अवधिमा कुल स्वीकृत वैदेशिक सहायता रू. ४३ अर्ब १३ करोड ९५ लाखमध्ये अनुदानतर्फ रू. ३८ अर्ब २५ करोड ४८ लाख र ऋणतर्फ रू. ४ अर्ब ८७ करोड ९५ लाख गरी अनुदानको अंश ८७.७ प्रतिशत र ऋणको अंश ११.३ प्रतिशत रहेको थियो ।

प्रतिबद्धता तथा उपयोग

२.२४ आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा कुल स्वीकृत वैदेशिक सहायतामध्ये द्विपक्षीय सहायताको अंश ४१.० प्रतिशत र वहुपक्षीय सहायताको अंश ५९.० प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा स्वीकृत द्विपक्षीय सहायता र बहुपक्षीय सहायताको अंश क्रमशः ५१.८ प्रतिशत र ४८.२ प्रतिशत रहेको थियो । स्वीकृत वैदेशिक सहायता रकमको क्षेत्र अनुसार विश्लेषण गर्दा आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा विद्युत् क्षेत्रमा रू. ११ अर्ब ५७ करोड (१५.६ प्रतिशत), शिक्षा क्षेत्रमा रू. २२ अर्ब ४१ करोड ४६ लाख (२९.२ प्रतिशत), ग्रामीण विकास क्षेत्रमा रू. १२ अर्ब ४६ करोड ६८ लाख (१६.२ प्रतिशत), पिउने पानी तथा ढल निकास क्षेत्रमा रू. ५ अर्ब ८२ करोड ८१ लाख (७.६ प्रतिशत), कृषि, सिँचाइ र वन क्षेत्रमा रू. २ अर्ब ९५ करोड ३५ लाख (३.८ प्रतिशत), यातायात तथा सञ्चार क्षेत्रमा रू. १९ करोड ९९ लाख (०.३ प्रतिशत), स्वास्थ्यमा रू. २९ करोड २३ लाख (०.४ प्रतिशत) र अन्य क्षेत्रहरूमा रू. २० अर्ब ६० करोड ८२ लाख (२६.९ प्रतिशत) को प्रतिबद्धता व्यक्त भएको छ ।

२.२५ आर्थिक वर्ष २०६४/६५ को तुलनामा आर्थिक वर्ष २०६५/६६ मा वैदेशिक सहायताको उपयोग २४.१ प्रतिशतले वृद्धि भई रू. ३६ अर्ब ३५ करोड १७ लाख पुगेको छ । आर्थिक वर्ष २०६५/६६ मा कुल वैदेशिक सहायताको उपयोगमध्ये रू. २६ अर्ब ३८ करोड २८ लाख (७२.६ प्रतिशत) वैदेशिक अनुदानबाट र रू. ९ अर्ब ९६ करोड ८९ लाख (२७.४ प्रतिशत) वैदेशिक ऋणबाट प्राप्त भएको छ । आर्थिक वर्ष २०६४/६५ मा

भएको कुल वैदेशिक सहायताको उपयोग रू. २९ अर्ब ३० करोड ६ लाखमध्ये रू. २० अर्ब ३२ करोड ७ लाख (६.४ प्रतिशत) वैदेशिक अनुदानबाट र रू. ८ अर्ब ९७ करोड ९९ लाख (३०.६ प्रतिशत) वैदेशिक ऋणबाट भएको थियो । आर्थिक वर्ष २०६५/६६ मा



कुल वैदेशिक सहायताको उपयोगमध्ये वहुपक्षीय सहायता अन्तर्गत रू. २७ अर्ब १ करोड ८६ लाख (७४.३ प्रतिशत) र द्विपक्षीय सहायता अन्तर्गत रू. ९ अर्ब ३३ करोड ३१ लाख (२५.७ प्रतिशत) उपयोग भएको छ । अघिल्लो आर्थिक वर्षमा कुल वैदेशिक सहायताको उपयोगमध्ये बहुपक्षीय सहायता अन्तर्गत रू.१९ अर्ब ९ करोड २९ लाख (६५.२ प्रतिशत) र द्विपक्षीय सहायता अन्तर्गत रू. १० अर्ब २० करोड ७७ लाख (३४.८ प्रतिशत) उपयोग भएको थियो ।

२.२६ वैदेशिक सहायता उपयोगको क्षेत्र अनुसार विश्लेषण गर्दा आर्थिक वर्ष २०६५/६६ मा सामाजिक सेवातर्फ रू. २४ अर्ब ६९ करोड ५७ लाख (६७.९ प्रतिशत), यातायात, विद्युत् तथा सञ्चार क्षेत्रतर्फ रू. ६ अर्ब २९ करोड ७७ लाख (१७.३ प्रतिशत), कृषि, सिँचाइ र वनतर्फ रू. २ अर्ब २९ करोड १२ लाख (६.३ प्रतिशत), उद्योग तथा वाणिज्य क्षेत्रतर्फ रू. १६ करोड ७ लाख (०.४ प्रतिशत) र अन्य क्षेत्रतर्फ रू. २ अर्ब ९० करोड ६४ लाख (८.० प्रतिशत) उपयोग भएको देखिन्छ । आर्थिक वर्ष २०६४/६५ मा भएको वैदेशिक सहायताको उपयोगसँग तुलना गर्दा आर्थिक वर्ष २०६५/६६ मा सामाजिक सेवामा ३५.७ प्रतिशतले वृद्धि भएको छ भने यातायात, विद्युत् तथा सञ्चार क्षेत्रमा ६.१ प्रतिशतले वृद्धि भएको छ । कृषि, सिँचाइ तथा वन क्षेत्रमा ४०.६ प्रतिशतले कमि भएको देखिन्छ । त्यस्तै, उद्योग तथा वाणिज्य क्षेत्रमा वैदेशिक सहायताको उपयोगमा १०४.१ प्रतिशतले वृद्धि भएको देखिन्छ भने अन्य क्षेत्रमा वृद्धि ५३१.८ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

कुल वैदेशिक ऋण

२.२७ नेपालको अर्थतन्त्रमा वैदेशिक ऋणले उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ । आर्थिक वर्ष २०६४/६५ मा खुद तिर्न बाँकी वैदेशिक ऋण रू. २ खर्ब ४९ अर्ब ९६ करोड ५४ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा १०.८ प्रतिशतले वृद्धि भई खुद तिर्न बाँकी वैदेशिक ऋण रू. २ खर्ब ७७ अर्ब ४ करोड ४ लाख पुगेको छ ।

२.२८ खुद तिर्न बाँकी वैदेशिक ऋणमा थप प्राप्त भएको ऋण र पुनर्भुक्तानी भएको साँवा समायोजन गर्दा आर्थिक वर्ष २०६५/६६ को फागुन मसान्तमा खुद तिर्न बाँकी वैदेशिक ऋण रू. २ खर्ब ७३ अर्ब ६० करोड ७३ लाख रहेकोमा आर्थिक वर्ष २०६६/६७ को सोही अवधिमा खुद तिर्न बाँकी वैदेशिक ऋणमा ७.५ प्रतिशतले कमी भई रू. २ खर्ब ५३ अर्ब १२ करोड ५२ लाख पुगेको छ।

२.२९ चालू आर्थिक वर्ष २०६६/६७ को आठ महिनाको तथ्याङ्कको आधारमा खुद तिर्न बाँकी वैदेशिक ऋण र कुल गार्हस्थ्य उत्पादनको अनुपात २१.४ प्रतिशत रहेको देखिन्छ। यो अनुपात आर्थिक वर्ष २०६५/६६ मा २७.९ प्रतिशत रहेको थियो।

कुल आन्तरिक ऋण

२.३० २०६५ को असार मसान्तसम्म कुल आन्तरिक ऋण रू. १ खर्ब १६ अर्ब ३ करोड ९५ लाख रहेकोमा २०६६ असार मसान्तमा ८.३ प्रतिशतले वृद्धि भई रू. १ खर्ब २५ अर्ब ६७ करोड ४१ लाख पुगेको छ। २०६६ असार मसान्तस म्मको कुल आन्तरिक ऋणमध्ये नेपाल राष्ट्र बैंकको अंश रू. २८ अर्ब ८८ करोड ३३ लाख (३.० प्रतिशत), वाणिज्य बैंकहरूको अंश रू. ७१ अर्ब २९ करोड २० लाख (५६.७ प्रतिशत) र अन्य संस्था तथा निजी क्षेत्रको अंश रू. २५ अर्ब ४९ करोड ८८ लाख (२०.३ प्रतिशत) रहेको छ। आन्तरिक ऋणका स्रोतहरूको विश्लेषण गर्दा २०६६ असार मसान्तसम्ममा ट्रेजरी बिलको अंश ६८.८ प्रतिशत, विकास ऋणपत्रको अंश २३.५ प्रतिशत, राष्ट्रिय बचतपत्रको अंश ०.२ प्रतिशत, नागरिक बचतपत्रको अंश ३.५ प्रतिशत र विशेष ऋणपत्रको अंश ४.० प्रतिशत रहेको छ।



२.३१ आर्थिक वर्ष २०६५/६६ को तुलनामा आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा कुल आन्तरिक ऋण ३.७ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा कुल आन्तरिक ऋण रू. १ खर्ब १९ अर्ब ९८ करोड ३३ लाख रहेकोमा आर्थिक वर्ष २०६६/६७ को सोही अवधिमा उक्त ऋण बढेर रू. १ खर्ब २४ अर्ब ४५ करोड १२ लाख पुगेको छ। आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनासम्म कायम भएको कुल आन्तरिक ऋणमध्ये नेपाल राष्ट्र बैंकको अंश २७.७ प्रतिशत, वाणिज्य बैंकहरूको अंश ४९.६ प्रतिशत र अन्य संस्थाहरू एवं निजी क्षेत्रको अंश २२.७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ



महिनासम्ममा कायम भएको कुल आन्तरिक ऋणको स्रोतहरूको विश्लेषण गर्दा ट्रेजरी विल रू. ८२ अर्ब ३७ करोड ३३ लाख (६६.२ प्रतिशत), विकास ऋणपत्र रू. ३० अर्ब ९७ करोड ८५ लाख (२४.९ प्रतिशत), राष्ट्रिय बचतपत्र रू.२१ करोड ३३ लाख (०.२ प्रतिशत), नागरिक बचतपत्र रू. ५ अर्ब ३ करोड ३६ लाख (४.० प्रतिशत) र विशेष ऋणपत्र रू. ५ अर्ब ८५ करोड २५ लाख (४.७ प्रतिशत) पुगेको छ। आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा आन्तरिक ऋणका स्रोतहरूको संरचना परिवर्तन हेर्दा विकास ऋणपत्र ३०.६ प्रतिशतले बढेको छ भने राष्ट्रिय बचतपत्र ८०.९ प्रतिशतले र ट्रेजरी विल ४.७ प्रतिशतले घट्न गएका छन्। सबैभन्दा पछिल्लोपटक मिति २०६१।१२।१५ मा ५ वर्ष अवधि (अर्थात् २०६६/१२/१५) मा भुक्तानी हुने गरी राष्ट्रिय बचतपत्रको निष्कासन भएपश्चात् नयाँ निष्कासन नभएको तथा विगतमा निष्कासित बचतपत्रको क्रमशः भुक्तानी हुँदै गएको कारण राष्ट्रिय बचतपत्रको अंश उल्लेख्यरुपमा घट्न गएको हो। विशेष ऋणपत्र १५.६ प्रतिशतले र नागरिक बचतपत्र ४५.२ प्रतिशतले बढ्न गएका छन्। कुल गार्हस्थ्य उत्पादनसँग कुल आन्तरिक ऋण दायित्वको अनुपात आर्थिक वर्ष २०६४/६५ मा १४.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा १२.४ प्रतिशत हुन गएको छ।

न्यून वित्त

२.३२ राजस्व तथा वैदेशिक अनुदानको रुपमा प्राप्त हुने आयको परिमाण खर्चको परिमाणको तुलनामा कम हुन गएकोले न्यून वित्तको स्थिति कायमै रहेको देखिन्छ। आर्थिक वर्ष २०६४/६५ मा न्यून वित्त रू. ३३ अर्ब ४० करोड ६७ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा ४९.१ प्रतिशतले वृद्धि भई न्यून वित्त रू. ४९ अर्ब ८० करोड ४६ लाख पुगेको छ। आर्थिक वर्ष २०५९/६० देखि क्रमिकरूपमा घट्दै गएको न्यून वित्तको प्रवृत्ति आर्थिक वर्ष २०६१/६२ देखि पुनः वृद्धि भएको छ। आर्थिक वर्ष २०६४/६५ मा न्यून वित्त/ कुल गार्हस्थ्य उत्पादन अनुपात ४.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा ५.० प्रतिशत रहेको छ।

न्यून वित्त पूर्तिको स्रोत

२.३३ सरकारी खर्च र आयमा सन्तुलन हुन नसकेको कारण सिर्जित न्यून वित्तको परिपूर्ति वैदेशिक ऋण, आन्तरिक ऋण र मौज्दात परिवर्तनबाट हुँदै आएको छ। आर्थिक वर्ष २०६५/६६ को न्यून वित्त रू. ४९ अर्ब ८० करोड ४६ लाखमध्ये वैदेशिक ऋणबाट रू. ९अर्ब ९६ करोड ८९ लाख (२०.० प्रतिशत), आन्तरिक ऋणबाट रू. १८ अर्ब ४१ करोड ७१ लाख (३७.० प्रतिशत) र नपुग रू. २१ अर्ब ४१ करोड ८६ लाख (४३.० प्रतिशत) मौज्दात परिवर्तनबाट व्यहोरिएको छ। आर्थिक वर्ष २०६४/६५ मा भएको कुल न्यून वित्त रू. ३३ अर्ब ४० करोड ६७ लाखमध्ये रू. ८ अर्ब ९७ करोड ९९ लाख वैदेशिक ऋणबाट र रू. २० अर्ब ४९ करोड ६४ लाख आन्तरिक ऋणबाट व्यहोरिएकोमा रू. ३ अर्ब ९३ करोड ४ लाख मौज्दात परिवर्तनमा न्यून भएको थियो।

तालिका २(घ) : न्यून वित्त

रकम रू. करोडमा

आर्थिक वर्ष	न्यून वित्त	न्यून वित्त/कुल गार्हस्थ्य उत्पादन अनुपात (प्रतिशतमा)
2057/58	24,18.81	5.5
2058/59	22,94.06	5.0
2059/60	16,43.72	3.3
2060/61	15,82.82	2.9
2061/62	18,04.65	3.1
2062/63	24,77.96	3.8
2063/64	30,09.17	4.1
2064/65	33,40.67	4.1
2065/66	4980.46	5.0

स्रोत : महालेखा नियन्त्रक कार्यालय र केन्द्रीय तथ्याङ्क विभाग ।



३. मूल्य तथा आपूर्ति

मुद्रास्फीतिको स्वरुप

३.१ मौद्रिक विस्तारको कारणबाट भन्दा पनि कतिपय संरचनात्मक एवं वाह्य कारणहरूको प्रभाव नेपालको मूल्य स्थितिमा बढी पर्ने गरेको देखिएको छ । कृषिजन्य एवं औद्योगिक उत्पादनको गिर्दो अवस्था तथा बन्द, हडताल आदिबाट आपूर्ति व्यवस्थामा पर्ने प्रतिकूल प्रभावहरूको कारण मूल्य स्थिति प्रभावित हुने गरेको छ । मूल्यलाई प्रभाव पार्ने बाह्य कारणहरूमा अन्तर्राष्ट्रिय बजारमा हुने पेट्रोलियम पदार्थको मूल्य वृद्धि र भारतीय मुद्रास्फीति आदि प्रमुख छन् । मौद्रिक योगाङ्कहरूमा हुने परिवर्तनबाट समष्टिगत मागमा असर पर्ने भएकोले निश्चितरुपमा मूल्यमा समेत यसको प्रभाव रहेको हुन्छ । गत आर्थिक वर्ष २०६५।६६ मा खाद्यान्न र पेट्रोलियम पदार्थमा भएको अत्यधिक मूल्य वृद्धिका कारण नेपालको मुद्रास्फीति दर बढेर दोहोरो अंकमा अर्थात् १३.२ प्रतिशत पुगेको थियो । अन्तर्राष्ट्रियरुपमा चुनौतिपूर्ण बन्दै गएको मुद्रास्फीतिको परिप्रेक्ष्यमा आन्तरिक आपूर्ति व्यवस्था सहज तुल्याउन, मुद्रा प्रदायलाई उचित स्तरमा कायम राख्न र मुद्रास्फीति विरोधी (anti-inflationary) कदमहरू अख्तियार गर्न विभिन्न प्रयासहरू गरिए । तर त्यसको प्रभाव नगण्य रह्यो । यो अवधिमा भारतीय मूल्य स्थिति र खासगरी खाद्यवस्तुहरूको मूल्य वृद्धिको प्रभावका कारण नेपालको मुद्रास्फीतिको दर बढ्न गयो । विशेष गरेर बन्द, हडताल आदिबाट आन्तरिक आपूर्ति व्यवस्था प्रभावित भई नेपालको मुद्रास्फीतिमा थप चापको स्थिति अझै पनि रहिरहेको छ ।



* प्रथम आठ महिना ।

समग्र उपभोक्ता मूल्य स्थिति

३.२ २०६६ फागुन महिनामा वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको समग्र उपभोक्ता मूल्य सूचकाङ्कको वृद्धिदर (आधार वर्ष २०५२/५३=१००) अर्थात् समग्र उपभोक्ता मुद्रास्फीति दर ११.२ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति

१३.१ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ महिनाको औसत उपभोक्ता मुद्रास्फीति दर १०.७ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६५/६६ को पहिलो आठ महिनाको औसत उपभोक्ता मुद्रास्फीति दर १३.८ प्रतिशत रहेको थियो । मुद्रास्फीतिमा गत वर्षको औसत वृद्धिदरको तुलनामा सामान्य कमी आएतापनि अद्यापि दुइ अंकमा कायम रहीरहेको छ । नेपाल राष्ट्र बैंकद्वारा आर्थिक वर्ष २०६६/६७ का लागि सार्बजनिक गरिएको मौद्रिक नीतिमा औसत उपभोक्ता मुद्रास्फीति दर ७.० प्रतिशतमा सीमित रहने अनुमान गरिएको थियो । तर, पेट्रोलियम पदार्थको मूल्य वृद्धि पश्चात् पटक पटक विभिन्न समयमा मूल्यमा समायोजन भएको भएतापनि उपभोक्ता मुद्रास्फीतिमा आशातीतरुपमा सकारात्मक प्रभाव पर्न नसक्नु, चिनी तथा चिनीजन्य वस्तुका साथै दलहन र खाद्यान्नको मूल्य वृद्धि हुँदै जानु तथा बन्द हड्ताल र लोडसेडिङ्गको समस्या यथावत् रहनु आदि जस्ता विविध कारणहरूले गर्दा चालु आर्थिक वर्षमा पनि मुद्रास्फीति दर दुई अंकमा रहने अनुमान रहेको छ ।

तालिका ३ (क) : उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित वार्षिक विन्दुगत मुद्रास्फीति दर

(प्रतिशत)

महिना	आर्थिक वर्ष				
	२०६२/२०६३	२०६३/२०६४	२०६४/२०६५	२०६५/६६	२०६६/६७*
साउन	7.3	7.3	6.3	13.1	10.4
भदौ	8.2	6.6	7.0	13.5	9.7
असोज	7.8	7.5	6.3	14.1	9.3
कात्तिक	8.5	7.1	6.3	14.5	9.9
मंसिर	8.8	7.3	5.7	14.1	11.3
पुस	7.0	7.6	5.8	14.4	11.8
माघ	5.8	8.0	6.4	13.7	12.0
फागुन	7.7	6.2	7.2	13.1	11.2
चैत	7.9	5.6	8.9	11.9	
वैशाख	9.1	4.6	9.2	12.9	
जेठ	9.1	4.5	11.0	12.3	
असार	8.3	5.1	12.1	11.4	
वार्षिक औसत	**8.0**	**6.4**	**7.7**	**13.2**	**10.7**

* प्रथम आठ महिनाको औसत

स्रोत : नेपाल राष्ट्र बैंक ।

३.३ भौगोलिक क्षेत्रको आधारमा उपभोक्ता मूल्य सूचकाङ्क विश्लेषण गर्दा २०६६ फागुनमा काठमाडौ उपत्यका, पहाड र तराईमा यो सूचकाङ्क क्रमशः १०.२ प्रतिशत, १२.५ प्रतिशत र ११.३ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष फागुनमा यो वृद्धिदर क्रमशः १३.४ प्रतिशत, १२.४ प्रतिशत र १३.३ प्रतिशत रहेको थियो ।

तालिका ३ (ख) : शहरी क्षेत्रको विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क

(आधार वर्ष २०५२/५३ =१००)

(प्रतिशत परिवर्तन)*

क्षेत्र	भार प्रतिशत	आर्थिक वर्ष				
		२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७**
काठमाडौ उपत्यका	३०.८	5.5	6.4	7.0	13.4	10.2
पहाड	१८.८	7.6	5.2	7.5	12.4	12.5
तराई	५०.४	9.0	6.5	7.1	13.3	11.3
नेपाल	१००.०	7.7	6.2	7.2	13.1	11.2

* फागुन-फागुनको विन्दुगत परिवर्तन, ** अपरिष्कृत

स्रोत : नेपाल राष्ट्र बैंक ।

३.४ भौगोलिक क्षेत्र अनुसार मूल्य सूचकाङ्कको वृद्धि विश्लेषण गर्दा चालु वर्षको प्रथम आठ महिनामा काठमाडौ, पहाड र तराईमा यो सूचकाङ्क क्रमशः ९.९ प्रतिशत, १०.९ प्रतिशत र ११.१ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो वृद्धिदर क्रमशः १४.८ प्रतिशत, १३.३ प्रतिशत र १३.५ प्रतिशत रहेको थियो । गत वर्ष उच्चतम मूल्य चाप काठमाडौले व्यहोरेकोमा यस वर्ष यस्तो चाप पहाडमा सरेको छ । गत वर्षको तुलनामा यो वर्ष क्षेत्रगत मुद्रास्फीति दर अन्तर समेत बढेको छ ।



तालिका ३ (ग) : शहरी क्षेत्रको औसत उपभोक्ता मूल्य सूचकाङ्क

(आधार वर्ष २०५२/५३ =१००)

(प्रतिशत परिवर्तन)*

क्षेत्र	भार प्रतिशत	आर्थिक वर्ष				
		२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७**
काठमाडौं	३०.८	6.1	6.7	5.9	14.8	9.9
पहाड	१८.८	8.4	7.0	6.2	13.3	10.9
तराई	५०.४	8.3	7.6	6.7	13.4	11.1
नेपाल	१००.००	7.6	7.2	6.4	13.8	10.7

* प्रथम आठ महिनाको औसत मूल्य वृद्धिदर; ** अपरिष्कृत

स्रोत : नेपाल राष्ट्र बैंक ।

खाद्य तथा पेय पदार्थ समूह

३.५ समूहगत आधारमा विश्लेषण गर्दा उपभोक्ता मूल्य सूचकाङ्कमा ५३.२ प्रतिशत भार रहेको खाद्य तथा पेय पदार्थ समूहको मूल्य २०६६ फागुनमा वार्षिक विन्दुगत आधारमा १५.७ प्रतिशतले बढेको छ । गत वर्षको यसै अवधिमा यो वृद्धिदर १७.१ प्रतिशत रहेको थियो । खाद्य तथा पेय पदार्थको मूल्य वृद्धिदर यसरी उच्च रहनुमा विशेष गरेर चिनी तथा चिनीजन्य पदार्थ (६१.० प्रतिशत), मरमसला (३३.७ प्रतिशत), दाल (२९.६ प्रतिशत), मासु, माछा तथा फुल (२३.८ प्रतिशत) र रेष्टुरेण्टको खाना (१७.३ प्रतिशत) मा भएको उच्च मूल्य वृद्धिको असर हो । यो समूहमा तेल तथा घ्यू बाहेकका अन्य सबै उपसमूहमा मूल्य बढेको छ ।



गैर-खाद्य तथा सेवा समूह

३.६ उपभोक्ता मूल्य सूचकाङ्कमा ४६.८ प्रतिशत भार रहेको गैर-खाद्य तथा सेवा समूहको मूल्य २०६६ फागुनमा वार्षिक विन्दुगत आधारमा ५.९ प्रतिशतले बढेको छ । २०६५ फागुनमा यस समूहको मूल्यसूची ८.८ प्रतिशतले बढेको थियो । यो समूहको मूल्य

वृद्धि हुनुमा विशेष गरेर सुर्ती तथा सुर्तीजन्य पदार्थ (११.१ प्रतिशत) र शिक्षा, शैक्षिक सामग्री तथा मनोरञ्जन (११.१ प्रतिशत) मा भएको मूल्य वृद्धिको परिणाम हो । यसको अतिरिक्त समीक्षा अवधिमा यो समूहमा यातायात तथा सञ्चार बाहेकका अन्य सबै उपसमूहमा मूल्य बढेको छ ।

तालिका ३ (घ) : शहरी क्षेत्रको विन्दुगत राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क

(आधार वर्ष २०५२/५३ = १००)

(**प्रतिशत परिवर्तन**)*

उपभोग्य वस्तुहरू	भार (प्रतिशत)	आर्थिक वर्ष				
		२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६*	२०६६/६७**
कुल (क+ख)	**100.0**	**7.7**	**6.2**	**7.2**	**13.1**	**11.2**
क. खाद्य तथा पेय पदार्थ	**53.2**	**6.2**	**9.2**	**9.4**	**17.1**	**15.7**
अन्न तथा त्यसबाट बनेका परिकार	18.0	13.2	7.8	14.9	13.0	12.3
दलहन	2.7	12.4	17.9	13.7	24.6	29.6
तरकारी तथा फलफूल	7.9	1.5	18.4	-1.8	21.9	6.9
मरमसला	1.9	2.4	26.8	-0.7	10.9	33.7
मासु, माछा तथा फुल	5.2	-1.2	12.0	5.3	25.2	23.8
दुध तथा दुग्ध पदार्थ	4.0	5.1	6.9	7.6	17.0	13.0
तेल तथा घ्यू	3.1	-3.0	10.9	27.3	6.5	-3.2
चिनी तथा चिनीजन्य पदार्थ	1.2	5.3	-12.2	-8.4	53.0	61.0
पेय पदार्थ	2.3	10.4	3.1	2.2	14.2	14.4
रेष्टुरेण्टको खाना	6.9	3.3	2.9	7.8	19.3	17.3
ख. गैर-खाद्य वस्तु तथा सेवा	**46.8**	**9.1**	**3.2**	**4.9**	**8.8**	**5.9**
लत्ता कपडा तथा तयारी लुगा	8.9	2.9	2.4	2.4	8.5	6.3
जुत्ता	2.2	2.8	6.1	4.6	7.4	6.4
घरायसी सामान	14.9	14.1	3.1	6.1	8.9	6.6
यातायात तथा सञ्चार	4.0	21.2	0.5	1.1	13.5	-0.9
औषधि तथा व्यक्तिगत हेरचाह	8.0	3.0	2.4	5.8	4.8	2.1
शिक्षा, शैक्षिक सामग्री तथा मनोरञ्जन	7.1	4.8	6.1	5.5	8.3	11.1
सुर्ती तथा सुर्तीजन्य पदार्थ	1.7	3.8	6.4	8.3	16.3	11.1

* फागुन-फागुनको विन्दुगत मूल्य, ** अपरिष्कृत

स्रोत : नेपाल राष्ट्र बैंक ।

क्षेत्रगत उपभोक्ता मूल्य स्थिति

३.७ क्षेत्रगत आधारमा ३०.८ प्रतिशत भार रहेको काठमाडौ उपत्यकाको मूल्य सूचकाङ्क २०६६ फागुनमा वार्षिक विन्दुगत आधारमा १०.२ प्रतिशतले बढेको छ। २०६५ फागुनमा यो सूचकाङ्क १३.४ प्रतिशतले बढेको थियो। खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १५.२ प्रतिशतले बढेको छ भने गैर-खाद्य वस्तु तथा सेवा समूहको मूल्य सूचकाङ्क ४.८ प्रतिशतले बढेको छ। खाद्य समूहतर्फ चिनी तथा चिनीजन्य पदार्थ, दाल, मासु, माछा तथा फुल, मरमसला र रेष्टुराँको खानाको मूल्य उच्च दरले बढेको छ। यो समूहमा चिनी तथा चिनीजन्य पदार्थको मूल्य सबैभन्दा बढी ५८.८ प्रतिशतले बढेको छ। यसैगरी, गैर-खाद्य तथा सेवा समूहमा विशेष गरेर शिक्षा, शैक्षिक सामग्री तथा मनोरञ्जन (१३.३ प्रतिशत), सुर्ती तथा सुर्तीजन्य पदार्थ (८.४ प्रतिशत) र इन्धन, बत्ती तथा पानी (६.१ प्रतिशत) को मूल्य बढेको छ।

३.८ क्षेत्रगत आधारमा मूल्य सूचकाङ्कमा सबैभन्दा बढी भार (५०.४ प्रतिशत) ओगट्ने तराईको मूल्य सूचकाङ्क २०६६ फागुनमा ११.३ प्रतिशतले बढेको छ। २०६५ फागुनमा यो सूचकाङ्क १३.३ प्रतिशतले बढेको थियो। खाद्य तथा पेय पदार्थ समूहमा विशेष गरी चिनी तथा चिनीजन्य पदार्थ (६३.४ प्रतिशत), मरमसला (३५.९ प्रतिशत), दाल (२६.३ प्रतिशत), मासु, माछा तथा फुल (१८.७ प्रतिशत) र पेय पदार्थ (१५.६ प्रतिशत) को मूल्य उच्च रहेको कारण समग्रमा यो समूहको सूचकाङ्क १५.६ प्रतिशतले बढेको छ। यसैगरी, गैर-खाद्य तथा सेवा समूहमा शिक्षा, शैक्षिक सामग्री तथा मनोरञ्जन (९.९ प्रतिशत), जुत्ता (८.५ प्रतिशत), इन्धन, बत्ती तथा पानी (८.३ प्रतिशत), लत्ता कपडा तथा तयारी लुगा (७.८ प्रतिशत) र घरायसी सामान (७.१ प्रतिशत) को मूल्य वृद्धि अधिक रहेकोले समग्रमा यो समूहको सूचकाङ्क ५.९ प्रतिशतले बढेको छ।

३.९ क्षेत्रगतरुपमा मूल्य सूचकाङ्कमा तुलनात्मकरुपमा सबैभन्दा कम भार (१८.८ प्रतिशत) ओगट्ने पहाडको मूल्य सूचकाङ्क २०६६ फागुनमा १२.५ प्रतिशतले बढेको छ। २०६५ फागुनमा यो सूचकाङ्क १२.४ प्रतिशतले बढेको थियो। खाद्य तथा पेय पदार्थ समूहमा विशेष गरी चिनी तथा चिनीजन्य पदार्थ (५८.६ प्रतिशत), मरमसला (३७.८ प्रतिशत), दाल (२६.१ प्रतिशत), माछा, मासु तथा फुल (२३.६ प्रतिशत), र पेय पदार्थ (१९.३ प्रतिशत) र रेष्टुराँको खाना (१८.६ प्रतिशत) को मूल्यमा उच्च वृद्धि भई यो समूहको सूचकाङ्क १६.६ प्रतिशतले बढेको छ। गैर-खाद्य तथा सेवा समूहमा सुर्ती तथा सुर्तीजन्य पदार्थ (१५.९ प्रतिशत, शैक्षिक सामग्री तथा मनोरञ्जन (११.४ प्रतिशत), जुत्ता (८.१ प्रतिशत) र लत्ता कपडा तथा तयारी लुगा (७.५ प्रतिशत) को मूल्यमा आएको वृद्धिले समग्रमा यो समूहको सूचकाङ्क ७.५ प्रतिशतले बढेको छ।

अन्तर्निहित मुद्रास्फीति

३.१० उपभोक्ता मूल्य सूचकाङ्कबाट Exclusion Method अनुसार चामल, तरकारी तथा फलफूल, इन्धन, बत्ती तथा पानी र यातायातलाई हटाएर अन्तर्निहित मुद्रास्फीति (Core inflation) गणना गर्दा विन्दुगत आधारमा २०६६ फागुनमा १२.८ प्रतिशत

रहेको छ। २०६५ फागुनमा यो मुद्रास्फीति १२.५ प्रतिशत रहेको थियो। समूहगत आधारमा विश्लेषण गर्दा खाद्य तथा पेय पदार्थ समूहको मूल्य २०६५ फागुनमा १७.२ प्रतिशतले वृद्धि भएकोमा २०६६ फागुनमा १९.० प्रतिशतले बढेको छ। गैर-खाद्य तथा सेवा समूहको मूल्य २०६५ फागुनमा ८.२ प्रतिशतले बढेकोमा २०६६ फागुनमा ६.५ प्रतिशतले बढेको छ।

थोक मूल्य सूचकाङ्क

३.११ वार्षिक विन्दुगत आधारमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क (२०५६/५७ = १००) २०६६ फागुनमा १२.२ प्रतिशतले बढेको छ। २०६५ फागुनमा यो वृद्धिदर १२.३ प्रतिशत रहेको थियो। राष्ट्रिय थोक मूल्य सूचकाङ्क अन्तर्गत कृषि वस्तु समूहको मूल्य सूचकाङ्क १९.२ प्रतिशतले, स्वदेशमा उत्पादित औद्योगिक वस्तु समूहको १२.१ प्रतिशतले र आयातीत वस्तु समूहको १.२ प्रतिशतले बढेको छ।

३.१२ कृषि वस्तु समूह अन्तर्गत मसलाहरू, पशुजन्य उत्पादन, दलहन र खाद्यान्न वस्तुहरूको मूल्य वृद्धि उच्च रहेको छ। स्वदेशमा उत्पादित औद्योगिक वस्तु समूहमा खाद्यजन्य वस्तुहरू, पेय तथा सुर्तीजन्य वस्तुहरू र निर्माण सामग्रीको मूल्य उच्च दरले बढेको छ भने आयातीत वस्तु समूहमा औषधि र पेट्रोलियम वस्तु तथा कोईलाको मूल्य वृद्धि तुलनात्मकरुपमा बढी छ।

तालिका ३ (ङ) : राष्ट्रिय थोक मूल्य सूचकाङ्क

(आधार वर्ष २०५६/५७ = १००)

(प्रतिशत परिवर्तन)*

समूह	भार (प्रतिशत)	आर्थिक वर्ष				
		२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७**
कुल	**100.0**	**6.2**	**12.2**	**6.6**	**12.3**	**12.2**
कृषि वस्तु	49.6	4.7	19.9	4.9	15.3	19.2
स्वदेशमा उत्पादित औद्योगिक वस्तु	20.4	3.5	8.7	9.0	8.8	12.1
आयातीत वस्तु	30.0	10.1	3.7	7.8	10.0	1.2

* फागुन-फागुनको विन्दुगत मूल्य परिवर्तन, ** अपरिष्कृत

स्रोत : नेपाल राष्ट्र बैंक।

राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

३.१३ वार्षिक बिन्दुगत आधारमा २०६६ फागुन महिनामा राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क (२०६१/६२=१००) १३.७ प्रतिशतले बढेको छ। २०६५ फागुनमा यो सूचकाङ्क १९.३ प्रतिशतले बढेको थियो। राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क अन्तर्गत तलव सूचकाङ्कको वृद्धिदर १३.८ प्रतिशत रहेको छ भने ज्यालादर सूचकाङ्कको वृद्धिदर १३.६ प्रतिशत रहेको छ। २०६५ फागुनमा तलब तथा ज्यालादर सूचकाङ्कहरू क्रमशः १६.८ प्रतिशत र २०.१ प्रतिशतले बढेको थियो। सरकारी कर्मचारी, सेना, प्रहरी, शिक्षक

लगायतको तलबमा भएको वृद्धि एवं औद्योगिक प्रतिष्ठानहरूमा कार्यरत मजदुरहरूको ज्यालादरमा वृद्धि हुन गएको कारणबाट तलव तथा ज्यालादर सूचकाङ्कहरूमा वृद्धि आएको हो ।

तालिका ३ (च) : राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

(आधार वर्ष २०६१/६२ = १००)

समूह/उपसमूह	भार (प्रतिशत)	आर्थिक वर्ष*			
		२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७**
कुल सूचकाङ्क	**100.0**	**10.1**	**9.0**	**19.3**	**13.7**
१. तलव सूचकाङ्क	**27.0**	**6.2**	**10.9**	**16.8**	**13.8**
१.१ निजामती सेवा	2.8	10.0	23.5	28.1	14.6
१.२ सार्वजनिक संस्थानहरू	1.1	6.7	8.8	21.9	11.1
१.३ बैंक तथा वित्तीय संस्थानहरू	0.6	3.0	50.5	18.2	1.3
१.४ सेना तथा प्रहरीवल	4.0	11.4	9.3	30.9	13.0
१.५ शिक्षा	10.6	7.0	14.8	16.1	22.4
१.६ निजी प्रतिष्ठानहरू	7.9	1.3	-1.5	2.7	0.0
२. ज्यालादर सूचकाङ्क	**73.0**	**11.4**	**8.4**	**20.1**	**13.6**
२.१ कृषि मजदुर	39.5	10.9	6.0	26.9	17.0
२.२ औद्योगिक मजदुर	25.2	13.3	11.6	10.6	8.8
२.३ ज्यामी (निर्माण मजदुर)	8.3	7.5	10.9	18.1	10.6

* फागुन-फागुनको विन्दुगत परिवर्तन; ** अपरिष्कृत

स्रोत : नेपाल राष्ट्र बैंक ।

आपूर्ति स्थिति

३.१४ पेट्रोलियम पदार्थहरू मध्ये आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा पेट्रोलको आपूर्ति ३५.५ प्रतिशतले वृद्धि भई १ लाख ४ हजार ४ सय ८९ किलो लिटर पुग्न गएको छ भने डिजेलको आपूर्ति पनि ३३.६ प्रतिशतले वृद्धि भई ३ लाख ७१ हजार ४ सय ३५ किलो लिटर पुगेको छ । गत वर्षको सोही अवधिमा पेट्रोल र डिजेलको आपूर्ति क्रमशः ७७ हजार १ सय १२ र २ लाख ७८ हजार २२ किलो लिटर रहेको थियो । यसैगरी, फर्नेस आयलको आपूर्ति गत वर्षको आठ महिनामा ७ सय किलो लिटर रहेकोमा समीक्षा अवधिमा १.१८ गुणाले वृद्धि भई १ हजार ५ सय ३२ किलो लिटर रहेको छ । त्यसैगरी, एल.पि. ग्याँसको आपूर्ति गत वर्ष ७३ हजार ६ सय १८ मेट्रिक टन रहेकोमा चालु वर्षको सोही अवधिमा १७.४ प्रतिशतले वृद्धि भई ८६ हजार ४ सय ३ मेट्रिक टन पुगेको छ । समीक्षा अवधिमा हवाई इन्धनको आपूर्ति १३.७ प्रतिशतले वृद्धि भई ५४ हजार ८ सय ७० किलो लिटर रहेको छ । गत वर्षको सोही अवधिमा हवाई इन्धनको आपूर्ति ४८ हजार २ सय ६४ किलो लिटर रहेको थियो । तर मट्टितेल र लाइट डिजेल आयलको आपूर्ति भने गत वर्षको तुलनामा क्रमशः ३२.५ र ३८.५

प्रतिशतले ह्रास आई ३९ हजार १ सय १ र १ सय ६० किलो लिटर रहेको छ । गत वर्षको उक्त पदार्थको आपूर्ति क्रमशः ५७ हजार ९ सय ६६ र २६० किलो लिटर रहेको थियो ।

३.१५ पेट्रोलियम पदार्थको मूल्य निर्धारण गर्दा नेपाल आयल निगमको डिपो वा भन्सार विन्दु रहेको ठाउँ अनुसार थोक विक्री मूल्य (मू.अ. करसमेत) निर्धारण गर्ने व्यवस्था यथावत् रहेको छ । पेट्रोलियम पदार्थको थोक विक्री वितरण गर्ने व्यवस्था विराटनगर, वीरगञ्ज, अमलेखगञ्ज, काठमाडौ, पोखरा, भैरहवा, नेपालगञ्ज, सुर्खेत, दाङ्ग, धनगढी, दिपायल, महेन्द्रनगर र जनकपुरबाट गरिएको छ । यस व्यवस्थाबाट ठाउँ अनुसार पेट्रोलियम पदार्थको थोक मूल्य तथा खुद्रा मूल्यमा फरक पर्न सक्दछ । उदाहरणको लागि, वीरगञ्ज तथा विराटनगर डिपोबाट उपलब्ध हुने पेट्रोलको प्रति किलो लिटर थोक मूल्य रू. ७५ हजार ३ सय ३७ पैसा ६५ रहेको छ भने दिपायल तथा सुर्खेत डिपोको थोक मूल्य रू. ७६ हजार ८ सय २३ पैसा ५ रहेको छ । काठमाडौ उपत्यकाको पेट्रोलको सरदर खुद्रा मूल्य रू. ८०, डिजेल तथा मट्टितेलको ६१ रुपैया र एल.पि. ग्याँस प्रति सिलिण्डर १२ सय ५० रुपैया रहेको छ । हवाई इन्धनको मूल्य रू. ७५ किलो लिटर रहेको छ ।

३.१६ नेपालका ३० दुर्गम पहाडी जिल्लाहरूमा सरल एवम् सुलभरुपमा खाद्यान्न उपलब्ध गराउने नीति अनुरूप समीक्षा वर्षमा पनि खाद्य संस्थानमार्फत ढुवानी गरी आपूर्ति गराउने कार्य जारी छ । आर्थिक वर्ष २०६५/६६ मा १८ हजार ५ सय मेट्रिक टन खाद्यान्न ढुवानी गर्ने लक्ष्य रहेकोमा १९ हजार २ सय ५० मेट्रिक टन ढुवानी गरिएको थियो । चालु आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ महिनामा १२ हजार ९ सय ६० मेट्रिक टन खाद्यान्न ढुवानी गर्ने लक्ष्य रहेकोमा १२ हजार ४७ मेट्रिक टन ढुवानी गरी आपूर्ति गरिएको छ । अघिल्लो वर्ष यसै अवधिमा १२ हजार ९ सय ५० मेट्रिक टन ढुवानी गर्ने लक्ष्य रहेकोमा ११ हजार ३ सय २० मेट्रिक टन आपूर्ति गरिएको थियो ।

३.१७ चालु आर्थिक वर्ष २०६६/६७ मा देशका विभिन्न २२ दुर्गम तथा अतिदुर्गम जिल्लाहरूमा कुल ३५ हजार ३ सय ६० क्वीन्टल आयोडिनयुक्त नुन ढुवानी गर्ने लक्ष्य रहेकोमा पहिलो आठ महिनामा २५ हजार ८ सय ७३ क्वीन्टल ढुवानी गर्ने काम पूरा भएको छ ।

केही प्रमुख वस्तुहरूको सरदर खुद्रा मूल्य

३.१८ दैनिक उपभोग्य वस्तुहरूमध्ये प्रमुख १० कृषिजन्य वस्तुहरूको सरदर खुद्रा मूल्यको समीक्षा गर्दा अधिकांश वस्तुको मूल्य वृद्धि भएको छ । आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा गत वर्षको सोही अवधिको तुलनामा नौ वटा वस्तुहरूको मूल्य औसतमा बढेको छ भने एउटा वस्तुको मात्र मूल्य औसतमा घटेको छ । आलु र रहरको दालको मूल्यमा सबैभन्दा बढी अर्थात ५५.४ र ५०.५ प्रतिशतले वृद्धि भएको छ भने अदुवा (३९.० प्रतिशत), मासको दाल (३३.२ प्रतिशत), सुकेको प्याज (२६.० प्रतिशत), खारेको घ्यू (२२.५ प्रतिशत), र खसीको मासु (२१.१ प्रतिशत) मा पनि उच्च दरले वृद्धि भएको छ । त्यसैगरी, मोटो चामल र गहुँको पिठोको मूल्य सामान्य वृद्धि

भएको छ। प्रायः सबै वस्तुहरूको मूल्य बढिरहेको अवस्थामा पनि तोरीको तेलको मूल्यमा भने गत वर्षको तुलनामा ७.० प्रतिशतले ह्रास आएको छ।

३.१९ सरदर खुद्रा बजार मूल्यको आधारमा गणना गर्दा समग्रमा २०६५ फागुनको तुलनामा २०६६ फागुनमा मूल्य वृद्धि भएका वस्तुहरूमा रहरको दाल ५६.८ प्रतिशत, मासको दाल ५३.७ प्रतिशत, अदुवा ३८.६ प्रतिशत, खसीको मासु २१.२ प्रतिशत, सुकेको प्याज ११.३ प्रतिशत, खारेको घ्यू १७.७ प्रतिशत, गहुँको पिठो ११.७ प्रतिशत, र मोटो चामल ११.१ प्रतिशत रहेका छन् भने मूल्य घटेका वस्तुहरूमा आलु ५.५ प्रतिशत र तोरीको तेल ०.५ प्रतिशत रहेका छन्।

३.२० भौगोलिक क्षेत्र अनुसार अघिल्लो वर्षको तुलनामा २०६६ फागुन महिनामा तराईमा नौ वटा वस्तुहरूको मूल्य बढेको छ भने पहाडमा आठ वटा वस्तुहरूको मात्र मूल्य बढेको छ। २०६६ फागुन महिनामा गत वर्षको यसै अवधिको तुलनामा तराईमा उच्च मूल्य वृद्धि भएका वस्तुहरूमा मासको दाल, रहरको दाल, अदुवा र खसीको मासु रहेका छन् भने पहाडमा रहरको दाल, मासको दाल, अदुवा, सुकेको प्याज रहेका छन्। तराईमा विशेष गरेर आलुको मूल्यमा २२.७ प्रतिशतले ह्रास आएको छ भने पहाडमा तोरीको तेल र आलुको मूल्यमा क्रमशः ४.४ र २.२ प्रतिशतले ह्रास आएको छ।

४. मुद्रा तथा बैंकिङ्ग

मौद्रिक नीति

४.१ नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा भएको कानुनी प्रावधान अनुसार नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०५९/६० देखि प्रत्येक वर्ष मौद्रिक नीति सार्वजनिक गर्दै आइरहेको छ। यसरी जारी गरिने मौद्रिक नीतिमा कर्जा, विदेशी विनिमय, लघुवित्त, वित्तीय क्षेत्रको नियमन तथा सुपरिवेक्षण सम्बन्धी विषयवस्तुहरू समावेश हुने गरेका छन्। हालसम्म सार्वजनिक गरिएका मौद्रिक नीतिहरूमा विशेष गरेर आन्तरिक स्थायित्व (मूल्य स्थिरता र वित्तीय क्षेत्र स्थायित्व) तथा वाह्य क्षेत्र स्थायित्व (शोधनान्तर अनुकुलता) लाई प्राथमिक उद्देश्यका रुपमा लिइने गरिएको छ। यसको अतिरिक्त ऐनमा उल्लेखित अन्य उद्देश्यहरूलाई समेत प्राथमिकीकरण गरी आवश्यक नीति र कार्यक्रमहरूको तर्जुमा तथा कार्यान्वयन हुँदै आएको छ।

४.२ आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीति तर्जुमा गर्दा आर्थिक वर्ष २०६५/६६ को पछिल्लो आर्थिक तथा मौद्रिक स्थिति, वित्तीय क्षेत्रको स्थिति, बाह्य क्षेत्र क्रमिकरुपले उदार गर्दै जाने नीतिलाई प्रमुख आधारको रुपमा लिइनुका साथै विश्व अर्थतन्त्रमा देखिएका घटना र त्यसबाट नेपाली अर्थतन्त्रमा आउन सक्ने सम्भावित असरलाई समेत विचार गरिएको थियो।

४.३ गत आर्थिक वर्ष २०६५/६६ को उच्चतम मूल्य वृद्धिदरलाई दृष्टिगत गरी मौद्रिक नीतिको अग्रिम अडान (Ex-ante stance) केही कडा कायम गरिएको थियो तापनि उक्त वर्ष नेपालको मूल्य वृद्धि विगत १७ वर्षकै उच्च रह्यो। केही अन्तर्राष्ट्रिय व्यापारका वस्तुहरूको मूल्यमा व्यापक गिरावट आएपनि खाद्यान्नको मूल्यमा चापको स्थिति नै रह्यो। आपूर्तिजन्य कारणहरूले मूल्यस्तरमा चाप परेको तथा मौद्रिक नीतिको प्रभावकारितामा नै प्रश्न उठेको स्थितिलाई समेत दृष्टिगत गरी आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिको अडान तय गर्नुपर्ने आवश्यकता देखिएको थियो।

४.४ आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीति तर्जुमा गर्दाको समयमा पनि उत्साहजनक विप्रेषण आप्रवाहका कारण अर्थतन्त्रमा पर्याप्त तरलता प्रवाह भएको स्थितिमा थप लचिलो मौद्रिक नीति अवलम्बन गर्नु उचित नहुने हुंदा मौद्रिक नीतिको अडान सजग नै कायम राख्नु वाञ्छनीय रहेको महशुस गरिएको थियो। तसर्थ मूल्यमा स्थिरता कायम गर्नको लागि विगतको मौद्रिक नीतिको सजग र कठोर अडानमा परिवर्तन गर्नुपर्ने आवश्यकता देखिएन।

मञ्जुषा ४ (क) : आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिका विशेषताहरू

1. आर्थिक वर्ष २०६६/६७ का लागि निम्नानुसार आर्थिक तथा मौद्रिक लक्ष्यहरू निर्धारण गरिएको :
   - वार्षिक औषत मुद्रास्फीति ७.० प्रतिशत रहने प्रारम्भिक अनुमान रहेकोमा मौद्रिक नीतिको मध्यावधि समीक्षामार्फत् १०.७ प्रतिशत कायम रहने संशोधित अनुमान।

- रू. १८ अर्ब शोधनान्तर बचत हुने ।
- आर्थिक वर्ष २०६६।६७ को बजेट वक्तव्यमा उल्लेखित ५.५ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहज हुने गरी मौद्रिक तरलताको व्यवस्थापन गरिने ।
- विस्तृत मुद्रा प्रदायको वाञ्छित वार्षिक वृद्धिदर १७.० प्रतिशत रहने प्रारम्भिक अनुमान रहेकोमा मौद्रिक नीतिको मध्यावधि समीक्षामार्फत् १४.० प्रतिशत कायम रहने संशोधित अनुमान ।
- वाणिज्य बैंकहरूबाट निजी क्षेत्रमा प्रवाह हुने कर्जाको वृद्धिदर २०.७ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएकोमा मौद्रिक नीतिको मध्यावधि समीक्षामार्फत् १८.२ प्रतिशत कायम रहने संशोधित अनुमान ।

२. मौद्रिक नीति सञ्चालनको क्रममा समकक्षीको दायरा अझ फराकिलो पारी वाणिज्य बैंकका अतिरिक्त विकास बैंक र वित्त कम्पनीलाई पनि समेटिए अनुसार तरलता अनुगमन तथा प्रक्षेपण संरचनाको प्रयोगमा विकास बैंक र वित्त कम्पनीहरूको समेत अधिक तरलताको अनुगमन र प्रक्षेपण गर्ने व्यवस्था मिलाइने ।

३. आर्थिक वर्ष २०६६।६७ भित्र नेपाल राष्ट्र बैंक, वाणिज्य बैंक लगायत विकास बैंक र वित्त कम्पनीको वासलातमा आधारित "विस्तारित मौद्रिक सर्वेक्षण" (Broad Monetary Survey) प्रशोधन र प्रकाशन गरिने ।

४. बैंकदर ६.५ प्रतिशत यथावत कायम गरिएको ।

५. स्वदेशी मुद्रामा प्रदान गरिने निर्यात पुनर्कर्जादरलाई २.० प्रतिशत यथावत कायम राखी बैंक तथा वित्तीय संस्थाहरूले यो सुविधा उपयोग गरी ऋण प्रवाह गर्दा सम्बन्धित ऋणीबाट ५.० प्रतिशतभन्दा बढी व्याज लिन नपाउने व्यवस्था गरिएकोमा मौद्रिक नीतिको मध्यावधि समीक्षामार्फत् गरिएको उक्त पुनरकर्जादरमा ५० आधार विन्दुले कटौती गरी १.५ प्रतिशत कायम गरिएको र बैंक तथा वित्तीय संस्थाले सम्बन्धित ऋणीबाट ४ प्रतिशत भन्दा बढी व्याज असुली गर्न नपाउने व्यवस्था गरिएको ।

६. रुग्ण उद्योग पुनर्कर्जा दर १.५ प्रतिशत यथावत कायम गरिएको ।

७. साना तथा घरेलु उद्योगहरूलाई प्रवाह भएको कर्जाको धितोमा बैंक तथा वित्तीय संस्थाहरूलाई २.५ प्रतिशत व्याजदरमा पुनरकर्जा उपलब्ध गराउने व्यवस्था यथावत् कायम गरिएको ।

८. रिपो तथा रिभर्स रिपो बोलकबोलको अधिकतम अवधि २८ दिन यथावत् कायम राखिएकोमा मौद्रिक नीतिको मध्यावधि समीक्षामार्फत् विद्यमान २८ दिनको अधिकतम अवधिलाई परिवर्तन गरी ४५ दिन पुऱ्याइएको ।

९. स्वदेशी निक्षेप दायित्वको ५.५ प्रतिशत अनिवार्य नगद मौज्दात कायम गर्नुपर्ने व्यवस्था यथावत् कायम गरिएको ।

१०. आर्थिक वर्ष २०६६।६७ देखि बैंक तथा वित्तीय संस्थाहरूले वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) कायम गर्नुपर्ने व्यवस्था गरी "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरूले २०६६ पुस मसान्तसम्ममा आफ्नो स्वदेशी निक्षेप दायित्वको क्रमशः ६.० प्रतिशत, २.० प्रतिशत र १.० प्रतिशत र २०६७ असार मसान्तसम्ममा क्रमशः ८.० प्रतिशत, ३.० प्रतिशत र २.० प्रतिशत अनिवार्यरुपमा

सरकारी ऋणपत्रमा लगानी गर्नुपर्ने व्यवस्था गरिएको। मौद्रिक नीतिको मध्यावधि समीक्षामार्फत् यस अनुरूप वैधानिक तरलता अनुपात कायम गर्दा तोकिएको ऋणपत्र वा आफूसँग रहेको नगद मौज्दात वा सोही प्रयोजन खोली "क" वर्गको वाणिज्य बैंकमा Call Deposit मा राखेको रकमलाई समेत उक्त व्यवस्थाको लागि योग्य उपकरणको रुपमा गणना गर्न पाउने व्यवस्था गरिएको।

11. स्थायी तरलता सुविधा अन्तर्गत बैंक तथा वित्तीय संस्थाहरूलाई अधिकतम ५ दिनका लागि प्रदान हुने सुविधा र यसमा लगाउँदै आएको पेनाल व्याजदर ३.० प्रतिशत यथावत् कायम राखिएको।

12. वाणिज्य बैंकहरूले नेपालबाहिर पनि शाखा खोल्न चाहेमा स्वीकृति दिने व्यवस्था मिलाइएको।

13. एकल ग्राहक कर्जा सीमालाई २०६७ साउन १ गतेदेखि गैर-कोषमा आधारित सीमा समेत गरी प्राथमिक पुँजीको २५ प्रतिशत कुल सीमा कायम गर्ने व्यवस्था गरिएकोमा उक्त सीमा कायम नै राखी मौद्रिक नीतिको मध्यावधि समीक्षामार्फत् तोकिएका केही क्षेत्रहरूमा सो सीमा अधिकतम ३० प्रतिशत कायम गर्ने व्यवस्था गरिएको तथा जलविद्युत, ट्रान्समिसन लाइन र केवुलकार निर्माणको लागि ५० प्रतिशतको सीमा यथावत कायम गरिएको।

14. अन्तर्राष्ट्रिय विमानस्थलस्थित बैंक काउण्टरबाट अमेरिकी डलर १००।- वा सो बराबरसम्मको विदेशी मुद्रा सटही गर्न Foreign Exchange Encashment Receipt (FEER) आवश्यक नपर्ने व्यवस्था गरिएको।

15. बिभिन्न प्रयोजनको लागि व्यक्ति तथा संघ/संस्थाहरू र बैंक तथा वित्तीय संस्थाहरूलाई आवश्यक कागजातको आधारमा प्रदान गरिने सटही सुविधाको सीमा अमेरिकी डलर ४,०००।- बाट बढाएर अमेरिकी डलर ६,०००।- सम्म पुऱ्याइएको।

आर्थिक तथा मौद्रिक लक्ष्य

४.५ आर्थिक वर्ष २०६६/६७ मा पनि मौद्रिक नीतिको प्रमुख लक्ष्य मूल्य, बाह्य क्षेत्र एवम् वित्तीय क्षेत्रको स्थायित्व कायम गरी उच्च तथा दिगो आर्थिक विकासको लागि वातावरण सिर्जना गर्नु रहेको छ। यी लक्ष्यहरू हासिल गर्ने क्रममा आर्थिक वर्ष २०६६/६७ मा वार्षिक औसत मुद्रास्फीति दर ७.० प्रतिशतमा कायम राख्ने प्रारम्भिक प्रक्षेपण गरिएको थियो। आर्थिक वर्ष २०६६/६७ मा ५.५ प्रतिशतको आर्थिक वृद्धिदर, ७.० प्रतिशतको वार्षिक औसत मुद्रास्फीति दर तथा रू. १८ अर्बको शोधनान्तर बचत हासिल गर्ने लक्ष्यका आधारमा विस्तृत मुद्रा प्रदायको वृद्धिदर १७.० प्रतिशत रहने प्रक्षेपण गरिएको थियो। निजी क्षेत्रतर्फको कर्जा वृद्धिदर २०.७ प्रतिशत रहने प्रक्षेपण रहेको थियो। आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिको मध्यावधि समीक्षामार्फत् यी मौद्रिक लक्ष्यहरूमा संशोधन गरिएको छ।

मौद्रिक उपकरण कार्यान्वयन नीति

४.६ वाणिज्य बैंकहरूको अनिवार्य नगद अनुपात तथा दैनिक कारोवारको लागि आवश्यक पर्ने बाहेकको अधिक तरलतालाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा लिइने

व्यवस्थालाई आर्थिक वर्ष २०६६/६७ मा पनि यथावत् कायम राखिएको छ। मौद्रिक नीतिको प्रमुख उपकरणको रूपमा विगतमा झैं खुला बजार कारोबारलाई निरन्तरता दिइएको छ। आवश्यकताअनुसार सोझै खरिद, बोलकबोल तथा रिपो बोलकबोल र सोझै बिक्री तथा रिभर्स रिपो बोलकबोल जस्ता खुला बजार उपकरणहरूको माध्यमबाट तरलता प्रवाह र प्रशोचन गरी मौद्रिक व्यवस्थापन गरिने व्यवस्थालाई निरन्तरता दिइएको छ। बैंक तथा वित्तीय संस्थाहरूको वित्तीय सवलता कायम राख्न सहयोग पुगोस् भन्ने उद्देश्यले आर्थिक वर्ष २०६६।६७ देखि वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) सम्बन्धी नयाँ व्यवस्था कायम गरिएको छ। यस अन्तर्गत बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो स्वदेशी निक्षेप दायित्वको निश्चित प्रतिशतले हुन आउने रकम अनिवार्यरुपमा सरकारी ऋणपत्रमा वा तोकिएका अन्य योग्य उपकरणहरूमा लगानी गर्नुपर्ने व्यवस्था गरिएको छ।

४.७ मौद्रिक नीति सञ्चालनका निम्ति समकक्षीको रुपमा वाणिज्य बैंकहरूको अतिरिक्त विकास बैंक र वित्त कम्पनीहरूलाई पनि समावेश गरी नेपाल राष्ट्र बैंकले मौद्रिक उपकरणको रूपमा दोस्रो खुला बजार कारोबार सञ्चालन गर्दा तथा नेपाल सरकारको ट्रेजरी बिल र विकास ऋणपत्रको धितोमा अल्पकालीन स्थायी तरलता सुविधा प्रदान गर्दा वाणिज्य बैंकका अतिरिक्त विकास बैंक र वित्त कम्पनीलाई समेत सहभागी गराउने व्यवस्था लागू भैसकेको सन्दर्भमा तरलता अनुगमन तथा प्रक्षेपण संरचना अन्तर्गत विकास बैंक र वित्त कम्पनीहरूको समेत अधिक तरलताको अनुगमन र प्रक्षेपण गर्ने तथा नेपाल राष्ट्र बैंक, वाणिज्य बैंक लगायत विकास बैंक र वित्त कम्पनीको वासलातमा आधारित विस्तारित मौद्रिक सर्वेक्षण प्रशोधन र प्रकाशन गरिने कार्यक्रम रहेको छ।

४.८ बैंकदर, विदेशी मुद्रामा प्रदान गरिने निर्यात पुनर्कर्जादर, रूग्ण उद्योग पुनर्कर्जादर, साना तथा घरेलु उद्योग पुनर्कर्जादर, अनिवार्य नगद अनुपात तथा स्थायी तरलता सुविधाको पेनाल ब्याजदर यथावत कायम गरिएको छ। आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिको मध्यावधि समीक्षाबाट छनौटपूर्ण कर्जा नीतिमार्फत् उत्पादनमूलक क्षेत्रतर्फ प्रवाहित हुने बैंक कर्जाको कमी हुन नदिन उक्त क्षेत्रहरूमा सम्बन्धित क्षेत्रकै असल कर्जाको धितोमा मात्र निश्चित शर्त तथा मापदण्डहरू अन्तर्गत रही वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूलाई नेपाल राष्ट्र बैंकबाट ७.५ प्रतिशत व्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने र त्यस्तो सुविधा अन्तर्गत वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूले सम्बन्धित ऋणीबाट १०.५ प्रतिशतभन्दा बढी व्याजदर असुल गर्न नपाउने व्यवस्था गरिएको छ।

४.९ निर्यातको प्रतिस्पर्धात्मक क्षमता बढाउन सहयोग पुऱ्याउने उद्देश्यले नेपाली मुद्रामा प्रवाह हुने निर्यात पुनर्कर्जादरलाई आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिको मध्यावधि समीक्षामार्फत् साविकको २.० प्रतिशतबाट घटाई १.५ प्रतिशत कायम गरिएको छ। आर्थिक वर्ष २०६६/६७ को लागि रूग्ण उद्योग पुनर्कर्जा सुविधा विगतको झैं रू. २ अर्ब प्रदान गर्न सकिने गरी छुट्याइएको छ भने यस्तो पुनरकर्जा दर १.५ प्रतिशत यथावत् कायम गरिएको छ।

तालिका ४ (क) : बैंकदर, पुनर्कर्जा दर र अनिवार्य नगद अनुपात

प्रतिशतमा

उपकरणहरू	आर्थिक वर्ष				
	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६	२०६६/६७
बैंकदर	६.२५	६.२५	६.२५	6.5	6.5
पुनर्कर्जादरहरू					
निर्यात कर्जा (स्वदेशी मुद्रामा)	३.५	३.५	२.५	2.0	1.5
निर्यात कर्जा (विदेशी मुद्रामा)	३.२५	३.२५	३.२५	*+0.25	*+0.25
रूग्ण उद्योग	१.५	१.५	१.५	1.5	1.5
साना तथा घरेलु उद्योग		३.५	२.५	2.5	2.5
उत्पादनमूलक क्षेत्र**					7.5
अनिवार्य नगद अनुपात	५.०	५.०	५.०	5.5	5.5
स्थायी तरलता सुविधा (पेनाल दर)	-	1.5	2.0	3.0	3.0

* LIBOR Rate मा जोड्ने

** आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिको मध्यावधि समीक्षामार्फत् नयाँ व्यवस्था गरिएको ।

स्रोतः नेपाल राष्ट्र बैंक ।

४.१० नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई नेपाल सरकारको ट्रेजरी बिल्स र विकास ऋणपत्रको धितोमा दिंदै आएको स्थायी तरलता सुविधाको पेनाल व्याजदर साविकको ३.० प्रतिशत यथावत कायम गरिएको छ भने यसको व्याजदर गणना विधिमा परिमार्जन गरी पछिल्लो ९१-दिने ट्रेजरी बिलको भारित औषत व्याजदर वा विगत एक महिनाभित्रको पछिल्लो रिपो बोलकवोलको भारित औषत व्याजदर वा प्रचलित बैंकदरमध्ये जुन अधिकतम छ, त्यसमा ३.० प्रतिशत विन्दुले पेनाल व्याजदर थप गरी निर्धारण गर्ने व्यवस्था कायम गरिएको छ ।

मञ्जुषा ४ (ख) : आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिको मध्यावधि समीक्षा

नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको नियमितरुपमा मध्यावधि समीक्षा गर्दै आइरहेको छ । २०६६ चैत २० गते चालु आर्थिक वर्षको मौद्रिक नीतिको मध्यावधि समीक्षाको विवरण सार्वजानिक गरिएको थियो । आर्थिक वर्ष २०६६/६७ को पहिलो ६ महिनासम्मको मौद्रिक नीतिको कार्यान्वयन स्थिति, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा विकसित घट्नाक्रमहरू र त्यसले नेपालको आर्थिक, वित्तीय तथा मौद्रिक क्षेत्रमा पार्न सक्ने प्रभावलाई मनन् गरी आर्थिक वर्ष २०६६/६७ को बाँकी अवधिका लागि मौद्रिक नीतिको अडानलाई यथावत् कायम राखिएको छ । तदनुसार बैंकदर, अनिवार्य नगद अनुपात तथा स्थायी तरलता सुविधामा लगाइने पेनाल व्याजदर यथावत् राखिएको छ भने स्वदेशी मुद्रामा प्रदान गरिने निर्यात पुनर्कर्जादर ५० आधार विन्दुले कटौती गरी १.५ प्रतिशत कायम गरिएको छ । छनौटपूर्ण कर्जा नीतिमार्फत् बैंक कर्जा अनुत्पादक क्षेत्रबाट उत्पादनमूलक क्षेत्रतर्फ प्रवाहित भई निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्नुका साथै उर्जा र पर्यटन क्षेत्रमा समेत कर्जाको कमी हुन नदिन उक्त क्षेत्रहरूमा सम्बन्धित क्षेत्रकै असल कर्जाको धितोमा मात्र वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूलाई नेपाल राष्ट्र

बैंकबाट ७.५ प्रतिशत व्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने नयाँ व्यवस्था मिलाइएको छ । यस सुविधा अन्तर्गत वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूले सम्बन्धित ऋणीबाट १०.५ प्रतिशतभन्दा बढी व्याजदर असुल गर्न नपाउने व्यवस्था गरिएको छ । साथै मौद्रिक नीतिको मध्यावधि समीक्षामा गैर-आर्थिक कारणहरूबाट आन्तरिक आर्थिक तथा औद्योगिक गतिविधिमा शिथिलता आउन गई निर्यात व्यापार खस्कने र आयात उपरको निर्भरता बढ्दै जाने अवस्थाको विकास हुँदै आएको अवस्थामा मौद्रिक नीतिको सजग अडानबाट अर्थतन्त्रको सन्तुलन कायम गर्न केही हदसम्म सहयोग पुग्ने विश्वास समेत जनाइएको छ ।

मौद्रिक योगाङ्कहरूको स्थिति

४.११ अघिल्लो आर्थिक वर्षको पहिलो आठ महिनामा १३.७ प्रतिशतको उच्चदरले विस्तार भएको विस्तृत मुद्रा प्रदाय २०६६/६७ को समीक्षा अवधिमा ६.८ प्रतिशतले मात्र बढेको छ ।



* प्रथम आठ महिना

४.१२ अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा संकुचित मुद्रा प्रदायको वृद्धिदरमा पनि कमी आएको छ । अघिल्लो वर्ष संकुचित मुद्रा प्रदाय ११.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४.६ प्रतिशतले मात्र बढेको छ । अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा आन्तरिक सम्पत्ति उच्च दरले बढेको भए पनि खुद वैदेशिक सम्पत्ति घटेकोले मौद्रिक योगाङ्कहरू कम दरले बढेका हुन ।

तालिका ४ (ख) : मुद्रा प्रदायमा प्रभाव पार्ने कारकहरू

(वार्षिक परिवर्तन, रकम रू. करोड तथा प्रतिशतमा)

क्र.सं.	शीर्षक	प्रथम आठ महिना			
		2065/66		2066/67*	
		रकम	प्रतिशत	रकम	प्रतिशत
१	खुद वैदेशिक सम्पत्ति	3481.02	20.3	-2353.47	-10.6
२	खुद आन्तरिक सम्पत्ति	3283.39	10.1	6672.59	16.2
३	कुल आन्तरिक कर्जा	3260.13	7.5	5656.93	10.2
४	सरकारलाई गएको खुद कर्जा	-2011.87	-23.1	-1371.52	-13.1
	क. सरकारमाथिको दावी	245.65	2.7	-1289.21	-12.3
	ख. सरकारी बचत	2257.52	572.0	82.31	0.0
५	संस्थानतर्फ गएको कर्जा	6.6	5.3	22.7	3.1
	(क) वित्तीय	-23.1	-13.8	6.7	4.9
	(ख) गैर-वित्तीय	29.8	5.3	16.0	4.9
६	गैर-सरकारी वित्तीय संस्थालाई गएको कर्जा	213.2	70.1	-181.1	-29.3
७	निजी क्षेत्रलाई गएको कर्जा	5052.2	14.9	7186.9	16.5
८	खुद अमौद्रिक दायित्व	-23.3	-0.2	-1015.7	-7.2
९	मुद्रा प्रदाय, एम २ (१०+११)	6764.4	13.7	4319.1	6.8
१०	मुद्रा प्रदाय, एम १ (क+ख)	1830.7	11.9	899.2	4.6
	क) मुद्रा	2190.7	21.9	1430.0	11.4
	ख) चल्ती निक्षेप	-360.0	-6.6	-530.9	-7.5
११	मुद्दती र बचत निक्षेप +	4933.7	14.5	3420.0	7.8

*अपरिष्कृत

+ मार्जिन निक्षेप समेत

स्रोत: नेपाल राष्ट्र बैंक ।

४.१३ समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्तिमा (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) रू २३ अर्ब ५३ करोड (१०.६ प्रतिशत) ले ह्रास आएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रू ३४ अर्ब ८१ करोड (२०.३ प्रतिशत) ले बढेको थियो । अघिल्लो वर्षको पहिलो आठ महिनाको तुलनामा समीक्षा अवधिमा व्यापार घाटामा उच्च विस्तार भएकोले खुद वैदेशिक सम्पत्ति घटेको हो ।



४.१४ समीक्षा अवधिमा सञ्चित मुद्रा २.९ प्रतिशतले बढेर रू. २०१ अर्ब ३४ करोड पुगेको छ। अघिल्लो वर्षको यसै अवधिमा सञ्चित मुद्रा १४.५ प्रतिशतको उच्चदरले बढेको थियो। समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको खुद वैदेशिक सम्पत्तिमा ह्रास आएको कारण अघिल्लो वर्षको तुलनामा सञ्चित मुद्रा कम दरले बढेको हो।

तालिका ४ (ग) : सञ्चित मुद्रामा भएको परिवर्तन

(रकम रू. करोडमा)

	२०६५ असार	२०६५ फागुन	२०६६ असार	२०६६ फागुन*	प्रथम आठ महिनामा प्रतिशत परिवर्तन	
					2065/66	2066/67
सञ्चित मुद्रा	14459.2	16554.4	19557.5	20133.5	14.5	2.9
संकुचित मुद्रा गुणक	1.067	1.043	1.005	1.020	-2.3	1.5
विस्तृत मुद्रा गुणक	3.426	3.401	3.235	3.357	-0.7	3.6

*अनुमानित

स्रोत : नेपाल राष्ट्र बैंक।

कुल आन्तरिक कर्जा

४.१५ आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ महिनामा कुल आन्तरिक कर्जा १०.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त कर्जा ७.५ प्रतिशतले बढेको थियो। निजी क्षेत्रतर्फको कर्जामा भएको उच्च वृद्धिले आन्तरिक कर्जामा विस्तार आएको हो। समीक्षा अवधिमा नेपाल सरकारमाथिको खुद दावी रू १३ अर्ब ७२ करोड (१३.१ प्रतिशत) ले घटेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त दावी रू २० अर्ब १२ करोड (२३.१ प्रतिशत) ले घटेको थियो। साधन परिचालनको रफ्तार अनुरूप खर्चमा वृद्धि हुन नसकेकोले नेपाल सरकारमाथिको दावी घटेको हो। समीक्षा अवधिमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रू ८२ करोड ३१ लाख नगद बचत कायम रहेको छ।

४.१६ यस अवधिमा निजी क्षेत्रतर्फको दावी १६.५ प्रतिशत अर्थात् रू. ७१ अर्ब ८७ करोडले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको दावी १४.९ प्रतिशत अर्थात् रू. ५० अर्ब ५२ करोडले बढेको थियो।

४.१७ समीक्षा अवधिमा वाणिज्य बैंकहरूको वित्त कम्पनी, पेन्सन फण्ड तथा वीमा कम्पनीतर्फको लगानीमा कमी आएकोले गैरसरकारी वित्तीय संस्थाहरूतर्फको दावी २९.३ प्रतिशतले घटेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको दावी ७०.१ प्रतिशतको उच्चदरले बढेको थियो।

४.१८ समीक्षा अवधिमा गैर-वित्तीय सरकारी संस्थाहरूमाथिको दावी ३.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रमाथिको दावी ५.३ प्रतिशतले बढेको थियो। उक्त संस्थाहरूमध्ये नेशनल ट्रेडिङ्ग लिमिटेड, नेपाल वायु सेवा निगम, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र नेपाल विद्युत प्राधिकरणले बैकिङ्ग क्षेत्रबाट लिएको कर्जाको केही अंश भुक्तानी गरेकोले उक्त क्षेत्रतर्फको दावीमा कमी आएको हो।

मौद्रिक उपकरणहरूको कार्यान्वयन स्थिति

४.१९ आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ महिनासम्ममा खुला बजार कारोवारबाट रू ६९ अर्ब १३ करोडको खुद तरलता प्रवाह भएको छ। यसमध्ये ट्रेजरी बिलको बिक्री बोलकबोलमार्फत् रू. ७ अर्ब ४४ करोड र रिभर्स रिपो बोलकबोलमार्फत् रू. १ अर्ब गरी कुल रू. ८ अर्ब ४४ करोड तरलता प्रशोचन भएको छ भने रिपो बोलकबोलमार्फत् रू. ७४ अर्ब १९ करोड र खरीद बोलकबोलबाट रू. ३ अर्ब ३८ करोड गरी कुल रू. ७७ अर्ब ५७ करोडको तरलता प्रवाह भएको छ। अघिल्लो वर्षको यसै अवधिमा खुला बजार कारोवार अर्न्तगत बिक्री बोलकबोलबाट रू. ७ अर्ब ४६ करोड र रिभर्स रिपो बोलकबोलबाट रू. १३ अर्ब २६ करोड गरी कुल रू. २० अर्ब ७२ करोडको तरलता प्रशोचन र रिपो बोलकबोलबाट रू. ९ अर्बको तरलता प्रवाह हुन गई खुद रू. ११ अर्ब ७२ करोडको तरलता प्रशोचन भएको थियो।

तालिका ४ (घ) : खुला बजार कारोवार स्थिति

(रू. करोडमा)

विवरण		२०६५/६६		२०६६/६७
		प्रथम आठ महिना	वार्षिक	प्रथम आठ महिना
क	**तरलत तरलता प्रशोचन**	20,72	20,72	8,44
	बिक्री बोलकबोल	7,46	7,46	7,44
	रिभर्स रिपो बोलकबोल	13,26	13,26	1,00
ख	**तरलत तरलता प्रवाह**	9,00	11,00	77,57
	खरिद बोलकबोल	०	०	3,38
	रिपो बोलकबोल	900	11,00	74,19
ग	**खुद तरलता प्रशोचन (क- ख)**	11,72	9,72	-69,13

स्रोत : नेपाल राष्ट्र बैंक।

४.२० समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ७३ करोड ३२ लाख खुद खरिद गरी रू. ५५ अर्ब १७ करोड बराबरको तरलता प्रवाह गरेको छ। अघिल्लो वर्षको यसै अवधिमा वाणिज्य

बैंकहरूबाट अमेरिकी डलर १ अर्ब २६ करोड ६४ लाख खुद खरिद भई रू. ९७ अर्ब २४ करोड बराबरको तरलता प्रवाह भएको थियो । विप्रेषण आप्रवाहको वृद्धिदरमा कमी आएको कारणले समीक्षा अवधिमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा विदेशी विनिमय वजारबाट अमेरिकी डलर खरिद कम हुन गएको हो ।

४.२१ समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब ३५ करोड बिक्री गरी भा. रू. ६३ अर्ब ६२ करोड खरिद भएको छ । अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर १ अर्ब बिक्री गरी भा.रू. ४७ अर्ब ७७ करोड खरिद भएको थियो । भारतसँगको बढ्दो व्यापार घाटाका कारण भा.रू. खरिद बढेको हो ।

अन्तर बैंक कारोवार र स्थायी तरलता सुविधा

४.२२ आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ महिनासम्ममा वाणिज्य बैंकहरूले कुल रू. १ खर्ब ८८ अर्ब ५४ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन् । अघिल्लो वर्षको यसै अवधिमा कुल रू. १ खर्ब ९२ अर्ब ९९ करोड बराबरको अन्तर-बैंक कारोवार भएको थियो । समीक्षा अवधिमा रू. ८५ अर्ब १७ करोडको स्थायी तरलता सुविधा उपयोग भएको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सुविधा अन्तर्गत वाणिज्य बैंकहरूले कुल रू. ८३ अर्ब २३ करोड उपयोग गरेका थिए ।

अल्पकालीन व्याजदर

४.२३ आर्थिक वर्ष २०६६/६७ को चैत महिनामा ९१-दिने ट्रेजरी विल्सको भारित औसत व्याजदर ७.३५ प्रतिशत कायम भएको छ । अघिल्लो वर्षको यसै समयमा उक्त व्याजदर ५.९८ प्रतिशत रहेको थियो । अघिल्लो वर्षको चैत महिनामा भारित औसत अन्तर-बैंक व्याजदर ५.०६ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ७.८१ प्रतिशत कायम भएको छ । अल्पकालीन व्याजदरका अतिरिक्त वाणिज्य बैंकहरूले निक्षेपमा प्रदान गर्ने व्याजदर पनि बढेको छ । २०६६ असार महिनाको तुलनामा चैत महिनामा दुई-वर्षे र दुई वर्षभन्दामाथिको मुद्दती निक्षेपको अधिकतम वार्षिक व्याजदर ९.५ प्रतिशतबाट बढेर १३ प्रतिशतसम्म कायम भएको छ । समीक्षा अवधिमा तरलताको स्थितिमा कमी आएकोले व्याजदरहरू बढेका हुन ।

तालिका ४ (ङ) : ९१-दिने ट्रेजरी विल्स, अन्तर-बैंक र मुद्दती निक्षेपको ब्याजदर

(प्रतिशतमा)

विवरण	२०६५ चैत	२०६६ असार	२०६६ असोज	२०६६ पुस	२०६६ चैत
९१-दिने ट्रेजरी विल्स	५.९८	६.८०	२.७३	८.७४	७.३५
अन्तर-बैंक	५.०६	३.६६	५.१०	१२.८३	७.८१
मुद्दती निक्षेप (अधिकतम)	८.०	९.५	९.५	११.५	१३.०

स्रोतः नेपाल राष्ट्र बैंक ।



वित्तीय क्षेत्रको विस्तार तथा वित्तीय समावेशीकरण

४.२४ यो वर्ष पनि नेपालको वित्तीय क्षेत्रमा विस्तार आउने क्रम जारी नै रह्यो । फलस्वरुप, वित्तीय क्षेत्र क्रमशः सघन र प्रगाढ हुँदै गएको छ । २०६६ चैत मसान्तमा वाणिज्य बैंक ("क" वर्ग) को संख्या २७, विकास बैंक ("ख" वर्ग) को संख्या ७८, वित्त कम्पनी ("ग" वर्ग) को संख्या ७९ र लघुवित्त कारोवार गर्ने वित्तीय संस्था ("घ" वर्ग) को संख्या १८ पुगेको छ । मिति २०६३।११।२२ मा "ख" वर्गको वित्तीय संस्थाको रुपमा कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त नेपाल औद्योगिक विकास निगम लि. लाई मिति २०६०।१०।२९ देखि कारोवार गर्नमा लगाइएको बन्देज मिति २०६५।१२।१२ को निर्णयानुसार फुकुवा गरिएपछि उक्त निगमले पनि २०६६।१०।२५ देखि बैंकिङ्ग कारोवार सुरु गरेको छ । सीमित बैंकिङ्ग कारोवार गर्ने इजाजतपत्र प्राप्त सहकारी संस्था र गैर सरकारी संस्थाहरूको संख्या क्रमशः १६ र ४५ रहेको छ । बैंक तथा वित्तीय संस्थाहरूको अतिरिक्त २०६६ चैत मसान्तमा बीमा कम्पनी २५, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र हुलाक वचत बैंक समेत गरी समग्रमा २ सय ९१ वटा बैंक तथा वित्तीय संस्थाहरू कार्यरत रहेका छन् ।

तालिका ४ (च) : बैंक तथा वित्तीय संस्थाहरूको संख्या

बैंक तथा वित्तीय संस्थाहरू	२०६४ असार मसान्त	२०६५ असार मसान्त	२०६६ असार मसान्त	२०६६ चैत मसान्त
वाणिज्य बैंक	२०	२५	२६	२७
विकास बैंक	३८	५८	६३	७८
वित्त कम्पनी	७४	७८	७७	७९
लघु वित्त कारोवार गर्ने संस्थाहरू	१२	१२	१५	१८
नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त सहकारी संस्थाहरू (सीमित बैंकिंग कारोबार गर्ने)	१७	१६	१६	१६

बैंक तथा वित्तीय संस्थाहरू	२०६४ असार मसान्त	२०६५ असार मसान्त	२०६६ असार मसान्त	२०६६ चैत मसान्त
नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गैर- सरकारी संस्थाहरू (लघु वित्त कारोवार गर्ने)	47	46	45	45
बीमा कम्पनी	21	25	25	25@
कर्मचारी सञ्चय कोष	1	1	1	1
नागरिक लगानी कोष	1	1	1	1
हुलाक बचत बैंक	1	1	1	1
हुलाक बचत बैंकका कार्यालयहरू	117	117	117	117
जम्मा	**232**	**263**	**270**	**291**

@जीवन बीमा-८, निर्जीवन बीमा-१६ र संयुक्त बीमा-१

स्रोत: नेपाल राष्ट्र बैंक ।

४.२५ विगत केही वर्षदेखि बैंक तथा वित्तीय संस्थाहरूको भौगालिक एवं संख्यात्मक उपस्थिति तथा वित्तीय कारोवारमा समेत उल्लेख्य विस्तार आएको छ। बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप तथा कर्जा कारोवारमा आएको विस्तार र क्षेत्रगत फैलावटले गर्दा वित्तीय समावेशीकरणलाई पनि सहज बनाउने आधार बनेको छ। वाणिज्य बैंक र वित्तीय संस्थाहरूको वित्तीय कारोवार सम्बन्धी केही प्रमुख परिसूचकहरूलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४ (छ) : बैंक तथा वित्तीय संस्थाका केही प्रमुख परिसूचकहरू

विवरण	२०६४ असार	२०६५ असार	२०६६ असार
कुल सम्पत्ति (रू. अर्वमा)	५८२.४८	७०६.३२	९८८.८९
कुल पुँजीकोष (रू. अर्वमा)	६.९०	२५.७८	५२.६८
कुल निक्षेप (रू. अर्वमा)	३९१.१५	५०८.९१	६७४.५८
कुल कर्जासापट (रू. अर्वमा)	२९१.६०	३९१.५४	५११.७५
निक्षेप/कुल गार्हस्थ्य उत्पादन* अनुपात (%)	५३.७	६२.४	६८.०
कर्जासापट /कुल गार्हस्थ्य उत्पादन* अनुपात (%)	४०.१	४८.०	५१.६
कुल निक्षेपको बजार हिस्सा (प्रतिशत)	१००.०	१००.०	१००.०
वाणिज्य बैंक ("क" वर्ग)	८६.३	८३.७	८३.५
विकास बैंक ("ख" वर्ग)	३.९	५.१	७.१
वित्त कम्पनी बैंक ("ग" वर्ग)	८.८	१०.३	८.५
अन्य संस्थाहरू	१.०	०.९	०.९
कुल कर्जासापटको बजार हिस्सा (प्रतिशत)	१००.०	१००.०	१००.०
वाणिज्य बैंक ("क" वर्ग)	७९.५	७८.३	७७.८
विकास बैंक ("ख" वर्ग)	५.३	६.०	८.३
वित्त कम्पनी बैंक ("ग" वर्ग)	१२.२	१३.२	११.७
अन्य संस्थाहरू	३.०	२.५	२.२

** उत्पादकको मूल्यमा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा)

स्रोत: नेपाल राष्ट्र बैंक ।

माथिको तालिकाबाट बैंक तथा वित्तीय संस्थाहरूले संकलन गरेको निक्षेप र कर्जासापट कुल गार्हस्थ्य उत्पादनको अनुपातमा निरन्तर बढ्दै गई २०६६ असार मसान्तसम्ममा क्रमशः ६८.० प्रतिशत ५१.६ प्रतिशत पुगेबाट मुलुकको वित्तीय क्षेत्र थप प्रगाढ हुँदै गएको देखिन्छ। निक्षेप तथा कर्जाको कुल कारोवारमा वाणिज्य बैंकहरूको उल्लेख्य हिस्सा रही २०६६ असार मसान्तमा कुल निक्षेपको ८३.५ प्रतिशत र कुल कर्जासापटको ७७.८ प्रतिशत अंश रहेको छ। यसैगरी कारोवारका हिसाबले वित्त कम्पनी र विकास बैंकहरूको स्थान क्रमशः दोश्रो र तेश्रो रहेको छ भने लघुवित्तको कारोवार गर्ने विकास बैंक, सीमित बैंकिङ्ग कारोवार गर्ने सहकारी तथा गैर-सरकारी संस्थाहरूको अंश अत्यन्त न्यून रहेको छ।

४.२६ वाणिज्य बैंकहरूको शाखा संख्यालाई कुल जनसंख्यासँग आवद्ध गरी हेर्दा उल्लेखनीय प्रगति भएको देखिन्छ। २०६५ चैत मसान्तमा प्रति शाखा जनसंख्या करिब ४२ हजार ८ सय रहेकोमा २०६६ चैतमा सो अनुपात करिब ३३ हजार ४ सयमा झरेको छ। वाणिज्य बैंकहरूको कुल निक्षेपलाई आधार मान्दा २०६५ चैत मसान्तमा प्रति व्यक्ति औसत निक्षेप रू. १८,२१७ रहेकोमा २०६६ चैतमा यस्तो निक्षेप बढेर रू. २०,२९३ पुगेको छ। यसैगरी, एक वर्ष अघि वाणिज्य बैकहरूबाट प्रवाहित प्रति व्यक्ति औसत कर्जा रू. १५,१९७ रहेकोमा २०६६ चैत मसान्तमा सो कर्जा रू. १८,२९७ पुगेको छ।

तालिका ४ (ज) : वित्तीय विस्तार तथा प्रगाढताका केही परिसूचकहरू

	चैत २०६४	चैत २०६५	चैत २०६६
वाणिज्य बैंक शाखा	591	617	845
प्रति शाखा जनसंख्या (हजारमा)	44.5	42.8	33.4
वाणिज्य बैंकको निक्षेप (रू. अर्वमा)*	375.6	481.4	572.7
प्रति व्यक्ति निक्षेप (रु)	14,282	18,217	20,293
वाणिज्य बैंकको कर्जा (रू. अर्वमा)*	387.1	401.3	516.4
प्रति व्यक्ति कर्जा (रु)	14,717	15,197	18,297

* फागुन मसान्तको तथ्यांकमा आधारित
स्रोत : नेपाल राष्ट्र बैंक।

वाणिज्य बैंकहरूको बचत परिचालन तथा कर्जा प्रवाहको स्थिति

४.२७ गत वर्ष रू. ६० अर्ब १७ करोड (१४.३ प्रतिशत) ले बढेको वाणिज्य बैंकहरूको कुल निक्षेप समीक्षा अवधिमा रू. २२ अर्ब ९० करोडले (४.२ प्रतिशत) ले मात्र बढेको छ। यसको विपरित गत वर्ष रू. ५३ अर्ब १८ करोड (१५.३ प्रतिशत) ले बढेको कर्जा समीक्षा अवधिमा रू. ६९ अर्ब ७७ करोडले (१५.६ प्रतिशत) बढेको छ। कर्जा र निक्षेप



वृद्धिदरबीचको यस्तो असंतुलनले गर्दा कर्जा-निक्षेप अनुपात २०६६ असार मसान्तको ८१.२ प्रतिशतबाट बढेर २०६६ फागुन मसान्तमा ९०.२ प्रतिशत पुगेको छ। तरलता-निक्षेप अनुपात ३४.२ प्रतिशतबाट घटेर २९.३ प्रतिशत कायम भएको छ।



४.२८ समीक्षा अवधिमा वाणिज्य बैंकहरूको निजी क्षेत्रतर्फको कर्जा रू. ६६.७ अर्ब (१६.५ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रू. ५० अर्ब (१६.३ प्रतिशत) ले बढेको थियो। समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जामध्ये उत्पादनमूलक क्षेत्रतर्फको कर्जा ९.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको कर्जा १२ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा थोक तथा खुद्रा व्यापार, वित्त, बीमा तथा स्थिर सम्पत्ति र सेवा क्षेत्रतर्फको कर्जा क्रमशः २३.२ प्रतिशत, ४१.६ प्रतिशत र २०.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको कर्जा १०.१ प्रतिशत, २३.६ प्रतिशत र ११.९ प्रतिशतले बढेको थियो। घरजग्गातर्फको कर्जा अघिल्लो वर्षको पहिलो आठ महिनासम्ममा रू. ७ अर्ब ७१ करोडले विस्तार भएकोमा समीक्षा अवधिमा रू. १४ अर्ब ९२ करोडले बढेको छ।



४.२९ समीक्षा अवधिमा वाणिज्य बैंकहरूको तरल सम्पत्तिका अंशहरूमध्ये तरल कोष ९.७ प्रतिशतले घटेको छ। वाणिज्य बैंकहरूको नेपाल राष्ट्र बैंक तथा विदेशमा रहेको मौज्दातमा कमी आएकोले तरल कोष घटेको हो। समीक्षा अवधिमा वाणिज्य बैंकहरूको विदेशी मौज्दात रू. ४ अर्ब २५ करोडले, नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात रू. १० अर्ब ८ करोडले र सरकारी ऋणपत्रमाथिको लगानी रू. ८ अर्ब ८२ करोडले घटेको छ।

वाणिज्य बैंकहरूको शाखा विस्तार

४.३० वाणिज्य बैंकहरूको शाखा संख्या २०६५ असार मसान्तको ५ सय ५५ बाट १ सय ९७ ले वृद्धि भई २०६६ असार मसान्तमा ७ सय ५२ पुगेको छ भने २०६६ चैत मसान्तमा यो संख्या बढेर ८ सय ४५ पुगेको छ। देशमा शान्ति सुरक्षाको स्थितिमा सुधार आएको तथा शाखा विस्तार गर्ने नीतिमा नेपाल राष्ट्र बैंकले थप उदारता अपनाउदै आएकोले पनि वाणिज्य बैंकहरूको शाखा संख्या बढ्न गएको हो। यसरी विस्तार भएको शाखालाई क्षेत्रगतरुपमा हेर्दा २०६६ चैत मसान्तसम्ममा वाणिज्य बैंकहरूको शाखा संख्या पूर्वाञ्चलमा १ सय ५०, मध्यमाञ्चलमा ४ सय २६, पश्चिमाञ्चलमा १ सय ६०, मध्य-पश्चिमाञ्चलमा ६४ र सुदूर-पश्चिमाञ्चलमा ४५ पुगेको छ।

तालिका ४ (झ) : वाणिज्य बैंकका शाखाहरू

सि.नं.	वाणिज्य बैंकहरू	२०६५ असार	२०६६ असार	२०६६ चैत
1.	नेपाल बैक लिमिटेड	99	100	105
2.	राष्ट्रिय वाणिज्य बैक लिमिटेड	114	123	123
3.	कृषि विकास बैंक लिमिटेड	65	86	97
4.	नविल बैंक लिमिटेड	26	32	37
5.	नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड	19	31	31
6.	स्टाण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	13	13	14
7.	हिमालयन बैंक लिमिटेड	17	23	28
8.	नेपाल एसबीआई बैंक लिमिटेड	17	33	34
9.	नेपाल बंगलादेश बैंक लिमिटेड	17	17	17
10.	एभरेष्ट बैंक लिमिटेड	26	30	35
11.	बैक अफ काठमाण्डौं लिमिटेड	22	30	31
12.	नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.	17	17	17
13.	लुम्बिनी बैंक लिमिटेड	5	5	5
14.	नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लि.	16	21	25
15.	माछापुच्छ्रे बैंक लिमिटेड	18	31	32
16.	कुमारी बैंक लिमिटेड	12	15	21
17.	लक्ष्मी बैंक लिमिटेड	13	19	21
18.	सिद्धार्थ बैंक लिमिटेड	7	10	18
19.	ग्लोवल बैंक लिमिटेड	7	16	20
20.	सिटिजन्स बैंक ईन्टरनेशनल लिमिटेड	9	10	17
21.	प्राईम कमर्शियल बैंक लिमिटेड	1	8	9

सि.नं.	वाणिज्य बैंकहरू	२०६५ असार	२०६६ असार	२०६६ चैत
२२.	सनराईज बैंक लिमिटेड	6	21	26
२३.	बैंक अफ एशिया लिमिटेड	5	२१	२२
२४.	डेभलपमेन्ट क्रेडिट बैंक लिमिटेड	3	५	५
२५.	एनएमबी बैंक लिमिटेड	१	9	11
२६.	किष्ट बैंक लिमिटेड		२६	४४
	कुल जम्मा	**५५५**	**७५२**	**८४५**

स्रोत : नेपाल राष्ट्र बैंक ।

वाणिज्य बैंकहरूको निष्क्रिय कर्जाको स्थिति

४.३१ नेपाल राष्ट्र बैंकको नियमन तथा सुपरिवेक्षण व्यवस्थामा भएको सुधार, कालोसूचीका ऋणीहरू विरुद्ध सशक्त कारबाही अघि बढाउने व्यवस्थाको कार्यान्वयन तथा विकसित हुँदै गएको प्रतिस्पर्धात्मक वातावरणमा आफूलाई सबल, सक्षम एवम् प्रतिस्पर्धी बनाउने वाणिज्य बैंकहरूको चाहनाका कारण निष्कृय कर्जाको स्थितिमा सुधार आएको छ। तथापि, सरकारी स्वामित्वका वाणिज्य बैंक एवम् केही निजी क्षेत्रका बैंकहरूको निष्क्रिय कर्जाको अनुपातमा भने अपेक्षित सुधार आउन सकेको छैन ।

तालिका ४(ञ) : वाणिज्य बैंकहरूको निष्क्रिय कर्जाको स्थिति

रू. करोडमा

वाणिज्य बैंकहरू	२०६४ असार मसान्त		२०६५ असार मसान्त		२०६६ असार मसान्त		२०६६ पुस मसान्त*	
	खराब कर्जा	प्रतिशत	खराब कर्जा	प्रतिशत	खराब कर्जा	प्रतिशत	खराब कर्जा	प्रतिशत
नेपाल बैंक लिमिटेड	१८५.६	१३.५	१९५.२	१२.३८	१०५.१९	५.४	८३.१२	३.६३
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड	६८७.७	२७.६	५९५.२	२१.६५	४९५.४४	१५.६७	४३४.२५	१३.२९
कृषि विकास बैंक लिमिडेड	६१८.५	१८.०	४२८.१	११.६९	३४२.७९	८.९६	३१९.१८	७.९७
नविल बैंक लिमिटेड	१७.८	१.१	१६.१	०.७४	२२.४९	०.८	३४.०१	१.०
नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड	४२.२	२.४	३०.९	१.१२	२१.३९	०.५८	१९.६२	०.४७
स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	१९.७	१.८	१२.८	०.९२	९.११	०.६६	१२.८६	०.८३
हिमालयन बैंक लिमिटेड	६४.२	३.६	४७.७	२.३६	५५.१	२.१५	८८.९७	२.८८
नेपाल एसबिआइ बैंक लिमिटेड	४५.९	४.६	३००.५	३१.७३	३१.५९	२.०२	३०.९२	१.६८
नेपाल बंगलादेश बैंक लिमिटेड	३६४.६	३९.८	४८.८	३.८३	१७६.२४	१९.३	१६३.०६	१६.१७
एभरेष्ट बैंक लिमिटेड	११.३	०.८	१२.७	०.६८	११.७९	०.४८	११.०८	०.३९
बैंक अफ काठमाडौं लिमिटेड	२४.३	२.५	२३.७	१.८६	१९.०३	१.२७	२०.२४	१.१६
नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.	१६०.७	३१.४	८६.७	१६.४२	१९.७१	२.७४	१८.१८	२.१

वाणिज्य बैंकहरू	२०६४ असार मसान्त		२०६५ असार मसान्त		२०६६ असार मसान्त		२०६६ पुस मसान्त*	
	खराब कर्जा	प्रतिशत	खराब कर्जा	प्रतिशत	खराब कर्जा	प्रतिशत	खराब कर्जा	प्रतिशत
लुम्बिनी बैंक लिमिटेड	100.7	20.4	80	14.92	51.45	9.06	38.2	6.37
नेपाल ई. एण्ड कमर्सियल बैंक लि.	10.1	1.1	9.8	0.86	12.92	0.93	16.46	1.12
माछापुच्छ्रे बैंक लिमिटेड	8.5	1.2	9.3	1.04	35.72	2.75	28.82	1.87
कुमारी बैंक लिमिटेड	6.6	0.7	15.2	1.33	6.43	0.43	7.03	0.44
लक्ष्मी बैंक लिमिटेड	2.3	0.4	1.3	0.13	0.63	0.05	1.63	0.11
सिद्धार्थ बैंक लिमिटेड	2.2	0.3	6.5	0.69	5.16	0.38	7.08	0.43
ग्लोवल बैंक लिमिटेड			1.0	0.19	0.86	0.09	1.58	0.13
सिटिजन्स बैंक ईन्टरनेशनल लिमिटेड					0	0	0.22	0.02
प्राईम बैंक लिमिटेड					0	0	0	0
सनराईज बैंक लिमिटेड					1.4	0.16	0.78	0.06
बैंक अफ एशिया नेपाल लिमिटेड					0.04	0.01	0.38	0.04
डेभलप्मेण्ट केडीट बैंक लिमिटेड					10.23	1.58	9.63	1.34
नेपाल मर्चेण्ट बैंक लिमिटेड					2.57	0.49	2.43	0.35
किष्ट बैंक लिमिटेड							2.83	0.24
कुल	2372.9	10.30	1921.5	6.30	1437.3	3.64	1352.6	2.87

स्रोत : नेपाल राष्ट्र बैंक ।

वित्तीय संस्थाहरूको साधनको स्रोत र उपयोगको स्थिति

विकास बैंक ("ख" वर्गका वित्तीय संस्थाहरू)

४.३२ २०६६ पुस मसान्तमा विकास बैंकहरूको समष्टिगत वित्तीय साधन २०६६ असार मसान्तको तुलनामा १७.२ प्रतिशतले वृद्धि भई रू. ७९ अर्ब ७० करोड पुगेको छ । समीक्षा अवधिमा बैंकहरूको साधनको प्रमुख स्रोतको रुपमा रहेको कुल निक्षेप रू. ५६ अर्ब ९ करोड पुगेको छ । त्यसैगरी, समीक्षा अवधिमा कुल पुँजी कोष २७.५ प्रतिशतले वृद्धि भई रू. ११ अर्ब ८८ करोड पुगेको छ । २०६६ असार मसान्तको तुलनामा २०६६ पुस मसान्तमा सापटी ५६.९ प्रतिशतले वृद्धि भई रू. ४ अर्ब ११ करोड पुगेको छ । साधनको उपयोगतर्फ ठूलो अंश ओगट्ने कर्जा तथा सापटी समीक्षा अवधिमा २४.३ प्रतिशतले बढेर रू. ५२ अर्ब पुगेको छ ।

वित्त कम्पनी ("ग" वर्गका वित्तीय संस्थाहरू)

४.३३ वित्त कम्पनीहरूको समष्टिगत साधन २०६६ असार मसान्तको तुलनामा २०६६ पुस मसान्तमा १३.७ प्रतिशतले वृद्धि भई रू. ९९ अर्ब ३८ करोड पुगेको छ । २०६६ असारमा यस्तो रकम रू. ८७ अर्ब ४३ करोड रहेको थियो । यी कम्पनीहरूको

साधनको प्रमुख स्रोतको रुपमा रहेको निक्षेप समीक्षा अवधिमा १७.४ प्रतिशतले वृद्धि भई रू. ६६ अर्ब ९९ करोड पुगेको छ। त्यसैगरी, २०६६ पुसमा वित्त कम्पनीहरूको पुँजीकोष ४४.१ प्रतिशतले बढेर रू. १५ अर्ब १८ करोड पुगेको छ भने सापटी १ प्रतिशतले वृद्धि भई ५ अर्ब १९ करोड पुगेको छ।

४.३४ वित्त कम्पनीहरूको साधनको उपयोगतर्फ कर्जा तथा सापटी २०६६ असारको तुलनामा १७.९ प्रतिशतले बढेर २०६६ पुसमा रू. ७० अर्ब ८१ करोड पुगेको छ। २०६६ असारमा यस्तो रकम रू. ६० अर्ब ७ करोड रहेको थियो। समीक्षा अवधिमा लगानी ७४.६ प्रतिशतले वृद्धि भई रू. ५ अर्ब ७० करोड पुगेको छ। त्यस्तै, तरल सम्पत्ति २०६६ पुसमा १३.५ प्रतिशतले कमी आई रू. १४ अर्ब १८ करोडमा सीमित रहेको छ।



कर्मचारी सञ्चय कोष

४.३५ कर्मचारी सञ्चय कोष ऐन, २०१९ अन्तर्गत २०१९ भदौ ३१ गते स्थापित कर्मचारी सञ्चय कोषले निजामती कर्मचारी, सैनिक, प्रहरी, शिक्षक, सरकारी संस्थान तथा केही निजी कम्पनीका कर्मचारीहरूको सञ्चय कोषको व्यवस्थापन गर्दछ। यस कोषको सम्पत्ति/दायित्व २०६६ पुस मसान्तमा रू. ८५ अर्ब २२ करोड पुगेको छ। २०६६ असार मसान्तमा यस्तो रकम रू. ७९ अर्ब १२ करोड रहेको थियो। त्यस्तै, सञ्चयकर्ताहरूको सञ्चिति रकम २०६६ असार मसान्तमा रू. ७२ अर्ब ६५ करोड रहेकोमा २०६६ पुस मसान्तमा रू. ७८ अर्ब ४३ करोड पुगेको छ।



नागरिक लगानी कोष

४.३६ नागरिक लगानीकोष ऐन, २०४७ अन्तर्गत २०४७ चैत ४ गते स्थापित नागरिक लगानी कोषले व्यक्तिगत तथा संस्थागत बचत परिचालन गर्नुका साथै ऋण तथा सापटी प्रदान गर्ने र विभिन्न संगठित संस्थाहरूको धितोपत्र निष्कासनको कामलाई सहज तुल्याउन निष्काशन प्रबन्धकको काम समेत गर्दछ। यस कोषको सम्पत्ति/दायित्व गत वर्षको सोही अवधिको तुलनामा २०६६ असार मसान्तमा २८.३ प्रतिशतले वृद्धि भई रू. २० अर्ब १३ करोड पुगेको छ। २०६६ पुस मसान्तमा सीमान्तरुपले बढेर रू. २० अर्ब ३० करोड पुगेको छ। यस कोषको दायित्वतर्फ महत्वपूर्ण अंश ओगटेको कोष संकलन २०६६ असार मसान्तमा रू. १६ अर्ब ४६ करोड पुगेको थियो भने २०६६ पुस मसान्तमा रू. १८ अर्ब ४३ करोड पुगेको छ। सम्पत्तितर्फको लगानी २०६६ असार मसान्तमा रू. १६ अर्ब १५ करोड रहेकोमा २०६६ पुस मसान्तमा रू. १७ अर्ब ८३ करोड पुगेको छ।

वीमा कम्पनीहरू

४.३७ २०६६ फागुन मसान्तसम्ममा वीमा ऐन, २०४९ अन्तर्गत स्थापना भएका वीमा कम्पनीहरू संख्या २५ पुगेको छ। यी मध्ये जीवन वीमा कारोवार गर्ने ८, निर्जीवन वीमा कारोवार गर्ने १६ र जीवन तथा निर्जीवन दुवै प्रकारका कारोवार गर्नेको संख्या एउटा मात्र छ। स्वामित्व संरचनाका हिसावले तीन वटा वीमा कम्पनीहरू विदेशी पुँजी लगानीमा र तीन वटा वीमा कम्पनीहरू विदेशी वीमा कम्पनीहरूसँगको संयुक्त पुँजी लगानीमा सञ्चालित छन्। यसैगरी १८ वटा वीमा कम्पनीहरू निजी स्वामित्वमा रहेका छन् भने एउटा कम्पनी सरकारी स्वामित्वमा रहेको छ। यी कम्पनीहरूको कुल सम्पत्ति/दायित्व २०६५ असार मसान्तको तुलनामा २०६६ असार मसान्तमा १७.२ प्रतिशतले वृद्धि भई रू. ३७ अर्ब १ करोड पुगेको थियो। २०६६ पुस मसान्तमा उक्त रकम थप १०.२ प्रतिशतले बढेर रू. ४० अर्ब ८० करोड पुगेको छ।

हुलाक बचत बैंक

४.३८ नेपाल सरकार, हुलाक सेवा विभागद्वारा सञ्चालित हुलाक वचत बैंकले २०३३ सालदेखि कार्य प्रारम्भ गरेको हो। हुलाक वचत बैंकको निक्षेप संकलन गर्ने स्वीकृत कार्यालयहरूको संख्या १ सय १७ रहेको भएतापनि २०६६ फागुन मसान्तसम्ममा ६२ वटा कार्यालयहरूले मात्र बैंकिग कार्य सञ्चालन गरिरहेका छन्। हुलाक बचत बैंकको कुल निक्षेप २०६६ असार मसान्तमा रू. ९८ करोड ६२ हजार रहेकोमा २०६६ फागुन मसान्तमा रू. १ अर्ब ३ करोड ५१ लाख रहेको छ। सो बैंकमा रहेका कुल खाता संख्या २०६६ असार मसान्त र २०६६ फागुन मसान्तमा कमशः ४३ हजार ५९ र ४६ हजार ४ सय ६९ रहेको छ।

निक्षेप तथा कर्जा सुरक्षण निगम

४.३९ दुर्गम क्षेत्र तथा गरिब जनताको घरदैलोमा वैकिंग सेवा पुर्‍याउनको लागि सुरु गरिएको प्राथमिकता प्राप्त क्षेत्रमा वाणिज्य बैंकहरूलाई लगानी गर्न प्रोत्साहित गर्ने उद्देश्यले २०३१ साल असोज ४ गते स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण निगमले प्राथमिकता प्राप्त क्षेत्र लगायत पशुधन सुरक्षण, तरकारी बाली सुरक्षण, वैदेशिक रोजगार कर्जा सुरक्षण, लघु तथा विपन्न बर्ग कर्जा सुरक्षण र साना तथा मझौला उद्यम कर्जा सुरक्षण जस्ता कार्यहरू सञ्चालन गर्दै आएको छ। हाल निगमको चुक्ता पूंजी रू.१० करोड रहेको र सो मध्ये नेपाल सरकारको ४५.९७ प्रतिशत, नेपाल राष्ट्र बैंकको ४७.१३ प्रतिशत, नेपाल बैंक लि.को ४.६० प्रतिशत र राष्ट्रिय वाणिज्य बैंकको २.३० प्रतिशत स्वमित्व रहेको छ। यस निगमले २०६६ असार मसान्तसम्म रू. ४२ करोड ९० लाखको कर्जा सुरक्षण गरेकोमा २०६६ फागुन मसान्तसम्ममा यो रू. ५० करोड रहेको छ।

कर्जा सूचना केन्द्र लिमिटेड

४.४० नेपाल राष्ट्र बैंकको अगुवाइमा २०४६ सालमा स्थापना भएको कर्जा सूचना केन्द्र लिमिटेडले ऋणको भुक्तानी सम्बन्धी अवस्थाको बारेमा जानकारी हासिल गरी सो जानकारी बैंक तथा वित्तीय संस्थालाई उपलब्ध गराउने र कालोसूचीमा रहेका ऋणीहरूको विवरण तयार पार्ने काम गर्दछ। यस केन्द्रमा नेपाल राष्ट्र बैंक, वाणिज्य बैंकहरू, विकास बैंकहरू र वित्त कम्पनीको क्रमशः १० प्रतिशत, ६० प्रतिशत, १५ प्रतिशत र १५ प्रतिशत शेयर स्वामित्व रहेको छ। २०६६ असार मसान्तमा यस केन्द्रमा रहेको अभिलेखानुसार बैंक तथा वित्तीय संस्थाका २०५१ ऋणीहरू कालोसूचीमा रहेकोमा २०६६ फागुन मसान्तमा सो संख्या ३४६५ पुगेको र सोही अबधिमा १४४० ऋणीहरू उक्त सूचीबाट हटेका छन्।

लघुवित्त र विपन्न वर्ग कर्जा

४.४१ बैंक तथा वित्तीय संस्थाहरूको संख्यामा उल्लेख्य वृद्धि भएतापनि यी संस्थाहरू धेरैजसो शहर केन्द्रीत हुने गरेका छन। वित्तीय साधन र अवसरहरूबाट वञ्चित समाजका पिछडिएका, न्यून आय तथा विपन्न वर्गका जनताहरूको क्षमता विस्तार गर्न आर्थिक समावेशीकरणमार्फत् उनीहरूको वित्तीय स्रोत र साधनमाथिको सहज पहुँचलाई सुनिश्चितता प्रदान गर्दै त्यसलाई तीव्रता दिनु त्यतिकै आवश्यक छ। वित्तीय समावेशीकरणको मुद्दालाई पनि सम्बोधन गर्नुपर्ने हुन्छ। यस सन्दर्भमा लघु वित्त संस्थाहरूको विस्तारलाई सकारात्मकरुपमा लिइएको छ।

लघुवित्त वित्तको कारोवार गर्ने "घ" वर्गका संस्थाहरू

४.४२ लघुवित्त सम्बन्धी कारोवार गर्ने ("घ" वर्गका) वित्तीय संस्थाहरूमा पाँच वटा ग्रामीण विकास बैंक, ११ वटा ग्रामीण बैंकिङ्ग अनुसरणकर्ता र दुई वटा लघुवित्त सम्बन्धी थोक कारोवार गर्ने संस्थाहरू रहेका छन्। देशको ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न

वर्गका महिलाहरूलाई समूहमा आवद्ध गरी विविध किसिमका आयमूलक काममा संलग्न गराउनका लागि आवश्यक पर्ने वित्तीय साधनको परिपूर्ति गर्ने उद्देश्यले हरेक विकास क्षेत्रमा एक/एक वटा ग्रामीण विकास बैंकहरू कार्यरत रहेका छन् । त्यसैगरी ग्रामीण बैंक अनुशरणकर्ताको रुपमा निजी क्षेत्रबाट स्थापित अन्य ११ बैंकहरू (निर्धन उत्थान बैंक लि., छिमेक विकास बैंक लि., स्वावलम्बन विकास बैंक लि., डिप्रोक्स विकास बैंक लि., नेरुडे वित्तीय संस्था लि., नयाँ नेपाल लघु वित्त विकास बैंक लि., मिथिला लघु वित्त विकास बैंक लि., सर्मिट माइक्रोफाइनान्स डेभलपमेण्ट बैंक लि., स्वरोजगार लघुवित्त विकास बैंक लि., फर्ष्ट माईक्रोफाईनान्स विकास बैंक लि. र नागवेली लघु वित्त विकास बैंक लि.) कार्यरत रहेका छन् । पाँच वटा ग्रामीण विकास बैंक र ११ वटा निजी क्षेत्रबाट स्थापित लघुवित्त कारोवार गर्ने वित्तीय संस्थाहरू बाहेक नेपाल राष्ट्र बैंक, वाणिज्य बैंकहरू, लघु वित्त विकास बैंकहरू र निक्षेप तथा कर्जा सुरक्षण निगम प्रा.लि. को शेयर स्वामित्वमा २०५५ साल कात्तिक १३ गते स्थापना भएको ग्रामीण लघुवित्त विकास केन्द्र (RMDC) र २०५८ साल असार २२ गते स्थापना भएको साना किसान विकास बैंक लि. गरी दुई वटा वित्तीय संस्थाहरू लघुवित्तको थोक कारोबारमा संलग्न रहेका छन् ।

४.४३ लघु वित्त सम्बन्धी कारोबार गर्ने "घ" वर्गका वित्तीय संस्थाहरूको कुल सम्पत्ति/दायित्व २०६६ पुस मसान्तमा रू. १७ अर्ब २० करोड पुगेको छ । २०६६ पुस मसान्तमा यी संस्थाहरूको कुल निक्षेप तथा कुल सापटी क्रमश: रू. २ अर्ब ३६ करोड र रू. १० अर्ब २ करोड पुगेको छ भने कुल लगानी रू. २ अर्ब ७७ करोड पुगेको छ ।

४.४४ लघुवित्तको थोक कारोबारमा संलग्न संस्थाहरूमध्ये ग्रामीण लघुवित्त विकास केन्द्र (RMDC) को चुक्ता पूँजी २०६६ फागुन मसान्तमा रू. ३२ करोड रहेको छ । २०६६ फागुन मसान्तमा यस केन्द्रले ८२ वटा लघुवित्त संस्थाहरूमार्फत् लगानी भएको कुल रू. ३ अर्ब ९८ करोड ४८ लाख बराबरको कर्जामध्ये रू.२ अर्ब ३० करोड ८६ असुली भई २०६६ फागुन मसान्तसम्ममा रू. १ अर्ब ६७ करोड ६२ लाख लगानीमा रहीरहेको छ । यसैगरी लघुवित्तको थोक कर्जा कारोवारमा नै संलग्न साना किसान विकास बैंक लिमिटेडले २०६६ पुस मसान्तसम्ममा रू. १ अर्ब ९ करोड लगानी गरेको छ ।

ग्रामीण स्वावलम्वन कोष

४.४५ सहकारी र गैर-सरकारी संस्थाहरूलाई लघुवित्त कारोवारका लागि थोक कर्जा प्रवाह गर्ने ग्रामीण स्वावलम्वन कोषको पुँजी २०६६ फाल्गुनमा रू. ४९ करोड रहेको छ । २०६६ फागुन मसान्तसम्ममा कोषले रू. ३३ करोड ९१ लाख कर्जा वितरण गरेको छ भने रू. १७ करोड ५४ लाख साँवा असुल गरेको छ ।

तालिका ४ (ट) : ग्रामीण स्वाबलम्बन कोषको कारोवार विवरण

विवरण	२०६५ असार	२०६६ असार	२०६६ फागुन
कर्जा वितरण भएको जिल्ला संख्या	५०	५१	५५
कर्जा वितरित संस्था संख्या	३३४	४०४	४७७
लाभान्वित परिवार संख्या	१४८६२	१७९९०	१९५४१
वितरित कर्जा रकम (रू. करोडमा)	१९.३४	२६.९९	३१.९१
असूल भएको रकम (रू. करोडमा)	१०.२३	१४.१९	१७.५४
लगानीमा रहिरहेको रकम (रू. करोडमा)	९.१०	१२.८०	१४.३६
भाखा नाघेको कर्जा (असूल हुनुपर्ने रकमको प्रतिशतमा)	९.०	७.४८	७.१५
कर्जा असूली प्रतिशत	९१.०	९२.५२	९२.८५

स्रोत : नेपाल राष्ट्र बैंक ।

सीमित बैकिङ्ग कारोवार गर्ने सहकारी तथा गैर-सरकारी संस्थाहरू

४.४६ सहकारी ऐन, २०४८ अन्तरगत स्थापना भई सीमित बैंकिंग कारोबार गर्न नेपाल राष्ट्र बैकबाट इजाजतप्राप्त सहकारी संस्थाहरूले उक्त बैङ्कले यस्तो कारोबार सम्बन्धमा जारी गरिएको निर्देशन २०५८ (संशोधित २०६०) बमोजिम वित्तीय कारोबार गर्दै आएका छन् । २०६६ चैत मसान्तसम्ममा यस्ता संस्थाहरूको संख्या १६ रहेको छ र २०६६ असार मसान्तमा यी संस्थाहरूको कुल पुँजीकोष रू. ४७ करोड ६४ लाख रहेको छ । उक्त पुँजीकोष २०६५ असार मसान्तमा रू. ४० करोड ९ लाख रहेको थियो । समीक्षा अवधिमा यी संस्थाहरूको निक्षेप सङ्कलन रू. ३ अर्ब ९० करोड पुगेको छ भने कर्जा तथा सापटी रू. ३ अर्ब ६३ करोड पुगेको छ ।

नेपाल राष्ट्र बैकबाट सीमित बैंकिङ्ग कारोवार गर्न इजाजतपत्रप्राप्त सहकारी संस्थाहरूको संख्या १६ मात्र रहेतापनि सहकारी ऐन, २०४८ बमोजिम दर्ता भई बचत तथा ऋणको कारोवार गरीरहेका सबै सहकारी संस्थाहरूको संख्या छ हजार नाघिसकेको छ । यस्ता संस्थाहरूको संचालनबाट सदस्य संख्याका साथै निक्षेप तथा कर्जालगानी कारोवारमा समेत वृद्धि आएको छ ।

तालिका ४ (ठ) : बचत तथा ऋण सहकारी संस्थाहरूको गतिविधिको झलक

विवरण	२०६५ चैत	२०६६ असार
सहकारीको संख्या	*5162*	*6289*
सदस्य संख्या (हजारमा)	*714*	*870*
बचत (करोडमा)	*1624*	*1979*
लगानी (करोडमा)	*2012*	*2452*

स्रोतः नेपाल सरकार, कृषि तथा मन्त्रालय, सहकारी विभाग ।

यस्तै संस्था दर्ता ऐन, २०३४ अन्तरगत स्थापना भई वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ को प्रावधान अनुसार नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न इजाजतपत्रप्राप्त गैरसरकारी संस्थाहरूको संख्या २०६६ चैत मसान्तमा ४५ रहेको छ। २०६६ असार मसान्तसम्ममा यी संस्थाहरूले गरेको कर्जा प्रवाह रू. ९६ करोड १२ लाख रहेको थियो भने २०६६ पुस मसान्तमा सो लघु कर्जा रकम रू. ९८ करोड २५ लाख पुगेको छ।

वित्तीय क्षेत्र सुधार कार्यक्रम

४.४७ समष्टिगत आर्थिक सुधार कार्यक्रमको एक महत्वपूर्ण अंगको रुपमा वित्तीय क्षेत्र सुधार कार्यक्रमलाई लिइएको छ। नेपाल सरकारले २०५७ मंसिर ७ मा वित्तीय क्षेत्र सुधार सम्बन्धी रणनीतिपत्र जारी गरी वित्तीय क्षेत्र सुधार कार्यक्रमलाई प्रष्ट मार्गदर्शन प्रदान गरेको थियो। यस कार्यक्रमको कार्यान्वयन इकाइको रुपमा नेपाल राष्ट्र बैंक रहेको छ।

४.४८ वित्तीय क्षेत्र सुधार कार्यक्रमको प्रमुख लक्ष्य भनेकै मुलुकको वित्तीय क्षेत्रलाई स्वस्थ, प्रतिस्पर्धी, कुशल तथा व्यावसायिक बनाई आर्थिक विकासको लागि पर्याप्त योगदान दिन सक्ने बनाउने हो। विश्व बैंक, बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभाग (Department for International Development/DFID) र नेपाल सरकारको ऋण तथा अनुदान सहयोगमा सञ्चालन भइरहेको वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत मुख्यतया (क) नेपाल राष्ट्र बैंकको रि-इञ्जिनियरिङ्ग, (ख) नेपाल बैंक लिमिटेड तथा राष्ट्रिय वाणिज्य बैंकको पुनर्संरचना, र (ग) समग्र वित्तीय क्षेत्रको सक्षमता अभिवृद्धि जस्ता कार्यक्रमहरू रहेका छन्।

मञ्जुषा ४(ग) : नेपाल राष्ट्र बैंकको पुनर्संरचना

वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नेपाल राष्ट्र बैंकको पुनर्संरचनार्फ वित्तीय क्षेत्रको विकास तथा बदलिंदो परिस्थितिसँग सामञ्जस्य कायम गर्दै नेपाल राष्ट्र बैंकलाई एउटा सक्षम केन्द्रीय बैंकको रुपमा परिमार्जन गर्न नेपाल राष्ट्र बैंकको रि-इञ्जिनियरिङ्ग सम्बन्धी कार्यलाई निरन्तरता प्रदान गरिएको छ। यस अन्तर्गत नेपाल राष्ट्र बैंकको मानव संशाधनको विकास गर्ने, नियमन व्यवस्था र निरीक्षण तथा सुपरिवेक्षण प्रणालीलाई अझ बढी सशक्त एवम् प्रभावकारी बनाउने, बैंकको कार्यको आधारमा सांगठनिक पुनर्संरचना गर्ने, कम्प्यूटराइज्ड गर्ने, लेखा प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको बनाउने तथा बैंकका कार्यहरूलाई सरल सहज बनाउँदै केन्द्रीय बैंकलाई चुस्त बनाउने आदि कार्यहरूलाई निरन्तरता प्रदान गरिएको छ।

४.४९ नेपाल राष्ट्र बैंक रि-इञ्जिनियरिङ्गका कार्यक्रमहरू सञ्चालनमा ल्याउन गठित कार्यदलले पेश गरेको प्रतिवेदनहरू कार्यान्वयन गर्ने प्रक्रियामा रहेका छन्।

४.५० बैंकको सूचना प्रविधि क्षमता पुनर्संरचनाका लागि नियुक्त सूचना-प्रविधि परामर्शदाताबाट बैंकको आवश्यकतानुसारको सहयोग नभएपछि विश्व बैंकको सहमति लिई निज र नेपाल राष्ट्र बैंकबीच भएको सम्झौता भंग गरिएको छ। सूचना-प्रविधि क्षमताको अभिवृद्धिको लागि नेपाल राष्ट्र बैंक आंफैले आन्तरिकरुपमा सूचना प्रविधि पुनर्संरचना सम्बन्धी दिर्घकालीन योजना बनाई लागु गर्ने कार्यक्रम रहेको छ।

४.५१ नेपाल राष्ट्र बैंकको जनसम्पर्क अधिकृत पदमा कार्यरत परामर्शदाताको सम्झौता अवधि २०६५ चैत २६ मा समाप्त भएकोमा सो अवधि पछि निजसँग करार थप नगरी नेपाल राष्ट्र बैंकले आवश्यकतानुसार आफ्नै स्रोतबाट जनसम्पर्क अधिकृत नियुक्ति गर्ने गरेको छ ।

मञ्जुषा ४ (घ) : नेपाल बैंक लिमिटेड तथा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको संरचनागत सुधार कार्यक्रम

1. नेपाल बैंक लिमिटेडको पुनरसंरचना गर्ने प्रमुख उद्देश्य सहित उक्त बैंकलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ (ग) को उपदफा १ (ण) अनुसार नेपाल राष्ट्र बैंकको नियन्त्रणमा लिइएको र त्यस्तो नियन्त्रणको अवधि २०६७ फागुन मसान्तसम्म रहेको छ । उक्त बैंकको पुनरसंरचना गर्ने सम्बन्धमा नियुक्त विदेशी परामर्शदाता फर्मसँग भएको सम्झौताको म्याद समाप्त भएपछि २०६४।४।११ देखि नेपाल राष्ट्र बैंकका उच्च अधिकृतबाट नेपाल बैंक लिमिटेडको व्यवस्थापन सञ्चालन हुँदै आएको छ । उक्त बैंकमा खुल्ला प्रतिस्पर्धाबाट नयाँ प्रमुख कार्यकारी अधिकृत नियुक्तिको लागि आवश्यक प्रकृया प्रारम्भ भइरहेको छ ।
2. राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको व्यवस्थापन समूहका परामर्शदाताहरूसँगको करार अवधिलाई २०६७ असारमसान्तसम्म बढाइएको छ । उक्त बैंकमा हाल प्रमुख कार्यकारी अधिकृत र प्रमुख सूचना प्रविधि अधिकृत रहेको व्यवस्थापन समूहले पुनरसंरचनाका कार्यहरूलाई निरन्तरता दिएको छ ।
3. राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडको संरचनागत सुधारको कार्य भइरहेको सन्दर्भमा उक्त दुवै बैंकको लागि Bank Restructuring Advisor नियुक्त गर्ने कार्यक्रम रहेको छ ।
4. पुनरसंरचनाको क्रममा रहेका यी दुवै बैंकहरूको हालसम्मको प्रगतिलाई समग्रमा समीक्षा गर्दा आर्थिक वर्ष २०६०/६१ देखि खुद मुनाफा आर्जन गरेको, बैंकको ऋणात्मक पुँजीकोषलाई घटाउँदै लगेको, बैंकलाई स्थिरता प्रदान गर्ने सम्बन्धमा व्यवस्थापन समूहले अन्तर्राष्ट्रियस्तरका विभिन्न निर्देशिका, नीति, नियमहरू तयार गरी लागू गरेको र बैंकभित्र अन्तर्राष्ट्रियरुपमा स्वीकार्य व्यवस्था तथा शैलीहरू तर्जुमा गरी सोको कार्यान्वयन गरिरहेको तथ्यलाई दृष्टिगत गर्दा हालसम्मको प्रगतिलाई सकारात्मकरुपमा लिन सकिन्छ ।

४.५२ नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकमा पुनर्संरचना कार्य सुरु भएपछि यी दुवै बैंकको वित्तीय स्थितिमा केही सुधार आएको छ । २०५६ सालदेखि वार्षिकरुपमा अर्बौं रकम घाटा व्यहोर्दै आएको नेपाल बैंक लिमिटेडले आर्थिक वर्ष २०५९/६० मा खुद नोक्सान घटाएर करिब रू. २५ करोडमा सीमित गरेकोमा त्यसपछिका आर्थिक वर्षहरूमा नाफामा गई आर्थिक वर्ष २०६५/६६ को असारमसान्तमा रू. ६६ करोड कर अघिको मुनाफा आर्जन गरेको छ । साथै, बैंकले पेश गरेको अपरिष्कृत वित्तीय विवरण अनुसार २०६६ पुस मसान्तसम्ममा रू. ४६ करोड कर अघिको मुनाफा आर्जन गरेको छ ।

४.५३ त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको खुद नोक्सान आर्थिक वर्ष २०५९/६० मा रू. ४८४ करोड रहेकोमा त्यसपछिका आर्थिक वर्षहरूमा नाफामा गई आर्थिक वर्ष

२०६५/६६ को असार मसान्तसम्ममा रू. २ अर्ब ९ करोड नाफा आर्जन गर्न सकेको छ। साथै, बैंकले पेश गरेको अपरिष्कृत वित्तीय विवरण अनुसार २०६६ पुस मसान्तसम्ममा रू. १ अर्ब १५ करोड नाफा आर्जन गरेको छ।

४.५४ दुवै बैंकको ऋणात्मक पुँजीकोष (नेटवर्थ) मा क्रमशः सुधार आइरहेको छ। नेपाल बैंक लिमिटेडको पुनरसंरचना गर्ने कार्यको सुरुवात भएपछि २०६० असार मसान्तमा कुल पुँजीकोष रू. ९ अर्ब ८० करोडले ऋणात्मक रहेकोमा २०६६ असार मसान्तसम्ममा सो ऋणात्मकताको मात्रा रू. ४ अर्ब ८८ करोडमा झरेको छ। साथै, बैंकले पेश गरेको अपरिष्कृत वित्तीय विवरण अनुसार २०६६ पुस मसान्तसम्ममा रू. ४ अर्ब ८६ करोड ऋणात्मक पुँजीकोष रहेको छ। त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकको २०६० असार मसान्तमा कुल पुँजीकोष (नेटवर्थ) रू. २२ अर्ब ३९ करोडले ऋणात्मक रहेकोमा २०६६ असार मसान्तसम्ममा सो घटेर रू. १३ अर्ब ४८ करोडमा सीमित हुन पुगेको छ। त्यस्तै, बैंकले पेश गरेको अपरिष्कृत वित्तीय विवरण अनुसार २०६६ पुस मसान्तमा रू. १२ अर्ब ३१ करोडले पूँजीकोष ऋणात्मक रहेको छ।

तालिका ४ (ड) : ऋणात्मक पुँजीकोष

(रकम रू. अर्बमा)

असार मसान्त	नेपाल बैंक लिमिटेड	राष्ट्रिय वाणिज्य बैंक
२०६०	९.८०	२२.३९
२०६१	८.९०	२१.००
२०६२	७.१६	२०.००
२०६३	६.३०	१८.५९
२०६४	६.२५	१७.२१
२०६५	५.७२	१५.५०
२०६६	४.८८	१३.४८
२०६६ पुस मसान्त	४.८६	१२.३१

स्रोतः नेपाल राष्ट्र बैंक।

४.५५ भाखा नाघेको कर्जा (NPA) तर्फ नेपाल बैंक लिमिटेडमा २०६० असार मसान्तमा ६०.४७ प्रतिशत रहेकोमा २०६१, २०६२, २०६३, २०६४, २०६५ र २०६६ असार मसान्तमा त्यस्तो खराब कर्जा क्रमशः घट्दै गई ५३.७४ प्रतिशत, ४९.६४ प्रतिशत, १८.१८ प्रतिशत, १३.५० प्रतिशत, १२.३८ प्रतिशत र ५.४० प्रतिशत रहेको तथा २०६६ पुस मसान्तमा ३.६३ प्रतिशतमा सीमित हुन पुगेको छ। त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकमा अपेक्षा गरे अनुरूप निष्क्रिय कर्जाको मात्रा नघटेता पनि सोको स्तर भने घट्न थालेको छ। कुल कर्जामा भाखा नाघेको कर्जा (NPA) २०६० असार मसान्तमा ६०.१५ प्रतिशत रहेकोमा २०६१, २०६२, २०६३, २०६४, २०६५ र २०६६ असार मसान्तमा त्यस्तो खराब कर्जा क्रमशः ५७.६४ प्रतिशत, ५०.७० प्रतिशत, ३७.०० प्रतिशत, २७.६० प्रतिशत, २१.६५ प्रतिशत र १५.६७ प्रतिशतमा सीमित हुन

पुगेको छ। त्यस्तै, २०६६ पुस मसान्तमा कुल कर्जामा भाखा नाघेको कर्जा १३.२९ प्रतिशत रहेको छ।

तालिका ४ (ढ) : कुल कर्जामा भाखा नाघेको कर्जा

(प्रतिशत)

असार मसान्त	नेपाल बैंक लिमिटेड	राष्ट्रिय वाणिज्य बैंक
२०६०	६०.४७	६०.१५
२०६१	५३.७४	५७.६४
२०६२	४९.६४	५०.७०
२०६३	१८.१८	३७.००
२०६४	१३.५०	२७.६०
२०६५	१२.३८	२१.६५
२०६६	५.४०	१५.६७
२०६६ पुस मसान्त	३.६३	१३.२९

स्रोतः नेपाल राष्ट्र बैंक।

४.५६ नेपाल बैंक लिमिटेडमा आर्थिक वर्ष २०५६/५७ देखि २०६५/६६ सम्मको लेखापरीक्षण गर्ने कार्य सम्पन्न भई आर्थिक वर्ष २०६५/६६ को लेखापरीक्षण प्रतिवेदन नेपाल राष्ट्र बैंकको स्वीकृतिको लागि पेश भइसकेको छ। साथै, त्रैमासिकरुपमा वित्तीय विवरणहरू नियमितरुपमा प्रकाशन हुन थालेका छन्। त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकमा नयाँ व्यवस्थापनको नियुक्तिपछि आर्थिक वर्ष २०६४/६५ सम्मको बाह्य लेखापरीक्षण गर्ने कार्य सम्पन्न भइसकेको छ। त्रैमासिकरुपमा वित्तीय विवरणहरू नियमितरुपमा प्रकाशन हुन थालेका छन्। आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्य पनि नियमितरुपमा भईरहेको छ।

४.५७ कर्मचारीको संख्यालाई उपयुक्तस्तरमा राख्न नेपाल बैंक लिमिटेडमा हालसम्म चार वटा स्वेच्छिक अवकाश योजना सम्पन्न भइसकेका छन्। साथै, २०६६ जेठमा चौथो स्वेच्छिक अवकाश योजना लागु भएपश्चात् कर्मचारीहरूको सेवा अवधि ३० वर्ष कायम गरिएको छ। यस बैंकमा २०५८ असार मसान्तमा कर्मचारी संख्या ६ हजार ३० रहेकोमा २०६६ असार मसान्तमा २ हजार ४ सय ४२ जना तथा २०६६ पुस मसान्तसम्ममा सो संख्या बढी २ हजार ४ सय ५४ पुगेको छ। त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकले नेपाल राष्ट्र बैंक समक्ष Successor Plan पेश गरिसकेको छ भने कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरेको छ। कर्मचारीको संख्यालाई उपयुक्त स्तरमा राख्न छैठौं स्वेच्छिक अवकाश योजना लागू गरिएको छ। २०५९ असार मसान्तमा राष्ट्रिय वाणिज्य बैंकमा ५ हजार ५ सय ८३ कर्मचारी रहेकोमा २०६६ असार मसान्तमा २ हजार ६ सय ९७ जना तथा २०६६ पुस मसान्तमा २ हजार ७ सय ५ जना रहेका छन्।

४.५८ नेपाल बैंक लिमिटेडको व्यवस्थापन समूहले बैंकिङ्ग प्रणालीलाई भित्रैबाट मजबुत तथा सक्षम बनाउन विभिन्न किसिमका योजना, नीति, मार्गदर्शन बनाई लागू गरिसकेको छ। खासगरी कर्जा व्यवस्थापनमा सुधार ल्याउन कर्जा नीति तथा निर्देशिका बनाई लागू गरेको छ। नयाँ लेखा निर्देशिका, आन्तरिक लेखा परीक्षण निर्देशिका, लेखा शीर्षक

वर्गीकरण निर्देशिका तर्जुमा गरी लागू भएका छन् । कर्जा अपलेखन विनियमावली तयार गरी सो विनियमावली अनुरूप अपलेखन गर्ने कार्य सुरु समेत गरिसकेको छ । त्यसैगरी राष्ट्रिय वाणिज्य बैंकको व्यवस्थापन समूहले बैंकिङ्ग प्रणालीलाई मजबुत तथा सक्षम बनाउन विभिन्न किसिमका योजना, नीति, मार्गदर्शन बनाई लागू गरिसकेको छ । खासगरी Anti-Money Laundering Policy, Investment and Treasury Operation Manual, Internal Audit Manual, Trade Finance Manual लगायत कर्जा व्यवस्थापनमा सुधार ल्याउन कर्जा नीति तथा निर्देशिकाहरू तर्जुमा गरी लागु गरेका छन् । साथै, कर्जा अपलेखन विनीयमावली तयार गरी लागु गरेको छ ।

४.५९ बैकिङ्ग कारोवारलाई कम्युटर पद्धतिबाट सम्पन्न गरी छिटो छरितो तथा व्यवस्थित बनाउने सम्बन्धमा सूचना प्रबिधि सम्बन्धी योजना तर्जुमा भई सोही अनुरूप नेपाल बैंक लिमिटेडका हालसम्म कुल १ सय ७ शाखाहरू मध्ये ६६ वटा शाखाहरू Computerized गरिएका छन् । त्यसैगरी राष्ट्रिय वाणिज्य बैंकले हालसम्म कुल १ सय २४ शाखाहरू मध्ये १ सय २० वटा शाखाहरू Computerized गरिसकेको छ ।

तालिका ४(ण): नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको स्थिति

विवरण	२०६० असार	२०६६ असार	२०६६ पुस*
नेपाल बैंक लिमिटेड			
खुद मुनाफा (रू.करोड)	(२५.२)	६६.०	४६.०
पुँजीकोष (रू.करोड)/() ऋणात्मक	(९८०)	(४८८)	(४८६)
निष्क्रिय कर्जा (प्रतिशत)	६०.४७	५.४०	३.६३
कर्मचारी संख्या	५२५०	२४४२	२४५४
राष्ट्रिय वाणिज्य बैंक			
खुद मुनाफा (रू. करोड)	(४,८५)	२०९.०	११५.२
पुँजीकोष(रू.करोड)/() ऋणात्मक	(२२३९)	(१३,४८)	(१२,३१)
निष्क्रिय कर्जा (प्रतिशत)	६०.१५	१५.६७	१३.२९
कर्मचारी संख्या	५४०२	२६९७	२७०५

* अपरिष्कृत

४.६० समग्र वित्तीय क्षेत्रको सक्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत कर्जा सूचना केन्द्र लिमिटेड र ऋण असुली न्यायाधीकरणको क्षमता अभिवृद्धि सम्बन्धी आवश्यक कार्यहरू समेत सुरु गरिसकिएको छ ।

मञ्जुषा ४(ङ) : समग्र वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि

वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत तेश्रो कार्यक्रम समग्र वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि रहेको छ । यस अन्तर्गत हालसम्मको प्रगतिमा कर्जा सूचना केन्द्र लिमिटेडको यान्त्रिकीकरणको कार्य प्रारम्भ गरिएको छ । उक्त केन्द्रका कर्मचारीहरूलाई वैदेशिक तालीममा सहभागी गराइएको छ । यसैगरी ऋण असुली न्यायाधीकरणको यान्त्रिकीकरण गर्ने कार्यक्रम पनि रहेको छ र उक्त न्यायाधीकरणका कर्मचारीहरूको दक्षता अभिवृद्धिको लागि कार्यरत कर्मचारीहरूलाई समेत तालीम प्रदान गर्ने कार्यक्रम रहेको छ ।

बैंक तथा वित्तीय संस्थाहरूको स्थापना

४.६१ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अन्तर्गत जनता बैक नेपाल लिमिटेडले "क" वर्गको वाणिज्य बैंकको रुपमा वित्तीय कारोबार सञ्चालन गर्न स्वीकृति प्राप्त गरिसकेको छ। यो बैंक सञ्चालनमा आएपछि वाणिज्य बैंकहरूको कुल संख्या २७ पुगेको छ। प्रस्तावित सिभिल बैङ्क लिमिटेडलाई स्थापनाको लागि सैद्धान्तिक सहमतिपत्र प्रदान गर्ने क्रममा रहेको र प्रस्तावित स्टेट बैङ्क अफ नेपाल लिमिटेडको संस्थापना सम्बन्धमा आवश्यक कागजात परीक्षणको क्रममा रहेको छ।

४.६२ प्रस्तावित कमर्ज एण्ड ट्रष्ट बैंक नेपाल लिमिटेडले वित्तीय कारोबार सञ्चालन गर्न नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति प्राप्त गरिसकेको छ।

४.६३ प्रस्तावित सेन्चूरी कमर्सियल बैक लिमिटेड र मेगा बैंक नेपाल लिमिटेडलाई सैद्धान्तिक सहमति दिने निर्णय भई कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता प्रक्रियामा रहेका छन्।

४.६४ विकास बैंकहरूको संख्या ७८ पुगेको छ। समीक्षा अवधिमा राष्ट्रियस्तरमा वित्तीय कारोवार गर्न स्वीकृति प्रदान भएको दुई वटा विकास बैंकहरूमा इन्टरनेशनल डेभलपमेन्ट बैंक लि. र टुरिजम् डेभलपमेन्ट बैंक लि. रहेका छन्। त्यस्तै, छ वटा विकास बैंकहरूले तीन जिल्ला कार्य क्षेत्र रहने गरी स्वीकृति प्राप्त गरेका छन् भने एक जिल्ला कार्यक्षेत्र रहने गरी १० बटा विकास बैंकहरूलाई स्वीकृति प्रदान गरिएको छ। एक जिल्ला र तीन जिल्लामा कार्यक्षेत्र रहने गरी स्थापना भएका सबै विकास बैंकहरूले वित्तीय कारोवार सञ्चालन गरिसकेका छन्। थप १० वटा विकास बैंकहरूले बैंक संस्थापनाको लागि सैद्धान्तिक सहमति प्राप्त गरेका छन् र उक्त विकास बैंकहरू वित्तीय कारोवार गर्ने स्वीकृति प्राप्त गर्ने प्रकृयामा रहेका छन्। यस अवधिमा सिद्धार्थ डेभलपमेन्ट बैंक लिमिटेडलाई तीन जिल्लाको कार्यक्षेत्र विस्तार गरी राष्ट्रियस्तरको विकास बैंकको रुपमा कार्य गर्न स्वीकृति प्रदान गरिएको छ भने भृकुटी डेभलपमेन्ट बैंक लि. को कार्यक्षेत्र तीन जिल्लाबाट १० जिल्लामा विस्तार गर्न स्वीकृति प्रदान गरिएको छ।

४.६५ वित्त कम्पनीहरूको संख्या ७९ कायम रहेको छ। यी वित्त कम्पनीहरू मध्ये काठमाडौं उपत्यकाभित्र ५७ र काठमाडौं उपत्यका बाहिर २२ वटा सञ्चालनमा रहेका छन्। प्रस्तावित तीन वटा वित्त कम्पनीहरूलाई वित्तीय कारोवार गर्ने इजाजतपत्र प्रदान गर्ने प्रकृया अघि बढिरहेको छ।

४.६६ लघुवित्त विकास बैंकहरूको संख्या बढेर १८ पुगेको छ। यस अवधिमा मिथिला लघुवित्त विकास बैंक लि. ढल्केबर, धनुषा; समिट माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लि. अनारमनी, झापा; स्वरोजगार लघुवित्त विकास बैंक लि, बनेपा; फस्ट माईक्रोफाईनान्स डेभलपमेन्ट बैंक लि. (राष्ट्रियस्तर) काठमाडौं; र नागवेली लघु वित्त विकास बैंक लि, अनारमनी झापालाई इजाजतपत्र प्रदान गरिएको छ।

४.६७ सहकारी ऐन अन्तर्गत दर्ता भई नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोवार सञ्चालन गर्ने इजाजतपत्रप्राप्त सहकारी संस्थाहरूको संख्या गत वर्ष सरह नै २०६६ फागुन मसान्तसम्ममा १६ वटामा नै सीमित रहेको छ।

४.६८ वित्तीय मध्यस्थताको कारोवार गर्ने गैरसरकारी संस्थाहरूको संख्या २०६६ फागुन मसान्तसम्ममा ४५ रहेको छ । यस अवधिमा ती संस्थाको कार्य क्षेत्र विस्तारमा रोक लगाइएकोमा चालु आर्थिक वर्षमा गरिएको संशोधित व्यवस्थाअनुसार यस्तो कारोबार गर्ने संस्थाले तोकिएका मापदण्ड पूरा गरेमा एक आर्थिक वर्षभित्र स्वीकृत कार्य क्षेत्रसँग जोडिएको अर्को एक जिल्लामा मात्र कार्यक्षेत्र विस्तार गर्न स्वीकृति प्रदान गर्ने नीतिगत व्यवस्था गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाहरूको नियमन सम्बन्धी व्यवस्थाहरू

४.६९ बैंक तथा वित्तीय संस्थाको चुक्ता पुँजीको दुई प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीहरूको नाममा रहेको संस्थापक शेयर प्रचलित ऐन कानुन तथा तोकिएका शर्तहरूको अधीनमा रही खरिद/विक्री गर्नको लागि नेपाल राष्ट्र बैंकको स्वीकृति लिई रहनु नपर्ने गरी विद्यमान व्यवस्थामा सरलीकरण गरिएको छ । तर, नयाँ संस्थापकहरूले तोकिएका मापदण्ड (Fit and Proper Test) परिपालना गरेको हुनुपर्ने तथा दुई प्रतिशतभन्दा बढी शेयर धारण गरेका संस्थापक शेयरधनीहरूको हकमा शेयर खण्डीकृत गरी यस्तो सुबिधा उपयोग गर्न नपाउने व्यवस्था गरिएको छ ।

४.७० बैंक/वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवं प्रकृयागत ब्यवस्था: २०६३ का केही प्रावधानहरूमा संशोधन तथा परिमार्जन गरिएको छ । गैर आवासीय नेपाली नागरिकहरूले बैंक तथा वित्तीय संस्थामा लगानी गर्ने प्रयोजनार्थ संस्था संस्थापना वा हक हस्तान्तरणको प्रकृयाबाट संस्थापक शेयरमा लगानी गर्ने भएमा स्थानीय कर कार्यालयबाट प्रदान गरिएको कर चुक्ता प्रमाणपत्र र/वा पछिल्लो आर्थिक वर्षको कर दाखिला गरेको निस्सा र/वा नेपालमा करयोग्य आय नभएको व्यहोरा प्रमाणित हुने कागजात र स्वःघोषणापत्र समेत पेश गर्नुपर्ने छ । यसरी लगानी गरिने रकम इजाजतपत्रप्राप्त संस्थामार्फत विप्रेषण गरी नेपाल भित्र्याएको हुनुपर्ने व्यवस्था गरिएको छ । तोकिएको चुक्ता पुँजी पुऱ्याउने प्रतिबद्धताको म्याद २०६७ असार मसान्तबाट २०६७ चैत मसान्तसम्म कायम गरिएको छ ।

४.७१ एकल ग्राहक कर्जा सीमालाई २०६७ माघ १ गतेदेखि लागू हुने गरी कोषमा आधारित तथा गैर-कोषमा आधारित सीमा समेत गरी प्राथमिक पुँजीको बढीमा २५ प्रतिशतसम्म रहने गरी कुल सीमा कायम गरिएको छ । तर निर्यात क्षेत्र, साना तथा मझौला उद्योग, औषधि उत्पादन उद्योग, कृषि क्षेत्र, पर्यटन उद्योग, सिमेन्ट उद्योग, फलाम उद्योग तथा अन्य उत्पादनमूलक उद्योगहरूमा प्रवाह हुने कर्जाको एकल ग्राहक कर्जा सीमा अधिकतम ३० प्रतिशत र जलविद्युत परियोजना, जलविद्युत प्रशारण लाइन र केवलकार उद्योगको हकमा भने विद्यमान ५० प्रतिशतको सीमालाई यथावत कायम राखिएको छ ।

४.७२ आर्थिक वर्ष २०६६/६७ देखि बैंक तथा वित्तीय संस्थाहरूले वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio, SLR) कायम गर्नुपर्ने व्यवस्था गरी २०६७ असार मसान्तसम्ममा "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो स्वदेशी निक्षेप दायित्वको क्रमश: ८.० प्रतिशत, ३.० प्रतिशत र २.० प्रतिशत अनिवार्यरुपमा

सरकारी सुरक्षणपत्रमा लगानी गर्नुपर्ने व्यवस्था गरिएको छ। यस अनुरूप वैधानिक तरलता अनुपात कायम गर्दा तोकिएको ऋणपत्र वा सोही प्रयोजन खोली "क" वर्गको वाणिज्य बैंकमा Call Deposit मा राखेको रकमलाई समेत उक्त व्यवस्थाको लागि योग्य उपकरण (Eligible Instruments) को रुपमा गणना गर्न पाइने व्यवस्था मिलाइएको छ। साथै, अनिवार्य मौज्दात बापत कायम गर्नुपर्ने रकमभन्दा बढी रकम जम्मा भएको अवस्थामा सो बढी रकमलाई वैधानिक तरलता अनुपात गणना गर्दा प्रयोग गर्न सकिने व्यवस्था थप गरिएको छ।

४.७३ बैंक तथा वित्तीय संस्थालाई नेपाल राष्ट्र बैंकले १.५ प्रतिशत व्याजदरमा स्वदेशी मुद्रामा निर्यात पुनरकर्जा सुविधा उपलब्ध गराउने र ती बैंक तथा वित्तीय संस्थाले सम्बन्धित ऋणीबाट बढीमा ४.० प्रतिशतसम्म व्याज असुली गर्न पाउने व्यवस्था कायम गरिएको छ। त्यस्तै, तोकिएका शर्त तथा मापदण्डहरू अन्तर्गत रही "क" "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरूले तोकिएका क्षेत्रहरूमा मात्र कर्जा प्रवाह गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकबाट उत्पादनमूलक पुनरकर्जा सुविधा प्राप्त गर्न सक्ने नयाँ व्यवस्था गरिएको छ।

मञ्जुषा ४(च) : उत्पादनमूलक पुनरकर्जा सुविधा सम्बन्धी व्यवस्था

क) असल कर्जाको धितोमा बढीमा ८०.० प्रतिशतसम्म प्रदान गर्ने गरी बैंक तथा वित्तीय संस्थाको प्राथमिक पुँजीको बढीमा ४०.० प्रतिशतसम्म मात्र प्रदान गरिने।

ख) बढीमा ६ महिनाको लागि बार्षिक ७.५ प्रतिशत ब्याजदरमा उपलब्ध हुने।

ग) सम्बन्धित संस्थाले नेपाल राष्ट्र बैंकले तोकेको व्याजदरमा अधिकतम ३ प्रतिशत विन्दुसम्म मात्र थप गरी व्याजदर कायम गर्नु पर्ने।

घ) तोकिएको पुँजी पर्याप्तता अनुपातको अतिरिक्त थप ०.५ प्रतिशत अतिरिक्त पुँजी पर्याप्तता अनुपात कायम गरेको हुनुपर्ने।

ङ) स्वदेशी निक्षेप तथा प्राथमिक पुँजीमा कुल कर्जा तथा सापटको अंश ८०.० प्रतिशतभन्दा बढी भएका बैंक तथा वित्तीय संस्थाले पुनरकर्जा उपयोग गर्दाको समयमा कायम रहेको कर्जा निक्षेप अनुपात बढ्न नदिई तोकिए बमोजिमको कर्जा निक्षेप अनुपात कायम गर्नुपर्ने।

च) रियलस्टेट क्षेत्रमा प्रवाहित कर्जा तोकेको सीमाभित्र रहेको हुनुपर्ने।

छ) यस्तो पुनरकर्जा सुविधा निर्यात क्षेत्र, साना तथा मझौला उद्योग, औषधि उत्पादन उद्योग, कृषि क्षेत्र, पर्यटन उद्योग, सिमेन्ट, फलाम उद्योग, अन्य उत्पादनमूलक उद्योग र विद्युत उत्पादन परियोजना तथा विद्युत प्रशारण लाइन एवं केवलकार प्रयोजनका लागि सोही क्षेत्र वा प्रयोजनको असल कर्जा धितो राखेर मात्र प्रवाह गर्नु पर्ने तथा प्रयोजन नखुल्ने व्यक्तिगत कर्जा, घरजग्गा खरिद/रियल स्टेट/व्यापारिक महल निर्माण कर्जा, सवारी साधन कर्जा, शेयर धितो कर्जा र चुरोट, विंडी, सिगार, सुर्ती, खैनी लगायत सुर्तिजन्य उद्योग र मदिरा तथा मदिराजन्य उद्योगलाई कर्जा प्रवाह गर्ने प्रयोजनमा उपयोग गर्न नपाइने।

४.७४ "क" वर्गका र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरूले आ-आफ्नो सञ्चालक समितिले तोकेको मापदण्डभित्र रही Forward, Options, Swap, Futures जस्ता विभिन्न डेरिभेटिभ्स उपकरण सम्बन्धी कारोवारहरू गर्न सक्ने तथा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूले प्रचलित धितोपत्र सम्बन्धी कानुनको

अधीनमा रही सार्वजनिकरुपमा नयाँ शेयर निष्काशन गर्न सक्ने व्यवस्था गरिएको छ। बाणिज्य बैंक र राष्ट्रियस्तरका विकास बैंकहरूले बैंकिङ्ग सुविधाको पहुँच नभएको स्थानमा निर्दिष्ट नीतिगत व्यवस्था तथा शर्तहरूको अधीनमा रही घुम्ती बैंकिंग सेवा (Mobile Banking Service) सञ्चालन गर्न काठमाण्डौं उपत्यकाभित्रका नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका बाहेकका क्षेत्रहरूमा मात्र Branchless Banking सम्बन्धी सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने व्यवस्था गरिएको छ। साथै, वाणिज्य बैंकहरूले आफ्नो प्रबन्धपत्रमा नेपाल राष्ट्र बैंकको पूर्वस्विकृति लिई विदेशमा पूंजीगत लगानी नहुने गरी गैर कोषमा आधारित विभिन्न प्राविधिक सेवा (Technical Service) समेत विदेशी बैंक तथा वित्तीय संस्थाहरूलाई प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ।

४.७५ Margin Lending प्रकृतिको शेयर सुरक्षण राखी प्रवाह हुने कर्जाका सम्बन्धमा Margin Call तथा नवीकरण सम्बन्धी व्यवस्थाहरूमा संशोधन गरिएको छ।

मञ्जुषा ४(छ) : Margin Lending प्रकृतिको कर्जा सम्बन्धी निर्देशनमा परिमार्जन

(१) शेयरको बजार मूल्यमा हुने परिवर्तनको कारणले Margin Call गर्नुपरेमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले मूल्य अनुगमन गरी ऋणी ग्राहकलाई सूचना गरी बढीमा २१ दिन भित्रमा निर्देशित सीमाभित्र ल्याउने गरी Margin Call गर्नुपर्ने। तर, सुरक्षणमा राखिएको शेयरको मूल्यमा १० प्रतिशतसम्मले घटेको अवस्थामा Margin Call गर्न बाध्य नहुने।

(२) शेयर धितो कर्जा (Margin type Lending) उपभोग गरिरहेका ऋणीले आफूले लिएको कर्जाको कम्तिमा २५ प्रतिशत रकम फिर्ता भुक्तानी गरेको र सम्पूर्ण लेना व्याज रकम बक्यौता नरहेको अवस्थामा बढीमा बाँकी ७५ प्रतिशत साँवासम्मको शेयर धितो कर्जालाई नवीकरण गर्न सकिने।

४.७६ "ख", "ग" र "घ" वर्गका वित्तीय संस्थाहरूले नियमानुसार इजाजतपत्र प्राप्त गरी इनवार्ड रेमिट्यान्सको कार्य गर्न सक्ने, "ख" र "ग" वर्गका वित्तीय संस्थाहरूले भारतीय मुद्राको खरिद तथा विक्री सम्बन्धी कार्यहरू गर्न सक्ने, राष्ट्रियस्तरका "ख" वर्गका वित्तीय संस्थाहरूले विदेशी मुद्राको निक्षेप स्वीकार गर्न, विदेशी मुद्राको खरीद/विक्री गर्न, पासपोर्ट बापत सटही सुविधा प्रदान गर्न, विदेशी मुद्रामा खाता खोल्न तथा Nostro Account खोल्न सक्ने। "ख" र "ग" वर्गका वित्तीय संस्थाहरूले स्वीकृत प्राप्त बैंकको सहायक एजेण्ट भई नेपाली र भारतीय मुद्राको Debit र Credit कार्ड जारी गर्न सक्ने तथा राष्ट्रियस्तर बाहेकका "ख" वर्गका वित्तीय संस्थाहरूले समेत विदेशी मुद्रा खरिद गरी नेपाल राष्ट्र बैंक वा वाणिज्य बैंकहरूलाई विक्री गर्न सक्ने व्यवस्था गरिएको छ। साथै, विकास बैंक तथा वित्त कम्पनीहरूले समेत तोकिएका शर्तहरूको अधीनमा रही Automated Teller Machine राख्न सक्ने तथा खुद्रा बैंकिंग कारोवार गर्ने "घ" वर्गका वित्तीय संस्थाहरूले तोकिएका शर्तहरू अन्तर्गत रही सर्वसाधारणबाट निक्षेप परिचालन समेत गर्न सक्ने नीतिगत व्यवस्था गरिएको छ। राष्ट्रियस्तरको "ग" वर्गको वित्तीय संस्थाले तोकिएका शर्तहरू अन्तर्गत रही सेफ डिपोजिट भल्ट र लकर सेवा समेत उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ।

४.७७ सार्वजनिक निष्कासन गर्न भनी छुट्टयाइएको धितोपत्र सम्बन्धित बैंक तथा वित्तीय संस्थाका संस्थापक, सञ्चालक वा निजका परिवारले लिन नपाउने तर, त्यस्तो धितोपत्रको दरखास्त खुल्ला रहने भनी तोकिएको अवधिभित्र पूरा बिक्री नभएको अवस्थामा भने यो प्रतिबन्ध लागू नहुने तथा संस्थापक/संस्थापक समूहको शेयर धारण गरेका शेयरधनीले संस्थापक समूह बाहेक अन्य समूहबाट सञ्चालकमा उम्मेदवारी दिन नपाउने व्यवस्था गरिएको छ। त्यस्तै, हकप्रद शेयर निष्कासन गर्दा साविकका संस्थापक शेयरधनीहरूले खरीद गर्न पाउने हकप्रद शेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा प्रचलित कानून बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा व्यवस्था गरी चुक्ता पुँजीको एक प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा सम्बन्धित बैंक/वित्तीय संस्थाले तोकिएका शर्तको अधीनमा रही हक हस्तान्तरण गर्न सक्ने व्यवस्था गरिएको छ।

४.७८ स्थायी तरलता सुविधाको विद्यमान व्यवस्थामा परिमार्जन गरी यस्तो सुविधाको व्याजदर निर्धारण गर्दा पछिल्लो ९१-दिने ट्रेजरी विल्सको भारित औषत व्याजदर वा विगत एक महिनाभित्रको पछिल्लो रिपो बोलकवोलको भारित औषत व्याजदर वा प्रचलित बैंकदर मध्ये जुन अधिकतम छ, त्यसमा तीन प्रतिशत विन्दुले पेनाल व्याजदर थप गरी निर्धारण गर्ने व्यवस्था कायम गरिएको छ।

४.७९ बैंक तथा वित्तीय संस्थाहरूले अर्थव्यवस्थाको एकै क्षेत्रमा प्रदान गर्न सक्ने कर्जासापट र सुविधाको सीमा निर्धारण सम्बन्धी व्यवस्था अन्तर्गत घरजग्गा तथा रियल स्टेटको सुरक्षणमा प्रदान हुने कर्जा तथा कुल कर्जामा सीमा निर्धारण गरिएको छ।

मञ्जुषा ४(ज) : घरजग्गा तथा रियल स्टेट कर्जा र कुल कर्जा सम्बन्धी निर्देशनको झलक

1. घरजग्गा तथा रियल स्टेट सम्पत्तिको Fair Market Value को ६० प्रतिशत ननाघ्ने गरी मात्र प्रदान गर्नुपर्ने।
2. रियल स्टेटमा कुल कर्जाको २५ प्रतिशत र रियल स्टेट एवं आवासीय घर कर्जा दुवैमा गरी कुल कर्जाको ४० प्रतिशत भन्दा बढी हुने गरी कर्जा प्रवाह गर्न नपाइने।
3. कुल कर्जाको आधारमा रियल स्टेट तथा रियल स्टेट र आवासीय घर कर्जा दुवैमा सीमा तोकिएको छ। रियल स्टेट कर्जा कुल कर्जाको २०६८ असार मसान्तमा बढीमा १५ प्रतिशत र २०६९ असार मसान्तमा बढीमा १० प्रतिशतको सीमाभित्र ल्याउनु पर्ने। त्यसैगरी रियल स्टेट र आवासीय घर कर्जा दुवैमा गरी कुल कर्जाको २०६८ असार मसान्तमा बढीमा ३० प्रतिशत र २०६९ असार मसान्तमा बढीमा २५ प्रतिशतको सीमाभित्र ल्याउनु पर्ने।
4. २०६८ असार मसान्त र २०६९ असार मसान्तका लागि निर्धारण गरिएको सीमाभित्र नआएमा निर्देशनको उल्लंघन भएको मानिने र तोकिएको सीमा नाघेमा नाघेजति रकमको लागि कुल जोखिम भारित सम्पत्तिको गणना गर्दा १ सय ५० प्रतिशतको जोखिम भार प्रदान गर्नुपर्ने।
5. स्रोत परिचालन (स्वदेशी निक्षेप तथा प्राथमिक पुँजी) मा कुल कर्जा सापटको अंश ८० प्रतिशत नाघ्न नहुने गरी सीमा तोकिएको छ। निर्देशन लागू हुन अघि नै उक्त अनुपात ८० प्रतिशत नाघेका संस्थाहरूले २०६७ असार, २०६८ असार र २०६८ पुष मसान्तमा क्रमशः ९५, ८५ र ८० प्रतिशत भित्र ल्याइसक्नु पर्ने।

४.८० गैरसरकारी संस्थाहरूको कार्यक्षेत्र विस्तार गर्ने सम्बन्धमा वित्तीय मध्यस्थता सम्बन्धी ऐन तथा नियमावलीमा तोकिएको विद्यमान नीतिगत व्यवस्थाका अतिरिक्त तोकिएका अन्य शर्तहरू पूरा गरेका संस्थाहरूलाई दर्ता भएको जिल्ला बाहेक अन्य जिल्लाहरूमा पनि आफ्नो कार्यक्षेत्र विस्तार गर्न सक्ने नीतिगत व्यवस्था कायम गरिएको छ ।

४.८१ "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो स्वपुँजी (Equity) लगानी गरेर छुट्टै सहायक कम्पनी मार्फत नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई लगानी सम्बन्धी विद्यमान नीतिगत व्यवस्था तथा अन्य प्रचलित कानुनी व्यवस्थाको अधीनमा रही मर्चेन्ट बैंकिंग सम्बन्धी कार्य गर्न सहायक कम्पनी (Subsidiary Company) स्थापना गरी कारोबार गर्न सक्ने व्यवस्थाका सम्बन्धमा आवश्यक नीतिगत व्यवस्था गरिएको ।

४.८२ आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिमा व्यवस्था भएअनुसार "क", "ख" र "ग" वर्गका संस्थाले आफ्नो स्वामित्वमा सहायक कम्पनी (Subsidiary Company) को रुपमा "घ" वर्गको लघुवित्त संस्था खोली विपन्न वर्गमा कर्जा प्रवाह गर्न सक्ने तथा त्यस्तो संस्थाको हकमा एकाघर परिवार, फर्म, कम्पनी वा सङ्गठित संस्था वा एकै समूहका कम्पनीको शेयर लगानीको अधिकतम हद चुक्ता पुँजीको २५ प्रतिशतसम्म हुनसक्ने व्यवस्थामा समेत सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट अनुरोध भई आएमा त्यस्तो शेयर लगानीको सीमामा छुट दिइने नीति अनुरूप त्यस्तो सहायक कम्पनीमा संस्थापक शेयर स्वामित्व चुक्ता पुँजीको न्यूनतम ५१ प्रतिशत तथा अधिकतम ७० प्रतिशतसम्म रहन सक्ने व्यवस्थासहित सहायक कम्पनी सम्बन्धी नीतिगत व्यवस्था गरिएको छ ।

४.८३ मिति २०६६ असार मसान्तसम्म जारी भएका परिपत्र/निर्देशन/मार्गदर्शन समेतलाई संयोजन तथा समायोजन गरी २० वटा निर्देशनहरू समावेश भएको एकीकृत निर्देशन-२०६६ जारी गरिएको छ ।

४.८४ बैंक तथा वित्तीय संस्थाले निक्षेपकर्तालाई दिने ब्याज सो सम्बन्धी नीति बमोजिम साप्ताहिक, मासिक, त्रैमासिक वा अन्य जुन अवधिको आधारमा व्याज गणना गर्ने हो सो अवधिको कम्तीमा औसत् मौज्दातमा ब्याज प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ ।

४.८५ सहवित्तीयकरण अन्तर्गत प्रवाह भएका कर्जा उपभोग गर्ने फर्म/कम्पनीले अगुवा बैंक तथा सहभागी बैंकहरूसँग मात्र बैंकिङ्ग कारोबार गर्नुपर्ने व्यवस्था सहवित्तीयकरण समूह गठन नगरी एउटा परियोजनाको लागि पारिपासुको माध्यमबाट सुरक्षण कायम रहने गरी दुई वा दुई भन्दा बढी बैंक तथा वित्तीय संस्थाहरूले Loose Consortium आधारमा प्रवाह गर्ने कर्जामा पनि समानरुपले लागू हुने व्यवस्था गरिएको छ ।

४.८६ विपन्न वर्ग कर्जा अन्तर्गत वाणिज्य बैंकहरूले कुल कर्जाको ३ प्रतिशत प्रवाह गर्नुपर्ने व्यवस्थालाई यथावत कायम राखी आर्थिक वर्ष २०६६/६७ को लागि विकास बैंकले २.० प्रतिशत र वित्त कम्पनीले १.५ प्रतिशत अनिवार्यरुपमा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ ।

४.८७ कुनैपनि लेनदेनको कारोवार वापत रू. ५० लाख वा सो भन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्यरुपमा एकाउन्टपेयी चेक मार्फत् गर्नुपर्ने व्यवस्था गरिएको छ ।

४.८८ बैंक/वित्तीय संस्थाहरूको साधारण शेयर तथा संस्थापक शेयरमा कारवाहीमा परेका व्यक्ति र निजको एकाघर परिवारले लगानी गरेको अवस्थामा त्यस्ता साधारण/संस्थापक शेयरहरू जफत गरी लिलाम गर्ने र त्यसरी प्राप्त हुन आउने रकम कर्जा चुक्ता गर्ने प्रयोजनका लागि उपयोग गर्ने व्यवस्था गरिएको छ ।

४.८९ बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो संस्थाको संस्थापक/सञ्चालक/कर्मचारी तथा निजहरूको एकाघर परिवारको सदस्यको चेक खरिद गर्न नपाइने र अन्य ग्राहकहरूको चेक खरिद गरेमा खरिद गरेको दिन समेत बढीमा तीन कार्यदिन भित्र अनिवार्यरुपमा चेक कलेक्सन वा समासोधनमा पठाउनु पर्ने व्यवस्था गरिएको छ ।

४.९० "घ" वर्गका लघुवित्त विकास बैंकहरूले समेत ५१ प्रतिशतभन्दा बढी संस्थापक समूहको शेयर स्वामित्व रहेको भएमा त्यस्ता संस्थाका संस्थापक शेयरधनीहरूले चाहेमा संस्थापक समूहको शेयर स्वामित्व कम्तिमा ५१ प्रतिशत कायम रहने गरी बांकी शेयर सर्वसाधारण शेयर सरह दोस्रो पुँजीबजारमार्फत् कारोवार गर्न सक्ने व्यवस्था गरिएको छ ।

४.९१ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अनुसार नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले "क", "ख" र "ग" वर्गको अन्य कुनै बैंक तथा वित्तीय संस्थाको धितोपत्रमा लगानी गर्न (Cross Holding) गर्न नपाइने हुँदा कर्जाको असुली प्रयोजनको लागि धितो स्वरुप लिईएको ईजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको शेयर सकार गरी त्यस्तो कर्जा असुली गर्न नपाइने व्यवस्था गरिएको छ ।

४.९२ बैंक तथा वित्तीय संस्थाका प्रस्तावित व्यवसायिक विशेषज्ञ तथा लेखापरीक्षकको सूचीमा रहेका व्यक्ति तथा निज सहभागी हुने वा भएको साझेदारी फर्म, कम्पनी तथा संस्थाहरू समेतलाई विपक्षी बनाई अख्तियार प्राप्त निकायले मुद्दा दायर गरेमा सूचीबाट स्वतः हटाइने र सफाई पाएको खण्डमा आधिकारिक पत्र प्राप्त भए पछि सूचीमा स्वतः समावेश गरिने व्यस्था गरिएको छ ।

४.९३ धितोपत्र बजारमा सूचीकृत भइनसकेको कुनै नयाँ खुलेका संगठित संस्थाको शेयरमा लगानी गरेमा त्यस्तो कम्पनी सञ्चालनमा आएको मितिले दुई वर्ष भित्र वा लगानी गरेको दुई वर्ष भित्रमा उक्त शेयर सूचीकृत नभएको खण्डमा लगानी भए बराबरको सम्पूर्ण रकम लगानी समायोजन कोषमा जम्मा गर्नु पर्ने व्यवस्था गरिएको छ ।

४.९४ बैंक तथा वित्तीय संस्थाले कर्जासँग सम्बन्धित कर्जा तमसुक, धितोबन्धक लिखत, Hypothecation Agreement र Trust Receipt Agreement अनिवार्यरुपमा देवनागरी लिपी नेपाली भाषामा तयार गर्नुपर्ने व्यवस्था गरिएको छ ।

४.९५ निर्देशनको पालना नगरी नगद जरिवानाको कारवाहीमा परेका बैंक तथा वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख तथा अन्य कर्मचारीबाट नगद जरिवाना भुक्तानी नगरेसम्मको लागि कालोसूचीमा समावेश गरिने व्यवस्था गरिएको छ । सञ्चालक/वा प्रवन्ध सञ्चालकले वित्तीय कारोवार गर्ने इजाजतपत्रप्राप्त नगरेसम्म कुनै पनि प्रकारको पारिश्रमिक, भत्ता तथा अन्य आर्थिक सुविधाहरू लिन नपाउने, तोकिएका खर्च सुविधाहरू बाहेक गैर-कार्यकारी अध्यक्ष तथा अन्य सञ्चालकहरूले व्यक्तिगत फाइदा

हुने आर्थिक तथा गैर-आर्थिक कुनै पनि प्रकृतिका सुविधा लिन नपाउने र उपयोग गरिरहेका सुविधाहरू उक्त संस्थाको सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व भएको प्रथम साधारणसभा सम्पन्न नभएसम्म वृद्धि गर्न नपाईने व्यवस्था गरिएको छ ।

४.९६ वित्तीय बिवरणहरूसँग सम्बन्धित अनुसूचीहरू तथा बिवरणहरू र प्रकाशन सम्बन्धी व्यवस्थाहरूमा सम-सामयिक संशोधन, परिमार्जन तथा सरलीकरण गरिएको । त्यस्तै, आचारसंहिता निर्माण गरी लागू गर्ने तथा सुशासन एकाइ गठन गरी सुशासनको स्थिति बारे मासिकरुपमा अनुगमन गर्दै जानु पर्ने व्यवस्थाहरू समेत गरिएको छ ।

बैंकिङ्ग तथा वित्तीय क्षेत्रसाग सम्बन्धित अन्य गतिविधिहरू

४.९७ तोकिएको मापदण्ड पूरा गर्ने "क" वर्गका वाणिज्य बैंकहरूले विदेशमा शाखा कार्यालय स्थापना गर्ने सम्बन्धी नीतिगत तथा प्रकृयागत व्यवस्था लागू गरी सकिएको छ ।

४.९८ नेपालले २३ अप्रिल २००४ मा विश्व व्यापार संगठनको १ सय ४७ औं सदस्यको रुपमा प्रवेश गर्दा सेवा व्यापार सम्बन्धी साधारण सम्झौताको वित्तीय सेवा क्षेत्र अन्तर्गत जनाएको प्रतिवद्धता अनुसार १ जनवरी २०१० बाट थोक बैंकिङ्ग कारोबार गर्न चाहने विदेशी बैंक वा वित्तीय संस्थाले नेपालभित्र आफ्नो शाखा कार्यालय स्थापना गर्ने सम्बन्धमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ३४ बमोजिम विदेशी बैंक वा वित्तीय संस्थाले नेपालमा शाखा कार्यालय खोल्ने सम्बन्धी नीतिगत व्यवस्था, २०६६ जारी गरी सकिएको छ ।

४.९९ नेपालमा विदेशी बैंक/वित्तीय संस्थाको प्रतिनिधि कार्यालय (Representative Office) खोल्न अनुमति प्रदान गरिसकिएको छ । यस क्रममा संयुक्त अरब ईमिरेट्स दुबईको Mashreq Bank PSC ले मिति २०६६।१२।०४ मा अनुमति प्राप्त गरेको छ ।

४.१०० विद्यमान इजाजत सम्बन्धी नीतिगत तथा प्रकृयागत व्यवस्थामा पुनरावलोकन गर्न आवश्यक भएकोले बैंक तथा वित्तीय संस्था संस्थापनाका लागि नयाँ निवेदन लिने कार्य २०६६।०४।१५ देखि स्थगित गरिएकोमा यस सम्बन्धी अध्ययन अन्तिम चरणमा पुगेको छ । ग्रामीण क्षेत्रमा वित्तीय सेवा प्रवाह गर्ने उद्देश्यले वित्तीय सेवाको पहुँच नपुगेका ग्रामीण क्षेत्र (महानगरपालिका तथा उप-महानगरपालिका बाहेक) मा कार्यक्षेत्र रहने गरी स्थापना हुन चाहने "घ" वर्गका लघुवित्त विकास बैंक र निवेदन दिइसकेका एकदेखि तीन जिल्ला कार्य क्षेत्र हुने गरी प्रस्तावित विकास बैंकहरूलाई पनि इजाजतपत्र प्रदान गर्ने कार्य खुला गरिसकिएको छ भने अन्य वर्गका संस्थाहरूको हकमा अध्ययनको निष्कर्षका आधारमा नयाँ बैंक तथा वित्तीय संस्था खोल्ने नीति आगामी आर्थिक वर्षको सुरुदेखि तय गरिने कार्यक्रम रहेको छ ।

४.१०१ नेपाल सरकार (मन्त्रिपरिषद) बाट मिति २०६५।१०।२९ मा भएको निर्णय अनुसार बैंक तथा वित्तीय संस्थाहरूसँग कर्जा लिई नियतवश ऋण नतिर्ने ऋणीहरूलाई राहदानी जफत लगायतका कारवाही गरिएका ऋणीहरूमाथि गरिने कारवाहीको प्रभावकारिता अनुगमन गरी कारवाहीलाई थप सक्रिय बनाउन माननीय सभासद् श्री हरि रोकाज्यूको संयोजकत्वमा खराब (नियतवश) ऋणी कारवाही अनुगमन समितिको गठन गरिएको छ । उक्त समितिको विभिन्न बैठकहरूबाट भएका निर्णय अनुसार नेपाल सरकारको

राहदानी जफत लगायतका कारवाहीमा परेका कुल ३ सय ५५ जना ऋणीहरूमध्ये ३२ जनाले ऋण चुक्ता गरी उनीहरूमाथिको कारवाही फुकुवा समेत भइसकेको छ । बैंक तथा वित्तीय संस्थाहरूको रू. ४६ करोड १३ लाख ऋण असुली समेत भइसकेको छ ।

४.१०२ बैंक तथा ऋणी बीचको कारोवारमा कुनै पनि पक्षलाई मर्का पर्न गएमा त्यस्तो मर्काको सुनुवाइको लागि मिति २०६२।०१।११ नेपाल राष्ट्र बैंकका वरिष्ठ डेपुटी गर्भनरको संयोजकत्वमा गुनासो सुनुवाई ईकाई (Grievance Hearing Cell) को गठन गरिएकोमा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०६३।०८।२९ को निर्णयानुसार डेपुटी गभर्नरको संयोजकत्वमा नेपाल सरकार अर्थ मन्त्रालयको प्रतिनिधि र बैकर्स संघको अध्यक्ष सदस्यको रुपमा तथा उद्योग वाणिज्य महासंघको प्रतिनिधि पर्यवेक्षकको रुपमा रहने गरी मिति २०६३।०९।२० मा गुनासो व्यवस्थापन समितिको पुनर्गठन गरिएको छ । गुनासो सुनुवाई ईकाइ तथा गुनासो व्यवस्थापन समितिको गठन भए पश्चात् वि.सं. २०६६ फागुन मसान्तसम्ममा जम्मा ४ सय १५ वटा उजुरी परेकोमा ३ सय ७१ वटा उजुरी उपर सुनुवाइ भइसकेको र बाँकी ४४ वटा उजुरीको सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूसँग आवश्यक पत्राचार भइरहेको छ ।

४.१०३ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १३ बमोजिम व्यवसायिक विशेषज्ञहरूको सूची कायम गर्ने सन्दर्भमा समीक्षा अवधिमा तोकिए बमोजिमको योग्यता तथा रीत पुगेका थप १२ जना व्यक्तिहरू समेत गरी जम्मा ८९ जना व्यवसायिक विशेषज्ञहरूको सूची कायम गरिएको छ ।

४.१०४ बैंक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित नियमनकारी निकायहरूबीचको समन्वयलाई बढी प्रभावकारी बनाई त्यसमा समय सापेक्ष सुधार गर्दै जाने क्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरको संयोजकत्वमा उक्त बैंकका कार्यकारी निर्देशकहरू, धितोपत्र बोर्डका अध्यक्ष, बीमा समितिका अध्यक्ष, कम्पनी रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार, अर्थ मन्त्रालयका प्रतिनिधि सदस्य रहेको उच्चस्तरीय समन्वय समितिले वित्तीय क्षेत्रमा आवश्यक समन्वय गराई समसामयिक विषयहरूमा छलफल तथा निर्णयहरू गर्दै आएको छ ।

४.१०५ नेपाल राष्ट्र बैंकबाट स्थापना भई सञ्चालनमा रहेको बैंकिङ्ग प्रवर्द्धन समितिलाई मिति २०६६।३।३१ गतेबाट नेपाल बैंकर्स संघ अन्तर्गत रही सञ्चालन गर्ने निर्णय भएको छ ।

बैंक तथा वित्तीय संस्थाहरूको निरीक्षण तथा सुपरिवेक्षण

४.१०६ अर्थतन्त्रको दिगो विकासको निमित्त स्वस्थ एवम् प्रतिस्पर्धी बैंकिङ्ग तथा वित्तीय प्रणालीको विकास गरी समग्र बैंकिङ्ग तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न र सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरूले निर्धारण गरेका विभिन्न मापदण्ड एवम् सर्वमान्य सिद्धान्त र पद्धतिहरूको आधारमा नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गर्ने गरिएको छ । बैंकहरूको संख्यात्मक वृद्धिसँगै बढ्दै गएको वित्तीय सेवाहरू तथा त्यसमा निहित जोखिम र विद्यमान सुपरीवेक्षकीय क्षमताबीच तालमेल मिलाउनुपर्ने वस्तुगत यथार्थतालाई मध्यनजर गर्दै सुपरिवेक्षण गर्दा जोखिमका क्षेत्रहरूमा जोड दिई Risk Based Supervision लाई क्रमिकरुपमा लागू गर्ने नीति रहेको छ ।

४.१०७ वार्षिकरुपमा सम्पूर्ण बाणिज्य बैङ्क तथा वित्तीय संस्थाहरूको समष्टिगत स्थलगत निरीक्षण गरी प्रतिवेदन तयार गर्ने नीति अनुरूप चालु आर्थिक वर्ष २०६६/६७ मा पनि निरीक्षण तथा सुपरिवेक्षण कार्यसञ्चालन गरिएको छ। सुपरिवेक्षणको क्रममा देखिएका कमीकमजोरीहरू सुधार गर्न निरीक्षणको क्रममा आवश्यक सुधार गराउने तथा निरीक्षण प्रतिवेदन मार्फत् सुधारको लागि नियमितरुपमा निर्देशन दिने गरिएको छ। सुपरिवेक्षण कार्य तथा निरीक्षण प्रतिवेदनको प्रभावकारी कार्यान्वयनको लागि विभागीय संरचनामा सुधार गर्दै स्थलगत निरीक्षण महाशाखा अन्तर्गतका निरीक्षण ईकाइहरूको पुनर्गठन गरिएको छ।

मञ्जुषा ४ (झ) : निरीक्षण एवम् सुपरिवेक्षणको २०६६ फागुन मसान्तसम्मको प्रगति

समष्टिगत स्थलगत निरीक्षण

२०६६ फागुन मसान्तसम्ममा २१ वटा वाणिज्य बैंकहरूको समष्टिगत स्थलगत निरीक्षण सम्पन्न भएको छ। यसैगरी, ३२ वटा विकास बैंक, ३५ वटा वित्त कम्पनी, पाँच वटा लघुवित्त विकास बैंक, छ वटा सीमित बैंकिङ्ग कारोवार गर्ने सहकारी संस्था र एउटा लघुकर्जा कारोवार गर्ने गैर-सरकारी संस्थाको समेत स्थलगत निरीक्षण गरिएको छ।

गैरस्थलगत सुपरिवेक्षण

२०६६ असार मसान्तको वित्तीय विवरणको आधारमा २४ वटा वाणिज्य बैंकहरूलाई वित्तीय विवरण प्रकाशित गर्न आवश्यक निर्देशन सहित सहमति प्रदान गरिएको छ। त्यसैगरी ५२ विकास बैंक, ४७ वित्त कम्पनी र सात लघु वित्त विकास बैंकलाई वार्षिक वित्तीय विवरण प्रकाशन गर्न स्वीकृति प्रदान गरिएको छ। समीक्षा अवधिमा अनिवार्य नगद मौज्दात नपुऱ्याए वापत १० विकास बैंक, ११ वित्त कम्पनी र एक लघुवित्त विकास बैंकलाई र विपन्न वर्गमा तोकिएको अनुपातमा कर्जा प्रवाह नगरे वापत १४ विकास बैंक र १७ वित्त कम्पनीलाई जरिवाना लगाइएको छ भने दुई वित्त कम्पनीलाई शिघ्र सुधारात्मक कारवाहीसम्बन्धी विनियमावली २०६४ बमोजिम कारवाही गरिएको छ।

विशेष निरीक्षण

समीक्षा अवधिमा आवश्यकता हेरी १६ वटा बाणिज्य बैंक, १२ विकास बैंक र १८ वित्त कम्पनीको विशेष निरीक्षण गरिएको छ। बाणिज्य बैंक तर्फका १६ वटा विशेष निरीक्षणहरूमध्ये पुँजीकोष सम्बन्धी नयाँ व्यवस्था (बासल टु) अनुसार पुँजीकोष रहे नरहेको यकीन गर्न तथा विद्यमान तरलताको अवस्था अध्ययन गर्नका लागि गरिएका १० वटा निरीक्षणहरू समेत रहेका छन्।

अनुगमन तथा लक्षित निरीक्षण

समीक्षा अवधिमा सात विकास बैंक र दुई लघु वित्त विकास बैंकको लक्षित निरीक्षण, ११ विकास बैंक, दुई वित्त कम्पनी र तीन लघु वित्त विकास बैंकको भौतिक पूर्वाधार निरीक्षण तथा एक विकास बैंक र पाँच वित्त कम्पनीको अनुगमन निरीक्षण गरिएको छ।

४.१०८ बैंक तथा वित्तीय संस्थाहरूले वित्तीय विवरण प्रकाशित गर्नु अगाडि नेपाल राष्ट्र बैंकबाट स्वीकृति (Clearance) लिनु पर्ने कार्यलाई निरन्तरता प्रदान गरिएको छ। वाणिज्य बैंकहरूको समष्टिगत सुपरिवेक्षण तथा वित्तीय स्थितिको विश्लेषणसहित

समसामयिक विषयवस्तुहरू समेटेर तयार पारिएको वार्षिक बैंक सुपरिवेक्षण प्रतिवेदन २००८ प्रकाशित गरी नेपाल राष्ट्र बैंकको Web-Site मा समेत राखिएको छ ।

४.१०९ वाणिज्य बैंकहरूलाई बढी जोखिम सम्वेदनशील भई बैंकिङ्ग कारोवार सञ्चालन गर्नका लागि जोखिम व्यवस्थापनको मार्गदर्शन स्वरुप Risk Management Guideline (RMG) र Risk Based Supervision लागु गर्नका लागि आवश्यक Risk Based Supervision Guidelines को मस्यौदा तयारी भइसकेको छ । जोखिम व्यवस्थापनका लागि महत्वपूर्ण विधिका रुपमा लिइने Stress Testing सम्बन्धी उपयुक्त विधिको छनौटका लागि कार्य अघि बढाइएको छ ।

५. पुँजी बजार

प्राथमिक बजार

५.१ धितोपत्रको प्राथमिक बजारमार्फत् आर्थिक वर्ष २०६६/६७ को प्रथम नौ महिनामा १९ वटा सङ्गठित संस्थाले साधारण सेयरको प्राथमिक निष्काशन तथा २० वटा सङ्गठित संस्थाले हकप्रद सेयर निष्काशन गरी कुल ३९ वटा सङ्गठित संस्थाहरूबाट जम्मा रू. ८ अर्ब ६२ करोड ५३ लाख मूल्य बराबरको पुँजी परिचालन भएको पाइन्छ। समीक्षा अवधिको धितोपत्रको निष्काशन रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १७.९ प्रतिशतले बढी छ। आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनाको अवधिमा ३० वटा सङ्गठित संस्थाहरूले धितोपत्रको प्राथमिक बजारमार्फत रू. ७ अर्ब ३१ करोड ५५ लाख मूल्य बराबरको धितोपत्र निष्काशन गरी पुँजी परिचालन गरेका थिए। समीक्षा अवधिमा धितोपत्रका अन्य साधनहरूतर्फ खुद रू. ३७ करोड ८० लाख मूल्य बराबरको नागरिक एकाङ्क योजना बिक्री भई पुँजी परिचालन भएको छ। तर डिबेञ्चर तथा अग्राधिकार सेयरमार्फत थप पुँजी परिचालन हुन भने सकेको देखिएन।

तालिका ५ (क): प्राथमिक बजार प्रवृत्ति

(रू.करोडमा)

विवरण		आर्थिक वर्ष							
		२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६	प्रथम नौ महिना	
								२०६५/६६	२०६६/६७
१	**पुँजी परिचालन**	१०९.०४	१६७.२३	२४४.३३	२२९.५५	९९६.८२	१६८२.८५	७३१.५५	८६२.५३
क	**साधारण सेयर**	६५.७५	३७.७५	५७.९८	३८.०२	९२.४८	१८१.५७	९९.३०	२१०.४९
ख	**हकप्रद सेयर**	७.००	९४.९३	१०१.३५	१२६.५३	६०९.३४	१४२६.२८	५५७.२५	६५२.०४
ग	**अग्राधिकार सेयर**	-	-	-	४०.००	-	-	-	-
घ	**डिवेञ्चर**	३०.००	३०.००	८५.००	२५.००	२९५.००	७५.००	७५.००	-
ङ	**नागरिक एकांक योजना**	१००.३८	१२१.५६	१४८.६३	१७०.२३	९८.००	६८.८९	६६.४०	३७.८०
२	**पुँजी परिचालनकर्ता सङ्गठित संस्थाहरूको संख्या**	१४	१४	२९	३४	६४	६४	३०	३९

स्रोत: नेपाल धितोपत्र बोर्ड।



दोस्रो बजार

५.२ आर्थिक वर्ष २०६६/६७ को प्रथम नौ महिनाको अवधिमा नेपाल स्टक एक्सचेञ्ज लि. मा थप ११ वटा कम्पनीहरू सूचीकरण तथा दुई कम्पनी एक आपसमा गाभिई (Merge) कुल सूचीकृत कम्पनीहरूको संख्या १ सय ६९ कायम भएको छ। आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा कुल सूचीकृत कम्पनीहरूको संख्या १ सय ५७ थियो। आर्थिक वर्ष २०६५/६६ को अन्तसम्ममा नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकृत कम्पनीहरूको संख्या १ सय ५९ रहेको थियो। साथै, समीक्षा अवधिमा दुईवटा विकास ऋणपत्र सूचिकृत भई सूचिकृत कुल विकास ऋणपत्रको संख्या १५ पुगेको छ। आर्थिक वर्ष २०६६/६७ को प्रथम नौ महिनाको अन्त्यमा धितोपत्रको बजार पुँजीकरण गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १८.२ प्रतिशतले ह्रास भई रू. ३ खर्व ४४ अर्ब ४५ करोड ८ लाखमा झरेको छ। आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनाको अन्त्यमा बजार पुँजीकरण मूल्य रू. ४ खर्व २१ अर्ब १५ करोड ९१ लाख कायम रहेको थियो। आर्थिक वर्ष २०६५/६६ को अत्यमा रू. ५ खर्व १२ अर्ब ९३ करोड ९० लाखसम्म पुगेको बजार पुँजीकरण निरन्तररुपमा घट्दै आएको छ।



५.३ आर्थिक वर्ष २०६६/६७ को प्रथम नौ महिनामा भएको धितोपत्र कारोवार रकममा आर्थिक वर्ष २०६५/६६ को सोही अवधिको तुलनामा ४१.९ प्रतिशतले ह्रास भई रू. ९ अर्ब ८६ करोड २१ लाख मूल्य बराबरको २ करोड ५ लाख ९९ हजार ७ सय ६० कित्ता धितोपत्र कारोवार भएको छ। आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनामा रू. १६ अर्ब ९८ करोड २९ लाख मूल्य बराबरको २ करोड २१ लाख ६ हजार ५ सय ७० कित्ता धितोपत्र कारोवार भएको थियो। समीक्षा अवधिमा धितोपत्र कारोवार गत आर्थिक वर्षको सोही अवधिको तुलनामा मूल्य तथा परिमाण दुवैमा कमी रहेको छ।

५.४ आर्थिक वर्ष २०६६/६७ को प्रथम नौ महिनामा सूचीकृत धितोपत्रको चुक्ता मूल्य आर्थिक वर्ष २०६५/६६ को सोही अवधिको तुलनामा ३५.८ प्रतिशतले वृद्धि भई रू. ७४ अर्ब २६ करोड ६० लाख पुगेको छ। आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ

महिनामा सूचीकृत धितोपत्रको चुक्ता मूल्य रू. ५४ अर्व ६८ करोड १० लाख रहेको थियो ।

५.५ आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनाको तुलनामा आर्थिक वर्ष २०६६/६७ को सोही अवधिमा कारोवार संख्यामा ७.६ प्रतिशतले वृद्धि भई कुल १ लाख ६३ हजार ४ सय ३९ पुगेको छ । आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनाको अवधिमा कुल १ लाख ५१ हजार ९ सय ४२ वटा कारोवार भएको थियो ।

तालिका ५ (ख): दोस्रो बजार प्रवृत्ति

(रू.करोडमा)

विवरण	आर्थिक वर्ष							
	२०६०/६१	२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६	प्रथम नौ महिना	
							२०६५/६६	२०६६/६७
धितोपत्र कारोवार रकम	२१४.४३	४५०.७७	३४५.१४	८३६.०१	२२८२.०८	२१६८.११	१६९८.२९	९८६.२१
कारोवार भएको धितोपत्रको संख्या (हजारमा)	६४६८.००	१८४३४.००	१२२२२.००	१८१४७.००	२८५९९.७७	३०५४७.१७	२२१०६.५७	२०५९९.७६
कारोवार संख्या	८५५३३	१०६२४६	९७३७४	१२०५१०	१५०८००	२०९०९१	१५१९४२	१६३४३९
बजार पुँजीकरण	४१४२.४८	६१३६.५९	९६८१.३७	१८६३०.१३	३६६२४.७५	५१२९३.९०	४२११५.९१	३४४४५.०८
बजार पुँजीकरणमा कारोवारको प्रतिशत	५.१८	७.३४	३.५६	४.४८	६.२३	४.२३	४.०३	२.८४
कुल गार्हस्थ्य उत्पादनमा बजार पुँजीकरणको प्रतिशत	७.७२	१०.४१	१४.८०	२५.६०	४४.९०	५१.७४	४२.४८	२९.१२
सूचीकृत धितोपत्रको चुक्ता मूल्य	१३४०.४९	१६७७.१९	२०००.८६	२१७९.८८	२९४६.५०	६११४.००	५४६८.१०	७४२६.६०
सूचीकृत सङ्गठित संस्थाहरूको संख्या	११४	१२५	१३५	१३५	१४२	१५९	१५७	१६९
धितोपत्र कारोवारको प्रकार (Script Traded)	९२	१०२	११०	११६	१३६	१७०	१६४	१७९
नेप्से परिसूचक* (विन्दुमा)	२२२.०४	२८६.६७	३८६.८६	६८३.९५	९६३.३६	७४९.१०	६६१.२७	४४४.७६

*आधार वर्ष २०५०, विन्दु १००

स्रोत: नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लि. तथा केन्द्रीय तथ्यांक विभाग ।



५.६ आर्थिक वर्ष २०६६/६७ को प्रथम नौ महिनाको नेप्से परिसूचक अघिल्लो आर्थिक वर्ष २०६५/६६ को सोही अवधिको तुलनामा २१६.५ विन्दुले गिरावट आई ४४४.७६ विन्दु कायम भएको छ। आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनाको अन्त्यमा नेप्से परिसूचक ६६१.३ विन्दु पुगेको थियो।



नेपाल धितोपत्र बोर्ड

५.७ नेपाल धितोपत्र बोर्डले अन्तर्राष्ट्रिय विकास संस्था (International Development Agency-IDA) को अनुदान सहयोगमा धितोपत्र तथ्याङ्क व्यवस्थापन प्रणाली स्थापना आयोजना अर्न्तगत समीक्षा अवधिमा बोर्डका कर्मचारीहरूलाई तथ्याङ्क व्यवस्थापन सम्बन्धी उच्चस्तरीय तालीम, सूचना प्रविधि सम्बन्धी अत्याधुनिक कम्प्यूटर उपकरणहरूको खरिद तथा उपयोग कार्य, विवरण प्रवाह सम्बन्धी विविध Modules तथा धितोपत्रको केन्द्रीय तथ्याङ्क बैंक तयार गरी आयोजना कार्यान्वयन कार्य सम्पन्न गरेको छ। आयोजना अन्तर्गत विकसित विद्युतीय विवरण प्रवाह Modules को समीक्षा अवधिमा परीक्षण तथा सुधार कार्य भएको छ। बोर्डमा कार्यान्वयन गरिएको उक्त आयोजनाले देशको आर्थिक/शासकीय सुधारमा महत्वपूर्ण योगदान पुऱ्याई उत्कृष्टताको प्रमाणपत्र प्राप्त गरेको छ।

५.८ मिति २०६६।०६।०१ देखि नेपाल धितोपत्र बोर्डले नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०६६ र नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६ लागु गरेको छ। उल्लेखित नियमावलीहरू लागु भएबाट नेपाल धितोपत्र बोर्डको आन्तरिक सुशासनमा सुधार तथा बोर्डका गतिविधिहरूमा पारदर्शिता आउने विश्वास गरिएको छ।

मञ्जूषा ५ (क) : नेपाल धितोपत्र तथ्यांक व्यवस्थापन प्रणाली (एस.डि.एम.एस.एन.)

नेपाल सरकारको आर्थिक सुधार कार्यक्रम अर्न्तगत नेपाल धितोपत्र बोर्डको बजार अनुगमन तथा सुपरीवेक्षण क्षमता अभिवृद्धि गर्ने तथा धितोपत्र बजार सम्बन्धी तथ्याङ्क व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्ने उद्देश्य लिई कार्यान्वयन गरिएको नेपाल धितोपत्र तथ्याङ्क

व्यवस्थापन प्रणाली आयोजना (एस.डि.एम.एस.एन.) को कार्यान्वयन कार्य समीक्षा अवधिमा सम्पन्न भएको छ। आयोजनाले नेपाल धितोपत्र बोर्डको नाममा दुई वेवसाइट www.sebon.gov.np तथा www.sedfar.gov.np दर्ता, विगत १६ वर्षको धितोपत्र बजार सम्बन्धी सम्पूर्ण तथ्याङ्कहरू समावेश गरी धितोपत्रको केन्द्रीय तथ्याङ्क बैंकको विकास, सूचना प्रविधि सम्बन्धी उच्चस्तरीय कम्प्यूटर तथा अन्य कम्प्यूटर उपकरणहरूको खरिद, विद्युतीय विवरण प्रवाह सम्बन्धी विभिन्न Models को विकास, नेपाल धितोपत्र बोर्डमा निरन्तर विद्युत प्रवाह (Power Back up) को व्यवस्था, विद्युतीय उपस्थिति प्रणाली (Electronic Attendance System) को व्यवस्था, दक्ष एवं प्रभावकारी आन्तरिक नेटवर्किङ्गको व्यवस्था, बोर्डका सम्पूर्ण कर्मचारीहरूलाई तथ्याङ्क व्यवस्थापन सम्बन्धी उच्चस्तरीय तालीम सेवा उपलब्ध गराउनुका साथै नेपाल धितोपत्र बोर्ड तथा अन्य सम्बन्धित निकायहरू बीच नेटवर्किङ्गको पूर्वाधार विकास गरेको छ। हाल उक्त आयोजनाबाट विकसित विद्युतीय विवरण प्रवाह Modules को परीक्षण कार्य भइरहेको छ। आयोजनाबाट विकसित नेपाल धितोपत्र तथ्याङ्क व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयनबाट धितोपत्र निष्काशनकर्ता, सूचीकृत कम्पनी, धितोपत्र व्यवसायी तथा धितोपत्र विनिमय बजारले धितोपत्र सम्बन्धी ऐन, नियमको व्यवस्था बमोजिमका बिवरणहरू विद्युतीय प्रणालीमार्फत प्रवाह गर्न सक्ने र सर्वसाधारण लगानीकर्ताको धितोपत्र बजार सम्बन्धी तथ्याङ्क प्राप्तिको पहुंचमा वृद्धि भई देशको ई-गभर्नेन्समा समेत मद्दत पुग्नेछ। नेपाल धितोपत्र तथ्याङ्क व्यवस्थापन प्रणालीको प्रभावकारी प्रयोगबाट बोर्डलाई प्राप्त जानकारी एवं तथ्याङ्कहरूको शिघ्र पुनरावलोकन तथा विश्लेषण गर्न र ऐन, नियम तथा निर्देशिका अनुसार विवरण प्रवाह भए नभएको अनुगमन गर्न समेत सरल हुन जानेछ।

स्रोतः नेपाल धितोपत्र बोर्ड।

५.९ नेपाल धितोपत्र बोर्डले समीक्षा अवधिमा कुल ३९ वटा सङ्गठित संस्थाहरूलाई जम्मा रू. ८ अर्ब ६२ करोड ५३ लाख मूल्य बराबरको धितोपत्र दर्ता गरी पुँजी परिचालन गर्न अनुमति दिएको छ। साथै, बोर्डले समीक्षा अवधिमा २३ वटा सङ्गठित संस्थाहरूको रू. ३ अर्ब ३ करोड २८ लाख ४७ हजार ७ सय बराबरको बोनस सेयर दर्ता गरेको छ। साथै, बोर्डले समीक्षा अवधिमा नेपाल स्टक एक्स्चेञ्ज लि., २३ वटा धितोपत्र दलाल तथा १५ वटा मर्चेन्ट बैंकरहरूको अनुमतिपत्र नवीकरण गरेको छ।

मञ्जूषा ५ (ख) : धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली

धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली भनेको धितोपत्र बजारमा निष्काशन भएका धितोपत्रहरू सम्बन्धित धितोपत्र धनीबाट आफ्नो जिम्मामा लिई धितोपत्रको खाता राख्ने, धितोपत्र सुरक्षित राख्ने, धितोपत्र वा स्वामित्व अधिकार फिर्ता लैजान दिने सम्बन्धी सेवा प्रदान गर्ने धितोपत्र बजार सम्बन्धी उच्च स्तरीय प्रविधि हो। केन्द्रीय निक्षेप प्रणालीले सहभागी कम्पनीका धितोपत्र धनीहरूको हक/अधिकारको रजिष्ट्री वा अभिलेख राख्ने तथा निष्काशन गर्न अनुमति दिइए भन्दा बढी धितोपत्र निष्काशन गर्न रोक्ने र धितोपत्र कारोवारको राफसाफ तथा फछ्यौंट कार्य गर्दछ। पूर्ण सेवा दिने केन्द्रीय निक्षेप प्रणालीले धितोपत्रको सही स्वामित्व अभिलेखको व्यवस्था, सेयर धनीहरूको स्वामित्व अधिकारको सुरक्षा, कारोवार भएका सेयरको हक हस्तान्तरण तथा भुक्तानी, धितोपत्रको आधुनिक उपकरणहरुको कारोवारको अभ्यास, बढ्दो संख्याका सहभागीहरूलाई धितोपत्र खरिद तथा बिक्रीका लागि समान प्रतिस्पर्धाको अवसर बढाई धितोपत्र बजार प्रति लगानीकर्ताहरूको विश्वासमा अभिवृद्धि ल्याउँछ।

केन्द्रीय निक्षेप प्रणालीले दक्ष एवं जोखिममुक्त धितोपत्र कारोवारको वातावरण सिर्जना गरी पुँजी बजारलाई बढी तरल हुन, वैदेशिक लगानीकर्ताहरूलाई आकर्षित गर्न तथा अन्तर्राष्ट्रिय मापदण्डको परिपालना (Compliance at par international standards) गर्न सहयोग पुऱ्याउंदछ । केन्द्रीय निक्षेप प्रणालीले बजार सहभागीहरूमा एउटा निश्चितस्तरको सूचना प्रविधि क्षमता अनिवार्य गराई बजार सहभागीहरूलाई स्तरीयरुपमा सहभागी हुन मद्दत गर्दछ । धितोपत्र कारोवार व्यवस्थाको आंशिकरुपमा यान्त्रिकीकरण भइसकेको सन्दर्भमा यसलाई पूर्णरुपमा यान्त्रिकीकरण गरी धितोपत्र कारोवारको दक्ष एवं प्रभावकारी व्यवस्था गरी गैर आवासीय नेपाली तथा विदेशी संस्थागत लगानीकर्ताहरूलाई धितोपत्रको दोस्रो बजार खुला गर्नका लागि समेत देशमा धितोपत्रको केन्द्रीय निक्षेप प्रणालीको स्थापना एवं सञ्चालनको अपरिहार्यता रहेको छ ।

स्रोतः नेपाल धितोपत्र बोर्ड ।

५.१० समीक्षा अवधिसम्ममा सूचिकृत कुल १ सय ६९ वटा कम्पनीहरूमध्ये १ सय २५ वटा कम्पनीले नेपाल धितोपत्र बोर्ड समक्ष वार्षिक प्रतिवेदन/वित्तीय विवरण बुझाएका छन् ।

५.११ नेपाल धितोपत्र बोर्डका अध्यक्षको संयोजकत्वमा गठित धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली स्थापना समितिबाट आवश्यक कार्य अगाडि बढाइएको छ । यसका लागि भारत सरकारले रू. १४ करोड ७२ लाख सहयोग गर्ने सहमति अनुरूप केन्द्रीय निक्षेप प्रणाली स्थापनाको प्राविधिक सहयोगका लागि भारतको Central Depository System Limited सँग सम्झौता समेत भई आवश्यक कारवाही अगाडि बढाइएको छ ।

मञ्जूषा ५(ग) : धितोपत्र बजारको नियमन तथा पूर्वाधार विकास सम्बन्धी भावी कार्यक्रम

नेपाल धितोपत्र बोर्डले आगामी आर्थिक वर्षमा धितोपत्र बजारको नियमन व्यवस्था सुदृढीकरण तथा पूर्वाधार विकास गर्न बोर्डको संगठन संरचनामा सुधार गरी सोही अनुसार दक्ष जनशक्तिको व्यवस्था, धितोपत्र बजारमा विद्युतीय विवरण प्रवाह प्रणालीको विकास गरी लागु गर्ने, पुँजी बजार सम्बन्धी गुरु योजना बनाई लागु गर्ने, धितोपत्र कारोवार सेवालाई देशव्यापी एवं लगानी-मैत्री बनाउन नयाँ स्टक एक्सचेञ्जलाई अनुमति दिने, धितोपत्र बजारमा संस्थागत लगानीकर्ताहरूको प्रवेश गराई स-साना एवं नवप्रवेशी लगानीकर्तालाई दक्ष लगानी सेवा प्रदान गर्न आवश्यक नियमन व्यवस्था गरी सामुहिक लगानी योजना सञ्चालन अनुमति दिने, धितोपत्रको राफसाफ, फछ्यौंट तथा नामसारी प्रकृयालाई छिटोछरितोरुपमा सम्पन्न गराउन धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली स्थापना तथा सञ्चालन सम्बन्धी आवश्यक नियमन व्यवस्था गरी केन्द्रीय निक्षेप प्रणाली सञ्चालन अनुमति दिने, लगानीकर्ता संरक्षण कोषको स्थापना एवं सञ्चालन गर्ने, धितोपत्र बजार तथा धितोपत्र व्यवसायीहरूको वित्तीय विवरण अभिलेखको सुदृढ व्यवस्था गर्ने, धितोपत्र बजार सम्बन्धी प्रवाहित विवरण पुनरावलोकनको सुदृढ व्यवस्था गर्ने, धितोपत्र बजार सम्बन्धी तालीम तथा प्रशिक्षणको संस्थागत व्यवस्था गर्ने तथा पुँजी बजार सम्बन्धी महत्वपूर्ण विषयमा अध्ययन, अनुसन्धान गर्ने गराउने जस्ता भावी कार्यक्रमहरू तय गरेको छ ।

स्रोतः नेपाल धितोपत्र बोर्ड ।

नेपाल स्टक एक्सचेञ्ज लि.

५.१२ आर्थिक वर्ष २०६६/६७ को प्रथम नौ महिनाको अवधिमा नेपाल स्टक एक्सचेञ्ज लि. ले धितोपत्र कारोवारबाट रू. २२ करोड ७१ लाख ३७ हजार ३ सय ६७ पुँजीगत लाभकर उठाई राजस्व दाखिला गरेको छ। समीक्षा अवधिमा संकलित उक्त पुँजीगत लाभकर आर्थिक वर्ष २०६५/६६ को सोही अवधिको तुलनामा ६६.५ प्रतिशतले कम रहेको छ। आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनाको अवधिमा नेपाल स्टक एक्सचेञ्ज लि.ले धितोपत्र कारोवारबाट रू. ६७ करोड ८० लाख ७९ हजार २ सय २७ पुँजीगत लाभकर संकलन गरेको थियो।

५.१३ नेपाल स्टक एक्स्चेञ्ज लि. ले समीक्षा अवधिमा थप ११ कम्पनीहरूको धितोपत्र सूचीकरण गरी दोस्रो बजार कारोवार सुविधा प्रदान गरेको छ।

५.१४ आर्थिक वर्ष २०६६/६७ को प्रथम नौ महिनाको अवधिमा नेपाल स्टक एक्सचेञ्ज लि. ले दलाल व्यवसायी सेवा विस्तार गर्न लगाई काठमाडौंमा केन्द्रीत धितोपत्र कारोबारलाई देशका मुख्य शहरहरू विराटनगर, पोखरा र नारायणगढबाट समेत कारोबार गर्न सकिने व्यवस्था गरेको छ। धितोपत्र कारोबार काठमाडौं उपत्यका वाहिरबाट भएपछि लगानीकर्ताहरू सहजरुपमा बजार प्रवेश गरी कारोबारमा वृद्धि हुने सम्भावना बढेको छ।

५.१५ धितोपत्र सूचीकरण विनियमावली, २०५३ मा भएको व्यवस्था अनुसार आर्थिक वर्ष २०६६/६७ को प्रथम नौ महिनामा कुल सूचीकृत कम्पनीहरूमध्ये ९४ वटा कम्पनीहरू "क" वर्गमा वर्गीकरण भएका छन्। आर्थिक वर्ष २०६५/६६ को तुलनामा समीक्षा अवधिमा थप १६ वटा कम्पनीहरू "क" वर्गमा वर्गीकरण भएका छन्।

धितोपत्र व्यवसायीहरू

५.१६ आर्थिक वर्ष २०६६/६७ को प्रथम नौ महिनाको अन्त्यसम्ममा धितोपत्र बजारमा संस्थागत धितोपत्र कारोवारका लागि २३ वटा धितोपत्र दलाल, १६ वटा मर्चेन्ट बैंकरहरू र सरकारी ऋणपत्र कारोवारका लागि सात वटा धितोपत्र दलाल व्यवसायीहरू कार्यरत रहेका छन्। आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनाको अन्त्यमा संस्थागत धितोपत्र कारोवारका लागि २३ वटा धितोपत्र दलाल, १५ वटा मर्चेन्ट बैंकरहरू सरकारी ऋणपत्र कारोवारका लागि सात वटा धितोपत्र दलाल व्यवसायी रहेका थिए अर्थात पछिल्लो अवधिमा जम्मा एउटा मर्चेण्ट बैङ्कर मात्र थप भएको देखिन्छ।

सामुहिक लगानी योजना

५.१७ समीक्षा अवधिमा बजारमा एन.सि.एम. म्युचुअल फण्ड नामक एक मात्र सामुहिक लगानी योजना नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकृत भई इकाईहरूको खरिद-विक्री कार्य भइरहेको छ। आर्थिक वर्ष २०६६/६७ को प्रथम नौ महिनाको अन्त्यमा फण्डको खुद सम्पत्ति रू. ३७ करोड ७१ लाख ४७ हजार २ सय २५ तथा प्रति इकाई खुद

सम्पति मूल्य (Net Assets Value) रू. ३७.७१ रहेको छ। समीक्षा अवधिमा फण्डको प्रति इकाई दोस्रो बजार कारोवार मूल्य रू. २८ रहेको छ। आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनाको अन्त्यमा फण्डको खुद मूल्य रू. ४७ करोड ६६ लाख ३० हजार तथा फण्डको प्रति इकाई खुद मूल्य करिव रू. ४८ रहेको थियो।

५.१८ आर्थिक वर्ष २०६६/६७ को प्रथम नौ महिनाको अन्त्यसम्ममा खुद रू. ३७ करोड ८० लाख मूल्य बरावरको नागरिक एकांक योजना बजारमा ल्याइएको छ। समीक्षा अवधिमा बजारमा ल्याइएको नागरिक एकांक योजनाको रकम आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनाको तुलनामा ४३.१ प्रतिशतले कम रहेको छ।

नागरिक लगानी कोष

५.१९ नागरिक लगानी कोषले समीक्षा अवधिमा सञ्चालन गरेको नागरिक एकांक योजनाका साथै यसले सञ्चालन गरेको अन्य कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोष, उपदान कोष योजना, लगानीकर्ता हिसाब योजना, बीमा कोष योजना जस्ता योजनाहरू अन्तर्गत आर्थिक वर्ष २०६६/६७ को प्रथम नौ महिनामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा थप रू. ४ अर्ब ६५ करोड ४ लाख पुँजी संकलन भई कुल बचत परिचालन रू. १८ अर्ब ८५ करोड ४ लाख पुगेको छ। संकलित कोष रकममध्ये नागरिक एकांक योजनाको अंश २.० प्रतिशत, कर्मचारी बचत वृद्धि अवकाश कोषमा ६१.१ प्रतिशत, उपदान कोष योजनामा १६.६ प्रतिशत, लगानीकर्ता हिसाब योजनामा ५.९ प्रतिशत र बीमा कोष योजनामा १४.५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६५/६६ को प्रथम नौ महिनामा उल्लेखित योजनाहरू अन्तर्गत जम्मा संकलित कोष रकम रू. १४ अर्ब २० करोड रहेको थियो।

५.२० नागरिक लगानी कोषले समीक्षा अवधिमा विगत आर्थिक वर्षको सोही अवधिको तुलनामा थप रू. ४ अर्व ४ करोड २ लाख लगानी गरी कुल रकम रू. १८ अर्ब ५ करोड १० लाख लगानी व्यवस्थापन गरेको छ।

५.२१ नागरिक लगानी कोषले पुँजी बजारतर्फ समीक्षा अवधिमा कुल रू. ३० करोड रकम बराबरको प्राथमिक सेयर तथा ५१ करोड २२ लाख रकम बराबरको हकप्रद सेयर निष्काशन तथा बिक्री प्रबन्ध सेवा र रू. २ अर्ब २ करोड ९६ लाख बराबरको सेयर रजिष्ट्रार सेवा प्रदान गरेको छ।

५.२२ नागरिक लगानी कोषले विगत वर्षहरूमा दीर्घकालीन बचत परिचालन गरी मुद्धती निक्षेप, सरकारी धितोपत्र तथा आवास कर्जा आदिमा सीमित रहेको लगानी व्यवस्थापनलाई समीक्षा अवधिमा लगानी विविधिकरण गर्दै जाने नीति अनुरूप माथिल्लो तामाकोशी जलविद्युत परियोजनामा रू. २ अर्ब लगानी गर्ने निर्णय गरी आगामी दिनमा कोषको लगानी देशको पूर्वाधार विकास तथा दीर्घकालीनरुपमा प्रतिफल प्रदान गर्न सक्ने योजनाहरूमा लगाउने छ।

६. वाह्य क्षेत्र

वाह्य क्षेत्रको स्वरुप

६.१ शोधनान्तरको महत्वपूर्ण अंशको रुपमा रहेको चालु खाता कारोवार विगत केही वर्षहरूमा वचतमा रहने गरेकोमा चालु आर्थिक वर्षको पहिलो महिनादेखि आठ महिनासम्म निरन्तररुपले घाटामा रहदै आएको छ। हालसम्मको प्रवृत्ति हेर्दा चालु आर्थिक वर्षको बाँकी महिनाहरूमा पनि यस स्थितिमा सुधार हुने लक्षणहरू देखिदैनन्। वैदेशिक कारोवार मध्ये वस्तु व्यापार, सेवा तथा आय जस्ता क्षेत्रमा घाटा रहेतापनि विप्रेषण आय, पेन्सन र वैदेशिक अनुदान सहायताबाट प्राप्त रकमले गर्दा रकमान्तर (ट्रान्सफर) शीर्षकमा उल्लेखनीय वचत हुने र सोको अनुकूल प्रभाव चालु खातामा पर्ने गरेकोमा समीक्षा अवधिमा त्यसो हुन सकेन। त्यसैगरी, समग्रमा शोधनान्तर वचत रहने र विदेशी विनिमय संचितिको स्तर पनि विगत केही वर्षदेखि सन्तोषजनक (Comfortable) रहने गरेकोमा समीक्षा अवधिमा शोधनान्तर स्थिति प्रतिकुल रहेको र विदेशी विनिमय संचितिको स्तर पनि घटेको छ।

६.२ चालु खातामा पूर्ण परिवर्त्यता भएपनि पुँजी खातामा परिवर्त्यता दिइएको छैन। विदेशीले लगानी विविधिकरण (Portfolio Investment) गर्न पाउने नीतिगत निर्णय भएतापनि सो सम्बन्धमा विस्तृत व्यवस्था हुन सकेको छैन भने नेपालीले पनि विदेशमा लगानी गर्न पाउने व्यवस्था भइसकेको छैन।

वैदेशिक व्यापार

६.३ आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा कुल वैदेशिक व्यापार ३३.६ प्रतिशतले बढ्न गई रू. २९४ अर्ब १५ करोड पुगेको छ। गत वर्षको यसै अवधिमा कुल वैदेशिक व्यापार २४.२ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा कुल निर्यात ८.० प्रतिशतले घटेको छ भने कुल आयात ४३.९ प्रतिशतले बढेको छ। कुल वैदेशिक व्यापारमा निर्यातको अंश १३.७ प्रतिशत र आयातको अंश ८६.३ प्रतिशत रहेको छ। अघिल्लो वर्षको यसै अवधिमा निर्यातको अंश २०.० प्रतिशत र आयातको अंश ८०.० प्रतिशत रहेको थियो। आयातमा भएको अत्यधिक वृद्धिको तुलनामा निर्यातमा ह्रास हुन गएकोले व्यापार घाटामा समेत उल्लेख्य विस्तार आएको छ। आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ महिनामा व्यापार घाटा ६१.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो घाटा ३०.१ प्रतिशतले बढेको थियो। देशगतरुपमा भारततर्फको व्यापारको अंश गत वर्षको ५७.२ प्रतिशतबाट बढेर ५५.५ प्रतिशत र अन्य मुलुकतर्फको अंश गत वर्षको ४२.८ प्रतिशतबाट घटेर ४४.५ प्रतिशतमा झरेको छ।





निर्यात

६.४ अघिल्लो वर्षको पहिलो आठ महिनासम्ममा कुल निर्यात १६.२ प्रतिशतले बढेको विपरित आर्थिक वर्ष २०६६/६७ को सोही अवधिमा कुल निर्यातमा ८.० प्रतिशतले ह्रास आई रू. ४० अर्ब ४१ करोडमा झरेको छ। समीक्षा अवधिमा भारत तथा अन्य मुलुकतर्फको निर्यातमा कमी आएको छ। तथापि निर्यातमा भारतको अंश गत वर्षको ६०.९ प्रतिशतबाट बढेर ६४.३ प्रतिशत पुगेको छ। आयातमा उल्लेख्य वृद्धि भएको र निर्यातमा अत्यधिक ह्रास भएको कारण समीक्षा अवधिमा निर्यात/आयात अनुपात अघिल्लो वर्षको २४.९ प्रतिशतबाट १५.९ प्रतिशतमा झरेको छ। अमेरिकी डलरमा भने गत वर्ष १.९ प्रतिशतले घटेको कुल निर्यात यस वर्ष थप ७.१ प्रतिशतले घटेको छ। नेपाली मुद्रा अमेरिकी डलरसँग २०६६ असार मसान्तको तुलनामा २०६६ फागुन मसान्तमा ७.८ प्रतिशतले अधिमूल्यन भएको कारणले गर्दा पनि निर्यातमा कमी देखिएको हो।



६.५ अघिल्लो वर्षको आठ महिनामा ३.७ प्रतिशतले बढेको भारततर्फको निर्यात समीक्षा अवधिमा भने २.९ प्रतिशतले घटेर रू. २५ अर्ब ९६ करोडमा झरेको छ। यस अवधिमा भारततर्फ विशेषगरी पोलिष्टर धागो, जुटका बोरा, जुट कटिङ्ग, कपडा, खयर, एम.एस. पाइप, जडिबुटी, पीना, च्यवनप्रास हाजमोला, पश्मिना र कपर वायर रडको निर्यात बढेको छ भने वनस्पति घ्यू, दाल, धागो, टुथपेष्ट, जी.आई. पाइप, चाउचाउ, जस्ता पाता, गाइवस्तुको दाना, रसायन, साबुन र प्लाष्टिकका सामानको निर्यात घटेको छ। भारततर्फ निर्यातको समूहगत संरचना हेर्दा प्राथमिक वस्तु र तयारी वस्तुको अंश अघिल्लो वर्षको पहिलो आठ महिनामा क्रमश: ३०.० प्रतिशत र ७०.० प्रतिशत रहेकोमा समीक्षा अवधिमा त्यस्तो अंश २७.५ प्रतिशत र ७२.५ प्रतिशत रहन गएको छ।

६.६ अन्य मुलुकतर्फको निर्यात समीक्षा अवधिमा १६.० प्रतिशतले ह्रास आइ रू. १४ अर्ब ४४ करोडमा झरेको छ। अघिल्लो वर्षको सोही अवधिमा भने तेस्रो मुलुकतर्फको निर्यात ४२.९ प्रतिशतले बढेको थियो। अन्य मुलुकतर्फ विशेषगरी अलैंची, नेपाली कागज र कागजबाट बनेका सामान तथा हस्तकलाका सामानको निर्यातमा वृद्धि भएको छ भने दाल, ऊनी गलैंचा, जडिबूटी, तयारी पोशाक, गरगहना र पश्मिनाको निर्यातमा कमी आएको छ। निर्यातको समूहगत संरचना हेर्दा अन्य मुलुकतर्फको निर्यातमा प्राथमिक वस्तु तथा तयारी वस्तुको अंश समीक्षा अवधिमा क्रमशः २५.५ प्रतिशत र ७४.५ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ३५.१ प्रतिशत र ६४.९ प्रतिशत रहेको थियो।

आयात

६.७ समीक्षा अवधिमा कुल आयात ४३.९ प्रतिशतले वृद्धि भई रू. २ खर्ब ५३ अर्ब ७४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल आयात २६.३ प्रतिशतले बढेको थियो। कुल आयातमा भारतबाट भएको आयातको अंश गत वर्षको ५६.३ प्रतिशतबाट ५४.२ प्रतिशतमा झरेको छ भने अन्य मुलुकबाट भएको आयातको अंश ४३.७ प्रतिशतबाट बढेर ४५.८ प्रतिशत पुगेको छ। अमेरिकी डलरमा परिणत गरी हेर्दा अघिल्लो वर्ष ६.६ प्रतिशतले बढेको कुल आयात यस वर्ष ४५.४ प्रतिशतले बढेको छ।



तालिका ६(क) : अन्तर्राष्ट्रिय व्यापार स्थिति

(प्रथम आठ महिना)

विवरण	प्रतिशत परिवर्तन			
	2063/64	2064/65	2065/66	2066/67*
निर्यात एफ. ओ. वि.	**-6.6**	**-2.9**	**16.2**	**-8.0**
- भारत	-6.4	-6.9	3.7	-2.9
- अन्य मुलुकहरू	-7.0	6.9	42.9	-16.0
आयात सि. आइ. एफ.	**-1.1**	**19.2**	**26.3**	**43.9**
- भारत#	2.3	24.9	12.1	38.5
- अन्य मुलुकहरू	-6.4	10.5	50.9	50.9
व्यापार सन्तुलन	**2.0**	**30.2**	**30.1**	**61.2**
- भारत	8.6	45.2	15.6	53.8
- अन्य मुलुकहरू	-6.2	11.7	53.4	70.1
कुल व्यापार	**-2.6**	**27.7**	**24.2**	**33.6**
- भारत	-0.3	15.0	10.2	29.7
- अन्य मुलुकहरू	-6.6	9.8	49.4	38.7

विवरण	प्रतिशत परिवर्तन			
	2063/64	2064/65	2065/66	2066/67*
कुल व्यापारमा अंश (प्रतिशत)				
- भारत	63.2	64.4	57.2	55.5
- अन्य मुलुकहरू	36.8	35.6	42.8	44.5
कुल निर्यातमा अंश (प्रतिशत)				
- भारत	71.1	68.2	60.9	64.3
- अन्य मुलुकहरू	28.9	31.8	39.1	35.7
कुल आयातमा अंश (प्रतिशत)				
- भारत	60.5	63.4	56.3	54.2
- अन्य मुलुकहरू	39.5	36.6	43.7	45.8
कुल व्यापार सन्तुलनमा अंश (प्रतिशत)				
- भारत	55.2	61.6	54.7	52.2
- अन्य मुलुकहरू	44.8	38.4	45.3	47.8

* अपरिष्कृत प्रथम आठ महिना

आर्थिक वर्ष २०५६/५७ देखि पेट्रोलियम आयातलाई अन्य मुलुकतर्फ नराखी भारततर्फ समावेश गरिएको

स्रोत : नेपाल राष्ट्र बैंक ।

६.८ चालु आर्थिक वर्षको पहिलो आठ महिनामा भारतबाट भएको आयात ३८.५ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ३७ अर्ब ४१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतबाट भएको आयात १२.१ प्रतिशतको सामान्य दरले बढेको थियो । समीक्षा अवधिमा भारतबाट विशेषगरी रासायनिक मल, एम.एस. वायर रड, एम.एस. विलेट, यातायातका साधन, एल्मुनियम इनगोट, हटरोल्ड सीट र कृषियन्त्र तथा पार्टपूर्जाको आयातमा उल्लेख्य वृद्धि भएको छ भने पेट्रोलियम पदार्थ, इलेक्ट्रीक सामान, धागो, सुर्ति, औषधि अन्य मेसिनरी तथा पार्टपूर्जा र कपडाको आयातमा सामान्य वृद्धि भएको छ । तर समीक्षा अवधिमा आयात घटेका वस्तु भने कोल्ड रोल्ड सीट इन् क्वाइल मात्र छ । परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट गरिएको आयात समीक्षा अवधिमा ४०.० प्रतिशतले बढेर रू. १८ अर्ब २६ करोड पुगेको छ । अघिल्लो वर्षको पहिलो आठ महिनामा यस्तो आयात ५.४ प्रतिशतले कमी आई रू. १३ अर्ब ५ करोडमा सीमित रहेको थियो । भारतबाट यसरी आयात गर्न पाइने वस्तुहरूको संख्या २०६५ फागुन मसान्तमा १३५ रहेकोमा समीक्षा अवधिमा १३७ पुऱ्याइएको छ । आयातको समूहगत संरचनालाई विश्लेषण गर्दा भारतबाट भएको आयातमा प्राथमिक र तयारी वस्तुको अंश गत वर्षको पहिलो आठ महिनामा क्रमशः ४२.२ प्रतिशत र ५७.८ प्रतिशत रहेकोमा समीक्षा अवधिमा क्रमशः ३६.९ प्रतिशत र ६३.१ प्रतिशत रहेको छ ।

६.९ अघिल्लो वर्षको पहिलो आठ महिनामा ५०.९ प्रतिशतले बढेको अन्य मुलुकबाट भएको आयात समीक्षा अवधिमा पनि गत वर्षकै दरले वृद्धि भई रू. ११६ अर्ब ३३ करोड पुगेको छ । समीक्षा अवधिमा अन्य मुलुकबाट मुख्यतया फ्लास लाइट, रासायनिक मल, स्टील रड तथा सीट, स्टोरेज बेट्री, सुन, कार्यालय उपकरण तथा स्टेशनरी र सिन्थेटिक कार्पेटको आयातमा उल्लेख्य वृद्धि भएको छ भने एक्सरे फिल्म, कम्प्यूटर तथा पार्ट्स,

हवाइ जहाजका पाटपुर्जा, दूरसंचारका सामग्री, औषधि, उपकरण तथा औजार, पाउडर दुध, वोसो, झोला, कच्चा ऊन, पाइप तथा पाइप फिटिंगमा पनि उच्च वृद्धि भएको छ। तर क्यामेरा, नरीवलको तेल, सौन्दर्यका सामान, एम.एस. विलेट, ड्राइसेल ब्याट्री, खेलौना, कपडा, विद्युतीय सामग्री, कच्चा पाम आयल, कपडा रंगाउने रंगको आयात भने घटेको छ। अन्य मुलुकबाट भएको आयातको समूहगत संरचनामा प्राथमिक वस्तु र तयारी वस्तुको अंश गत वर्षको पहिलो आठ महिनामा क्रमशः १६.७ प्रतिशत र ८३.३ प्रतिशत रहेकोमा समीक्षा अवधिमा क्रमशः १४.८ प्रतिशत र ८५.२ प्रतिशत रहेको छ।

व्यापार सन्तुलन

६.१० चालु आर्थिक वर्षको पहिलो आठ महिनामा एकातिर निर्यातमा प्रशस्त ह्रास आएको छ भने अर्कोतिर आयातमा उल्लेख्य वृद्धि भएको छ। यसको अतिरिक्त आयातको आधार समेत बढी भएकोले कुल व्यापार घाटा ६१.२ प्रतिशतले विस्तार भई रू. २ खर्ब १३ अर्ब ३३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल व्यापार घाटा ३०.१ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ३२ अर्ब ३५ करोड पुगेको थियो। समीक्षा अवधिमा भारतसँगको व्यापार घाटा ५३.८ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ११ अर्ब ४४ करोड पुगेको छ भने अन्य मुलुकहरूसँगको व्यापार घाटा ७०.१ प्रतिशतले वृद्धि भई रू. १ खर्ब १ अर्ब ८९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा भारतसँगको व्यापार घाटा १५.६ प्रतिशतले बढेको थियो भने अन्य मुलुकहरूसँगको व्यापार घाटा ५३.४ प्रतिशतले बढेको थियो।



शोधनान्तर स्थिति

६.११ चालु आर्थिक वर्षको पहिलो आठ महिनामा व्यापार घाटामा भएको उल्लेख्य विस्तारलाई निजी क्षेत्रको विप्रेषण तथा पेन्सनमा भएको वृद्धि र प्रत्यक्ष विदेशी लगानीबाट प्राप्त भएको विदेशी मुद्राको प्रवाहले पनि धान्न नसकेकोले चालु खाता एवम् समग्रमा शोधनान्तर स्थिति समेत घाटामा रहन पुग्यो।

मञ्जुषा ६(क): नेपाल भारतबीच भएको नयाँ वाणिज्य सन्धि

नेपाल र भारत बीच अक्टोवर २७, २००९ (२०६६ कार्तिक १० गते) का दिन नयाँ वाणिज्य सन्धि भएको छ जसले यस अघि सन् १९९६ (यसलाई सन् २००२ मा पुनरावलोकन गरिएको थियो) को व्यापार सन्धीलाई विस्थापित गरेको छ। यस सन्धिका प्रमुख विशेषताहरू निम्नानुसार रहेका छन्।

- यो सन्धि सात वर्षको लागि गरिएको र अर्को एक पटक स्वतः नविकरण हुने प्रावधान रहेको कारण व्यापार प्रावधानहरूमा स्थायित्व आउने देखिन्छ।
- भारतीय रुपैयामा हुने द्विपक्षीय व्यापारलाई डलरमा भए सरहको सुविधा प्रदान गर्ने

व्यवस्था गरिएबाट डि. आर. पि. को झण्झट नहुने भएको छ ।

- प्राथमिक वस्तुलाई विना शुल्क निर्यातको सुविधा प्रदान भएको र शुल्क रहित परिमाणात्मक वन्देज कायम हुने यस्ता वस्तुको सूची थप गर्न सकिने व्यवस्था गरिएको छ ।
- भारतले व्यापार सरलीकरणका लागि विशाखापत्नम वन्दरगाह समेत उपलब्ध गराउने सहमती जनाएको छ ।
- व्यापारमा सहजता ल्याउनका लागि थप चार वटा भन्सार नाका सञ्चालनमा ल्याउने सहमति भएको छ र यो सहित भन्सार नाकाको संख्या २६ पुगेको छ ।
- हवाई यातायात जोडिएका भारतीय शहरबाट पनि द्विपक्षीय व्यापार गर्न सकिने नयाँ व्यवस्था थपिएको छ ।
- नेपालको व्यापार क्षमता वढाउन भारत सरकार सहमत भएको छ यस ब्यवस्थामा भारतले क्वारेन्टाइन तथा परीक्षण सुविधाको स्तर वृद्धि गर्न सहयोग गर्नेछ ।
- नेपाल सरकारको विशेष अनुरोधमा भारतले नेपाली वस्तुमा लगाउदै आएको अतिरिक्त महशुलमा छुट प्रदान गर्नेछ ।
- सुविधायुक्त प्रवेशको सुविधा प्राप्त गर्न नसकेका नेपालका उत्पादित वस्तुहरूले अतिसौविध्यप्राप्त मुलुकको सुविधा प्राप्त गर्ने तर यसमा उत्पत्तिको प्रमाणपत्र भने आवश्यक पर्ने व्यवस्था गरिएको छ ।
- व्यापारमा आउनसक्ने समस्या समाधानका लागि सह-सचिव स्तरको एक अन्तर सरकारी समिति गठन गर्ने व्यवस्था रहेको छ ।

६.१२ भन्सार प्रवेश नगरी हुने व्यापारलाई समेत समायोजन गर्दा चालु वर्षको पहिलो आठ महिनामा कुल निर्यात ९.५ प्रतिशतले घटी रू. ४१ अर्ब ९० करोड पुगेको छ भने कुल आयात ४३.५ प्रतिशतले बढी रू. २ खर्ब ४७ अर्ब ९८ करोड पुगेको छ । फलस्वरुप गत वर्षको सोही अवधिमा २९.५ प्रतिशतले बढेको कुल व्यापार घाटा यस वर्ष ६२.९ प्रतिशतले बढी रू. २०६ अर्ब ७ करोड पुगेको छ ।

६.१३ समीक्षा अवधिमा पर्यटन आय र अन्यत्र नपरेको सरकारी आयमा क्रमशः ०.३ प्रतिशत र ५७.० प्रतिशतले ह्रास आएको छ भने अन्य सेवा आयमा २५.१ प्रतिशतले वृद्धि भएको छ । फलस्वरुप, समीक्षा अवधिमा कुल सेवा आयमा ११.३ प्रतिशतले ह्रास आई रू. ३० अर्ब ५६ करोडमा झरेको छ । शिक्षाका निम्ति नेपालीहरू विदेशिने क्रम समीक्षा अवधिमा पनि जारी रही शिक्षाको खर्च २१.४ प्रतिशतले बढेकोले समग्रमा भ्रमण खर्च ७.३ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा अन्य भुक्तानीमा वृद्धि भएतापनि यातायात खर्चमा उल्लेख्य कमी आएकोले कुल सेवा भुक्तानीमा गत वर्षको सोही अवधिको तुलनामा १०.४ प्रतिशतले ह्रास आई रू. ३९ अर्ब २४ करोडमा झरेको छ । फलस्वरुप, समीक्षा अवधिमा खुद सेवा आय रू. ८ अर्ब ६७ करोडले ऋणात्मक रहन गएको छ ।

मञ्जुषा ६(ख): सुन, चाँदी आयात सम्बन्धमा गरिएको विशेष व्यवस्था

क) बैंकहरूले सामान्य प्रतितपत्रबाट सुन आयात गर्न पाउने छन्। सो प्रयोजनको लागि बैंकहरूले नेपाल राष्ट्र बैंकको बैकिङ्ग कार्यालय स्थित सुन आयात धरौटी खातामा अनिवार्यरुपमा ४० प्रतिशत नगद मार्जिन जम्मा गर्नु पर्ने व्यवस्था गरिएको छ।

ख) बैंकहरूले मात्र सुनको आयात गर्न पाउने छन्। यस्तो आयात गर्दा बैकर्स संघको सिफारिसमा प्रतिदिन वढीमा १० किलोग्रामसम्मका दरले आयात गर्न पाइने छ।

ग) सुन आयात गर्ने संघका सदस्य बैंकले भ्याट/प्यानमा दर्ता भई नेपाल सुन चाँदी व्यवसायी संघबाट सिफारिस प्राप्त गरेका सुन व्यवसायीलाई मात्र सुन विक्री गर्नु पर्नेछ।

घ) चाँदी आयातका लागि शत प्रतिशत मार्जिन नगदमै राख्नुपर्ने र सामान्य प्रतितपत्रबाट मात्र आयात गर्न पाइने छ। त्यसैगरी, चाँदीको आयात गर्दा सुन चाँदी व्यवसायी संघको सिफारिसमा सदस्य व्यवसायीहरूले मात्र प्रतिदिन वढीमा एक सय किलोग्रामका दरले आयात गर्ने व्यवस्था र आयात गर्ने व्यवसायीले एक किलोग्राम भन्दा वढी विक्री गर्नु परेमा अन्य भ्याट/प्यानमा दर्ता भएका चाँदी व्यवसायीलाई मात्र विक्री गर्न सक्ने व्यवस्था गरिएको छ।

६.१४ ट्रान्सफरतर्फ निजी क्षेत्रको विप्रेषण आय समीक्षा अवधिमा ९.९ प्रतिशतले बढी रू. १ खर्ब ४३ अर्ब ९६ करोड पुगेको छ। समीक्षा अवधिमा अनुदानमा ११.९ प्रतिशतले ह्रास आएको छ भने पेन्सन र अन्य रकमान्तरमा क्रमशः ७४.९ र २०.७ प्रतिशतको वृद्धि भएको छ। समीक्षा अवधिमा खुद ट्रान्सफर आय अघिल्लो वर्षको यसै अवधिको तुलनामा ११.४ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ७५ अर्ब ५१ करोड पुगेतापनि चालु खाता रू. ३२ अर्ब ५८ करोडले घाटामा रहेको छ। गत वर्ष यसै अवधिमा चालु खाता रू. २८ अर्ब ९४ करोडले वचतमा रहेको थियो।



६.१५ समीक्षा अवधिमा पुँजी खातातर्फ रू. ८ अर्ब ९६ करोड बराबरको पुँजीगत ट्रान्सफर प्राप्त भएको छ। गत वर्षको यसै अवधिमा पुँजीगत ट्रान्सफर अन्तर्गत रू. ४ अर्ब ६३ करोड मात्र प्राप्त भएको थियो।

६.१६ वित्तीय खातातर्फ अन्य लगानी सम्पत्ति गत वर्षको पहिलो आठ महिनामा रू. ३ अर्ब ४१ करोड थप भएकोमा समीक्षा अवधिमा रू. ७ अर्ब ५० करोड थप भएको छ। अन्य लगानी दायित्वतर्फ समीक्षा अवधिमा रू. ४ अर्ब २० करोड बराबरको सरकारी ऋण आप्रवाह भएको छ भने रू. ५ अर्ब ९४ करोड बराबरको साँवा भुक्तानी भएको छ। समीक्षा अवधिमा वैदेशिक निक्षेप दायित्व रू. ३ अर्ब ९८ करोडले घटेको छ। गत वर्षको यसै अवधिमा रू. ३४ अर्ब ८१ करोड शोधनान्तर वचत रहेको स्थितिको विपरित चालु आर्थिक वर्षको पहिलो आठ महिनामा रू. २३ अर्ब ५३ करोड शोधनान्तर घाटा भएको छ।

विदेशी विनिमय सञ्चिति

६.१७ आर्थिक वर्ष २०६५/६६ को असारदेखि फागुनसम्मको अवधिमा बैंकिङ्ग क्षेत्रको वैदेशिक सम्पत्ति २७.४ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्षको सोही अवधिमा यस्तो सम्पत्तिमा १५.६ प्रतिशतले ह्रास आई रू. २ खर्ब ३६ अर्ब ३४ करोडमा संकुचन भएको छ। २०६५ असार मसान्तदेखि २०६५ फागुन मसान्तसम्ममा ३०.९ प्रतिशतले बढेको वैदेशिक दायित्व भने चालु आर्थिक वर्षको सोही अवधिमा ७.५ प्रतिशतले घटी रू. ५५ अर्ब १ करोड भएको छ। यस प्रकार अघिल्लो वर्षको पहिलो आठ महिनामा २७.४ प्रतिशतले बढेको कुल वैदेशिक सम्पत्ति समीक्षा अवधिमा १५.१ प्रतिशतले ह्रास आई रू. २ खर्ब ३६ अर्ब ३४ करोडमा झरेको छ।

तालिका ६(ख) : कुल विदेशी विनिमय सञ्चिति

(रू. करोडमा)

विवरण	२०६३ असार	२०६३ फागुन	२०६४ असार	२०६४ फागुन	२०६५ असार	२०६५ फागुन	२०६६ असार	२०६६ फागुन	प्रतिशत परिवर्तन (असार - फागुन)	
									2065	2066
नेपाल राष्ट्र बैंक	13197	14206	12962	14429	16968	21846	22419	18591	28.7	-17.1
वाणिज्य बैंक	3306	3502	3550	3769	4294	5234	5580	5042	21.9	-9.6
कुल सञ्चिती	16503	17708	16512	18198	21262	27080	27999	23633	27.4	-15.6

स्रोत : नेपाल राष्ट्र बैंक।

६.१८ चालु आर्थिक वर्षको पहिलो आठ महिनामा कुल विदेशी विनिमय सञ्चितिमा १५.५ प्रतिशतले ह्रास आई २ खर्ब ३६ अर्ब ३३ करोडमा सीमित हुन पुगेको छ। समीक्षा अवधिमा कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकसँग रहेको सञ्चितिमा १७.१ प्रतिशतले र वाणिज्य बैंकसँग रहेको सञ्चितिमा ९.६ प्रतिशतले ह्रास आएको छ। खासगरी व्यापार घाटामा भएको उल्लेख्य वृद्धिको कारण कुल विदेशी विनिमय सञ्चितिमा गिरावट आएको हो।

६.१९ चालु आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा सुनको आयातमा भएको उल्लेखनीय विस्तारले (रू. ३७ अर्ब ४७ करोड) व्यापार घाटा वृद्धि भएको र तदनुरुप शोधनान्तर स्थितिमा पनि प्रभाव पारेको परिप्रेक्षमा सुन आयातमा भएको अनपेक्षित वृद्धिलाई कम गराउन नेपाल राष्ट्र बैंकले विशेष व्यवस्था गरेको छ ।



६.२० आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तर ७.६ महिनाको वस्तु आयात र ६.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । २०६५ फागुन मसान्तमा बैंकिङ्ग क्षेत्रसँग रहेको सञ्चिति सोही वर्षकै आयात प्रवृत्तिको आधारमा करीब १२.३ महिनाको वस्तु आयात र ९.९ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्नेस्तरमा रहेको थियो ।

मञ्जुषा ६(ग): वाह्य क्षेत्र सम्बन्धी प्रक्रियागत सुधारहरू

नेपाल राष्ट्र बैङ्कले आर्थिक वर्ष २०६६/६७ मा बाह्य क्षेत्र सुधारतर्फ अपनाएका केही प्रमुख प्रक्रियागत व्यवस्थाहरू यस प्रकार छन् :

⇒ बैंक तथा वित्तीय संस्थाहरूले विभिन्न प्रयोजनको लागि व्यक्ति तथा संघ/संस्थाहरूलाई अमेरिकी डलर चार हजारसम्मको सटही सुविधा आवश्यक कागजातको आधारमा सोझै "क" वर्ग र राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरूबाट प्रदान गर्न सकिने विद्यमान सीमालाई वृद्धि गरी मिति २०६६।०४।१८ देखि अमेरिकी डलर छ हजार पुऱ्याइएको छ ।

⇒ भारत बाहेक अन्य मुलुकहरूबाट Free On Board (FOB) मूल्यको आधारमा प्रतितपत्र कारोवार गर्न सकिने व्यवस्था गरिएकोमा ड्राफ्ट/टि.टि.को माध्यमबाट गरिने आयात समेत FOB मूल्यमा गर्न सकिने व्यवस्था गरिएको छ ।

⇒ बिबिध विद्युतीय प्रणाली तथा उपकरणहरूको विकास र विस्तारले कतिपय उत्पादन तथा सेवाहरू इन्टरनेट मार्फत खरिद/विक्री हुने प्रचलनले विश्वव्यापी मान्यता पाउदै आएको परिप्रेक्ष्यमा इन्टरनेट मार्फत डेबिट/केडिट जस्ता अन्तरराष्ट्रिय कार्डबाट विभिन्न शर्तहरूको अधीनमा रही परिवर्त्य बिदेशी मुद्रामा भुक्तानी स्वीकार गर्न सकिने व्यवस्था गरिएको छ ।

⇒ Documentary Collections अन्तरगत Documents Against Payment (D/P) को माध्यमबाट आयात गर्न सकिने व्यवस्था गरिएकोमा अवदेखि Documents Against Acceptence (D/A) को माध्यमबाट समेत तोकिएको कार्यविधि तथा शर्तहरूको अधिनमा रही आयात गर्न सकिने व्यवस्था गरिएको छ ।

⇒ नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंकहरूलाई परिवर्त्य विदेशी मुद्राको लगानी व्यवस्थापन गर्न तथा बिनिमय दरमा हुने उतार चढावबाट आउन सक्ने जोखिम व्यवस्थापन गर्नको लागि बिदेशी मुद्रा बजारमा प्रचलित बिभिन्न डेरिभेटिभस् (Derivatives) उपकरण सम्बन्धी कारोवारहरू गर्न सक्ने व्यवस्था गरिएको छ । सम्बन्धित बैकको सञ्चालक समितिले तोकेको मापदण्डभित्र रही देहाय बमोजिम लगानी गर्न सक्ने व्यवस्था गरिएको छ ।

(क) अन्तरर्राष्ट्रिय वित्तीय संस्था र बिदेशी सरकारबाट जारी भएका बिभिन्न प्रकार र अवधिका ऋणपत्र, निक्षेप प्रमाणपत्र लगायतका बिबिध उपयुक्त उपकरणमा लगानी गर्न सकिने छ ।

(ख) परिवर्त्य बिदेशी मुद्राको निक्षेपबाट प्राप्त आय र आफूसँग मौज्दात रहेको परिवर्त्य बिदेशी मुद्रा मात्र लगानी गर्न सकिने छ ।

(ग) यस्तो लगानी प्रयोजनको लागि अन्तरराष्ट्रिय वा बिदेशी बैंक तथा वित्तीय संस्थाबाट कुनै किसिमको ऋण लिन पाइने छैन ।

⇒ ड्राफ्ट/टि.टि.को माध्यमबाट एक पटकमा वढीमा अमेरिकी डलर ५० हजार बरावरसम्मको भुक्तानी गर्न सकिने हालको सीमालाई घटाएर एक पटकमा वढीमा अमेरिकी डलर २५ हजार बरावरसम्म मात्र भुक्तानी गर्न पाइने व्यवस्था गरिएको छ । यस व्यवस्था अन्तरगत एउटै वेनिफिसियरीले भुक्तानी पाउने गरी सात कार्य दिनको अन्तरालमा अमेरिकी डलर २५ हजार बरावरभन्दा वढी हुने गरी यस्तो सुविधा प्रदान गर्न नपाइने व्यवस्था समेत गरिएको छ ।

⇒ कच्चा ऊन आयातको लागि जारी हुने प्रतीतपत्र तथा ड्राफ्ट/टि.टि र कलेक्सनमा समेत दुई प्रतिशत भन्सार धरौटी लिनु पर्ने व्यवस्था गरिएको छ । त्यसैगरी, चीनको स्वशासित क्षेत्र तिव्वतबाट तातोपानी भन्सार विन्दुमार्फत ड्राफ्ट/टि.टि. तथा क्रेडिट सुविधाका माध्यमबाट हुने कच्चा ऊन र अन्य आयात कारोवार सम्बन्धमा तिव्वतस्थित निर्यातकर्ताबाटै आयात गरी सोको भुक्तानी पनि सोही निर्यातकर्ताको तिव्वतस्थित बैंक खातामा जम्मा हुनुपर्नेछ । प्रचलित व्यवस्था बमोजिम आयात हुने वस्तुहरूको भुक्तानीको लागि सटही सुविधा प्रदान गर्दा भन्सार महसुल भुक्तानी गरेको रसिदको सक्कलप्रतिमा सटही प्रदान भएको प्रमाणित गरेपछि सो सक्कलप्रति बैंकमै राखी सक्कल प्रति बैंकमा रहेको व्यहोरा प्रमाणित गरी सोको प्रतिलिपि सम्बन्धित आयातकर्तालाई दिनु पर्ने व्यवस्था गरिएको छ ।

⇒ राहदानी सुविधा वापत पाउने सटही सुविधा अमेरिकी डलर दुई हजार एक आर्थिक वर्षमा अधिकतम दुई पटक मात्र प्रदान गर्नु पर्ने र यसरी सटही उपलव्ध गराएको मिति र रकम राहदानीको सम्बन्धित खण्डमा अनिवार्यरुपमा उल्लेख गर्नुपर्ने छ । तथापि, नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकहरूलाई राहदानी वापत अधिकतम अमेरिकी डलर पाँच सयसम्म मात्र सटही सुविधा उपलव्ध गराउने व्यवस्था गरिएको छ ।

विनिमय दर

६.२१ चालु आर्थिक वर्षको पहिलो आठ महिनामा मुख्य अन्तर्राष्ट्रिय मुद्राहरूसँग नेपाली रुपैयाँको विनिमय दरमा मिस्रित प्रवृत्ति देखिएको छ । २०६६ असारको तुलनामा २०६६ फागुन मसान्तमा नेपाली मुद्रा अमेरिकी डलरसँग ७.८० प्रतिशतले अधिमूल्यन भई

प्रति अमेरिकी डलरको विनिमय दर रू. ७२.४० कायम भएको छ। आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा अमेरिकी डलरसँग नेपाली रुपैयाँको १७.०२ प्रतिशतले अधिमूल्यन भएको थियो। २०६६ असार मसान्तको तुलनामा फागुन मसान्तमा नेपाली रुपैयाँको स्टर्लिङ्ग पाउण्ड, यूरो र जापानी येनसँग क्रमशः १६.३२ प्रतिशत, ९.९८ प्रतिशत र ५.०१ प्रतिशतले अधिमूल्यन भएको छ। अघिल्लो वर्षको यसै अवधिमा नेपाली रुपैयाँको जापानी येनसँग अबमूल्यन भएको थियो भने स्टर्लिङ्ग पाउण्ड र यूरोसँग अधिमूल्यन भएको थियो।

तालिका ६(ग): विदेशी विनिमय प्रवृत्ति

विदशी मुद्रा	खरीद दर (नेपाली रुपैयामा)					अधिमूल्यन (+) अवमूल्यन (-) (प्रतिशतमा)	
	2064*	2065*	2065#	2066*	2066#	2065#	2066#
१ अमेरिकी डलर	64.85	68.50	82.55	78.05	72.40	-17.02	7.80
१ पाउण्ड स्टर्लिङ्ग	131.43	135.89	114.17	126.78	108.99	19.02	16.32
१ यूरो	89.27	108.72	105.27	109.07	99.17	3.28	9.98
१० जापानी येन	5.30	6.42	8.57	8.39	7.99	-25.09	5.01

* असार मसान्त
\# फागुन मसान्त

कच्चा पेट्रोलियम पदार्थ र सुनको मूल्य

६.२२ अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम पदार्थ (Crude Oil Brent) को मूल्य २०६५ फागुन मसान्तमा प्रति व्यारेल अमेरिकी डलर ४५.१८ रहेकोमा २०६६ फागुन मसान्तमा ७५.८ प्रतिशतले वृद्धि भई प्रति व्यारेल अमेरिकी डलर ७९.४३ मा पुगेको छ।

६.२३ २०६५ फागुन मसान्तको तुलनामा २०६६ फागुन मसान्तमा अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य १९.२ प्रतिशतले वृद्धि भई प्रति औंस अमेरिकी डलर १ हजार १ सय ६ दशमलव २५ पुगेको छ। गत वर्षको यसै अवधिमा यस्तो मूल्यमा ६.७ प्रतिशतले ह्रास आएको थियो।

तालिका ६(घ) : अन्तर्राष्ट्रिय बजारमा तेल तथा सुनको मूल्य

	असार मसान्त			फागुन मसान्त			प्रतिशत परिवर्तन			
							असार		फागुन	
	२०६४	२०६५	२०६६	२०६४	२०६५	२०६६	२०६५	२०६६	२०६५	२०६६
तेल (डलर प्रति ब्यारल)*	79.73	143.25	61.53	110.75	45.18	79.43	79.7	-57.0	-59.2	75.8
सुन (डलर प्रति आउन्स)**	666.0	986.0	938.0	995.0	928.0	1106.25	48.0	-4.9	-6.7	19.2

* कुड आयल ब्रेन्ट, ** लन्डन दरमा आधारित, स्रोत : नेपाल राष्ट्र बैंक।

७. गरिबी निवारण र रोजगारी

गरिबी निवारण

७.१ नेपाल जीवनस्तर मापन सर्वेक्षण, २००३/०४ का अनुसार नेपालमा औसत रू. ७ हजार ६ सय ९६ लाई गरिबीको रेखा मान्दा कुल जनसंख्याको ३०.८५ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको पाइन्छ। सन् १९९५/९६ मा यस्तो प्रतिशत ४१.७६ थियो। सर्वेक्षणका आधारमा विश्व बैङ्कले अन्तर्राष्ट्रियस्तरमा सन् १९९० देखि अवलम्वन गर्दै आएको मापदण्ड अनुसार दैनिक एक अमेरिकी डलरलाई आधार मान्दा क्रयशक्ति समता (Purchasing Power Parity: PPP) अनुसार कुल जनसंख्याको २४.१ प्रतिशत गरिबीको उक्त रेखाभन्दा तल रहेको विगतको विवरणमा देखाइएको पाइन्छ। सन् २००५ देखि विश्व बैङ्कले दैनिक १.२५ अमेरिकी डलरलाई गरिबीको रेखा निर्धारणको आधार मानेको छ र यस अनुसार नेपालको स्थिति तुलना गर्दा अझै कमजोर देखिने प्रष्ट छ। हालसम्म नेपालले पुरानै मापदण्डलाई अपनाएको छ।

मञ्जुषा ७(क) : गरिबी मापन

गरिबीको स्थिति (poverty incidence) ले कुल जनसंख्यामा गरिबीको रेखामुनि रहेको जनसंख्या कति छ भनेर जनाउँदछ भने गरिबीको विषमता (poverty gap) ले गरिब मानिएकाहरू मध्ये कति प्रतिशत गरिबहरू गरिबी रेखाभन्दा टाढा छन् भन्ने जनाउँदछ। साथै, गरिबीको गहनता (squared poverty gap) को सूचकले गरिबहरूमध्ये पनि कति गहिरो असमानता छ भन्ने देखाउँदछ।

७.२ नेपालको गरिबीको स्थिति हेर्दा शहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्र र समूहहरूबीचको भिन्नता अझ पनि निकै ठूलो रूपमा देखिएको छ। नेपाल जीवनस्तर मापन सर्वेक्षण, २००३/०४ अनुसार सन् १९९५/९६ र सन् २००३/०४ को अवधिमा समग्रमा १०.९१ प्रतिशत विन्दुले गरिबी घटेको छ। यसका कारणहरूमा विप्रेषण आय, तीव्ररूपमा बढिरहेको शहरीकरण, कृषि ज्यालामा भएको वृद्धि तथा आर्थिकरूपमा सक्रिय उमेरका जनसंख्याको अनुपातमा भएको वृद्धि मुख्य रहेका छन्। यद्यपि यस अवधिमा बढेको आय असमानताले देशमा गरिब र धनीबीचको खाडल बढेको देखाएको छ। आय असमानतालाई दर्शाउने गिनी सूचकांक (Gini Coefficient) २०५२/५३ मा ०.३४ रहेकोमा २०६०/६१ मा ०.४१ पुगेकोले गरिबको आयस्तर भन्दा धनीको आयस्तर उच्च दरले बढेको देखिन्छ। यो स्थितिलाई सुधार गर्न नीतिगत, संरचनागत र कार्यक्रमगतरुपले गरिबमुखी पहलकदमी लिनुपर्ने एवम् आयमूलक रोजगारी तथा आर्थिक हस्तान्तरणमुखी कार्यक्रमलाई तत्कालिक र दीर्घकालिक ढङ्गले प्रभावकारीरूपमा कार्यान्वयन गर्दै लग्नु जरुरी छ।

७.३ नेपाल जीवनस्तर मापन सर्वेक्षण (दोस्रो) अनुसार जातीय, क्षेत्रीय एवम् पेशागतरूपमा गरिबीको असमान वितरण रहेको देखिएको छ। गरिबीको रेखामुनि रहेकामध्ये ६७.० प्रतिशत कृषि रोजगार तथा ११.० प्रतिशत कृषि श्रमिक रहेको देखिन्छ। यसरी हेर्दा

७८.० प्रतिशत गरिबहरू कृषि क्षेत्रलाई रोजगारीको प्रमुख माध्यम बनाउनेहरू नै देखिन्छन् । विभिन्न जातिमध्ये दलितको ४६.० प्रतिशत, पहाडी जनजातिको ४४.० प्रतिशत, मुस्लिमको ४१.० प्रतिशत, तराई जनजाति (थारु) को ३५.० प्रतिशत तथा अन्य अल्पसंख्यक जातिको ३१.० प्रतिशत जनसंख्या गरिबीको रेखामुनिरहेका छन् । साथै, नेवारको १४.० प्रतिशत, ब्राम्हण क्षेत्रीको १८.० प्रतिशत र तराईका मध्यम जात (यादवहरु) को २१.० प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेका छन् । कुल गरिबहरूमध्ये २९.४ प्रतिशत ग्रामीण, मध्य र पूर्वी पहाडमा रहेको देखिन्छ । ग्रामीण पश्चिम पहाडमा २३.६ प्रतिशत, ग्रामीण पूर्वी तराईमा २३.५ प्रतिशत, ग्रामीण पश्चिम तराईमा १८.९ प्रतिशत र शहरी क्षेत्रमा ४.७ प्रतिशत छन् । त्यसैगरी, कुल गरिबहरू मध्ये हिमाली क्षेत्रमा ७.५ प्रतिशत, पहाडमा ४७.१ प्रतिशत र तराईमा ४५.४ प्रतिशत रहेको अनुमान गरिएको छ । हालका वर्षहरूमा जनसंख्याको चाप नगर तथा अधिक सुविधा र सुरक्षित स्थलतर्फ केन्द्रित रहेको कारणबाट शहरी क्षेत्रको गरिबी बढेको पाइएको छ । हालैको अनुमान अनुसार २००५ देखि २००८ को बीचमा गरिबी ६.० प्रतिशत विन्दुले घटी २५.४ प्रतिशतमा झरेको छ ।

७.४ गरिबीको स्थिति (Poverty Incidence) मापनको लागि आर्थिक वर्ष २०५२/५३ र २०६०/६१ मा सम्पन्न गरिएको नेपाल जीवनस्तरमापन सर्वेक्षणहरूको आधारमा नेपालमा गरिबीको रेखामुनि रहेको जनसंख्यामा कमी आउनुका प्रमुख कारणहरूमा विप्रेषण आय तथा कृषि क्षेत्रको ज्यालादरमा वृद्धि जस्ता कारणहरु रहेका छन् । आर्थिक वर्ष २०५२/५३ मा गरिबीको रेखामुनिको शहरी जनसंख्या २१.५५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६०/६१ मा करिब ९.५५ प्रतिशतमा झरेको देखिन्छ । त्यसैगरी, सोही अवधिमा ग्रामीण क्षेत्रमा रहेको गरिबीको रेखामुनिको जनसख्या ४३.२७ प्रतिशतबाट ३४.६२ प्रतिशतमा झरेको छ । यसका अतिरिक्त नेपालमा गरिबीको विषमता (poverty gap) ७.६० प्रतिशत र गरिबीको गहनता (squared poverty gap) २.७० प्रतिशत रहेको अनुमान छ ।



तालिका ७(क) : गरिबी मापन (२०५२/५३ र २०६०/६१)

(प्रतिशत)

क्षेत्र	गरिबीको रेखामुनिको जनसंख्या		गरिबीको विषमता		गरिबीको गहनता	
	2052÷53	2060÷61	2052÷53	2060÷61	2052÷53	2060÷61
शहरी	21.55	9.55	6.50	2.20	2.70	0.70
ग्रामीण	43.27	34.62	12.10	8.50	4.80	3.10
नेपाल	**41.76**	**30.85**	**11.80**	**7.60**	**4.70**	**2.70**

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग ।

७.५ राष्ट्रिय लेखाको सिद्धान्त (System of National Accounts–SNA, 1993) अनुसारको उत्पादनको दायराभित्र नपरेका घरायसी कार्य वा गैर-आर्थिक क्रियाकलापहरुमा संलग्न समय हेर्दा १५ वर्ष वा सो माथिका पुरुषले हप्तामा ५.७ घण्टा र महिलाले २३.२ घण्टा व्यतित गरेको देखिन्छ। यो अनुपात अघिल्लो सर्वेक्षणको भन्दा पुरुषको हकमा ९.० प्रतिशतले बढेको देखिदा घरायसी कार्यमा संलग्न हुने पुरुषहरूको प्रवृत्ति परिवर्तनलाई संकेत गर्दछ। बसाई सर्ने व्यक्तिको दर ३३.० प्रतिशत रहेको, सोमध्ये जीवनकालमा वसाई सर्ने महिला ४४.० र पुरुष २१.० प्रतिशत रहेको, कम्तीमा एक जना विदेश जाने घरपरिवार २९.१ प्रतिशत रहेको, विप्रेषण पाउने परिवार ३०.० प्रतिशत रहेको, सबैभन्दा वढी विप्रेषण कतार (२१.३ प्रतिशत) बाट आएको, प्रतिव्यक्ति विप्रेषण ४ हजार ४२ रुपैया रहेको, ८९.२ प्रतिशत घरपरिवार आफ्नै घरमा वसेको, ६८.४ प्रतिशत परिवारले मुख्य इन्धनका रूपमा दाउरा बाल्ने गरेको, ५६.० प्रतिशतले विजुली बालेको, ४५.० प्रतिशतले धाराको पानी उपयोग गर्ने गरेको, ७८.४ प्रतिशतसँग कृषि भूमि रहेको, ६३.२ प्रतिशत साक्षर रहेको, ५-१४ वर्षको उमेर समूहको आर्थिक क्रियाकलापमा संलग्नता १९९८/९९ को ४०.९ प्रतिशतबाट २००८ मा ३३.६७ प्रतिशतमा झरेकोले बालश्रमको अनुपातमा सुधार आएको, गैरकृषि क्षेत्रमा तलवी रोजगार महिला श्रमिक अनुपात (१५+) NLFS1 को १५.१ प्रतिशतबाट वृद्धि भई १९.१ प्रतिशत पुगेकोले महिलाहरूको गैरकृषि क्षेत्रमा रोजगारी संलग्नता स्थितिमा सुधार आई उनीहरूको वाह्य क्षेत्रमा संलग्नता बढेको देखाउँछ।

७.६ तीनवर्षीय अन्तरिम योजनाले मुलुकमा विद्यमान वेरोजगारी, गरिबी र असमानता घटाई दिगो शान्ति स्थापनामा सघाउ पुऱ्याउँदै आम जनताको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउने उद्देश्य लिएको छ। संसारका १ सय ८९ राष्ट्रले प्रतिवद्धता जनाएको सहस्राब्दी विकास लक्ष्यहरु (Millennium Development Goals -MDGs) ले निर्दिष्ट गरे अनुरूप दशौं योजना र वर्तमान तीनवर्षीय अन्तरिम योजनाले MDG's का उद्देश्यहरू समेतलाई आफ्ना योजना, नीति र कार्यक्रममा अंगिकार गरेको छ। सार्क विकास लक्ष्य (SAARC Development Goals - SDGs) अनुसार प्रगति स्थिति विवरण अद्यावधिक गर्ने कार्य जारी रहेको छ र प्रारम्भिक प्रगति सकारात्मक र उत्साहप्रद रहेको देखिन्छ। सो अनुरूप गरिबी न्यूनीकरण समेतको मूल उद्देश्यमा केन्द्रित रहेर विगतका योजनाहरूभन्दा पृथकरूपमा बढी सहभागितामूलक प्रक्रिया अपनाई तर्जुमा भएको यस योजनाले पुनर्निर्माण, पुनर्स्थापना तथा सामाजिक पुनःएकीकरणलाई पहिलो प्राथमिकतामा राखी उल्लेखित उद्देश्य हासिल गर्न; राहत, पुनर्निर्माण र पुनर्एकीकरणमा विशेष जोड दिने, रोजगारमूलक, गरिबोन्मुख र फराकिलो आर्थिक वृद्धि गर्ने, सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहमा प्रभावकारिता बढाउने, भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्ने, सामाजिक विकासलाई जोड दिने र समावेशी विकास तथा लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने रणनीति लिइएको छ।

७.७ अन्तरिम योजनाले पुनर्निर्माण तथा पुनर्स्थापना, समावेशीकरण, कृषि, पर्यटन तथा उद्योगलाई टेवा पुग्ने विद्युत् विकास, सडक, सिँचाइ तथा सञ्चार जस्ता भौतिक पूर्वाधारमा लगानी बढाउने र मानव संशाधन विकासका लागि शिक्षा, स्वास्थ्य,

खानेपानी र सरसफाइको क्षेत्रमा लगानी बढाउने विषयलाई प्राथमिकतामा राखेको छ। योजनाले विद्यमान गरिबीको रेखामुनिका जनसंख्याको ३१.० प्रतिशतको अनुपातलाई २४.० प्रतिशतमा झार्ने लक्ष्य लिएको छ।

७.८ आर्थिक वर्ष २०६६/६७ मा विभिन्न मन्त्रालय, सचिवालय, विभाग, कार्यालय तथा निकायहरू अन्तर्गत कुल ४ सय ८ विकास आयोजना/कार्यक्रम सञ्चालन भएकोमा पहिलो प्राथमिकताका २ सय ४, दोस्रो प्राथमिकताका १ सय ७० र तेस्रो प्राथमिकताका ३४ आयोजना रहेका छन्। अन्तरिम योजनाको रणनीतिक स्तम्भ अन्तर्गत राहत, पुनःर्निर्माण र पुनर्एकीकरणमा विशेष जोड दिने १८ आयोजनाहरू, रोजगारमूलक, गरिबोन्मुख र फराकिलो आर्थिक वृद्धि गर्ने १ सय १५ आयोजनाहरू, सुशासन तथा सेवाको प्रभावकारिता वढाउने ८९ आयोजनाहरू, भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्ने १ सय २९ आयोजनाहरू र सामाजिक विकास र लक्षित कार्यक्रम सञ्चालन गर्ने ५७ आयोजनाहरू सञ्चालित छन्। स्थानीय निकायमा जाने अनुदानलाई गरिबीका सूचक समेतका आधारमा वितरण गर्ने तथा निक्षेपणको कार्यलाई व्यापकता दिनेतर्फ प्रयत्न जारी छ। यस प्रकार लगानीको प्रवाहलाई गरिबीउन्मुख बनाउनेक्रममा आर्थिक वर्ष २०६६/६७ को कुल विकास वजेटको ४६.१८ प्रतिशत अंश गरिबी निवारणसँग प्रत्यक्ष सम्वन्धित आयोजनाहरूमा विनियोजन गरिएको छ।

७.९ लैगिक वजेटको अवधारणालाई आन्तरिकीकरण गरी व्यवहारमा लागु गरिएको छ। लैगिक वजेट संकेत सूचक प्रणाली अपनाई वजेट तर्जुमा पूर्व नै लैगिक लेखाजोखा गरी वढीभन्दा वढी महिलामुखी (Women Oriented) बनाउने प्रयत्न जारी छ। यसबाट लैङ्गिक सचेतता र संवेदनशीलता बढेको छ र सरकारी वित्तीय स्रोत अनुमान, प्राप्ति, विनियोजन, खर्च र प्रभाव एवं नतिजाका हकमा पनि यसलाई विस्तार गर्नुपर्ने देखिन्छ। चालु आर्थिक वर्षमा प्रत्यक्षरूपमा लैगिक समानताको लागि योगदान गर्ने विकास आयोजनामा विनियोजित वजेट रू. ४९ अर्व ४५ करोड ६८ लाख ३० हजार (१७.३ प्रतिशत) र अप्रत्यक्ष योगदान गर्नेमा विनियोजित वजेट ३६.४३ प्रतिशत रहेको छ। यस क्रममा महिला साक्षरतामा जोड, छात्रवृत्तिमा प्राथमिकता, विद्यालयहरूमा छात्रा शौचालय निर्माण, महिला सशक्तीकरणको विशेष कार्यक्रम सञ्चालन, मालपोत कार्यालयबाट महिलाका नाममा गरिने जग्गापास/रजिष्ट्रेशनमा २५.० प्रतिशत छुट, पारिश्रमिक आयकरमा १०.० प्रतिशत छुट, लघुवित्त कार्यक्रममा प्राथमिकता, सार्वजनिक अस्पतालमा २४ घण्टे प्रसूती सेवा, नियमित स्वास्थ्य परीक्षण र प्रसूती भत्ताको व्यवस्था, गाविसहरूमा महिला स्वास्थ्य स्वयंसेवक कोषको व्यवस्था, महिला स्वास्थ्य स्वयं सेविकाहरूको सेवाको कदर गरी एकमुष्ट रू. तीन हजार भत्ता प्रदान, ६० वर्ष नाघेका एकल विधवालाई रू. पाँच सय मासिक भत्ता व्यवस्था, यौनजन्य र घरेलु हिंसा विरुद्धको राष्ट्रिय अभियान सञ्चालन, हिंसा पीडितलाई शिविरमा राख्ने तथा हटलाइनको व्यवस्था, सबै गाउँ विकास समिति ढाक्ने गरी महिला विकास कार्यक्रम सञ्चालन गर्ने आवश्यकतावोध एवम् वादी महिलाको लागि आवास व्यवस्था र द्वन्द्व पीडित र एकल महिलाका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

७.१० विपन्न तथा पिछडिएका वर्गमा विद्यमान गरिबी निवारण र युवा परिचालन गर्ने उद्देश्यले ७२ जिल्लामा जिल्ला विकास समितिमार्फत राष्ट्रिय विकास स्वयंसेवक सेवा (National Development Volunteer Services - NDVS) कार्यक्रम सञ्चालन गरिएको छ । यसबाट दलित, गरिब, आदिवासी र सामाजिकरूपमा वञ्चित समुदायमा शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास तथा सामाजिक परिचालन कार्यको लागि करिब १ हजार ७ सय ५० स्वयंसेवकहरू सहजकर्ताका रूपमा उपलब्ध गराइएका छन् । आय आर्जन तथा गरिबी न्यूनीकरणमा स्थानीय निकाय, समुदाय समेतको सहभागितामा कार्यक्रम सञ्चालन भइरहेका छन् । यसले नमूना गाउँ विकास समिति कार्यक्रमका अतिरिक्त समूह निर्माण, वीउ पुँजी तथा वचत परिचालन, सुलभ शौचालय तथा धारा निर्माण, सीपमूलक तालीम, साक्षरता कक्षा सहयोग जस्ता कार्य गर्दै आएको छ । लामो समयदेखि दुर्गम जिल्लामा क्रियाशील रहने स्वयंसेवकहरूको छनौट हुन नसकेकोमा चालु आर्थिक वर्षमा नयाँ स्वयंसेवक एवं सहजकर्ता छनौट गरिएकोले स्थानीय निकायहरूको सामुदायिक विकास र गरिबी न्यूनीकरण कार्यक्रम सञ्चालनमा सहजता आउने देखिन्छ ।

७.११ नेपालको अन्तरिम संविधान, २०६३ ले खाद्य सम्प्रभुताको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । खाद्यान्नको उत्पादन, उपलब्धता, पहुँच र स्थिरतालाई आयामका रूपमा स्वीकारी खाद्य सुरक्षा नीति, रणनीति र कार्यक्रमलाई अन्तर-सम्बन्धित मामिलाका रूपमा अन्तरिम योजनाले सम्बोधन गरेको छ । निरन्तरको जनसंख्या वृद्धि, कृषि उत्पादन र उत्पादकत्वको न्यून दर, जीवनयापनको समस्या, पोषिला खाद्य वस्तुको अभाव, दैवीप्रकोप, मौसमी प्रतिकूलता, गरिबी, अशिक्षा र जागरणको कमजोर अवस्था, आपूर्ति, टेवा र सेवाको कमजोरी जस्ता कारणहरुले नेपालमा खाद्य तथा पोषण सुरक्षाको सवाल टड्कारोरूपमा रहेको छ ।

७.१२ स्थानीय विकास, कृषि, आपूर्ति, स्वास्थ्य, शिक्षा मन्त्रालयहरू तथा विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरू (Non-Governmental Organizations –NGOs /International Non-Governmental Organizations - INGOs) र सामुदायिक संस्थाहरूबाट खाद्य सुरक्षासँग सम्बन्धित पक्षलाई संवोधन गर्ने गरी स्थानीयस्तरमा कार्यक्रमहरू सञ्चालन भएका छन् ।

समावेशी विकास तथा लक्षित कार्यक्रम

७.१३ सामाजिक तथा सांस्कृतिक, भौगोलिक एवम् आर्थिक कारणबाट विकासको मूलप्रवाहमा समाहित हुन नसकेका विभिन्न सामाजिक वर्ग, समुदाय तथा क्षेत्रहरूलाई लक्षित गरी तिनीहरूलाई गरिबी एवम् पछौटेपनबाट मुक्त गर्न सामाजिक समावेशीकरण उन्मुख कार्यक्रमहरू सञ्चालन गरिएका र यी कार्यक्रमहरूले महिला, दलित, जनजाति, मधेसी आदिवासी, अल्पसंख्यक, शारीरिकरुपले अलग क्षमता भएका एवम् पिछडिएको वर्ग, विकट क्षेत्रमा वसोवास गरेका जनसमूहका अतिरिक्त साना किसान तथा अति गरिब परिवारहरूलाई समेत लक्षित गरिएको छ ।

गरिबी अनुगमनसम्बन्धी कार्य

७.१४ दशौं योजनाको प्रारम्भदेखि नै आयोजना तथा कार्यक्रमको वित्तीय तथा भौतिक प्रगतिको समीक्षामा सीमित रहेको अनुगमन तथा मूल्याङ्कन व्यवस्थामा सुधार गरी केन्द्रस्तरमा गरिबी अनुगमन तथा विश्लेषण व्यवस्था (PMAS) को विकास एवं संस्थागत गर्ने कार्य सम्पन्न भएको छ। दशौं योजना भन्दा पहिलेका आवधिक योजनाहरूको मध्यावधि प्रगति विवरण मात्र प्रकाशन गर्ने प्रचलन रहेकोमा दशौं योजनाको सुरुवातदेखि गरिबी अनुगमन तथा विश्लेषण प्रणालीमा रहेका निश्चित सूचकहरू अन्तर्गत रही वार्षिक प्रगति विवरण प्रकाशन गर्ने क्रम सुरु भएको छ।

७.१५ तीनवर्षीय अन्तरिम योजना तर्जुमाकै क्रममा नीति तथा नतिजा तालिकालाई योजनाको अभिन्न अंग (Built in content) का रूपमा परिमार्जित स्वरुप (Refined Form) मा राखिएको र सोही अनुरूप गरिबी अनुगमन तथा विश्लेषण प्रणाली (Poverty Monitoring and Analysis System-PMAS) लाई परिमार्जन गरी प्रकाशित गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

७.१६ दशौं योजना अवधिमा जिल्ला गरिबी अनुगमन तथा विश्लेषण प्रणाली (District Poverty Monitoring and Analysis System-DPMAS) को मस्यौदा तयार र संस्थागत गर्ने कार्य प्रारम्भ भएको र तीन वर्षीय अन्तरिम योजनामा यस प्रणालीलाई केन्द्रबाट क्षमता विकासमा समेत आवश्यक सहयोग पुऱ्याई संस्थागत गरिने प्रतिबद्धता रहे अनुरूप चालु आर्थिक वर्षमा यसमा समयसापेक्ष सुधार गरी थप परिसूचक समेत समाविष्ट गरिएको software लाई अद्यावधिक गर्ने कार्य समाप्त भएको छ र १५ वटा जिल्लामा नमूना आधार (pilot basis) मा software जडान, प्रशिक्षण र आन्तरिकीकरणको कार्य जारी रहेको छ।

७.१७ एसियाली विकास बैंक (Asian Development Bank) को प्राविधिक सहयोगमा नतिजामूलक विकासका लागि व्यवस्थापन (Management for Development Results-MfDR) नामक आयोजना अन्तर्गत केन्द्रमा राष्ट्रिय योजना आयोग, भौतिक योजना तथा निर्माण मन्त्रालय, स्थानीय विकास मन्त्रालय र शिक्षा मन्त्रालयका नतिजा सम्बन्धी रुपरेखा तथा नतिजा व्यवस्थापन सम्बन्धी निर्देशिकाहरू तयार गर्नुका साथै जिल्लास्तरमा जिल्ला गरिबी अनुगमन तथा विश्लेषण प्रणालीलाई संस्थागत गर्ने क्रममा चार वटा जिल्लाहरू क्रमशः जुम्ला, दाङ्ग, धनुषा र झापामा स्थिति अध्ययन गरी DPMAS को Software निर्माण र सोको प्रयोग सम्बन्धी तालीम समेत प्रदान गरिएको थियो। यसै क्रममा चालु आर्थिक वर्षबाट सुरु भएको MfDR Project अन्तर्गत सात वटा निकायमा MfDR approaches लागु तथा सुदृढ गर्ने कार्य जारी रहेको छ। सो मध्ये यातायात व्यवस्था विभाग र महानगरीय ट्राफिक प्रहरी महाशाखामा नतिजामा आधारित वजेट व्यवस्था (Result Based Budget) लागु गर्न आवश्यक कार्य जारी रहेको छ।

७.१८ चालु अन्तरिम योजनाले अनुगमन तथा विश्लेषणमा सेवाग्राहीको सहभागिता र उनीहरूको धारणालाई अभिमत गर्ने माध्यमका रूपमा सहभागितामूलक अनुगमन

व्यवस्था (Participatory Monitoring Mechanism) लाई संस्थागत गर्ने प्रतिबद्धता जनाए अनुरूप PPIS लाई अद्यावधिक र पुनः सञ्चालनको तयारी तथा विभिन्न निर्देशिका तर्जुमा कार्य चालु रहेका छन् । विगत वर्षहरूमा क्रियाशील नरहेका राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालयस्तरका विकास समस्या समाधान समितिहरूलाई पुनः क्रियाशील तुल्याई वैठकहरू सञ्चालन भएका छन् । आगामी आर्थिक वर्षदेखि विभिन्न निकाय र तहबाट हुने अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउन नतिजामूलक अनुगमन तथा मूल्याङ्कन निर्देशिका लागु गरी कार्यान्वयन गरिनेछ ।

७.१९ नेपाल जीवनस्तर मापन सर्भेक्षण (Nepal Living Standard Survey-NLSS) र नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण (Nepal Demographic and Health Survey-NDHS) समेत दुईवटा सर्भेक्षण कार्य सम्पन्न भएका र यी सर्भेक्षणले देखाएको नतिजा अनुसार आयमूलक तथा मानवीय दुवै गरिबीको स्थितिमा केही सुधार आएको देखिएको छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण, २००१ र नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण, २००६ का केही तथ्याङ्कहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

तालिका ७(ख) : नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणका केही परिसूचकहरूको तुलनात्मक विवरण

क्र.स.	जनसांख्यिक परिसूचकहरू	2001	2006
1.	कुल प्रजनन् दर	4.1	3.1
2.	कोरा जन्म दर (प्रति हजारमा)	33.5	28.4
3.	परिवार नियोजनका साधनको प्रयोग दर (सबै तरिका, प्रतिशत)	39.3	48.0
4.	परिवार नियोजनका साधनको प्रयोग दर (आधुनिक तरिका, प्रतिशत)	35.4	44.2
5.	शिशु मृत्यु दर (प्रति हजारमा)	64.0	51.0
6.	बाल मृत्यु दर (प्रति हजारमा)	29.0	15.0
7.	पाँच वर्ष मुनिका बालबालिकाको मृत्यु दर (प्रति हजारमा)	91.0	65.0

स्रोत : राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क विभाग ।

गरिबी निवारण कोष

७.२० गरिबी निवारण कोष ऐन, २०६३ बमोजिम स्वायत्त संस्थाको रूपमा गरिबी निवारण कोष सञ्चालित छ । नेपाल सरकारको गरिबी न्यूनीकरण रणनीति (PRSP) र तीन-वर्षीय अन्तरिम योजनामा उल्लेखित समावेशी विकास र लक्षित कार्यक्रमलाई प्रत्यक्ष सहयोग पुऱ्याउने एवम् गरिबीको रेखामुनी रहेका जनसंख्याको समूहलाई लक्षित गरी सञ्चालन गरिने कार्यक्रममा मद्दत पुऱ्याउने कोषको उद्देश्य रहेको छ । कोषले समुदायस्तरमा लाभान्वित वर्ग समेतको सहभागितामा मागमा आधारित गरिबी निवारण सम्बन्धी कार्यलाई टेवा पुऱ्याएको छ ।

७.२१ कोषले गरिब लक्षित कार्यक्रम (अन्तोदय), सामाजिक समावेशीकरण, पारदर्शिता, मागमुखी कार्यक्रम र सोझै समुदायमा कोष प्रवाह गरी पाँचवटा निर्देशित

सिद्धान्तअनुरूप समाजका अति गरिब तथा पिछडिएका वर्गको सक्रिय सहभागितामा समुदायको मागमा आधारित कार्यक्रम सञ्चालन गर्दै आएको छ। गरिब समुदाय स्वयमलाई पूर्णरुपले सहभागी गराई समुदायको परियोजना (कार्यक्रम) उनीहरूबाट नै कार्यान्वयन गराउन तिनै समुदायको प्रतिनिधित्व रहने गरी सामुदायिक संस्थाको गठनका साथै तिनीहरूको संस्थागत विकास गरी कार्यक्रमहरू सञ्चालन गर्ने गर्दछ।

७.२२ कोषले सामाजिक परिचालन, आयमूलक कार्यक्रम, सामुदायिक पूर्वाधार विकास कार्यक्रम, क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रममा र नवीनतम सोचमा आधारित सिर्जनशील तथा सामुदायिक लघु परियोजना (Micro Project) मार्फत गरिबी न्यूनीकरणको प्रयास गर्दै आएको छ। गरिबीको कुचक्र (Vicious circle of poverty) द्वारा आक्रान्त जनतालाई द्वन्द्वकालमा पनि सेवा पुऱ्याउदै अवसरको चक्र (virtuous cycle of opportunities) मा परिणत गर्ने कोषको प्रयत्न सकारात्मक रहेको थियो। कोषले स्थानीय प्रयत्न र दुर्गम क्षेत्रलाई मूलप्रवाहीकरण गर्ने बाटोमा अग्रसर हुनेलाई सघाउने थुप्रै नमूना लायकका (showcase like) कार्यसम्पन्न गरेको छ।

७.२३ कोषका उपरोक्त कार्यहरूको लागि समुदायलाई आवश्यक पर्ने सहयोग प्रदान गर्न सहयोगी संस्थाको रूपमा स्थानीय निकायहरू, गैरसरकारी संस्था, सामुदायिक संस्था तथा निजी संस्थासँग सहकार्य गर्ने गरिएको छ। गरिबी निवारण कोष दोश्रो आयोजनाको लागि अन्तर्राष्ट्रिय विकास संस्थाको १० करोड यु.एस. डलर, आइफाडको ५० लाख यु.एस.डलर र नेपाल सरकारको म्याचिङ्ग फण्ड अनुदान सहयोगबाट कार्यक्रमहरू सञ्चालन भइरहेका छन्।

७.२४ समुदायलाई सहयोगको लागि ३ सय ९२ वटा सहयोगी संस्थाहरूसँग सम्झौता भई सामाजिक परिचालन, समुदायको संस्थागत विकास, समुदायको परियोजना तयार पार्ने लगायतका कार्यक्रमहरुको कार्यान्वयनमा सहजीकरण गर्ने काम भइरहेको छ। कार्यक्रम सञ्चालनका लागि थप गरिएका १५ जिल्लामा सहयोगी संस्था छनौटको कार्य सम्पन्न भई सहभागी हुने गाउँ विकास समिति र समुदायको छनौट गरी सामाजिक परिचालन लगायतका कार्यक्रमहरु सुरु भइसकेका छन्। यी सहयोगी संस्थाहरूले सामाजिक परिचालन, क्षमता विकास तथा सीप विकास तालीम, सामुदायिक संस्थाको संस्थागत विकास, सामुदायिक परियोजना तर्जुमा तथा कार्यान्वयन गर्न सामुदायिक संस्थालाई आवश्यक प्राविधिक सहयोग र सहजीकरण गरी मद्दत पुऱ्याउनुको साथै समुदाय र कोषबीचको सम्पर्क र संचारमा सहयोगीको रूपमा काम गर्दछन।

७.२५ आर्थिक वर्ष २०६५/६६ मा लक्षित समुदायबाट ४ हजार ४८ वटा सामुदायिक परियोजनाहरूमा रू. १ अर्व ९७ करोड ७४ लाख ९० हजार अनुदान उपलब्ध गराउने लक्ष्य रहेकोमा उक्त अवधिमा लक्षित समुदायका आयमूलक र सामुदायिक पुर्वाधार विकासका ३ हजार ३ सय २२ परियोजना कार्यान्वयनका लागि सामुदायिक संस्थाहरूसँग सम्झौता गरी कोषबाट १ अर्व २६ करोड ८ लाख ९६ हजार अनुदान सहयोग प्रदान गरिएको छ। कार्यक्रम सञ्चालनका लागि सहयोगी संस्थालाई रू. २६ करोड ८३ लाख ६७ हजार प्रदान गरिएको छ। त्रिभुवन विश्वविद्यालयद्वारा गरिबी

निवारण कोष कार्यक्रम सम्बन्धी आधारभूत तथा प्रभाव सर्भेक्षण गरेकोमा घरधुरीको प्रतिव्यक्ति उपभोगमा २३ प्रतिशतले वृद्धि भएको र दुई वर्षमा ती समुदायहरूको आय तथा उपभोग दुवै गरी १९.० प्रतिशतले वृद्धि भएको देखिएको छ ।

७.२६ आर्थिक वर्ष २०६६/६७ मा सामुदायिक संस्थाका कुल ३ हजार ९ सय २३ सामुदायिक परियोजनालाई रू. १ अर्व ८६ करोड १० लाख ४६ हजार अनुदान उपलब्ध गराउने लक्ष रहेकोमा आर्थिक वर्ष २०६६/६७ को पहिलो आठ महिनामा लक्षित समुदायमा आयमूलक र सामुदायिक पूर्वाधार विकास गरी कुल २ हजार ५ सय १५ परियोजना कार्यान्वयनका लागि सामुदायिक संस्थाहरूसँग सम्झौता समेत भइसकेको छ ।

७.२७ आयोजनाको सुरुदेखि २०६६ फागुन मसान्तसम्ममा ४९ जिल्लाका ८ सय ३० गाउँ विकास समितिहरूमा १२ हजार ६ सय १३ सामुदायिक संस्थाहरूबाट कार्यक्रम कार्यान्वयन भइरहेको छ र हालसम्ममा ४ लाख ८४ हजार २ सय १२ लक्षित घरधुरी लाभान्वित भइसकेका छन् । कोषको कार्यक्रमबाट लाभान्वित कुल घरपरिवारहरुमध्ये २८.१ प्रतिशत दलित र २७.० प्रतिशत जनजाति छन् । त्यस्तै, सामुदायिक संस्थामा आवद्ध सदस्यहरूमा ७२.७ प्रतिशत महिला रहनुले सामाजिक वञ्चितीकरणमा परेका जनसंख्या प्रति कोष प्रतिवद्ध रहेको साथै तीन-वर्षीय अन्तरिम योजनामा उल्लेख भएअनुसारको लक्षित कार्यक्रमको उद्देश्य अनुरूप सोझै गरिब तथा पिछडिएका समुदायसम्म पुग्ने सार्थक प्रयास गरिएको छ । कोषद्वारा कार्यक्रम सुरु भएदेखि समीक्षा अवधिको प्रथम आठ महिनासम्ममा सामुदायिक संस्थाहरुलाई गएको अनुदानको विवरण तपसिल बमोजिम रहेको छ :

तालिका ७(ग) : गरिबी निवारण कोषबाट सामुदायीक सस्थाहरुलाई गएको अनुदान विवरण

क.श.	आ. ब.	खर्च रकम (रु. हजारमा)					
		आयआर्जन कार्यक्रम	साना पूर्वाधार विकास कार्यक्रम	नबिनतम कार्यक्रम	जम्मा		
					जम्मा	बिश्व बैंक अनुदान	नेपाल सरकार अनुदान
१	२०६१/६२	१३२६१२	६४११०	३३९५	२००११७	१८३६३८	१६४७९
२	२०६२/६३	१५५०८४	९०७३०	१३८०७०	३८३८८३	३१७५९७	६६२८६
३	२०६३/६४	४०४३३१	७६४४५	४९९११४	९७९८८९	९७९८८९	०
४	२०६४/६५	१२७४५७२	२३०६५१	४६४५२	१५५१६७४	१५५१६७४	०
५	२०६५/६६	९७१४५८	२६१७९९	२७६३९	१२६०८९६	१२६०८९६	०
जम्मा :		**२९३८०५७**	**७२३७३४**	**७१४६६९**	**४३७६४६०**	**४२९३६९५**	**८२७६५**
६	२०६६/६७*	६५७७३७	२०१४२३	१११७९	८७०९३८	८७०९३८	०
कुल जम्मा :		**३५९५७९४**	**९२५१५६**	**७२६४४८**	**५२४७३९८**	**५१६४६३३**	**८२७६५**

* प्रथम आठ महिनाको

स्रोत: गरिबी निवारण कोष ।

रोजगारी

७.२८ वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्दै सो व्यवसायलाई सुरक्षित, व्यवस्थित, मर्यादित बनाई वैदेशिक रोजगारीमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहित संरक्षण गर्नको लागि वैदेशिक रोजगार सम्बन्धी ऐन, २०६४ जारी भई हाल कार्यान्वयनमा आइसकेको छ। निजी क्षेत्रसँगको सहकार्यमा वैदेशिक रोजगारीमा हुने गरेको ठगीलाई कडाईका साथ नियन्त्रण गर्ने, विदेशस्थित नेपाली नियोगहरुसँग समन्वय गरी सम्झौतानुसार काम र पारिश्रमिक पाए नपाएको कुराको अनुगमन गरी सम्झौताको कार्यान्वयन सुनिश्चित गर्ने, कामको लागि विदेश गई अलपत्र परेर फर्किने व्यक्तिलाई सम्बन्धित रोजगारदाता एजेन्सीबाट क्षतिपूर्ति उपलब्ध गराउने, वैदेशिक रोजगारमा जानु अघि अनिवार्यरूपमा अभिमुखिकरण तालीम दिनुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गर्ने तथा वैदेशिक रोजगारमा जाने र फर्केका श्रमिकहरूलाई अन्तराष्ट्रिय विमानस्थलमा सहजीकरणको व्यवस्था गर्ने नीतिहरू वैदेशिक रोजगार विभागले अपनाएको छ।

७.२९ वैदेशिक रोजगार विभागबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०६४/६५ सम्ममा १२ लाख २७ हजार १ सय ६६, आर्थिक वर्ष २०६५/०६६ मा २ लाख १९ हजार ९ सय ६५ र चालु आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्ममा १ लाख ७३ हजार २ सय ३९ जना गरी जम्मा १६ लाख २० हजार ३ सय ७० नेपाली कामदारहरू वैदेशिक रोजगारको लागि विभिन्न मुलुकहरुमा गएका छन्। यस अतिरिक्त खुला सीमानाको कारण भारतीय भूमी हुदै अनधिकृतरूपमा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या कति छ भन्ने एकिन तथ्याकं उपलब्ध हुन नसकेपनि त्यस्तो संख्या ठूलै रहेको अनुमान छ। श्रम स्वीकृति नलिई वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूको संख्या स्वीकृति लिएर जाने संख्याकै हाराहारीमा रहेको अनुमान छ। वैदेशिक रोजगार ऐन, २०६४ मा व्यवस्था भएअनुसार वैदेशिक रोजगार सम्बन्धी काम गर्न श्रम तथा यातायात व्यवस्था मन्त्रालयको मातहतमा २०६५ साल पुस १६ देखि छुट्टै वैदेशिक रोजगार विभागको स्थापना भई कार्यसञ्चालन हुँदै आएको छ। रोजगार अनुमती प्रणालीअन्तर्गत दक्षिण कोरियामा नेपाली कामदार पठाउन रोजगार अनुमती प्रणाली (Employment Permit System) कोरिया शाखा गठन गरी कार्य सञ्चालन भइरहेको छ। आर्थिक वर्ष २०६६/६७ देखि औद्योगिक प्रशिक्षार्थी तथा अभ्यासार्थी कामदार Japan International Trading Cooperation Organization-JITCO अन्तर्गत जापानमा पठाउन JITCO Unit समेत गठन गरिएको छ।

७.३० रोजगारी र गरिबी निवारण सम्बन्धमा अध्ययन गर्ने नेपाल श्रम शक्ति सर्वेक्षण, २००८ (NLFS) को नतिजा सार्वजनिक भएको छ। UNDP र ILO को आर्थिक तथा प्राविधिक सहयोगमा देशभरका १६ हजार घर परिवारलाई नमूनाको रुपमा लिई हप्तामा कम्तिमा एक घण्टा काम गर्नेलाई रोजगार र १५ वर्ष वा सो भन्दा माथिकालाई उमेर पुगेको श्रम शक्ति मानी सर्भेक्षण गरिएको थियो। सर्वेक्षणले श्रम शक्ति सहभागिता दर (Labor Force Participation Rate) ८३.४ प्रतिशत, रोजगारी दर ९७.९ प्रतिशत

रहेको अर्थात ८३.० प्रतिशत जनसंख्या आर्थिक हिसावले सक्रिय रहेको र १७.० प्रतिशत जनसंख्या निष्क्रिय रहेको, २.१ प्रतिशत वेरोजगार रहेको, वार्षिक रोजगारी वृद्धिदर २.४५ प्रतिशत रहेको जनाएको छ। प्रथम श्रम शक्ति सर्वेक्षण (२०५५/५६) को भन्दा यो सहभागिता दर घट्दो देखिएकाले निर्भर जनसंख्या अनुपात वढ्दै गएको र सक्रिय जनसंख्याको दायित्व र जिम्मेवारी वढ्दो क्रममा रहेको देखाउँछ। त्यस्तै, रोजगार व्यक्तिमध्ये १६.९ प्रतिशत औपचारिक क्षेत्रमा तलवी/ ज्यालादारी कार्यक्रममा संलग्न भएको र ८३.१ प्रतिशत व्यक्ति भने स्वरोजगार पेशामा निर्भर रहेको जनाउंछ। १५ वर्ष वा सो भन्दा माथिका रोजगारमध्ये कृषि क्षेत्रमा ७३.९ प्रतिशत र गैर-कृषि क्षेत्रमा २६.१ प्रतिशत रोजगार रहेको देखाएको छ। पूर्ण रोजगारको संख्या ६६.८ प्रतिशत रहेको देखिन्छ। श्रम अल्प उपयोग दर ३०.० प्रतिशत रहेको, ज्यालादरमा महिला पुरुष विभेद विद्यमान नै रहेको समेत देखिन्छ। उक्त सर्भेक्षणको नतिजा निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ७(घ) : नेपाल श्रम शक्ति सर्भेक्षण, २००८ को नतिजा विवरण

क्र.सं.	विवरण	प्रतिशत
1.	श्रम शक्ति सहभागिता दर	83.4
2.	आर्थिक हिसाबले सक्रिय रहेका जनसंख्या दर	83.0
3.	निष्क्रिय जनसंख्या दर	17.0
4.	रोजगार दर	97.9
5.	बेरोजगारी दर	2.1
6.	रोजगारी वृद्धि दर	2.45
7.	औपचारिक क्षेत्रमा रोजगार जनसंख्या	16.9
8.	स्वरोजगार पेशामा संलग्न जनसंख्या	83.1
9.	कृषि क्षेत्रमा संलग्न जनसंख्या	73.9
10.	गैरकृषि क्षेत्रमा संलग्न जनसंख्या	26.1
11.	पूर्ण रोजगार जनसंख्या	66.8
12.	श्रम अल्प उपयोग दर	30.0

स्रोत : नेपाल श्रम शक्ति सर्भेक्षण, २००८, केन्द्रीय तथ्याङ्क विभाग।

७.३१ आर्थिक वर्ष २०६६/६७ मा २ लाख ५४ हजार १ सय कामदार वैदेशिक रोजगारमा पठाउने लक्ष्य रहेकोमा प्रथम आठ महिनामा १ लाख ७३ हजार २ सय ३९ नेपाली कामदार वैदेशिक रोजगारको लागि विभिन्न मुलुकहरुमा गएको देखिन्छ। वैदेशिक रोजगारमा गएका कामदारहरूको हालसम्मको संख्या र देशगतस्थिति विवरण निम्नानुसार रहेको छ।

तालिका ७(ङ) : देशगत वैदेशिक रोजगारीको स्थिति

सि.नं.	मुलुक/क्षेत्र	आर्थिक वर्ष २०६४/६५ सम्मको कुल संख्या	आर्थिक वर्ष २०६५/६६ को कुल संख्या	आर्थिक वर्ष २०६६/६७ प्रथम आठ महिनाको संख्या	कुल संख्या
१	मलेसिया	४२९२४०	३५०७०	५४८३५	५१९१४५
२	कतार	३५१५३६	७६१७५	३७५७८	४६५२८९
३	साउदी अरब	२३२८६३	४८७४९	३९४५१	३२१०६३
४	यू.ए.ई.	१५१२८३	३१६८८	२२५६६	२०५५३७
५	कुवेत	१३९०६	२२९१	६१७९	२२३७६
६	बहराईन	११६८२	६३६०	२८९२	२०९३४
७	दक्षिणा कोरिया इ.पि.एस. समेत	६५८७	२८८८	९८६	१०४६१
८	ओमन	३९७०	४२४७	२२३९	१०४५६
९	हङ्गकङ्ग	३९०३	६५	८२	४०५०
१०	अन्य मुलुकहरू	२२१९६	१२४३२	६४३१	४१०५९
	रजम्मा :	१२२७१६६	२१९९६५	१७३२३९	१६२०३७०

स्रोत: वैदेशिक रोजगार विभाग ।

७.३२ वैदेशिक रोजगारीमा जाने प्रवृत्ति हेर्दा सबैभन्दा बढी मलेशियामा ५ लाख १९ हजार १ सय ४५ (३२.०४ प्रतिशत), कतारमा ४ लाख ६५ हजार २ सय ८९ (२८.७१ प्रतिशत), साउदी अरेवियामा ३ लाख २१ हजार ६३ (१९.८१ प्रतिशत) रहेका छन् । त्यसैगरी, संयुक्त अरव एमिरेट्स (यू.ए.ई.) मा २ लाख ५ हजार ५ सय ३७ (१२.६८ प्रतिशत), कुवेतमा २२ हजार ३ सय ७६ (१.३८ प्रतिशत),



बहराइनमा २० हजार ९ सय ३४ (१.२९ प्रतिशत), दक्षिण कोरिया (इ.पि.एस. समेत) मा १० हजार ४ सय ६१ (०.६२ प्रतिशत), ओमनमा १० सय ४ सय ५६ (०.६५ प्रतिशत), हङ्गकङ्गमा ४ हजार ५० (०.२५ प्रतिशत) र अन्य मुलुकहरूमा ४१ हजार ५९ (२.५३ प्रतिशत) कामको लागि गएको देखिन्छ ।

यथार्थ ज्यालादर सूचकांक

७.३३ ज्यालादर सूचकाङ्कमा भएको वृद्धिदर उपभोक्ता मुद्रास्फीति दर भन्दा माथि रहेबाट यथार्थ ज्यालादर सूचकाङ्क घनात्मक रहेको छ। आर्थिक वर्ष २०६५/६६ र २०६६/६७ को पहिलो आठ महिनामा उपभोक्ता मुद्रास्फीति दर क्रमशः १३.१ प्रतिशत र ११.२ प्रतिशतले बढेकोमा उक्त अवधिहरूमा ज्यालादर सूचकाङ्क क्रमशः २०.१ प्रतिशत र १३.६ प्रतिशतले बढेको छ। मुद्रास्फीति दर उच्च हुँदै जाँदा यस्तो यथार्थ ज्यालादर सूचकाङ्क कम हुनु स्वभाविक नै भएतापनि यथार्थ ज्यालादर सूचकाङ्क घनात्मक हुँदा श्रमिकको आम्दानीस्तर बढ्न गई गरिबी घटाउन मद्दत पुगेको देखिन्छ। राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्कमा ७३.० प्रतिशत भार ज्यालादर सूचकाङ्कको रहेको र यसमा करिब ४०.० प्रतिशत भार ओगटेको कृषि मजदुर वर्गको यथार्थ ज्यालादर सूचकाङ्क उच्च रहेबाट खासगरी कृषि श्रमिकको आम्दानीस्तर बढ्न गई गरिबी घट्न सघाउ पुगेको छ।

रोजगार सूचना

७.३४ श्रम विभाग अन्तर्गतका १० वटा श्रम कार्यालय तथा १४ वटा रोजगार सूचना केन्द्रहरूमार्फत आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्ममा १८ हजार भन्दा बढी बेरोजगारहरूको लगत संकलन गरिएको छ।

८. कृषि, उद्योग र पर्यटन

कृषि

८.१ मुलुकको अर्थतन्त्रमा कृषि क्षेत्रले खेल्ने गरेको भूमिका, ग्रामीणस्तरमा यसबाट प्राप्त हुने रोजगारीको अवसर, मुलुकलाई समष्टिगतरुपमा प्राप्त हुने खाद्य सुरक्षा र कृषि व्यावसायिकरणको प्रतिक्षामा रहेको मुलुकको वर्तमान अवस्था दृष्टिगत गर्दा कृषि क्षेत्रको विकास आजको अपरिहार्य आवश्यकता बनेको छ। कृषि क्षेत्रको विकास नै दिगो आर्थिक विकास र बहुसंख्यक नेपालीको आय तथा रोजगारीको आधारस्तम्भ भएकाले उपलब्ध स्रोत र साधनको आधारमा विगतका आवधिक योजनाहरूदेखि नै यस क्षेत्रलाई उच्च प्राथमिकता दिदै आइएको हो। आर्थिक वर्ष २०६६/६७ को कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा वन क्षेत्रको ३३.० प्रतिशत योगदान रहने प्रारम्भिक अनुमान छ। यस क्षेत्रको विकासका लागि समयानूकुल नीति तर्जुमा गरी यसको कार्यान्वयन पक्षमा विशेष ध्यान दिदै आइएको छ।

मन्जुषा ८(क) : कृषि क्षेत्रका मुख्य गतिविधिहरू

१. **एक गाउँ एक उत्पादन कार्यक्रम (One Village, One Production Program)** : सार्वजनिक-निजी साझेदारीको अवधारणामा सञ्चालित एक गाउँ एक उत्पादन कार्यक्रमले सञ्चालनको चौथो वर्षमा आइपुग्दासम्म उत्साहजनक प्रगति हासिल गरेको छ। यस कार्यक्रम अन्तर्गत रामेछाप र सिन्धुली, नुवाकोट र रसुवा, वर्दिया र सिराहा तथा भक्तपुर जिल्लाहरूमा क्रमशः जुनार, रेन्बो ट्राउट माछा, बेल र लप्सी उत्पादनका कार्यक्रम र कास्कीको लेखनाथमा कृषि-पर्यटन (Agro-Tourism) कार्यक्रम सञ्चालनमा छन्। त्यस्तै, ललितपुरमा सिम्बिडियन अर्किड, स्याङ्जामा कफी र दोलखामा लोक्ता (नेपाली कागज) सम्बन्धी कार्यक्रम सञ्चालनमा आएका छन्।

२. **बर्ड फ्लु तथा पशुजन्य रोग नियन्त्रण:** बर्ड फ्लु तथा अन्य ट्रान्स वाउण्ड्री तथा पशुजन्यरोगहरू रोकथाम/नियन्त्रण गर्न इन्फ्लुएन्जा नियन्त्रण आयोजना सञ्चालनमा छ। यस अन्तर्गत ग्रामीण कुखुरा सर्भिलेन्स २ हजार ६ सय ५७ पटक, व्यावसायिक कुखुरा सर्भिलेन्स ४ हजार ६ सय ७१ पटक र पि.पि.आर. भ्याक्सिन २,१६७.८५ हजार डोज प्रयोग भएको छ।

३. **गाउँ शहरमा सहकारी, घर घरमा रोजगारी** : सहकारी खेती निर्देशिका, २०६५ जारी भई यस अन्तर्गत बनेको कार्यविधिको आधारमा कृषितर्फ ३८ जिल्ला र पशु सेवातर्फ १४ जिल्लामा "गाउँ शहरमा सहकारी, घरघरमा भकारी" भन्ने नाराका साथ सहकारी खेती कार्यक्रम सञ्चालन भएको छ। यी जिल्लाहरूमा ५१ वटा सहकारीमा आधारित साना सिंचाई स्किम छनौट भई २५ वटामा कार्य सुरु भई दुई वटा स्किमको कार्यसम्पन्न भएको छ भने २६ वटा सहकारी खेती कार्यक्रम छनौट भई १० वटामा कार्यारम्भ भएको छ। १४ जिल्ला (सप्तरी, बाँके, बर्दिया, दाङ्ग, कैलाली, झापा, मोरङ्ग, उदयपुर, सर्लाही, दोलखा, स्याङ्जा, रसुवा, रामेछाप र सिन्धुपाल्चोक)

मा सहकारीमा आधारित बंगुर तथा कुखुरापालन कार्यक्रम सञ्चालन भएको छ ।

४. **सुपथ मूल्य सहकारी पसल** : सुपथ मूल्यका सहकारी पसल सञ्चालन सम्बन्धी नियमावली, २०६५ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएअनुरूप गत आर्थिक वर्षमा ३ हजार २ सय ६३ सहकारी सुपथ मूल्यका पसलहरूलाई रू. एक लाखका दरले अनुदान उपलब्ध गराइएकोमा करिब २ हजार ४ सय वटा पसलहरू सञ्चालनमा आएका छन् ।

स्रोत : कृषि तथा सहकारी मन्त्रालय

उत्पादन स्थिति

८.२ प्रमुख खाद्यान्न वालीहरू (धान, गहुँ, मकै, कोदो, जौ) को कुल उत्पादन आर्थिक वर्ष २०६५/६६ मा अघिल्लो वर्षको तुलनामा ४६ हजार मेट्रिक टन अर्थात् ०.६ प्रतिशतले सीमान्त वृद्धि भई ८१ लाख १५ हजार मेट्रिक टन भएकोमा चालु आर्थिक वर्ष २०६६/६७ मा अघिल्लो वर्षको तुलनामा ३ लाख ५३ हजार मेट्रिक टन अर्थात् ४.३५ प्रतिशतले घट्न गई ७७ लाख ६२ हजार मेट्रिक टन पुग्ने प्रारम्भिक अनुमान छ । आर्थिक वर्ष २०६६/६७ मा खाद्यान्न वालीले ढाकेको क्षेत्रफल अघिल्लो आर्थिक वर्षको ३४ लाख १८ हजार हेक्टरबाट १.०२ प्रतिशतले कमी आई चालु आर्थिक वर्षमा ३३ लाख ८३ हजार हेक्टर रहन गई क्षेत्रफलमा कमी आएको, गहुँ र जौ को उत्पादनमा सामान्य वृद्धि भएको भएतापनि धान र मकैको उत्पादनमा उल्लेखनीय कमी आएकोले समग्र खाद्यान्न वालीको उत्पादनमा कमी आउने देखिएको छ ।

८.३ चालु आर्थिक वर्ष २०६६/६७ मा प्रमुख नगदेवालीहरू उखु, तेलहन, आलु र जुटको उत्पादनमा वृद्धि हुने अनुमान छ । नगदेवालीको उत्पादन गत वर्षको ४५ लाख ९० हजार मेट्रिक टनबाट १३.८ प्रतिशतले वृद्धि भई ५२ लाख २४ हजार मेट्रिक टन पुग्ने अनुमान छ । समीक्षा अवधिमा नगदेवाली लगाइएको कुल क्षेत्रफल समेत ११.३६ प्रतिशतले वृद्धि भई ४ लाख ५७ हजार हेक्टर पुग्ने अनुमान छ ।

८.४ आर्थिक वर्ष २०६५/६६ मा गत वर्षको तुलनामा दलहन वालीको उत्पादनमा कमी आएको भएतापनि चालु आर्थिक वर्ष २०६६/६७ मा कुल दलहन वाली (मुसुरो, मास, रहर, चना, भटमास, गहत, खेसरी र अन्य) को उत्पादन अघिल्लो वर्षको २ लाख ५५ हजार मेट्रिक टनबाट २.७४ प्रतिशतले वृद्धि भई २ लाख ६२ हजार मेट्रिक टन हुने अनुमान छ । त्यसैगरी फलफूलको उत्पादन समेत गत आर्थिक वर्षको ६ लाख ८६ हजार मेट्रिक टनबाट २.७६ प्रतिशतले वृद्धि भई ७ लाख ५ हजार मेट्रिक टन हुने अनुमान गरिएको छ । तरकारी वालीको उत्पादन गत वर्षको २७ लाख २३ हजार मेट्रिक टनबाट १०.२१ प्रतिशतले वृद्धि भई ३० लाख १ हजार मेट्रिक टन पुग्ने अनुमान गरिएको छ । नगदेबालीका रुपमा तरकारी खेती उत्पादनमा निरन्तर वृद्धि कायमै रहेको छ ।

८.५ आर्थिक वर्ष २०६५/६६ मा मुख्य कृषि वालीहरूको उत्पादनमा खाद्यान्न वालीको अंश ४९.६ प्रतिशत, नगदे वालीको अंश २८.१ प्रतिशत र अन्य वालीहरूको अंश २२.३

प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६६/६७ मा खाद्यान्न वालीको अंश ४५.८ प्रतिशत, नगदे वालीको अंश ३०.८ प्रतिशत र अन्य वालीहरूको अंश २३.४ प्रतिशत रहने अनुमान छ। समग्रमा नगदे तथा अन्य वालीले ढाकेको क्षेत्रफल अघिल्लो आर्थिक वर्षको तुलनामा बढेको भएतापनि खाद्यान्न वालीले ढाकेको क्षेत्रफलमा भने कमी आएको देखिन्छ।

८.६ कृषि तथा बन क्षेत्रमा अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६६/६७ मा गार्हस्थ्य उत्पादनको वृद्धिदर १.०५ प्रतिशत हुने प्रारम्भिक अनुमान छ। कृषि उत्पादन सूचकाङ्कको आधारमा आर्थिक वर्ष २०६५/६६ को तुलनामा आर्थिक वर्ष २०६६/६७ मा खाद्यान्न वालीको उत्पादन ५.८८ प्रतिशतले ह्रास आउने देखिएतापनि तरकारी ७.२ प्रतिशतले, फलफूल २२ प्रतिशतले, मासु २.६६ प्रतिशतले तथा दूध ४.०५ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान छ।

मुख्य खाद्यान्न वालीको उत्पादन स्थिति

८.७ **धानः** चालु आर्थिक वर्षमा धानको उत्पादन गत वर्षको तुलनामा करिब ११.० प्रतिशतले घट्न गई करिब ४५ लाख २४ हजार मेट्रिक टनबाट ४० लाख २४ हजार मेट्रिक टन मात्र हुने प्रारम्भिक अनुमान छ। धानवाली लगाइएको क्षेत्रफल गत आर्थिक वर्षको १५ लाख ५६ हजार हेक्टरबाट ४.७६ प्रतिशतले घटेर १४ लाख ८१ हजार हेक्टरमा सीमित रहने र उत्पादकत्वसमेत ६.५७ प्रतिशतले कमी आई २ हजार ७ सय १६ के.जी. प्रति हेक्टर पुग्ने अनुमान रहेको छ। धानको उत्पादन घट्नुको मुख्य कारण ढिलो सुरु भएको तथा कमजोर मनसुन वर्षा नै हो। बाढी पहिरो, नदी कटान, अल्प वृष्टि आदिले पनि धानको उत्पादनमा असर गरेको पाइएको छ।



८.८ **मकै** : धानपछिको दोस्रो प्रमुख खाद्यान्न वाली मकैको उत्पादन आर्थिक वर्ष २०६६/६७ मा गत वर्षको १९ लाख ३१ हजार मेट्रिक टनको तुलनामा ४.० प्रतिशतले कमी आई १८ लाख ५५ हजार मेट्रिक टन हुने अनुमान छ। यस वर्ष यसको क्षेत्रफल गत वर्षकै हाराहारीमा रहेको भएतापनि उत्पादकत्वमा भने करिब ४.० प्रतिशतले कमी आएकाले उत्पादन घट्न गएको हो। यस वर्ष मनसुन ढिलो सुरु हुनु र रोग लागेको कारण केही

जिल्लाहरूको मकै उत्पादनमा कमी आएतापनि बेमौसमी र वसन्ते मकैको क्षेत्रफल बढेकोले समग्र मकैको उत्पादनमा सामान्य कमी देखिएको हो ।

८.९ **गहुँ** : आर्थिक वर्ष २०६६/६७ मा गहुँको उत्पादन गत आर्थिक वर्षको १३ लाख ४४ हजार मेट्रिक टनको तुलनामा १६.० प्रतिशतले वृद्धि भई १५ लाख ५६ हजार मेट्रिक टन पुग्ने अनुमान गरिएको छ । गहुँ खेती गरिएको क्षेत्रफल गत वर्षको ७ लाख ६ हजार हेक्टरबाट ३.५ प्रतिशतले वृद्धि भई ७ लाख ३१ हजार हेक्टर रहेको अनुमान छ । समयसमयमा हिउँदे वर्षा एवम् हिमपात समेत भएकोले उत्पादकत्वमा १०.० प्रतिशतले वृद्धि भएको अनुमान छ । गहुँ खेतीको क्षेत्रफलमा वृद्धिका साथै उत्पादकत्वमा वृद्धि भएको कारणले समग्रमा गहुँको उत्पादन बढेको हो ।

८.१० **जौ** : आर्थिक वर्ष २०६५/६६ मा जौ वालीले ओगटेको क्षेत्रफल तथा उत्पादन समेत क्रमशः ३.० प्रतिशत र १९.० प्रतिशतले बढ्ने अनुमान छ । समीक्षा वर्षमा जौ खेती गरिएको कुल क्षेत्रफल २६ हजार ६ सय हेक्टर तथा उत्पादन २७ हजार ५ सय ८७ मेट्रिक टन रहने अनुमान छ । जौको उत्पादन बढ्नुमा हिउँदे वर्षा तथा हिमपात प्रमुख कारण रहेको देखिन्छ ।

८.११ **कोदो**: आर्थिक वर्ष २०६६/६७ मा कोदोको उत्पादन गत वर्षको २ लाख ९३ हजार मेट्रिक टनको तुलनामा २.४ प्रतिशतले वृद्धि भई ३ लाख मेट्रिक टन हुने अनुमान छ । कोदो खेती गरिएको क्षेत्रफलमा सामान्य वृद्धि भएतापनि उन्नत विउ, मल र प्रविधिको प्रयोग हुन नसक्दा उत्पादकत्व भने न्यून नै रहेको छ ।

नगदे वालीको उत्पादन स्थिति

८.१२ **उखु**: चालु आर्थिक वर्षमा उखु लगाइएको क्षेत्रफलमा गत आर्थिक वर्षको तुलनामा ५.० प्रतिशतले वृद्धि भई ६१ हजार हेक्टर पुगेको छ भने उत्पादनमा समेत १० प्रतिशतले वृद्धि भई २५ लाख ९२ हजार मेट्रिक टन पुग्ने अनुमान छ । विगतमा उखु विक्रीमा आएको समस्याले गर्दा कृषकहरू यस वालीबाट पलायन हुन लागेकोमा हालका दिनहरूमा उखुको उचित मूल्य प्राप्त गर्न थालेकाले कृषकहरू यस खेतीतर्फ आकर्षित हुन गएको एवम् यसको क्षेत्रफल, उत्पादन र उत्पादकत्वमा समेत सकारात्मक प्रभाव परेको देखिन्छ ।

८.१३ **तेलहन**: चालु आर्थिक वर्षमा तेलहन वाली (तोरी, सर्स्यूं, सूर्यमुखी आदि) को उत्पादन गतवर्ष भन्दा १० प्रतिशतले वृद्धि भई १ लाख ५० हजार मेट्रिक टन हुने अनुमान गरिएको छ । क्षेत्रफलमा समेत १०.० प्रतिशतले वृद्धि आई १ लाख ९९ हजार ५ सय हेक्टर पुग्ने प्रारम्भिक अनुमान छ । हालका वर्षहरूमा सूर्यमुखीको उत्पादनमा क्रमशः बढोत्तरी हुँदै आएकोले समग्रमा तेलहन वालीको उत्पादनमा वृद्धि हुने अनुमान छ ।

८.१४ **आलु**: चालु आर्थिक वर्षमा आलुको उत्पादन गत आर्थिक वर्षको २४ लाख २४ हजार मेट्रिक टनबाट करिब १.४ प्रतिशतले बढ्न गई २४ लाख ५९ हजार मेट्रिक टन हुने र खेती गरिएको क्षेत्रफल ०.३ प्रतिशतले सामान्य वृद्धि भई १ लाख ८२ हजार हेक्टर तथा उत्पादकत्व १३ हजार ४ सय ७२ के.जी. प्रति हेक्टर हुने अनुमान गरिएको छ ।

यस वर्ष वर्षे पकेट क्षेत्र भएका स्थानहरूमा डढुवा रोग लागेको कारण उत्पादनमा कमी आएको भएतापनि हिउँदे आलुको उत्पादन सन्तोषजनक भएकोले समग्रमा उत्पादन सामान्य वृद्धि हुने अनुमान छ ।

८.१५ **सुर्ती**: सुर्ती वालीको उत्पादनमा आर्थिक वर्ष २०६६/६७ मा ०.२४ प्रतिशतले ह्रास आई २ हजार ४ सय ९१ मेट्रिक टन हुने अनुमान छ । विगत वर्षहरूदेखि नै यसको खेती गरिएको क्षेत्रफल र उत्पादन घट्ने क्रम जारी नै रहेको देखिन्छ । यस वर्ष यसको क्षेत्रफलसमेत केही घट्न गई २ हजार ५ सय ३४ हेक्टर रहने अनुमान छ ।

८.१६ **जुट**: चालु आर्थिक वर्षमा झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा तथा उदयपुर गरी पूर्वाञ्चलका ६ वटा जिल्लाहरूमा खेती गरिने जुटवालीको क्षेत्रफल १२.० प्रतिशत, उत्पादन १९.० प्रतिशत तथा उत्पादकत्व ६.० प्रतिशतले बढ्न गई क्रमशः १३ हजार १ सय ३, २० हजार ९ सय ६५ मेट्रिक टन र १ हजार ६ सय के.जि. प्रति हेक्टर रहने अनुमान छ ।

८.१७ **दलहन**: यस आर्थिक वर्षमा कुल दलहन (मुसुरो, मास, रहर, चना, भटमास, गहत, खेसरी र अन्य) को उत्पादन अघिल्लो वर्षको तुलनामा ३.० प्रतिशतले वृद्धि भई २ लाख ६२ हजार मेट्रिक टन हुने अनुमान छ । खेती गरिएको क्षेत्रफलमा समेत सामान्य वृद्धि भई ३ लाख १९ हजार हेक्टर पुग्ने अनुमान छ । यस वर्ष हिउँदे वर्षा भएको कारण असिंचित क्षेत्रमा लगाइने मुसुरोको उत्पादन बढ्न गएको भएतापनि रहर, चना, केराउ आदिको उत्पादनमा कमी आउनाले समग्रमा दलहन वालीको उत्पादन थोरै मात्र बढ्न गएको हो । यस वर्ष मास, भटमास, सिमी, गहत आदि वर्षे दलहनको उत्पादन गत वर्षको तुलनामा बढ्न गएको छ ।

तालिका ८(क) : कृषि वालीको उत्पादकत्व

(के.जी./हेक्टर)

उत्पादनहरू	आर्थिक वर्ष	
	२०६५/६६	२०६६/६७*
खाद्यान्न वालीहरू	2374	2295
धान	2907	2716
मकै	2205	2119
गहुँ	1934	2129
कोदो	1101	1116
जौ	900	1037
दलहन वाली	815	821
बागबानी वाली		
आलु	13203	13472
तरकारी	12300	12902
फलफूल	10227	9978

* अनुमान

स्रोत : कृषि तथा सहकारी मन्त्रालय, कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्याङ्क महाशाखा ।

अन्य वालीहरूको उत्पादन स्थिति

८.१८ **फलफूल** : फलफूलको उत्पादन आर्थिक वर्ष २०६६/६७ मा गत वर्षको ६ लाख ८६ हजार मेट्रिक टनबाट ३.० प्रतिशतले वृद्धि भई ७ लाख ५ हजार मेट्रिक टन पुग्ने अनुमान छ। फलफूल खेती गरिएको क्षेत्रफल पनि ३.० प्रतिशतले वृद्धि भई ६८ हजार ७ सय ८५ बाट ७० हजार ६ सय ५३ हेक्टर पुग्ने अनुमान छ। स्याउ, सुन्तलाको उत्पादनमा खासै वृद्धि नभएतापनि व्यावसायिक केरा खेती बढ्दै गएको कारण यस वर्ष समग्रमा फलफूलको उत्पादन बढ्ने अनुमान छ।

८.१९ **तरकारी** : आर्थिक वर्ष २०६६/६७ मा तरकारी वालीको उत्पादन गत वर्षको २७ लाख ५४ हजारबाट ९.० प्रतिशतले वृद्धि भई ३० लाख मेट्रिक टन पुग्ने अनुमान छ। तरकारी वालीले ढाकेको क्षेत्रफल २ लाख ३२ हजार हेक्टर रहने अनुमान छ। नगदे वालीको रूपमा हालका दिनहरूमा बेमौसमी तरकारी खेती गर्ने प्रचलन बढेकोले यसको क्षेत्रफल तथा उत्पादन दुवैमा निरन्तर वृद्धि भएको पाइएको छ।

८.२० **मसला वाली** : आर्थिक वर्ष २०६६/६७ मा मसला वालीहरू मध्ये अदुवाको उत्पादन ६.५ प्रतिशत, लसुनको उत्पादन १६.० प्रतिशत, बेसारको उत्पादन १३.० प्रतिशत, अलैचीको उत्पादन १.० प्रतिशत, खुर्सानीको उत्पादन ७.० प्रतिशतले वृद्धि भएको अनुमान छ भने यी वालीहरू लगाइएका क्षेत्रफलमा समेत सोही अनुसार वृद्धि भएको पाइएको छ। सबै मसला बालीको उत्पादन र क्षेत्रफलमा वृद्धि भएको भएतापनि अलैचीमा छिर्केफुर्के रोगका कारण समग्र उत्पादन न्यूनरुपमा मात्र वृद्धि भएको पाइएको छ।

८.२१ **चिया, कफी तथा कपास** : औद्योगिक नगदे वालीहरू मध्ये आर्थिक वर्ष २०६५/६६ मा कफीको उत्पादन करीब ४०.० प्रतिशत, चियाको उत्पादन करिब २.० प्रतिशत तथा कपासको उत्पादन ८६.० प्रतिशतले वृद्धि भई १ सय १० मेट्रिक पुगेको छ।

८.२२ **मह** : आर्थिक वर्ष २०६६/६७ मा पनि मौरी घार अघिल्लो वर्षको १ लाख २५ हजारकै हाराहारीमा रहने भएपनि महको उत्पादनमा भने करीब २.० प्रतिशतले वृद्धि भई ८ सय ६५ मेट्रिक टन रहने अनुमान छ। आधुनिक मौरीहरू सेरेना तथा मेलीफेरामा वृद्धि भएता पनि मुढे, खोप्रे जस्ता जङ्गली मौरीहरूको घारमा भने कमी आएको पाइएको छ।

८.२३ **पुष्प खेती** : करिब ६ सय वटा नर्सरीहरू तथा काठमाडौ उपत्यकामा रहेका पुष्प प्रदर्शनी कक्ष (शोरुम) बाट आर्थिक वर्ष २०६५/६६ मा करिब रू. २६ करोड बराबरको पुष्पखेतीको कारोवार भएकोमा यस वर्ष करिब ५६ करोड बराबरको पुष्पखेतीको कारोवार भएको छ।

८.२४ **च्याउ खेती** : सहरी क्षेत्रमा लोकप्रिय हुँदै गएको विभिन्न जातका च्याउको उत्पादन गत आर्थिक वर्षमा ४ सय ५० मेट्रिक टन रहेकोमा चालु आर्थिक वर्ष २०६६/६७ मा ११.० प्रतिशतले वृद्धि भई ५ सय मेट्रिक टन पुग्ने अनुमान छ।

पशुजन्य उत्पादन स्थिति

८.२५ **पशुपन्छी सङ्ख्या** : आर्थिक वर्ष २०६६/६७ मा नेपालमा गाई/गोरुको सङ्ख्या ०.३४ प्रतिशतले वृद्धि भई ७१ लाख ९९ हजार पुगेको अनुमान छ। कुल गाई/गोरुको सङ्ख्यामध्ये दूध दिने गाईको सङ्ख्या ९ लाख ५४ हजार अर्थात् कुल सङ्ख्याको १३.२५ प्रतिशत मात्र रहेको छ। त्यस्तै, भैंसी/राँगाको सङ्ख्या गत वर्षको तुलनामा ३.२५ प्रतिशतले वृद्धि भई ४८ लाख ३२ हजार पुगेको अनुमान छ। कुल भैसी/राँगाको सङ्ख्यामध्ये दूध दिने भैसीको सङ्ख्या १२ लाख ५१ हजार अर्थात् २५.८९ प्रतिशत रहेको छ। भेडा/भेडीको सङ्ख्या गत वर्षको तुलनामा ०.६२ प्रतिशतले घटी ७ लाख ९७ हजार रहेको छ। बाखा/बोकाको सङ्ख्या गत वर्षको दाँजोमा ३.४ प्रतिशतले वृद्धि भई ८७ लाख ६२ हजार रहेको र सुगुर/बंगुरको सङ्ख्या १.७२ प्रतिशतले वृद्धि भई १० लाख ६२ हजार पुग्न गएको अनुमान छ। पन्छीतर्फ आर्थिक वर्ष २०६६/६७ मा कुखुराको सङ्ख्यामा अघिल्लो आर्थिक वर्षको २ करोड ४४ लाखबाट १.० प्रतिशतले घटी २ करोड ४२ लाख रहने अनुमान गरिएको छ। २०६६ मा पोखरा, नवलपरासी लगायतका स्थानहरूमा छिमेकी मुलुक (बंगलादेश, भारतको पश्चिम बंगाल तथा विहार राज्य) मा वर्ड फ्लू फैलिनु तथा भारतबाट माऊ कुखुरा लगायतका कुखुरा आयातमा प्रतिबन्ध लगाइएका कारण यस आर्थिक वर्षमा कुखुरा उत्पादनमा केही कमी आउने अनुमान छ। त्यस्तै, हाँसको सङ्ख्या २.० प्रतिशतले घट्न गई करिब ३ लाख ८० हजार रहने अनुमान छ।

८.२६ **दूध** : चालु आर्थिक वर्ष २०६६/६७ मा गाई र भैंसीबाट (नाक र चौंरी बाहेक) करिब १४ लाख ९६ हजार मेट्रिक टन दूध उत्पादन हुने अनुमान छ जुन गत वर्षको तुलनामा ३.५ प्रतिशतले बढी छ। कुल दूध उत्पादनमध्ये गाईबाट ४ लाख ३० हजार मेट्रिक टन र भैंसीबाट १० लाख ६६ हजार मेट्रिक टन उत्पादन भएको अनुमान छ।

८.२७ **मासु** : आर्थिक वर्ष २०६६/६७ मा कुल मासु उत्पादन ३.० प्रतिशतले वृद्धि भई २ लाख ४८ हजार ५ सय ७३ मेट्रिक टन हुने अनुमान रहेको छ। कुल मासु उत्पादनमध्ये राँगाबाट १ लाख ६२ हजार २ सय १३ मेट्रिक टन, भेंडाबाट २ हजार ६ सय ९१ मेट्रिक टन, खसी/बोकाबाट ४९ हजार ८ सय ५१ मेट्रिक टन, बंगुरबाट १७ हजार ६६ मेट्रिक टन, कुखुराबाट १६ हजार ५ सय २७ मेट्रिक टन र हाँसबाट २ सय २५ मेट्रिक टन उत्पादन हुने अनुमान छ। पोखरा र नवलपरासीमा वर्डफ्लू देखा पर्नु तथा भारतबाट माऊ लगायतका कुखुरा आयातमा प्रतिबन्ध लगाइनुले समेत हाँस तथा कुखुराको मासुको उत्पादनमा कमी आएको भएतापनि राँगा तथा भेडा र खसी बोकाको उत्पादन बढेको कारण मासुको उत्पादनमा केही वृद्धि भएको हो।

८.२८ **फुल** : फुल उत्पादन गत वर्षको ६२ करोड ९९ लाख गोटाबाट २.१ प्रतिशतले वृद्धि भई ६४ करोड ३२ लाख गोटा हुने अनुमान छ, जसमध्ये कुखुराबाट ६२ करोड ९७ लाख र हाँसबाट १ करोड ३४ लाख उत्पादन हुने अनुमान छ।

८.२९ **माछा** : आर्थिक वर्ष २०६६/६७ मा कुल माछाको उत्पादन गत वर्षको तुलनामा ३.० प्रतिशतले वृद्धि भई ४९ हजार ७ सय ३० मेट्रिक टन हुने अनुमान छ। कुल माछा

उत्पादनमध्ये करिब ५०.० प्रतिशत माछा पोखरीबाट र बाँकी अन्य प्राकृतिक स्रोतबाट उत्पादन हुने अनुमान गरिएको छ ।

८.३० **ऊन :** भेंडा/भेंडीको ऊनको उत्पादन ५ सय ८४ मेट्रिक टनबाट केही घटेर यस वर्ष ५ सय ८० मेट्रिक टन पुग्ने अनुमान छ ।

मौसमी प्रभाव

८.३१ आर्थिक वर्ष २०६६/६७ मा मनसुन ढिलो सुरु भएको तथा अपर्याप्त वर्षा भई कैयौ स्थानमा खडेरीको समेत अवस्था रहेको तथा पहाडी क्षेत्रमा ढिलो रोपाइँ भएकाले क्षेत्रफल र उत्पादकत्व समेत घट्न गई समग्र धानवालीको उत्पादन घटेको पाइएको छ । जल तथा मौसम विज्ञान विभाग अन्तर्गतका विभिन्न वर्षामापन केन्द्रको रेकर्डअनुसार जेठ महिनामा ५३.० प्रतिशत, असार महिनामा ८४.० प्रतिशत, साउन महिनामा ११३.० प्रतिशत र भदौ महिनामा ५४.० प्रतिशत वर्षा भएको थियो । यस वर्ष असोजको तेस्रो हप्तामा भएको वर्षा तथा त्यसबाट सिर्जित वाढी पहिरोबाट बाँके, बर्दिया, कैलाली, कञ्चनपुर लगायतका जिल्लाहरूमा थप नकारात्मक प्रभाव परेको देखिन्छ ।

८.३२ आर्थिक वर्ष २०६६/६७ मा हिउँदे वाली खासगरी गहुँ, जौं, दलहन (चना/केराउ) तथा फलफूलहरूको लागि मौसम अनुकूल रह्यो । वर्षामापन केन्द्रको रेकर्डअनुसार पुस र माघमा औसतभन्दा कम पानी परेको भएतापनि कार्तिक र मंसिरमा पर्याप्त वर्षा तथा माटोमा चिस्यान कायम रहेको तथा माघको अन्त्यमा भएको हिउँदे वर्षाका कारण हिउँदे बालीहरूको उत्पादन बढ्न जाने अनुमान छ ।

दैवी प्रकोपको प्रभाव

८.३३ बाढी, पहिरो, डुवान, कटानको आदिको समस्या सामान्यतया वर्षे वालीमा पर्ने गरेकोमा यस वर्ष असोजको तेस्रो हप्तामा भएको असमयको वर्षा तथा त्यसबाट सिर्जित बाढी पहिरोबाट बाँके, वर्दिया, कैलाली, कञ्चनपुरमा थप नराम्रो असर परेको छ । यस वर्ष करिब १९ हजार हेक्टर जमिनमा डुवान, कटान तथा वालुवाले पुरेर क्षति पुग्न गएको छ । यसैगरी, करिब ७५ हजार हेक्टर क्षेत्रमा अनावृष्टि, अतिवृष्टिका कारण धान रोपाइँ नै हुन नसकेको पाइएको छ ।

रासायनिक मल तथा उन्नत बीउ–वीजन

८.३४ **रासायनिक मलः** कृषि सामग्री कम्पनी लिमिटेडको स्थापना भएपछि मुलुकमा किसानहरूको मागअनुसार सो कम्पनीले रासायनिक मल सर्वसुलभरूपमा बिक्री वितरण गर्दै आएको छ । कम्पनीले रासायनिक मल, सूक्ष्मतत्व मल, जैविक मल एवम् अन्य कृषि उपजहरूको कारोवार गर्ने सम्बन्धमा अध्ययन गरिरहेको छ । आर्थिक वर्ष २०६५/६६ मा कृषि सामग्री कम्पनी लिमिटेडबाट रासायनिक मलको आपूर्ति न्यूट्रियन्टमा ३ हजार १ सय ५८ मेट्रिक टन रहेकोमा आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा उक्त कम्पनीबाट न्युट्रियन्टमा २४ हजार २ सय ५९ मेट्रिक टन

रासायनिक मल वितरण भएको अनुमान छ। आर्थिक वर्ष २०६६/६७ मा रासायनिक मलमा रू. १ अर्ब ५० करोडको दिइएको अनुदानको कारण गत वर्षको तुलनामा यसको बिक्रिमा उल्लेखनीय वृद्धि भएको हो।

८.३५ **उन्नत बीउ-वीजनः** राष्ट्रिय बीउ-वीजन कम्पनीले आफ्नो लक्ष्यअनुसार बीउ-वीजन बिक्री वितरणको लागि आफ्नो फार्म तथा किसानहरूसँगको वीज वृद्धि कार्यक्रमबाट गुणस्तरयुक्त बीउ सङ्कलन गरी रोगनाशक विषादिबाट उपचार गरी स्थानीय स्तरमै बिक्री वितरण गर्दै आएको छ। आर्थिक वर्ष २०६५/६६ मा राष्ट्रिय बीउ-वीजन कम्पनीबाट धानको ९ सय ३१ मेट्रिक टन, गहुँको ३ हजार १६ मेट्रिक टन बीउ-वीजन वितरण भएको थियो। आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा कम्पनीले धानको १ सय ११ मेट्रिक टन र गहुँको १ हजार ७ सय २७ मेट्रिक टन बीऊ बिजन वितरण गरेकोमा आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा गहुँको ३ हजार ५ सय १६ मेट्रिक टन बीउ-वीजन वितरण गरेको छ।

८.३६ **सिँचाइः** विगत वर्षहरूमा जस्तै सिँचाइ सम्बन्धी विकास आयोजनाहरू सरकारीस्तर र कृषि विकास बैंकबाट सञ्चालित हुदै आएका छन्। आर्थिक वर्ष २०६५/६६ मा सरकारीस्तरबाट २५ हजार ५ सय ४९ हेक्टरमा र कृषि विकास बैंकबाट सञ्चालित आयोजनाहरूबाट ३ सय १ हेक्टर जमिनमा व्यवस्थित सिँचाइ सुविधा थप भएको छ। आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा सरकारीस्तरबाट सञ्चालित आयोजनाहरूबाट १३ हजार ९२ हेक्टर तथा कृषि विकास बैंकबाट सञ्चालित आयोजनाहरूबाट २७ हेक्टर क्षेत्रफल गरी जम्मा १३ हजार १ सय १९ हेक्टर क्षेत्रफलमा थप सिँचाइ सुविधा उपलब्ध भएको छ।

८.३७ **कृषि ऋणः** आर्थिक वर्ष २०६५/६६ मा कृषि विकास बैंकबाट रू. १९ अर्ब २६ करोड कृषि ऋण प्रवाह भएको छ भने असुलीतर्फ रू. २० अर्ब २६ करोड भई आर्थिक वर्षको अन्त्यमा रू. २५ अर्ब १२ करोड ऋण बक्यौता रहन गएको छ। आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा रू. ११ अर्ब ८४ करोड ऋण प्रवाह भएकोमा आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा १५.५ प्रतिशतले वृद्धि भई रू. १३ अर्ब ६८ करोड ऋण प्रवाह भएको छ। प्रवाह भएको ऋण लगानीमध्ये सबैभन्दा बढी लगानी कृषि उद्योग, बेचविखन, गोदाम निर्माणतर्फ ५२ प्रतिशत, आवास तथा जग्गा विकासतर्फ २० प्रतिशत, कृषि व्यवसायतर्फ १७ प्रतिशत, खाद्यान्न तथा नगदेवालीतर्फ ८.० प्रतिशत र अन्यतर्फ ३.० प्रतिशत रहेको छ।

८.३८ **साना किसान विकास बैंक लि.:** साना किसान विकास बैंकले ग्रामीण क्षेत्रमा बसोबास गर्ने साना किसान तथा विपन्न वर्गको आर्थिक एवं सामाजिक विकासका लागि साना किसानहरूद्वारा स्थापित तथा सञ्चालित साना किसान सहकारी संस्था तथा अन्य लघुवित्त संस्थाहरू मार्फत लघुवित्त कार्यक्रम सञ्चालन गर्न थोक कर्जा उपलब्ध गराउनुका साथै संस्थाहरूको क्षमता अभिवृद्धिका लागि सामाजिक/सामुदायिक, पशु वीमा, साना किसान संस्थागत विकास अनुशरण, सेवा क्षेत्र विस्तार, तालीम/गोष्ठी, स्वदेशी तथा वैदेशिक अवलोकन भ्रमण जस्ता कार्यक्रमहरूको आयोजना गर्दै आइरहेको

छ। आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनासम्ममा बैंकसँग आवद्ध ३९ जिल्लाका २ सय २० सहकारी संस्था रहेकोमा आर्थिक वर्ष २०६६/६७ को सोहि अवधिसम्ममा १ जिल्ला थप तथा १२ वटा सहकारी संस्था थप भई जम्मा ४० जिल्लाका २ सय ३२ सहकारी संस्थाहरूमा कुल १ लाख ५५ हजार ९ सय ३२ साना किसान परिवार आवद्ध भई तिनमा आश्रित लगभग ८ लाख १० हजार ८ सय ४६ जनसंख्या लाभान्वित भएका छन्। आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा रू. ६८ करोड १६ लाख कर्जा प्रवाह गरेकोमा साँवा असुली तर्फ ३३ करोड ७९ लाख र व्याज असुली तर्फ ५ करोड ५५ लाख पुगेको छ। आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा १ सय ८३ वटा सहकारी संस्थाले सञ्चालन गरेको पशु वीमा कार्यक्रम लाई कृषि विकास बैंक मार्फत नेपाल सरकारबाट प्राप्त हुने पशु वीमा अनुदान सहयोग सम्वन्धित संस्थाहरूलाई उपलब्ध गराउने व्यवस्था गरिएको छ। आर्थिक वर्ष २०६५/६६ मा रू. ८ करोड २९ लाख बराबरको ५ हजार २ सय २ वटा पशुको वीमा गराएकोमा आर्थिक वर्ष २०६६/६७ को सोहि अवधिसम्ममा रू. २ करोड ५८ लाख बराबरको थप १ हजार ४ सय ८० वटा पशुको स्थानीय संस्था मार्फत विमा गरिएको छ। नेपाल सरकारको वित्तीय सहयोगमा सो बैंकमार्फत आर्थिक वर्ष २०६५/६६ मा १२ वटा गाउँ विकास समितिमा साना किसान संस्थागत (अनुसरण) कार्यक्रम सञ्चालन गरिएकोमा चालु आर्थिक वर्षमा समेत सो कार्यक्रमलाई निरन्तरता दिदै थप १२ वटा गाउँ विकास समितिमा यो कार्यक्रम सञ्चालन गरिएको छ। यसका साथै सक्षम लघुवित्त संस्थाहरूमार्फत साना किसान तथा विपन्न वर्गमा लघुवित्त सेवा व्यापक विस्तार गर्दै जाने बैङ्कको नीति रहेको छ। बैंकले सम्भाव्य पहाडी क्षेत्रमा विशेष लगानी प्रवर्धन कार्यक्रम अनुसार एसियाली विकास बैंकसँग सम्झौता कार्य सम्पन्न गरेको छ। बैंकले तयार गरेको त्रिवर्षीय व्यवसायिक योजना २०१०-१३ को आधारमा आफना कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। साना किसान विकास बैंक लि. को ऋण लगानी, असुली तथा लगानीमा रहेको रकमको विवरण तपसिल बमोजिम रहेको छ।

तालिका ८(ख) : ऋण लगानी, असुली तथा लगानीमा रहेको रकमको विवरण

(रू. लाखमा)

क्र.स	विवरण	आर्थिक वर्ष			प्रथम आठ महिना	
		2063/64	2064/65	2065/66	२०६५/६६	२०६६/६७*
१	स्वीकृत ऋण	7042	10138	10760	6044	6420
२	ऋण लगानी	10770	9123	6349	3535	6816
३	ऋण असुली	6573	8464	13276	2059	3379
४	लगानीमा रहेको रकम	13795	14454	7527	15930	10964

* अनुमान

स्रोत : साना किसान विकास बैंक लि.।

८.३९ **नेपाल कृषि अनुसन्धान परिषदः** नेपाल कृषि अनुसन्धान परिषद्ले खाद्य सुरक्षा र खाद्य सम्प्रभुतालाई मध्यनजर गरी तीन वर्षीय अन्तरिम योजनाले औल्याइएका तथा दीर्घकालिन कृषि योजनाले लक्षित गरेका बाली, वागवानी, औद्योगिक तथा

निकासीयोग्य वाली, पशुपक्षी र अनुसन्धान तथा स्रोत बीउ उत्पादन र अनुवंशिकी स्रोत संरक्षण जस्ता कार्यक्रमहरूलाई निरन्तरता दिएको छ। खाद्य, दलहन, तेल वालीको उत्पादकत्व र उत्पादन तथा प्रशोधन प्रविधिहरू, वाली उत्पादनमा क्षति पुऱ्याउने रोग तथा किरा प्रतिरोधक जातहरूलाई रोग किरा, मुसा तथा झारबाट हुने क्षति न्यूनीकरण गर्नका लागि जैविक तथा वातावरणमैत्री प्रविधिहरू, सुक्ष्म तत्व लगायत माटोको उर्वराशक्ति व्यवस्थापन प्रविधिहरू, स्रोत संरक्षण प्रविधिहरू, सामाजिक-आर्थिक तथा बजार व्यवस्थापन सम्बन्धी अनुसन्धान कार्यक्रम सञ्चालन गरिरहेको छ। वागवानीतर्फ तरकारी र फलफूल वालीहरूको मौसमी तथा बेमौसमी खेतीका लागि उपयुक्त जातहरूको पहिचान र विकास, प्राङ्गारिक खेती प्रविधि, रोग किराको जैविक नियन्त्रण, उत्पादनोपरान्त सुकाउने तथा भण्डारण गर्ने उन्नत प्रविधि जस्ता पक्षमा अध्ययन अनुसन्धान भइरहेको छ। उखु, चिया, कफी, अलैची, जुट, कपास, अदुवा, बेसार, च्याउ तथा औषधिमूलक वनस्पति आदि औद्योगिक तथा निकासीयोग्य वालीको स्थान विशेषका लागि उपयुक्त वालीको पहिचान, प्राङ्गारिक खेती, सहभागीतामूलक जातीय छनौट (Participatory Variety Selection), रोग तथा किराको प्राङ्गारिक तथा वातावरण-मैत्री व्यवस्थापन, गुणस्तरीय प्रशोधन र बजार व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान भइरहेको छ। पशुपंक्षीको नश्ल सुधार, आहार, चरण तथा घाँसेबाली र पशुस्वास्थ्य सम्बन्धी अनुसन्धान कार्यलाई निरन्तरता दिनुका साथै विभिन्न स्थानीय पशुपंक्षीहरूको वंशाणुगत गुण पहिचान, संरक्षण र उपयोगका साथै Elite herd maintenance जस्ता कार्यक्रमहरू पनि सञ्चालन गरिएको छ। रेन्बो ट्राउट माछाको व्यावसायिक खेतीको विस्तार, विभिन्न स्थानीय माछाहरूको जैविक विविधताको पहिचान, संरक्षण र प्रवर्द्धनका साथै धानखेतमा र केजमा माछापालन सम्बन्धी अध्ययन अनुसन्धानलाई निरन्तरता दिइएको छ। अनुवंशिकी स्रोत संरक्षण अन्तर्गत नेपालमा पाइने विभिन्न वनस्पतिका १० हजार ५ सय भन्दा बढी जाति तथा प्रजातिका अनुवंशिकी स्रोत संरक्षण गरी राखिएका छन्। चालु आर्थिक वर्षको अन्त्यसम्ममा जीन बैंक भवन निर्माण कार्य सम्पन्न हुने अनुमान छ। गत आर्थिक वर्षमा स्रोत बीउतर्फ ६ सय ८३ मेट्रिक टन उत्पादन गर्ने लक्ष्य रहेकोमा लक्ष्य भन्दा १४.३५ प्रतिशतले वृद्धि भई ७ सय ८१ मेट्रिक टन उत्पादन भएको थियो। चालु वर्षको लक्ष्य ७ सय १० मेट्रिक टन उत्पादन गर्ने लक्ष्य रहेकोमा प्रथम आठ महिनासम्ममा ३ सय ८ मेट्रिक टन मात्र उत्पादन भएको अनुमान छ।

८.४० **कृषि उत्पादनको आयात तथा निर्यात स्थितिः** अन्तर्राष्ट्रिय स्तरको वर्गीकरण (SITC) समूहअनुसार आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा रू. १२ अर्ब ३९ करोड ५ लाख मूल्य बराबरको खाद्य वस्तु तथा जीवजन्तु एवम् सुर्ती तथा पेय पदार्थहरू निर्यात भएकोमा आर्थिक वर्ष २०६६/६७ को सोही अवधिमा निर्यातमा २६.३ प्रतिशतले कमी आई रू. ९ अर्ब १२ करोड ९० लाख मूल्यका उपर्युक्त वस्तुहरू निर्यात भएको अनुमान छ। त्यस्तै, आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा रू. ११ अर्ब ४३ करोड ५९ लाख बराबरका उपर्युक्त वस्तुहरू आयात भएकोमा आर्थिक वर्ष २०६६/६७

को सोही अवधिमा ३४.६ प्रतिशतले वृद्धि भई रू. १५ अर्ब ३९ करोड ३३ लाख बराबरका वस्तुहरू आयात भएको अनुमान छ ।

८.४१ **सहकारी संस्थाहरू** सहकारी प्रणालीको माध्यमबाट मुलुकको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गरी सदस्य लगायत आम नागरिकहरूको आवश्यकता परिपूर्ति गर्दै उनीहरूको जीवनस्तरमा सुधार र स्थायी परिवर्तन ल्याउन सकिने प्रचुर संभावनाहरू रहेका छन् । सहकारीताको माध्यमबाट सर्वसाधारण जनताले आफुसँग रहेको सीमित स्रोत, साधन र सीपको उपयोग गरी आत्मनिर्भरता हासिल गर्न सक्ने अवस्था प्रचुररुपमा रहेको हुन्छ । साथै, यस क्षेत्रमा संलग्न व्यक्ति तथा समुहले सहकारीताको माध्यमबाट आयमूलक तथा रोजगारीमूलक कार्यमा संलग्न भई गरिबी निवारणमा महत्वपूर्ण योगदान गर्न सक्ने देखिन्छ । सहकारी विभागबाट सहकारी संघसंस्था गठन र सञ्चालनका लागि निर्देशिका तथा मापदण्डहरू जारी गरी सहकारी संघ संस्थाहरूको दर्ता प्रक्रियाको निरन्तरता तथा सहकारीको गुणात्मक वृद्धि सुनिश्चित गर्दै यसको प्रभावकारिता प्रवर्द्धन गर्न विभिन्न क्रियाकलापहरू सञ्चालन हुदै आएकाछन् । सहकारी विभागबाट चालु आर्थिक वर्ष २०६६/६७ मा सहकारी क्षेत्र सुदृढिकरण आयोजना अन्तर्गत सहकारी सचेतना तथा जागरण सामग्रीहरू (सहकारी टेलिचलचित्र, वृतचित्र, जिङगल, एफ.एम.रेडियो कार्यक्रम, पर्चा, पत्रपत्रिका, पुस्तक, बुलेटिन आदि) उत्पादन र प्रशारण भएको छ । मुलुकभर सञ्चालनमा रहेका सहकारी संस्थाहरूको संख्या, प्रकृति, कारोवार र रोजगारी जस्ता विवरणहरू सहितको Data Base तयार गरी प्रकाशन गर्ने कार्य पूरा भएको छ । यसैगरी सहकारी सफ्टवेयरको निर्माण कार्य सम्पन्न भइसकेको छ । साथै, नेपाल राष्ट्र बैङ्क तथा सहकारी विभागको संयुक्त प्रयासमा विभिन्न जिल्लामा सञ्चालित सहकारीहरूको निरीक्षण तथा अनुगमन कार्य चालु रहेको छ । नेपालभर सञ्चालनमा रहेका सहकारी संस्थाहरूको संख्या, पुँजी, वचत, लगानी तथा असुली विवरणको झलक तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ८(ग) : नेपालभर सञ्चालनमा रहेका सहकारी संस्थाहरू सम्बन्धी विवरण

(रकम रू. हजारमा)

कार्य	संस्था संख्या	पुरुष संख्या	महिला संख्या	पुँजी	वचत	लगानी	असुली
वचत तथा ऋण	५१६२	४०१७१९	३१२७९७	२१९११२६	१६२४७३१०	२०१२४८८६	६४९०३१३
वहुउद्देश्यीय	२९७८	४४७६२६	१५७९३५	१२५२५०१	१२०७२२९६	८२००७०४	२४५३०५७
दूग्ध	१६०३	६८५६०	२६७३८	५०३९५	५९१११	४९९१३	३२६७७
कृषि	१७३६	२३०१२९	९१३६९	१८५७४७	७२५९३३	१४५३६३५	५५२४८९
विद्युत	२५७	१३४१५	२४५८	६५३१	४१३३	६२१४	४४८४
अन्य	२७३	२४८३२	३०८५४	५०७०९८०	७३६४६	४२९८२	२७६५६
तरकारी तथा फलफूल	१२३	४५८२	३३५३	२७१३	१२८३२	१६५२१	११०२३

कार्य	संस्था संख्या	पुरुष संख्या	महिला संख्या	पुँजी	वचत	लगानी	असुली
उपभोक्ता	२०१	७००२	२०८७	१५८९२	९३८८	१६९८८	२४३३
विज्ञान प्रविधि (यातायात, सञ्चार)	८३	६३०४	११७१	५९६५६	६४८८२	५५०३६	२१९४८
कफी	७३	१२८८	७७५	८९६	६००२	५८११	१२६
स्वास्थ्य	४१	३६९६	४८२	११३८४१	२३९४३	४४७४८	६६३
चिया	४८	१२१९	६९९	५८२६	७८६५	६३८४	५५२५
जडिवुटी	३८	१२७६	३८१	२६४५	७४१	१९७	२२
मौरी पालन	३०	६५७	३५५	४२३	३५३	६०४	०
जम्मा	**१२६४६**	**१२१२३०५**	**६३१४५४**	**८९५९१७२**	**२९३०८४३४**	**३००२४६२५**	**९६०२४१५**

स्रोत : सहकारी विभाग (२०६५ चैत मसान्तसम्मको तथ्याङ्कमा आधारित) ।

८.४२ २०६५ चैत मसान्तसम्म मुलुकभर १२ हजार ६ सय ४६ प्रारम्भिक सहकारी संस्थाहरू रहेकाछन । ती संस्थाहरूको कुल शेयर पूँजी रू. ८ अर्ब ९५ करोड ९१ लाख ७२ हजार र कुल सदस्य संख्या १८ लाख ४३ हजार ७ सय ५९ (पुरुष १२ लाख १२ हजार ३ सय ५ र महिला ६ लाख ३१ हजार ४ सय ५४) पुगेकोछ । उक्त प्रारम्भिक सहकारी संस्थाहरूबाट रू. २९ अर्ब ३० करोड ८४ लाख ३४ हजार बचत संकलन गरी रू. ३० अर्ब २ करोड ४६ लाख २५ हजार बरावरको लगानी भएको छ । प्रारम्भिक संस्था बाहेक सहकारी अभियानको केन्द्रदेखि जिल्ला तहसम्म राष्ट्रिय सहकारी संघ लि.-१, राष्ट्रिय सहकारी बैंक लि.-१, केन्द्रीय बिषयगत सहकारी संघ-८, जिल्ला सहकारी संघ-५४ र बिषयगत जिल्ला सहकारी संघ-१ सय ७ दर्ता भई सञ्चालनमा रहेका छन् ।

८.४३ **भूमिसुधारः** आर्थिक वर्ष २०६६/६७ मा काठमाडौ उपत्यका स्थित पाँच वटा, कास्की, कैलाली, टिकापुर, विराटनगर, बेलवारी, स्याङ्जा, कावासोती, परासी, धादिङ्ग, नुवाकोट, गोरखा, तनहुँ, वाग्लुङ्ग, बाँके, वर्दिया, सुर्खेत र मकवानपुर समेत गरी २२ वटा मालपोत कार्यालयहरूमा कम्प्यूटर प्रणालीबाट जग्गाधनी दर्ता प्रमाण पूर्जा उपलब्ध गराउने कार्य भइरहेको छ भने थप ३० वटा मालपोत कार्यालयहरूबाट कम्प्यूटरमार्फत जग्गाधनी दर्ता प्रमाण पूर्जा उपलब्ध गराउने तयारी अन्तिम चरणमा पुगेको छ । चालु आर्थिक वर्षको अन्त्यसम्ममा ६८ वटा कार्यालयहरूबाट कम्प्यूटर प्रणालीबाट जग्गाधनी दर्ता प्रमाण प्रदान गरिने छ । ५० जिल्लाको जिल्लास्तरीय भू-उपयोग नक्शा तयार भइसकेको छ । बैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोग तथा सुकुम्बासी समस्या समाधान सुझाव आयोग गठन भई कार्यरत छन् । आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनासम्ममा पुनर्स्थापना गर्न बाँकी मुक्त कमैया परिवार ७ हजार १ सय ६८ मध्ये १ हजार २ सय ७६ परिवारलाई जग्गा उपलब्ध गराइएको छ ।

उद्योग

८.४४ उद्योग क्षेत्रको विकास दिगो आर्थिक विकास एवम् आत्मनिर्भर अर्थतन्त्रको आधारस्तम्भ हो भन्ने तथ्यलाई आत्मसात गरेर औद्योगिक वातावरणलाई सुधार गरी स्वदेशी, निजी एवम् विदेशी लगानीलाई आकर्षित गर्दै लैजान, औद्योगिक उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्न, थप रोजगारीको अवसर सिर्जना गर्न, आयात प्रतिस्थापन एवम् निर्यात प्रवर्द्धन गर्न औद्योगिक नीतिमा समयानुकुल परिमार्जन गरी औद्योगिक नीति, २०६७ कार्यान्वयनमा आइसकेको छ। विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नीति, २०६७ स्वीकृति एवम् सरकारी तथा निजी लगानी मैत्री वातावरण तयार गर्न नेपाल व्यापार मञ्चको गठन भएको छ। नेपाली पहिचानको रुपमा रहेको श्रममूलक गलैचा उद्योगको पुनरुत्थानका लागि अध्ययन गरी सुझाव पेश गर्न गलैचा उद्योग पुनरुत्थान सुझाव कार्यदल गठन भई कार्यरत छ। औद्योगिक व्यवसायहरू, उद्यमी एवम् व्यवसायीहरूलाई सुरक्षाको प्रत्याभूति दिन औद्योगिक वातावरणलाई सवल, सुरक्षित, भरपर्दो र विश्वासिलो बनाउन औद्योगिक सुरक्षावल गठन गर्ने निर्णय हुनुका साथै श्रम सुरक्षा तथा लगानी मैत्री श्रम नीतिमा जोड दिइएको छ। औद्योगिक पूर्वाधार विकास कार्यक्रम अन्तर्गत उदयपुर, मकवानपुर, धादिङ्ग, ललितपुर, दाङ्ग, रोल्पा जिल्लाहरुमा स्थापना हुने सिमेण्ट उद्योगसम्म पहुँचका लागि सडक निर्माण तथा विद्युत् प्रशारण लाइन विस्तार गर्ने कार्य भइरहेको छ। केन्द्रीय तथ्यांक विभागको औद्योगिक उत्पादन सुचकांकका अनुसार यस आर्थिक वर्षमा विस्कुट, फलामे छड, हल्का पेय पदार्थ, नुडल्स आदि वस्तुको उत्पादनमा भएको वृद्धिले आर्थिक वर्ष २०६५/६६ को तुलनामा आर्थिक वर्ष २०६६/६७ मा उद्योग क्षेत्रतर्फको गार्हस्थ्य उत्पादन करिव २.६५ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान छ।

८.४५ **विशेष आर्थिक क्षेत्रः** निर्यातयोग्य वस्तुहरूको उत्पादन वृद्धि, प्रतिस्पर्धात्मक क्षमताको विकास, निर्यात व्यापार वृद्धिबाट विदेशी मुद्रा आर्जन, थप रोजगारीको अवसर सिर्जना तथा नयाँ, उच्च प्रविधि भित्र्याउने उद्देश्यले आर्थिक वर्ष २०६०/६१ देखि सञ्चालनमा रहेको विशेष आर्थिक क्षेत्र आयोजना अन्तर्गत भैरहवामा आवश्यक भौतिक पूर्वाधार निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ। त्यसै गरी सिमरामा विशेष आर्थिक क्षेत्र स्थापनाका लागि जग्गा मिलाउने, कम्पाउण्ड वाल निर्माण गर्ने, पहुँच सडक निर्माण गर्ने कार्य भइरहेको छ भने धनगढी, पाँचखाल, झापा र नुवाकोटमा सम्भाव्यता अध्ययनको कार्य भइरहेका छन्।

८.४६ चालु तीनवर्षीय अन्तरिम योजनामा निर्यातमूलक उद्योगहरूको लागि सम्भाव्य स्थलहरूमा विशेष आर्थिक क्षेत्र (Special Economic Zone) स्थापना गरी स्वदेशी एवं विदेशी लगानी आकर्षित गर्ने नीति लिइएको थियो। यो क्षेत्र अन्तर्गत निर्यातसँग सम्बन्धित प्रशोधन क्षेत्र, विशेष व्यापार क्षेत्र, पर्यटकीय/मनोरञ्जन क्षेत्र र बैंकिङ्ग क्षेत्र समेटिने र यस क्षेत्रभित्र स्थापित उद्योगहरूले सम्पूर्ण सेवा सुविधा उपयोग गरे वापत अन्तर्राष्ट्रिय स्तरको वस्तुको उत्पादन गरी उत्पादनको कम्तीमा ७०.० प्रतिशत निर्यात गर्नुपर्ने व्यवस्था गरिएको छ।

८.४७ **लघुउद्यम विकास कार्यक्रम**: ग्रामीण गरिबी घटाउने, गरिब भन्दा गरिब समूदाय, वर्ग, क्षेत्र एवं जातजातिलाई लघु उद्यमीका रुपमा विकास गरी त्यस्ता वर्ग र व्यक्तिहरूको आर्थिक स्थितिमा सुधार गर्दै लैजाने उद्देश्यले संयुक्त राष्ट्र संघीय विकास कोष (UNDP) को सहयोगमा सञ्चालनमा रहेको लघु उद्यम विकास कार्यक्रमलाई आवधिक योजनाले लिएको उद्देश्य अनुरूप हाल ३६ जिल्लामा विस्तार गरी कार्यान्वयन हुँदै आएको छ। हालसम्म यस कार्यक्रम अन्तर्गत करिब ३१ हजार व्यक्तिलाई लघु उद्यमीका रुपमा विकास गरिसकिएको छ भने आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा ६ हजार १४ जना लघु उद्यमीका रुपमा तयार भएका छन्। मुख्यतया यस कार्यक्रम अन्तर्गत महिला, आदिवासी, जनजाति, दलित, मधेशी, पिछडिएको वर्ग र क्षेत्रहरूलाई लक्षित गरी कार्यक्रमहरू कार्यान्वयन भइरहेका छन्।

८.४८ लघु उद्यम विकास कार्यक्रमको प्रभावकारितालाई मध्यनजर राखी यसको दीगो विकास एवं निरन्तरताका लागि आर्थिक वर्ष २०६६/६७ देखि नेपाल सरकारको कार्यक्रममा आन्तरिकीकरण गरी कार्यान्वयन गर्दै लैजान रू. ५ करोड बजेट विनियोजन गरिएको र सो अनुरूप घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समितिमार्फत कार्यक्रम कार्यान्वयन हुँदै आएको छ।

८.४९ सहस्राब्दी विकास लक्ष्य प्राप्त गर्ने एवम् गरिबी घटाउने उद्देश्य अनुरूप लघु उद्यमको विकासको लागि ३१ वटा जिल्लामा व्यवसाय विकास सेवा प्रदायक संस्था (Business Development Service Provider Organization) को रुपमा स्थापित गरिएको र ती जिल्लाहरूमा लघु उद्यमीहरूलाई यसै संस्था मार्फत सेवा प्रदान गरिंदै आएको छ।

विश्व व्यापार संगठन

८.५० नेपाल विश्व व्यापार संगठनमा प्रवेश भएको ६ वर्ष पूरा भएको छ। वार्ताका प्रक्रिया पूरा गरी सदस्यता प्राप्त गर्ने अतिकम विकसित मुलुकमध्ये नेपाल पहिलो सदस्य राष्ट्र रहेको परिप्रेक्ष्यमा सदस्यता प्राप्त गर्ने क्रममा नेपालले गरेको प्रतिबद्धता बमोजिम कार्यान्वयनमा आइसकेका प्रमुख ऐन र नीतिहरूमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, कम्पनी ऐन २०६३, दामासाही सम्बन्धी ऐन २०६३, भन्सार ऐन २०६४, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन २०६३, विद्युतीय कारोवार ऐन २०६३, विरुवा संरक्षण ऐन २०६४, वाणिज्य नीति २०६५ र औद्योगिक नीति २०६७ छन्। यस्तै, निकासी पैठारी तथा बौद्धिक सम्पत्ति सम्बन्धी ऐन संशोधन गरिएको र एण्टी डम्पिङ्ग तथा काउण्टरभेलिङ ऐन, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी ऐन र औद्योगिक व्यवसाय ऐन तर्जुमाको चरणमा रहेका छन्। विश्व व्यापारको क्षेत्रमा नेपालको पहिचान वृद्धि गर्ने कार्यका लागि प्रतिस्पर्धात्मक क्षमतामा समेत समयसापेक्ष सुधार गर्ने सन्दर्भमा राष्ट्रिय क्षमता अभिवृद्धिका कार्यक्रमलाई अगाडि बढाउन उपलब्ध स्वदेशी तथा विदेशी स्रोत र साधनको अधिकतम उपयोग गर्न व्यापारका क्षेत्रमा प्राप्त हुने प्राविधिक सहयोगमा समन्वय गरी प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्य परिपूर्तिको लागि अन्तर-मन्त्रालय उच्चस्तरीय निर्देशन समिति गठन गर्ने कार्य सम्पन्न भइसकेको छ। यसै सन्दर्भमा नेपालको व्यापार क्षमता अभिवृद्धि गर्न विश्व व्यापार संगठनको

Enhanced Integrated Framework (EIF) अन्तर्गत प्राप्त हुने सहयोग परिचालन र समन्वय गर्न नेपाल सरकारका मूख्य सचिवको संयोजकत्वमा विभिन्न क्षेत्रगत मन्त्रलयका सचिवहरू र निजी क्षेत्र समेत रहेको EIF निर्देशन समिति गठन भइसकेको छ। समितिको निर्देशन अनुसार सहयोग प्राप्त गर्ने क्रममा तयार गर्नुपर्ने प्रस्तावहरू संकलन गर्ने आवश्यक गृह कार्यको थालनी भइसकेको छ।

मञ्जुषा ८(ख) : उद्योग र वाणिज्य क्षेत्रका मुख्य गतिविधिहरू

१. Enhanced Integrated Framework (EIF) अन्तर्गत व्यापार क्षेत्रको संस्थागत क्षमता विकासको लागि EIF बोर्डले नेपालको Tier 1 Proposal स्वीकृत गरी Nepal Enhanced Capacities for Trade & Development (NECTRADE) परियोजना कार्यान्वयनमा आएको छ। यस अन्तर्गत वाणिज्य तथा आपूर्ति मन्त्रालयमा राष्ट्रिय कार्यान्वयन एकाई (National Implementation Unit) स्थापना गरी कार्यान्वयन व्यवस्था मिलाइएको छ। नेपाल WTO को Enhanced Integrated Framework (EIF) को Executive Board मा अति कम विकसित राष्ट्रहरू (LDCs) का तर्फबाट सदस्य चयन भएको छ। यसबाट अति कम विकशित राष्ट्रको व्यापार प्रतिस्पर्धी क्षमता बढाउन विश्व व्यापार संगठनमा उपयुक्त नीति तथा कार्यक्रम तय गर्न सक्रियता वृद्धि गर्ने अवसर प्राप्त भएको छ।

२. UNDP, DFID, ITC Government of Finland, IFC लगायतका संस्थाहरूको आर्थिक तथा प्राविधिक सहयोगमा सम्पन्न गरिएको Nepal Trade Integration Strategy (NTIS), 2010 नामक अध्ययनले नेपालको व्यापार क्षेत्रको विविध पक्षहरू समेट्ने गरी नेपालको उच्च व्यापार सम्भाव्यता भएका वस्तुहरूको पहिचान, ती वस्तुहरूको बजार पहुँचको समस्या तथा चुनौतीहरू, व्यापार प्रवर्द्धनमा आवश्यक पर्ने संस्थागत संयन्त्रहरू, नेपालको व्यापारमा गैर-भन्सारजन्य अवरोधहरू, क्षमता विस्तार, व्यापार क्षेत्र र गरिबी निवारणको विषयलाई समेटेको छ।

३. २०६६ मंसीर महिना (Nov. 30-December 2, 2009) मा स्वीट्जरल्याण्डको जेनेभामा विश्व व्यापार संगठनको सातौं मन्त्रिस्तरीय सम्मेलन सम्पन्न भएको छ। उक्त सम्मेलनमा नेपालको तर्फबाट अल्पविकसित राष्ट्रहरूका व्यापारसम्बद्ध समस्या तथा चुनौतीहरूलाई अन्तर्राष्ट्रिय मञ्चमा उठाउने कार्य भएको छ।

४. वाणिज्य नीति, २०६५ लाई प्रभावकारी तवरमा कार्यान्वयनमा उतार्न एक "कार्यान्वयन कार्ययोजना (Implementation Action Plan)" तयार गर्ने कार्य भइ छिट्टै कार्यान्वयनमा उतार्ने प्रक्रिया अगाडि बढाइएको छ।

५. युरोपेली युनियन तथा UNESCAP को संयुक्त सहयोगमा EC–Nepal WTO Technical Assistance Programme सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत WTO Reference Centre सुदृढीकरण, विश्वविद्यालयहरूमा विश्व व्यापार संगठन र अन्तर्राष्ट्रिय व्यापारको पाठ्यक्रम तयार गरी लागू गर्ने जस्ता कार्य अगाडि बढाइएका छन्।

६. सेवा व्यापार क्षेत्र (Trade in Service) को विकास गरी त्यसबाट फाइदा लिने उद्देश्यबाट संयुक्त राष्ट्र संघीय व्यापार तथा विकास संस्था (UNCTAD) को सहयोगमा एक अध्ययन कार्यक्रम सम्पन्न गरी प्रतिवेदन प्राप्त भएको र उक्त

प्रतिवेदनका सिफारिशहरू कार्यान्वयनको चरणमा रहेका छन् ।

७. UNDP को सहयोगमा Enhancing Nepal's Trade-Related Capacity (ENTReC) परियोजना सञ्चालनमा रहेको छ । यस परियोजनाले नेपाल सरकारद्वारा २००३/०४ मा तयार गरेको Nepal Trade and Competitiveness Study ले औंल्याएका कार्ययोजनाहरू कार्यान्वयनमा सरकारलाई सहयोग पुऱ्याउनुका साथै उक्त अध्ययनलाई अद्यावधिक गर्ने कार्यमा समेत सहयोग पुऱ्याई राखेको छ ।

८. नेपालले AITIC नामक संस्थाको सदस्यता प्राप्त गरेको छ । यो संस्थाको सदस्यता प्राप्ति पश्चात् वाणिज्य क्षेत्रको जनशक्ति विकास कार्यमा प्राविधिक तथा अन्य सहयोग उपलब्ध हुने सम्भावना बढेको छ ।

९. विश्व व्यापार संगठन र यसबाट नेपालले प्राप्त गर्न सक्ने फाइदा तथा सामना गरिरहेको चुनौतीहरूसम्बन्धमा जनसाधारण तथा सम्बन्धित उद्योगी व्यवसायीहरूलाई जानकारी गराउने उद्देश्यले जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आइएको छ ।

१०. निर्यात प्रवर्द्धनका लागि चाल्नुपर्ने तत्कालिन, मध्यकालिन, र दीर्घकालिन कार्यहरूको सुझाव पेश गर्न उच्चस्तरीय कार्यदल गठन गरिएको छ ।

स्रोत : उद्योग मन्त्रालय र वाणिज्य तथा आपूर्ति मन्त्रालय ।

समूहगत औद्योगिक उत्पादन तथा औद्योगिक सूचकाङ्क स्थिति

८.५१ आर्थिक वर्ष २०६५/६६ को तुलनामा आर्थिक वर्ष २०६६/६७ मा देशको प्रमुख औद्योगिक उत्पादनको स्थिति सुधारोन्मुख देखिएको छ । अधिकांश खाद्य पदार्थहरू चाउचाउ, विस्कुट, सर्वत, चिया, चिनी, वनस्पती घ्यू लगायतका वस्तुहरूको उत्पादनमा वृद्धि हुने देखिन्छ । चालु आर्थिक वर्षमा खाद्य समूह अन्तर्गत चाउचाउ १ हजार ५ सय ३१ मे.टनले, सर्वत १९ लाख लिटरले, चिनी १० हजार मेट्रिक टनले, चिया ४ सय ९४ मेट्रिक टनले उत्पादन वृद्धि भएको देखिन्छ । अन्य छाला, काठ तथा काठजन्य वस्तु, कागज र कागजका उत्पादन, रासायनिक सामान, गैर-धातु खनिजजन्य वस्तुको उत्पादनमा कमी हुने देखिन्छ ।

८.५२ आर्थिक वर्ष २०६५/६६ को प्रारम्भिक अनुमान अनुसार गत आर्थिक वर्ष २०६४/६५ को समूहगत औद्योगिक सूचकाङ्क १०६.४२ बाट बढन गई १०६.५५ पुगेको छ । चालु आर्थिक वर्षमा, वनस्पती घ्यू, लत्ताकपडा, उनी गलैचा, जुट, गार्मेन्ट, सिमेन्टको सूचकाङ्कमा ह्रास आउने भएता पनि पशुदाना, अन्य खाद्य पदार्थ पेय पदार्थ काठका सामान आदिको औद्योगिक उत्पादन सूचकाङ्कमा वृद्धि भएकाले समग्र औद्योगिक उत्पादन सूचकाङ्कमा सामान्य वृद्धि हुने अनुमान छ ।

उद्योगमा विदेशी लगानी

८.५३ प्राकृतिक एवम् मानवीय संसाधनको उच्चतम उपयोग गरी अर्थव्यवस्थालाई सबल, सुदृढ, गतिशील एवम् प्रतिस्पर्धात्मक बनाई आत्मनिर्भरतातर्फ उन्मुख गराउन विदेशी लगानी एवम् प्रविधि हस्तान्तरण आवश्यक छ । यस क्रममा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी नीति स्वीकृतिको प्रक्रियामा रहेको छ । प्रस्तावित नीतिले

निजी क्षेत्रलाई तुलनात्मक लाभको क्षेत्रको उपयोग गरी विश्व बजारमा प्रतिस्पर्धी हुन सक्ने गरी प्रक्रियागत सरलता एवम् प्रविधि हस्तान्तरणमा सरलता ल्याई विदेशी लगानीको प्रवाह बढाउन जोड दिएको छ। यसै अनुरूप औद्योगिक क्षेत्रमा छिमेकी मुलुक भारतको लगानीलाई प्रवर्द्धन गर्दै लैजाने उद्देश्यले भारतसँग Bilateral Investment Promotion and Protection Agreement सम्पन्न गरिएको छ भने अन्य मुलुकहरूसँग पनि यस प्रकारको सम्झौता गर्दै जाने तयारी भइरहेको छ।

८.५४ आर्थिक वर्ष २०६५/६६ मा कुल २ सय ३० वटा उद्योगहरूलाई विदेशी तथा संयुक्त लगानीमा उद्योग स्थापना गर्न स्वीकृति दिइएको थियो। यसरी स्वीकृति दिइएका उद्योगहरूमा रू. ६ अर्ब २५ करोड विदेशी लगानी उपयोग हुने अनुमान गरिएको थियो। आर्थिक वर्ष २०६५/६६ मा कुल स्थिर पुँजी रू. ७ अर्ब ५२ करोड, आयोजना लागत रू. ९ अर्ब ४१ करोड तथा विदेशी लगानी रू. ६ अर्ब २४ करोड भएका २ सय ३० वटा उद्योगहरू लाई विदेशी तथा संयुक्त लगानीमा स्थापना गर्न स्वीकृति दिइएको थियो। यी उद्योगहरू मध्ये ४८ वटा औद्योगिक उत्पादन, ७८ वटा सेवा उद्योग, ६९ वटा पर्यटन उद्योग, एउटा निर्माण उद्योग, नौ वटा ऊर्जा, आठ वटा कृषिजन्य र १७ वटा खनिज क्षेत्रसँग सम्बन्धित रहेका छन्।

तालिका ८(घ) : विदेशी लगानीका लागि आर्थिक वर्ष २०६५/६६ मा स्वीकृति दिइएका उद्योगहरू

(रकम रू. करोडमा)

उद्योगका प्रकार	सङ्ख्या	कुल परियोजना	कुल स्थिर पुँजी	विदेशी लगानी	रोजगारी प्राप्त सङ्ख्या
औद्योगिक उत्पादन	48	146.4	89.5	117.8	2396
सेवा उद्योग	78	227.4	164.6	123.6	2587
पर्यटन उद्योग	69	93.3	88.6	75.3	1760
निर्माण	1	8.8	3.2	5.7	8
ऊर्जा	9	352.0	344.1	224.5	1011
कृषिजन्य	8	61.8	20.5	30.2	671
खनिज	17	47.9	41.7	47.4	2635
जम्मा	230	940.8	752.2	624.5	11068

स्रोत : उद्योग विभाग।

८.५५ आर्थिक वर्ष २०६५/६६ मा स्वीकृति दिइएका २ सय ३० उद्योगहरू मध्ये मुलुकगत लगानीबाट हेर्दा ७० वटा उद्योगमा चीन, ३४ वटामा भारत, ११/११ वटामा दक्षिण कोरिया र बेलायत, १८ वटामा संयुक्त राज्य अमेरिका, सात वटामा जर्मनी, १० वटामा जापान, पाँच/पाँच वटामा नेदरल्याण्ड, फ्रान्स र सिंगापुर, तीन/तीन वटामा स्विटजरल्याण्ड र अष्ट्रेलिया, दुई/दुई वटामा क्यानडा र रसिया र ४४ वटामा अन्य मुलुकको लगानी रहेको छ।

तालिका ८ (ङ) : देशगतरूपमा विदेशी लगानी

(उद्योगको सङ्ख्या)

क्र.स.	देशहरू	आर्थिक वर्ष २०६५/६६	प्रथम आठ महिना	
			२०६५/६६	२०६६/६७
१	भारत	३४	२७	१८
२	चीन	७०	४६	३७
३	जापान	१०	५	१
४	संयुक्त राज्य अमेरिका	१८	७	२
५	वेलायत	११	९	४
६	दक्षिण कोरिया	११	४	९
७	जर्मनी	७	२	१
८	नेदरल्याण्ड	५	२	३
९	क्यानडा	२	१	२
१०	फ्रान्स	५	४	२
११	रसिया	२	१	१
१२	स्वीजरल्याण्ड	३	२	-
१३	अष्ट्रेलिया	३	१	३
१४	सिंगापुर	५	४	१
१५	अन्य	४४	२४	१०
जम्मा :		२३०	१३६	९४

स्रोत : उद्योग विभाग ।

८.५६ आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा स्थिर पुँजी रू. ८ अर्ब ५२ करोड, आयोजना लागत रू. ९ अर्ब तथा विदेशी लगानी रू. ३ अर्ब ४५ करोड भएका ९४ वटा उद्योगहरूलाई विदेशी तथा संयुक्त लगानीमा स्थापना गर्न अनुमति प्रदान गरिएको छ । आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा स्वीकृति प्रदान गरिएका ९४ उद्योगहरूमा १९ वटा उत्पादनशील उद्योग, ३९ वटा सेवा उद्योग, २९ वटा पर्यटन उद्योग, एउटा निर्माण, तीन वटा ऊर्जा र तीन वटा खनिज क्षेत्रसँग सम्बन्धित छन् ।

तालिका ८ (च) : विदेशी लगानीका लागि आर्थिक वर्ष २०६६/६७* मा स्वीकृति दिइएका उद्योगहरू

(रकम रू. करोडमा)

उद्योगका प्रकार	सङ्ख्या	कुल परियोजना लागत	कुल स्थिर पुँजी	विदेशी लगानी	लक्ष्यित रोजगारी सङ्ख्या
औद्योगिक उत्पादन	१९	१३७.८	११८.६	२९.९	८१९
सेवा उद्योग	३९	४६.९	३६.२	४२.२	१८२१
पर्यटन उद्योग	२९	८९.८	८१.१	६०.६	९८४
निर्माण	१	२.०	१.६	२.०	३६
उर्जा	३	६१६.१	६०९.०	२३२.७	२६५
कृषिजन्य	-	-	-	-	-
खनिज	३	८.०	७.२	७.४	४४३
जम्मा	९४	९००.६	८५१.७	३७४.८	४३६८

* प्रथम आठ महिना

स्रोत : उद्योग विभाग ।

८.५७ समयसापेक्ष, व्यावहारिक, उदार एवम् खुला नीतिको अवलम्वनद्वारा विदेशी लगानीलाई आकर्षित गर्ने प्रयासस्वरूप सुरुदेखि आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनासम्ममा विदेशी लगानीमा जम्मा १ हजार ८ सय २० वटा उद्योग स्थापना गर्न स्वीकृति दिइएको छ । ती उद्योगहरूमा कुल स्थिर पुँजी रू. १ सय १३ अर्ब रहेको छ भने कुल परियोजना लागत रू. १ सय ३६ अर्ब रहेको छ । यी उद्योगहरूमा कुल रू. ५३ अर्ब विदेशी लगानी भएको देखिन्छ । यी उद्योगहरू सञ्चालनमा आएपछि करीब १ लाख ४० हजार ९ सय ९३ नेपाली नागरिकले थप रोजगारीको अवसर प्राप्त गर्ने छन् ।

तालिका ८ (छ) : विदेशी लगानीका लागि २०६६ फागुनसम्म स्वीकृति दिइएका उद्योगहरू

(रकम रू. करोडमा)

उद्योगका प्रकार	सङ्ख्या	कुल परियोजना लागत	कुल स्थिर पुँजी	विदेशी लगानी	लक्ष्यित रोजगारी सङ्ख्या
औद्योगिक उत्पादन	६५५	४५९६.९	३२९६.५	१७१५.३	७३९२२
सेवा उद्योग	५२८	२४४२.५	२००३.७	११५७.०	२७१५६
पर्यटन उद्योग	४९२	१९०६.२	१७९२.७	७०९.४	२२६९९
निर्माण	४१	३४५.५	२५६.३	२६१.३	२९२६
उर्जा	३९	३६८४.१	३४९६.८	१०८७.२	७१४२
कृषि	३५	११९.१	६९.४	५१.६	२०९१
खनिज	३०	५०२.९	४१०.५	२८१.७	५०५७
जम्मा	१८२०	१३५९७.२	११३२५.९	५२६३.५	१४०९९३

स्रोत : उद्योग विभाग, त्रिपुरेश्वर ।

केही उद्योगहरूको उत्पादन क्षमताको उपयोग

८.५८ केही छानिएका उद्योगहरूको उत्पादन क्षमताको उपयोगको विश्लेषण गर्दा चिनी, सलाई र जुट उत्पादन गर्ने उद्योगहरूको आर्थिक वर्ष २०६४/६५ को तुलनामा आर्थिक वर्ष २०६५/६६ मा उत्पादन क्षमताको उपयोगमा कमी आएको तथा जुत्ता, चुरोट, वियर र सिमेण्टको उत्पादन क्षमतामा भने वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०६५/६६ मा कुल उत्पादन क्षमतामध्ये चुरोट र वियर उद्योगले क्रमशः ९१.० प्रतिशत र ७८.० प्रतिशत क्षमता उपयोग गरेका छन् भने चिनी र सिमेन्ट उद्योगहरूले क्रमशः ३१.० प्रतिशत र ४५.० प्रतिशत क्षमता उपयोग गरेको देखिएको छ।

औद्योगिक क्षेत्रको वर्तमान स्थिति

८.५९ औद्योगिक प्रतिष्ठानहरूको स्थापना, सञ्चालन र प्रवर्द्धनको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार एवम् अन्य सुविधाहरू प्रदान गरी औद्योगिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले औद्योगिक क्षेत्रहरूको स्थापना गरिएको हो। वर्तमान समयसम्म आइपुग्दा बालाजु, हेटौंडा, पाटन, नेपालगंज, धरान, पोखरा, वुटवल, भक्तपुर, वीरेन्द्रनगर, धनकुटा र गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्र समेत गरी कुल ११ वटा औद्योगिक क्षेत्रहरू विद्यमान छन्। उक्त औद्योगिक क्षेत्रहरूमा आर्थिक वर्ष २०६६/६७ फागुनसम्ममा ४ सय ३२ उद्योगहरू सञ्चालनमा रहेका र ५९ उद्योगहरू बन्द अवस्थामा छन् भने ६१ उद्योगहरू निर्माणाधीन अवस्थामा रहेका छन्। औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड अन्तर्गतका औद्योगिक क्षेत्रहरूमा सो संस्थाको तर्फबाट कुल रू. २० करोड ४२ लाख स्थिर पुँजी लगानी भएको छ भने निजी उद्योगको तर्फबाट रू. १७ अर्ब ३३ करोड ९६ लाख लगानी भएको पाइन्छ। औद्योगिक क्षेत्रहरूको कुल क्षेत्रफल ५ हजार ६ सय ८० रोपनी जमिनमध्ये ५ हजार ५ रोपनी जमिन विकसित अवस्थामा रहेको छ जसमध्ये ३ हजार ७ सय ५४ रोपनी जमिन विभिन्न उद्योगहरूलाई भाडामा दिइएको छ। औद्योगिक क्षेत्रहरूमा स्थापित उद्योगहरूले कुल ११ हजार ३ सय ६५ जनालाई रोजगारी प्रदान गरेका छन्। बढी रोजगारी प्रदान गर्ने औद्योगिक क्षेत्रमा क्रमशः बालाजु, हेटौंडा, पोखरा, वुटवल र पाटन रहेका छन्।

रुग्ण उद्योगतर्फ

८.६० आन्तरिक द्वन्द्व एवम् राजनीतिक अस्थिरताका कारण आफ्नो औद्योगिक गतिविधि सञ्चालन गर्न उचित वातावरण नपाई रुग्ण हुन पुगेका उद्योगधन्दा र व्यवसायहरूमा पर्ने प्रतिकूल असर कम गराउन नेपाल सरकारले आर्थिक वर्ष २०५८/५९ देखि नै रुग्ण उद्योग सम्बन्धी नीति र कार्यक्रमहरू ल्याएको हो। आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिमा रुग्ण उद्योग पुनर्कर्जा सुविधालाई निरन्तरता दिदै यस आर्थिक वर्षको लागि पनि रू. २ अर्ब प्रदान गर्न सकिने व्यवस्था रहेको छ। यस आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा रू. ५७ लाख ५० हजार पुनर्कर्जा सुविधा प्रदान भएको छ। यस्तो पुनर्कर्जा वापत अघिल्लो आर्थिक वर्ष २०६५/६६ मा रू. ७० लाख प्रदान गरिएको थियो।

नेपाल औद्योगिक विकास निगम

८.६१ नेपाल औद्योगिक विकास निगम कम्पनी ऐन, २०६३ अन्तर्गत दर्ता भई बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०६३ अन्तर्गत २०६६ माघ देखि "ख" बर्गको राष्ट्रियस्तरको विकास बैंकको रूपमा सञ्चालित छ। मुलुकको आर्थिक सम्वृद्धिको निम्ति उद्योग, व्यापार तथा सेवा व्यवसायसँग सम्वन्धित कार्यको लागि गुणस्तरीय र भरपर्दो बैकिङ्ग तथा वित्तीय मध्यस्थता सेवा तथा वित्तीय कारोवार समेत गर्ने उद्देश्यले स्थापित नेपाल औद्योगिक विकास निगमलाई व्यावसायिक संस्थाको रुपमा विकास गर्न योजना तयार भई सो अनुरूप निगमबाट बैकिङ्ग सेवा सुरु भएको छ। आर्थिक वर्ष २०६०/६१ देखि २०६६ माघ २५ सम्म निगमको लगानी कार्य नभएको तर विगतको लगानीको साँवा र व्याज प्राप्त भइरहेको छ। आर्थिक वर्ष २०६५/६६ मा रू. ६ करोड ८९ लाख साँवा र रू. ६ करोड ९७ लाख ब्याज समेत गरी जम्मा रू. १३ करोड ८६ लाख असुली भएको छ। निगमले गरेको विगतको लगानीबाट चालु आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा रू. २४ करोड ७३ लाख साँवा, रू. ९ करोड १५ लाख व्याज तथा रू. ४७ लाख अन्य आम्दानी समेत गरी जम्मा रू. ३४ करोड ३५ लाख असुली गरेको छ।

घरेलु तथा साना उद्योग

८.६२ आर्थिक वर्ष २०६४/६५ मा ९ हजार ३ सय ९४ वटा घरेलु तथा साना उद्योगहरू दर्ता भई रू. ८ अर्व २३ करोड पुँजी लगानी भएकोमा आर्थिक वर्ष २०६५/६६ मा १७ हजार ७ सय २२ वटा घरेलु तथा साना उद्योगहरू दर्ता भई रू. १५ अर्व ३२ करोड पुँजी लगानी भएको देखिन्छ। आर्थिक वर्ष २०६६/६७ मा दर्ता भएका ५ हजार ५ सय ३५ घरेलु तथा साना उद्योगहरूमा कुल रू. ५ अर्व ७ करोड स्थिर पुँजी लगानी हुने अनुमान गरिएको छ।

औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

८.६३ औद्योगिक विकासका लागि उद्यमशीलता, आधुनिक प्रविधि, गुणस्तरयुक्त व्यवस्थापन प्रविधि र प्राविधिक जनशक्तिको खाँचो पूरा गरी उद्योग क्षेत्रको विकासबाट अर्थव्यवस्था लाई सबल तुल्याई औद्योगिक व्यवसायको विकास गर्ने उद्देश्य अनुसार प्रतिष्ठानले नयाँ व्यवसाय सिर्जना, व्यवसाय व्यवस्थापन, प्रशिक्षण कार्यक्रमहरू लगायत परामर्श सेवा तथा उद्योग व्यवसाय सम्वन्धी अनुसन्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। प्रतिष्ठानले चालु आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनासम्ममा लघु व्यवसाय सृजना तालीममा ५७ जना, प्रशिक्षकको प्रशिक्षणमा ६५ जना, औद्योगिक परामर्श सेवामा २८ र एकल महिलाहरूका लागि आयमूलक कार्यक्रममा २१ जनालाई तालीम प्रदान गरेको छ।

खानी तथा भूगर्भ

८.६४ भौगर्भिक सर्वेक्षण, भू-इन्जिनियरिङ तथा भू-वातावरणीय अध्ययन, राष्ट्रिय भूकम्प मापन केन्द्र सञ्चालन, खनिज अन्वेषण तथा खनिज विकास कार्यलाई सुनियोजित

तबरले सञ्चालन गर्न, नेपालको पहाडी भेगको करिब १ लाख ९ हजार वर्ग किलोमिटर क्षेत्रको भौगोलिक नक्सा १:५००००० तथा १:६३३६० स्केलमा तयार गरी प्रकाशन गर्ने कार्य भइरहेको छ। बैतडी, उदयपुर, धनकुटा, सल्यान, अर्घाखांचीमा चून ढुंगामा आधारित सिमेन्ट उद्योग र रामेछापमा फलाम खानीमा आधारित उद्योग स्थापनार्थ निजी लगानीकर्ताहरूसँग सम्झौता सम्पन्न भएको छ। काठमाडौ उपत्यकाको २६ वर्गकिलोमिटर क्षेत्रभित्र ३१ करोड घन मिटरको प्राकृतिक ग्याँस फेला परेको छ। काठमाडौंको प्राकृतिक ग्यास भण्डार, मकवानपुरको तामा र सिलिका स्याण्ड भण्डारमा आधारित उद्योग प्रवर्द्धनको लागि निजी लगानीकर्ताबाट प्रस्ताव आह्वान गरिएको छ भने रोल्पाको सुन भण्डार तथा गान्धारी (दाङ्ग) स्थित चुनढुङ्गा संचितिमा आधारित उद्योग प्रवर्द्धनको लागि प्रस्ताव आह्वान गर्न प्रक्रिया सुरु गरिएको छ। दाङ्ग, सल्यान, रोल्पा तथा पाल्पा जिल्लाहरूमा मध्यमस्तरीय कोइला प्राप्त भएको र ती स्थानहरूमा निजी उद्यमीहरूबाट कोइला खानी खोल्ने प्रमाणपत्रहरू लिई कोइला उत्खनन गर्ने कार्य भइरहेको छ। हालसम्म ती खानीहरूबाट वार्षिक करिब ५० हजार टन कोइला उत्पादन हुने गरेको छ। खानी तथा भूगर्भ विभागबाट हालसम्म विभिन्न खनिजहरूको ८० वटा उत्खननको प्रमाणपत्र र २ सय ९४ खोजतलासको प्रमाणपत्र प्रदान गरिएको छ।

८.६५ काठमाण्डौं उपत्यका, पोखरा, बुटवल, भैरहवा क्षेत्रको Engineering तथा Environmental Geology Map तयार गरी प्रकाशन गरिएका छन् भने धरान, लुम्बिनी, हेटौंडा क्षेत्रका नक्शाहरू तयार गर्ने काम पूरा भएको छ। हिमाली श्रृंखलाको भूकम्पीय अध्ययन गर्न साइष्मिक नेटवर्क स्थापना गरी भूकम्पको निरन्तर निगरानी तथा रेकर्ड गरी डाटाहरू संकलन गर्ने र उक्त डाटाहरू विश्लेषण गरी सो का आधारमा भविष्यमा आउन सक्ने भूकम्पको पुनरावृत्ति समय (Recurrence Period) र हिमालयको बनोट बारे ज्ञान हासिल हुन Microseismic Epicentre Map/Epicenter Map of Nepal प्रकाशन गरिएको छ।

पर्यटन

८.६६ नेपाल भ्रमणमा आएका पर्यटकहरूको संख्या, तिनको वृद्धिदर तथा बसाई अवधिको विश्लेषण गर्दा २०६४ पुसदेखि २०६५ पुसको अवधिमा नेपाल आउने पर्यटकहरूको संख्या ५ प्रतिशतले घटेर ५ लाख २७ हजार ७ सय ५ बाट ५ लाख २ सय ७७ झरेकोमा २०६५ पुसदेखि २०६६ पुससम्मको अवधिमा उक्त संख्या १.९ प्रतिशतले बढी ५ लाख ९ हजार ७ सय ५२ पुगेको अनुमान छ। २०६४ पुसदेखि २०६५ पुससम्मको अवधिमा प्रति पर्यटक सरदर बसाई अवधि ११.८ दिन रहेकोमा २०६५ पुसदेखि २०६६ पुससम्मको अवधिमा सरदर बसाई अवधि ११.६ दिन रहन गई बसाई अवधि भने घट्न गएको देखिन्छ।

८.६७ भ्रमणको उद्देश्य अनुसार अधिकांश पर्यटक मनोरञ्जन र पदयात्रा तथा पर्वतारोहणका लागि आउने गरेको देखिएको छ। २०६५ पुसदेखि २०६६ पुससम्मको अवधिमा नेपाल आउने कुल पर्यटक मध्ये ३४.० प्रतिशत मनोरञ्जन, २०.९ प्रतिशत पदयात्रा र

पर्वतारोहण, १०.४ प्रतिशत तिर्थयात्री, ४.७ प्रतिशत व्यापार, ७.६ प्रतिशत औपचारिक, १.४ प्रतिशत सभा/सेमिनार, ०.४ प्रतिशत राफ्टिङ्ग, १५.६ प्रतिशत अन्य र ५ प्रतिशत (नखुलेको) पर्यटकहरूले नेपाल भ्रमण गरेको अनुमान छ। अघिल्लो वर्षको सोही अवधिमा मनोरञ्जनका लागि २९.६ प्रतिशत, पदयात्रा र पर्वतारोहणका लागि २१.० प्रतिशत, व्यापारका लागि ४.६ प्रतिशत, तिर्थयात्राको लागि ९.० प्रतिशत, औपचारिक भ्रमणका लागि ८.६ प्रतिशत, सभा गोष्ठीका लागि १.४ प्रतिशत र अन्य उद्देश्यका लागि १९.९ प्रतिशत पर्यटकहरूले नेपाल भ्रमण गरेका थिए। पर्यटकको उद्देश्य हेर्दा व्यापार प्रयोजनमा सीमान्त, तीर्थयात्रामा सामान्य र मनोरञ्जन प्रयोजनको लागि आउने पर्यटकको अनुपातमा उल्लेख्य वृद्धि भएको छ भने पदयात्रा तथा अन्य प्रयोजनका लागि आउने पर्यटकको अनुपात केही घटेको छ।

मञ्जुषा ८(ग): पर्यटन क्षेत्रका मुख्य गतिविधिहरू

नेपाल पर्यटन वर्ष २०११ : सन् २०११ लाई "नेपाल पर्यटन वर्ष" को रुपमा सफल बनाउन "पर्यटनका लागि सँगसँगै" भन्ने नाराका साथ शुभारम्भ भैसकेको छ। साथै, सन् २०११ को वर्षभरी राजनैतिक दलहरूको तर्फबाट पर्यटन क्षेत्रमा प्रतिकुल असर पर्ने खालका कार्यक्रम नगर्न नगराउन तथा सो अवधिभर कुनै पनि किसिमको बन्द हडताल नगरी अभियानलाई सफल बनाउने प्रतिबद्धता व्यक्त भएको छ। त्यस्तै अभियानको राष्ट्व्यापी प्रचार प्रसार गर्न क्षेत्रीय, जिल्ला र गाउँस्तरमा पर्यटन च्याली तथा मेलाहरूको आयोजनाका साथै अन्तराष्ट्यिस्तरमा पनि प्रचार प्रसारको कार्यलाई व्यापक पारिएको छ।

दोश्रो अन्तरराष्ट्यि विमानस्थल तथा विमानस्थल स्तरोन्नति : बारा जिल्लाको निजगढ डुमरवानामा दोश्रो अन्तरराष्ट्यि विमानस्थल निर्माण गर्ने कार्यको सिलसिलामा विस्तृत सम्भाव्यता अध्ययन गर्न छनौट भएको कोरियन कम्पनी Land Mark Worldwide(LMW) र नेपाल सरकार (पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय) बीच विस्तृत सम्भाव्यता अध्ययन कार्य गर्ने सम्झौतामा हस्ताक्षर सम्पन्न भई सो कम्पनीले कार्य सुरु गरिसकेको छ। साथै, यस सम्बन्धि कार्यलाई तदारुकताका साथ अगाडी बढाउन केन्द्रिय तहमा दोश्रो अन्तरराष्ट्यि आयोजना समन्वय समिति र स्थानीय तहमा वार्ता गर्न वार्ता समितिको गठन गरिएको छ। अन्य क्षेत्रीय तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण विमानस्थलहरूको स्तरोन्नति तथा क्षमता विस्तार कार्य भइरहेको छ।

समितिहरूको गठन : तराई क्षेत्रमा पर्यटन विकासको लागि विराट, सहलेस, विदेह/मिथिला, सिम्रौन, लुम्बिनी र चिसापानी क्षेत्र पर्यटन प्रर्वद्धन समितिहरू र कर्णाली क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति गरी जम्मा सात वटा समिति गठन भई समितिहरूबाट कार्य थालनी समेत भैसकेको छ।

परिषद र समन्वय समितिको गठनः पर्यटन सम्बन्धी नीतिगत मार्गदर्शन दिन, योजनाहरू तथा विकास कार्यको समीक्षा गर्न, पर्यटन क्षेत्रमा परिआउने बाधा अड्चन फुकाउने उद्देश्यले राष्ट्यि पर्यटन परिषद तथा पर्यटन क्षेत्रसँग सम्बद्ध विभिन्न निकायहरू बीच समन्वय र सामन्जस्यता कायम राख्न राष्ट्रिय पर्यटन विकास समन्वय समिति पनि गठन भएको छ।

नयाँ पर्यटन गुरुयोजनाः पर्यटन सम्वन्धि कार्यक्रमहरू व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गर्न पर्यटन गुरुयोजना तर्जुमाको लागि पर्यटनविद, INGO तथा निजी क्षेत्रको समेत प्रतिनिधित्व रहने गरी Core Group र आवश्यक सल्लाह र सुझाव दिन सल्लाहकार समितिको गठन गरी कार्य अघि बढाईएको छ ।

Leave Tourism कार्यक्रम : आन्तरिक पर्यटन प्रवर्द्धनका लागि नमूनाको रुपमा पर्यटन तथा नागरिक उड्डयन् मन्त्रालयको संयोजनमा प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, अर्थ, गृह, सामान्य प्रशासन, स्थानीय विकास र कर्मचारी प्रतिनिधि सहभागी रहेको दुई वटा समूह टोलीले पश्चिमाञ्चल, मध्यमाञ्चल र पूर्वाञ्चलका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वका स्थलहरूको अवलोकन भ्रमण सम्पन्न गरी Leave Tourism कार्यक्रमको थालनी भएको छ । उक्त समूहमा सम्मिलित सहभागीहरूको धारणा सहित अवलोकन भएका स्थानहरूको वृत्तचित्र तयार गरी नेपाल टेलिभिजन (NTV) बाट समय समयमा प्रशारण गर्न NTV को तीन सदस्यीय टोली पनि सहभागी भई ती स्थानहरूको छायाँङ्कन गर्ने कार्य सम्पन्न भएको छ ।

Home Stay र कला गाउं कार्यक्रम : Home Stay को सम्भाव्यता अध्ययन भएको क्षेत्रमा Home Stay सञ्चालन गर्न आयोजना स्थलको पूर्व अध्ययन/तथ्याङ्क संकलन, नापनक्शा भई परामर्श सेवा लिन सूचना प्रकाशित भएको तथा जातीगतरुपमा कला गाउँको अध्ययन गरिने जिल्लाको छनौट कार्य पूरा भएको छ ।

नेपाल तथा भारत सरकारबीच सम्पन्न द्विपक्षीय हवाई सेवा सम्झौता :- नेपाल तथा भारत सरकारबीच हालै भएको द्विपक्षीय हवाई सेवा सम्झौतामा व्यवस्था भए अनुसार पहिले भएको प्रतिहप्ता छ हजार सीटलाई वृद्धि गरी भारतको नयाँ दिल्ली, मुम्वई, चेन्नई, कोलकाता, हैदरावाद र बैङ्गलोर महानगरहरूमा एकतर्फ प्रति हप्ता ३० हजार सीटको व्यवस्था गरिएको छ । सार्क घोषणा पत्रको भावनालाई आत्मसात गर्दै भारतका विभिन्न १८ वटा (अहमदावाद, अमृतसर, औरङ्गावाद, भुवनेश्वर, कालीकट, कोचिन, गया, गोवा, गुवाहाटी, जयपुर, खजुराहो, लखनउ, पटना, पोर्ट व्लेयर, थिरुवनान्थापुरम, तिरुचिरपल्ली, वनारस, विशाखापत्तनम्) विन्दूहरूको साथै नेपालको अनुरोधमा थप तीन वटा विन्दूहरू (वागडोग्रा, देहरादून र गोरखपुर) गरी जम्मा २१ वटा विन्दूमा र भारत पश्चात् सार्क क्षेत्रको कुनै पनि विन्दूमा तोकिएको वायुसेवाहरूले असीमित संख्यामा सीट उपयोग गर्न पाउने सुविधा नेपालले प्राप्त गरेको छ । नेपालले भारतको सात वटा विन्दूहरूमा मात्र उडान सेवा सञ्चालन गर्न पाईरहेकोमा अव उप्रान्त २७ वटा विन्दूहरूमा उडान सेवा सञ्चालन गर्न पाउने भएको छ ।

पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समितिको गुरुयोजना स्वीकृत : पर्वतीय पर्यटनको क्षेत्रमा सक्षम जनशक्तिलाई तालीम, प्रशिक्षण र शिक्षा दिई स्तरीय जनशक्ति उत्पादन गर्ने उद्देश्यले गठन गरिएको पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समितिको गुरु योजना नेपाल सरकार (पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय) बाट स्वीकृत भइसकेको छ ।

स्रोतः पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।

तालीका ८(ज): पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको लक्ष्य एवं उपलब्धिहरू

क.सं.	विवरण	२०६५ पुससम्मको स्थिति	२०६६ पुससम्मको लक्ष्य	२०६६ पुससम्मको प्रगति
१	पर्यटन आवागमन	५,००,२७७	६,५०,०००	५,०९,७५२
२	पर्यटन बसाइ अवधि (दिनमा)	११.७८	१३	११.६
३	पर्यटनबाट प्राप्त आय (रू. करोड)	१८,६५.३०*	४१४५.९६	२७९६.०० **
४	प्रति पर्यटक आय (रू.)	३७२८५.३४	६३,७८४	५४८५०.२०
५	प्रति पर्यटक प्रति दिन खर्च (रू.)	३१६५.१४	४,९०६.४४	२८३५.५९
६	प्रति अमेरिकी डलर औसत विनिमय दर (रू.)	६५.०२		७६.८८
७	प्रति पर्यटक प्रति दिन खर्च (अमेरिकी डलर वरावर)	४८.६८	६३.०	३६.८८
८	विदेशी मुद्रा आर्जन (अमेरिकी डलर दश लाख वरावर)	२८६.८८	५३२.३५	२१५.२९
९	कुल गार्हस्थ्य उत्पादन (रू. करोड)	९,९१,३१.६०		११,८२,६८.००
१०	कुल गार्हस्थ्य उत्पादनमा योगदान (प्रतिशत)	२.०	३.०	२.१
११	प्रत्यक्ष रोजगार (हजारमा)	८८	१००	९०
१२	नियमित उडानमा नेपाल आउने अन्तर्राष्ट्रिय विमान सेवा (संख्यामा)	२०	२५	२२

*आर्थिक वर्ष २०६४/६५,

**आर्थिक वर्ष २०६५/६६,

स्रोत : पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,केन्द्रिय तथ्यांक विभाग तथा नेपाल राष्ट्र बैंकबाट प्राप्त तथ्याङ्कमा आधारित ।

८.६८ कुल पर्यटकहरूको आगमन मध्ये २०६५ पुसदेखि २०६६ पुससम्मको अवधिमा उत्तर अमेरीकाबाट ८.० प्रतिशत, मध्य तथा दक्षिण अमेरिकाबाट १.३ प्रतिशत, पश्चिम यूरोपबाट २७.७ प्रतिशत, पूर्वी युरोपबाट २.५ प्रतिशत, अफ्रिकाबाट ०.२ प्रतिशत, भारतबाट १८.४ प्रतिशत, अष्ट्रेलिया एवं प्रशान्त क्षेत्रबाट ३.५प्रतिशत र अन्य देशहरूबाट ३७.६ प्रतिशत पर्यटकहरू आगमन भएको अनुमान छ । कुल पर्यटक मध्ये एसिया महादेशबाट ५६.० प्रतिशत पर्यटकहरू आगमन भएको अनुमान छ । मध्य तथा दक्षिण अमेरिका, पूर्वी युरोप, अफ्रिकाबाट पर्यटक आगमनमा कमी आएको छ भने बाँकी क्षेत्रबाट पर्यटक संख्या केही वृद्धि भएको देखिन्छ ।

८.६९ मुलुक भरिकै होटल र होटल शैयालाई हेर्दा २०६५ पुस देखि २०६६ पुससम्मको अवधिमा तारेस्तरको होटल संख्यामा एकले बढेर ९७ पुगेको छ भने तारे होटल बाहेकको होटल संख्या ७४ ले वृद्धि भई ६ सय ४७ पुगेको छ । तारे होटलको शैयाको संख्या अघिल्लो वर्षभन्दा ४९ वटा थप भई ९ हजार ३ सय ६९ शैया पुगेको छ भने

तारे होटल बाहेक अन्य होटलको शैया संख्या २ हजार ३ सय ८१ वटा थप भई १९ हजार १ सय २४ पुगेको छ ।

८.७० नेपाल आउने पर्वतारोहण दल र पर्वतारोहीहरूको स्थिति हेर्दा २०६५ फागुनको तुलनामा २०६६ फागुनसम्म पर्वतारोहण दलको संख्या ७३ ले बढी २ सय ३५ पुगेको छ । त्यसैगरी, सोही अवधिमा पर्वतारोहीहरूको संख्या ५ सय १० ले बढ्न गई १ हजार ५ सय १९ पुगेको छ । सोही अवधिमा नेपाल सरकारलाई प्राप्त हुने राजस्व (रोयल्टी) पनि उल्लेख्य वृद्धि भई रू. ३ करोड ५४ लाख २६ हजारबाट रू. २५ करोड २५ लाख पुगेको छ ।

८.७१ पर्यटन क्षेत्रको विकासको लागि आवश्यक उच्चस्तरीय जनशक्ति उत्पादन गरी देशमा पर्यटन विविधिकरण एवम् स्वरोजगारको माध्यमबाट ग्रामीण गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउन नेपाल पर्यटन तथा होटल व्यबस्थापन प्रतिष्ठान संलग्न रहिआएको छ । प्रतिष्ठानले ग्रामीण क्षेत्रमा पर्यटन व्यवसाय प्रर्वद्धन गर्ने उद्देश्यले त्यस क्षेत्रका जनतामा पर्यटन ब्यावसायमा लगानी गर्ने अभिरुची उत्पन्न गराउन पर्यटनमूलक व्यवसाय प्रर्वद्धन गर्न सहयोग पुऱ्याउने तालीमहरू सञ्चालन गर्नुका साथै शहरी क्षेत्रका साना ठूला सबै पर्यटनमूलक उद्योग व्यवसायीहरूलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न आर्थिक वर्ष २०६०/६१ देखि तीन वर्षे ब्याचलर इन ट्राभल एण्ड टुरिजम म्यानेजमेन्ट कोर्ष सुरु गरेको छ । साथै, पर्यटन सम्बन्धी दक्ष जनशक्ति उत्पादन गर्न व्याचलर इन होटल म्यानेजमेन्ट, विभिन्न किसिमका होटल व्यवस्थापन सम्बन्धी तालीमहरू, पथ प्रदर्शक, टूर ट्राभल एजेन्सी एवं टिकेटिङ्ग, कुक, नाइके, जलयात्रा प्रदर्शक, हस्पिट्यालिटी कोर्ष, होम स्टे म्यानेजमेण्ट तथा एग्री टुरिजम जस्ता विभिन्न विषयमा घुम्ति तालीम पनि दिइरहेको छ । पर्यटन वर्ष २०११ लाई लक्षित गरी प्रतिष्ठानले स्थानीयस्तरमा होम स्टे तथा स्थानीय गाइड तालीमलाई प्राथमिकता दिई सञ्चालन गरिरहेको छ । प्रतिष्ठानले आर्थिक वर्ष २०६५/६६ मा १ हजार ५ सय ७५ जनालाई बिभिन्न बिषयको तालीम प्रदान गरेकोमा आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामै यो संख्या १ हजार ५ सय २३ पुगिसकेको छ । हालसम्म प्रतिष्ठानबाट उत्पादित जनशक्ति संख्या २७ हजार नाघेको छ ।

८.७२ आर्थिक वर्ष २०६४/६५ को तुलनामा आर्थिक वर्ष २०६५/६६ मा पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा ४९.९ प्रतिशत बढ्न गई रू. २७ अर्व ९६ करोड पुगेको छ । आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनासम्ममा आर्जन भएको रू. १६ अर्व ७६ करोड बराबरको विदेशी मुद्रा गत वर्षको सोही अवधिको आर्जन भन्दा ०.३४ प्रतिशतले घट्न गएको छ । आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा आर्जित विदेशी मुद्राको अंश कुल वस्तु निर्यातबाट प्राप्त विदेशी मुद्राको ४०.० प्रतिशत, कुल वस्तु निर्यात एवं सेवाबाट प्राप्त विदेशी मुद्राको २३.१ प्रतिशत र आर्जित कुल विदेशी मुद्राको ६.० प्रतिशत रहेको छ ।



८.७३ अन्तर्राष्ट्रियस्तरमा पर्यटन प्रवर्द्धन तथा बजारीकरणको लागि जर्मनीको बर्लिनमा भएको पर्यटन मेला ITB (International Tourism Exchange) 2010 मा नेपालको सहभागीता रह्यो । बेलायतको लण्डनमा आयोजित WTM (World Travel Market) 2009, चीनको CITM (China International Travel Market) 2009, तथा स्पेनको मेड्रिडमा सम्पन्न मेलामा सहभागीता जनाउनुका साथै नेपाल पर्यटन बोर्डमार्फत 'Naturally Nepal, Once Is Not Enough' ब्राण्डिङ्ग गरी चीन, बेलायत, जर्मनी, भारत (बेंगलोर, पुने, अहमदावाद, पटना, लखनउ, वाराणसी) र इटलीमा विभिन्न उत्सव/महोत्सवहरूको आयोजना गरिएको थियो ।

९. सार्वजनिक संस्थान तथा निजीकरण

समग्र समीक्षा

९.१ सार्वजनिक सेवालाई प्रभावकारी बनाई सर्वसाधारणलाई सुपथ मूल्यमा सरल र सहज ढङ्गबाट वस्तु तथा सेवा उपलव्ध गराउने उद्देश्यले सार्वजनिक संस्थानहरू स्थापना गरिएका हुन। सार्वजनिक संस्थानहरूको उद्देश्य राज्यको आर्थिक वृद्धि उकास्ने, सार्वजनिक वचत परिचालन गर्ने, रोजगारी प्रदान गर्ने, निजी क्षेत्रको एकाधिकार नियन्त्रण गर्ने, समाजमा रहेको वितरणको विभेद हटाउने, राष्ट्रिय स्रोत र सम्पदाको उपयोग र संरक्षण गर्ने रहेको छ। समग्रमा सार्वजनिक संस्थानहरू राज्यको आर्थिक, सामाजिक र राजनैतिक उद्देश्यहरू परिपूर्तिका लागि स्थापना गरिएका हुन्छन्। यस्ता उद्देश्य प्राप्त गर्न सार्वजनिक संस्थानहरूलाई प्रतिस्पर्धी र व्यावसायिक बनाई प्रभावकारी ढङ्गले सञ्चालन गरिनु पर्दछ। यसमा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा सञ्चालित ३६ वटा सार्वजनिक संस्थानहरू र आंशिक स्वामित्व रहेका ३९ वटा संस्थानहरूको आर्थिक वर्ष २०६५/६६ को भौतिक एवं वित्तीय प्रगतिहरूको आधारमा कार्य सम्पादन समीक्षा गरिएको छ।

९.२ आर्थिक वर्ष २०६४/६५ मा ३६ वटा सरकारी संस्थानहरूको खुद स्थिर सम्पत्ति रू. १ खर्ब २४ अर्व ८९ करोड रहेकोमा आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा ती संस्थानहरूको सम्पत्ति रू. ८ अर्व ८५ करोडले वृद्धि भई कुल स्थिर सम्पत्ति रू. १ खर्ब ३३ अर्ब ७४ करोड पुगेको देखिन्छ। आर्थिक वर्ष २०६५/६६ मा औद्योगिक क्षेत्रका संस्थानहरू मध्ये नेपाल औषधि लिमिटिड र नेपाल ओरिण्ड म्याग्नेसाइट, जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र लिमिटेड, हेटौंडा सिमेण्ट उद्योग, उदयपुर सिमेण्ट उद्योग लिमिटेडको स्थिर सम्पत्ति घटेको देखिएको छ भने नेपाल विद्युत प्राधिकरण तथा नेपाल दूर संचार कम्पनीले क्रमशः रू. ६ अर्व ९४ करोड र रू. १ अर्व ८६ करोड स्थिर सम्पत्ति बढाएको कारणले सार्वजनिक संस्थानहरूको स्थिर सम्पत्ति समग्रमा बढ्न गएको छ।

९.३ सरकारको पूर्ण तथा अधिकांश स्वामित्वमा सञ्चालित ३६ वटा सार्वजनिक संस्थानहरूको कुल शेयरधनी कोष आर्थिक वर्ष २०६४/६५ मा रू. ४८ अर्ब ११ करोडको हाराहारीमा रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा सोबाट वृद्धि भई रू. ६१ अर्ब १० करोड पुग्न गएको छ। यसबाट समग्रमा संस्थानहरूको जगेडा कोषमा वृद्धि भई सुधारको संकेत देखिएको छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त तथ्यांक अनुसार आर्थिक वर्ष २०६४/६५ मा सार्वजनिक संस्थानहरूमा सरकारको शेयर लगानी रू. ८१ अर्ब ९२ करोड रहेकोमा २०६५/६६ को अन्तमा रू. ८६ अर्ब १३ करोड पुग्न गएको र लगानीको अनुपातमा करिव ३० प्रतिशत पुँजी क्षय भएको देखिन्छ, जुन अघिल्लो वर्षको दाँजोमा सुधारोन्मुख देखिन्छ। यसैगरी, आर्थिक वर्ष २०६४/६५ सार्वजनिक संस्थानहरूमा नेपाल सरकारको ऋण लगानी रू. ८३ अर्ब ५२ करोड

रहेकोमा सो मा कमी आई आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा रू. ७९ अर्ब ४ करोड रहेको देखिन्छ। यस ऋण रकममा नेपाल सरकारको ऋण, अन्तर्राष्ट्रिय संघ-संस्थाबाट लिएर नेपाल सरकारले प्रवाह गरेको ऋण र बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको अल्पकालीन तथा दीर्घकालीन ऋण समेत समावेश गरिएको छ।

९.४ आर्थिक वर्ष २०६४/६५ मा ३६ वटा सार्वजनिक संस्थानहरू मध्ये १७ वटाले खुद मुनाफा आर्जन गरेका र १९ वटा संस्थान घाटामा सञ्चालित थिए भने आर्थिक वर्ष २०६५/६६ मा ३६ वटा सार्वजनिक संस्थानहरु मध्ये १८ वटा नाफामा र १८ वटा घाटामा सञ्चालित छन्। त्यसैगरी, सबै ३६ वटा संस्थानहरूको समग्र नाफा/नोक्सान विश्लेषण गर्दा आर्थिक वर्ष २०६४/६५ मा कुल मुनाफा रू. ४ अर्ब ९४ करोड रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा कुल मुनाफामा वृद्धि भई १० अर्ब ५५ करोड पुगेको देखिन्छ। उल्लेखनीय नाफा आर्जन गर्ने संस्थानहरूमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले रू. १० अर्ब १८ करोड, राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेडले रू. २ अर्ब ६ करोड, नेपाल आयल निगम लिमिटेडले रू. ३ अर्ब ३१ करोड, कृषि विकास बैंक लिमिटेडले रू. १ अर्ब ५ करोड नाफा आर्जन गरेका छन्। समग्रमा आर्थिक वर्ष २०६४/६५ को दाँजोमा आर्थिक वर्ष २०६५/६६ मा सर्वजनिक संस्थानहरूको मुनाफा वृद्धि भई केही सुधार भएको देखिन्छ।

९.५ आर्थिक वर्ष २०६५/६६ मा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, नेपाल दूर सञ्चार कम्पनी लिमिटेड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड र राष्ट्रिय बीमा संस्थान गरी जम्मा ४ वटा सार्वजनिक संस्थानहरूबाट रू. ३ अर्ब ४७ करोड लाभांश नेपाल सरकारलाई प्राप्त भएको छ जुन कुल शेयर लगानीको ४.०३ प्रतिशत हुन आउँछ। अघिल्लो वर्ष आर्थिक वर्ष २०६४/६५ मा चार वटा सार्वजनिक संस्थानहरूबाट नेपाल सरकारलाई रू. १ अर्ब ५१ करोड लाभांश प्राप्त भएको थियो।

क्षेत्रगत विश्लेषण

औद्योगिक क्षेत्र

९.६ औद्योगिक क्षेत्रका सात वटा संस्थानहरूले आर्थिक वर्ष २०६५/६६ मा कुल रू. ४ अर्ब ४९ करोड ५ लाखको उत्पादन एवं विक्री कारोवार गरेका छन् जुन आर्थिक वर्ष २०६४/६५ को भन्दा ३.३४ प्रतिशतले बढी छ। मुख्यरुपमा दुग्ध विकास संस्थान, हेटौडा सिमेण्ट उद्योग लि., जनकपुर चुरोट कारखाना लि. र उदयुपर सिमेण्ट उद्योग लि. ले क्रमशः रू. २ अर्ब १९ करोड ३३ लाख, ७७ अर्ब ७ करोड, ८९ अर्ब ३४ करोड तथा रू. ५५ अर्ब २८ करोड विक्री कारोवार गरी यस क्षेत्रको विक्रीमा प्रमुख योगदान पुऱ्याएका छन्। गत वर्षको तुलनामा हेटौंडा सिमेण्ट उद्योग लि. को कुल बिक्रीमा २२.१३ प्रतिशतले ह्रास आएको छ भने उदयपुर सिमेण्ट उद्योग लि. को कुल बिक्रीमा सामान्य वृद्धि भएको छ। दुग्ध विकास संस्थानको विक्रीमा २१.८० प्रतिशतले उत्साहकजनक वृद्धि भएको छ। यस अवधिमा नेपाल ओरिण्ड म्याग्नेसाइट (प्रा.) लि. को कुनै बिक्री छैन।

नाफा नोक्सानको स्थिति

९.७ आर्थिक वर्ष २०६४/६५ मा औद्योगिक क्षेत्रका सात वटा संस्थानहरूको खुद नोक्सान रू. ४३ करोड ५९ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा सो नोक्सान बढेर रू. ७० करोड ११ लाख पुगेको छ जसमा उदयपुर सिमेण्ट उद्योग लि. को नोक्सानी रू. २६ करोड ६० लाखबाट घटेर रू. २३ करोड ४५ लाख र जनकपुर चुरोट कारखानाको नोक्सानी रू. १५ करोड ४५ लाखबाट सीमान्तरुपमा घटेर रू. १५ करोड ४ लाख पुगेको छ। नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि.को आर्थिक वर्ष २०६५/६६ को नोक्सानी गत वर्षको रू. ८ करोड ६१ लाखबाट कमी भई रू. ८ करोड ५२ लाख पुगेको छ। दुग्ध विकास संस्थानको आर्थिक वर्ष २०६४/६५ मा रू. ८ करोड ९८ लाख खुद नोक्सान रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा खुद नोक्सानी घटेर रू. ८६ लाखमा आएको छ। नेपाल औषधि लि. ले आर्थिक वर्ष २०६४/६५ मा ६ करोड ६१ लाख मुनाफा गरेकोमा आर्थिक वर्ष २०६५/६६ मा १६ करोड २१ लाख खुद नोक्सान गरेको देखिन्छ। औद्योगिक क्षेत्रका सात वटै संस्थानहरू घाटामा सञ्चालित छन्।

ऋण, सम्पत्ति तथा शेयरधनी कोष

९.८ आर्थिक वर्ष २०६४/६५ मा समग्र औद्योगिक क्षेत्रको कुल वक्यौता ऋण रकम रू. ३ अर्ब ६२ करोड ८३ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा यस्तो ऋण रकममा खासै ठूलो अन्तर परेको देखिंदैन। २०६६ असार मसान्तमा समग्र औद्योगिक क्षेत्रको कुल वक्यौता ऋण रकम रू. ३ अर्ब ६८ करोड ९४ लाख रहेको छ। यस्तै, खुद स्थिर सम्पत्ति रू. ४ अर्ब ६७ करोड १ लाखबाट रू. १ करोड ३४ लाख घट्न गई रू. ४ अर्ब ६५ करोड ६७ लाख पुगेको छ। आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा यस क्षेत्रका सात वटै संस्थानहरूको कुल शेयरधनी कोष रू. १ अर्ब ७ करोड ७३ लाख ऋणात्मक रहेकोमा आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा सो कुल शेयरधनी कोष रू. १ अर्ब ४१ करोड ७८ लाख ऋणात्मक हुन पुगेको छ। दुग्ध विकास संस्थानको शेयरधनी कोष गत आर्थिक वर्षको तुलनामा रू. ११ करोड ७ लाखले वृद्धि भएतापनि औद्योगिक क्षेत्रको कुल शेयरधनी कोष यस वर्ष पनि थप ऋणात्मक भएको छ। समग्रमा औद्योगिक क्षेत्रको आर्थिक वर्ष २०६५/६६ को प्रगति सन्तोषजनक देखिदैन।

व्यापारिक क्षेत्र

९.९ व्यापारिक क्षेत्र अन्तर्गत रहेका छ वटा सार्वजनिक संस्थानहरूको आर्थिक वर्ष २०६५/६६ को कुल बिक्री कारोवार रू. ५० अर्ब ६५ करोड २९ लाख रह्यो। यो आर्थिक वर्ष २०६४/६५ को रू. ४१ अर्ब ६ करोड ६४ लाखको तुलनामा २३.३४ प्रतिशतले बढी छ। व्यापारिक क्षेत्रका सरकारी संस्थानहरूको कुल बिक्रीमा करिव ९६.०५ प्रतिशत योगदान नेपाल आयल निगम लि. को रहेको छ। आर्थिक वर्ष २०६४/६५ को तुलनामा आर्थिक वर्ष २०६५/६६ मा नेपाल आयल निगम लि. को बिक्री रू. ९ अर्ब ८२ करोड २ लाखले बढेको छ। कृषि सामग्री कम्पनीको बिक्री आर्थिक वर्ष २०६४/६५ मा रू. १६ करोड १५ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६

मा १८.२० प्रतिशतले ह्रास आई रू. १३ करोड २१ लाखमा झरेको छ। यसबाट सो संस्थाको दिगोपनामा गत वर्ष उठाइएको प्रश्नचिन्ह यथावत रहेको छ।

नाफा नोक्सानको स्थिति

९.१० आर्थिक वर्ष २०६४/६५ मा व्यापारिक क्षेत्रका सार्वजनिक संस्थानहरूको खुद नोक्सानी रू. ५ अर्ब ६९ करोड १३ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा खुद नाफा रू. ३ अर्ब २२ करोड ५६ लाख पुगेको छ। नेपाल आयल निगमले आर्थिक वर्ष २०६४/६५ मा रू. ५ अर्ब ५७ करोड ४५ लाखको नोक्सानी व्यहोरेकोमा आर्थिक वर्ष २०६५/६६ मा रू. ३ अर्ब ३१ करोड ४१ लाख नाफा गर्न सक्षम भएको छ। नेपाल आयल निगमको नाफामा भएको वृद्धिले गर्दा व्यापारिक क्षेत्रको खुद नाफामा वृद्धि हुन आएको हो। यस क्षेत्रका संस्थानहरूमध्ये राष्ट्रिय बीउ बीजन कम्पनी लि., दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. र नेपाल खाद्य संस्थानले आर्थिक वर्ष २०६५/६६ मा क्रमशः रू. ८ लाख, रू. ५ करोड ३१ लाख र रू. ५१ लाख खुद नाफा गरेका छन्। कृषि सामग्री कम्पनी लिमिटेडको यस आर्थिक वर्ष २०६५/६६ को नोक्सानी रू. ११ करोड ३० लाख रहेको छ।

ऋण, सम्पत्ति तथा शेयरधनी कोष

९.११ २०६६ असार मसान्तमा व्यापारिक क्षेत्रका संस्थानहरूको कुल ऋण रू. १२ अर्ब २७ करोड २७ लाख रहेको छ। आर्थिक वर्ष २०६४/६५ मा उक्त ऋण रू. १४ अर्ब १३ करोड ३ लाख रहेको थियो। आर्थिक वर्ष २०६४/६५ सम्म नेपाल आयल निगम लि. को ऋण तथा तिर्नुपर्ने बक्यौता रकम निरन्तर बढने क्रममा रहेको भएता पनि आर्थिक वर्ष २०६५/६६ मा रू. १ अर्ब ९१ करोड ३३ लाखले घटेको हुदाँ समग्र व्यापारिक क्षेत्रको ऋण रकममा कमी आएको देखिन्छ। यस बाहेक नेशनल ट्रेडिङ्ग लि. को ऋण रकम आर्थिक वर्ष २०६४/६५ को रू. ३५ करोड ५६ लाखले कमी भई रू. ४१ करोड ६४ लाखमा झरेको छ। आर्थिक वर्ष २०६४/६५ मा व्यापारिक क्षेत्रको खुद स्थिर सम्पत्ति रू. १ अर्ब ८२ करोड ८२ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा रू. ९२ लाख वृद्धि भई रू. १ अर्ब ८३ करोड ७४ लाख पुग्न गएको छ। आर्थिक वर्ष २०६५/६६ मा व्यापारिक क्षेत्रका संस्थानहरूको स्थिर सम्पत्तिमा उल्लेख्य थपघट भएको देखिदैन। त्यस्तै, समग्र शेयरधनी कोष ऋणात्मक भएतापनि कृषि सामग्री कम्पनी लि., राष्ट्रिय बीउ वीजन कम्पनी लि. र दि. टिम्बर कर्पोरेशन अफ नेपाल लि.को शेयरधनी कोष भने धनात्मक छ। समग्रमा व्यापारिक क्षेत्रका संस्थानहरूको तुलनामा आर्थिक वर्ष २०६५/६६ को अन्त्यसम्ममा शेयरधनी कोष रू. ७ अर्ब १४ करोड ८७ लाख ऋणात्मक रहेको छ।

सेवा क्षेत्र

९.१२ सेवा क्षेत्र अन्तर्गतका सात वटा सार्वजनिक संस्थानहरूको कुल सञ्चालन आय आर्थिक वर्ष २०६४/६५ को तुलनामा १३.३८ प्रतिशतले ह्रास भई आर्थिक वर्ष २०६५/६६ मा रू. ४ अर्ब ७६ करोड १२ लाखमा झरेको छ। आर्थिक वर्ष २०६४/६५ को तुलनामा

नेपाल नागरिक उड्डयन प्राधिकरण, औद्योगिक क्षेत्र व्यवस्थापन लि. ले आफ्नो कारोवार बढाएका छन् । नेपाल वायुसेवा निगमको आम्दानी रू. ३ अर्ब ३१ करोड २८ लाखबाट घटेर रू. २ अर्ब २७ करोड १९ लाखमा झरेको छ । साथै, नेपाल इन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि.को आम्दानी घटेको छ भने नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि.को कारोवार बढेको छ ।

नाफा नोक्सानको स्थिति

९.१३ आर्थिक वर्ष २०६५/६६ को अन्त्यसम्ममा समग्र सेवा क्षेत्रका संस्थानहरूको खुद नोक्सानी रू. ५९ करोड ३४ लाख रहेको छ जुन आर्थिक वर्ष २०६४/६५ को खुद नाफा रू. २१ करोड ५३ लाखको तुलनामा करिव ३७५.१ प्रतिशतले ह्रास आएको देखिन्छ । आर्थिक वर्ष २०६४/६५ मा यस क्षेत्रका नागरिक उड्डयन प्राधिकरण, औद्योगिक क्षेत्र व्यवस्थापन लि. र नेपाल पारवहन तथा गोदाम व्यवस्था कं. लि.को खुद मुनाफा क्रमशः रू. ४१ करोड २७ लाख, रू. १ करोड ९५ लाख र रू. ८९ लाख रहेको भएता पनि यस आर्थिक वर्षमा नागरिक उड्डयन प्राधिकरणले रू. ५९ करोड ९० लाख घाटा व्यहोर्नु परेको छ । आर्थिक वर्ष २०६४/६५ मा नेपाल वायु सेवा निगमको खुद नोक्सानी रू. १९ करोड ७१ लाख रहेकोमा यस आर्थिक वर्षमा रू. ३ करोड खुद मुनाफा गर्न सफल भएको छ । नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि., नेपाल इन्जिनियरिङ्ग सेवा कन्सल्टेन्सी लि. तथा राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि. आर्थिक वर्ष २०६५/६६ मा पनि नोक्सानी मै सञ्चालित रहेका छन् ।

ऋण, सम्पत्ति तथा शेयरधनी कोष

९.१४ सेवा क्षेत्रका संस्थानहरूमध्ये नेपाल वायुसेवा निगम र नागरिक उड्डयन प्राधिकरणले मात्र ऋण उपभोग गरिरहेका छन् । आर्थिक वर्ष २०६५/६६ को अन्त्यसम्ममा नेपाल वायुसेवा निगमको रू. १ अर्ब ६४ लाख र नागरिक उड्डयन प्राधिकरणको रू. २ अर्ब ८ करोड ७२ लाख गरी सेवा क्षेत्रमा कुल ऋण रू. ३ अर्ब ९ करोड ३६ लाख बक्यौता रहेको छ । सेवा क्षेत्रका संस्थानहरूको खुद स्थिर सम्पत्ति रू. १० अर्ब २९ करोड रहेको देखिन्छ जुन आर्थिक वर्ष २०६४/६५ को हाराहारी मै रहेको छ । सेवा क्षेत्रका ७ वटा सरकारी संस्थानहरूमध्ये नेपाल वायुसेवा निगमको शेयरधनी कोष रू. १ अर्ब २८ करोड ७० लाखले ऋणात्मक रहेको छ भने बाँकी ६ वटा संस्थानहरूको शेयरधनी कोष धनात्मक नै रहेको छ । सेवा क्षेत्रका संस्थानहरूको शेयरधनी कोष समग्रमा रू. ८ अर्ब १ करोड ७९ लाखले धनात्मक रहेको छ ।

सामाजिक क्षेत्र

९.१५ सामाजिक क्षेत्र अन्तर्गतका पाँचवटा सार्वजनिक संस्थानहरूको आर्थिक वर्ष २०६५/६६ को कुल सञ्चालन आय रू. १ अर्ब ४९ करोड १२ लाख रहेको छ र यो आर्थिक वर्ष २०६४/६५ को भन्दा रू. ३७ करोड ३१ लाख बढी हो । यस क्षेत्रमा जनक शिक्षा सामग्री केन्द्र लि. ले सवैभन्दा बढी रू. ८६ करोड ४५ लाखको बिक्री कारोवार गरेको छ भने नेपाल टेलिभिजनले रू. १९ करोड ९४ लाख र गोरखापत्र संस्थानले पनि रू.

३६ करोड १२ लाखको कारोवार गरेको छ। आर्थिक वर्ष २०६४/६५ को तुलनामा यी संस्थानहरूको कुल बिक्रीमा ३३.३७ प्रतिशत वृद्धि भएकोले समग्र सामाजिक क्षेत्रको कुल बिक्री कारोवार बढेको देखिन्छ।

नाफा नोक्सानको स्थिति

९.१६ आर्थिक वर्ष २०६४/६५ मा सामाजिक क्षेत्रका सार्वजनिक संस्थानहरूको खुद नोक्सानी रू. १२ करोड ४९ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा नोक्सानी रू. १५ करोड ८३ लाखले वृद्धि भई खुद नोक्सानी रू. २८ करोड ३२ लाख रहेको छ। आर्थिक वर्ष २०६४/६५ को तुलनामा आर्थिक वर्ष २०६५/६६ मा गोरखापत्र संस्थान र ग्रामीण आवास कम्पनी लि. ले नाफा गरेको भएतापनि बाँकी रहेका तीन वटा संस्थानहरू यस वर्ष नोक्सानीमा रहेका छन्। समीक्षा अवधिमा नेपाल टेलिभिजन, जनक शिक्षा सामग्री केन्द्र लि. र सास्कृतिक संस्थानको नोक्सान क्रमशः रू. ८ करोड ३ लाख, रू. २१ करोड ४८ लाख र रू. ५४ लाख रहेको देखिन्छ। आर्थिक वर्ष २०६४/६५ मा ग्रामिण आवास कम्पनी लि. नोक्सानमा रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा रू. ५३ लाख नाफा गरेको छ। आर्थिक वर्ष २०६६/६७ को प्रगति अनुमान अनुसार यस क्षेत्रको खुद नोक्सानी रू. २ करोड ३६ लाखको हाराहारीमा रहने अनुमान गरिएको छ।

ऋण, सम्पत्ति तथा शेयरधनी कोष

९.१७ सामाजिक क्षेत्रका संस्थानहरूमध्ये सांस्कृतिक संस्थान र गोरखापत्र संस्थानको मात्र ऋण दायित्व देखिन्छ यो क्रमशः रू. २० करोड ६७ लाख र रू. २ करोड ७ लाख रहेको छ। साँस्कृतिक संस्थानको दीर्घकालीन ऋण रकम आर्थिक वर्ष २०६१/६२ मा रू. १० करोड २० लाख रहेकोमा सोमा क्रमशः वृद्धि भई आर्थिक वर्ष २०६२/६३ मा रू. १२ करोड ७३ लाख, आर्थिक वर्ष २०६३/६४ मा रू. १६ करोड २३ लाख, आर्थिक वर्ष २०६४/६५ मा रू. १८ करोड ४३ लाख र आर्थिक वर्ष २०६५/६६ मा रू. २० करोड ६७ लाख पुगेको छ। गोरखापत्र संस्थानको आर्थिक वर्ष २०६४/६५ मा रू. २ करोड ४६ लाख ऋण बक्यौता रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा रू. २ करोड ७ लाख रहेको छ। आर्थिक वर्ष २०६४/६५ मा सामाजिक क्षेत्रका संस्थानहरूको खुद स्थिर सम्पत्ति रू. १ अर्ब ४ करोड ४५ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा केही वृद्धि भई रू. १ अर्ब ६ करोड ६५ लाख पुगेको छ। आर्थिक वर्ष २०६५/६६ मा स्थिर सम्पत्ति उल्लेख्यरुपमा बढेको देखिदैन। सामाजिक क्षेत्रका संस्थानहरूको शेयरधनी कोष आर्थिक वर्ष २०६४/६५ मा रू. १ अर्ब ४९ करोड २१ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा घटेर रू. १ अर्ब १८ करोड १२ लाख पुगेको छ। आर्थिक वर्ष २०६४/६५ मा यस क्षेत्रका कुनै पनि संस्थानहरूको शेयरधनी कोष ऋणात्मक नभएपनि आर्थिक वर्ष २०६५/६६ मा भने सांस्कृतिक संस्थानको शेयरधनी कोष ऋणात्मक रहेको छ। समग्रमा सामाजिक क्षेत्रका संस्थानहरूको बिक्री अवस्था संतोषजनक देखिएतापनि यस अन्तर्गतका संस्थानहरूको घाटामा सुधार आउन सकेको छैन।

जनोपयोगी क्षेत्र

९.१८ जनोपयोगी क्षेत्रका तीनवटा संस्थानहरूको कुल सञ्चालन आय आर्थिक वर्ष २०६४/६५ मा रू. ३२ अर्ब २१ करोड रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा ९.६५ प्रतिशतले वृद्धि भई रू. ३५ अर्ब ३१ करोड ६० लाख पुगेको छ। काठमाण्डौं उपत्यकामा खानेपानी व्यवस्थापन गर्न छुट्टै काठमाण्डौं उपत्यका खानेपानी व्यवस्थापन वोर्ड गठन गरी नेपाल खानेपानी संस्थानको कार्यक्षेत्र उपत्यका वाहिर मात्र सीमित गरिएकाले सो संस्थानको कुल आम्दानी आर्थिक वर्ष २०६४/६५ मा घटेर रू. २४ करोड १७ लाखमा सीमित भएतापनि आर्थिक वर्ष २०६५/६६ मा सो आम्दानी केही बढेर रू. २४ करोड ७९ लाख भएको छ भने नेपाल विद्युत प्राधिकरणको सञ्चालन आय गत वर्ष रू. १५ अर्ब १८ करोड रहेकोमा यस वर्ष ४.९८ प्रतिशतले ह्रास भई रू. १४ अर्ब ४२ करोड १५ लाख पुगेको छ। यस्तै, नेपाल दूरसञ्चार कम्पनी लि. को कुल सञ्चालन आय आर्थिक वर्ष २०६४/६५ मा रू. १६ अर्ब ७८ करोड ८४ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा २२.९८ प्रतिशतले वृद्धि भई रू. २० अर्ब ६४ करोड ६६ लाख पुगेको छ।

नाफा नोक्सानको स्थिति

९.१९ यस क्षेत्रका संस्थानहरूको खुद मुनाफा आर्थिक वर्ष २०६४/६५ को रू. ७ अर्ब १ करोड ६९ लाखबाट ३४.८२ प्रतिशतले घटेर आर्थिक वर्ष २०६५/६६ मा रू. ४ अर्ब ५७ करोड ३७ लाख पुगेको छ। यस क्षेत्र अन्तर्गत आर्थिक वर्ष २०६५/६६ मा नेपाल दूरसञ्चार कम्पनी लि. मात्र रू. १० अर्ब १७ करोड ८० लाख खुद मुनाफामा रहेको छ। नेपाल दूरसञ्चार कम्पनी लि. को योगदानले समग्र जनोपयोगी क्षेत्र मुनाफामा रहन मद्दत पुऱ्याएको देखिन्छ। आर्थिक वर्ष २०६५/६६ मा नेपाल विद्युत प्राधिकरण र नेपाल खानेपानी संस्थानले क्रमशः रू. ५ अर्ब ५३ करोड ७७ लाख र रू. ६ करोड ६७ लाख घाटा व्यहोरेका छन्। नेपाल दूरसञ्चार कम्पनी लि. को आर्थिक वर्ष २०६६/६७ मा खुद मुनाफा रू. १२ अर्ब २ करोड ८६ लाख पुग्ने अनुमान रहेको छ।

ऋण, सम्पत्ति तथा शेयरधनी कोष

९.२० आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा नेपाल खानेपानी संस्थानको रू. ६५ करोड ९५ लाख र नेपाल विद्युत प्राधिकरणको रू. ५४ अर्ब ९५ करोड १७ लाख ऋण रहेको छ। यस क्षेत्रका संस्थानहरूको ठूलो लगानी स्थिर सम्पत्तिमा छ। निर्माणाधिन सम्पत्ति समेत गरी आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा रू. १ खर्ब ५ अर्ब ५५ करोड ७१ लाखको खुद स्थिर सम्पत्ति रहेकोमा आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा सो बढेर रू. १ खर्ब १४ अर्ब ४० करोड ६५ लाख पुगेको छ। यस क्षेत्रका संस्थानहरूको शेयरधनी कोष धनात्मक रहेको छ।

वित्तीय क्षेत्र

९.२१ वित्तीय क्षेत्रका आठ वटा सार्वजनिक संस्थानहरूको कुल सञ्चालन आय आर्थिक वर्ष २०६४/६५ को तुलनामा आर्थिक वर्ष २०६५/६६ मा ५.९५ प्रतिशतले वृद्धि भई रू.

११ अर्ब ५७ करोड ८१ लाख पुगेको छ। आर्थिक वर्ष २०६४/६५ मा नेपाल औद्योगिक विकास निगम लि. ले नविल बैंकको २ लाख ६५ हजार ५ सय ७० कित्ता शेयर बिक्री गरेकोले आयमा उल्लेखनीयरुपमा वृद्धि भई कुल सञ्चालन आय वृद्धि भएकोमा आर्थिक वर्ष २०६५/६६ मा रू. ९७ करोड ५५ लाखले आय घटेर रू. १४ करोड ९५ लाख कायम भएको छ। राष्ट्रिय बाणिज्य बैंक लि. को कुल सञ्चालन आय आर्थिक वर्ष २०६४/६५ मा रू. ३ अर्ब २९ करोड ६५ लाखबाट बढेर आर्थिक वर्ष २०६५/६६ मा रू. ४ अर्ब २४ करोड ३७ लाख पुगेको छ। कृषि विकास बैङ्क लि. र निक्षेप तथा कर्जा सुरक्षण निगम कम्पनी लि. को कुल सञ्चालन आयमा क्रमशः रू. ३१ करोड २५ लाख र ९ करोड ७४ लाखले वृद्धि भई क्रमशः ७.०८ र १२२.६७ प्रतिशत वृद्धि भएको छ। अन्य वित्तीय सार्वजनिक संस्थानहरूको कुल सञ्चालन आयमा भने सामान्य वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०६५/६६ मा यस क्षेत्रमा भएको कुल सञ्चालन आय रू. ११ अर्ब ५७ करोड ८१ लाख कायम भई रू. ६५ करोड ५ लाखको वृद्धि भएकोले समग्र वित्तीय क्षेत्रका संस्थानहरूको सञ्चालन आयमा सकारात्मक योगदान पुगेको छ। आर्थिक वर्ष २०६२/६३ देखि कृषि विकास बैंक लि.ले 'क' वर्गको वित्तीय कारोवार गर्ने वाणिज्य बैङ्कको रुपमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति पाई विभिन्न बैंकिङ्ग कारोवार सञ्चालन गर्दै आएको छ।

नाफा नोक्सानको स्थिति

९.२२ वित्तीय क्षेत्रको खुद मुनाफा आर्थिक वर्ष २०६४/६५ मा रू. ३ अर्ब ९६ करोड ३१ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा ९.११ प्रतिशतले वृद्धि भई रू. ४ अर्ब ३२ करोड ८७ लाख पुगेको छ। खासगरी राष्ट्रिय बाणिज्य बैंक लि, नेपाल औद्योगिक विकास निगम लि., नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कृषि विकास बैंक र राष्ट्रिय वीमा संस्थानको नाफा क्रमशः रू. २ अर्ब ६ करोड ११ लाख, रू. १५ करोड ८९ लाख, रू. ८ करोड ४८ लाख, रू. १ अर्ब ५ करोड ७६ लाख र रू. ८० करोड ८५ लाख रहेको छ। निक्षेप तथा कर्जा सुरक्षण निगम लि. ले आर्थिक वर्ष २०६४/६५ मा रू. २ करोड ८५ लाख नोक्सानमा गएकोमा आर्थिक वर्ष २०६५/६६ मा रू. ८ करोड ८७ लाख नाफा गरेको छ। आर्थिक वर्ष २०६४/६५ मा नागरिक लगानी कोषको मुनाफा रू. २ करोड ६६ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा ७८.२० प्रतिशतले वृद्धि भई रू. ४ करोड ७४ लाख पुगको छ।

ऋण, निक्षेप, लगानी र शेयरधनी कोष

९.२३ आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा यस क्षेत्रका संस्थानहरूको ऋण रू. ३ अर्ब ९५ करोड ५४ लाख बाँकी रहेको छ, जसमध्ये नेपाल औद्योगिक विकास निगमको रू. ७ करोड ७३ लाख र राष्ट्रिय वाणिज्य बैंक लि. को रू. ३८७.३६ करोड रहेको छ। वित्तीय क्षेत्रका संस्थानहरूमध्ये कृषि विकास बैंक लि., राष्ट्रिय बाणिज्य बैंक लि. र नेपाल आवास विकास वित्त कम्पनी लि. ले सर्वसाधारणबाट निक्षेप स्वीकार गरी कारोवार गर्दै आएका छन्। नेपाल औद्योगिक विकास निगम लि. ले पनि बैकिङ्ग कारोवार गर्ने स्वीकृति प्राप्त गरेको छ। आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा यस्तो निक्षेप रू. १

खर्ब ४ अर्ब ७९ करोड ४१ लाख पुगेको छ जुन गत वर्षको रू. ९३ अर्ब ९४ करोड ३१ लाख भन्दा ११.५५ प्रतिशतले बढी हो। त्यस्तै, आर्थिक वर्ष २०६४/६५ को अन्त्यमा यी संस्थानहरूको खुद कर्जा प्रवाह तथा लगानी रू. ३१ अर्ब ३३ करोड ९४ लाख रहेकोमा आर्थिक वर्ष २०६५/६६ को अन्त्यमा २११.० प्रतिशतले वृद्धि भई रू. ९७ अर्ब ४७ करोड ४४ लाख पुगेको छ। समग्र वित्तीय क्षेत्रका संस्थानहरूको शेयरधनीकोष आर्थिक वर्ष २०६४/६५ मा रू. ७ अर्ब ९५ करोड ६९ लाखले ऋणात्मक रहेकोमा आर्थिक वर्ष २०६५/६६ मा रू. ८० करोड ४६ लाखले ऋणात्मक रहेको छ। राष्ट्रिय वाणिज्य बैंक लि. को शेयरधनी कोष रू. १३ अर्ब ४७ करोड १७ लाखले ऋणात्मक रहेको कारणले अन्य सबै वित्तीय संस्थानहरूको शेयरधनी कोष धनात्मक नै भएता पनि समग्रमा शेयरधनी कोष ऋणात्मक देखिन गएको हो। सन् २००३ मा विश्व बैंकको सहयोगमा सञ्चालित वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत राष्ट्रिय वाणिज्य बैंक लि. को व्यवस्थापन करारमा दिए पश्चात् उक्त बैंकको खुद सम्पत्ति (Networth) मा क्रमिकरुपमा सुधार आएको पाइन्छ।

लेखापरीक्षणको अवस्था

९.२४ सार्वजनिक संस्थानहरूले प्रत्येक वर्ष लेखापरीक्षण गराउनु पर्ने कानुनी व्यवस्था भएतापनि सोको पूर्ण पालना नगर्ने परिपाटी अझै विद्यमान छ। ३६ वटा सार्वजनिक संस्थानहरू मध्ये १४ वटाले आर्थिक वर्ष २०६५/६६ सम्मको, १५ वटाले आर्थिक वर्ष २०६४/६५ सम्मको, २ वटाले आर्थिक वर्ष २०६३/६४ सम्मको र २ वटाले आर्थिक वर्ष २०६२/६३ सम्मको मात्र लेखापरीक्षण सम्पन्न गराएका छन्। सार्वजनिक संस्थानहरूमध्ये ३ वटा संस्थानहरुको लेखापरीक्षण सम्बन्धी अत्यन्त कमजोर अवस्था निम्नानुसार उल्लेख गरिएको छ :

तालीका ९(क): लेखापरीक्षण हुन नसकेका केही संस्थानहरु

क्र.सं.	सार्वजनिक संस्थानको नाम	लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्ष
१.	नेपाल ओरिण्ट म्याग्नेसाइट प्रा. लि.	२०५७/५८
२.	राष्ट्रिय बीमा संस्थान	२०५९/६०
३.	उदयपुर सिमेन्ट उद्योग लि.	२०६१/६२

स्रोत : अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखा।

कानूनले प्रष्टरुपमा समयावधि समेत तोकी लेखापरीक्षण गराउनु पर्ने व्यवस्था हुँदाहुँदै केही संस्थानहरूले यस्तो कानुनी व्यवस्थाको पालना नगर्नुलाई सम्बन्धित संस्थानको व्यवस्थापकीय असक्षमता, गैर जिम्मेवारी एवम् लापरवाहीको रुपमा लिन सकिन्छ।

संस्थानको सञ्चालक समितिमा सुधार

९.२५ संस्थानहरूको सञ्चालन तथा व्यवस्थापनमा दक्ष, व्यावसायिक एवं पेशाविद्हरूलाई मात्र प्रतिनिधित्व गराउने र सञ्चालक सदस्य संख्या पाँचमा सीमित गर्ने नीति अनुरूप अधिकांश संस्थानमा यो व्यवस्था अवलम्बन गरी सकिएको छ। केही संस्थानहरूको

सञ्चालक समितिको सदस्य संख्या सम्बन्धित ऐन/नियमद्वारा नै तोकिएकोले त्यस्तो ऐन/नियममा संशोधन गरी सदस्य संख्या पाँचमा सीमित गर्ने कार्यले पूर्णता पाउन बाँकी रहेको छ। यस अन्तर्गत पर्ने संस्थानहरूको नाम निम्नानुसार उल्लेख गरिएको छ:

तालीका ९(ख): सञ्चालक समिति सम्बन्धी सुधार हुन बाँकी संस्थानहरु

क्र.सं.	सार्वजनिक संस्थानको नाम	सञ्चालकको संख्या
१	नेपाल आयल निगम लि.	८
२	नागरिक उड्डयन प्राधिकरण	८
३	नेपाल आवाश विकास वित्त कम्पनी लि.	८
४	नेपाल विद्युत प्राधिकरण	८
५	नेपाल खाद्य संस्थान	८
६	नेपाल वायुसेवा निगम	७
७	राष्ट्रिय बीमा संस्थान	७
८	ग्रामीण आवास कम्पनी लि.	७
९	नेपाल खानेपानी संस्थान	७
१०	नेपाल स्टक एक्सचेञ्ज लि.	६
११	उदयपुर सिमेन्ट उद्योग लि.	६

स्रोत : अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखा।

नेपाल सरकारको शेयर तथा ऋण लगानी

९.२६ महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार सार्वजनिक संस्थानहरूमा नेपाल सरकारको शेयर लगानी रू. ८६ अर्ब १३ करोड ४८ लाख रहेको छ। उक्त लगानीबाट आर्थिक वर्ष २०६५/६६ मा सरकारले रू. ३ अर्ब ४७ करोड १७ लाख लाभांश प्राप्त गरेको छ। शेयर लगानीको अनुपातमा लाभांशको प्रतिशत ४.०३ मात्र रहेको छ। त्यस्तै, ऋण लगानीतर्फ आर्थिक वर्ष २०६५/६६ को अन्त्यसम्ममा रू. ७४ अर्ब ६० करोड २६ लाख वक्यौता रहेको छ। यसमध्ये आन्तरिक ऋणतर्फ रू. १२ अर्ब २९ करोड ३५ लाख र वाह्य ऋणतर्फ रू. ६२ अर्ब ३० करोड ९१ लाख रहेको छ। आर्थिक वर्ष २०६४/६५ को सरकारी संस्थान सम्बन्धी कार्य प्रगति तथा लक्ष्य विवरणमा विभिन्न संस्थानहरूमा नेपाल सरकारको शेयर र ऋण लगानी रकम सम्बन्धित संस्थानहरू र महालेखा नियन्त्रक कार्यालयको हिसावमा फरक परेको तथ्य औंल्याइएकोमा आर्थिक वर्ष २०६५/६६ को विवरणमा पनि हिसाव मिलानमा प्रगति भएको पाइएन। यसबाट अझै धेरै संस्थानहरूको शेयर र ऋण लगानी रकमको हिसाव मिलान गर्न बाँकी देखिन्छ। केही संस्थानहरुमा हुन नसकेको शेयर तथा ऋण लगानीको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

तालीका ९(ग): नेपाल सरकारको शेयर लगानीमा फरक देखिएको विवरण

(रू. लाखमा)

क्र. सं.	सार्वजनिक संस्थानको नाम	संस्थानले देखाएको रकम	म.ले.नि.का. ले देखाएको रकम	फरक रकम
१	जडिवुटी उत्पादन तथा प्रशोधन कं. लि.	२,७५	३,९७	-१,२२
२	कृषि सामग्री कंपनी लि.	४२,६३	४१,३६	१,२७
३	राष्ट्रिय बीउ विजन कम्पनी लि.	११,८५	११,०१	८४
४	नेपाल खाद्य संस्थान	९९.०५	९९.९३	-८८
५	नेपाल आयल निगम लि.	९.६७	२९.०८	-१९.४१
६	नेपाल नागरिक उड्डयन प्राधिकरण	९,९१,८६	१५,२०,५०	-५,२८,६४
७	ग्रामीण आवाश कम्पनी लि.	२,३३	२७	२,०६
८	नेपाल खानेपानी संस्थान	३४.७६	१,४०,७७	-१,०६,०१
९	नेपाल विद्युत प्राधिकरण	३३,१२,११	३२,६४,९२	४७.१९
१०	नेपाल दूर सञ्चार कम्पनी लि.	१५,००,००	१४,९९,५०	५०
११	कृषि विकास बैंक लि.	१०,७७.७५	१०,३६,२८	४१४७
१२	नेपाल औद्योगिक विकास निगम लि.	४१,५८	३४.९२	६.६६
१३	नागरिक लगानी कोष	८००	४०	७६०

स्रोत : अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखा ।

तालीका ९(घ): नेपाल सरकारको ऋण लगानीमा फरक देखिएको विवरण

(रू. लाखमा)

क्र. सं.	सार्वजनिक संस्थानको नाम	संस्थानले देखाएको रकम	म.ले.नि.का.ले देखाएको रकम	फरक
१	नेपाल औषधि लिमिटेड	१२,६४	१०,८५	१,७९
२	उदयपुर सिमेण्ट उद्योग लि.	१,७४,००	२,२२,५०	-४८,५०
३	नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि	१,३२,६४	३५,७०	९६९४
४	नेपाल खाद्य संस्थान	३३४६	४२	३३०४
५	दि टिम्वर कर्पोरेशन अफ नेपाल	५४७	५७८	-३१
६	नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि.	-	१०	-१०
७	नागरिक उड्डयन प्राधिकरण	२,२४,२९	१,८५,९३	३८३६
८	नेपाल खानेपानी संस्थान	६५.९६	३,९५,८५	-३,२९,८९
९	नेपाल विद्युत प्राधिकरण	५५,२०,१७	५६,८९,४२	-१,६९,२५
१०	नेपाल दूर सञ्चार कम्पनी लि.	-	१०,४३	-१०,४३
११	कृषि विकास बैंक लि.	-	३९.७७	-३९.७७
१२	नेपाल औद्योगिक विकास निगम लि.	-	६५	-६५

स्रोत : अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखा ।

यसरी लामो समयसम्म हिसाव मिलान नहुँदा भविष्यमा हिसाव मिलान गर्न जटिलता उत्पन्न हुँदै जाने तथा संस्थानहरूको वास्तविक वित्तीय अवस्था समेत यथार्थ चित्रण नहुने भएकोले समयमै हिसाव मिलान गर्नेतर्फ अग्रसर हुनु अत्यावश्यक छ ।

कर्मचारी/कामदारको अवस्था

९.२७ सरकारको पूर्ण/अधिकांश स्वामित्व रहेका यी ३६ वटा सार्वजनिक संस्थानहरूमा आर्थिक वर्ष २०६५/६६ को अन्त्यसम्ममा ३६ हजार ५ सय २४ जना कर्मचारी/कामदारहरू कार्यरत रहेकोमा आर्थिक वर्ष २०६६/६७ मा ३७ हजार ५ सय ७२ जना कार्यरत रहेका छन् । आगामी आर्थिक वर्ष २०६७/६८ मा सो सङ्ख्या ३४ हजार ७ सय ६८ मा झर्ने अनुमान गरिएको छ । संस्थानहरूमा अनावश्यक जनशक्तिको चाप अझै छ । उस्तै प्रकृतिका निजी क्षेत्रका उद्योग कम्पनीहरूका कर्मचारी/कामदार सङ्ख्या तथा उत्पादकत्वको तुलनामा सरकारी संस्थानहरूमा कार्यरत कर्मचारीहरूको सङ्ख्या अनुरूप वस्तु वा सेवाको उत्पादन वा विक्री वितरण हुन सकिरहेको छैन । यसले गर्दा संस्थानहरूको शिरोभार खर्चमा वृद्धि भई वित्तीय भार बढिरहेको छ र कार्यरत कर्मचारी/कामदारहरूको कम उत्पादकत्वका कारण समग्र क्षेत्रको उत्पादकत्व घटेर गइरहेको छ । एकातर्फ सरकारी संरक्षणका कारणले संस्थानका कामदार/कर्मचारीहरूमा प्रतिस्पर्धी भावनाको अभाव भई आफ्नो कामप्रति उत्प्रेरित नरहेको अवस्था छ भने अर्कोतर्फ कामदार कर्मचारीहरू बढी सुविधाभोगी भइरहेका छन् । व्यवसायिक स्वतन्त्रतामा अपेक्षित सुधार नआएकोले निर्णय गर्न बाधा पुग्ने अवस्थाबाट सार्वजनिक संस्थानहरू गुज्रिरहेका छन् । यी विभिन्न कमि कमजोरीहरूको वावजुद पनि केही संस्थानहरूले अत्यावश्यक वस्तु तथा सेवाको उत्पादन एवम् बिक्री वितरण प्रभावकारीरुपमा गर्दै आएका छन् ।

कोषको व्यवस्था नगरिएको दायित्व

९.२८ धेरैजसो सार्वजनिक संस्थानहरूले कर्मचारीलाई दिनुपर्ने उपदान तथा विदाको रकम जस्ता दायित्व पूर्णरुपमा कोषमा व्यवस्था नगरेका तथा संभावित दायित्व समेत ठूलो रकममा रहेको देखिन्छ । यसरी आर्थिक वर्ष २०६५/६६ सम्ममा संस्थानले कोष व्यवस्था नगरेको तथा विद्यमान रहेको संभावित दायित्व निम्नानुसार रहेको छ :-

तालीका ९(ङ): कोषको व्यवस्था नगरिएको दायित्व भएका संस्थानहरु

(रू. लाखमा)

क्र.सं.	सार्वजनिक संस्थानको नाम	कोष व्यवस्था नभएको	सम्भावित दायित्व	जम्मा
१.	दुग्ध विकास संस्थान	२९.८२	८.५७	३८३९
२	जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र लि.	१५.५३	१५	१५६८
३	हेटौडा सिमेन्ट उद्योग लि.	१३.२१	०	१३२१
४	जनकपुर चुरोट कारखाना लि.	७६.१९	०	७६१९
५	नेपाल औषधि लि.	१२.४९	०	१२४९

क्र.सं.	सार्वजनिक संस्थानको नाम	कोष व्यवस्था नभएको	सम्भावित दायित्व	जम्मा
६	उदयपुर सिमेन्ट उद्योग लि.	४००	०	४,००
७	नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि.	०	१८,४०	१८,४०
८	कृषि सामग्री कम्पनी लिमिटेड	२०,१०	१५	२०,२५
९	राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड	५७	०	५७
१०	नेशनल ट्रेडिङ्ग लिमिटेड	१०,३९	०	१०,३९
११	नेपाल खाद्य संस्थान	५८,००	०	५८,००
१२	नेपाल आयल निगम लि.	०	२,७०	२,७०
१३	दि-टिम्बर कर्पोरेशन अफ नेपाल लि.	७,३४	०	७,३४
१४	औद्योगिक क्षेत्र व्यवस्थापन लि.	१,५२	०	१,५२
१५	नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि.	२,३२	०	२,३२
१६	नेपाल पारवहन तथा गोदाम व्यवस्था कं. लि.	१,९३	०	१,९३
१७	नेपाल इञ्जिनीयरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि.	०	०	०
१८	नेपाल वायुसेवा निगम	५४,६३	९,००	६३,६३
१९	राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र. लि.	०	०	०
२०	नागरिक उड्डयन प्राधिकरण	०	०	०
२१	सांस्कृतिक संस्थान	९४	०	९४
२२	गोरखापत्र संस्थान	०	०	०
२३	जनक शिक्षा सामग्री केन्द्र लि.	१२,५०	२,००	१४,५०
२४	नेपाल टेलिभिजन	७,६८	०	७,६८
२५	ग्रामीण आवास कम्पनी लि.	२,८०	०	२,८०
२६	नेपाल खानेपानी संस्थान	२९,४७	०	२९,४७
२७	नेपाल विद्युत प्राधिकरण	२,८९,६६	१०,५२,४६	१३,४२,१२
२८	नेपाल दूरसञ्चार कम्पनी लि.	२,४४,९३	२	२,४४,९५
२९	कृषि विकास बैंक लि.	०	२,५४,४४	२,५४,४४
३०	राष्ट्रिय बिमा संस्थान	०	०	०
३१	नेपाल औद्योगिक विकास निगम लि.	०	०	०
३२	राष्ट्रिय वाणिज्य बैंक लि.	५४,४१	३,६३,०९	४,१७,५०

स्रोत : अर्थ मन्त्रालय, संस्थान समन्वय महाशाखा ।

सरकारी संस्थानहरूको विनिवेश, खारेजी र विघटन

९.२९ सरकारी संस्थानहरूको दक्षता वृद्धि गरी उत्पादकत्व बढाउन, सरकारलाई परेको प्रशासनिक तथा वित्तीय भार कम गर्न र निजी क्षेत्रको सहभागिता वृद्धि गर्नुका साथै प्रवाह गरिने सेवालाई प्रभावकारी बनाउने समेत उद्देश्य राखी विक्रम सम्वत् २०५० देखि सरकारी स्वामित्वमा रहेका संस्थानहरूको निजीकरण, खारेजी र विघटन प्रक्रिया अघि बढाइएको हो । आर्थिक वर्ष २०६६/६७ सम्ममा जम्मा ३० वटा सार्वजनिक संस्थानहरूको व्यवसाय तथा सम्पत्ति विक्री, आंशिक शेयर विक्री, चालु सम्पत्ति विक्री

तथा भवन र जग्गा भाडा, व्यवस्थापन करार, खारेजी तथा विघटन जस्ता प्रकृयाहरू अपनाई विनिवेश गरिएको छ। यस सम्बन्धी विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ:

तालीका ९(च): विनिवेश/खारेजी/विघटन भएका सार्वजनिक संस्थानहरू

क्र सं	संस्थान/प्रतिष्ठानको नाम	विनिवेश वा खारेज भएको वर्ष (इ.सं.)	निजीकरण प्रक्रिया	शेयर बिक्री (प्रतिशत)	विनिवेशबाट प्राप्त (रकम रू. '०००)
१	भृकुटी कागज कारखाना	१९९२	व्यवसाय एवं सम्पत्ति बिक्री	-	२२,९६००
२	हरिसिद्धि ईटा टायल कारखाना	१९९२	व्यवसाय एवं सम्पत्ति बिक्री	-	२१,४८,३०
३	बाँसबारी छाला जुत्ता कारखाना	१९९२	व्यवसाय एवं सम्पत्ति बिक्री (जग्गा वाहेक)	-	२९,८५४
४	चलचित्र विकास कम्पनी	१९९३	शेयर बिक्री	५१.०	६४,६६२
५	बालाजु कपडा उद्योग	१९९३	शेयर बिक्री	७०.०	१७,७१६
६.	काँचो छाला संकलन तथा बिक्री केन्द्र	१९९३	शेयर बिक्री	१००.०	३९.९०
७	नेपाल विटुमिन तथा व्यारेल उद्योग	१९९४	शेयर बिक्री	६५.०	१३,१२७
८	नेपाल ल्यूब आयल	१९९४	शेयर बिक्री	४०.०	३१,०५७
९	नेपाल जुट विकास तथा व्यापार कम्पनी	१९९३	खारेजी	-	-
१०	सूर्ति विकास कम्पनी	१९९४	खारेजी	-	-
११	नेपाल ढलौट कारखाना	१९९६	शेयर बिक्री	५१.०	१४,४७३
१२	श्री रघुपटि जुट मिल्स	१९९६	शेयर बिक्री	६५.०	८२,२०४
१३	नेपाल बैंक लि.	१९९७	शेयर बिक्री	१०.०	१२,५१,४०
१४	कृषि आयोजना सेवा केन्द्र	२००१	खारेजी	-	-
१५	नेपाल चिया विकास निगम	२०००	शेयर बिक्री	६५.०	२६,७१,०५
१६	विराटनगर जुट मिल्स	२००२	व्यवस्थापन करार	-	-
१७	हिमाल सिमेण्ट उद्योग लि.	२००२	खारेजी	-	-
१८	घरेलु शिल्पकला बिक्री भण्डार	२००२	खारेजी	-	-
१९	नेपाल कोल लि.	२००२	खारेजी	-	-
२०	हेटौंडा कपडा उद्योग	२००२	खारेजी	-	-
२१	नेपाल यातयात संस्थान	२००२	विघटन	-	-
२२	बुटवल पावर कम्पनी	२००३	शेयर बिक्री	७५.०	८७,४२०० र १० लाख अमेरिकि डलर
२३	वीरगञ्ज चिनी कारखाना लि.	२००३	खारेजी	-	-
२४	कृषि औजार कारखाना लि.	२००३	खारेजी	-	-
२५	भक्तपुर ईंटा कारखाना लि.	२००४	सम्पत्ति बिक्री र भाडा	-	१४,५०० (सम्पत्ति बिक्री ३१,९०० (१० वर्षको भाडा)
२६	लुम्बिनी चिनी कारखाना	२००६	सम्पत्ति बिक्री र भाडा	-	७८,६०० (सम्पत्ति बिक्री) ४२,१२ (प्रति वर्ष भाडा)
२७	नेपाल रोजिन एण्ड टर्पेण्टाईन लिं	२००६	सम्पत्ति बिक्री र भाडा	-	११,०१,०० (सम्पत्ति बिक्री) ३०,१२ (प्रति वर्ष भाडा)
२८	कृषि चुन उद्योग लि. *	२००६	खारेजी		
२९	नेपाल ड्रिलिङ्ग कम्पनी	२००६	खारेजी		

क्र सं	संस्थान/प्रतिष्ठानको नाम	विनिवेश वा खारेज भएको वर्ष (इ.सं.)	निजीकरण प्रक्रिया	शेयर बिक्री (प्रतिशत)	विनिवेशबाट प्राप्त (रकम रू. '000)
३०	नेपाल दूरसंचार कंपनी लि.	२००८	शेयर बिक्री	९.५३	४,२६,४१,३९

* कम्पनी रजिष्टारको कार्यालयबाट दर्ता खारेजी भैसकेको ।

९.३० निजीकरण गरिएका संस्थानहरूको निजीकरण पछिको अवस्था सम्बन्धमा अनुगमन हुन सकेको छैन । केही संस्थानहरू निजीकरण पछि बन्द भएका र संचालनमा रहेकाहरूमा पनि लगानी, उत्पादन र उत्पादकत्व वृद्धि हुन नसकेको र ठूलो संख्यामा रोजगारीमा कटौती भएको देखिन्छ । यसै क्रममा सरकारी स्वामित्वमा रहेका तथा निजीकरण भएका सार्वजनिक संस्थानहरूको वास्तविक स्थिति अध्ययन गरी समसामयिकरुपमा सुधार गर्न प्रा. डा. श्रीराम पौडेलको संयोजकत्वमा एक कार्यदल गठन गरिएकोमा सो कार्यदलले निजीकरणमा रहेका समस्या तथा सुझावहरु समेत दिएको छ । आर्थिक वर्ष २०६६/६७ मा कुनै पनि सार्वजनिक संस्थानको निजीकरण प्रक्रिया अगाडि बढेको छैन । निजीकरण भईसकेका संस्थानहरूमध्ये कृषि चुन उद्योग लि. को लिक्विडेशन कार्य समाप्त भई रजिष्ट्रारको कार्यालयबाट दर्ता खारेज समेत भइसकेको छ ।

९.३१ करिव डेढ दशक अघि सुरु भएको निजीकरणको अनुभवबाट कार्यान्वयनमा मूलभूतरुपमा निम्न चुनौतिहरू देखिएका छन् ।

मञ्जुषा ९(क) : निजीकरण कार्यक्रम कार्यान्वयनमा देखापरेका चुनौतीहरू

समायोजन हिसाव मिलान :

विक्री भएको सम्पत्तिको लिनु दिनु पर्ने मूल्य निजीकरण गरिएका केही सार्वजनिक संस्थानहरूको निजीकरण गर्ने सिलसिलामा तयार पारिएको विवरण (Information Memorandum) मा उल्लेख भएको सम्पत्तिको परिमाण, गुणस्तर र अवस्थाको बारेमा सम्झौता पश्चात् भौतिक परीक्षण गर्दा नेपाल सरकारको तर्फबाट नियुक्त मूल्याङ्कनकर्ता र सम्बन्धित खरीदकर्ताको मूल्याङ्कनकर्ताले गरेको मूल्याङ्कनमा ठूलो अन्तर भई खरिदकर्ता र सरकारबीच विवाद सिर्जना भई निजीकरण सम्बन्धी कार्य टुङ्गोमा पुऱ्याउन व्यवधान पर्ने गरेको छ । बालाजु कपडा उद्योग, रघुपति जुट मिल, भक्तपुर ईटा कारखाना, नेपाल रोजिन एण्ड टर्पेनटाइन आदिमा अझैपनि यो समस्या रहेको छ ।

जग्गा अतिक्रमण :

निजीकरणको सिलसिलामा भाडा (Lease) मा दिईएका जग्गाहरू अतिक्रमण भएको कारणबाट खरीदकर्ताले उपयोगमा ल्याउन नसकेको अवस्थाले पनि निजीकरण टुङ्गोमा पुऱ्याउन सकिएको छैन । रघुपति जुट मिल र नेपाल चिया विकास निगममा यस सम्बन्धी ठूलो समस्या रहेको छ ।

न्यायीक निकायमा गएका विषयहरू :

निजीकरण गरिएका केही सार्वजनिक प्रतिष्ठानका खरिदकर्ताहरूले सरकारलाई तिर्नुपर्ने रकमसँग असहमति जनाई मुद्दामा गएका छन् । यसबाट सरकारले प्राप्त गर्नुपर्ने रकम असुल गर्न कठिनाई भएको र निजीकरण प्रक्रिया फर-फारक गर्न नसकिएको अवस्था छ । हरिसिद्धि ईटा टायल कारखाना, भृकुटी कागज कारखाना, कृषि औजार कारखाना र भक्तपुर ईटा कारखानामा यस्तो समस्या रहेको छ ।

सम्पत्ति व्यवस्थापन गर्न कठिनाई :

विघटित तथा खारेज गरिएका सार्वजनिक संस्थानहरूको सम्पत्ति विक्री गर्न सकिएको छैन। हेटौंडा कपडा उद्योग खारेज गरेको ६ वर्ष भैसक्दा पनि यस्तो सम्पत्ति बिक्री हुन सकेन। मेशिनरीहरू धेरै पुराना भएको कारणबाट पनि यस्तो हुन गएको हो। नेपाल ड्रिलिङ्ग कंपनी, वीरगञ्ज चिनी कारखाना, कृषि औजार कारखानामा पनि यस्तो अवस्था रहेको छ। हेटौंडा कपडा उद्योग लिक्विडेशनमा लैजाने निर्णय भई लिक्विडेटर नियुक्त भई काम सुरु भएको छ।

अनुगमन तथा मूल्याङ्कन :

जुन उद्देश्यका साथ सार्वजनिक संस्थान निजीकरण गरिएको हो सो उद्देश्य प्राप्त हुन सके नसकेको अनुगमन गर्न नसकिएको कारण वास्तविक अवस्था बारे उल्लेख गर्न सकिने अवस्था छैन। तसर्थ, निजिकृत संस्थाहरूको नियमितरुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्रको व्यवस्था गर्नु आवश्यक देखिएको छ।

निजीकरण कार्य सम्पन्न गर्न सरकारले ठूलो आर्थिक दायित्व बेहोर्नु परेको छ। पछिल्लो चरणमा विनिवेश एवं खारेज गरिएका सार्वजनिक प्रतिष्ठानहरूको दायित्व फरफारक गर्नको लागि नेपाल सरकारले दायित्व व्यहोरेको छ। खारेज, विघटन वा विनिवेश कार्य सम्पन्न भइनसकेका संस्थानहरूको लागि अझै ठूलो आर्थिक भार सरकारले बहन गर्नुपर्ने अवस्था रहेको छ।

तालीका ९(छ): विनिवेश वा खारेज गरिएका सार्वजनिक संस्थानहरूमा नेपाल सरकारबाट गरेको लगानी विवरण

(रू. लाखमा)

सि.नं.	संस्थानको नाम	२०६५/६६ सम्म	२०६६/६७	जम्मा
१.	हिमाल सिमेण्ट कंपनी	४३०२.००	०	४३०२.००
२.	भक्तपुर ईटा कारखाना	२०६२.३१	०	२०६२.३१
३.	वीरगञ्ज चिनी कारखाना	७०९४.४०	३०.२९	७१२४.६९
४.	कृषि औजार कारखाना	५४४.७६	१६.४०	५६१.१६
५.	नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि.	१८०८.१२	०	१८०८.१२
६.	लुम्बिनी चिनी कारखाना	५०८९.६७	०	५०८९.६७
७.	कृषि चुन उद्योग लि.	८२५.८६	०	८२५.८६
८.	नेपाल कोल लि.	८३.९१	०	८३.९१
९.	नेपाल यातायात संस्थान	४९७७.५३	०	४९७७.५३
१०.	हेटौंडा कपडा उद्योग	५३६०.३५	०	५३६०.३५
११.	घरेलु शिल्पकला विक्री भण्डार	८१०.३३	०	८१०.३३
१२.	नेपाल चिया विकास निगम	११९०.०२	१.३६	११९१.३८
१३.	वुटवल धागो कारखाना लि.	०	४७२२.४५	४७२२.४५
१४.	विराटनगर जुट मिल्स	४५१४.०९	५८७२.१९	१०३८६.२८
	जम्मा:	**३८६६३.३५**	**१०६४२.६९**	**४९३०६.०४**

९.३२ सामान्यतया सार्वजनिक संस्थानहरूको दायित्व संस्थाको सम्पत्तिबाट व्यहोर्नु पर्ने र लिमिटेड कम्पनीको रुपमा स्थापित संस्थानको दायित्व लगानी गरिएको शेयरमा मात्र सीमित हुनु पर्नेमा Minority Share रहेका विराटनगर जुट मिल्स जस्ता संस्थानहरूमा समेत नेपाल सरकारले निरन्तर ठूलो लगानी गरिरहनु परेको छ। यसको पछिल्लो उदाहरण वुटवल धागो कारखाना लि. र विराटनगर जुट मिल्सका कामदार कर्मचारीहरूलाई Pay off गर्दा ४७ करोड २२ लाख र ५८ करोड ७२ लाख लगानी गर्नु परेको अवस्था छ।

१०. ऊर्जा तथा वन

ऊर्जा

१०.१ ऊर्जाको खपत आर्थिक वर्ष २०६५/६६ मा आर्थिक वर्ष २०६४/६५ को तुलनामा ३.१२ प्रतिशतले वृद्धि भई ९ हजार ३ सय ९६ टन तेल शक्ति बराबर रहेको थियो । आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा यो खपत ७ हजार ९ सय ५३ टन तेल शक्ति बराबर रहेको छ ।

१०.२ आर्थिक वर्ष २०६५/६६ मा परम्परागत, व्यापारिक एवम् नवीकरणीय ऊर्जा खपत अनुपात क्रमशः ८७.१ प्रतिशत, १२.२ प्रतिशत र ०.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा यी अनुपात क्रमशः ८७.३ प्रतिशत, १२.० प्रतिशत र ०.७ प्रतिशत रहेका छन् । यसबाट परम्परागत ऊर्जा माथिको नेपाली अर्थतन्त्रको उच्च निर्भरता यथावत कायम रहेको पुष्टि हुन्छ ।

१०.३ आर्थिक वर्ष २०६५/६६ मा परम्परागत ऊर्जाको खपतमध्ये दाउराबाट ८९.२ प्रतिशत, कृषिजन्य अवशेषबाट ४.२ प्रतिशत र पशुजन्य अवशेषबाट ६.६ प्रतिशत खपत रहेकोमा आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा अनुमानित अनुपात क्रमशः ८९.२ प्रतिशत, ४.२ प्रतिशत र ६.६ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६५/६६ मा व्यापारिक ऊर्जाको खपतमध्ये पेट्रोलियम पदार्थको ६७.५ प्रतिशत, कोइलाको १५.९ प्रतिशत र विद्युत्को १६.६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा ऊर्जा खपत अनुपात पेट्रोलियमको ६५.८ प्रतिशत र कोइला तथा विद्युत्को खपत क्रमशः १६.३ प्रतिशत र १८.० प्रतिशत रहेको छ ।

कोइला

१०.४ आर्थिक वर्ष २०६५/६६ मा कोइलाको खपतमा अघिल्लो आर्थिक वर्षको तुलनामा ६.३ प्रतिशतले कमी आई १ सय ८१ टन तेल शक्ति बराबर भएको छ । आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६६/६७ को सोही अवधिमा कोइलाको खपत १७.० प्रतिशतले कमी आई १ सय ५५ टन तेल शक्ति बराबर भएको छ ।

विद्युत्

१०.५ आर्थिक वर्ष २०६५/६६ को अन्त्यसम्ममा देशभरमा विभिन्न आयोजनाहरूबाट जम्मा ६ सय ६१ मेगावाट विद्युत् उत्पादन गर्न सकिएको छ । उत्पादित जलविद्युत् मध्ये ६ सय ५५ मेगावाट विद्युत् राष्ट्रिय ग्रीडमा जोडिएको छ भने बाँकी राष्ट्रिय ग्रीडमा आवद्ध नभएका साना जलविद्युत् केन्द्रहरूबाट उत्पादित विद्युत्ले स्थानीयस्तरमा विद्युत् सेवा पुऱ्याएका छन् । त्यसैगरी, तापीय विद्युत् केन्द्रहरूबाट कुल ५३.४१ मेगावाट र

सौर्यशक्ति केन्द्रहरूबाट उत्पादन भएको १ सय किलोवाट समेत कुल विद्युत् उत्पादन ७ सय १४ मेगावाट पुगेको छ ।

१०.६ आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनाको अवधिसम्म जर्मन सरकारको सहयोगमा लमजुङ्ग जिल्लामा मध्यमर्स्याङ्दी जलविद्युत् आयोजना (७० मेगावाट) को निर्माण कार्य सम्पन्न भई व्यावसायिक उत्पादनसमेत भई राष्ट्रिय प्रसारण लाइनमा जोडिसकिएको छ भने सुदूरपश्चिमको दार्चुला जिल्लामा चमेलिया जलविद्युत् आयोजना (३० मेगावाट) र मकवानपुर जिल्लामा कुलेखानी तेस्रो जलविद्युत् आयोजना (१४ मेगावाट), नुवाकोट/रसुवा जिल्लामा माथिल्लो त्रिशुली "ए" (६० मेगावाट) क्षमताको जलविद्युत आयोजनाको निर्माण कार्य सुरू भइसकेको छ । माथिल्लो तामाकोशी जलविद्युत् आयोजनालाई अगाडि बढाउन स्वदेशी लगानी जुटाउने कार्य सम्पन्न भई आयोजनालाई कम्पनीको रूपमा परिणत गरिसकिएको छ र प्रवेश मार्गलगायत अन्य निर्माण कार्यहरू सुरू भइसकेको छ ।

१०.७ गत वर्षहरूमा जस्तै आर्थिक वर्ष २०६६/६७ मा विद्युत् उत्पादनमा पनि निजी क्षेत्रको सहभागिता सन्तोषजनक देखिएको छ । निजीक्षेत्रबाट निर्माण भइरहेका विद्युत् आयोजनाहरू क्रमिकरूपमा सम्पन्न भई सञ्चालनमा आउन थालेका छन् । यसै क्रममा, यस आर्थिक वर्षमा पाति खोला (०.९९६ मेगावाट) र सेती दोश्रो (०.९७९ मेगावाट) जलविद्युत् आयोजनाहरूको निर्माण सम्पन्न भई यी आयोजनाहरूले विद्युत उत्पादन गरिरहेका छन् भने रिडी खोला (२.४ मेगावाट), माथिल्लो हाँडी खोला (०.९९१ मेगावाट), तल्लो पिलुवाखोला (०.९९ मेगावाट) र माई खोला (२.४ मेगावाट) आयोजना यसै आर्थिक वर्षको अन्त्यसम्ममा निर्माण कार्य पूरा भई उत्पादन सुरु हुनेछ । त्यस्तै, गत आर्थिक वर्षमा २१ वटा विभिन्न आयोजनाहरूबाट १ सय २१ मेगावाट विद्युत् शक्तिलाई खरिद गर्ने सम्झौता भइसकेको छ ।

१०.८ विद्युतीकरणको विस्तारको क्रममा आर्थिक वर्ष २०६५/६६ को अन्त्यसम्ममा उच्च भोल्टेज प्रसारण लाइन १३२ केभी २०४४.६६ सर्किट किलो मिटर, ६६ के.भी स्तरमा ३५७.९६ सर्किट किलो मिटर, ६६ केभी अण्डरग्राउण्ड केवल ९.७ सर्किट किलो मिटर र ३३ केभी स्तरका २५५०.५ किलो मिटर लाइन चालु रहेका छन् । बढ्दो शहरीकरणले गर्दा काठमाडौं उपत्यकाको विद्युत् प्रसारण क्षमता सुदृढीकरण गर्न १ सय ३२ केभी क्षमताको "रिङ्गमेन" प्रसारण लाइन बनाउने सिलसिलामा एसियाली विकास बैंकको ऋण सहयोगमा थानकोट-चापागाउँ-भक्तपुर १ सय ३२ केभी प्रसारण लाइनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । विद्यमान खिम्ती जलविद्युत् केन्द्रलगायत त्यस भेगमा बन्ने नयाँ आयोजनाहरूको विद्युत् शक्ति प्रसारण गर्न खिम्ती-ढल्केवार २ सय २० केभी प्रसारण लाइन (७५ कि.मि.) को निर्माण कार्य विश्व बैंकको सहयोगमा चालु रहेको छ । राष्ट्रिय प्रसारण ग्रीडको दृष्टिकोणले अत्यन्त महत्वपूर्ण मानिएको हेटौडा-भरतपुर २ सय २० केभि प्रसारण लाइन र भरतपुर-बर्दघाट २ सय २० के.भी. प्रसारण लाइनको निर्माण कार्य सुरु भइसकेको छ । ३३ के.भी. तर्फ इलाम-फिदिम-ताप्लेजुङ्ग (९० कि.मि.), सितलपाटी-मुसीकोट (५० कि.मि.), वुइपा-ओखलढुङ्गा (३३ कि.मि.),

छिन्चु-राकम जाजरकोट (७० कि.मि.), घोराही-होलेरी (४५ कि.मि.) उदीपुर-वेशीसहर-मनाङ (९० कि.मि.), दिपायल-साँफेवगर-मान्मा जुम्ला (१५५ कि.मि.) र धनकुटा-हिले-लेगुवा भोजपुर (४० कि.मि.) प्रसारण लाइनहरू निर्माणाधीन रहेका छन् । नेपाल-भारत बीचको विद्युत् आदान-प्रदान क्षमतालाई बढाउने सैद्धान्तिक सहमति भएबमोजिम थप विद्युत् आदान-प्रदान गर्न नेपाल-भारत सीमाका ३ विन्दुमा प्रसारण लाइन बनाउने लक्ष्य रहेकोमा चार सय केभी क्षमताका दुहवी-जोगवनी, बुटवल-सुनौली र ढल्केवार-भित्तामोड प्रसारण लाइनहरू बनाउन आवश्यक अध्ययन एवम् तयारीका कार्यहरू भइरहेका छन् । सोमध्ये ढल्केवार-भित्तामोड प्रसारण लाइनको निर्माण कार्य आर्थिक वर्ष २०६९/७० मा सम्पन्न गर्ने गरी कार्य अगाडि बढिरहेको छ ।

१०.९ विद्युत् वितरणतर्फ नेपाल सरकार एवम् नेपाल विद्युत् प्राधिकरणको आफ्नो स्रोतबाट विद्युत् सेवा पुगेका सबै जिल्लामा विद्युतीकरण विस्तार गर्ने कार्य जारी राखिएको छ । साथै, एसियाली विकास बैंकको सहयोगमा २७ जिल्लाका थप स्थानहरूमा विद्युतीकरण गर्ने कार्य पनि सम्पन्न भइसकेको छ । विश्व बैंकको सहयोगमा भक्तपुर, ललितपुर, नुवाकोट, धादिङ र काभ्रेपलाञ्चोक लगायतका जिल्लाहरूका थप स्थानहरूमा विद्युतीकरण गर्ने कार्य चालु रही आगामी आर्थिक वर्ष २०६७/६८ सम्ममा समाप्त हुनेछ ।

१०.१० विद्युत् विस्तार गर्ने क्रममा जनसहभागितामा आधारित सामुदायिक ग्रामीण विद्युतीकरण कार्यक्रम अन्तर्गत समुदायमा आधारित १ सय ७ संस्थाहरूको सहभागितामा १ लाख ६ हजार घर परिवारहरूमा विद्युत् सेवा पुगीसकेको छ । यस आर्थिक वर्षमा थप ५० हजार घर परिवारमा विद्युत सेवा पुग्ने गरी विद्युतीकरणको कार्य चालु रहेको छ ।

१०.११ जलविद्युत्को सम्भाव्यता एवम् विस्तृत अध्ययनतर्फ विभिन्न कार्यहरू जारी रहेका छन् । विद्युत् शक्तिको माग आपूर्ति गर्न आवश्यक हुने अन्य सम्भाव्य आयोजनाहरूको पहिचान गर्ने कार्य जारी राखिएको छ । राष्ट्रिय विद्युत् प्रणालीमा विद्यमान माग र आपूर्तिमा मौसमी असन्तुलन हटाउन जलासययुक्त आयोजनाको कार्यान्वयन आवश्यक भएकोले हालसम्मको अध्ययनबाट आकर्षक देखिएको १ सय २८ मेगावाट क्षमताको माथिल्लो सेती जलासययुक्त आयोजनाको विस्तृत अध्ययनका लागि स्रोत जुटाउने प्रयास भइरहेको छ । माथिल्लो त्रिशूली तेस्रो (वी) को सम्भाव्यता अध्ययन चालु रहेको छ । भारतीय सहयोगमा निर्माण गर्न लागिएको राहुघाट जलविद्युत् आयोजनाको निर्माणको लागि प्रिक्वालीफिकेशन अन्तिम चरणमा पुगेको छ । अन्य आकर्षक आयोजनामध्ये नलसियाउगाड, आँधीखोला, माथिल्लो अरूण, तमोर तथा जलाशययुक्त आयोजनाहरूको विस्तृत अध्ययन गर्न सुरु गरिएको छ ।

१०.१२ आर्थिक वर्ष २०६५/६६ मा जलविद्युत् उत्पादन १७९८.६१ गेगावाट घण्टा, तापीय विद्युत् उत्पादन ९.०६ गेगावाट घण्टा, नेपालका निजी क्षेत्रबाट खरिद ९२५.७४ र भारतबाट पैठारी ३५६.४५ गेगावाट घण्टा गरी कुल विद्युत आपूर्ति ३१३०.७७ गेगावाट घण्टा विद्युत् मध्ये २२९०.३२ गेगावाट घण्टा आन्तरिक खपत भएको र ६१.५० गेगावाट घण्टा भारत निकासी भएकोमा आर्थिक वर्ष २०६६/६७ मा कुल जलविद्युत्

उत्पादन २,८२८.९३४ गेगावाट घण्टा, तापीय विद्युत् उत्पादन १४.५ गेगावाट घण्टा र भारतबाट पैठारी ६८४.० गेगावाट घण्टा गरी जम्मा ३,५३७.४३४ गेगावाट घण्टा विद्युत् उपलब्ध हुने अनुमान छ। उपलब्ध विद्युत्मध्ये आन्तरिक खपत २,६६६.६९९ गेगावाट घण्टा र निकासी ५४.० गेगावाट घण्टा हुने अनुमान छ।

१०.१३ आर्थिक वर्ष २०६५/६६ मा क्षेत्रगत हिसाबमा विद्युत् ऊर्जाको उपयोग उद्योग क्षेत्रले ३७.३७ प्रतिशत, गार्हस्थ्य (household) क्षेत्रले ४२.५२ प्रतिशत, व्यापारिक क्षेत्रले ६.७८ प्रतिशत, गैर व्यापारिक क्षेत्रले ४.३१ प्रतिशत र विविध क्षेत्रले ९.०३ प्रतिशत गरेकामा आर्थिक वर्ष २०६६/६७ मा औद्योगिक क्षेत्रले ३८.१० प्रतिशत, गार्हस्थ्य क्षेत्रले ४१.७० प्रतिशत, व्यापारिक क्षेत्रले ६.७७ प्रतिशत र विविध क्षेत्रले १३.४४ प्रतिशत उपयोग गर्ने अनुमान गरिएको छ।

१०.१४ विद्युत् उपयोग गर्ने ग्राहकहरूको सङ्ख्या प्रत्येक वर्ष वृद्धि हुँदै गइरहेको छ। आर्थिक वर्ष २०६५/६६ को अन्त्यसम्ममा १०.० प्रतिशतले ग्राहक सङ्ख्या वृद्धि भई १६ लाख ७७ हजार पुगेकोमा आर्थिक वर्ष २०६६/६७ मा १२ प्रतिशतले वृद्धि भई १८ लाख ७९ हजार ग्राहक सङ्ख्या पुग्ने अनुमान छ।



* माघ मसान्तसम्मको अनुमानित

पेट्रोलियम पदार्थ

१०.१५ आर्थिक वर्ष २०६५/६६ मा पेट्रोलियम पदार्थको खपतमा १६.२ प्रतिशतले वृद्धि भई ७ लाख २९ हजार ६ सय ६१ किलो लिटर रहेको भने एल.पी. ग्याँसको खपत १९.६ प्रतिशतले वृद्धि भई १ लाख १५ हजार ८ सय १३ मेट्रिक टन भएको छ। आर्थिक वर्ष २०६५/६६ को प्रथम आठ महिनामा पेट्रोलियम पदार्थ र एल.पी. ग्याँस खपत क्रमश: ४ लाख ३१ हजार ७ सय ४५ किलोलिटर र ७३ हजार ६ सय १८ मेट्रिक टन रहेकोमा आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा पेट्रोलियम पदार्थको खपतमा २९.३ प्रतिशतले वृद्धि भई ५ लाख ५८ हजार १ सय १४ किलो लिटर र एल.पी. ग्याँसको खपतमा १७.४ प्रतिशतले वृद्धि भई ८६ हजार ४ सय ३ मेट्रिक टन पुगेको छ।

१०.१६ पेट्रोलियम पदार्थहरूको खपतको अधिकांश हिस्सा डिजेल, मट्टितेल, पेट्रोल र हवाई इन्धनले ओगटेको छ। आर्थिक वर्ष २०६५/६६ मा एल.पि. ग्याँसबाहेक पेट्रोलियम पदार्थको खपतमा डिजेल, मट्टितेल, पेट्रोल र हवाई इन्धनको अंश क्रमशः ६३.९ प्रतिशत, ९.६ प्रतिशत, १७.१ प्रतिशत र ९.४ प्रतिशत रहेको देखिन्छ। चालु आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनाको खपतलाई हेर्दा सो अनुपात डिजेलको ५९.८ प्रतिशत, पेट्रोलको १७.६ प्रतिशत, मट्टितेलको ११.५ प्रतिशत र हवाई इन्धनको ११.१ प्रतिशत रहेको छ।

१०.१७ पेट्रोलियम पदार्थ आयात गरी आवश्यक परिमाणमा भण्डारण गरी सर्वसुलभ तरिकाबाट मुलुकभर विक्री वितरण गर्ने/गराउने कार्य नेपाल आयल निगमले गर्दै आएको छ। पेट्रोलियम पदार्थको वितरण कार्यमा सरलता ल्याउनका लागि भारतीय आयल निगमको रक्सौल डिपोदेखि नेपाल आयल निगमको इन्धन डिपो अमलेखगञ्जसम्म इन्धन आयातको लागि पाइप लाइनको माध्यमबाट इन्धन आपूर्ति गर्ने कार्यका लागि गृहकार्य भइरहेको छ। त्यस्तै, भण्डारण क्षमता वृद्धि गर्न हालका डिपोहरूको क्षमता वृद्धि तथा थप डिपो निर्माण गर्ने कार्य गर्नुका साथै विगत वर्षहरूमा गठित विभिन्न किसिमका आयोग/समितिहरूले दिएका प्रतिवेदनहरूमा उल्लेख गरिएका संरचनागत सुधारका सुझावहरू कार्यान्वयन गर्न पहल भइरहेको छ।

वैकल्पिक ऊर्जा

१०.१८ नेपालमा वैकल्पिक/नवीकरणीय ऊर्जा प्रविधिको दिगो विकास गरी ग्रामीण क्षेत्रमा ऊर्जाको आपूर्ति गर्ने, ऊर्जा प्रविधिबाट विभिन्न स-साना उद्योग तथा व्यवसायहरू सञ्चालन गरी खासगरी ग्रामीण जनताको आर्थिक-सामाजिक स्थितिमा सुधार ल्याउने, क्षेत्रीय सन्तुलन कायम गर्ने तथा वन विनासबाट ग्रामीण क्षेत्रमा देखिएको वातावरणीय समस्यालाई न्यून गर्ने उद्देश्यअनुरूप नेपाल सरकारले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको स्थापना गरेको हो। यी उद्देश्य परिपूर्तिका लागि वैकल्पिक ऊर्जा प्रविधिको नीति निर्माणमा नेपाल सरकारलाई आवश्यक सहयोग तथा परामर्श दिने, अल्पकालीन तथा दीर्घकालीन कार्यक्रमहरू तर्जुमा गर्ने, ऊर्जासँग सम्बन्धित विभिन्न संघ/संस्थाहरूलाई समन्वय गरी कार्यक्रम कार्यान्वयन गराउने, कार्यक्रमको गुणस्तर नियन्त्रण, अनुगमन तथा मूल्याङ्कन गर्ने आदि कार्यहरू वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले गर्दै आइरहेको छ।

१०.१९ सौर्य ऊर्जा तथा लघु जलविद्युत आयोजनाको लागि प्राप्त हुने आर्थिक स्रोतहरूलाई व्यवस्थित, सरल, छिटो छरितोरूपमा परिचालन गर्न तथा आवश्यक ऋणको लागि बैङ्कहरूसँग समन्वय गरी ऋणको व्यवस्था गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अन्तर्गत ग्रामीण ऊर्जा कोषको स्थापना गरी सञ्चालन भइरहेको छ। हाल उक्त कोषको स्थापनाले विशेष गरी ग्रामीण जनताको नयाँ तथा दिगो ऊर्जा प्रणालीहरूमा पहुँच वृद्धि भई राष्ट्रिय विद्युत प्रसारणबाट विद्युत सेवा पुग्न नसकेका ठाउँहरूमा विद्युत सेवा पुगी शिक्षा र स्वास्थ्यमा सुधार हुनुको साथै आय आर्जन तथा रोजगारीमा प्रत्यक्ष योगदान पुगी जीवनस्तरमा उल्लेखनीय सुधार भएको छ। त्यस्तै, निम्न आय भएका सर्वसाधारणले समेत गोवरग्यास प्लान्टको निर्माण गर्न सकुन् भन्ने उद्देश्यअनुरूप उक्त

केन्द्रले के. एफ. डब्लुको सहयोगमा बायोग्यास कर्जा युनिटको स्थापना गरी ऋण प्रवाह गर्दै आएको छ। साथै, नेपाल सरकारले यस केन्द्रमार्फत ग्रामीण क्षेत्रको लागि नवीकरणीय ऊर्जा प्रविधिमा अनुदानको व्यवस्था तथा त्यस्ता सामग्रीहरूको आयातमा लाग्ने भन्सार तथा मूल्य अभिवृद्धि कर छुटको व्यवस्था गर्दै आएकोमा यस आर्थिक वर्षदेखि शहरी सौर्य विद्युतीकरण कार्यक्रम अन्तर्गत शहरको लागि आयात गरिने सौर्य ऊर्जाको सामग्रीहरूमा पनि भन्सार तथा मूल्य अभिवृद्धि कर छुटको व्यवस्था गर्दै आएको छ।

तालिका १०(क) : नेपालमा वैकल्पिक ऊर्जा/गोवर ग्याँसको अवस्था

क.स.	क्रियाकलापको विवरण	आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनाको प्रगति
१.	सोलार ड्रायर/कुकर वितरण (सङ्ख्यामा)	३००
२.	गोवरग्याँस प्लान्ट जडान (सङ्ख्यामा)	२७,०००
३.	सुधारिएको फलामको चुलो जडान (सङ्ख्यामा)	४,०००
४.	सुधारिएको माटोको चुलो जडान (सङ्ख्यामा)	६०,०००
५.	घरेलु सौर्य ऊर्जा विद्युत् प्रणाली जडान (सङ्ख्यामा)	५०,०००
६.	सुधारिएको पानी घट्ट जडान (सङ्ख्यामा)	१,४००
७.	लघु जलविद्युत् उत्पादन (किलोवाट)	३००

स्रोत: वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र।

वन

१०.२० जनताको सक्रिय सहभागितामा दिगो एवं सन्तुलित वन विकास कार्यक्रम निर्माण तथा सञ्चालन गरी आवश्यक काठ, दाउरा, डालेघाँस र अन्य वन पैदावार नियमितरूपमा उपलब्ध गराउनु, वन र कृषि प्रणालीमा प्रभावकारी सामन्जस्य ल्याई खाद्य उत्पादनमा योगदान पुऱ्याउनु र भू-क्षय, वाढी पहिरो, मरुभूमिकरण तथा अन्य वातावरणीय असन्तुलनबाट देशको भू-भागलाई संरक्षण गर्ने नीति लिइएको छ।

१०.२१ वन, वनस्पति, जलाधार, जैविक विविधता संरक्षण तथा संरक्षित क्षेत्रहरूको वैज्ञानिक व्यवस्थापनद्वारा सन्तुलित वातावरण कायम राख्नुको साथै वन पैदावारको आपूर्तिमा दिगो वृद्धि गरी विपन्न तथा निमुखा समुदायको पहुँच र अधिकारलाई सुनिश्चित गर्दै उनीहरूको सामाजिक एवं आर्थिक सशक्तिकरण गर्ने, वनजन्य उत्पादनमा आधारित उद्योग एवं व्यवसाय प्रवर्द्धनलाई वढावा दिई रोजगारीका अवसर सिर्जना गर्दै आन्तरिक वजारको विकास एवं निर्यात प्रवर्द्धन गर्ने र विपन्न वर्गका दलित आदिवासी, जनजाति, मधेशी, उत्पीडित, अपाङ्ग एवं अन्य पछाडि परेका एवं पारिएका महिला तथा पुरुषको आय वृद्धि गर्दै वन पैदावारको न्यायोचित वितरण प्रणालीबाट गरिबी न्यूनिकरण गरी समतामूलक विकासमा सघाउ पुऱ्याउने उद्देश्यअनुसार वन क्षेत्रको व्यवस्थापन तथा सञ्चालन गरिएको छ।

१०.२२ वन, वनस्पति, किटपतङ्ग, वन्यजन्तु लगायतका जैविक विविधता तथा वंशाणु स्रोतको संरक्षण गर्ने, भू तथा जलाधार संरक्षणमा शिवालिक क्षेत्रमा विशेष जोड दिई स्थानीय जनताको सहभागितामा वृद्धि गर्ने, सरकारद्वारा व्यवस्थित वनको वैज्ञानिक व्यवस्थापन गर्ने; राष्ट्रिय वनहरूमध्ये उपयुक्त क्षेत्रमा स्थानीय जनताको समूह गठन गरी साझेदारी वनको वैज्ञानिक व्यवस्थापन परीक्षण गर्ने; काष्ठ उद्योगलाई कच्चा पदार्थको रूपमा काठ उपलब्ध गराउने; संघसंस्था वा उद्यमीलाई दिने कबुलियती वनमा वन, वन्यजन्तु र वनस्पतिको समुचित व्यवस्थापन गर्ने गरी पर्या-पर्यटन (Eco-tourism) का क्षेत्र वृद्धि गर्न विशेष जोड दिने; वन तथा वनस्पति अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन र सूचना तथा तथ्याङ्क प्रवाह प्रणाली सुदृढ गर्ने; कबुलियती वन विस्तार गरी गरिबीको रेखामुनिका विपन्न समूहका सदस्यहरूको जीविकोपार्जनका अवसरहरू वृद्धि गर्ने; सामुदायिक कबुलियती तथा साझेदारी वन विस्तार गर्ने; यस्ता वनमा खासगरी विपन्न, महिला तथा दलितवर्गको सहभागिता एवं पहुँच बढाउने र बहुमूल्य गैरकाष्ठ वन उपजहरूको दिगो व्यवस्थापन गर्ने, सदुपयोग गर्ने, निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्ने र निकासी प्रवर्द्धन गर्ने रणनीति वन व्यवस्थापनमा अवलम्बन गरिएको छ ।

मञ्जुषा : १०(क) : वन क्षेत्रको व्यवस्थापनमा अवलम्बन गरिएका नीति तथा कार्यनीति

- नयाँ गठन हुने र गठन भएका सामुदायिक वन उपभोक्ता समूहहरूको क्षमता अभिवृद्धि गरी वन व्यवस्थापन प्रभावकारी रूपले गर्ने ।
- निर्णय प्रक्रियामा महिला, दलित तथा सीमान्त वर्गको सहभागितामा वृद्धि गर्ने ।
- जनसहभागिताद्वारा सामुदायिक वन व्यवस्थापन प्रदर्शन स्थलको स्थापना गरी वन प्रविधिको विकास र विस्तार गर्ने ।
- निजी बोटबिरुवा तथा वनको विकास, व्यवस्थापन तथा समुचित सदुपयोग प्रभावकारीरूपमा गर्ने ।
- सामुदायिक वनभित्र सीमान्त समूहलाई व्यवस्थापन अवसर दिने ।
- उच्च मूल्यका वन्यजन्तु एवं पशुपंक्षी पालन कार्यमा आवश्यक कानुनी व्यवस्था गरी निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्ने ।
- सर्वसाधारणलाई काठ दाउराको आपूर्ति व्यवस्थापन गर्ने ।
- सरकारद्वारा व्यवस्थित वन वरपर साझेदारी वन समूह गठन गरी पाइलट परियोजनाको रूपमा साझेदारी वनको पनि व्यवस्थापन गर्ने ।
- गरिबीको रेखामुनिका जनताको कबुलियती वन समूहमा वृद्धि गरी प्रभावकारी बनाउने ।
- पर्या-पर्यटन (Eco-tourism) को लागि कबुलियती वन उपलब्ध गराउने प्रक्रिया पारदर्शी र सरल बनाउने ।
- सबै प्रकारका वनमा जडीबुटी तथा गैर-काष्ठ वन पैदावारको दर्ता (inventory) गरी कार्य योजनाहरूमा समाहित गर्ने ।
- महत्वपूर्ण जडीबुटी तथा गैर-काष्ठ प्रजातिहरूको लघु तथा साना उद्यम विकासमा सहयोग गर्ने ।

- ➲ मूल्यवान जडीबुटी प्रजातिको खेती विस्तार गर्ने ।
- ➲ जडीबुटी तथा गैर-काष्ठ वन, वनस्पति र वन, पैदावारको व्यवस्थापन तथा बजारको विकास गरी गरिब, महिला तथा पिछडिएका वर्गको रोजगारी तथा आम्दानीको वृद्धि गर्ने ।
- ➲ वनस्पति अनुसन्धान स्थल व्यवस्थापनमा स्थानीय समुदायलाई सहभागी गराई यसको प्रभावकारिता बढाउने ।
- ➲ सामुदायिक एकीकृत जलाधार व्यवस्थापन स्थानीय उपभोक्ता समूहको सहभागितामा प्रभावकारी रूपले गर्ने ।
- ➲ स्थानीय सरोकारवाला संघसंस्थाहरू तथा उपभोक्ता समूहहरूको सहभागितामा चुरे क्षेत्रको जलाधार संरक्षण कार्यलाई प्राथमिकता दिने ।
- ➲ चुरे क्षेत्रको जलाधार संरक्षण तथा कृषि वन कार्यक्रमलाई प्राथमिकता दिने ।
- ➲ राष्ट्रिय निकुञ्ज तथा आरक्ष कार्ययोजना कार्यान्वयन प्रभावकारी रूपले गर्ने ।
- ➲ जनसहभागिता जुटाई मध्यवर्ती क्षेत्र व्यवस्थापन योजना कार्यान्वयन गर्ने ।
- ➲ तराई भू-परिधि कार्यक्रमको कार्यान्वयन जनहभागिता समेतबाट गर्ने ।
- ➲ जैविक विविधताको पञ्जीकरण गर्ने ।
- ➲ वनसम्बन्धी प्रविधिको विकास विस्तार गर्न वन, वनस्पति, जैविक विविधता तथा भू-संरक्षण र जलाधार व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान तथा जनचेतना अभिवृद्धि गर्ने ।
- ➲ अनुगमन रणनीति तथा निर्देशिका तयार पारी लागू गर्ने ।
- ➲ सूचना तथा तथ्यांक प्रवाह पद्धति विकास गर्ने ।
- ➲ सहभागितात्मक, एकीकृत अनुगमन तथा मूल्याङ्कन पद्धति लागू गर्ने ।
- ➲ तलैदेखि योजना तयार गर्ने पद्धति लागू गर्ने ।
- ➲ स्वतन्त्र निकायबाट वन क्षेत्रका कार्यक्रमहरूको प्रभावकारिता मूल्याङ्कन गराउने ।

मञ्जुषा १०(ख) : वन स्रोत तथ्यांक

सि.नं.	विवरण	क्षेत्रफल	प्रतिशत
१.	वन क्षेत्र	४२.७ लाख हेक्टर	२९ प्रतिशत
२.	बुट्यान क्षेत्र	१५.६ लाख हेक्टर	१०.५ प्रतिशत
३.	कुल स्टेम आयतन	३८ करोड ८० लाख क्यूविक मी.	-
४.	कुल स्टेम आयतन मध्ये साल प्रजाति	-	२८ प्रतिशत
५.	कुल बायोमास	४,२९० लाख टन	-
६.	औसत स्टेम आयतन	१७८ क्यूविक मिटर प्रति हेक्टर	-
७.	औसत रुख संख्या	४०८ प्रति हेक्टर	-

स्रोत: नेपालको वन स्रोत प्रतिवेदन, १९९९: वन अनुसन्धान तथा सर्वेक्षण विभाग ।

१०.२३ वन क्षेत्रको दीर्घकालिन विकासको लागि वन विकास गुरुयोजनाद्वारा निर्दिष्ट छ वटा प्राथमिक विकास कार्यक्रम र छ वटा टेवामूलक विकास कार्यक्रमहरू सञ्चालन गर्न यस मन्त्रालय र अन्तर्गतका विभागहरू, समिति, संस्थान तथा कम्पनीबाट विभिन्न आयोजना र कार्यक्रमहरूलाई नेपाल सरकारको आन्तरिक स्रोत तथा वैदेशिक सहयोगद्वारा प्रत्येक आर्थिक वर्षमा निरन्तरता दिइएको छ। राष्ट्रिय तथा कबुलियती वन, सामुदायिक तथा निजी वन, पारिस्थिकीय तथा वंशाणु स्रोत संरक्षण, भू"संरक्षण तथा जलाधार व्यवस्थापन, जडीबुटी र सुगन्धित वनस्पति तथा अन्य वन पैदावर सम्बन्धी कार्यक्रम गरी जम्मा ३२ कार्यक्रम/आयोजनाहरू विभिन्न जिल्लामा सञ्चालनमा रहेका छन्।

हालसम्मको उपलब्धि स्थिति

सामुदायिक वन

सामुदायिक वन उपभोक्ता समूह संख्या:	१४,६८६
हस्तान्तरित सामुदायिक वनको क्षेत्रफल:	१२,३३,०१२ हेक्टर
लाभान्वित घरघुरी संख्या :	१६,६१४८२
महिलाद्धारा व्यवस्थित सामुदायिक वनको संख्या :	७९५

कबुलियती वन

कबुलियती वन उपभोक्ता समूह संख्या:	४,५२३
हस्तान्तरित कबुलियती वनको क्षेत्रफल:	१९९७८ हेक्टर
कबुलियती वनबाट लाभान्वित घरघुरी संख्या:	३७७०३

साझेदारी वन

नमुना कार्यक्रम सञ्चालित जिल्लाहरू:	बारा, पर्सा, रौतहट, महोत्तरी
साझेदारी वन समूह संख्या:	४
साझेदारी वन क्षेत्रफल:	८६७५ हेक्टर

१०.२४ सामुदायिक वन विकास कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६५/०६६ मा ४ सय ८९ समूह गठन भएको तथा आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्म १४ हजार ६ सय ८६ उपभोक्ता समूह गठन भई १२ लाख ३३ हजार १२ हेक्टर वन क्षेत्र हस्तान्तरण भएको तथा सो कार्यक्रमबाट १६ लाख ६१ हजार ४ सय ८२ घरधुरी लाभान्वित भएका छन्।

१०.२५ कबुलियती वन तथा पशु विकास कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६५/६६ मा ७ सय २४ समूह गठन भएको तथा आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्म ४ हजार ५ सय २३ उपभोक्ता समूह गठन भई १९ हजार ९ सय ७८ हेक्टर वन क्षेत्र हस्तान्तरण भएको तथा सो कार्यक्रमबाट ३७ हजार ७ सय ३ घरधुरी लाभान्वित भएका छन्।

१०.२६ वन क्षेत्रबाट उपेक्षित वर्गलाई अधिकतम लाभ दिन सक्ने गरी वनको वैज्ञानिक व्यवस्थापन गर्नको लागि जिल्लाको हाल स्वीकृत वन व्यवस्थापन कार्य योजनामा

उक्त कुरा उल्लेख गरी विरुवा उत्पादन र काठ दाउरा संकलनमा समावेश भएको तथा सामुदायिक वन विकास मार्गदर्शन २०६५ मा समेत उक्त कुरा उल्लेख गरी परिमार्जन गरिएको छ ।

आर्थिक वर्ष २०६५/६६ को वार्षिक उपलब्धि स्थिति	
सामुदायिक वन (सामुदायिक वन विकास कार्यक्रम, जिविकोपार्जनको लागि वन कार्यक्रम, दोलखा रामेछाप सामदायिक वन परियोजना)	
सामुदायिक वन उपभोक्ता समूह गठन संख्या	७५०
वन कार्ययोजना तयारी	६८३
वन हस्तान्तरण संख्या	२१९
वन कार्ययोजना पुनरावलोकन संख्या	१९११
सामुदायिक वन भित्र कवुलियती वन समूह गठन संख्या	७०
कबुलियती वन	
कबुलियती वन उपभोक्ता समूह संख्या	७२४
कवुलियती वन कार्ययोजना तयारी संख्या	७२४
कवुलियती वन कार्ययोजना तयारी तालीम/गोष्ठी संख्या	३९४३
कवुलियती वन क्लस्टर पहिचान	८३
साझेदारी वन	
नमुना कार्यक्रम सञ्चालित जिल्ला	महोत्तरी
साझेदारी वन समूह संख्या	१
साझेदारी वन क्षेत्र संख्या	२००६ हेक्टर
भू तथा जलाधार संरक्षण कार्यक्रम	
सामुदायिक स्रोत व्यवस्थापन योजना कार्यान्वयन वार्ड संख्या	१९८
प्राकृतिक प्रकोप रोकथाम (गल्छी/पहिरो) संख्या	२३१
पानी मुहान संरक्षण संख्या	१८१
विपन्न वर्गको लागि आयमूलक संरक्षण कार्यक्रम घरधुरी	२५०

१०.२७ राष्ट्रको पारिस्थितिजन्य प्रणालीहरूको प्रतिनिधित्व हुने गरी जैविक विविधताको संरक्षणको लागि आवश्यकताअनुसार संरक्षित क्षेत्रहरूको स्थापना तथा विस्तार गर्दै लैजाने नीति अवलम्बन गरिएको छ ।

१०.२८ संरक्षित क्षेत्रहरू (मध्यवर्ती क्षेत्रसमेत) मा जैविक विविधताको दीगो संरक्षणको लागि व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्ने, दुर्लभ प्रजातिको संरक्षणका लागि ती प्रजातिहरूको वासस्थानको संरक्षण, सम्वर्द्धन र सुधार गर्ने, जैविक तथा सम्पर्क मार्गहरू (Corridors and Connectivity) को पहिचान, संरक्षण र व्यवस्थापन गर्ने, पारिस्थितिजन्य प्रक्रियाहरू (Ecological Process) लाई प्राकृतिकरूपमा व्यवस्थित गर्ने र मानव उपयोगी बनाउदै लैजान अध्ययन, अनुसन्धानको माध्यमबाट जैविक विविधता र प्राकृतिक स्रोतहरूको दीगो उपयोगमा बढावा दिदै संरक्षणमा प्रभावकारी रूपले जनसहभागिता परिचालन गर्दै लैजाने नीतिअनुसार कार्य भइरहेका छन् ।

१०.२९ जैविक विविधता तथा वातावरण संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि/महासन्धि जस्तै: CBD, CITES, Ramsar आदिको पक्षधर राष्ट्रको हैसियतले ती सन्धि/महासन्धिहरूको प्रभावकारी तवरले कार्यान्वयन गरिएको छ ।

१०.३० गैर-सरकारी संघसंस्था तथा व्यक्तिहरूलाई वन्यजन्तुको दीगो संरक्षण, सम्बर्द्धन र सदुपयोग गरी आय एवं रोजगारीका अवसरहरूको वृद्धि गर्न वन्यजन्तु पालन तथा अनुसन्धान गर्न दिने नीतिलाई समय सापेक्ष परिमार्जन गर्दै लगिएको छ ।

तालिका १०(ख) : राष्ट्रिय निकुञ्ज – एक झलक

क्र.सं.	राष्ट्रिय निकुञ्ज	घोषित वर्ष (इ.स. मा)	क्षेत्रफल (वर्ग कि.मी.)
१.	चितवन राष्ट्रिय निकुञ्ज	1973	932
२.	लाङटाङ राष्ट्रिय निकुञ्ज	1976	1,710
३.	सगरमाथा राष्ट्रिय निकुञ्ज	1976	1,148
४.	रारा राष्ट्रिय निकुञ्ज	1976	106
५.	शे फोक्सण्डो राष्ट्रिय निकुञ्ज	1984	3555
६.	खप्तड राष्ट्रिय निकुञ्ज	1984	225
७.	बर्दिया राष्ट्रिय निकुञ्ज	1988	968
८.	मकालु बरूण राष्ट्रिय निकुञ्ज	1991	1500
९.	शिवपुरी राष्ट्रिय निकुञ्ज	2002	144
	जम्मा :		**10288**

तालिका १०(ग) : वन्यजन्तु आरक्ष – एक झलक

क्र.सं.	राष्ट्रिय निकुञ्ज	घोषित वर्ष (इ.स. मा)	क्षेत्रफल (वर्ग कि.मी.)
१	शुक्लाफाँट वन्यजन्तु आरक्ष	१९७६	३०५
२	कोशीटप्पु वन्यजन्तु आरक्ष	१९७६	१७५
३	पर्सा वन्यजन्तु आरक्ष	१९८४	४९९
४	ढोरपाटन शिकार आरक्ष	१९८७	२३०४
	जम्मा :		**२३०४**

तालिका १०(घ) : संरक्षण क्षेत्र – एक झलक

क्र.सं.	राष्ट्रिय निकुञ्ज	घोषित वर्ष (इ.स. मा)	क्षेत्रफल (वर्ग कि.मी.)
१	अन्नपूर्ण संरक्षण क्षेत्र	1992	7,629
२	कञ्चनजङ्घा संरक्षण क्षेत्र	1997	2,035
३	मनास्लु संरक्षण क्षेत्र	1998	1,663
	जम्मा :		11,327

तालिका १०(ङ) : मध्यवर्ति क्षेत्र – एक झलक

क्र.सं.	राष्ट्रिय निकुञ्ज	घोषित वर्ष (इ.स. मा)	क्षेत्रफल (वर्ग कि.मी.)
१.	चितवन राष्ट्रिय निकुञ्ज	1996	७५०
२.	वर्दिया राष्ट्रिय निकुञ्ज	1996	३२८
३.	लाङटाङ राष्ट्रिय निकुञ्ज	1998	४२०
४.	शे फोक्सूण्डो राष्ट्रिय निकुञ्ज	1998	१३४९
५.	मकालु वरूण राष्ट्रिय निकुञ्ज	1999	८३०
६.	सगरमाथा राष्ट्रिय निकुञ्ज	2002	२७५
७.	शुक्लाफाँट वन्य जन्तु आरक्ष	2004	२४३.५
८.	कोशी टप्पु वन्य जन्तु आरक्ष	2004	१७३
९.	पर्सा वन्य जन्तु आरक्ष	2005	२९८.१७
१०.	रारा राष्ट्रिय निकुञ्ज	2006	१९८
११.	खप्तड राष्ट्रिय निकुञ्ज	2006	२१६
	जम्मा :		**5079=67**

स्रोत: वन तथा भू-संरक्षण मन्त्रालय ।

११. यातायात तथा सञ्चार

सडक यातायात

११.१ आर्थिक वर्ष २०६६/६७ मा सोलुखुम्बु, मनाङ, मुगु र बाजुरा गरी चार वटा जिल्ला सदरमुकामसम्म मोटरबाटो पुऱ्याउने लक्ष्य अनुसार सडक निर्माण कार्य भइरहेको छ। आर्थिक वर्ष २०६५/६६ को अन्त्यसम्ममा कालोपत्रे ६ हजार ९४ कि.मि., खण्डास्मित ४ हजार ७ सय ७२ कि.मि. र कच्ची सडक ८ हजार ८ सय ९२ कि.मि. गरी जम्मा १९ हजार ७ सय ५८ कि.मि. सडक निर्माण भएकोमा आर्थिक वर्ष २०६६/६७ को फागुनसम्म कालोपत्रस्तरमा स्तरोन्नति २ सय १० कि.मि., खण्डास्मितस्तरमा ६० कि.मि. र नयाँ सडक निर्माण १ सय १० कि.मि. भएको छ। यसरी सडकको कुल लम्बाई २० हजार १ सय ३८ कि.मि. पुगेको अनुमान छ।

तालिका ११(क) : नेपालमा उपलब्ध सडक सुविधा

(किलो मिटरमा)

क्र.सं.	किसिम	आर्थिक वर्ष			
		२०६५/६६ सम्म	२०६६/६७*	आर्थिक वर्ष २०६६/६७सम्म**	
				जम्मा	अंश (प्रतिशत)
१.	कालोपत्रे	६०९४	२१०	६३०४	३१.३
२.	खण्डास्मित	४७७२	६०	४८३२	२४.०
३.	कच्ची सडक	८८९२	११०	९००२	४४.७
जम्मा		१९७५८	३८०	२०१३८	१००

* आर्थिक वर्ष २०६६/६७ मा सडक थप भएको, ** २०६६ फागुन मसान्तसम्मको जम्मा

द्रष्टव्य : सडक विभागबाट बनाइएका सडक मात्र समावेश गरिएको

स्रोत : सडक विभाग।



सवारी साधन

११.२ आर्थिक वर्ष २०४६/४७ देखि आर्थिक वर्ष २०६५/६६ को अन्त्यसम्ममा देशभरमा ८ लाख ५ हजार ६ सय १४ वटा सवारी साधन रहेकोमा चालु आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा १ लाख १७ हजार ९ सय ८१ (१५ प्रतिशत) ले वृद्धि भई सवारी साधनहरूको कुल सङ्ख्या ९ लाख २३ हजार ५ सय ९५ पुगेको छ। यसरी आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्ममा प्रति किलो मिटर ४५ वटा सवारी साधन पुगेको अनुमान छ। गत आर्थिक वर्षमा सरदर देशभर प्रति किलो मिटर ४० वटा सवारी साधन थिए।

तालिका ११(ख) : सवारी साधनहरूको सङ्ख्या

किसिम	आर्थिक वर्ष		कुल**	वृद्धि प्रतिशत (प्रथम आठ महिनाको)
	२०४६/४७ देखि २०६५/६६ सम्म	२०६६/६७*		
बस	19685	3000	22685	15.2
मिनीबस	7497	797	8294	10.6
कार/जीप भ्यान	100123	7308	107431	7.3
ट्रयाक्टर	44767	6558	51325	14.6
मोटरसाइकल	573020	99084	672104	17.3
टेम्पो	7373	5	7378	0.06
माइक्रो	2063	49	2112	2.4
ट्रक/डोजर/क्रेन	40437	359	40796	0.9
पिक अप	4706	107	4813	2.3
अन्य	5943	714	6657	12.0
जम्मा	805614	117981	923595	14.6

*आर्थिक वर्ष २०६६/६७ को फागुन महिनासम्म थप भएको,

** आर्थिक वर्ष २०४६/४७ देखि आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्मको जम्मा

स्रोत : यातायात व्यवस्था विभाग।

नीतिगत तथा संस्थागत प्रगति

११.३ यातायात व्यवस्थापनको समग्र पक्षको सुधारको लागि यातायात व्यवस्था कार्यालयहरूको विद्यमान स्रोत र साधन एवम् कार्य प्रक्रियामा सुधार गर्ने कार्यको सुरुवात, प्रदुषण नाप जाँचसम्बन्धी प्रक्रियालाई वैज्ञानिक र व्यवस्थित बनाउने नीति अवलम्बन गरिएको छ।

११.४ यातायातसम्बन्धी विभिन्न कार्यहरूलाई सुधार गर्ने प्रक्रियामा यातायात व्यवस्था कार्यालयबाट सम्पादन हुने कार्यहरूको विभागको तर्फबाट अनुगमन गर्ने, अभिलेख

प्रणालीलाई वैज्ञानिक र व्यवस्थित बनाउने, यातायात व्यवस्थापनसम्बन्धी कार्यलाई समयानुकुल सुधार गरी आधुनिक र वैज्ञानिक बनाउने कार्यलाई अगाडि बढाइएको छ ।

११.५ राज्यले अगिंकार गर्दै आएको राष्ट्रिय यातायात नीति र विभिन्न आवधिक योजना अनुरूप सडक मर्मत सम्भार कार्यमा उचित व्यवस्थापन गर्ने गरिएको छ । सडक बोर्डले सडकको मर्मत सम्भार गराउने, सम्भार खर्चमा न्यूनीकरण गर्ने तथा यस सम्बन्धी कार्यलाई पारदर्शी एवम् प्रभावकारी बनाउने कार्य गर्दै आएको छ ।

११.६ सडक बोर्ड ऐन, २०५८ अन्तर्गत गठित सडक बोर्ड नेपालले सडक बोर्डको कोषमा जम्मा हुने रकम (सवारी इन्धनमा लगाइएको दस्तुर, सवारी दर्ता प्रमाणपत्रमा लगाइएको दस्तुर, सडक उपभोग गरे वापतको दस्तुर आदि) बाट सडकको नियमित, पटके, आवधिक (केही) तथा आकस्मिक मर्मत सम्भार हुने गरेको छ ।

११.७ सडक बोर्ड ऐन, २०५८ मा सार्वजनिक-निजी साझेदारीको अवधारणाअनुरूप विभिन्न क्षेत्रका सडक प्रयोगकर्ताहरूको समेत प्रतिनिधित्व रहने गरी कार्यकारी समितिको व्यवस्था भएको छ । ऐन, नियमावली र कार्यकारी समितिले गरेको निर्णयहरू कार्यान्वयन गराउन जनशक्तिको व्यवस्थापन गरी सचिवालय कार्यरत रहीआएको छ । सडकसम्बन्धी निकायहरूबाट प्राथमिकताको आधारमा प्राप्त कार्यक्रमहरू कार्यकारी समितिको स्वीकृती लिई सोही निकायहरूबाट कार्यान्वयन हुँदै आइरहेको छ ।

११.८ सामरिक महत्वका सडक सञ्जाल तथा स्थानीय सडक सञ्जालहरूको मर्मत सम्भार कार्यको लागि क्रमशः सडक विभाग र स्थानीय निकायहरू (जिल्ला विकास समिति र नगरपालिकाहरू) मा सडक बोर्डलाई उपलब्ध हुने गरेको आर्थिक स्रोतबाट रकम उपलब्ध गराइन्छ । स्थानीय निकायका सडक मर्मत सम्भार गराउँदा जिल्ला विकास समिति र नगरपालिकाहरूले क्रमशः २० प्रतिशत र ३० प्रतिशत म्याचिङ्ग फण्ड राख्ने व्यवस्था समेत गरिएको छ । सामरिक महत्वका सडक सञ्जालतर्फ नियमित र पटके मर्मतको लागि सडक विभागलाई आवश्यक पर्ने सम्पूर्ण रकमको सुनिश्चितता गरिदै आएको छ । स्थानीय सडक सञ्जालतर्फ सडकको लम्बाई, सडकको सतहको प्रकार र सवारी साधन चल्ने संख्याको आधारमा रकम उपलब्ध गराउने गरिएको छ ।

११.९ निक्षेपणको सिद्धान्तलाई अङ्गीकार गर्दै स्थानीय सडक सञ्जालका सडक मर्मत सम्भार गर्न स्थानीय निकायहरूलाई सशर्त अनुदान दिने प्रकृया सुरू गरिएको छ । साथै, उक्त निकायहरूमा विनियोजित रकम सोझै उपलब्ध गराउन थालिएको छ ।

तालिका ११(ग) : यातायात क्षेत्रमा भएका विविध कार्य

क्र.स.	सम्पादित प्रमुख कार्यहरू	आर्थिक वर्ष २०६५/६६ सम्म	प्रथम आठ महिनाको उपलब्धि
१.	ड्राइभिङ्ग प्रशिक्षण केन्द्र (सङ्ख्या)	1089	133
	दर्ता सङ्ख्या	-	31
	नवीकरण सङ्ख्या	-	5

क्र.स.	सम्पादित प्रमुख कार्यहरू	आर्थिक वर्ष २०६५/६६ सम्म	प्रथम आठ महिनाको उपलब्धि
	सवारी साधन दर्ता सङ्ख्या	८०५६१४	११७९८१
२.	सवारी चालक अनुमतिपत्र (सङ्ख्या)	१२९४६०२	१४४३४१
	नवीकरण सङ्ख्या	-	६८८८
	प्रतिलिपि सङ्ख्या/समूह थप	-	२५७२२
	नेपालीकरण सङ्ख्या (अञ्चलीकरण)	-	२०६०

स्रोत : यातायात व्यवस्था विभाग ।

हवाई सेवा

११.१० नेपालमा नागरिक उड्डयनको विकास तथा विस्तार गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सम्पर्कको लागि हवाई उडान, हवाई सञ्चार, हवाई पथ प्रदर्शन र हवाई परिवहन सेवा सञ्चालन सुरक्षित, नियमित, स्तरीय तथा प्रभावकारी बनाउने उद्देश्यले स्थापना भएको नेपाल नागरिक उड्डयन प्राधिकरणले अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (ICAO) ले प्रतिपादन गरेको Standard and Recommendation Practices (SARPs) लाई आत्मसात गर्दै नागरिक उड्डयनसँग सम्बन्धित सुरक्षात्मक तथा नियमन कार्य, विमानस्थल विकास तथा सुधार कार्य सुचारुरूपले सञ्चालन गर्दै आएको छ ।।

११.११ हाल मुलुकमा अन्तर्राष्ट्रिय विमानस्थल-एक, क्षेत्रीय हव विमानस्थल-पाँच (विराटनगर, पोखरा, भैरहवा, नेपालगञ्ज र धनगढी), अन्य आन्तरिक विमानस्थल-४३ र निर्माणाधीन विमानस्थल-पाँच (कालीकोट, कमलबजार, मसिनेचौर, सितलेशोला र सिमिचौर) गरी देशमा जम्मा ५४ वटा विमानस्थल रहेका छन् । यस मध्ये ३४ वटा विमानस्थलहरूमा हाल हवाई सेवा सञ्चालन भइरहेको छ ।

११.१२ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सीमानासँगै जोडिएका क्षेत्रहरू (गोठाटार, कोटेश्वर, सिनामङ्गल आदि) मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सडक, ढल व्यवस्थापन, खानेपानी आदिको निर्माण कार्य यस आर्थिक वर्षमा पनि साविक झै चालु रहेका छन् ।

११.१३ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग तथा टैक्सीवे को Overlay कार्य ५० प्रतिशत पूरा हुनुको साथै अन्तर्राष्ट्रिय वायुयान विसौनी स्थलको विस्तार कार्य पूरा भएको छ । त्यस्तै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको गुरुयोजनाबमोजिम विमानस्थलको विकास विस्तार तथा सुरक्षाको लागि कोटेश्वर तथा सिनामङ्गल क्षेत्रमा जग्गा, घर, टहरा आदि अधिग्रहणको मुआब्जा वितरण कार्य चालु रहेको छ ।

११.१४ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पर्यटक, यात्रु तथा सेवाग्राहीलाई प्रदान गरिने नियमित उडानहरूमा सेवा सुविधाहरू छिटो छरितो एवं प्रभावकारीरूपमा प्रदान गरिनुका साथै अन्य सुविधाहरू जस्तो सरसफाई, टर्मिनल व्यवस्थापन, ट्रली सेवा, ट्याक्सी सेवा आदिमा व्यापक सुधार गर्ने तर्फ ध्यान दिइएको छ । अन्तर्राष्ट्रिय प्रचलन

अनुरूप नभई नहुने र ई-टिकेटिङ्ग प्रणालीलाई सघाउ पुग्ने एकीकृतरूपमा सम्पूर्ण वायुसेवाहरूद्धारा एउटै सफ्टवेयरबाट यात्रु टिकट जाँचका साथै अन्य सुविधाहरू समेत प्राप्त गर्न सकिने Common User Terminal Equipment (CUTE) प्रणाली लागू गर्ने व्यवस्थाको लागि टेण्डर आव्हान भई मूल्याङ्कन कार्य भइरहेको छ। विमानस्थलमा बढदो अन्तर्राष्ट्रिय उडानहरूलाई व्यवस्थित पार्किङ्ग गर्न अन्तर्राष्ट्रिय एप्रोनलाई पूनर्मूल्याङ्कन गरी विद्यमान दुईवटा Wide body Parking को सट्टा तीनवटा गर्ने र हाल सातवटा BAY रहेकोमा थप एउटा BAY को व्यवस्था गरी आठवटा BAY बनाउने कार्य सम्पन्न भइसकेको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पर्यटक, यात्रु तथा सेवाग्राहीलाई सुविधाको लागि उच्चस्तरको सेवा प्रदान गर्ने गरी Executive Lounge तथा रेष्टुंराको व्यवस्था गरी सञ्चालन गरिएको छ। यात्रुहरूको सुविधाको लागि गैरआवाशीय नेपालीहरुबाट प्राप्त १ सय १० वटा ट्रली सञ्चालनमा ल्याइएको र थप २५० वटा ट्रली कार्यालय बजेटबाट खरिद गर्ने प्रक्रिया सुरु भइसकेको छ।

११.१५ वायुसेवाहरू र विभिन्न प्रकारका वायुयानहरूको सञ्चालनमा वृद्धि भएअनुसार आन्तरिक विमानस्थलहरूको स्तरोन्नति तथा विस्तार गरी हवाई सेवालाई सुरक्षित, नियमित तथा भरपर्दो बनाउने क्रममा विमानस्थलको स्तर वृद्धि तथा विस्तारलाई निरन्तरता दिइएको छ।

पूर्वाधार विकास कार्यक्रम सञ्चालन भएका विमानस्थलहरू	
विमानस्थल	**सम्पन्न कार्य**
गौतम बुद्ध विमानस्थल	क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विस्तार गरी क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा ल्याउन धावनमार्ग टेक्सी-वे तथा एप्रोन जिर्ण अवस्थामा रहेकोले नियमित र सुरुक्षितरूपमा विमानस्थल सञ्चालन गर्नको लागि Overlay गर्ने कार्य सम्पन्न भइसकेको र चालु आर्थिक वर्षमा करिव १ सय ३८ विगाहा जग्गा अधिग्रहण गर्ने कार्यक्रम रहेको।
पोखरा विमानस्थल	पोखरा विमानस्थलको धावनमार्ग, टेक्सी-वे तथा एप्रोनको सुधार गर्ने कार्यसम्पन्न गरिएको।
चन्द्रगढी विमानस्थल	चन्द्रगढी विमानस्थलको धावनमार्ग, टैक्सीवे तथा एप्रोनको सुदृढिकरणको कार्य सम्पन्न गरिएको तथा ढल निर्माण कार्य चालु भएको।
धनगढी विमानस्थल	सुदूर पश्चिमाञ्चल क्षेत्रमा पक्की विमानस्थल नभएको तथा क्षेत्रीय सन्तुलनको दृष्टिले महत्वपूर्ण धनगढी विमानस्थलको स्तरवृद्धि तथा विस्तार गरी बाह्रै महिना सेवा सञ्चालन योग्य बनाउन १ हजार ८ सय मी. धावनमार्ग, टैक्सी वे तथा एप्रोनको कालोपत्र गर्ने कार्य सम्पन्न गरिएको।
सुर्खेत विमानस्थल	मध्य पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम सुर्खेत स्थित सुर्खेत विमानस्थलको स्तर वृद्धि गर्ने सिलसिलामा १०४० X ३० मिटर धावनमार्गमा कालोपत्र र पाँच वटा DHC-6 वा सो सरहका वायुयानहरू विश्राम गर्न सक्ने पार्किङ्ग एप्रोनको कार्य समेत

पूर्वाधार विकास कार्यक्रम सञ्चालन भएका विमानस्थलहरू	
विमानस्थल	**सम्पन्न कार्य**
	सम्पन्न भई रिजिड पार्किङ्ग एप्रोन निर्माण गर्ने कार्य सम्पन्न भएको ।
जनकपुर विमानस्थल	जनकपुर विमानस्थलको धावनमार्गलाई ३०० मिटर विस्तार गरी १ हजार २ सय मिटर पुऱ्याउनुका साथै धावनमार्ग, टैक्सी वे तथा एप्रोनको स्तर वृद्धि गर्ने कार्य सम्पन्न भएको ।
सिमिकोट (हुम्ला) विमानस्थल	हुम्ला विमानस्थलको धावनमार्ग विस्तारको निमित्त आवश्यक पर्ने जग्गा अधिग्रहण (२९ रोपनी) को लागि मुवाव्जा वितरण कार्य प्रायः सम्पन्न भएको । धावनमार्ग, टैक्सी वे तथा एप्रोन कालोपत्रे गर्ने कार्य भइरहेको ।
दुर्गम क्षेत्रमा निर्माणाधीन विमानस्थल	
विमानस्थल	**सम्पादन भएको कार्य**
मुगु (रारा) विमानस्थल	धावनमार्ग विस्तार तथा सुधार र एप्रोनको आंशिक निर्माण तथा सुधार कार्य भइरहेको ।
कालिकोट विमानस्थल	कालिकोट जिल्लाको कोटवाडामा विमानस्थल निर्माण गर्न उपभोक्ता समितिमार्फत धावनमार्गको ढुङ्गा माटाको कार्यलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिइएको ।
काँगेलडाँडा विमानस्थल	काँगेलडाँडा विमानस्थलको धावनमार्गको अधिकाँश निर्माण कार्य सम्पन्न भएको । अन्य भौतिक संरचनाहरू निर्माण गर्न बाँकी नै रहेतापनि हाल उक्त विमानस्थलमा सेवा सञ्चालन भइरहेको ।
कमलबजार विमानस्थल	निर्माणाधीन कमलबजार विमानस्थलको निर्माण कार्य सम्पन्न भएको तर परीक्षण उडान हुन बाँकी रहेको ।
थामखर्क विमानस्थल	खोटाङको थामखर्कमा धावनमार्ग निर्माण कार्य सम्पन्न भएको । अन्य भौतिक संरचनाहरूको निर्माण कार्य भइरहेको भएतापनि सेवा सञ्चालन भने भइसकेको ।
मसिनेचौर (डोल्पा) विमानस्थल	विमानस्थलको धावनमार्ग निर्माणका निमित्त स्थानीय उपभोक्ता समितिसँग कार्य सम्झौता भई निर्माण कार्य चालु रहेको ।
डोल्पा (जुफाल) विमानस्थल	धावनमार्ग विस्तार कार्यका लागि स्थानीय उपभोक्ता समितिसँग सहकार्य गरी निर्माण कार्य चालु रहेको ।
निर्माणाधीन मनमाया राई, खानीडाँडा विमानस्थल	धावनमार्गको निर्माण कार्य प्रायः सम्पन्न भई २०६४ फागुन १६ गते परीक्षण उडान समेत गरिएको ।

११.१६ वायुसेवा सञ्चालनका लागि जारी गरिएको आवश्यक वायुसेवा सञ्चालन अनुमति तथा प्रमाण पत्र (AOC) मध्ये २५ वटा कम्पनीको अनुमति तथा प्रमाणपत्र मान्य रहेको छ । यस आर्थिक वर्षमा चार वटा कम्पनीहरू पारानोभा नेपाल प्रा.लि., माउण्टेण्ट हेलिकप्टर्स प्रा.लि., मुक्तिनाथ एयरलाइन्स प्रा.लि./अन्नपूर्ण प्याराग्लाइडिङ्ग प्रा.लि. लाई वायुसेवा सञ्चालन अनुमति तथा प्रमाण पत्र (AOC) जारी गरिएको छ । यी चार मध्ये

दुई वटा पारानोभा नेपाल प्रा.लि. र अन्नपूर्ण प्याराग्लाइडिङ्ग प्रा.लि. को अनुमति तथा प्रमाण पत्र मनोरञ्जनात्मक एवं सहासिक वायुसेवा सञ्चालनसँग सम्बन्धित रहेको र यी दुवै कम्पनी सञ्चालनमा आइसकेको अवस्था रहेको छ। यसरी मनोरञ्जनात्मक तथा साहसिक वायुसेवा सञ्चालनबाट विदेशी पर्यटकहरू आकर्षित हुने र उनीहरूको नेपाल बसाईको अवधि लम्बिन गई समग्रमा पर्यटन प्रवर्द्धनमा नै योगदान पुग्ने अपेक्षा राख्न सकिन्छ।

११.१७ हालसम्ममा जारी गरिएका वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र को संख्या ५४ र वैध प्रमाणपत्रको संख्या २५ रहेको छ। यी २५ मध्ये स्थिर पखेटा भएका वायुसेवाहरू १०, हेलिकप्टरहरू सात, मनोरञ्जनात्मक एवं साहसिक वायुसेवाको संख्या आठ रहेको छ। प्रमाणपत्र वैध रहेका २१ वटा वायुसेवा कम्पनीहरूबाट सेवा प्रदान भइरहेको छ भने अन्य चार वटा पनि निकट भविष्यमा नै सञ्चालन हुने अवस्थामा रहेका छन्।

११.१८ उडान तालिका तथा अनुमति शाखातर्फको प्रगतिलाई दृष्टिगत गर्दा चालु आर्थिक वर्षमा सुरुदेखि हालसम्ममा पाँच नयाँ विदेशी अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरूको सेवा नेपालमा विस्तार भएको छ। यी पाँच मध्ये China Eastern Airlines ले कुङमिङ्ग-काठमाडौं-कुङमिङ्ग, TUI (ARKE FLY) आम्स्टरडम-काठमाडौं-आम्स्टरडम, United Airways ले ढाका-काठमाडौं-ढाका, Fly Dubai Airlines ले दुबई-काठमाडौं-दुबई वृत्तखण्डमा सेवा विस्तार गरेका छन्। Kingfisher Airlines ले निकट भविष्यमा नै दिल्ली-काठमाडौं-दिल्ली र मुम्बई-काठमाडौं-मुम्बई अन्तर्राष्ट्रिय वृत्तखण्डहरूमा सेवा विस्तार गर्ने गरी सो कम्पनीको उडान तालिका स्वीकृत भइसकेको अवस्था छ।

११.१९ भारत, श्रीलंका, दक्षिण कोरिया, भूटान, जापान, म्यानमार, बंगलादेश, ब्रुनाई, चीन, मलेशिया, सिंगापुर, थाइल्याण्ड, मकाउ, माल्दिभ्स, हङ्गकङ्ग, फिलिपिन्स, ओमान, ईजिप्ट, साउदी अरेविया, जोर्डन, कतार, बहराइन, पाकिस्तान, कुवेत, युनाइटेड अरव ईमिरेटस, ईजरायल, अष्ट्रिया, फ्रान्स, लक्जेम्वर्ग, रसियन फेडरेसन, जर्मनी, ईटाली, नेदरल्याण्ड, बेलायत र क्रोएशिया गरी जम्मा ३५ मुलुकसँग नेपालले द्विपक्षीय हवाई सेवा सम्झौता तथा समझदारी पत्रमा हस्ताक्षर गरेको छ।

११.२० हिमालय पार उडान, पूर्व-पश्चिम अन्तर्राष्ट्रिय उडानहरूले नेपालको आकाश अधिकतम उपयोग हुने गरी हवाई मार्ग प्रवर्द्धन गर्ने नीतिअनुरूप ICAO को अगुवाइमा पूर्व-पश्चिम लामो दूरीका अन्तर्राष्ट्रिय हवाई मार्गमा नेपालको वायुक्षेत्र समेत समावेश हुने गरी Trans Himalayan Route र पूर्व-पश्चिम (कुन्मीङ्ग-काठमाडौ-दिल्ली) हिमालयन रुट स्थापना गर्न ICAO सँग समन्वय गर्ने कार्य जारी छ। गत सेप्टेम्बर २००९ मा चीन तथा भारतबीचका हवाई मार्ग तथा ATS Coordination Procedures सम्बन्धी सहमतिपत्र (LOA) मा हस्तान्तरण गरियो। सोही मितिमा नेपाल र भारतबीच हवाई सम्झौता वार्ता हुँदा काठमाण्डौबाट महेन्द्रनगर हुँदै दिल्ली जाने रुट समेत स्थापना गरी १९ नोभेम्बर, २००९ बाट लागु गरिएको छ।

११.२१ आन्तरिक हवाई मार्ग तथा वायुक्षेत्रको समुचित सुधारको लागि विभिन्न विमानस्थलमा यान्त्रिक उडान विधि (Instrument Flight Procedures) तथा वायुक्षेत्रको संशोधन

(Revision of Air Space) लगायतका कार्यहरू भइरहेको छ । नेपालको Aeronautical Chart लाई Digitized गरी सम्पूर्ण Procedure, Route, Approach र Departure Chart आदिको Database तयार गरिएको छ । नयाँ Aeronautical Chart प्रकाशन गर्ने तर्फ आवश्यक कारवाही भइरहेको छ ।

११.२२ नेपाली वायुक्षेत्रको सुधार गर्ने क्रममा विभिन्न रुट तथा कार्यविधिहरू परिमार्जन गरी AIP Nepal को नयाँ संस्करण प्रकाशनको तयारी भइरहेको छ । यसैगरी, Air Traffic Control Manual मा समेत समय सापेक्ष संशोधन गर्ने कार्य भइरहेको छ । भू-उपग्रह (GPS) मा आधारित नेभिगेसन प्रणाली क्रमिकरूपमा लागु गर्ने उद्देश्यले यस वर्ष दुईवटा विमानस्थलहरू (विराटनगर र चन्द्रगढी) मा GPS Approach र Departure लागु गराउने सम्बन्धमा पूर्वाधारका कार्यहरू भइरहेको छ । गत वर्ष मे ५-१५, २००९ सम्ममा ICAO Unniversal Safety Oversight Audit Programme (USOAP) समेत Flighting Operation, Air Navigation Services तथा Aerodrome Operation सम्बन्धी ICAO Audit Team बाट Audit कार्य सम्पन्न भइसकेको छ ।

११.२३ ICAO को अनुसुचीहरूमा रहेको SARPs तर्फ भएका प्रावधानहरू Contracting States ले लागु गर्नुपर्ने सन्दर्भमा प्राधिकरणबाट ICAO Annexes हरूमा आधारित Civil Aviation Requirments तथा निर्देशिकाहरू तयार गरी लागु गरिएको छ ।

११.२४ हवाई यातायातको सुरक्षा विरुद्धको थ्रेटको परिवर्तित स्वरूप र त्यस्ता थ्रेटको मुकाविला गर्न अवलम्बन गरिनु पर्ने रणनीतिको निम्ति अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (ICAO) ले हवाई सुरक्षा सम्बन्धमा प्रतिपादन गरेका मापदण्डहरूको सङ्गालो अनुसुची १७ का सबै प्रावधानहरू ICAO का सम्पूर्ण सदस्य राष्ट्रहरूमा पूर्णरूपमा कार्यान्वयन हुनु पर्ने निक्यौंल गरेको र सो कार्यान्वयनको मूल्याङ्कन गर्न ICAO Universal Aviation Security Audit Programme (USAP) अन्तर्गत सन् २००३ बाट यसका सम्पूर्ण सदस्य राष्ट्रहरूको हवाई सुरक्षा परीक्षण गर्ने कार्य प्रारम्भ गरी सन् २००७ डिसेम्बरसम्म प्राय: सबै राष्ट्रको अडिट सम्पन्न भएको र सन् २००६ को फेब्रुअरीमा नेपालको ICAO Aviation Security Audit सम्पन्न भएको छ । परीक्षणबाट गरिएका सिफारिशहरूमा उल्लेखित त्रुटिहरू सुधारको निमित्त परीक्षण प्रावधानबमोजिम समय सीमा समेत उल्लेख गरी Corrective Action Plan (CAP) तयार गरी ICAO मा पठाइएको र ICAO ले सोको अनुगमन, लेखापरीक्षण प्रतिवेदन समेत प्राप्त भई उक्त प्रतिवेदन अनुरूप कार्यान्वयन भइरहेको छ ।

११.२५ Corrcetive Action Plan (CAP) मा प्रतिवद्धता जनाइएअनुसार विमानस्थल सुरक्षा कार्यक्रम, राष्ट्रिय हवाई सुरक्षा गुण नियन्त्रण कार्यक्रम, राष्ट्रिय हवाई सुरक्षा तालीम कार्यक्रम साथै हवाई सुरक्षाका विविध पक्षका छुट्टाछुट्टै स्तरीय कार्य विधि (Standard Operating Procedure-SOP) तयार गरिएको र ती कार्यक्रमहरू तथा कार्यविधि स्वीकृत भई लागू भइसकेका छन् ।

११.२६ हवाई सुरक्षाका सम्पूर्ण गतिविधिहरूको नीतिगत निर्णय निकाशाको निमित्त र निर्णय गरिएका विषयहरूको प्रभावकारी कार्यान्वयनमा केन्द्रीयस्तरमा समन्वयको निमित्त

हवाई सुरक्षा व्यवस्था नियमावली, २०४६ बमोजिम राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समिति र राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिबाट भएका निर्णयहरू विमानस्थल स्तरमा कार्यान्वयन गर्न र तिनको समन्वय गर्न नेपालका सम्पूर्ण विमानस्थलहरूमा विमानस्थल सुरक्षा समितिहरू गठन भई क्रियाशील रहेका छन् ।

११.२७ आन्तरिक विमानस्थलहरू अन्तर्राष्ट्रिय विमानस्थलहरूसँग हवाई सम्पर्कमा रहने हुँदा आन्तरिक विमानस्थलको सुरक्षा व्यवस्थाले अर्न्तराष्ट्रिय विमानस्थलको सुरक्षा व्यवस्थामा समेत प्रभाव पार्न सक्ने हुँदा अनुसुची १७ का प्रावधान आन्तरिक तर्फ पनि लागु गर्नु पर्ने ICAO को सिफारिश रहेकोले सोही अनुरूप सुरक्षा व्यवस्था सुदृढीकरण गर्दै लैजानु पर्ने र सोही क्रममा हाल पोखरा विमानस्थलमा X-Ray उपकरण जडान गर्ने र भविष्यमा अन्य आन्तरिक विमानस्थलहरूमा समेत उक्त X-Ray उपकरण क्रमशः जडान गर्दै लैजाने योजना रहेको छ ।

११.२८ नेपालको जटिल भौगोलिक स्वरूप र सो बमोजिम आवश्यक पर्ने संचार तथा उड्डयन उपकरणहरू स्थापनाका कठिनाइहरूका कारण उडान सुरक्षाको स्तरलाई उच्चतम अवस्थामा कायम राख्नु प्रमुख चुनौतिको रूपमा रहेको छ ।

११.२९ उडान सुरक्षालाई उच्च प्राथमिकता दिई सुरक्षा संस्कृतिलाई बढावा दिन ICAO ले निर्देशित गरेअनुसार सबै Operator/Maintenance Organization मा सुरक्षा व्यवस्थापन प्रणाली अनिवार्य रूपले लागु गर्ने गरी सबैलाई सूचित गरिएको छ । ICAO का Standard and Recommended Practices लागू गर्ने क्रममा विद्यमान NCAR, FOR लाई परिमार्जन गरी जनवरी २००९ मा लागू गरिएको छ । त्यसैगरी Personnel Licensing Requirements (PLR) र Dangerous Goods Handling Requirements (DGHR) 2009 पनि तयार पारी लागू भएका छन् । नेपालको नागरिक उड्डयनलाई अन्तराष्ट्रियस्तरमा स्तरोन्नति गर्न तथा एकरूपता ल्याउन ESA part 145, part 147 र part 66 अनुरूपको NCAR part 145, 147, 66 तयार भई लागू हुने क्रममा रहेका छन् ।

सूचना तथा सञ्चार

११.३० सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गतका निकायहरूबाट जिल्लास्तरमा प्रदान गरिने सेवासुविधाहरू समन्वयात्मकरूपमा प्रवाह गर्ने कार्यका लागि प्रत्येक जिल्लामा जिल्लास्तरीय संयन्त्र र केन्द्रमा सूचना तथा सञ्चार मन्त्रीको अध्यक्षतामा केन्द्रस्तरीय संयन्त्र गठन भएको र सो संयन्त्र सञ्चालनका लागि नेपाल सरकारबाट निर्देशिका स्वीकृत भई कार्यान्वयनमा आएको छ ।

११.३१ DTH (Direct to Home) सेवा सञ्चालनका लागि अनुमतिपत्र प्रदान गर्ने व्यवस्था गरिएकोमा सोको लागि ६ वटा इजाजतपत्र जारी भएका छन् । साथै, विदेशी प्रसारण संस्थाहरूले आफ्नो मुलुकबाट प्रसारण भएका कार्यक्रमहरू डाउनलिंक गरी नेपालभित्र प्रसारण गर्नका लागि अनुमतिपत्र लिनुपर्ने व्यवस्था गरिएको र त्यस्तो प्रसारणको सःशुल्क च्यानलको सीग्नल वितरण गर्न चाहने व्यक्ति वा संस्थाले पनि अनुमतिपत्र लिनुपर्ने व्यवस्था गरिएको छ ।

हुलाक सेवा

११.३२ सूचना तथा सञ्चारको क्षेत्रमा सबैभन्दा पूरानो, जनसाधारणले अत्यधिक प्रयोग गर्ने र सुदूर ग्रामीण क्षेत्रसम्म आफ्नो संस्थागत सञ्जाल विस्तार भएको सेवा हुलाक सेवा हो। हुलाक सेवा विभाग र अन्तर्गतका कार्यालयहरूले चिठ्ठीपत्र, पुलिन्दा ओसारपसारका अतिरिक्त हुलाक टिकट प्रकाशन, हुलाक वचत बैंक सञ्चालन, धनादेश सेवा, E-DV फाराम भर्ने सेवा, द्रुत डाँक सेवा र e-post जस्ता विभिन्न सेवाहरू प्रदान गर्दै आएका छन्। हुलाक सेवा विभाग अन्तर्गतका कार्यालयहरूको संख्या देहायबमोजिम रहेको छ :-

तालिका ११(घ) : भौगोलिक क्षेत्रअनुसार हुलाक सेवाको विवरण

हुलाक सेवा	हिमाली	पहाडी	तराई	जम्मा
क्षेत्रीय हुलाक निर्दशनालय	-	-	-	५
जिल्ला हुलाक कार्यालय	-	-	-	७०
ईलाका हुलाक कार्यालय	१७०	३७२	३००	८४२
अतिरिक्त हुलाक कार्यालय	४९२	१५४१	१०४१	३०७४
कुल जम्मा	-	-	-	३९९१

स्रोत : हुलाक सेवा विभाग।

११.३३ हुलाक सेवा विभाग अन्तर्गतका चार वटा हुलाक निर्देशनालय र काठमाडौँमा गोश्वारा हुलाक कार्यालयले जिल्ला हुलाकको समेत काम गर्दै आएका छन्। यस विभाग अन्तर्गत काठमाडौँमा केन्द्रीय धनादेश कार्यालय, केन्द्रीय टिकट भण्डार, हुलाक प्रशिक्षण केन्द्र, फिलाटेलिक व्युरोसमेत रहेका छन्। आर्थिक वर्ष २०६५/६६ सम्म ५८ वटा जिल्ला हुलाक कार्यालयहरू र इलाका हुलाक कार्यालयहरूसमेत गरी १०८ वटा हुलाक कार्यालयहरूमा बहुउद्देश्यीय टेलिसेन्टर स्थापना भएको तथा १ सय १७ वटा हुलाक कार्यालयहरूले हुलाक बचत बैंक सञ्चालन गर्न स्वीकृति पाएकोमा ६२ वटा हुलाक कार्यालयहरूले हुलाक बचत बैंक सेवा सञ्चालन गर्दै आएका छन्।

दूरसञ्चार सेवा

११.३४ केही वर्ष यताआएर दूरसञ्चार सेवामा संख्यात्मक एवं गुणात्मक वृद्धि भइरहेको छ। दूरसञ्चार सेवाप्रदायक तथा सेवाप्रयोक्ताहरूको संख्या वृद्धि हुनुका साथै नवीन र अत्याधुनिक प्रविधियुक्त दूरसञ्चार सेवाहरू प्रदान गर्न थालिएको छ। मुलुकका ३ हजार ९ सय १५ गाउँ विकास समितिहरूमध्ये ३ हजार ६ सय २४ गाउँ विकास समितिहरूमा टेलिफोन सेवा पुगी २ सय ९१ गाउँ विकास समितिमा सेवा पुग्न बाँकी रहेको छ। चालु आर्थिक वर्षको आठ महिनामा विभिन्न प्रविधिका टेलिफोन १३ लाख ८ हजार ५ सय ५२ लाइन वितरण भई २०६६ फागुन मसान्तसम्म जम्मा टेलिफोन ग्राहकसंख्या ७६ लाख १७ हजार ७ सय ६९ पुगी टेलिफोन घनत्व २७.७० प्रतिशत पुगेको छ।



तालिका ११(ङ) : २०६६ फागुन मसान्तसम्म दूरसञ्चारका ग्राहक/सेवाप्रदायकहरूको विवरण

सेवाको किसिम	ग्राहकसंख्या	सेवाको किसिम	ग्राहकसंख्या
PSTN	५७१४४६	CDMA Fixed Phone	२४४५४२
GSM Prepaid	५७६५६६२	VSAT Phone	४५४६
GSM Postpaid	१२६२०४	GMPCS	१७४२
CDMA Prepaid Mobile	५८९०२६	Limited Mobility	२८२६६४
CDMA Postpaid Mobile	३१२३८	Other Technologies (3G Mobile)	६९९
Total			७६,१७,७६९

सेवाको किसिमअनुसार ग्राहक संख्या	
सेवाको किसिम	**ग्राहक संख्या**
Internet Subscribers	७२,४२०
ADSL	३१,०४७
GPRS	५,६६,८५२
CDMA Sky DATA	८५,११८
Internet Users	३७,७७,१८५

अनुमतिप्राप्त सेवाप्रदायक संख्या	
सेवाको किसिम	**सेवाप्रदायक संख्या**
Basic Telephone	३
GSM Mobile	२
Network Service Provider	८
VSAT Service User	१११
Internet Service Provider (with email)	४०

अनुमतिप्राप्त सेवाप्रदायक संख्या	
सेवाको किसिम	**सेवाप्रदायक संख्या**
GMPCS	३
Rural Telecom	२
Limited Mobility	५१
Intenational Trunk Telephone	२
Rural VSAT Service User	४
Rural Internet Service Provider	५
Total	**२२५**

सेवाप्रदायकअनुसार वितरित कुल टेलिफोन संख्या (२०६६ फागुनमसान्तसम्म)

२०६६ फागुनमसान्तसम्म वितरित कुल टेलिफोन संख्या	
सेवाप्रदायक	**टेलिफोन संख्या**
Nepal Telecom	४९,९०,१९०
Spice Nepal Pvt. Ltd.	२२,७०,३२४
United Telecom Limited	३,५०,९६३
STM Telecom Sanchar Pvt. Ltd.	५,५०५
Others	१७४३
Total	**७६,१७,७६९**

११.३५ अनुमतिप्राप्त सेवाप्रदायकहरूले डायलअप, वायरलेस मोडेम, अप्टिकल फाइबर इथर्नेट, केबुल मोडेम, केबुल, ए.डि.एस.एल., जि.पि.आर.एस. र सि.डि.एम.ए. जस्ता विभिन्न प्रविधिमार्फत उपलब्ध गराएको डाटा सेवा प्रयोक्ताहरूको २०६६ फागुन मसान्तसम्मको संख्या ७ लाख ५५ हजार ४ सय ३७ पुगेको छ ।

२०६६ फागुन मसान्तसम्मको डाटा सेवा प्रयोगकर्ताहरूको संख्या	
सेवाप्रदायक	**डाटा सेवा प्रयोगकर्ता संख्या**
Nepal Telecom	१,९५,३३९
Spice Nepal Pvt. Ltd.	५,७२,३७५
United Telecom Limited	२५,८२३
Internet Service Providers	६३,०००
Total	**७,५५,४३७**

सूचना सम्प्रेषण

११.३६ सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत सूचना विभाग, गोरखापत्र संस्थान, राष्ट्रिय समाचार समिति (रासस) र प्रेस काउन्सिल नेपालले छापा सञ्चारमाध्यमबाट सूचना सम्प्रेषणको काम गरिरहेका छन् । गोरखापत्र संस्थानले नयाँ नेपाल निर्माण अभियान

अन्तर्गत विभिन्न २८ वटा राष्ट्रिय भाषामा समाचार लेख रचना आदि प्रकाशन गर्दै आएको छ ।

छापा सञ्चार विवरण	
किसिम	**संख्या**
दैनिक	४२६
अर्ध साप्ताहिक	१९
साप्ताहिक	२१३३
पाक्षिक	३९९
मासिक	१६७८
द्वैमासिक	३१३
त्रैमासिक	४९९
चौमासिक	२८
अर्धवार्षिक	७०
वार्षिक	८३
जम्मा	५६४८

भाषागत आधारमा पत्रपत्रिकाको संख्या			
नेपाली	३९१६	भोजपुरी	५
अङ्ग्रेजी	५२०	उर्दु	३
नपाली/अङ्ग्रेजी	९५०	तिब्बती	१
नेवारी	३०	थारू	४
संस्कृत	२	लिम्बु	२
हिन्दी	१७	डोटेली	२
मैथिली	१७	तामाङ	५
राई	१	अन्य	२७१
जम्मा		५६४८	

११.३७ सञ्चारको विकासका लागि मोफसलका विभिन्न सञ्चारमाध्यमहरूलाई आवश्यक उपकरण खरिद गर्दा लिएको बैंक कर्जामा व्याज सहुलियत उपलब्ध गराउँदै आइएको छ । पत्रकारिताको क्षेत्रमा उल्लेखनीय योगदान दिएका वरिष्ठ पत्रकारहरूलाई प्रोत्साहनका लागि प्रत्येक वर्ष प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कारलगायत विभिन्न ६ विधामा पुरस्कार प्रदान गर्दै आइएको छ ।

११.३८ राससबाट अडियो न्युज सर्भिस सञ्चालनको लागि Studio Acoustic उपकरणको जडान कार्य भएको छ । सेवालाई विविधीकरण गर्ने क्रममा फोटो सेवा आरम्भ गरिएको तथा एफ.एम. सेवाग्राहीलाई सहयोग गर्न Voice Clip को व्यवस्था गरिएको छ ।

टेलिभिजन प्रसारण सेवा

११.३९ सरकारी स्वामित्वका दुई र निजी क्षेत्रका ३० गरी जम्मा ३२ वटा टेलिभिजन च्यानलले अनुमतिप्राप्त गरी हाल ११ वटा टेलिभिजन च्यानलहरू प्रसारणरत छन्। नेपाल टेलिभिजनले स्याटेलाइटका माध्यमबाट स्वदेश तथा विदेशमा प्रसारण विस्तार गरिरहेको छ। नेपाल टेलिभिजनको प्रसारण पहुँच हाल ५० प्रतिशत भूभाग तथा ७१.५ प्रतिशत जनसंख्यामा पुगेको छ। त्यस्तै, NTV-2 को प्रसारण पहुँच २७ प्रतिशत भूभाग र ४० प्रतिशत जनसंख्यामा पुगेको छ।

११.४० नेपाल टेलिभिजनको पाल्पा र तेह्रथुम प्रसारण केन्द्र सञ्चालनमा आएको, चमेरे प्रसारण केन्द्रमा राष्ट्रिय प्रसारण च्यानलको सुदृढीकरण भएको, फूलचोकी र दाउन्ने प्रसारण केन्द्रबाट NTV-2 को प्रसारण सुदृढीकरण भएको छ। NTV-2 को प्रसारणअवधि वृद्धि भई २०६६ असोज १ गतेदेखि दैनिक १८ घण्टा पुगेको छ। नेपाल टेलिभिजनको राष्ट्रिय प्रसारणबाट विभिन्न छ वटा राष्ट्रिय भाषाका कार्यक्रम प्रसारण भइरहेका छन्।

रेडियो प्रसारण सेवा

११.४१ सरकारी स्वामित्वमा रहेको एउटा रेडियो प्रसारण संस्थाका अतिरिक्त निजी क्षेत्रबाट सञ्चालन हुने गरी अनुमतिप्राप्त गर्ने FM को संख्या ३ सय ६८ रहेको छ। यीमध्ये २ सय २५ वटा FM रेडियोहरू प्रसारणरत छन्। सरकारी स्वामित्वमा रहेको रेडियो नेपालले SW, MW र FM को माध्यमद्वारा रेडियो प्रसारण गरिरहेको छ भने रेडियो नेपालको प्रसारण पहुँच क्षेत्र MW बाट ८५ प्रतिशत, FM बाट ४० प्रतिशत र SW बाट १०० प्रतिशत रहेको। FM बाट प्रसारण पहुँच वृद्धि गर्न गुल्मी, गोरखा, दार्चुला, बझाङ र रोल्पामा FM रिले केन्द्र स्थापना गर्ने कार्य जारी रहेको छ। त्यसैगरी, रेडियो नेपालले समावेशी कार्यक्रम अन्तर्गत विभिन्न राष्ट्रिय भाषामा समाचार र अन्य कार्यक्रमहरू प्रसारण गर्दै आइरहेको छ।

केबुल टेलिभिजन प्रसारण सेवा

११.४२ चालु आर्थिक वर्षको प्रथम आठ महिनामा थप २१ वटा केबुल टेलिभिजनहरूलाई इजाजतपत्र प्रदान गरी इजाजतप्राप्त केबुल टेलिभिजनको कुल संख्या ६ सय १५ पुगेको छ।

मुद्रण सेवा

११.४३ सुरक्षण मुद्रणको अवधारणाका साथ स्वायत्त, सक्षम एवं व्यावसायिक स्तरयुक्त सेवाका लागि प्रेस मेशिन खरीद गर्नका लागि टेण्डर प्रक्रिया अगाडि बढाइएको छ। मुद्रण विभागबाट नेपाल राजपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, भिसा स्टिकर, आर्थिक सर्वेक्षण, बजेट वक्तव्य, प्रश्नपत्रहरू, संवैधानिक अङ्गका प्रतिवेदनहरू, वैदेशिक रोजगार अनुमतिपत्रजस्ता विभिन्न छपाइ कार्यहरू हुँदै आएको छन्।

चलचित्र क्षेत्र

११.४४ नेपाली कला संस्कृतिलाई संरक्षण गर्दै चलचित्र क्षेत्रको विकास र विस्तार एवं देश विदेशमा नेपाली चलचित्रको प्रचार प्रसार गर्ने कार्यका लागि चलचित्र विकास बोर्ड

क्रियाशील रहेको छ। यस अवधिमा चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को चौथो संशोधन भएको छ। चलचित्र विकास बोर्ड ऐनको मस्यौदा तयार गर्न बोर्ड अध्यक्षको संयोजकत्वमा एक समिति गठन भएको छ। यस अवधिमा विभिन्न किसिमका चलचित्र निर्माण गर्न ६८, विज्ञापन चलचित्र निर्माणका लागि १८ र विदेशी चलचित्र निर्माण गर्न ४१ वटा इजाजतपत्रहरू प्रदान गरिएको छ।

१२. सामाजिक क्षेत्र

शिक्षा

सामुदायिक विद्यालय

१२.१ सामुदायिक विद्यालयहरूको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने कार्यक्रम एवं प्राथमिक शिक्षा सेवाका कार्यहरू स्थानीय निकायमार्फत सञ्चालन हुनेगरी निक्षेपण गर्ने नीति अनुरूप हालसम्म प्राथमिक तहमा ६ हजार ६ सय ४४, निम्नमाध्यमिक तहमा २ हजार १ सय ३६ तथा माध्यमिक तहमा १ हजार ३० गरी आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्ममा जम्मा ९ हजार ८ सय १० विद्यालयहरू समुदायमा जिम्मा दिने कार्य सम्पन्न भइसकेको छ। आर्थिक वर्ष २०६५/६६ मा विभिन्न तहका २ हजार १७ विद्यालयहरू समुदायमा हस्तान्तरण भएका थिए भने आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्म प्राथमिक तह ८ सय ९४, निम्नमाध्यमिक तह २ सय ९ र माध्यमिक तह १ सय गरी जम्मा १ हजार २ सय ३ विद्यालयहरू समुदायमा हस्तान्तरण भइसकेका छन्। देशको वर्तमान अवस्था सामान्य हुनुका साथै समुदायको क्षमतामा समेत वृद्धि भएकोले विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिने दरमा समेत अपेक्षाकृतरुपमा वृद्धि भई ७५ वटै जिल्लाहरूमा उल्लेख्य सहभागिता भइरहेको छ। यस्ता कार्यक्रममा सरोकारवालाहरूको प्रत्यक्ष सहभागिताका कारण बढी प्रभावकारी र पारदर्शीता हुने एवं विद्यालय व्यवस्थापन पनि अभिभावकहरू मध्येबाट चुनिएका व्यक्तिहरूबाट सञ्चालन हुने भएकाले यस्ता विद्यालयको शैक्षिकस्तर पनि राम्रो हुँदै गएको पाइन्छ। यसरी विभिन्न आर्थिक वर्षहरूमा सामुदायिक विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गरिएको विवरण तपसिल बमोजिम रहेको छ।

तालिका १२(क) : विभिन्न आर्थिक वर्षहरूमा समुदायमा हस्तान्तरण गरिएका विद्यालयहरूको विवरण

सि.नं.	आर्थिक वर्ष	लक्ष्य	प्रगति
1.	२०५९/६०	100	93
2.	२०६०/६१	1000	907
3.	२०६१/६२	1500	1092
4.	२०६२/६३	1600	241
5.	२०६३/६४	2000	949
6.	२०६४/६५	2500	3308
7.	२०६५/६६	2500	2017
8.	२०६६/६७*	4000	1203
	जम्मा :	15200	9810

* आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनाको विवरण।

स्रोत: शिक्षा मन्त्रालय।

बालविकास कार्यक्रम

१२.२ बालविकास तथा विस्तारको सुनिश्चितता अन्तर्गत विशेषत: अत्यन्त पिछडिएका समुदायका बालबालिकाहरूको लागि समुदाय एवं विद्यालयमा आधारित प्रारम्भिक बालविकास कार्यक्रम "सबैका लागि शिक्षा" को लक्ष्य बमोजिम सञ्चालन भइरहेका छन् । दशौं योजनामा १३ हजार प्रारम्भिक बालविकास केन्द्र स्थापना गर्ने लक्ष्य रहेको थियो भने तीनवर्षीय अन्तरिम योजनामा १३ हजार बालविकास केन्द्रहरू मध्ये ४ हजार पिछडिएको तथा लोपोन्मुख समुदायका परिवारका बालबालिकाहरूका लागि स्थापना गर्ने कार्यक्रम रहेको थियो । त्यस्तै, पिछडिएका र विपन्न वर्ग मुसलमान, दलित, थारु, मधेशी आदि जस्ता लोपोन्मुख जातीहरूको पहुँच पुग्ने गरी जिल्लागतरुपमा बालविकास केन्द्रहरू सञ्चालन गरिँदै आएका छन् । आर्थिक वर्ष २०६५/६६ सम्ममा २४ हजार ७ सय ७३ वटा बालविकास केन्द्रहरू स्थापना भइसकेका थिए भने आर्थिक वर्ष २०६६/६७ मा दुई हजार बालविकास केन्द्र स्थापना गर्ने लक्ष्य रहेकोमा २०६७ वैशाखबाट मात्र कक्षा सञ्चालन हुने कार्यक्रम रहेको छ । बालविकासका सन्दर्भमा स्थापित विद्यालय र समुदायमा आधारित बालविकास केन्द्रहरूको प्रगति विवरण तपसिल बमोजिम रहेको छ ।

तालिका १२(ख) : समुदायमा आधारित बालविकास केन्द्रहरूको प्रगति विवरण

सि.नं.	आर्थिक वर्ष	लक्ष्य	प्रगति
१	२०६१/६२ सम्म	-	७०२३
२	२०६२/६३	६०००	६०००
३	२०६३/६४	३५००	३५००
४	२०६४/६५	३५००	३५००
५	२०६५/६६	४७५०	४७५०
	जम्मा :	१७७५०	२४७७३
६	२०६६/६७*	२०००	२०६७ वैशाखबाट कक्षा सञ्चालन हुने ।

* आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनासम्मको विवरण ।
स्रोत: शिक्षा मन्त्रालय

छात्रवृत्ति कार्यक्रम

१२.३ आर्थिक वर्ष २०६५/६६ मा प्राथमिक तहमा अध्ययनरत छात्राहरूमध्ये आर्थिक दृष्टिले कमजोर एवं विपन्न वर्गका ५० प्रतिशत छात्राहरू अर्थात ७ लाख ६१ हजार ६ सय ३८ जनालाई छात्रवृत्ति वितरण गरिएको थियो । सोही आर्थिक वर्षमा सबै प्राथमिकदेखि माध्यमिक तहसम्मका ८ लाख २३ हजार ७ सय ६४ दलित विद्यार्थीहरूलाई सबैका लागि शिक्षा कार्यक्रममार्फत छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम सम्पन्न भएको थियो । त्यसैगरी, माध्यमिक शिक्षा सहयोग कार्यक्रममार्फत माध्यमिक शिक्षा छात्रवृत्तिअन्तर्गत माध्यमिक विद्यालय तहमा अध्ययनरत ६० हजार विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरियो । चेपाङ, राउटे, मुसहर, डोम, दुसाध, बादी जस्ता लोपोन्मुख एवं सीमान्तकृत

जातिका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूका लागि माध्यमिक शिक्षा सहयोग कार्यक्रमको तर्फबाट रकम वितरण गर्ने कार्य सम्पन्न गरियो । हिमाली छात्रावास छात्रवृत्ति ३ सय ३७ जना विद्यार्थीहरूलाई वितरण गर्ने कार्यक्रम रहेकोमा सत्प्रतिशत प्रगति भयो । माध्यमिकतहमा अध्ययनरत चार सय जना विद्यार्थीहरूले लक्ष्य बमोजिम नै फिडर छात्रवृत्ति प्राप्त गरेका थिए ।

१२.४ आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्म आधारभूत शिक्षा तहमा भर्ना भएका कुल छात्रामध्ये ५० प्रतिशतलाई वार्षिक रू. चार सयका दरले दलित, जनजाति, विपन्न परिवार, पिछडिएको समूदायलाई लक्षित गरी १२ लाख १३ हजार ८ सय ६८ जनालाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था गरिएको छ । त्यस्तै, कक्षा १-८ सम्म अध्ययनरत सम्पूर्ण दलित विद्यार्थीहरूलाई प्रतिवर्ष रू. चार सयका दरले दलित छात्रवृत्ति उपलब्ध गराउँदा दलित समूदायका १० लाख १५ हजार ५ सय ९ जना विद्यार्थी लाभान्वित भएकाछन् । साथै, २२ जनजाति तथा सीमान्तकृत समूह, मुक्तकमैया, हलिया चरुवा समूदायका प्राथमिक तह कक्षा १-५ मा अध्ययनरत विद्यार्थीहरूलाई रू. ४ करोड २२ लाख ८१ हजार उपलब्ध गराउँदा ८५ हजार ९ सय २७ जना लक्षित समूहका बालवालिकाहरूले छात्रवृत्ति पाएका छन् । आधारभूत तहमा अध्ययनरत बालवालिकाहरूलाई अपाङ्गताको वर्गीकरण अनुसार वार्षिक रू. ५ सय देखि अधिकतम रू. १३ हजारका दरले छात्रवृत्ति प्रदान गरिएको कारण ३९ हजार ८ सय ४८ विद्यार्थीहरू लाभान्वित भएका छन् । यस्ता विद्यार्थीहरूलाई लक्षित गरी हाल दृष्टिविहीन विद्यालय ६, वहिरा ७, समाहित शिक्षा स्रोतकक्षा ३ सय ५० वटा सञ्चालित छन् भने यस्ता विद्यालय र विद्यार्थीहरूलाई सेवाप्रदान गर्न ६२ वटा लेखाजोखा केन्द्र समेत सञ्चालनमा रहेका छन् । यस आर्थिक वर्षमा समाहित शिक्षा स्रोत कक्षा थप १० वटा २०६७ बैशाखदेखि सञ्चालनमा आउनेछन् । त्यसैगरी, आधारभूत शिक्षा तहमा अध्ययनरत ५६ लाख विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तकको व्यवस्था गर्न विद्यालयहरूलाई अनुदान निकासा गरिनुका साथै कक्षा १ देखि ८ सम्मको शिक्षा निःशुल्क गरिएको छ । आधारभूत तहको शिक्षा पूर्णतः निःशुल्क गर्न विद्यालयहरूलाई प्रति विद्यार्थी लागतका आधारमा व्यवस्थापन सञ्चालन गर्न अनुदान उपलब्ध गराई सकिएको छ ।

१२.५ त्यसैगरी, पिछडिएका तथा हिमाली क्षेत्रका विद्यार्थीहरूको आधारभूत शिक्षामा पहूँच सहज र सुनिश्चित बनाउन मुस्ताङ, हुम्ला, जुम्ला जिल्लामा आवाशिय विद्यालय सञ्चालन भइरहेकोमा यस वर्ष ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, रसुवा, गोरखा, जुम्ला र दार्चुला गरी थप सात जिल्लाहरूमा स्थापना गर्न कार्यक्रम पठाई सकिएको छ । हिमाली छात्रावास छात्रवृत्ति ३ सय ३७ जना र फिडर छात्रावास छात्रवृत्ति ४ सय जनाको लागि आवश्यक व्यवस्था भइसकेको छ । त्यस्तै, माध्यमिक शिक्षातर्फ कर्णाली अञ्चलका सबै जिल्लामा अध्ययनरत कक्षा १ देखि १२ सम्मका सबै छात्राहरूलाई प्राथमिक तहमा प्रतिवर्ष रू. एक हजार र कक्षा ६-१० सम्मका लागि रू. १५ हजारका दरले छात्रवृत्ति उपलब्ध गराउने गरी रकम व्यवस्था गरिएको छ ।

१२.६ माध्यमिक शिक्षातर्फ ४० हजार छात्राका लागि प्रतिवर्ष रू. १ हजार ७ सय र दलित छात्रवृत्ति ५५ हजार ६ सय ५० जनालाई प्रतिवर्ष रू. पाँच सयका दरले दिने व्यवस्था भई तदनूरुप जिल्लाहरूमा बजेट निकासा गरिएको छ। यसैगरी, लोपोन्मुख तथा अति सीमान्तीकृत १४ हजार ८० जना विद्यार्थीहरूका लागि सोही दरले माध्यमिक शिक्षा छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाइएको छ। त्यस्तै, उच्च माध्यमिक विद्यालयमा तथा प्रमाणपत्र तहमा अध्ययनरत १ हजार ८ सय जनालाई वार्षिक रू. पाँच हजार र विश्वविद्यालयतर्फ स्नातकोत्तर तहसम्म अध्ययनरत १ हजार ४ सय जनालाई वार्षिक रू. १० हजारका दरले छात्रा शिक्षा कोषबाट छात्रवृत्ति प्रदान गर्न छात्राहरूको छनौट कार्य भइरहेको छ।

शैक्षिक जनशक्ति विकास केन्द्र

१२.७ आर्थिक वर्ष २०६५/६६ मा शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षक तथा शिक्षा सेवाका कर्मचारीहरूलाई तालीम दिने र शिक्षा मन्त्रालय अन्तर्गतका जनशक्तिको क्षमता विकास गर्ने जस्ता नीतिगत व्यवस्था रहेको थियो। सोही आर्थिक वर्षमा यस्ता शिक्षक तथा कर्मचारीहरूलाई पहिलो र तेस्रो चरणमा १३ हजार ६ सय ४१ जनालाई साढे दुई महिने तालीम र दोस्रो चरणमा ४ हजार ५ सयलाई पाँच महिने दूर शिक्षा पद्धतिमा आधारित तालीम दिने लक्ष्य रहेकोमा क्रमशः १० हजार ३ सय ५४ जना र ४ हजार ३ सय ६७ जनाले तालीम लिएका थिए। साथै, निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालय तहका शिक्षकलाई पहिलो र तेस्रो चरणमा क्रमशः १ महिने र १.५ महिने गरी चार/चार हजारलाई तालीम प्रदान गर्ने लक्ष्य रहेकोमा क्रमशः २ हजार ६ सय ३३ र ३ हजार ६ सय ४८ जनाले तालीम लिएका थिए। त्यसैगरी, निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालय तहका ३ हजार शिक्षकलाई ५ महिने दूर शिक्षा पद्धतिमा आधारित तालीम दिने लक्ष्य रहेकोमा २ हजार २ सय ६० जनाले उक्त तालीम लिएका थिए। साथै, निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालय तहका १ हजार २ सय २५ जनालाई प्रधानाध्यापक व्यवस्थापन तालीम र ४० जना रा.प.तृतीय श्रेणीका अधिकृतहरूका लागि ३० दिने सेवाकालिन व्यवस्थापन तालीम दिने लक्ष्य रहेकोमा क्रमशः १ हजार ४४ र ३८ जनाले उक्त तालीम लिएका थिए। त्यसैगरी, ८० जना प्राविधिक सहायकका लागि ३० कार्य दिने सेवाकालिन तालीम दिने लक्ष्य रहेकोमा ७० जनाले उक्त तालीम लिएका थिए। यस अवधिमा १५ जना रा.प.प्रथम श्रेणीका अधिकृतहरूको गोष्ठी सम्पन्न हुनुका साथै, २८ जना राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतहरूले सेवा प्रवेश तालीम लिएका थिए। गत आर्थिक वर्षसम्म ४४ जिल्लाहरूमा ५३ वटा खुल्ला माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेकोमा आर्थिक वर्ष २०६६/६७ को बैशाखदेखि थप ३१ वटा सञ्चालनमा आउनेछन।

१२.८ आर्थिक वर्ष २०६६/०६७ देखि शिक्षकहरूको निरन्तर पेसागत विकास (Teachers Professional Development-TPD) का लागि नयाँ ढाँचाको तालीम डिजाइन गरी कार्यान्वयन, प्रधानाध्यापकहरूका लागि १० दिने नेतृत्व क्षमता विकास तालीम डिजाइन गरी कार्यान्वयन, तालीम दिन बाँकी रहेकाहरुलाई तालीम प्रदान गर्ने

अभियान अन्तर्गत यसै आर्थिक वर्षको प्रथम चौमासिकमा प्राथमिक विद्यालय, निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालय तहका ८ हजार ४ सय १३ जना शिक्षकहरूले तालीम लिएकाछन्। शिक्षकहरूको निरन्तर पेशागत विकास, प्रधानाध्यापकको नेतृत्व विकास तालीम सञ्चालन गर्न १ हजार १ सय ४३ जना स्रोतव्यक्तिहरू एवम् विद्यालय निरीक्षकहरू र सात हजार जना रोस्टर प्रशिक्षकलाई प्रशिक्षक प्रशिक्षण तालीम प्रदान गरिएको छ। निजी विद्यालयका प्रधानाध्यापकहरूलाई सार्वजनिक-निजी साझेदारी कार्यक्रम अनुसार प्रधानाध्यापकका लागि नेतृत्व विकास तालीमको सुरुवात गरिनुका साथै गुम्बा, मदरसा, गुरुकुल विद्यालयहरूमा अध्यापन गराउने शिक्षकहरूलाई समेत शिक्षक मोड्युल तालीम प्रदान गर्न सुरु गरिएको छ।

पाठ्यक्रम विकास केन्द्र

१२.९ यस केन्द्रले बालबालिकाहरूलाई मातृभाषाको माध्यमबाट शिक्षा दिनुका साथै शिक्षामा त्रयभाषिक नीति अवलम्बन गर्ने, गुरुकुल, मदरसा, गुम्बा आश्रमबाट प्रदान गरिने परम्परागत शिक्षालाई नियमित औपचारिक शिक्षाका तहसँग समान बनाउने, गुणस्तरीय शिक्षाका लागि न्यूनतम सिकाई अवस्था निर्धारण गर्ने, परिवर्तित सन्दर्भमा कक्षा १ देखि १२ सम्मका राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुरूपको पाठ्यक्रम, पाठ्यसामग्री तथा सन्दर्भ सामग्रीको विकास, परिमार्जन एवं कार्यान्वयन प्रक्रियामा जोड दिने नीति लिएको छ। जसअनुसार पाठ्यक्रम पाठ्यपुस्तकहरू लैङ्गिक, जातिगत तथा क्षेत्रगत नियमन गर्ने पद्धतिको विकास गर्ने, राष्ट्रिय पाठ्यक्रम प्रारूपका आधारमा सङ्घीय, स्थानीय निकायले आ-आफ्नो क्षेत्रका लागि उपयुक्त पाठ्यक्रम विकास गर्ने, बहु पाठ्यपुस्तकको अवधारणाअनुसार पाठ्यपुस्तक र अन्य पाठ्यसामग्रीहरूको उत्पादन र वितरणमा निजी क्षेत्रको संलग्नता अभिवृद्धि गर्ने कार्यक्रम रहेको छ। साथै, सबै मातृभाषामा शिक्षाको पहुँच बढाउन समूदाय केन्द्रित शिक्षा नीति लागू गर्ने, स्थानीय मातृभाषी बालबालिकाहरूको सिकाई सुनिश्चितताका लागि विद्यालय व्यवस्थापन समितिले स्थानीय निकायको परामर्शमा शिक्षाको माध्यम भाषाबारे निर्णय लिने सक्ने व्यवस्था गरिएको छ।

१२.१० आर्थिक वर्ष २०६५/६६ मा प्राथमिक शिक्षा (कक्षा ४ र ५) पाठ्यक्रमलाई अन्तिमरूप दिइनुका साथै प्राथमिक शिक्षा पाठ्यक्रम र कक्षा १-४ का पाठ्यपुस्तकहरूको अङ्ग्रेजीमा अनुवाद गर्ने कार्य सम्पन्न भएको थियो। कक्षा चारको छ वटा विषयको शिक्षक निर्देशिकाको विकास, दुई वटा विषयमा बालज्ञानकोष विकास र प्रकाशन, दुर्गम जिल्लाका लागि प्राथमिक शिक्षा पाठ्यक्रम (कक्षा ४-५) छपाई गरी वितरण गरिएको थियो। साथै, कक्षा तीनका सबै विषयका शिक्षक निर्देशिका छपाई गरी वितरण र तीन वटा मातृभाषाका नौ वटा सन्दर्भ सामग्रीहरूको विकास गरी प्रकाशन गरिएको थियो। गुरुकुल, मदरसा र गुम्बा प्रशिक्षणका लागि प्राथमिक पाठ्यक्रम प्रकाशन गर्ने क्रममा गुम्बाको कक्षा १-५ एवं गुरुकुलको कक्षा एकको पाठ्यपुस्तक तयार गरिएको थियो। कक्षा ९-१० को पाँच विषयको पाठ्यक्रम र १० विषयका पाठ्यपुस्तकहरू अध्यावधिक गर्नुका साथै कक्षा चारको पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रबोधिकरण जस्ता कार्यहरू

सम्पन्न भएका थिए। आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्म तीन वटा मातृभाषा (उर्दु, वान्तवा र शेर्पा) का सन्दर्भ सामग्री र तामाङ साम्बोटा लिपिमा कक्षा एकको पाठ्यपुस्तक Camera Ready Copy (CRC) तयारी भइरहेको छ। ४२ वटा संस्थागत विद्यालयहरूमा पाठ्यक्रम पाठ्यपुस्तकको प्रयोग बारे गहन अध्ययन गरी प्रतिवेदनको तयारी र कक्षा ९-१० को परिमार्जित पाठ्यक्रमअनुसार छ वटा अनिवार्य विषयहरूको विस्तृतीकरण कार्यसम्पन्न भएकोछ। त्यस्तै, १४ वटा ऐच्छिक विषयको विस्तृतीकरण, कक्षा पाँचको पाठ्यपुस्तकहरूलाई अन्तिम रूप दिएर CRC निर्माण गरी प्रकाशनार्थ जनक शिक्षा सामग्री केन्द्र र निजी क्षेत्रलाई उपलब्ध गराइनुका साथै कक्षा पाँच का आठ विषयका शिक्षक निर्देशिकाहरूलाई अन्तिमरूप दिई CRC तयारी जस्ता कार्यहरू सम्पन्न भएका छन्।

सहिद प्रतिष्ठान, नेपाल

१२.११ आर्थिक वर्ष २०६५/६६ मा सशस्त्र द्वन्द्वका क्रममा वीरगति प्राप्त गरेका सहिदका छोराछोरीहरूका निम्ति शिक्षाको उचित व्यवस्था गर्न पाँचै विकास क्षेत्रहरूमा सहिद प्रतिष्ठानमार्फत आवासीय विद्यालयहरू सञ्चालन गर्न सहिद प्रतिष्ठान, नेपालमार्फत अनुमति दिइएको थियो। त्यस्तै आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्म पाँच वटै विकास क्षेत्रमा सहिद स्मृति विद्यालय सञ्चालन गरी तिनीहरूको भौतिक पूर्वाधार निर्माण गर्ने कार्य गरिंदै आएको छ। यसरी पाँचवटै विकास क्षेत्रमा सञ्चालन गरिएका सहिद स्मृति आवाशिय विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको विवरण तपसिल बमोजिम रहेको छ।

तालिका १२(ग) : सहिद स्मृति आवाशीय विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको विवरण

सि.नं.	विद्यालयको नाम/ठेगाना	छात्र	छात्रा	जम्मा
१.	श्री सहिद स्मृति विद्यालय, हाँसपोसा, सुनसरी	59	42	101
२.	श्री सहिद स्मृति विद्यालय, जिरी, दोलखा	63	24	87
३.	श्री सहिद स्मृति विद्यालय, पोखरा, कास्की	71	69	140
४.	श्री सहिद स्मृति विद्यालय, दूधरास, दाङ	99	49	148
५.	श्री सहिद स्मृति विद्यालय, दिपायल, डोटी	95	45	140
	जम्मा :	387	229	616

स्रोतः शिक्षा मन्त्रालय।

शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना

१२.१२ शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रमको सहयोगमा अगष्ट १९६७ देखि सञ्चालित कार्यक्रम हो। नेपाल सरकार र विश्व खाद्य कार्यक्रम बीच २६ सेप्टेम्वर २००७ मा भएको सम्झौता अनुसार सन् २००८ देखि २०१० सम्मको अवधिमा दार्चुला, बैतडी, डडेल्धुरा, बझाङ, बाजुरा, अछाम, डोटी, दैलेख, सल्यान र रुकुम जिल्लाहरूमा दिवा खाजा कार्यक्रम सञ्चालित छ। त्यस्तै,

तराईका धनुषा, महोत्तरी, सर्लाही, रौतहट र पर्सा गरी पाँच र दार्चुला, बैतडी, डडेल्धुरा, बझाङ, बाजुरा, अछाम, डोटी र सल्यान गरी १० जिल्लाहरूमा छात्रा उत्प्रेरणा कार्यक्रम एवं दार्चुला, बैतडी, डडेल्धुरा, बझाङ, बाजुरा, अछाम, डोटी र सल्यान जिल्लाहरूमा मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम प्राथमिकतामा परेका गाउँ विकास समितिहरूमा सञ्चालनमा रहेकाछन् । विद्यालय शिक्षाको पहुँचबाट वञ्चित रहेका बालवालिकाहरूलाई शिक्षाको पहुँचमा ल्याउन तीनवर्षीय अन्तरिम योजनामा शिक्षाको लागि खाद्य कार्यक्रममार्फत १६ लाख ५० हजार बालवालिकाहरूलाई दिवा खाजा (पौष्टिक आहार) खुवाउने व्यवस्था भएको थियो । आर्थिक वर्ष २०६५/६६ मा प्राथमिक विद्यालय तहमा अध्ययनरत २१ जिल्लाका बालबालिकाहरूका लागि दिवा खाजा कार्यक्रम सञ्चालन भएकोमा यस वर्ष ३५ जिल्लाहरूमा कार्यक्रम विस्तार गरिएको छ । यस कार्यक्रमबाट बालवालिकाहरूको स्वास्थ्यमा सुधार, छात्रा भर्नामा उल्लेखनिय वृद्धि, विद्यार्थीहरूले विद्यालय छोड्ने दरमा कमी जस्ता सकरात्मक प्रभाव परेको छ । आर्थिक वर्ष २०६५/६६ र आर्थिक वर्ष २०६६/६७ मा शिक्षाको लागि खाद्य कार्यक्रमले सञ्चालन गरेका विभिन्न कार्यक्रमहरूको लक्ष्य र प्रगति निम्नानुसार रहेको छ :

तालिका १२(घ) : शिक्षाको लागि खाद्य कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमहरूको विवरण

सि.नं.	कार्यक्रम	आर्थिक वर्ष २०६५/६६		आर्थिक वर्ष २०६६/६७*	
		लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
१	दिवा खाजा कार्यक्रम	१,७०,०००	१,०२,९०२	१८२०००	१,५४,३५९
२	छात्रा उत्प्रेरणा कार्यक्रम अन्तर्गत मासिक प्रतिछात्रा २ लि. तेल वितरण	५०,०००	२९,८२९	५८७००	५४,०७७
३	मातृ तथा शिशु स्वास्थ्य स्याहार कार्यक्रम अन्तर्गत न्यूट्रिनिक्स वितरण	३१,०००	२३,३७०	३१०००	१८,५२२

नोट : लक्ष्य र प्रगतिमा उल्लेखित संख्या "जना" मा रहेको
* आर्थिक वर्ष २०६६/६७ को चैत मसान्तसम्म
स्रोत: शिक्षा मन्त्रालय ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

१२.१३ केन्द्रमा स्थापित प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले विकेन्द्रीकरणको सिद्धान्त अनुरूप कार्यसञ्चालन गर्न क्षेत्रीय कार्यालय स्थापनाका साथै समयसापेक्ष आफ्ना विनियमावलीहरूको संशोधन प्रक्रिया समेत अगाडि बढाइरहेको छ । यसै आर्थिक वर्षमा परिषद्ले शिक्षा विभागमार्फत मुक्त कमलरीहरूको उमेर र इच्छा अनुसार नि:शुल्क तथा आवाशिय शिक्षाका लागि सम्बन्धित जिल्लाहरूलाई आवश्यक निर्देशन र उनिहरूको सीप विकास गर्न तालीम दिने उद्देश्यले छ जिल्लामा दरखास्त आह्वान समेत गरेको छ । त्यस्तै, तराई मधेशका किशोरीहरूको सीप र क्षमता बढाउन बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरीका दलित र विपन्न मुसलमान परिवारका बालिकाहरूले आठ कक्षा उत्तिर्ण गरी अ.न.मी. वा सो

सरहको शिक्षा लिन चाहेमा छात्रवृत्ति दिने उद्देश्यले शिक्षार्थीहरूको छनौट प्रकिया चलिरहेको छ। परिषद्ले रोजगारीका लागि सीप विकास गर्न केन्द्रीय तहमा १५ हजार जनालाई सीप विकास तालीम दिने लक्ष्य राखेकोमा १० हजार ८ सय ४० जनाका लागि तालीम प्रदायक संस्थासँग सम्झौता भइसकेको छ भने थप ३ हजार ९ सय जनालाई तालीम प्रदान गर्न तालीम प्रदायक संस्था र परियोजना बीच सम्झौता हुने चरणमा छ। यसैगरी, सामुदायिक तहमा १० हजार ७ सय ३० जनालाई व्यावसायिक तालीम दिने लक्ष्य रहेकोमा १ हजार २ सय २० जनाका लागि सम्झौता भइसकेको र २ हजार ३ सय जनाको लागि सम्झौता हुने क्रममा रहेको छ। वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूलाई सीप परीक्षणको प्रमाणपत्र अनिवार्यरुपमा उपलब्ध गराउनुपर्ने प्रकिया पनि अगाडि बढेको छ। साथै, परिषद्सँग सम्वन्धन प्राप्त गरेका संस्थाहरूबाट उत्पादित जनशक्ति र प्राविधिक जनशक्तिलाई उच्च शिक्षा अध्ययनको लागि प्राविधिक विश्वविद्यालयको स्थापना गराउनु पनि परिषद् लागि परेको छ। परिषद्बाट सञ्चालित आर्थिक वर्ष २०६५/६६ र आर्थिक वर्ष २०६६/६७ को फागुनसम्मको तालीमहरूको लक्ष्य र प्रगति विवरण निम्न बमोजिम रहेको छ।

तालिका १२(ङ) : परिषद्बाट सञ्चालित तालीमहरूको विवरण

कार्यक्रम	आर्थिक वर्ष २०६५/०६६		आर्थिक वर्ष २०६६/०६७	
	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति*
(क) नियमित तालीम सञ्चालन गर्ने:	४०००	७४०२	४०००	
प्राविधिक एस.एल.सी. तह -				- १९७६
प्रमाणापत्र तह -				- ४०६७
(ख) अल्पकालीन तालीम सञ्चालन गर्ने (व्यक्ति प्रति हप्ता)	४०००	९१५४	४०००	९०४
(ग) सीप प्रमाणीकरण गर्ने :	१५०० जना	१२२९४ जना	१४०० जना	१२७६४ जना
(घ) विद्यालयमा एनेक्स कार्यक्रम सञ्चालन गर्ने :	३० वटा	४	३० वटा	१५ वटा
(ङ) छात्रवृत्ति :				
प्राविधिक एस.एल.सी. तह -	- ६७५	- ७५	- ६७५	- १५०
प्रमाणापत्र तह -	- १५०	- १५०	- २२५	- २२५
(च) रोजगारीका लागि सीप तालीम	१५०००	९४१४	२१०००	१५००
(छ) वैदेशिक रोजगारीका लागि मागमा आधारित तालीम				

* पहिलो आठ महिनासम्मको

स्रोत : शिक्षा मन्त्रालय।

अनौपचारिक शिक्षा केन्द्र

१२.१४ अनौपचारिक शिक्षा कार्यक्रमको माध्यमबाट साक्षरता, साक्षरोत्तर, आयमूलक र जीवन उपयोगी शिक्षा अभियानका रुपमा सञ्चालन गर्ने रणनीति बमोजिम मुलुकका सबै नागरिकहरूलाई साक्षर बनाउँदै आधारभूत एवं उच्च शिक्षासम्म पहुँच विस्तारका साथै

गुणस्तरयुक्त एवं रोजगारीमूलक शिक्षा दिनु यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ। लक्षित वर्गसम्म तिनीहरूको माग बमोजिम अल्पकालिन एवं दीर्घकालिनरुपमा अगाडि बढ्न नेपाल सरकारको निर्णय बमोजिम बाल, युवा तथा प्रौढलाई लक्षित गरी विभिन्न १६ वटा अनौपचारिक शिक्षाका नीतिहरू तर्जुमा भई कार्यान्वनमा रहेको छ। यसैका आधारमा दुई वर्ष भित्रमा निरक्षरता उन्मुलन गर्ने अठोटका साथ आर्थिक वर्ष २०६५/६६ देखि साक्षरता अभियान कार्यक्रम देशभर सञ्चालन भइरहेको छ। यस कार्यक्रमलाई सफल बनाउन सामूहिक अध्ययन केन्द्र सञ्चालन एवं व्यवस्थापन निर्देशिका, २०६२, अनौपचारिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६४ र राष्ट्रिय साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६५ का आधारमा योजना तथा कार्यक्रमहरू तर्जुमा भई कार्यान्वयनमा रहेकाछन्।

१२.१५ आर्थिक वर्ष २०६५/६६ मा राष्ट्रिय साक्षरता अभियान-२०६५ बमोजिम साक्षरता कक्षा संख्या ८९ हजार ३ सय र साक्षरता कक्षामा सहभागी हुने निरक्षर २६ लाख ११ हजार ९ सय ८० जना साक्षर बनाउने लक्ष्य रहेकोमा ३ लाख १२ हजार ६ सय ५ जना पुरुष र १० लाख ३३ हजार ८ सय ८४ जना महिला गरी १३ लाख ६८ हजार २ सय ७८ जना निरक्षरलाई साक्षर बनाइएको थियो। त्यस्तै, साक्षरता पाठ्यक्रम छ महिनाबाट तीन महिना अवधिको बनाई नयाँ गोरेटो पुस्तक र कार्यकर्ता सहयोगी पुस्तक तयार गरी जिल्ला जिल्लामा वितरण, साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका-२०६५ मन्त्रिपरिषद्बाट स्वीकृति भई कार्यान्वयनमा रहेका छन्। साक्षरोत्तर शिक्षातर्फ ५८ जिल्लाहरूमा १ हजार ४ सय ६० कक्षा सञ्चालन गरी २९ हजार २ सय जनालाई साक्षरोत्तर शिक्षा प्रदान गर्ने लक्ष्य रहेकोमा ती जिल्लाहरूमा उल्लेखित सहयोगी कार्यकर्ता कक्षा सञ्चालन भई २७ हजार ७ सय ४० जना सहभागीले ज्ञान आर्जन गरेका थिए। साथै, आयमूलक कार्यक्रममा ७५ जिल्लाका १ हजार २ सय ६० समूहमा ११ हजार ३ सय ४० जना महिलाको सहभागिता र १ सय २९ जना उत्प्रेरिकालाई नवसाक्षर बनाउने कार्यक्रम रहेकोमा सत्प्रतिशत प्रगति भएको थियो। अनौपचारिक शिक्षामा प्रजनन् स्वास्थ्य एकिकृत कार्यक्रम छ जिल्लामा १ सय २० वटा कक्षा सञ्चालन गर्ने कार्यक्रम पनि सबै पूरा भएको थियो। सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत बैकल्पिक विद्यालय शिक्षा ५ हजार ३ सय बालबालिकालाई २ सय ६५ कक्षा सञ्चालन गर्ने कार्यक्रम रहेकोमा लक्षित संख्यामा नै कक्षा सञ्चालन भई ५ हजार ३५ जना बालबालिकाहरूको सहभागिता रहेको थियो। महिला साक्षरता शिक्षा कार्यक्रमतर्फ चार हजार कक्षा सञ्चालन गरी ४० हजार निरक्षर महिला र ४० हजार जना नवसाक्षर महिलालाई साक्षर बनाउने कार्यक्रम रहेकोमा दुवै कार्यक्रममा दुई हजार कक्षा सञ्चालन भई क्रमशः ३८ हजार १ सय ४३ र ३९ हजार ५१ जना सहभागी भएका थिए। दुवै कार्यक्रममा चार हजार महिलाले सहायक कार्यकर्ताको रुपमा कार्य समेत गरेका थिए। ७५ जिल्लामा पाँच हजार नवसाक्षर महिलाको लागि सीपमूलक कार्यक्रम तर्जुमा गरिएकोमा उक्त जिल्लाहरूमा ५ सय ५५ वटा समूह बनाएर ४ हजार ९ सय ९५ जना नवसाक्षर महिलाहरूको सहभागिता रहेको थियो। त्यस्तै, सामुहिक अध्ययन केन्द्रतर्फ ८ सय ६ वटा केन्द्र सञ्चालन गर्ने लक्ष्य रहेकोमा

७५ जिल्लामा उल्लेखित केन्द्र स्थापना भई ८ सय ६ जना परिचारिका नियुक्ति भएका थिए । ती केन्द्रहरूमा व्यवस्थापन, अनुगमन, मूल्याङ्कन, विकेन्द्रीकृत शिक्षा योजना एवम् कार्यमूलक गरी चार वटा विषयगत क्षेत्रमा १ सय ८५ जना जिल्ला प्रशिक्षक तयार हुनुका साथै १ सय ९५ जनालाई व्यवस्थापन तालीम मात्र दिइएको थियो । बीचैमा कक्षा छाड्ने बालबालिकाहरूका लागि १३ जिल्लाका २ सय ६० गाउँ विकास समितिहरूमा कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेकोमा ती जिल्लाका २ सय ३१ गाउँ विकास समितिहरूमा कार्यक्रम सम्पन्न गरी २ सय ४१ जना विद्यालय छाडेका बालबालिकाहरूलाई विद्यालयमा पुनः फिर्ता ल्याइएको थियो । साथै, माध्यमिक शिक्षा सहयोग कार्यक्रम अन्तर्गत निम्नमाध्यमिक विद्यालय तहको खुला सिकाई शिक्षा दिन २२ वटा विद्यालयहरू स्थापना गर्ने लक्ष्य रहेकोमा नौ जिल्लामा त्यस्ता विद्यालयहरू स्थापना भएका थिए ।

१२.१६ आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्म यस कार्यक्रममार्फत नेवारी, लिम्बु र मगर गरी थप तीन भाषामा पाठ्यसामग्री विकास गर्ने कार्य भइरहेको छ । आधारभूत साक्षरतामा "साक्षर बनौ क्षमता बढाऔ" भन्ने नाराका साथ १५/१६ उमेर समूहका निरक्षरहरूलाई लक्षित गरी २०६६ फागुनदेखि मुलुकभर ४३ हजार ५९ कक्षा सञ्चालन भएकाछन् । यस्ता साक्षरता कक्षाबाट आर्थिक वर्षको अन्त्यसम्म १२ लाख १० हजार ५ सय ९० प्रौढहरू लाभान्वित हुनेछन् । साक्षरता कार्यक्रम सफल बनाउन सञ्चारकर्मी, गाउँ विकास समितिका सचिव सम्मिलित राष्ट्रिय गोष्ठी, जिल्ला जिल्लामा गैरसरकारी संस्थाका प्रतिनिधि सम्मिलित अभिमूखीकरण गोष्ठी, दलित, जनजाती, माओवादी शिवीर, कारागार, औद्योगिक मजदुरलाई लक्षित गरी ५ हजार ४ सय साक्षरता कक्षा सञ्चालन जस्ता कार्यक्रमहरू सम्पन्न भएका छन् ।

१२.१७ साक्षरता शिक्षातर्फ आधारभूत साक्षरता पूरा गरेका ६० हजार प्रौढहरूका लागि निरन्तर शिक्षाको अवसर दिलाउन तीन महिनाको साक्षरोत्तर शिक्षा कार्यक्रममार्फत आर्थिक वर्षभरि ३ हजार वटा कक्षा सञ्चालन भएकाछन् । त्यस्तै, महिला शिक्षा दोस्रो आधारभूत साक्षरता पूरा गरेका १५ वर्ष माथि उमेर समूहका महिलालाई लक्षित गरी तीन हजार कक्षा सञ्चालन गरिएकोमा उक्त कार्यक्रममा ६० हजार महिलाहरू सहभागी भएका छन् । विपन्न महिलाहरूलाई स्थानीय तहका व्यवसायमार्फत आयआर्जनमा संलग्न गराई गरिबी निवारण गर्ने उद्देश्यले २ हजार ५ सय ५० वटा आय आर्जन समूह गठन भई २२ हजार ९ सय ५० महिला तालीममा सहभागी भएकाछन् । प्रत्येक समूहलाई Seed Money का रुपमा रू. १० हजार उपलब्ध गराउँदै यस्ता महिलाहरूलाई लघुवित्त कार्यक्रमतर्फ आकर्षण गराउने कार्यक्रम रहेकोछ । साथै, अनौपचारिक प्रौढ विद्यालय तथा खुला विद्यालयतर्फ प्राथमिक शिक्षा विस्तारका लागि ६ सय ७४ केन्द्रहरू, ७ सय ३१ प्राथमिक तहका अनौपचारिक प्रौढ विद्यालयहरू, कक्षा ६-८ का ३७ वटा विद्यालयहरू सञ्चालनमा रहेकाछन् । कक्षा १-८ का ७ सय ५८ वटा अनौपचारिक प्रौढ विद्यालयहरूमा २०६७ साल बैशाखदेखि सञ्चालनका लागि पूर्व तयारी भइरहेको छ । सामुहिक अध्ययन केन्द्र गतवर्षसम्म ८ सय ९ वटा स्थापना भएकोमा यस आर्थिक वर्षमा थप ७ सय २५ वटा स्थापना भएकाछन् ।

मञ्जुषा १२(क): नेपालको साक्षरताको अवस्था

नेपाल श्रमशक्ति सर्भेक्षण, २००८ को आधारमा शिक्षा मन्त्रालयबाट प्राप्त तथ्याङ्क अनुसार नेपालको साक्षरताको औषत प्रतिशत ६३.२ रहेको छ। क्षेत्रगत आधारमा साक्षरताको स्थिति तपसिल बमोजिम रहेको छ।

विकास क्षेत्र	५ वर्ष र सो भन्दा माथि			६ वर्ष र सो भन्दा माथि			१५ वर्ष र सो भन्दा माथि		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
पूर्वाञ्चल	75.7	54.7	64.5	76.7	55.1	65.2	71.3	45.2	57.2
मध्यमाञ्चल	72.7	49.8	60.8	73.8	50.2	61.5	70.5	41.8	55.1
पश्चिमाञ्चल	76.5	57.5	66.1	77	57.5	66.3	70.4	48.1	57.5
मध्य पश्चिमाञ्चल	74.5	52.9	62.9	75.5	52.8	63.3	68.1	39	52
सुदूरपश्चिमाञ्चल	76.1	51.8	62.7	77.4	52.2	63.4	72.5	40.4	54.1
जम्मा	74.7	53.1	63.2	75.6	53.3	63.7	70.7	43.3	55.6

स्रोत : शिक्षा मन्त्रालय।

विद्यालय, विद्यार्थी र शिक्षक अनुपात तालिका

१२.१८ शैक्षिक सत्र २०६६ मा शिक्षा मन्त्रालय अन्तर्गत प्राथमिक विद्यालय ३१ हजार ६ सय ५५, निम्न माध्यमिक विद्यालय ११ हजार ३ सय ४१ र माध्यमिक विद्यालय ६ हजार ९ सय २८ वटामा प्राथमिकतर्फ ४९ लाख ६ सय ६३, निम्न माध्यमिकतर्फ १६ लाख ४ हजार ४ सय २२ र माध्यमिकतर्फ ७ लाख ९० हजार ३ सय ४८ विद्यार्थीहरू पठनपाठन गरिरहेका छन्। उक्त सत्रको प्राप्त तथ्याङ्कअनुसार सरकारी तथा निजीस्तरका प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको विद्यालय, विद्यार्थी र शिक्षक अनुपात देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १२(च) : विद्यालय, विद्यार्थी र शिक्षक अनुपात

अनुपात (संख्यामा)	प्राथमिक	निम्नमाध्यमिक	माध्यमिक
विद्यार्थी/विद्यालय	154.8	141.5	114.1
शिक्षक/विद्यालय	4.9	3.5	4.2
विद्यार्थी/शिक्षक	31.9	39.9	27.9
विद्यार्थी/तालीमप्राप्त शिक्षक	43.3	69.7	34.1

स्रोत : शिक्षा मन्त्रालय ।

चार्ट १२(क) : सार्वजनिक विद्यालयहरुको संख्या



स्रोत : शिक्षा मन्त्रालय ।

सामुदायिक विद्यालयमा विद्यार्थी र शिक्षक अनुपात तालिका

१२.१९ नेपाल सरकारबाट अनुदान प्राप्त गरी सञ्चालनमा रहेका सामुदायिक र सरकारी विद्यालयहरू सामुदायिक विद्यालय भित्र पर्दछन् भने संस्थागत विद्यालयहरू गुठी वा कम्पनी ऐन अन्तर्गत रही सञ्चालित छन् । शैक्षिक सत्र २०६६ को प्राप्त अनुमानित तथ्याङ्क अनुसार देशका पाँच वटै विकास क्षेत्रका सरकारी र निजी तथा सामुदायिकस्तरमा सञ्चालित विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात निम्न बमोजिम रहेको छ :

तालिका १२(छ) : शैक्षिक सत्र, २०६६ मा प्रति शिक्षक विद्यार्थी अनुपात

क्षेत्र	प्रति शिक्षक विद्यार्थी अनुपात (सख्यामा)					
	निजी र सरकारी			सामुदायिक		
	प्राथमिक	निम्नमाध्यमिक	माध्यमिक	प्राथमिक	निम्नमाध्यमिक	माध्यमिक
नेपाल	31.9	39.9	27.2	41.7	53.0	33.5
पूर्वाञ्चल क्षेत्र	34.9	47.6	34.3	40.4	53.1	36.1
हिमाल	30.6	38.3	25.6	34.6	41.1	24.6
पहाड	28.6	46.3	38.7	34.3	50.1	35.1
तराई	41.4	50.7	33.3	48.1	59.3	40.1
मध्यमाञ्चल	32.7	32.6	20.9	43.7	51.1	31.0
हिमाल	22.7	42.7	27.4	27.9	42.4	24.4
पहाड	22.7	42.7	27.4	27.9	42.4	24.4
तराई	56.4	58.4	38.0	60.1	61.7	36.0
उपत्यका	19.1	18.6	13.1	20.1	31.9	21.6
पश्चिमाञ्चल	24.6	36.8	25.0	32.7	47.4	29.1
हिमाल	4.7	7.7	5.6	5.2	7.5	5.6
पहाड	20.8	34.4	24.0	26.8	44.0	27.4

क्षेत्र	प्रति शिक्षक विद्यार्थी अनुपात (सख्यामा)					
	निजी र सरकारी			सामुदायिक		
	प्राथमिक	निम्नमाध्यमिक	माध्यमिक	प्राथमिक	निम्नमाध्यमिक	माध्यमिक
तराई	35.7	44.7	28.6	54.3	62.3	36.7
मध्यपश्चिमाञ्चल	39.6	54.7	41.1	49.9	66.0	44.4
हिमाल	35.2	35.9	33.6	40.1	38.3	26.4
पहाढ	43.3	57.9	47.5	51.1	63.6	43.4
तराई	36.3	56.8	37.2	53.0	84.1	55.6
सुदूरपश्चिमाञ्चल	31.7	44.2	35.0	47.6	53.8	33.4
हिमाल	32.9	34.8	26.4	42.1	41.1	27.0
पहाढ	30.6	31.7	23.5	42.0	42.1	22.4
तराई	32.1	65.9	54.8	61.0	76.1	52.8

स्रोत : शिक्षा मन्त्रालय ।

विद्यालयहरूको क्षेत्रगत विवरण

१२.२० शैक्षिक सत्र २०६६ मा क्षेत्रगत आधारमा सरकारी, सामुदायिक र निजीस्तरमा गरी पूर्वाञ्चलमा प्राथमिक तहमा ६ हजार ६ सय २२, निम्न माध्यमिक तहमा २ हजार १ सय ९६ र माध्यमिक तहमा १ हजार २ सय ९४ वटा, मध्यमाञ्चल क्षेत्रमा प्राथमिक तहमा ९ हजार ३ सय ३३ वटा, निम्न माध्यमिक तहमा ३ हजार ८ सय २ वटा र माध्यमिक तहमा २ हजार ५ सय ४६ वटा, पश्चिमाञ्चल क्षेत्रमा प्राथमिक तहमा ७ हजार २ सय ७५ वटा, निम्न माध्यमिक तहमा २ हजार ४ सय ८८ वटा र माध्यमिक तहमा १ हजार ५ सय ९२ वटा, मध्य-पश्चिमाञ्चल क्षेत्रमा प्राथमिक तहमा ४ हजार ९ सय १२ वटा, निम्न माध्यमिक तहमा १ हजार ५ सय ५६ वटा र माध्यमिक तहमा ८ सय १४ वटा र सुदूर पश्चिमाञ्चल क्षेत्रमा प्राथमिक तहमा ३ हजार ५ सय १३ वटा, निम्म माध्यमिक तहमा १ हजार २ सय ९९ वटा र माध्यमिक तहमा ६ सय ८२ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । नेपालभरी प्राथमिक विद्यालय ३१ हजार ६ सय ५५, निम्न माध्यमिक विद्यालय ११ हजार ३ सय ४१ र माध्यमिक विद्यालय ६ हजार ९ सय २८ गरी जम्मा ४९ हजार ९ सय २४ विद्यालयहरु रहेका छन् । विद्यालयको क्षेत्रगत विवरण तपसिल बमोजिम रहेको छ :

तालिका १२(ज) : क्षेत्रगतरुपमा विद्यालयहरुको विवरण

क्षेत्र	प्राथमिक	निम्नमाध्यमिक	माध्यमिक	जम्मा
पूर्वाञ्चल	6622	2196	1294	10112
मध्यमाञ्चल	9333	3802	2546	15681
पश्चिमाञ्चल	7275	2488	1592	11355
मध्यपश्चिमाञ्चल	4912	1556	814	7282
सुदूरपश्चिमाञ्चल	3513	1299	682	5494
जम्मा :	**31655**	**11341**	**6928**	**49924**

स्रोत: शिक्षा मन्त्रालय ।

चार्ट १२(ख) : विद्यालयहरूको क्षेत्रगत विवरण (सरकारी/सामुदायिक/निजीस्तरमा सञ्चालित)

सरकारीस्तरबाट सञ्चालित







सामुदायिकस्तरबाट सञ्चालित







निजीस्तरबाट सञ्चालित







स्रोत : शिक्षा मन्त्रालय ।

१२.२१ शैक्षिक सत्र २०६६ मा प्राथमिक विद्यालयमा ४९ लाख ६ सय ६३, निम्न माध्यमिक विद्यालयमा १६ लाख ४ हजार ४ सय २२ र माध्यमिक विद्यालयमा ७ लाख ९० हजार ३ सय ४८ विद्यार्थीहरू भर्ना भई जम्मा ७२ लाख ९५ हजार ४ सय ३३ जनाले पठन पाठन गरिरहेका छन् ।

चार्ट १२(ग) : विद्यार्थी भर्ना संख्या



स्रोत : शिक्षा मन्त्रालय ।

मञ्जुषा १२(ख) : एस.एल.सी. परीक्षामा सम्मिलित तथा उत्तिर्ण छात्रछात्राको विवरण

वर्ष	सम्मिलित	नियमित			एक्जाम्टेड		
		छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा
२०६५	सम्मिलित	१८४१८२	१५८४५०	३४२६३२	१८८८३	२७००६	४५८६०
	उत्तीर्ण	१३२६६२	१०१९४०	२३४६०२	९३०२	१२५८५	२१८८७
	प्रतिशत	७२.०३	६४.३४	६८.४७	४९.२६	४६.६०	४७.६९
२०६६	सम्मिलित	२१९५४३	१९३०४९	४१२५९३	१८९५१	२५१७६	४४१२७

स्रोतः शिक्षा मन्त्रालय ।

उच्च माध्यमिक शिक्षा परिषद्

१२.२२ उच्च माध्यमिक शिक्षा परिषद्ले देशको सम्रग विकासका लागि आवश्यक पर्ने मध्यमस्तरीय जनशक्ति तयार गर्ने एवं उच्च शिक्षाको विभिन्न विधामा विशिष्टीकृत शिक्षा लिन योग्य विद्यार्थी उत्पादन गर्ने उद्देश्य लिएको छ । परिषद् अन्तर्गत शैक्षिक सत्र २०६६ सम्म सम्बन्धन प्राप्त उच्च माध्यमिक विद्यालयहरूमा सामुदायिकतर्फ १ हजार ७ सय ७१, निजीतर्फ ४ सय ४६, दश जोड दुईतर्फ १ सय ६० र क्याम्पसतर्फ १ सय ३५ गरी कुल संख्या २ हजार ५ सय १२ रहेकाछन् । यसै शैक्षिक सत्रमा सामुदायिक उच्च माध्यमिक विद्यालयतर्फ कक्षा ११ मा छात्र ९२ हजार ८ सय ४८ र छात्रा ८१ हजार ३ सय ३९ गरी १ लाख ७१ हजार १ सय ८७ तथा संस्थागत उच्च माध्यमिक विद्यालयतर्फ छात्र ७६ हजार ८ सय ६२ र छात्रा ६७ हजार ८ सय ७७ गरी १ लाख ४४ हजार ७ सय ३९ गरी कुल ३ लाख १८ हजार ९ सय २६ जना छात्रछात्राहरूले नियमितरुपमा अध्ययन गरिरहेका छन् । त्यस्तै, कक्षा १२ मा सामुदायिक उच्च माध्यमिक विद्यालयतर्फ छात्र ६२ हजार २ सय ८४ र छात्रा ७२

हजार ५ सय ६४ गरी १ लाख ३८ हजार ८ सय ४८ तथा संस्थागत उच्च माध्यमिक विद्यालयतर्फ छात्र ६४ हजार ८ सय १६ र छात्रा ४८ हजार ८ सय ८९ गरी १ लाख १३ हजार ७ सय ५ गरी कुल २ लाख ५२ हजार ५ सय ५३ जना छात्रछात्राहरूले नियमितरुपमा अध्ययन गरिरहेका छन् ।

१२.२३ केन्द्रीय कार्यालय, सानोठिमी, भक्तपुरमा रहेको उच्च माध्यमिक शिक्षा परिषद्ले विद्यालय र विद्यार्थीको जनघनत्व र चापलाई मध्यनजर राखी विराटनगर, जनकपुर, हेटौडा, काठमाडौं, पोखरा, बुटवल, नेपालगञ्ज र धनगढी गरी आठ वटा जिल्ला कार्यालयहरूमार्फत तिनीहरूको कार्यक्षेत्र तोकी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । परिषद्ले सञ्चालन गरेका मुख्य कार्यक्रमहरूमा मातहतका निकायहरूमा कम्प्युटर प्रोग्रामिङ तथा नेटवर्किङको कार्यसम्पन्न भएको छ । त्यसैगरी, प्रश्नपत्र बैंक, प्रश्नपत्र निर्माण एवम् परिमार्जन, परीक्षा सञ्चालन सम्बन्धी कार्यशाला गोष्ठी, उत्तरपुस्तिका परीक्षण एवं संपरीक्षणसम्बन्धी कार्यशाला एवंम् तालीम जस्ता कार्यहरू सम्पन्न भएकाछन् । प्रतिभाशाली गरिब, उत्पिडित, दलित एवम् दुर्गम तथा पिछडिएका विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउने कार्यका साथै महिला प्रधानाध्यापक तथा ५० प्रतिशत वा सो भन्दा बढी महिला शिक्षिका रहेका सामुदायिक उच्च माध्यमिक विद्यालयहरूलाई थप शिक्षकको लागि तलब अनुदान दिने कार्य पनि सम्पन्न भएको छ । त्यसैगरी, शिक्षक कल्याणकारी कोष स्थापना, पाठ्यपुस्तक छनौट तथा लेखन कार्य, शिक्षकहरूका लागि एकीकृत शिक्षण सीप तालीम, दृष्टिविहिन बहिरा तथा सुस्त श्रवणशक्ति भएका विद्यार्थीहरूलाई उच्च माध्यमिक शिक्षामा पहुँच पुऱ्याउन विशेष शिक्षा सहयोग कार्यक्रम तथा सामुदायिक उच्च माध्यमिक विद्यालयहरूमा अध्ययनरत गरिब विपन्न पिछडिएका मधेशी विद्यार्थीहरूलाई यस तहको शिक्षामा पहुँच पुऱ्याउने विविध कार्यक्रम सञ्चालन भएको छ ।

सम्बन्धन प्राप्त विद्यालय संख्या

१२.२४ शैक्षिक सत्र २०६६ सम्म सम्बन्धन प्राप्त सामुदायिक, निजी, दशजोड दुई र क्याम्पसहरूको कुल संख्या विकास क्षेत्रको आधारमा निम्नानुसार रहेको छ :

तालिका १२(झ) : शैक्षिक सत्र, २०६६ सम्म सम्वन्धन प्राप्त उच्च माध्यमिक विद्यालयहरूको क्षेत्रगत विवरण

विकास क्षेत्र	सामुदायिक	निजी	०+२	क्याम्पस	जम्मा
पूर्वाञ्चल क्षेत्र	350	69	31	23	473
हिमाल	44	1	-	3	48
पहाड	150	7	3	4	164
तराई	156	61	28	16	261
मध्यमाञ्चल भित्र	522	224	106	65	917
हिमाल	4	-	-	-	4
पहाड (उपत्यका बाहिर)	249	23	1	8	281

विकास क्षेत्र	सामुदायिक	निजी	०+२	क्याम्पस	जम्मा
पहाड (उपत्यका)	४४	१६०	७९	३९	३६६
तराई	१४१	४१	२६	१४	२६६
पश्चिमाञ्चल	४५५	१०४	१२	३३	६०४
हिमाल	४	-	-	-	४
पहाड	३४५	५४	७	२२	४३२
तराई	१०६	४६	५	११	१६४
मध्यपश्चिमाञ्चल	२१९	२४	५	६	२५४
हिमाल	२६	-	-	-	२६
पहाड	१०२	-	-	२	१०४
तराई	९१	२४	५	४	१२४
सुदुरपश्चिमाञ्चल	२२५	२१	६	८	२६०
हिमाल	२०	-	-	-	२०
पहाड	१२९	३	१	४	१३७
तराई	७६	१४	५	४	१०३
जम्मा	**१७७१**	**४४६**	**१६०**	**१३५**	**२५१२**

स्रोत : शिक्षा मन्त्रालय ।

उच्च माध्यमिक विद्यालयमा छात्रछात्राको स्थिति

१२.२५ उच्च माध्यमिक विद्यालयअन्तर्गत कक्षा ११ र १२ मा शैक्षिक सत्र २०५७ देखि २०६६ सम्म परीक्षामा सम्मिलित एवम् उतीर्ण छात्रछात्राहरूको विवरण निम्नानुसार रहेकोछ :

तालिका १२(ञ) : वार्षिक परीक्षामा सम्मिलित र उत्तीर्ण विद्यार्थी संख्या

वर्ष	कक्षा ११						कक्षा १२					
	सम्मिलित			उतीर्ण			सम्मिलित			उतीर्ण		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
२०५७	१७,९७५	१०,९५८	२८,९३३	६,६००	३,७१३	१०,३१३	९,४६१	६,१२०	१५,९४१	३,९२६	२,३०९	६,२३५
२०५८	३०,३४४	१९,६०७	४९,९५१	९,११९	५,३६३	१४,४८२	१४,४०३	८,५६०	२३,३६३	५,३०४	३,०४२	८,३४६
२०५९	२६,४०१	१७,९४९	४४,३९०	९,३४३	५,९४३	१४,९६६	२४,४२०	१६,४७२	४१,२९२	७,७३०	४,५२०	१२,२५०
२०६०	३४,३४१	२७,४६३	६५,४०४	१४,३१७	९,३२३	२३,६४०	२१,५२६	१५,५७३	३७,०९९	७,४४४	४,४७०	११,९५४
२०६१	३७,०७७	२४,३७४	६१,४५५	१५,९४५	९,९१०	२५,४९५	३२,९१५	२४,६९४	५७,६१३	१३,४३५	९,२१२	२२,६४६
२०६२	४६,३५१	६९,९७६	१५६,३२७	४०,४४२	३०,५०२	७१,३४४	५७,०४२	४३,४५४	१००,९४०	३०,४९३	२२,१७०	५३,०६३
२०६३	६२,०५२	४४,३५९	११०,४११	३०,१७१	२०,७११	५०,४४२	४९,३७७	४०,५४३	८९,९२०	२४,४७२	२१,५२६	४९,९९४
२०६४	७९,४०९	६६,९७४	१४६,७४७	३५,०११	२७,२६१	६२,२७२	५५,४४४	४५,३१२	१००,७६०	३१,४५७	२४,६३०	५६,०४७
२०६५	१०६१५७	९९०४३	२०५२००	४६९०३	३७२२४	८४१३१	७०६४४	६२२९६	१३२९४०	३६९४६	३०३४३	६७३२९
२०६६	१३२१५४	१२२६१३	२५४७७१	५७२४०	४४७९३	१०२०३३	९४४१२	९२००५	१८६४१७	४७४०३	३९४०५	८७२०४

स्रोत : शिक्षा मन्त्रालय/उच्च माध्यमिक शिक्षा परिषद ।

विश्वविद्यालयहरू

१२.२६ आर्थिक वर्ष २०६५/६६ सम्म त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय र पोखरा विश्वविद्यालय गरी पाँचवटा विश्वविद्यालयहरूले उच्च शिक्षाको अवसर प्रदान गरिरहेका छन् । लुम्बिनी विश्वविद्यालयले सञ्चालन अनुमति पाइसकेको भएतापनि हालसम्म प्रारम्भिक अवस्थामानै रहेको छ । त्यस्तै वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान पनि विश्वविद्यालय सरहको उच्च शैक्षिक संस्थाको रुपमा शिक्षा प्रदान गरिरहेका छन् । उच्च शिक्षाको अवसर सबै क्षेत्रमा पुऱ्याउने हेतुले सुदूरपश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल, कृषि तथा बन विज्ञान विश्वविद्यालय स्थापना गर्न सो सम्बन्धी विधेयक व्यवस्थापिका-संसदबाट पारित हुने क्रममा रहेको छ । त्यस्तै, विरगञ्ज विश्वविद्यालय र पूर्वाञ्चल प्रद्यौगिक विश्वविद्यालय, राजर्षि जनक विश्वविद्यालय स्थापना गर्न नेपाल सरकारको स्वीकृतिको लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश भइसकेको छ । मुलुकभर सञ्चालनमा रहेका विश्वविद्यालयहरुले राष्ट्रिय आवश्यकता पूरा गर्न र अन्तर्राष्ट्रिय प्रतिष्पर्धा गर्न सक्षम उच्चस्तरीय जनशक्ति उत्पादन गर्ने कार्य गरिरहेका छन् ।

१२.२७ आर्थिक वर्ष २०६४/६५ देखि २०६५/६६ सम्म मुलुक भित्र सञ्चालनमा रहेका विभिन्न विश्वविद्यालयहरू अन्तर्गतका क्याम्पसहरू र सोमा अध्ययन गरिरहेका विद्यार्थीहरूको संख्या निम्न तालिकामा उल्लेख भए बमोजिम रहेको छ :

तालिका १२(ट) : विभिन्न विश्वविद्यालय अन्तर्गतका क्याम्पसहरू तथा विद्यार्थी संख्या

विश्वविद्यालय	क्याम्पसहरू		विद्यार्थी विवरण					
			आर्थिक वर्ष २०६४/६५			आर्थिक वर्ष २०६५/६६		
	आङ्गिक	सम्बन्धन प्राप्त	आङ्गिक	सम्बन्धन प्राप्त	जम्मा	आङ्गिक	सम्बन्धन प्राप्त	जम्मा
त्रिभुवन विश्वविद्यालय	६०	६१६	१७१५९२	११९२४१	२९०८३३	१७२३७५	८९४४६	२६१८२१
काठमाडौ विश्वविद्यालय	६	१४	३३३०	४२६६	७५९६	३६२४	५११३	८७३७
पूर्वाञ्चल विश्वविद्यालय	३	८४	६४१	१४२३७	१४८७८	६४७	१४८९४	१५५४१
नेपाल संस्कृत विश्वविद्यालय	१२	१८	२०८१	५६७	२६४८	५१०३	३३३	५४३६
पोखरा विश्वविद्यालय	४	४६	४६३	४८९७	५३६०	७८८	१२३८३	१३१७१
लुम्बिनी बौद्ध विश्वविद्यालय	-	-	-	-	-	-	-	-
जम्मा :	८५	७७८	१७८१०७	१४३२०८	३२१३१५	१८२५३७	३२७२३	३०४७०६

नोट : लुम्बिनी बौद्ध विश्वविद्यालयको सञ्चालन स्वीकृति भएतापनि शैक्षिक कार्यक्रम सञ्चालन नभएको
स्रोत : विश्वविद्यालय अनुदान आयोग ।

त्रिभुवन विश्वविद्यालय

१२.२८ त्रिभुवन विश्वविद्यालयले मुलुकको लागि आवश्यक उच्च तथा गुणस्तरीय जनशक्ति उत्पादन तथा विकास गर्ने कार्यमा स्थापना कालदेखि नै महत्वपूर्ण भूमिका निभाउँदै आएको छ। नेपालको ९५ प्रतिशत भन्दा बढी उच्च शिक्षाको भार त्रिभुवन विश्वविद्यालयले बोकेको छ। यो विश्वविद्यालय मुलुककै सबै भन्दा पुरानो र ठूलो विश्वविद्यालय हो। यस विश्वविद्यालयमा आर्थिक वर्ष २०६५/६६ सम्ममा पाँच अध्ययन संस्थान, चार संकाय, चार अनुसन्धान केन्द्र, ६० वटा आंगिक क्याम्पस, ३८ वटा केन्द्रीय विभाग तथा सम्बन्धित अध्ययन संस्थान/संकायको प्राज्ञिक नियन्त्रणमा ६ सय १६ वटा निजी क्षेत्रमा सम्बन्धनप्राप्त क्याम्पसहरूमा विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेकाछन्। त्रि.वि. ले शैक्षिक क्रियाकलापहरूको साथै त्रि.वि. शिक्षण अस्पताल, वि.पि. कोइराला नेत्र अध्ययन केन्द्र, आयुर्वेद शिक्षण अस्पताल, त्रि.वि. हेल्थ सेण्टर, किर्तिपुर काठमाडौं, पशु चिकित्सा टिचिङ्ग अस्पताल, रामपुर चितवन, ऊर्जा अध्ययन केन्द्र, विपद् अध्ययन केन्द्र, प्रदुषण अध्ययन केन्द्र, केन्द्रीय माटो प्रयोगशाला, इञ्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा, भि-स्याट, पुल्चोक ललितपुर, वाइल्ड लाइफ म्यूजियम हेटौडा, प्राकृतिक विज्ञान संग्रहालय काठमाडौं, विज्ञान तथा प्रविधितर्फ भूगर्भ शास्त्र केन्द्रीय विभाग, रसायनशास्त्रको केन्द्रीय विभाग, जल तथा मौसम विज्ञान केन्द्रीय विभाग, माइक्रोवायोलोजी केन्द्रीय विभाग, व्यावहारिक विज्ञान तथा प्रविधि विकासमा विविध सेवा तथा कार्यक्रमहरू पनि विस्तार गरी सञ्चालन गरिरहेको छ। त्रिभुवन विश्वविद्यालय अन्तर्गत सञ्चालन भएका मुख्य प्राज्ञिक कार्यक्रमहरूको संक्षिप्त उपलब्धि विवरण निम्नानुसार रहेको छ :

तालिका १२ (ठ) : मुख्य प्राज्ञिक कार्यक्रमहरूको संक्षिप्त उपलब्धि विवरण

अध्ययन अनुसन्धान-अन्वेषण कार्यक्रम सूचक	आर्थिक वर्ष		
	२०६३/६४	२०६४/६५	२०६५/६६
अ. क्याम्पस			
१. त्रि.वि. आङ्गिक क्याम्पस संख्या	६०	६०	६०
२. निजी क्षेत्रतर्फ क्याम्पस स्थापित भई अस्थायी सम्बन्धनमा सञ्चालनको स्वीकृत क्याम्पस/कलेज संख्या	४२०	५६१	६१६
वृद्धि प्रतिशतमा *	(७२) +२०.७%	(१४१) +३३.६%	(५५) +९.८%
आ. अध्ययनरत कुल विद्यार्थी संख्या	२,७२,७४६	२,९०,८३३	३,२१,६४५
१. त्रि.वि. आङ्गिक क्याम्पसमा अध्ययनरत विद्यार्थी संख्या	१,६७,११४	१,७१,५९२	१,७२,५९४
वृद्धि प्रतिशतमा	९.४६%	+२.०७%	+१.० %
• जम्मा क्याम्पस संख्या • वृद्धि प्रतिशत (आङ्गिक तथा निजी क्षेत्रका क्याम्पस)	४८० १७.६%	६२१ २९.४%	६७६ ८.८५%
२. निजी क्षेत्रतर्फका क्याम्पस कलेजमा अनुमानित अध्ययनरत विद्यार्थी संख्या	*१,०५,६३२	*१,१९,२४१	*१,४९,०५१
वृद्धि प्रतिशतमा	+१५.३%	+१२.९%	+२५.०%
३. त्रि.वि. का आङ्गिक तथा निजी क्षेत्रका क्याम्पसमा आधारित			

अध्ययन अनुसन्धान-अन्वेषण कार्यक्रम सूचक	आर्थिक वर्ष		
	२०६३/६४	२०६४/६५	२०६५/६६
विद्यार्थीको आकारको स्वरूप प्रतिशतमा			
(क) आङ्गिक क्याम्पस अध्ययनरत	६१.३	५९.०	५४.०
(ख) निजी क्षेत्रका क्याम्पस अध्ययनरत	३८.७	४१.०	४६.०
जम्मा	१००%	१००%	१००%
इ शिक्षक विद्यार्थी अनुपात	१:२७.३	१:२१.६	१:२१.७
ई मानविय स्रोत – शिक्षक कर्मचारी			
(i) शिक्षण तर्फ – शिक्षक संख्या	६१६०	७,९५०	७९५०
(ii) प्रशासन, प्राविधिक तथा युनिलिटी सर्मिस तर्फ –			
(अ) प्रशासनिक कर्मचारी	२,२४१	२२४१	२२४१
(आ) प्राविधिक कर्मचारी	१९१४	१९२०	१९२०
(इ) युटिलिटी तथा सेवा कर्मचारी	२,७९७	२९१२	२९६२
जम्मा कर्मचारी संख्या :	६,९५२	७०७३	७१२२
उ मानविय चिकित्सा उपचार सेवा	४,५९,८३०	सेवा प्रदान भै रहेको	५१७६६८

• अनुमानित

स्रोत : त्रिभुवन विश्वविद्यालय ।

१२.२९ त्रिभुवन विश्वविद्यालयको विद्यार्थी भर्ना कार्यक्रम तथा क्याम्पसको स्थितितर्फ पाँच अध्ययन संस्थान-इञ्जिनियरिङ्ग, कृषि र पशु विज्ञान, चिकित्साशास्त्र, वन विज्ञान र विज्ञान तथा प्रविधि, चार संकाय-कानून, व्यवस्थापन, शिक्षाशास्त्र, मानविकी तथा सामाजिकशास्त्र अन्तर्गतका विभिन्न विधा/विषय क्षेत्रका अन्य तह, प्रमाणपत्र तह, स्नातक तह, स्नातकोत्तर तह, एम.फिल तथा विद्यावारिधी तहका कार्यक्रमहरू सञ्चालित छन् । उपरोक्त विभिन्न विधाका कार्यक्रमहरू सञ्चालित त्रि.वि. का आंगिक क्याम्पसहरू पूर्वाञ्चलमा १३, मध्यमाञ्चलमा २८, पश्चिमाञ्चलमा ११, मध्य पश्चिमाञ्चलमा पाँच र सुदूरपश्चिमाञ्चलमा तीन रहेका छन् । गत आर्थिक वर्ष २०६५/६६ मा त्रिभुवन विश्वविद्यालयको प्राविधिक तथा साधारणतर्फ आंगिक क्याम्पसहरूमा कुल १ लाख ७२ हजार ५ सय ९४ जना र सम्बन्धन प्राप्त क्याम्पसहरूमा १ लाख ४९ हजार ५१ जना विद्यार्थीहरू अध्ययनरत रहेका थिए । त्रि.वि. का यी क्याम्पसहरूमा प्राविधिकतर्फ प्रमाणपत्र तहमा ९ हजार ३ सय ७५, स्नातक तहमा १४ हजार ४६, स्नातकोत्तर तहमा २ हजार ३ सय २५ र विद्यावारिधीमा १ सय ३२ गरी जम्मा २५ हजार ८ सय ७८ तथा साधारणतर्फ अन्य तहमा ४ हजार ८ सय १६, प्रमाणपत्र तहमा ३९ हजार १८, स्नातक तहमा ७५ हजार ४ सय ८५, स्नातकोत्तर तहमा २६ हजार ८ सय २१, एम.फिलमा ५ सय ३ र विद्यावारिधीमा ७३ गरी जम्मा १ लाख ४६ हजार ७ सय १६ विद्यार्थीहरू अध्ययनरत रहेका छन् । विश्वविद्यालय अन्तर्गत सञ्चालित अध्ययन संस्थान/संकायहरू सम्बन्धी प्राज्ञिक विवरण निम्न बमोजिम रहेको छ ।

तालिका १२ (ड) : त्रिभुवन विश्वविद्यालय अन्तर्गतका अध्ययन संस्थान/सङ्कायहरू सम्बन्धी प्राज्ञिक विवरण

क्र.सं	अध्ययन संकाय	अन्य तह	प्रविणता प्रमाणपत्र	स्नातक	स्नातकोत्तर	एम.फिल	विद्यावारिधि
१.	इन्जिनियरिङ	x	✓	✓	✓	x	✓
२.	कृषि तथा पशु विज्ञान	x	x	✓	✓	x	✓
३.	चिकित्सा शास्त्र	x	✓	✓	✓	x	x
४.	वन विज्ञान	x	✓	✓	✓	x	✓
५.	विज्ञान तथा प्रविधि	x	✓	✓	✓	x	✓
६.	कानुन	x	x	✓	✓	x	✓
७.	व्यवस्थापन	x	✓	✓	✓	✓	✓
८.	शिक्षाशास्त्र	x	✓	✓	✓	✓	✓
९.	मानविकी	✓	✓	✓	✓	✓	✓

स्रोत : त्रिभुवन विश्वविद्यालय ।

१२.३० पाठ्यक्रम विकास र पाठ्यक्रम स्रोत साधनतर्फ त्रिभुवन विश्वविद्यालयका अध्ययन संस्थान र संकायहरूका स्नातक र स्नातकोत्तर तहका विभिन्न विषयका पाठ्यक्रमहरू परिमार्जन गर्ने कार्य भइरहेको छ । त्रि.वि.को केन्द्रीय पुस्तकालय नेपालकै एक ठूलो तथा व्यवस्थित पुस्तकालय भएकोले यसले पुस्तक संकलन गर्नुका साथै पाठकहरूलाई अध्ययन अध्यापन एवं राष्ट्रिय अनुसन्धानका लागि आवश्यक सामग्री संकलन तथा अन्वेषण गर्ने कार्यको लागि राम्रो सेवा प्रदान गर्दै आएको छ ।

१२.३१ छात्रवृत्ति कार्यक्रमतर्फ त्रिभुवन विश्वविद्यालयका सम्पूर्ण आंगिक क्याम्पसहरूमा अध्ययनरत विद्यार्थीहरूमध्ये केहीलाई निःशुल्क छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम अन्तर्गत मासिक शुल्क, परीक्षा शुल्क र लब्धाङ्कपत्र (ट्रान्सक्रिप्ट) लगायतका शुल्कहरू निःशुल्क गर्ने व्यवस्था विगत वर्षहरूदेखि नै चलिरहेको छ । सो सुविधा अन्ध अपाङ्गहरू (बहिरा, दृष्टिविहीन र सुस्त मनस्थिति) अध्ययनरत आङ्गिक क्याम्पसहरूका विद्यार्थीहरू समेतलाई अपाङ्गता भएको कागजात पेश गरेको आधारमा प्रदान गरिंदै आएको छ ।

साधारण जनशक्ति उत्पादन

१२.३२ शैक्षिक सत्र २०६५ मा त्रिभुवन विश्वविद्यालय अन्तर्गत साधारण अप्राविधिकतर्फ कानुनमा ३ सय १३, व्यवस्थापनमा १५ हजार ४ सय २९, शिक्षाशास्त्रमा १६ हजार ५ सय ९४ र मानविकी तथा सामाजिक शास्त्रमा १८ हजार ७ सय ३६ गरी चारवटा संकायहरूतर्फ जम्मा ५१ हजार ७२ जना विभिन्न तहमा शैक्षिक जनशक्ति उत्पादन भएका थिए । जसको विस्तृत विवरण निम्न बमोजिम छ :

तालिका १२(ढ): त्रिभुवन विश्वविद्यालय अन्तर्गत साधारणतर्फको जनशक्ति उत्पादन विवरण

संकाय र कार्यक्रम	आर्थिक वर्ष						
	2059/60	2060/61	2061/62	2062/63	2063/64	2064/65	2065/66
१. कानुन संकाय							
(क) प्रमाण पत्र	२८	१५	३३	२१	१२	०	२५
(ख) स्नातक	७३४	४६९	६९२	३४२	१९९	३२९	२५५
(ग) स्नातकोत्तर	३३	१६	७५	२५	३२	४१	३२
(घ) विद्यावारिधि	१	०	१	०	०	२	१
जम्मा	**७९६**	**५००**	**८०१**	**३८८**	**२४३**	**३७२**	**३१३**
२. व्यवस्थापन संकाय							
(क) प्रमाण पत्र	८,४३५	७,०४३	१२,०९५	७,०१०	६,१५२	३४१५	३७३९
(ख) स्नातक	३,९९६	३,८७७	८,५४९	५,९५४	६,७९९	६१८७	९३२६
(ग) स्नातकोत्तर	९५०	६५३	१,८५६	९८९	१,६३६	१११०	२३६०
(घ) विद्यावारिधि	४	३	६	३	५	५	५
जम्मा	**१३,३८५**	**११,५७६**	**२२,५०६**	**१३,९५६**	**१४,५९२**	**१०,७१६**	**१५४२९**
३. शिक्षा शास्त्र संकाय							
(क) प्रमाण पत्र	१,५५९	१,७८३	३,५२५	३,२२७	३,६५१	३१५५	३२४९
(ख) स्नातक	३,१९५	३,६३२	५,८४१	३,९१२	४,४५३	५४५५	१२१९३
(ग) स्नातकोत्तर	२३३	२२४	६३३	४३	२१	४२२	११५१
(घ) विद्यावारिधि	-		१	०	२	४	१
जम्मा	**४,९८७**	**५,६३९**	**१०,०००**	**७,१८२**	**८,१२७**	**९०३६**	**१६५९४**
४. मानविकी संकाय							
(क) प्रमाण पत्र	८,४२४	७,८७६	१६,००५	१०,२९६	९,५४२	५९१९	६२३९
(ख) स्नातक	३,६८९	३,४२५	७,६६६	५,६९६	५,४८३	५८९१	७१६०
(ग) स्नातकोत्तर	१,३८५	१,२४३	३,३८५	१,६२६	२,२६१	१९०९	३६२०
(घ) विद्यावारिधि	१३	२०	२६	२४	२७	३७	२२
(ङ) अन्य	-	३२	४७१	१,८३७	१,७६१	अप्राप्त	१६९५
	१३,५११	**१२,५९६**	**२७,५५३**	**१९,४७९**	**१७,३१३**	**१३,७५६**	**१८७३६**

स्रोत : त्रिभुवन विश्वविद्यालय ।

प्राविधिक जनशक्ति उत्पादन विवरण

१२.३३ शैक्षिक सत्र २०६५ मा त्रिभुवन विश्वविद्यालयको प्राविधिकतर्फ इन्जिनियरिङ्ग संस्थानमा १ हजार ७ सय ६९, कृषि र पशुविज्ञान संस्थानमा २ सय २, चिकित्साशास्त्र अध्ययन संस्थानमा ९ सय ८५, वन विज्ञान अध्ययन संस्थानमा २ सय १६ र विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा ४ हजार ५ सय २५ गरी ५ वटा अध्ययन संस्थानहरूबाट ७ हजार ६ सय ९७ जना विभिन्न तहका शैक्षिक जनशक्ति उत्पादन भएका थिए । जसको विवरण निम्नानुसार छ :

तालिका १२ (ण): त्रिभुवन विश्वविद्यालयतर्फको प्राविधिक जनशक्ति उत्पादन विवरण

अध्ययन संस्थान र कार्यक्रम	*आर्थिक वर्ष*						
	2059/60	*2060/61*	*2061/62*	*2062/63*	*2063/64*	*2064/65*	*2065/66*
१. इन्जिनियरिङ्ग अध्ययन संस्थान							
(क) प्रमाण पत्र	५५४	५५९	६२६	२८२	५४२	२६३८	६००
(ख) स्नातक	२५७	३५७	३६८	११४०	९६०	५२०८	११०३
(ग) स्नातकोत्तर	५९	६९	७७	१०६	७६	१७९	६०
(घ) विद्यावारिधि	–	–	–	–	–	–	६
जम्मा	**८७०**	**९८५**	**१०७१**	**१५२८**	**१५७८**	**८०२५**	**१७६९**
२. कृषि र पशु विज्ञान अध्ययन संस्थान							
(क) प्रमाण पत्र	५३	१५	–	–	–	–	–
(ख) स्नातक	१४४	१०७	११२	१०२	११५	१२४	१२३
(ग) स्नातकोत्तर	४४	४३	२६	३३	६०	५७	७७
(घ) विद्यावारिधि	–	–	–	१	१	–	२
जम्मा	**२४१**	**१६५**	**१३८**	**१३६**	**१७६**	**१८१**	**२०२**
३. चिकित्सा शास्त्र अध्ययन संस्थान							
(क) निम्न स्तर	–	९	–	–	–	अप्राप्त	४१
(ख) प्रमाण पत्र	३०२	३३०	३३०	३१४	२९४	२४२	५९८
(ग) स्नातक	१४८	१६९	१५९	३०४	३७३	२२१	१७५
(घ) स्नातकोत्तर	६६	९८	८८	९२	८३	८१	१७०
जम्मा	**५१६**	**६०६**	**५७७**	**७१०**	**७५०**	**३०२**	**९८५**
४. वन विज्ञान अध्ययन संस्थान							
(क) प्रमाण पत्र	६६	–	७२	८१	८१	७४	१४७
(ख) स्नातक	–	–	५७	८३	५७	५९	५९
(ग) स्नातकोत्तर	–	१४	–	–	२३	१२	१०
जम्मा	**६६**	**१४**	**१२९**	१६४	**१६१**	**१४५**	**२१६**
५. विज्ञान तथा प्रविधि अध्ययन संस्थान							
(क) प्रमाण पत्र	२२४९	१९४६	४४०२	१३५५	२०८६	१७५९	१९७१
(ख) स्नातक	११७५	९६१	२०७१	१२९७	१३९६	१३०५	१९७१
(ग) स्नातकोत्तर	३०३	४०७	८५४	३५०	४३६	३७७	५८१
(घ) विद्यावारिधि	३	५	८	२	६	६	२
जम्मा	**३७३०**	**३३१९**	**७३३५**	**३०१२**	**३९२४**	**३४४७**	**४५२५**
कुल जम्मा	**५४२३**	**५०८९**	**९२५०**	**५५५०**	**६५८९**	**१२१००**	**७६९७**

स्रोत : त्रिभुवन विश्वविद्यालय ।

एम. फिल/विद्यावारिधि तहमा अध्ययनरत भएको विद्यार्थी विवरण

१२.३४ त्रिभुवन विश्वविद्यालय अन्तर्गत शैक्षिक सत्र २०६५/६६ मा एम.फिल तहमा ५ सय ३ तथा विद्यावारिधि तहमा २ सय ५ जना विद्यार्थी अध्ययनरत रहेकाछन् । जसको विवरण निम्नानुसार छ :

तालिका १२(त): एम.फिल/विद्यावारिधिमा अध्ययनरत विद्यार्थीहरूको विवरण

क्र.सं	अध्ययन संस्थान/संकाय	एम.फिल अध्ययनरत विद्यार्थी संख्या			विद्यावारिधि अध्ययनरत विद्यार्थी संख्या		
		छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा
१.	इन्जिनियरिङ्ग अध्ययन संस्थान	-	-	-	14	3	17
२.	कृषि तथा पशु विज्ञान अध्ययन संस्थान	-	-	-	2	०	2
३.	चिकित्साशास्त्र अध्ययन संस्थान	-	-	-	-	-	-
४.	वन विज्ञान अध्ययन संस्थान	-	-	-	9	1	10
५.	विज्ञान तथा प्रविधि अध्ययन संस्थान	-	-	-	78	25	103
	विज्ञान/प्रविधितर्फको जम्मा	-	-	-	103	29	132
६.	कानुन संकाय	-	-	-	4	1	5
७.	व्यवस्थाप संकाय	148	18	166	12	०	12
८.	शिक्षा शास्त्र संकाय	100	18	118	13	1	14
९.	मानविकी र सामाजिक शास्त्र संकाय	189	30	219	36	6	42
	साधारणतर्फको जम्मा	४३७	६६	503	65	8	73
	कुल जम्मा	४३७	६६	503	168	37	205

स्रोत : त्रिभुवन विश्वविद्यालय ।

त्रिभुवन विश्वविद्यालय चिकित्सा सेवातर्फ

१२.३५ त्रि.वि. शिक्षण अस्पताल, वि.पी.कोइराला लायन्स नेत्र अध्ययन तथा त्रि.वि. हेल्थ सेण्टरद्वारा प्रदान गरिएको चिकित्सा उपचार सेवाको प्रगति/उपलब्धि देहाय अनुसार छ :

तालिका १२(थ) : त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्जले उपलब्ध गराएको सेवाको विवरण

क.स.	सेवाको विवरण	विरामी संख्या			
		२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६
क) त्रि.वि. शिक्षण अस्पताल, महाराजगञ्ज					
१.	(क) वहिरङ्ग सेवा (ओ.पि.डी.)	2,62,099	271011	अप्राप्त	310933
	(ख) आकस्मिक सेवा (इमर्जेन्सी)	39,600	40000	अप्राप्त	36992
	(ग) विस्तारित सेवा	44,307	45000	अप्राप्त	66246

क.स.	सेवाको विवरण	विरामी संख्या			
		२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६
२.	अन्तरङ्ग सेवा (इनडोर) विरामी संख्या				
	(क) भर्ना	17,785	18000	अप्राप्त	19329
	(ख) डिस्चार्ज	16,671	17823	अप्राप्त	17696
३.	मृत्यु प्रतिशत कुल	3.45	3.07	अप्राप्त	2.66
४.	बेड अकुपेन्सी प्रतिशत	96.96	89.48	अप्राप्त	84.50
५.	औसत बेडमा बस्ने दर (दिन)	8.6	7.95	अप्राप्त	9.91
६.	शल्यचिकित्सा	8,084	8700	अप्राप्त	8602
(ख) वि.पी. कोइराला लायन्स नेत्र अध्ययन केन्द्र, महाराजगञ्ज					
१.	ओ.पि.डी.को विरामी संख्या	66,014	68,266	63029	74204
२.	प्राइभेट क्लिनिकको विरामी संख्या	5,408	6,155	6519	6853
३.	सेटेलाइट (सामुदायिक) क्लिनिकको विरामी संख्या	2,808	2,824	2324	2022
४.	स्क्रिनिङ्ग तथा आई (आँखा) क्याम्पको विरामी संख्या	6,944	19,168	15440	10700
	जम्मा :	81,174	96,413	87,292	93,779
शल्यक्रिया :					
१	नेत्र अध्ययन केन्द्रमा	1,043	565	1555	1710
२.	त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा	233	240	215	178
	जम्मा :	1,276	562	1770	1888
सामुदायिक शल्यक्रिया :					
१.	नेत्र अध्ययन केन्द्रमा	234	764	465	299
२.	त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा	144	106	352	336
	जम्मा :	378	870	817	635
ग. त्रिभुवन विश्वविद्यालय हेल्थ सेण्टर, कीर्तिपुर					
१.	विरामी परीक्षण संख्या	5,872	6,267	7422	6733
२.	माइनर अपरेशन/ड्रेसिङ्ग (नि:शुल्क)	1,495	1,139	1541	1496
३.	औषधि वितरण (औषधि भएसम्म नि:शुल्क वितरण)				
	जम्मा:	7,367	7,406	8963	8229
४.	त्रिभुवन विश्वविद्यालयका अस्पताल/हेल्थ सेण्टरले चिकित्सा सेवा प्रदान गरेको कुल विद्यार्थी संख्या	4,34,547	459830	अप्राप्त	517668

स्रोत : त्रिभुवन विश्वविद्यालय ।

पशुपंक्षी चिकित्सा सेवा विकास

१२.३६ आर्थिक वर्ष २०६५/६६ मा त्रिभुवन विश्वविद्यालयले कृषि सेवा क्षेत्रमा कृषि तथा पशु विज्ञान अध्ययन संस्थान अन्तर्गत रामपुर, चितवनमा पशु चिकित्सा शिक्षण अस्पतालमा विद्यार्थीहरूलाई अध्ययन, अध्यापन, अनुसन्धान एवं अन्वेषणका साथै नेपालको कृषि क्षेत्रको विकासको निम्ति पशुपंक्षीको सामान्य चिकित्सादेखि शल्य चिकित्सा सेवासम्मको उपचार सेवा गत वर्ष झै प्रदान गरी राष्ट्रको कृषि विकासमा थप सेवा प्रदान गर्दै आइरहेको छ । उक्त शिक्षण अस्पतालले विभिन्न आर्थिक वर्षहरूमा प्रदान गरेका सेवाहरू तपसिल बमोजिम रहेको छ :

तालिका १२(द) : त्रिभुवन विश्वविद्यालय पशु चिकित्सा शिक्षण अस्पताल, रामपुरले प्रदान गरेको सेवाको विवरण

सि.नं.	सेवा विवरण	आर्थिक वर्ष (विरामी संख्या)				
		२०६१/६२	२०६२/६३	२०६३/६४	२०६४/६५	२०६५/६६
१.	क. वहिरङ्ग सेवा	1526	1434	1834	1080	1358
	ख. आकस्मिक सेवा	-	-	-	-	-
	जम्मा	1526	1434	1834	1080	1358
२.	अन्तरङ्ग सेवा (भर्ना र डिस्चार्ज)	-	-	-	-	-
३.	मृत्यु प्रतिशत दर कुल	-	-	-	-	-
४.	बेड अकुपेन्सी प्रतिशत दर	-	-	-	-	-
५.	औसात बेडमा बस्ने दर दिनमा	-	-	-	-	-
६.	गाइनेकोलोजिकल परीक्षण	149	86	121	152	103
७.	कृत्रिम गर्भाधान	-	-	23	-	-
८.	मेडिसिन केसेस परीक्षण	120	100	67	89	160
९.	शल्य चिकित्सा	108	50	90	83	91
१०.	गोवर परीक्षण	430	210	325	309	452
११.	पानी परीक्षण	22	15	9	5	70
१२.	पिसाव परीक्षण	-	3	-	-	-
१३.	दूध परीक्षण	130	229	234	105	124
१४.	कुखुरा शव परीक्षण	270	259	230	197	358
१५.	पशु स्वास्थ्य शिविर					
१६.	पशु स्वास्थ्य/बाँझोपन	297	350	300	110	125
१७.	कुकुर भ्याक्सिनेशन बन्ध्याकरण	-	132	435	24	-

स्रोत : त्रिभुवन विश्वविद्यालय ।

काठमाडौ विश्वविद्यालय

१२.३७ विक्रम सम्वत् २०४८ सालमा स्थापित काठमाडौं विश्वविद्यालयले १८ वर्षदेखि मुलुकको उच्च शिक्षाको क्षेत्रमा गुणात्मक शिक्षा प्रदान गर्ने प्रतिबद्धता लिई देशको माग अनुसार प्राविधिक क्षेत्रमा नयाँ नयाँ कार्यक्रमहरू सुरु गरेको छ। विश्वविद्यालयले विशेषत: चिकित्सा विज्ञान, इञ्जिनियरिङ्ग, फार्मेसी, वातावरण विज्ञान, शिक्षा, कला र व्यवस्थापन क्षेत्रका बिभिन्न विधामा उल्लेख्यनीय संख्यामा स्तरीय जनशक्ति उत्पादन गर्दै आइरहेको छ। साथै, आफ्नो कार्य क्षेत्र स्वदेशी, विदेशी विश्वविद्यालय एवं शैक्षिक संघ/ संस्थाहरूसँगको सम्बन्ध क्रमिकरुपले विस्तार गर्दै लगिरहेको पनि छ। विश्वविद्यालयले हालसम्म बिभिन्न संकायका ८० विषयमा शैक्षिक कार्यक्रम सञ्चालन गर्दै मुलुक भित्र डाक्टर, इन्जिनियर, फार्मेसिष्ट, वातावरणविद्, शिक्षक, व्यवस्थापक लगायतका ८ हजार ७ सय ८७ उच्च प्राविधिक जनशक्ति उत्पादन गरिसकेको छ। त्यस्तै, आई.एस्सी.मा २ हजार ५ सय ५६ जना र मध्यमस्तरीय स्वास्थ्य जनशक्ति उत्पादन गर्ने उद्देश्यले सञ्चालित प्रमाणपत्र तहको नर्सिङ्ग, जनरल मेडिसिन, ल्यावोरेटरी टेक्नोलोजी, अप्थाल्मिक असिस्टेण्ट, फिजियोथेरापी विषयहरूमा ३ सय ९५ जना गरी कुल २ हजार ९ सय ५१ जना विद्यार्थी उत्तीर्ण भएका छन्।

१२.३८ यस वर्षदेखि विश्वविद्यालयले सिभिल इञ्जिनियरिङ्गमा Hydropower Development, B.Sc. in Applied Physics, Applied Mathematic, Bachelor in Statistics जस्ता विषयहरूको पढाई सुरु गरिसकेको छ। त्यसैगरी, काठमाडौं विश्वविद्यालय हाइस्कूलमा GCE A Level Cources पनि सञ्चालन गरिसकेको छ। साथै, यसै वर्षदेखि व्यवस्थापन तथा कलातर्फ आफ्नै Under Graduate Program सुरु गर्ने र अनुसन्धानमा जोड दिने लक्ष्य राखेको छ। विश्वविद्यालयमा हाल अतिथि प्राध्यापक लगायत ३ सय ५५ जना शिक्षक तथा १ सय ८८ जना कर्मचारी गरी कुल ५ सय ४३ जना कार्यरत रहेका छन्। विश्वविद्यालयले आफ्नो शैक्षिक तालिकालाई दुरुस्त राख्न व्यावसायिक कोर्षको विस्तार गर्न, शैक्षिकस्तरलाई उकास्न एवं शिक्षकहरूको योग्यतामा उल्लेख्य वृद्धि गर्न ज्यादै संघर्ष गर्नुपरिरहेको छ। यसै सन्दर्भमा समयानुकुल नयाँ व्यवस्थाहरू समावेश गरी परिमार्जन गर्न विश्वविद्यालयले स्वेच्छिक अवकाश योजना समेत लागू गर्न गइरहेको छ।

१२.३९ शैक्षिक सत्र २०६५/६६ मा काठमाडौं विश्वविद्यालयमा छ वटा आंगिक र १४ वटा सम्बन्धनप्राप्त क्याम्पसहरूमा क्रमश: ३ हजार ६ सय २४ र ५ हजार १ सय १३ जना गरी कुल ८ हजार ७ सय ३७ जना विद्यार्थीहरू अध्ययन गरेका थिए। सोही शैक्षिकसत्रमा छात्रवृत्तितर्फ विश्वविद्यालयले जेहेन्दार तर आर्थिक अवस्था कमजोर भएका विश्वविद्यालयको तर्फबाट २ सय २५ जना र सम्बन्धन प्राप्त कलेजहरूबाट ४ सय ६० जना गरी कुल ६ सय ८५ जनालाई छात्रवृत्ति प्रदान गरेको थियो, जुन कुल विद्यार्थी संख्याको ७.९ प्रतिशत हुन आउँछ।

१२.४० काठमाडौं विश्वविद्यालय अन्तर्गत विज्ञान तथा प्रविधितर्फ, ग्राजुएट, एम.फिल. र पि.एच.डी. कार्यक्रममा क्रमश: १ हजार १ सय ५० जना, १ सय २५ जना, २० जना

र ३० जना भर्ना भएकोमा क्रमशः २ सय ३२ जना, २७ जना, पाँच जना र एक जना उत्तिर्ण भएका छन् भने व्यवस्थापन शंकायतर्फ अण्डरग्राजुएट, ग्राजुएट र एम.फिल. कार्यक्रममा क्रमशः १ हजार ९३ जना, २ सय ६६ जना, १३ जना भर्ना भएकोमा अण्डरग्राजुएट र ग्राजुएटतर्फ क्रमशः २ सय ४ जना र १ सय ४६ जना उत्तिर्ण भएका छन । त्यसैगरी, शिक्षा शंकायतर्फ अण्डरग्राजुएट, ग्राजुएट, एम.फिल. र पि.एच.डी. कार्यक्रममा क्रमशः ९२ जना, १ सय ३१ जना, १ सय ३० जना र २८ जना भर्ना भएकोमा क्रमशः नौ जना, २५ जना, १२ जना र एक जना उत्तिर्ण भएका छन् भने मानविकी संकायतर्फ अण्डरग्राजुएट, ग्राजुएट र पि.एच.डी. कार्यक्रममा क्रमशः ६ सय ६९ जना, ५५ जना र चार जना भर्ना भएकोमा अण्डरग्राजुएट र ग्राजुएटमा क्रमशः ८४ जना र सात जना उत्तिर्ण भएका छन । साथै, चिकित्साशास्त्रतर्फ अण्डरग्राजुएट र ग्राजुएटमा क्रमशः ४ हजार ५ सय ९७ जना र ३ सय ४७ जना भर्ना भएकोमा क्रमशः ६ सय ४२ जना र ८८ जना उत्तिर्ण भएका छन् ।

पूर्वाञ्चल विश्वविद्यालय

१२.४१ पूर्वाञ्चल विश्वविद्यालय सम्बन्धी ऐन, २०५० ले शिक्षाको गुणस्तर अभिवृद्धि गर्न तथा स्वस्थ शैक्षिक संरचनाको विकास गरी कला, विज्ञान, कानून, व्यवस्थापन, शिक्षा, प्राविधिक लगायत अन्य विषयहरूको उच्चतहको शिक्षण संस्थाहरू सञ्चालनका लागि पूर्वाञ्चल विश्वविद्यालयको स्थापना भएको हो । विश्वविद्यालयले आंगिक एवं सम्बन्धन प्राप्त क्याम्पसहरूको स्थापना तथा विकास गर्दै रोजगारमुखी अनुसन्धानमूलक, प्राविधिक, ग्रामीण विकास स्वास्थ्य शिक्षा आदि विषयहरूको अध्ययन अध्यापनमा शिक्षाको प्राथमिकता दिंदै आएको छ । यसैको फलस्वरुप विश्वविद्यालय प्रति प्राविधिक एवं व्यवसायिक शिक्षा एवं विश्वव्यापीरुपमा देखिएको प्रतिस्पर्धी एवं आधुनिक विषयगत शिक्षाको अध्ययनमा विश्वविद्यालय प्रमुख आकर्षण बढ्दै गएको देखिन्छ । यसरी स्थापनाको छोटो समयमा नै विश्वविद्यालयले अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम गुणस्तरीय शिक्षा प्रदान गर्नुका साथै मुलुकको आवश्यकतालाई परिपूर्ति गर्न उच्चस्तरको जनशक्ति उत्पादन गर्न समय सापेक्ष शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । साथै, यस विश्वविद्यालयले अन्य विश्वविद्यालयहरूसँग प्राज्ञिक सम्बन्ध कायम गरिसकेको छ ।

१२.४२ विश्वविद्यालयले हालसम्म विज्ञान तथा प्रविधि, व्यवस्थापन, शिक्षाशास्त्र, कला, कानुन, चिकित्सा शास्त्र संकाय अन्तर्गत ६२ भन्दा बढी विषयका शैक्षिक कार्यक्रमहरू सञ्चालन गरी शैक्षिक सत्र २०६५/६६ मा स्नाकोत्तरमा २ सय २२ र स्नातकमा १ हजार ९ सय ७८ जना प्राविधिक तथा व्यावसायिक जनशक्ति उत्पादन गरेको छ । कार्यक्रम सञ्चालनमा रहेका ३ आंगिक तथा ८१ सम्बन्धन प्राप्त क्याम्पस/कलेजहरूमा आंगिकतर्फ ६ सय ४७ जना र सम्बन्धनप्राप्त तर्फ १४ हजार ८ सय ९४ जना गरी कुल १५ हजार ५ सय ४१ विद्यार्थीहरू अध्ययन गरिरहेकोमा शैक्षिक सत्र २०६६/६७ मा विद्यार्थी संख्या वृद्धि भई करिव १८ हजार पुग्ने अनुमान गरिएको छ । पूर्वाञ्चल विश्वविद्यालय सभाको निर्णय बमोजिम आर्थिक वर्ष २०६४/६५ देखि मोरङ स्थित गोठ गाउँमा निर्माण भएका विभिन्न भवनहरू प्रयोग गरी चिकित्सा संकाय अन्तर्गत एम.वि.वि.एस. कार्यक्रम

सञ्चालन गर्ने योजनाका साथ अन्तिम चरणमा कार्य अगाडि बढाइरहेको छ। उक्त कार्यक्रममा अध्ययन गर्ने गरीब, जेहेन्दार, दलित, पिछडिएको वर्ग, महिला आदि विद्यार्थिहरूलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाइएको छ। विश्वविद्यालयमा विभिन्न आर्थिक वर्षमा भर्ना भएका तथा उत्पादित जनशक्तिहरूको विवरण देहाय बमोजिम छ :

तालिका १२ (ध) : पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत विद्यार्थी भर्ना/उत्पादन स्थिति

सि.नं	संकाय	२०६१/६२		२०६२/६३		२०६३/६४		२०६४/६५		२०६५/६६	
		egf/	pTkfbg	egf/	pTkfbg	egf/	pTkfbg	egf/	pTkfbg	egf/	pTkfbg
१.	विज्ञान र प्रविधि	2588	328	3012	500	3958	367	4575	303	4646	476
	स्नातक	2544	328	2875	477	3767	359	4399	254	4618	431
	स्नातकोत्तर	44	-	137	23	191	8	176	49	18	45
२.	व्यवस्थापन	1978	198	2412	195	3684	22	4026	341	4078	459
	स्नातक	1710	177	1989	135	2971	-	3264	320	3719	362
	स्नातकोत्तर	268	21	423	55	713	22	762	21	359	97
३.	शिक्षा	1218	344	1436	254	2293	36	3013	286	2469	767
	स्नातक	1067	344	1328	242	2092	-	2825	270	3354	687
	स्नातकोत्तर	151	-	108	12	201	36	188	16	115	80
४.	मानविकी	720	113	957	162	1319	187	1228	130	719	154
	स्नातक	600	88	708	139	971	147	929	99	583	116
	स्नातकोत्तर	120	25	249	23	348	40	299	31	136	38
५.	कानुन	200	2	282	29	399	-	377	35	343	57
	स्नातक	128	-	178	18	237	-	252	21	219	40
	स्नातकोत्तर	72	2	104	11	162	-	125	14	124	17
६.	मेडिकल	-	71	656	136	1158	134	1659	157	2286	342
	स्नातक	-	71	656	136	1158	134	1657	157	2286	342
	स्नातकोत्तर	-	-	-	-	-	-	-	-	-	-
कुल स्नातक			6,049	1,008	7734	1,147	11,196	640	13328	14779	1978
कुल स्नातकोत्तर			655	48	1,021	124	1,615	106	1550	762	277
कुल जम्मा			6,704	1,056	8,755	1,271	12,811	746	14878	15541	2255

स्रोत : पूर्वाञ्चल विश्वविद्यालय ।

नेपाल संस्कृत विश्वविद्यालय

१२.४३ नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ बमोजिम संस्कृत भाषा, शिक्षाको आधुनिकीकरण एवं यसमा अन्तरनिहित मूल्य मान्यताको जगेर्ना गर्न वि.सं. २०४३ सालमा दोस्रो विश्वविद्यालयको रुपमा यस विश्वविद्यालयको स्थापना भई पठनपाठन भइरहेको छ। यस विश्वविद्यालयको केन्द्रीय कार्यालय मध्यपश्चिमाञ्चल विकास क्षेत्रको बेलझुण्डी, दाङमा रहेको छ। विश्वविद्यालयका १८ वटा आंगिक र १२ वटा सम्बन्धन प्राप्त क्याम्पसहरूमार्फत उत्तरमध्यमा, संस्कृतमध्यमा, विज्ञान, आयूर्वेद, शिक्षाशास्त्र, विद्यावारिधी एवं कर्मकाण्ड, योग, संस्कृत भाषा, अनुसन्धान जस्ता विविध किसिमका प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। आर्थिक वर्ष २०६५/६६ मा उल्लेखित विभिन्न शैक्षिक कार्यक्रमहरूमा ४ हजार २ सय १ जना विद्यार्थी भर्ना गर्ने लक्ष्य रहेकोमा ५ हजार ४ सय ४६ विद्यार्थी भर्ना भएका थिए। शैक्षिकसत्र २०६५ मा उत्तरमध्यमामा २ सय १९, शास्त्रीमा ९१, आचार्यमा ५६ गरी ३ सय ६६ जनाले तह पार गरेका थिए। त्यस्तै, आयुर्वेद उत्तरमध्यमातर्फ १ सय २७ जनाले तहपार गर्नुका साथै योगतर्फ १९ र संस्कृत भाषा प्रशिक्षणतर्फ ३ सय २६ जना विद्यार्थीहरू उत्तिर्ण भएका थिए। विश्वविद्यालयले शैक्षिक कार्यक्रमका रुपमा निर्धारित प्राचार्य सम्मेलन, कार्यशाला एवं अनुसन्धान प्रविधि गोष्ठी सञ्चालन, अनिवार्य अंग्रजी र ऐच्छिक अंग्रेजीको पाठ्यक्रम परिष्कार गर्ने जस्ता कार्यक्रमहरू सम्पन्न गरिसकेको छ।

१२.४४ छात्रवृत्ति कार्यक्रमतर्फ विश्वविद्यालयमा अध्ययनरत उत्तरमध्यमा, शास्त्री र आचार्य तहमा महिलातर्फ ४ सय ७५, दलित जनजाती र आदिवासीतर्फ २ सय ७० र अन्य ६ सय २५ गरी कुल १ हजार ३ सय ७० जना विद्यार्थीहरूलाई तह अनुसारको रकम उपलब्ध गराई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेको छ। यसका अतिरिक्त तीनधारा संस्कृत छात्रवासमा १ सय ११ जनालाई विश्वविद्यालयको तर्फबाट र याज्ञवक्य लक्ष्मीनारायण (या.व.ल.ना.) विद्यापीठमा ५४ जना विद्यार्थीहरूलाई गुठी संस्थानबाट भोजन तथा आवास सुविधा उपलब्ध गराउँदै आइएको छ। त्यस्तै, दलित, महिला, अपाङ्ग र जनआन्दोलनका घाइतेहरूलाई दिंदै आएको सुविधालाई समेत निरन्तरता दिंदै आएको छ।

१२.४५ आर्थिक वर्ष २०६५/६६ मा विश्वविद्यालय अन्तर्गत क्याम्पस तथा विद्यापीठका शिक्षण भवन, छात्रवास, कर्मचारी आवास निर्माण गर्नुका साथै पुराना भौतिक संरचनाको मर्मत सम्भार गरेको थियो। साथै, विद्यापीठ परिसरलाई सुरक्षित राख्न पर्खाल निर्माण, पसल कवल, अतिथि गृह, जडीबुटी उद्यान निर्माण, सडक ग्राभेल गर्ने जस्ता भौतिक सुधारका कार्यक्रम सञ्चालन भएकोमा केही सम्पन्न भएका र केही कार्यहरू भइरहेकाछन्। त्यस्तै, आर्थिक वर्ष २०६६/६७ को फागुनसम्म निर्धारित कार्यक्रम बमोजिम शिक्षण तथा प्रशिक्षण गोष्ठी, कार्यशाला, शैक्षिक सामग्री लेखन र प्रकाशन जस्ता कार्यसम्पादन हुँदै आएकाछन्। साथै, शैक्षिक कार्यक्रमलाई अग्रेजी विषयको पाठ्यक्रम निर्माण सम्पन्न गरी लागु गरिएको, लेखा गोष्ठी, परीक्षालाई स्तरीय बनाउन परीक्षा कार्यशाला गोष्ठी जस्ता कार्यक्रम सम्पन्न भइसकेकाछन्। नेपाल संस्कृत

विश्वविद्यालय अन्तर्गत विभिन्न क्याम्पस/विद्यापीठमा विभिन्न तहमा आर्थिक वर्ष २०६५/६६ को छात्रछात्रा भर्नाको विवरण देहाय बमोजिम रहेको छ :

तालिका १२ (न) : शैक्षिक सत्र २०६५ मा नेपाल संस्कृत विश्वविद्यालयको छात्रछात्रा भर्ना विवरण

क्र. सं.	विद्यापीठको नाम	उत्तर मध्यमा प्रथम/द्वितीयवर्ष	उत्तरमध्यमा विज्ञान+आयुर्वेद प्रथम/द्वितीय/ तृतीय वर्ष	शास्त्री प्रथम/द्वितीय/ तृतीय वर्ष	शिक्षा शास्त्री	आचार्य प्रथम/द्वितीय वर्ष	अन्य	जम्मा
१.	वाल्मिकी विद्यापीठ	६०१	-	२७०	-	२७५	-	११४६
२.	जनता विद्यापीठ	१४९	११३	४२	९०	-	-	३९४
३.	पिण्डेश्वर विद्यापीठ	१६९	-	७१	-	२१	-	२६१
४.	विश्वविद्यालय विद्यापीठ	-	-	-	-	७२	-	७२
५.	विन्दुवासिनी सं. विद्यापीठ	६६	-	४८	-	-	-	११४
६.	वी.पी. संस्कृत विद्यापीठ	६५	-	-	-	-	-	६५
७.	भानु संस्कृत विद्यापीठ	१५	-	-	-	-	-	१५
८.	या.व.ल.ना.सं. विद्यापीठ	१०४	-	५०	-	-	-	१५४
९.	रुरु संस्कृत विद्यापीठ	१०६	-	४४	-	-	-	१५०
१०	शारदा विद्यापीठ	४४	-	२१	१३१	-	-	१९६
११	हजारीजनक सं. विद्यापीठ	१३१	-	३४	-	-	-	१६५
१२	हरिहर सं. विद्यापीठ	१७	-	-	-	-	-	१७
१३	महेश सं. गुरुकुलम् विद्यापीठ	२७	-	१५	-	५	-	४७
१४	राधा दामोदर सं. विद्यापीठ	४०	-	-	-	-	-	४०
१५	कालिका संस्कृत विद्यापीठ	३४	-	-	-	-	-	३४
१६	संस्कृत विद्यापीठ, धरान	४	-	-	-	-	-	४
१७	सरस्वती सं. विद्यापीठ, मणीग्राम	२३	-	-	-	-	-	२३
१८	एकवर्षे शिक्षाशास्त्री कार्यक्रम, रानीपोखरी, काठमाडौं	-	-	-	१७१	-	-	१७१
सम्बन्धन प्राप्त एक वर्षे शिक्षाशास्त्री								
१	लुम्बिनी वृहस्पति कलेज, भइरहवा	-	-	-	-	-	-	
२	एक्टिभ एकेडेमी कलेज, काठमाडौ	-	-	-	-	-	-	-
३	पाँचथर क्याम्पस	-	-	-	४४	-	-	४४
४	बनेपा क्याम्पस	-	-	-	३८	-	-	३८
५	कपिलवस्तु क्याम्पस	-	२२	-	७०	-	-	९२
६	मल्टिपल कलेज अत्तरीया	-	-	-		-	-	
सम्बन्धन प्राप्त आयुर्वेद वि.ए.एम.एस.								
१	मिथिला आयुर्वेद कलेज तथा अनुसन्धान केन्द्र, जनकपुर	-	-	३८	-	-	-	३८

क्र. सं.	विद्यापीठको नाम	उत्तर मध्यमा प्रथम/द्वितीयवर्ष	उत्तरमध्यमा विज्ञान+आयुर्वेद प्रथम/द्वितीय/ तृतीय वर्ष	शास्त्री प्रथम/द्वितीय/ तृतीय वर्ष	शिक्षा शास्त्री	आचार्य प्रथम/द्वितीय वर्ष	अन्य	जम्मा
सम्बन्धन प्राप्त आयुर्वेद उत्तरमध्यमा								
१	जनक आयुर्वेद विद्यापिठ, जनपुर	-	५७	-	-	-	-	५७
२	उत्तर धन्वन्तरी आयुर्वेद कलेज, गौर	-	२७	-	-	-	-	२७
३	जगदम्बा आयुर्वेद क्याम्पस, गौर	-	९	-	-	-	-	९
४	इ.हे.रि.डेभलपमेण्ट, जनकपुर	-	५	-	-	-	-	५
५	निखिल आयुर्वेद कलेज, पोखरा	-	३३	-	-	-	-	३३
अन्य विविध								
१	कर्मकाण्ड प्रशिक्षण	-	-	-	-	-	-	-
२	योग प्रशिक्षण	-	-	-	-	-	३०	३०
३	संस्कृत भाषा प्रशिक्षण	-	-	-	-	-	१८९७	१८९७
४	अनुसन्धान	-	-	-	-	-	१०८	१०८
	जम्मा :	**१५९५**	**२५६**	**६३३**	**५४४**	**३७३**	**२०३५**	**५४३६**

स्रोत : नेपाल संस्कृत विश्वविद्यालय ।

पोखरा विश्वविद्यालय

१२.४६ पोखरा विश्वविद्यालय २०५४ सालमा पोखरा विश्वविद्यालय ऐन, २०५३ अन्तर्गत स्थापना भएको हो । यस विश्वविद्यालयले निजी क्षेत्रको सहभागिता बढाउँदै उच्च शैक्षिक जनशक्ति तयार गर्न प्रयत्नशील रहेको छ । साथै, यसले आफ्ना आङ्गिक क्याम्पसहरूबाट नगण्य मात्रामा कार्यक्रमहरू सञ्चालन गरेको छ भने सम्बन्धनप्राप्त महाविद्यालयहरू विस्तार गरी धेरैजसो कार्यक्रमहरू तिनीहरूमार्फत सञ्चालन गर्दै आएको छ । आगामी दिनमा विश्वविद्यालयले सम्बन्धन प्राप्त महाविद्यालयका साथसाथै आङ्गिक महाविद्यालयहरू र तिनीहरूका कार्यक्रमहरूको विस्तार गर्दै जाने नीति तय गरेको छ । पोखरा उपमहानगरपालिकामा सञ्चालित आफ्ना सबै आङ्गिक शैक्षिक कार्यक्रमहरूलाई शैक्षिक सत्र २०६४/६५ देखि लेखनाथ नगरपालिका, खुदी, ढुङ्गेपाटन, कास्कीमा निर्मित आफ्नै प्राङ्गिक भवनमा सञ्चालन हुँदै आएका छन् । यस विश्वविद्यालयले आफ्ना शैक्षिक कार्यक्रमहरू मध्ये प्राविधिक विषयमा बढी मात्रामा केन्द्रित भएको देखिन्छ । विश्वविद्यालयमा व्यवस्थापन, विज्ञान तथा प्रविधि र मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत आङ्गिक महाविद्यालयहरूको संख्या चारवटा र सम्बन्धनप्राप्त महाविद्यालयहरूको संख्या ४६ वटा छन् । ४६ वटा सम्बन्धन प्राप्त महाविद्यालयहरू मध्ये २५ वटा मध्यमाञ्चल, १४ वटा पश्चिमाञ्चल, तीनवटा मध्यपश्चिमाञ्चल र चारवटा सुदूरपश्चिमाञ्चलमा सञ्चालित छन् । विश्वविद्यालय अन्तर्गत विज्ञान तथा प्रविधि, व्यवस्थापन, मानविकी तथा सामाजिकशास्त्र गरी

तीनवटा सङ्कायहरूतर्फ स्नातक, स्नातकोत्तर र एम.फिल. तहको अध्ययन र अध्यापन सञ्चालित हुँदै आएको छ ।

१२.४७ शैक्षिकसत्र २०६६ मा आङ्गिकतर्फ ७ सय ८८ र सम्बन्धन प्राप्त महाविद्यालयहरूतर्फ १२ हजार ३ सय ८३ जना गरी जम्मा १३ हजार १ सय ७१ जना विद्यार्थी अध्ययनरत छन् । विश्वविद्यालयले यस शैक्षिक सत्रमा विज्ञान तथा प्रविधि सङ्काय अन्तर्गत ४ सय ८० जना, व्यवस्थापन सङ्काय अन्तर्गत ५ सय ३२ जना र मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत ३० जना गरी कुल १ हजार ४२ जना विद्यार्थीहरू उत्पादन गरेको छ । पोखरा विश्वविद्यालयका आङ्गिक र सम्बन्धन महाविद्यालयहरूमा गरी ३८ वटा शैक्षिक कार्यक्रम सञ्चालनमा छन् । यो शैक्षिक वर्षमा विश्वविद्यालयले इञ्जिनियरिङ्ग महाविद्यालय स्थापना गरी सिभिल इञ्जिनियङ्ग र इलेक्ट्रिकल र इलेक्ट्रोनिकमा स्नातक तहको कार्यक्रम र स्वास्थ्य तथा सहायक विज्ञान महाविद्यालय अन्तर्गत नर्सिङ्ग विज्ञानमा स्नातक तहका कार्यक्रमहरू सञ्चालन गरेको छ । शैक्षिक सत्र २०६६/६७ मा पोखरा विश्वविद्यालय अन्तर्गत आंगिक र सम्बन्धन प्राप्त महाविद्यालयहरूमा निम्नानुसार विद्यार्थीहरू अध्ययनरत छन् :

तालिका १२(प) : पोखरा विश्वविद्यालय अन्तर्गत शैक्षिकसत्र २०६६ मा अध्ययनरत विद्यार्थीहरूको विवरण

विषय	स्नातक		स्नातकोत्तर		एम फिल		कुल	
	आंगिक	सम्बन्धन प्राप्त	आंगिक	सम्बन्धन प्राप्त	आंगिक	सम्बन्धन प्राप्त	आंगिक	सम्बन्धन प्राप्त
विज्ञान तथा प्रविधि	405	4383	-	239	-	-	405	4622
व्यवस्थापन	280	6817	69	864	-	-	349	7681
मानविकी	-	-	34	36	-	44	34	80
जम्मा	685	11200	103	1139	-	44	788	12383
कुल जम्मा	11885		1242		44		13171	

नोट : विज्ञान तथा प्रविधिमा इञ्जिनियरिङ्ग विषय समेत समावेश भएको
स्रोत: पोखरा विश्वविद्यालय ।

१२.४८ विश्वविद्यालयका आङ्गिक र सम्बन्धन प्राप्त महाविद्यालयहरूले उपलब्ध गराउने छात्रवृत्तिलाई सो सम्बन्धी नियमावली तर्जुमा गरी शैक्षिक सत्र २०६४/६५ देखि व्यवस्थित गरिएकोछ । हाल सम्बन्धन प्राप्त महाविद्यालयहरूले स्वीकृत विद्यार्थी संख्याको पाँच प्रतिशत र आङ्गिक महाविद्यालयमा २०.० प्रतिशत गरिब विद्यार्थीहरूलाई तोकेको मापदण्ड अनुसार राष्ट्रियस्तरमा प्रतिस्पर्धा गराई छात्रवृत्ति उपलब्ध गराइएको छ । उपलब्ध छात्रवृत्ति संख्याको ६०.० प्रतिशत खुला र उक्त कार्यक्रमलाई समावेशीय गर्नको लागि दलित, जनजाति, दुर्गम, अपाङ्ग, जनआन्दोलन, द्वन्द्व पीडितलाई ४०.० प्रतिशत तथा सबै प्रकारका छात्रवृत्तिमा ५०.० प्रतिशत छात्रवृत्ति महिलाको लागि आरक्षण गरिएको छ । शैक्षिक सत्र २०६६/६७ मा स्नातकतहमा २ सय ५४ र स्नातकोत्तर तहमा १८ जनालाई छात्रवृत्ति उपलब्ध गराइएको छ । विश्वविद्यालयले प्रदान गरेको छात्रवृत्ति विवरण निम्नानुसार छ :

तालिका १२(फ) : पोखरा विश्वविद्यालय अन्तर्गत शैक्षिक सत्र २०६५ र २०६६ मा उपलब्ध गराइएको छात्रवृत्ति विवरण

कार्यक्रम	स्नातक				स्नातकोत्तर			
	२०६५/६६		२०६६/६७		२०६५/६६		२०६६/६७	
	आंगिक	सम्बन्धन प्राप्त	आंगिक	सम्बन्धन प्राप्त	आंगिक	सम्बन्धन प्राप्त	आंगिक	सम्बन्धन प्राप्त
विज्ञान तथा प्रविधि	15	49	46	76	-	10	-	10
व्यवस्थापन	12	16	31	101	1	-	6	2
मानविकी तथा समाजशास्त्र	-	-	-	-	6	-	-	-
जम्मा	27	65	77	177	7	10	6	12
कुल जम्मा :	92		254		17		18	

स्रोतः पोखरा विश्वविद्यालय ।

१२.४९ पोखरा विश्वविद्यालयका स्कूल एवं केन्द्रीय कार्यालयहरू लेखनाथ नगरपालिकामा केन्द्रित गर्दै बृहत् पोखराको अवधारणा अनुसार पोखरालाई उच्च शिक्षाको केन्द्रविन्दुको रूपमा विकास गर्ने र नेपाल सरकारको तीन-वर्षे अन्तरिम योजनाले अगालेको नीति तथा कार्यनीति अनुरूप शैक्षिक र स्वास्थ्य पर्यटनको विकास एवं प्रबर्द्धन कार्यमा विश्वविद्यालयलाई एक नेतृत्वदायी भूमिका खेल्न सक्ने शैक्षिक सँस्थाको रूपमा विकास गर्ने सोच अनुरूप यसले आफ्नो नीति र कार्यक्रम तय गरेको छ । नेपाल सरकारको उच्च शिक्षासम्बन्धी नीति, लागत सहभागिता र सूत्रबद्ध अनुदान अनुसार पोखरा विश्वविद्यालयले दोस्रो उच्च शिक्षा परियोजना अन्तर्गत उप-आयोजनाको लागि विश्वविद्यालय अनुदान आयोगसँग २०६४ साल चैत २१ मा समझदारी पत्रमा समेत हस्ताक्षर गरिसकेको छ ।

१२.५० सम्बन्धनप्राप्त कलेजहरू काठमाण्डौं उपत्यका, पोखरा, भरतपुर, गैडाकोट, वुटवल, भैरहवा, दाङ्ग, नेपालगञ्ज, धनगढी र महेन्द्रनगरमा केन्द्रित रहेकाछन् । त्यसैगरी, आउँदा दिनहरूमा विश्वविद्यालयले आफ्ना कार्यक्रमहरूलाई सबै विकास क्षेत्रहरूमा विस्तार गर्दै लैजाने नीति लिएको छ । विश्वविद्यालयले सम्बन्धन प्राप्त कार्यक्रमहरू भन्दा आङ्गिक कार्यक्रमको विस्तारलाई बढी जोड दिंदै आएको छ । त्यस्तै, विश्वविद्यालयले स्वास्थ्य विज्ञान संकाय स्थापना गरी स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने र पहाडी वातावरण तथा प्राकृतिक स्रोत व्यवस्थापन महाविद्यालय, जडीवुटी अनुसन्धान केन्द्र, खेलकुद महाविद्यालय सञ्चालन गर्ने नीति तथा कार्यक्रम बनाएको छ ।

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान

१२.५१ भारत सरकारको प्राविधिक तथा आर्थिक सहयोगमा वि.सं. २०५५ मा सुनसरी जिल्लाको धरानमा स्थापित यस प्रतिष्ठान विश्वविद्यालय सरहको उच्चशैक्षिक संस्थाको रुपमा रही चिकित्सक र नर्स उत्पादन गर्ने गरेको छ। हाल यस प्रतिष्ठानमा १ हजार ७० विद्यार्थी अध्ययनरत छन्।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल)

१२.५२ चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानले वीर अस्पतालालाई केन्द्रविन्दु मानी विश्वविद्यालय सरहको उच्चशैक्षिक संस्थाको रुपमा विकास गरी देशमा नै दक्ष चिकित्सक र नर्सहरूको उत्पादन गर्न वि.सं. २०५९ मा स्थापना भएको हो। यस प्रतिष्ठानमा हाल २ सय ३ विद्यार्थी, १ सय ४२ शिक्षक र १३ जना कर्मचारीहरू कार्यरत रहेका छन्।

स्वास्थ्य क्षेत्र

१२.५३ नेपालको अन्तरिम संविधान, २०६३ ले मौलिक हकको रुपमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउनुपर्ने व्यवस्था गरेको छ। यसैका आधारमा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभरुपमा उपलब्ध गराउने गरी स्वास्थ्य तथा जनसंख्या क्षेत्रमा नीति तथा कार्यक्रमहरू लागू गरिएका छन्। यसरी, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मातहतका निकायहरू अन्तर्गत WHO, UNFPA, UNDP, UNICEF, World Bank, DFID, USAID, AusAid, JICA, GTZ, SDC, KfW, Netherland, Norway, GAVI, Global Fund आदि जस्ता दातृ निकायहरूको सहयोगमा विभिन्न कार्यक्रम, आयोजना, परियोजनाहरू सञ्चालित छन्। नेपालले लिएको सहश्राब्दी विकास लक्ष्यहरू मध्ये बाल तथा मातृ मृत्युदर न्यूनीकरणमा सन्तोषजनक उपलब्धी हासिल भई सन् १९९६ को बाल मृत्युदर प्रति हजार जीवित जन्म ४३ बाट घटी १४ एवम् सन् १९९० को ५ सय ३९ प्रतिलाख जन्ममा रहेको मातृ मृत्युदरमा कमी आई २ सय ८१ जना प्रति लाख रहेको छ। त्यसैगरी, हालसम्म एच.आई.भी./एड्स् तथा कालाज्वर नियन्त्रणमा समेत उल्लेख्य प्रगति हासिल भएको छ। यस मन्त्रालय अन्तर्गत सञ्चालित विभिन्न आयोजना/कार्यक्रमहरू देहाय बमोजिम रहेका छन्।

क्षयरोग कार्यक्रम

१२.५४ सम्भाव्य क्षयरोगीहरूको रक्त परीक्षण गरी निःशुल्क औषधि उपचार, तिनीहरूलाई DOTs प्रविधिद्वारा उपचार, रोग रोगथामका लागि विभिन्न माध्यमद्वारा सन्देशमूलक/चेतनामूलक सामग्रीहरू प्रशारण तथा स्वास्थ्यकमीलाई तालीम प्रदान गर्ने जस्ता कार्यक्रमहरूलाई आर्थिक वर्ष २०६६/६७ मा पनि निरन्तरता दिइएको छ।

परिवार नियोजन, सुरक्षित मातृत्व एवं महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम

१२.५५ जन्मदरलाई प्रतिस्थापन तह र मातृ मृत्युलाई १ सय ३४ प्रति लाख जीवित जन्ममा ल्याउने दीर्घकालिन स्वास्थ्य योजना अन्तर्गत आर्थिक वर्ष २०६५/६६ मा परिवार नियोजनतर्फ ५ लाख ५५ हजार ४ सय ५७ जनालाई नयाँ अस्थायी साधन प्रयोगकर्ता

र ७७ हजार ६ सय ७५ जनालाई स्थायी बन्ध्याकरण सेवा उपलब्ध गराई कुल प्रयोगकर्ताको संख्या २२ लाख १९ हजार ३ सय ९२ (४१.५८ प्रतिशत) पुग्नुका साथै प्रजनन स्वास्थ्यतर्फ २ हजार ६ सय जनालाई अभिमुखीकरण तालीम प्रदान गरिएको थियो । त्यस्तै, सुरक्षित मातृत्व कार्यक्रमतर्फ ६ लाख ७९ हजार ४ सय २१ जना (६७.५ प्रतिशत) लाई प्रथम पटक र ३ लाख ७९ हजार ५ सय ७१ जना (३७.७ प्रतिशत) लाई चौथोपटक पूर्व प्रसूति सेवा प्रदान गरिएको थियो । साथै, तालीम प्राप्त स्वास्थ्यकर्मीबाट प्रसुति सेवा ३ लाख १७ हजार ९ सय ८५ जना (३१.९ प्रतिशत) लाई उपलब्ध गराइएको मध्ये १ लाख ७३ हजार ५ सय २५ (१७.२३ प्रतिशत) जनालाई स्वास्थ्य संस्थामा सुरक्षित सेवा प्रदान गरिएको थियो । त्यस्तै, आमा सुरक्षा कार्यक्रमबाट १ लाख ७२ हजार ८ सय ७९ जना (९९.६ प्रतिशत) ले निःशुल्क प्रसूति सेवा र यातायात खर्च समेत प्राप्त गरेका थिए । साथै, १ लाख ४४ हजार ४ सय ६० जना (१४.३५ प्रतिशत) लाई घरैमा सुरक्षित प्रसूति सेवा प्रदान गरिनुका साथै ३ लाख ७६ हजार ८ सय ५२ जना (३७.४२ प्रतिशत) लाई प्रसूतिपछिको सेवा प्रदान गरिएको थियो । सेवाको पहुँच बढाउन ३ सय ५ वटा रिक्सा एम्बुलेन्स २ हजार वटा स्ट्रेचर खरिद गरिएको थियो । त्यस्तै, ८३ हजार ९ सय ७८ जनालाई सुरक्षित गर्भपतन (Safe Abortion) र गर्भपतन पश्चातको सेवा प्रदान गरिएको थियो । महिलाहरूको पाठेघर खस्ने रोगको जाँच तथा रिडप्रेसरी रिङ्ग लगाउने ५० वटा क्याम्पहरू सञ्चालन गरिएको थियो । गत वर्ष महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन गर्न सबै गाउँ विकास समितिमा रू. ५० हजारको कोष खडा गरिएकोमा आर्थिक वर्ष २०६६/६७ मा १० प्रतिशत थप गर्ने व्यवस्था मिलाइएको छ । साथै, अञ्चल, क्षेत्रीय तथा केन्द्रीय अस्पताल र क्याम्प गरी ७ सय ५० स्थानमा पाठेघर रोगीका लागि स्क्रिनिङ्ग क्याम्प सञ्चालनबाट ८ हजार जनाको अपरेशन गर्ने लक्ष्य रहेकोमा हालसम्म ४ हजार ३ सय १ स्क्रिनिङ्ग क्याम्प गरी २ हजार ७ सय ५१ जनाको अपरेशन गरिसकिएको छ ।

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला कार्यक्रम

१२.५६ आर्थिक वर्ष २०६५/६६ मा १५ वटा जिल्ला/अञ्चल अस्पतालहरूमा ब्याक्टोरोलोजी प्रयोगशाला सेवा, १५ प्राथमिक स्वास्थ्य केन्द्र/जिल्ला/अञ्चल अस्पतालहरूमा वायोकेमेष्ट्री सेवा तथा २० वटा नयाँ अस्पताल/प्राथमिक स्वास्थ्य केन्दमा प्रयोगशाला सेवाको स्थापना एवम् विस्तार र १ सय ५० जना मातृशिशु कार्यकर्ता/ग्रामीण स्वास्थ्य कार्यकर्ताहरूलाई प्रयोगशाला सम्बन्धी तालीम प्रदान गरिएको थियो । त्यस्तै, आर्थिक वर्ष २०६६/६७ को फागुन महिनासम्म प्रयोगशालाको सबै शाखाहरूमा ल्यावरोटोरी सफ्टवेयरको निर्माण तथा सञ्चालन, एउटा शीतकक्षको निर्माण, ८५ स्वास्थ्य संस्थाहरूको प्रयोगशाला निरीक्षण, अनुगमन तथा निजी मेडिकल केन्द्रहरूको निरीक्षण र ६० जना मातृ शिशु तथा ग्रामीण स्वास्थ्य कार्यकर्ताहरूलाई प्रयोगशाला सम्बन्धी आधारभूत तालीम प्रदान गरिएको छ ।

विस्तारित खोप एवं राष्ट्रिय पोलियो खोप कार्यक्रम

१२.५७ बाल मृत्युदरलाई कम गर्ने उद्देश्यले सञ्चालित विस्तारित खोप तथा पोलियो खोप कार्यक्रममा आर्थिक वर्ष २०६५/०६६ मा १ वर्ष मुनिका बालबालिकाहरू मध्ये ६ लाख ४१ हजार ५ सय २५ (८४.९ प्रतिशत) लाई वि.सि.जि. भ्याक्सिन प्रदान गरिएको, ६ लाख १२ हजार ८ सय २३ (८१.२३ प्रतिशत) जनालाई डि.पि.टि., हेपाटाईटिस बि (तेस्रो मात्रा) प्रदान गरिएको, ६ लाख ११ हजार १९ (८०.९ प्रतिशत) जनालाई पोलियो (तेस्रो मात्रा) प्रदान गरिएको र ५ लाख ६८ हजार ८ सय ७१ (७५.३%) लाई दादुरा विरुद्ध खोप प्रदान गरिएको थियो। त्यस्तै, ३ लाख ५७ हजार ५ सय ७३ (३५.६ प्रतिशत) जना महिलालाई टिटानस खोप दिनुका साथै देशका विभिन्न २४ जिल्लाहरूमा विशेष पोलियो खोप अभियान सञ्चालन गरिएको थियो। त्यसैगरी, देशका विभिन्न सात जिल्लाहरूमा इन्सेफ्लाइटिस विरुद्ध खोप सञ्चालन जस्ता कार्यक्रम सञ्चालन गरी एक वर्ष मुनिका ३ लाख ५० हजार बालवालिका र ३ लाख भन्दा बढी गर्भवती महिला सुरक्षित भएका थिए। त्यसैगरी, पोषण कार्यक्रम अन्तर्गत दुई जिल्लामा स्कूल स्वास्थ्य तथा Nutrition Project Piloting गरिएको थियो भने ७ लाख ३३ हजार १ सय ६१ जना (७२.८%) लाई रक्त अल्पताको उपचार, ५ वर्ष मुनिका ३० लाख ५५ हजार (९५.५ प्रतिशत) जनालाई जुकाको उपचार र ३४ लाख ३२ हजार ४ सय २१ जना (९२.८ प्रतिशत) र भिटामिन "ए" क्याप्सुल वितरण गरिएको थियो। त्यस्तै, पाँच वर्ष मुनिका बालवालिकाको रोग तथा मृत्युदर कम गर्ने उद्देश्यले आर्थिक वर्ष २०५४/५५ देखि सञ्चालन भएको झाडापखाला तथा एकिकृत बालरोग कार्यक्रम पनि सबै जिल्लाहरूमा सञ्चालन भएका थिए। आर्थिक वर्ष २०६६/६७ मा बाल स्वास्थ्य कार्यक्रममा लक्ष्य अनुरूप २५ सय प्रति खोप सम्बन्धी पुस्तिका छपाई, २० जना कोल्डचेन सहायक तथा सवसेण्टरका कर्मचारीहरूलाई तालीम प्रदान, १ लाख ४९ हजार २ सय ३९ भायल वि.सि.जि., २४ हजार ९ सय १४ भायल टि.टि खोप, १ लाख ८७ हजार ६ सय ६८ भायल पोलियो ओ.पि.भी, ८ लाख ९४ हजार १ सय ४५ भायल जे.ई. भ्यान्सिन खरीद, ३ पटक भ्याक्सिन व्यवस्थापन तालीम प्रदान, ६० जना स्वास्थ्यकर्मीहरूलाई CBIMCI तालीम तथा IMCI मेण्टिनेन्स गतिविधि सञ्चालन र १५ हजार वटा टाइमर खरीद गरिएको छ।

इपिडेमियोलोजी, औलो तथा कालाजार नियन्त्रण, प्राकृतिक प्रकोप व्यवस्थापन कार्यक्रम

१२.५८ आर्थिक वर्ष २०६६/६७ मा महामारी, सरुवा रोग, परजिवीबाट लाग्ने औलो तथा कालाजार रोग नियन्त्रण र प्राकृतिक प्रकोपबाट उत्पन्न हुने विभिन्न खालका रोगहरूको नियन्त्रण लगायतका कार्यक्रमहरूलाई निरन्तरता दिदैं सरुवा रोगहरूको सर्भिलेन्स, हात्तीपाइले, औलो, कालाजार नियन्त्रणका लागि किटनाशक औषधि छर्ने, वर्ड फ्लू रोग नियन्त्रणका लागि आवश्यक व्यवस्था गर्ने, झुल वितरण, रेविज रोग नियन्त्रण र सर्पदंश पिडीतलाई आवश्यक खोप सेवा प्रदान गर्ने जस्ता सेवाहरू उपलब्ध गराइएको छ।

नयाँ नेपाल निर्माण कार्यक्रम

१२.५९ "सबैलाई निःशुल्क स्वास्थ्य" भन्ने नारा सहित २०६४ माघ १ गते देखि हेल्थपोष्ट एवम् सवहेल्थपोष्टबाट सुरु गरिएको निःशुल्क स्वास्थ्य सेवा कार्यक्रम आर्थिक वर्ष २०६५/६६ मा "नयाँ नेपाल निर्माण" अन्तर्गत मुलुकभरका २५ शैयासम्मका जिल्ला अस्पतालहरू सरहका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिएको थियो । साथै, सबै सरकारी स्वास्थ्य संस्थाहरूबाट निःशुल्क प्रसूति सेवा, १५ वर्ष मुनिका बालवालिका तथा ७५ वर्ष माथिका जेष्ठ (लोपोन्मुख जाति) नागरिकलाई मुटुरोगबाट बचाउन निःशुल्क मुटु तथा मृगौला रोगको उपचार गर्ने कार्यक्रम रहेकोमा स्वास्थ्य तथा उपस्वास्थ्य चौकीमा करिव १ करोड ४ लाख ४६ हजार तथा अस्पतालमा आउने बालावालिका, बृद्ध, लोपोन्मुख जाति सहित करिव १८ लाख ७६ हजार व्यक्तिले निःशुल्क उपचारको सेवा लिएका थिए । त्रि.वि.वि.शिक्षण अस्पताल महाराजगञ्जमा सुरेश वाग्लेस्मृति केन्द्रमार्फत क्यान्सर रोगीहरूलाई उपचार प्रदान गर्ने तथा जनकपुर अञ्चल अस्पतालमा रामवृक्ष यादव स्मृति केन्द्र नामक सघन उपचार कक्ष निर्माण गर्ने कार्य भइरहेको छ । निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई निरन्तरता दिंदै जिल्ला तहसम्म विस्तार गर्न आर्थिक वर्ष २०६६/६७ मा "सबैको लागि स्वास्थ्य" को अवधारणा लिइएको छ ।

राष्ट्रिय जनसंख्या कार्यक्रम

१२.६० आर्थिक वर्ष २०६५/६६ मा १० जिल्लाहरूका स्थानीयस्तरमा जनसंख्या व्यवस्थापन गोष्ठी तथा बिद्यार्थीहरूलाई जनसंख्या सम्बन्धी परामर्श सेवा अभिमुखीकरण गर्ने कार्यक्रम सम्पन्न भएको थियो । त्यस्तै, जनसंख्या व्यवस्थापन कार्यक्रम सञ्चालन भएका जिल्लाहरूमा युवा सूचना केन्द्रको मूल्याङ्कन सुरुवात, युवा तथा वयस्क सर्भे गर्ने कार्य भइरहेको एवम् Missing Girls सम्बन्धी अध्ययनको कार्य र जनसांख्यिक प्रतिवेदन प्रकाशित गर्ने कार्य सम्पन्न भएको थियो । चालु आर्थिक वर्ष २०६६/६७ मा थप ३५ जिल्लामा जनसंख्या व्यवस्थापन कार्यक्रम, जिल्ला जनसंख्या सूचना केन्द्र स्थापना, विद्यालयहरूमा किशोर किशोरी लक्षित साथी शिक्षा कार्यक्रम, युवा तथा किशोर किशोरी सूचना तथा परामर्श सहयोग जस्ता कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम

१२.६१ नसर्ने तथा सरुवा रोगहरू, सर्नाका कारण, रोगथामका उपायहरू, प्रजनन स्वास्थ्य तथा स्वास्थ्य सम्बन्धी अन्य लाभदायक एवं उपयोगी सामग्रीहरू आम सञ्चारका माध्यमहरू (टि.भी., रेडियो, छापा माध्यम आदि) र गैर सरकारी संस्थाहरूमार्फत सन्देशमूलक/चेतनामूलक सूचना प्रवाह गर्ने लगायतका कार्यक्रमहरूलाई विगत वर्षहरू जस्तै आर्थिक वर्ष २०६६/६७ मा पनि निरन्तरता दिइएको छ ।

सामाजिक सुरक्षा कार्यक्रम

१२.६२ आर्थिक वर्ष २०६५/०६६ मा देशभरका २५ शैयासम्मका अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रबाट निःशुल्क आकस्मिक र अन्तरंग सेवा प्रदान गरिएकोमा ८ लाख ३० हजार ६

सय ७७ जना विपन्न तथा गरिबहरू, २४ हजार १ सय ६३ जना अपाङ्ग, १ लाख १३ हजार २९ जना बृद्धहरू र ५३ हजार ९ सय ३९ जना महिला स्वास्थ्य स्वयंसेविकाहरूले अत्यावश्यक निःशुल्क स्वास्थ्य सेवा लिएका छन् । त्यस्तै, १ करोड ४ लाख ४६ हजार ३ सय ६१ जना सेवाग्राहीहरूले स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकीबाट निःशुल्क स्वास्थ्य सेवा प्राप्त गरेका थिए । साथै, पाँचवटा विशेषज्ञ स्वास्थ्य शिविर सम्पन्न, पाँचथर, संखुवासभा, सिरहा, गुल्मी, दैलेख, प्यूठान, जुम्ला र अछाम गरी आठ जिल्लामा २४ घण्टे अत्यावश्यक प्रसूति सेवा (CEOC) सञ्चालन गरी प्रसूति महिलाहरूलाई सेवा प्रदान गरिएको थियो । पाठेघर खस्ने रोगबाट पीडित महिलाहरूको लागि निःशुल्क सेवा प्रदान गर्न निर्देशिका जारी गरिनुको साथै अस्पतालमा आङ्ग खस्ने रोगको शल्यक्रिया गर्ने महिलाहरूको उत्प्रेरणाको लागि नेपाल सरकारले निःशुल्क सेवा तथा आतेजाते यातायात खर्च समेत उपलब्ध गराएको थियो । त्यस्तै, १ हजार ९ सय १८ जना महिलाहरूको शल्यक्रिया तथा रिङ्ग पेशरी राख्ने कार्य सम्पन्न गरिएको थियो । पाठेघर खस्ने १५ वटा, विशेषज्ञ चारवटा र अन्य दुईवटा गरी जम्मा २१ वटा विभिन्न सेवा सम्बन्धी निःशुल्क शिविर तथा १७ वटा नेत्रदान शिविर सञ्चालन गरिएको थियो । त्यस्तै, १५ वर्ष मुनिका ५ सय ८० र ७५ वर्ष माथिका जेष्ठ नागरिक ५५ जनाको निःशुल्क मुटुरोगको शल्यक्रिया सम्बन्धी उपचार गरिएको थियो । साथै, स्थानीयस्तरमा निःशुल्क उपचार हुन नसकेका जेष्ठ नागरिकहरूलाई राहतस्वरुप जिल्लाभित्र रू. पाँच सय र जिल्ला बाहिर रू. १ हजारदेखि रू. २ हजारसम्म खर्च दिई ७३ हजार ६ सय ३३ जनालाई सेवा उपलब्ध गराइएको थियो ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम

१२.६३ एच.आई.भी./एड्स तथा यौनजन्य संक्रमित रोग विरुद्ध चेतना फैलाउन विभिन्न सञ्चार माध्यम (छापा र विद्युतीय माध्यम) को प्रयोग, स्वास्थ्य कर्मीहरूलाई सम्बन्धित विषयमा तालीम प्रदान, एच.आई.भी. संक्रमित आमाबाट बच्चामा एच.आई.भी. भाइरस नसरोस् भन्नाका लागि विशेष निगरानी सहितका कार्यक्रमहरूलाई विगत वर्षहरूमा जस्तै आर्थिक वर्ष २०६६/६७ मा समेत निरन्तरता दिइएको छ ।

आयूर्वेदिक स्वास्थ्य सेवा

१२.६४ आर्थिक वर्ष २०६५/६६ मा स्वास्थ्य क्षेत्रमा आयुर्वेदिक, यूनानी र होमियोप्याथी विधिद्वारा उपचार एवं परामर्श गर्ने कार्यक्रमलाई निरन्तरता दिदै सिंहदरबार वैद्यखाना, आयुर्वेद चिकित्सालय, नरदेवीबाट जडीबूटी संकलन, उत्पादन तथा औषधि (काष्ठादी, रसादी, तैलादी) निर्माण हुँदै आएको छ भने आयुर्वेद विभागबाट आयुर्वेद संस्थाहरूको निर्माण र आवश्यक पर्ने औषधि, उपकरणहरूको नियमितरूपमा आपूर्ति गरिएको थियो । आयुर्वेद स्वास्थ्य सम्बन्धी जनशक्तिहरूबाट १ लाख ६६ हजार ५ सय ४० बच्चाहरू सहित जम्मा ९ लाख २ सय १७ जनाको स्वास्थ्य परीक्षण गरिएको थियो । सोही अवधिमा ६३ वटा आयुर्वेद स्वास्थ्य केन्द्र तथा औषधालयको भवन तथा कम्पाउण्डवाल निर्माण एवम् मर्मत सुधार, आयुर्वेद भैषज्य संहिता तयार, छ वटा आयुर्वेद स्वास्थ्य शिविर सम्पन्न र मुलुकभरीका जेष्ठ नागरिकलाई निःशुल्क आयुर्वेदिक

स्वास्थ्य सेवा प्रदान गरिएको थियो। आर्थिक वर्ष २०६६/६७ मा आयुर्वेदिक संस्थाहरूका जिल्ला प्रमुखहरूलाई कार्यक्रम सञ्चालन सम्बन्धी अभिमुखीकरण तालीम प्रदान, ३५ जना कविराजहरूलाई पञ्चकर्म/योग सम्बन्धी तालीम प्रदान र चार सय जना परम्परागत स्वास्थ्यकर्मी, धामी, झांक्री, लामा, आम्चीसँग आयुर्वेद सेवाको सम्बन्धमा छलफल गरिएको छ। साथै, सबै जिल्लामा एक/एक पटक निःशुल्क आयुर्वेद शिविर एवम् नमूना जडिबुटि उद्यान सञ्चालन र ढाड खस्कने एवम् गुदाजन्य रोगको लागि कटिस्नान, बस्ती तथा योग सम्बन्धी विशेषज्ञ शिविर एक पटक सञ्चालन गरिएको छ। त्यसैगरी, चालु आर्थिक वर्षमा नै ३३ जिल्लामा जेष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य संरक्षण, प्रवर्धनात्मक पञ्चकर्म/रसायन/योग सम्बन्धी तालीम प्रदान गरिएको छ।

जनशक्ति विकास, अध्ययन तथा अनुसन्धान

१२.६५ आर्थिक वर्ष २०६५/६६ मा १० हजार ९ सय ९५ जना स्वास्थ्य कर्मीलाई स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा तालीम प्रदान गरिएको थियो। नौ स्थानमा Skill Birth Attendence(SBA) तालीमको पूर्वाधार विकास र दुई स्थानमा Comprehesive Abortion Care (CAC) तालीमको क्षेत्र विस्तार गरिएको थियो। त्यस्तै, निःशुल्क स्वास्थ्य सेवा, आमा सुरक्षा कार्यक्रम, सरुवा रोग, परम्परागत औषधि, Disease Burden, Non-Communicable Disease (NCD) जस्ता छ वटा परियोजनाहरूको अनुसन्धान कार्य सम्पन्न भएको थियो।

स्वास्थ्य सेवा र सुविधामा विस्तार

१२.६६ आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनासम्म अस्पताल १ सय २, स्वास्थ्य चौकी १ हजार १ सय ७६, आयुर्वेद औषधालय २ सय ९१, उपस्वास्थ्य चौकी २ हजार ६ सय १७ र स्वास्थ्य केन्द्र तथा प्राथमिक स्वास्थ्य केन्द्र २ सय ७ समेत जम्मा ४ हजार १ सय ८६ वटा स्वास्थ्य संस्थाहरुमार्फत स्वास्थ्य सेवा उपलब्ध भइरहेको छ। साथै, स्वास्थ्य सुविधातर्फ ६ हजार ९ सय ४४ अस्पताल शैया रहेको छ भने ९२ हजार १ सय ८१ जनशक्ति कार्यरत रहेका छन्।





नेपाल मेडिकल काउन्सिल

१२.६७ नेपाल मेडिकल काउन्सिल ऐन, २०२० बमोजिम गठित नेपाल मेडिकल काउन्सिलले स्वदेश तथा विदेशबाट चिकित्साशास्त्रमा डिग्री/डिप्लोमा गरेका चिकित्सकहरूको दर्ता गर्ने, मुलुकभित्र खोलिने नयाँ मेडिकल/डेण्टल कलेजहरूको स्तर हेरी सञ्चालनको मान्यता दिने र विद्यार्थी भर्नाको स्वीकृति, न्यूनतम योग्यता निर्धारण गर्ने जस्ता कार्यहरू गर्ने एवम् काउन्सिलको ऐन नियम विपरित कार्य गर्ने चिकित्सक तथा मेडिकल/डेण्टल कलेजहरूलाई कारवाही गरी गैरकानुनी तरिकाले चिकित्सा व्यवसाय सञ्चालन गर्नेहरूलाई रोक्ने कार्य गर्दछ। त्यसैगरी, नियमितरूपमा दर्ता प्रमाणपत्र परीक्षा (Licensing Exam) सञ्चालन, विभिन्न खालका स्वास्थ्य तथा चिकित्सा व्यवसायसँग सम्बन्धित उजुरीहरूमाथि छानवीन र विदेशी चिकित्सकहरूको योग्यता हेरी अस्थायी दर्ता गर्ने लगायतका कार्यहरू गर्दै आएको छ।

दर्ताको प्रकार र प्रक्रिया :

परीक्षण दर्ता	अस्थायी दर्ता	स्थायी दर्ता	विशेषज्ञ दर्ता	विदेशी नागरिक दर्ता
चिकित्साशास्त्रमा डिप्लोमा (एम.बि.बि.एस./ बि.डि.एस.) उत्तिर्ण गरेपछि एक वर्षको लागि परीक्षण दर्ता दिइन्छ। परीक्षण दर्ताको अवधिभित्र एकवर्षे ईन्टर्नसीप सक्नुपर्ने हुन्छ।	इन्टर्नसीप सकेपछि (हाल ६ महिना इन्टर्नसीप पछि पनि संलग्न हुन पाइने) काउन्सिलद्वारा दर्ता प्रमाणपत्र परीक्षा लिखितरूपमा सञ्चालन गरिन्छ र उत्तिर्ण हुनेलाई मात्र अस्थायी दर्ता प्रमाणपत्र दिईन्छ। अस्थायी दर्ताको अवधि २ वर्षको हुन्छ।	अस्थायी दर्ता प्रमाणपत्रको २ वर्षे अवधिभित्र कुनै पनि अस्पताल, स्वास्थ्यसंस्थाहरूमा सेवा गरेको प्रमाण र सिफारिश पत्र सहित आवेदन गरेपछि मात्र स्थायी दर्ता प्रमाणपत्र प्रदान गरिन्छ। यसको अवधि स्थायी हुन्छ।	चिकित्साशास्त्रमा डिग्री (उच्च शिक्षा) गरी कुनै विशेषज्ञता हासिल गरेकाहरूलाई विशेषज्ञ दर्ता प्रमाणपत्र प्रदान गरिन्छ।	विदेशमै अध्ययन गरेका विदेशी नागरिक चिकित्सकहरूलाई अन्तर्वार्ताद्वारा (शैक्षिक प्रमाणपत्र, अनुभव, भिसा, पासपोर्ट, संलग्न संस्था आदिको आधारमा) उनिहरूको योग्यता हेरी अस्थायी दर्ता प्रमाणपत्र प्रदान गरिन्छ। त्यस्तो अस्थायी दर्ताको अवधि भिसाको अवधि हेरी बढीमा एकवर्षको लागि मात्र प्रदान गरिन्छ।

आर्थिक वर्ष २०६६/६७ मा भएको दर्ता संख्या :				
१०६० जना	८२७ जना	५४५ जना	१४१ जना	४११ जना
हालसम्मको जम्मा दर्ता संख्या				
९९७९ जना	९६१० जना (अस्थायी र स्थायी)		१७०० जना	४३५७ जना

आर्थिक वर्ष २०६६/६७ को कार्त्तिक र चैत महिना गरी दुईपटक दर्ता प्रमाणपत्र परीक्षा सञ्चालन गरिएका छन् । योग्यता निर्धारण गरी विदेशमा अध्ययन गर्न स्वीकृतिको निमित्त Eligibility Certificate हालसम्म जम्मा १ हजार १ सय ३६ जनालाई प्रदान गरिसकिएको छ ।

नेपाल मेडिकल काउन्सिलबाट मान्यताप्राप्त गरेका मेडिकल कलेजहरू

१२.६८ नेपाल मेडिकल काउन्सिलबाट मान्यता प्राप्त गरेका मेडिकल कलेजहरूमा एम.वि.वि.एस. कार्यक्रमतर्फ त्रि.वि. इन्स्टिच्यूट अफ मेडिसिन महाराजगञ्ज, मणिपाल कलेज अफ मेडिकल साइन्स पोखरा, भरतपुर मेडिकल कलेज चितवन, नेपाल मेडिकल कलेज जोरपाटी, काठमाडौं मेडिकल कलेज सिनामंगल, नेपालगञ्ज मेडिकल कलेज नेपालगञ्ज, काठमाडौं विश्वविद्यालय स्कूल अफ मेडिकल साइन्स काभ्रे, नेशनल मेडिकल कलेज विरगञ्ज, जानकी मेडिकल कलेज जनकपुर, नोवेल मेडिकल कलेज विराटनगर, किष्ट मेडिकल कलेज ग्वार्को, लुम्बिनी मेडिकल कलेज एण्ड रिसर्च सेण्टर पाल्पा, चितवन मेडिकल कलेज चितवन, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ललितपुर रहेका छन् भने एम.वि.वि.एस. तथा वि.डि.एस. दुवै कार्यक्रमतर्फ वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान र युनिभर्सल कलेज अफ मेडिकल साइन्स भैरहवा सञ्चालनमा रहेकाछन् । त्यस्तै, वि.डि.एस. कार्यक्रमतर्फ पिपुल्स डेण्टल कलेज नयाँवजार, एम.वि.केडिया डेण्टल कलेज विरगञ्ज र कान्तिपुर डेण्टल कलेज बसुन्धरा सञ्चालनमा रहेकाछन् भने नेशनल एकेडेमी अफ मेडिकल साइन्स बीर अस्पतालले पोष्ट ग्राजुएट कार्यक्रम सञ्चालन गरेको छ ।

नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका विशेषज्ञ

१२.६९ नेपाल मेडिकल काउन्सिलमा २०६६ पुस २ गतेसम्म १ हजार ६ सय ३४ जना विशेषज्ञ चिकित्सकहरू दर्ता भएका छन् । जसको विवरण निम्न बमोजिम रहेको छ ।

तालिका १२(ब) : नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका विशेषज्ञ चिकित्सकहरूको विवरण

सि.नं.	विषय	पुरुष	महिला	जम्मा
1.	General Practice	65	18	83
2.	E.N.T	43	10	53
3.	Psychisatry	32	4	36
4.	Anesthesiology	73	24	97
5.	Radiology And Imaging	73	9	82
6.	Pediatrics	117	39	156

सि.नं.	विषय	पुरुष	महिला	जम्मा
7.	Nephrology	3	3	6
8.	Master in Dental Surgery (MDS)	35	19	54
9.	T.B. and Respiratory	7	1	8
10.	Community Medicine Public Health	24	9	33
11.	Pharmacology	9	0	9
12.	Obs + Gynae	62	140	202
13.	M.S (General Surgery)	189	10	199
14.	Orthopedics	131	1	132
15.	Cardiology	60	4	64
16.	Ophthalmology	54	35	89
17.	Internal Medicine	144	13	157
18.	Clinical Pathology	31	27	58
19.	Dermatology + Venereology	34	19	53
20.	Neurology	11	2	13
21.	Gastroenterology	11	1	12
22.	Urology	13	0	13
23.	Surgical Oncology	14	0	14
24.	Forensic Medicine	4	0	4
25.	Microbiology	2	2	4
26.	Nuclear Medicine	3	0	3
	Total	**1244**	**390**	**1634**

स्रोत : नेपाल मेडिकल काउन्सिल ।

स्थानीय विकास

१२.७० स्थानीय विकास मन्त्रालयले विकेन्द्रीकरण एवं स्थानीय विकास सम्बन्धी नीति निर्माण र कार्यान्वयन, स्थानीय निकायबीच समन्वय, दुर्गम क्षेत्र र ग्रामीण विकास सम्बन्धी नीति योजना र कार्यक्रमको तर्जुमा, अनुगमन एवं मूल्याङ्कन, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, समावेशी विकास र स्थानीय तहको पूर्वाधार विकास सम्बन्धी विविध कार्यमा जिम्मेवार निकायको रुपमा काम गर्दै आएको छ । मन्त्रालयको उक्त नीति र कार्यक्रमलाई प्रभावकारीरुपले सम्पादन गर्न ७५ जिल्ला विकास समिति, ५८ नगरपालिका, ३ हजार ९ सय १५ गाउँ विकास समिति, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागका अतिरिक्त विभिन्न आयोग, समिति, प्रतिष्ठान र आयोजना एवं कार्यक्रमहरू आ-आफ्नो कार्य क्षेत्रमा क्रियाशील रहेका छन् ।

मञ्जुषा १२(ग): स्थानीय विकास मन्त्रालयबाट आर्थिक वर्ष २०६६/६७ मा अवलम्बन गरिएका मुख्य मुख्य कानुनी व्यवस्थाहरू:

- स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को चौथो संशोधन भई कार्यान्वयनमा रहेको छ ।
- देहायका विधेयकहरू मन्त्रीपरिषद्बाट स्वीकृत भई व्यवस्थापिका संसदमा पेश भएका छन् ।

- ✪ फोहरमैला व्यवस्थापन गर्न बनेको विधेयक, २०६६
- ✪ राष्ट्रिय दलित अधिकार आयोग स्थापना गर्न बनेको विधेयक,२०६६
- ✪ जातिय भेदभाव तथा छुवाछुतको कसुर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०६६

➲ देहायका निर्देशिका तथा कार्यविधिहरू स्वीकृत भई कार्यान्वयनमा रहेकाछन् :

- ✪ जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६६
- ✪ गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६६
- ✪ जनसहभागितामा आधारित विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०६६
- ✪ गैर सरकारी संस्था छनौट कार्यविधि, २०६६
- ✪ नगरपालिकाहरूको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि, २०६६
- ✪ गाउँ विकास समितिहरूको न्यूनतम शर्त मापन कार्यविधि, २०६६
- ✪ स्थानीय निकायहरूको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यको सुनिश्चितता परीक्षण कार्यविधि, २०६६
- ✪ सामाजिक परिचालन कार्यविधि/निर्देशिका, २०६६
- ✪ जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिको थप अनुदान सञ्चालन कार्यविधि/निर्देशिका, २०६६
- ✪ निक्षेपित निकायलाई उपलब्ध गर्ने विषयगत सशर्त अनुदान सञ्चालन निर्देशिका, २०६६
- ✪ स्थानीय निकाय सुचना, शिक्षा तथा संचार कार्यक्रम सञ्चालन कार्यविधि, २०६६
- ✪ स्थानीय निकायमा वातावरणीय सुधार र सामाजिक तथा वातावरणीय सुरक्षात्मक कार्यक्रम कार्यान्वयन अनुदान सञ्चालन कार्यविधि, २०६६
- ✪ दलित वर्ग उत्थान जिल्ला समन्वय समिति र आदिवासी जनजाति जिल्ला समन्वय समितिको क्षमता विकास अनुदान सञ्चालन निर्देशिका, २०६६
- ✪ स्थानीय निकायहरूको क्षमता विकास योजना कार्यविधि, २०६६
- ✪ सामाजिक परिचालन तथा लघुवित्त कार्यविधि, २०६१ (प्रथम संशोधन २०६६)
- ✪ सामुदायिक पूर्वाधार विकास संभाग सञ्चालन कार्यविधि, २०६१ (प्रथम संशोधन २०६६)
- ✪ सामाजिक परिचालनका लागि सहयोगी संस्था (गैरसरकारी) छनौट कार्यविधि, २०६३ (प्रथम संशोधन २०६६)
- ✪ झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६६
- ✪ ग्रामीण यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६६
- ✪ कृषि तथा स्थानीयस्तरका सडक (स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम) कार्यान्वयन निर्देशिका, २०६३ (पहिलो संशोधन, २०६६)

स्थानीय विकास मन्त्रालय र अन्तर्गतका निकायबाट सञ्चालित कार्यक्रमहरू

पूर्वाधार विकासतर्फ

ग्रामीण पहुँच सुधार तथा विकेन्द्रीकरण परियोजना

१२.७१ स्थानीय तहमा बाह्रै महिना सञ्चालन हुने सडकका साथै ग्रामीण सडक मर्मत सम्भार, सामुदायिक पूर्वाधार तथा यातायात सेवा निर्माण र सुधार गर्ने उद्देश्यले सुरु भएको यो कार्यक्रम विश्व बैंकको आर्थिक सहयोगमा झोलुङ्गे पुल तर्फ २८ र सडकतर्फ ३० जिल्लामा सञ्चालन भइरहेको छ। यस कार्यक्रमबाट आर्थिक वर्ष २०६५/६६ मा २

सय ५६ कि.मी. बाह्रै महिना सञ्चालन हुने सडक, १७ कि.मी. मौसमी सडक निर्माण, १ सय ५० कि.मी. ग्रामीण सडक मर्मत सम्भार, ३४ वटा झोलुङ्गे पुल निर्माण कार्य भएको थियो । चालु आर्थिक वर्ष २०६६/०६७ मा १ सय ७ कि.मी. सडक बाह्रै महिना सञ्चालन हुने गरी निर्माण कार्य शुरू भएकोमा ५५ कि.मी. सडक, पाँच कि.मी. मौसमी सडक र नौ वटा झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भएको छ ।

ग्रामीण पुननिर्माण तथा पुनर्स्थापना कार्यक्रम

१२.७२ स्थानीय पूर्वाधारहरूको विकास गरी ग्रामीण समुदायका जनताको बजारसम्म पहुँच पुर्‍याई उनीहरूको सामाजिक, आर्थिक विकासका साथै रोजगारीका अवसर वृद्धि गरी जीवनस्तरमा सुधार गर्ने मुख्य उद्देश्यका साथ आर्थिक वर्ष २०६४/६५ मा ADB, SDC, DFID को सहयोगमा यो कार्यक्रम सुरु भएको थियो । आर्थिक वर्ष २०६५/६६ मा २० जिल्लामा सडक निर्माण तथा सुधार ग्रामीण सडकको सम्भाव्यता अध्ययन, विस्तृत सर्भे, डिजाइन तथा वातावरणीय अध्ययन कार्य सम्पन्न भएको छ । ३८ जिल्लामा ३८ वटा खानेपानी उप-आयोजनाको निर्माण तथा सुधार सम्भाव्यता अध्ययन विस्तृत सर्भे डिजाईन गरी निर्माण कार्यको सुरु भएको थियो । यसैगरी परामर्श सेवा तथा District Implementation Support Team को सेवा खरिद गरिएको छ । चालु आर्थिक वर्ष २०६६/६७ मा आठ सय कि.मी. ग्रामीण सडकको सम्भाव्यता अध्ययन र विस्तृत इन्जिनीयरिङ्ग सर्भे डिजाइन गर्ने लक्ष्य रहेकोमा र ३ सय ६८ कि.मी. सडकको डिजाईन कार्य सम्पन्न भएको छ । २० वटा मोटरेवल पुलको निर्माण कार्य गर्ने लक्ष्य रहेकोमा १३ वटाको सर्भे सम्पन्न भई बाँकी पुलको सर्भे डिजाइनको तयारी भइरहेको छ । छानिएका खानेपानी तथा सरसफाई उपआयोजना मध्ये ९० वटाको निर्माण र ९० वटा क्रमागत झोलुङ्गे पुल मध्ये ७२ वटाको निर्माण कार्य भइरहेको छ ।

जिल्ला सडक सहयोग कार्यक्रम

१२.७३ नेपाल सरकार र स्वीस सरकारको सहयोगमा वि.सं. २०५९ देखि छ जिल्लामा सञ्चालित यस कार्यक्रमबाट मुख्यतः स्थानीय पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरी ग्रामीण सडक पूर्वाधारको विकास गर्ने लक्ष्य लिईएको छ । यस कार्यक्रमबाट आर्थिक वर्ष २०६५/०६६ मा ग्रामीण सडक निर्माण १२ कि.मी., नियमित मर्मत सम्भार १ सय कि.मी., आवधिक मर्मत सम्भार १ सय २ कि.मी., सडक पुनःस्थापना कार्य २५ कि.मी. सम्पन्न हुनुका साथै कार्यक्रम सञ्चालन हुने क्षेत्रमा सामाजिक क्रियाकलाप अभिवृद्धि सम्बन्धी कार्य सम्पन्न भएको थियो । आर्थिक वर्ष २०६६/६७ मा नयाँ सडक निर्माण ९.५ कि.मी, नियमित मर्मत सम्भार ३४ कि.मी. पुनर्स्थापन कार्य चार कि.मी. र आवधिक मर्मत सम्भार २५ कि.मी. सम्पन्न भएको छ ।

ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम

१२.७४ नेपाल सरकार, विश्व बैंक र विश्व खाद्य कार्यक्रमको संयुक्त लगानीमा सामुदायिक पूर्वाधारहरूको निर्माण तथा सुधार कार्य मार्फत आर्थिक वर्ष २०५२/५३ देखि देशका २१ जिल्लामा सञ्चालित यो कार्यक्रमको प्रमुख उद्देश्य ग्रामीण क्षेत्रका गरीव परिवारको खाद्य सुरक्षा स्थितिमा सुधार ल्याई उनीहरूको स्वावलम्बन क्षमता अभिवृद्धि गर्नु हो ।

आर्थिक वर्ष २०६५/६६ मा १ सय २५ कि.मी. सडक निर्माण गर्ने लक्ष्य रहेकोमा १ सय ४ कि.मी. सम्पन्न भएको छ र ६ हजार ४ सय ५० मे.टन. खाद्यान्न वितरण गर्ने लक्ष्य रहेकोमा कामदारहरूलाई ५ हजार ६ सय १०.२५ मे.टन चामल वितरण गरिएको थियो भने आर्थिक वर्ष २०६६/६७ मा ६२.५ कि.मी. ग्रामीण सडक निर्माण गर्ने लक्ष्य राखी सो अनुरूप काम भइरहेको छ।

विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार आयोजना

१२.७५ एसियाली विकास बैंकको ऋण सहयोगमा आर्थिक वर्ष २०६२/६३ देखि १८ जिल्लामा ग्रामीण क्षेत्रको आर्थिक, सामाजिक पूर्वाधार निर्माण गर्ने, यातायात सञ्जाल विस्तार गर्ने, ग्रामीण रोजगारीका क्रियाकलाप सञ्चालन गर्ने, स्थानीयस्तरको संस्थागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो आयोजना सञ्चालन भएको हो। आर्थिक वर्ष २०६५/६६ मा १ सय ६० कि.मी. सडकको विस्तृत सर्भे डिजाईन, १ सय १२ कि.मी. नयाँ सडकको निर्माण तथा ७५ कि.मी. सडकको पुर्नस्थापना र स्तरोन्नती भएको छ भने ९ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएका छन। आठ हजार मिटर लम्बाई बराबरका सस्पेन्सन बृजहरू निर्माण भएको छन्। चालु आर्थिक वर्षको प्रथम आठ महिनामा ३८ कि.मी. नयाँ सडक निर्माण, २५ कि.मी. सडक पुर्नस्थापना र १ हजार ५ सय मीटर लम्बाई बराबरका सस्पेन्सन बृजहरू निर्माण भएका छन ।

ग्रामीण पहुँच कार्यक्रम-दोश्रो चरण

१२.७६ नेपाल र बेलायत सरकारको संयुक्त लगानीमा भोजपुर, संखुवासभा, खोटाङ, अछाम, डोटी, तेह्रथुम र दैलेख गरी सात जिल्लाहरूमा सञ्चालित यस कार्यक्रमले ग्रामीण यातायात तथा पूर्वाधार विकासको माध्यमबाट गरिब जनताहरूको जीवनस्तरमा सुधार गर्ने उद्देश्य लिएकोमा मुख्यतया ग्रामीण सडक निर्माण, स्थानीय निकायको क्षमता सुदृढिकरण र जनचेतना अभिवृद्धिका गतिविधिहरू सञ्चालन गर्ने लक्ष्य लिएको छ। आर्थिक वर्ष २०६५/६६ मा स्थानीय गैरसरकारी संस्था र परामर्शदाता नियुक्ति, विभिन्न औजार र सामान खरिद भई निर्माण कार्य सुरु भएको छ। लक्ष्यअनुरूप प्रथम चरणको ३ सय ६५ कि.मी. ट्रयाक खोल्ने कार्य सम्पन्न भएको थियो। चालु आर्थिक वर्षको प्रथम आठ महिनामा ५७ कि.मी. सडक निर्माण सम्पन्न भई मोटर गुड्न सक्ने भइसकेको छ भने १ सय १५ कि.मी. मा दुई पांग्रे मोटरसाइकल गुड्नसक्ने गरी ट्रयाक निर्माण भएको छ।

झोलुङ्गे पुल तथा स्थानीयस्तरका सडक पुलहरू

१२.७७ स्वीस सरकार, हेल्भेटास र जापान सरकारको गैर आयोजना अनुदान (NPG) को लागत सहभागितामा देशका विभिन्न ६९ (झापा, सिरहा, सप्तरी, सर्लाही, बारा, पर्सा बाहेकका) जिल्लामा यो कार्यक्रम सञ्चालनमा रहेको छ। मुख्य एवं स्थानीय मार्गमा पर्ने झोलुङ्गे पुलहरूको निर्माण तथा बृहत मर्मत सम्भार गरी ग्रामीण पहुँचमा सुधार ल्याउने उद्देश्यबाट यो कार्यक्रम सञ्चालित छ। आर्थिक वर्ष २०६५/६६ मा सामुदायिक सडक पुल कार्यक्रमतर्फ सर्भे डिजाईन ११ वटा, फलामे पार्टस् फेब्रिकेशन ३२ वटा, फाउण्डेशन तथा कंक्रिटिङ्ग १७ वटा, लठ्ठा तान्ने तथा जडान ३० वटा र

झोलुङ्गे पुल ३० वटा सम्पन्न भएका छन् भने नयाँ र क्रमागत गरी १ सय ६७ वटा झोलुङ्गे पुल निर्माणाधीन अवस्थामा छन् । आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा झोलुङ्गे पुल सर्भे डिजाईन पाँच वटा, फलामे पार्टस फेब्रिकेशन १२ वटा, फाउण्डेशन तथा कंक्रिटिङ तीन वटा, लठ्ठा तान्ने तथा जडान ११ वटा र क्रमागत झोलुङ्गे पुल नौ वटा सम्पन्न भएका छन् ।

स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम

१२.७८ दीर्घकालिन कृषि योजना अनुसार कृषि उत्पादनको दृष्टिले महत्वपूर्ण पकेट क्षेत्रहरूमा उत्पादन र बजार प्रक्रियालाई सहयोग गरी आर्थिक क्रियाकलापमा अभिवृद्धि गराउन कृषि उत्पादन हुने स्थानलाई मोटर चल्ने मूल सडकमा जोड्ने उद्देश्यले ग्रामीण कृषि सडकको निर्माण गर्ने र ग्रामीणस्तरका सडक तथा गोरेटो घोडेटो बाटोहरू निर्माण तथा मर्मत सुधार गर्ने उद्देश्यले कृषि तथा स्थानीयस्तरका सडक आयोजना सञ्चालनमा रहेकोमा आर्थिक वर्ष २०६६/६७ देखि यस कार्यक्रमको नाम स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम रहेको छ । आर्थिक वर्ष २०६५/०६६ मा कृषि तथा स्थानीयस्तरका सडक आयोजनाबाट ४ सय २२ कि.मी. सडक सर्वेक्षण, १ हजार ३ सय ३१ कि.मी. नयाँ सडक निर्माण, १ हजार २ सय ७४ कि.मी. नियमित मर्मत सम्भार, ८० कि.मी. घोडेटो बाटो, ८ सय ६४ कि.मी. सडक ग्राभेल, २७ कि.मी. सडक कालोपत्रे र ४ सय २८ वटा कजवे पुल पुलेसा निर्माण कार्य सम्पन्न भएको थियो । चालु आर्थिक वर्ष २०६६/६७ मा स्थानीय निकायबाट सडक पूर्वाधार निर्माण एवं मर्मत सम्भारको काम भइरहेको छ ।

ग्रामीण खानेपानी तथा सरसफाई आयोजना

१२.७९ सम्पूर्ण जनसंख्यालाई दिगो, भरपर्दो र पर्याप्त मात्रामा स्वच्छ पिउने पानीको सुविधा र ४० प्रतिशत जनसंख्यालाई सरसफाई सुविधा उपलब्ध गराउने लक्ष्य लिई नेपाल सरकारको लगानीमा देशका ७५ जिल्लामा ग्राभिटी खानेपानी, टयूववेल जडान, बर्षातको पानी संकलन, चर्पी निर्माण र वातावरणीय सरसफाइका अतिरिक्त जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएका छन् । आर्थिक वर्ष २०६५/६६ मा ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत सूचना व्यवस्थापन प्रणालीको software र कार्यविधि दिग्दर्शनको निर्माण भएको थियो । साथै, १ सय ५० वटा क्रमागत तथा नयाँ ग्राभिटी खानेपानी आयोजना सम्पन्न भई ४० हजार जनता लाभान्वित भएका थिए भने आर्थिक वर्ष २०६६/६७ मा १ सय ५० वटा क्रमागत तथा नयाँ ग्राभीटी खानेपानी आयोजना सम्पन्न गर्ने लक्ष्यअनुसार कार्यक्रम सञ्चालन भइरहेको छ ।

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना

१२.८० फिनल्याण्ड सरकारको अनुदान सहयोगमा सुदुर तथा मध्य पश्चिमाञ्चलका विभिन्न नौ जिल्लामा आर्थिक वर्ष २०६३/६४ देखि जलस्रोत गुरुयोजना, आर्सेनिक न्यूनिकरण, ग्राभीटी खानेपानी, सिंचाई, लघु जलविद्युत, फोहोरमैला व्यवस्थापनका क्षेत्रमा कार्य हुँदै आएको छ । आर्थिक वर्ष २०६५/०६६ मा खानेपानी तथा सरसफाई स्किमबाट ३८

हजार ९४ जना, एकल (Stand Alone) सरसफाई स्किमबाट ४५ हजार २ सय ९६ जना, सिंचाई तथा पानीको सदुपयोग स्किमबाट १ हजार ३ सय ३० जना र लघु जल विद्युत स्किमबाट ८६ जना लाभान्वित भएका थिए भने ११ वटा आर्सेनिक न्यूनीकरण स्कीम सम्पन्न भएका थिए। आर्थिक वर्ष २०६६/६७ को दोश्रो चौमासिक अवधिसम्ममा खानेपानी तथा सरसफाई स्किमबाट ६ हजार ५ सय ३१ जना, एकल सरसफाई स्किमबाट ३ हजार ३ सय ४२ जना, सिंचाई तथा पानीको सदुपयोग स्किमबाट १ हजार ५ सय ८३ जना र आर्सेनिक न्यूनीकरण स्कीमबाट २ हजार ५ सय ७३ जना लाभान्वित भएका छन्।

पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम

१२.८१ फिनल्याण्ड सरकारको अनुदान सहयोग समेतमा तनहुँ, स्याङ्जा, पर्वत, बाग्लुङ, म्याग्दी, कपिलवस्तु, रुपन्देही, नवलपरासी र प्यूठान जिल्लामा आर्थिक वर्ष २०६५/६६ मा सुरु भएको यस कार्यक्रमबाट ३३ वटा नयाँ ग्राभिटी खानेपानी तथा सरसफाई योजना सञ्चालन भएका थिए। आर्थिक वर्ष २०६६/६७ को आठ महिनामा क्रमागत तथा नयाँ खानेपानी सरसफाई आयोजनाबाट ५ हजार ५ सय ४४ जना, सरसफाई तथा स्वास्थ्य कार्यक्रमबाट २ हजार ४ सय ८४ जना लाभान्वित भएका छन् भने कार्यक्रम सञ्चालनका निर्देशिकाहरू तयार भएका छन्।

जीवनस्तर सुधारका लागि स्थानीय पूर्वाधार कार्यक्रम

१२.८२ स्वीस सरकारको सहयोगमा आर्थिक वर्ष २०६२/६३ देखि अछाम, दैलेख, दोलखा, रामेछाप, डोटी र जाजरकोट गरी छ जिल्लामा महिला, बालबालिका र पछाडि परेका वर्गको उत्थान गर्ने अभिप्रायले सञ्चालित यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६५/६६ मा जनताको जीवनस्तर सुधार गर्न आयस्रोतमा वृद्धि र खाद्यान्न अभाव क्षेत्रमा नगदे वाली उत्पादन, ३३ वटा स-साना सिचाई कुलो निर्माण, सात वटा प्राथमिक विद्यालय भवन, सात वटा स्वास्थ्य चौकी भवन, एउटा कृषि वन उपज संकलन भवन निर्माण कार्य सम्पन्न भएको थियो। आर्थिक वर्ष २०६६/६७ मा यस कार्यक्रमबाट ५६ वटा साना सिंचाई योजना सम्पन्न भएका छन्।

जनसहभागितामा आधारित विकास कार्यक्रम

१२.८३ स्थानीयस्तरमा सञ्चालन गरिने विकास प्रक्रियामा प्रत्यक्ष सरोकार राख्ने जनताको सहभागिता वृद्धि गरी अत्यावश्यक देखिएका कार्यक्रमहरूको छनौट, व्यवस्थापन एवं स्वामित्व सिर्जनामा स्थानीयस्तरबाटै उपभोक्ताहरूको प्रत्यक्ष सहभागितालाई बढावा दिने उद्देश्यले यो कार्यक्रम सञ्चालनमा रहेको छ। आर्थिक वर्ष २०६५/६६ मा जनसहभागितामा आधारित विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ स्विकृत भएको थियो भने केन्द्रीय तथा क्षेत्रियस्तरका ३६ वटा योजनाहरू र स्थानीय स्तरका १ सय १८ वटा योजना छनौट गरिएको थिए। यस कार्यक्रमबाट सडकको विस्तृत सर्भेक्षण १ सय ९ कि.मी., सडकको ट्रयाक निर्माण ३ सय ३३ कि.मी., नियमित सडक मर्मत १ सय ८८ कि.मी., ग्याबियन र सुख्खा पर्खाल १ हजार ५ सय ८१ मीटर, भवन निर्माण ५ वटा, ढल निर्माण ९ सय १०, टेवा पर्खाल ९ सय ६२ र विभिन्न स-साना योजनाहरू १ सय २९ वटा निर्माण कार्य सम्पन्न भएका थिए।

तालिका १२(भ): भौतिक पूर्वाधार विकासतर्फको उपलब्धी विवरण

क्र.सं	क्रियाकलाप	आर्थिक वर्ष	
		२०६५/६६	२०६६/६७*
१	कच्ची सडक	१,६८७ कि.मी.	३४६ कि.मी.
२	सडक ग्राभेल	१,२८९ कि.मी.	-
३	ट्रयाक निर्माण	५८३ कि.मी.	-
४	सडक मर्मत सम्भार	३,८८८ कि.मी.	८८ कि.मी.
५	कजवे तथा पुल पुलेसा निर्माण	४२८ वटा	-
६	झोलुङ्गे पुल निर्माण	११५ वटा	२३ वटा
७	झोलुङ्गे पुल फेब्रिकेशन सम्पन्न	१२७ वटा	३५ वटा
८	झोलुङ्गे पुल Concreting को काम सम्पन्न	८० वटा	१७ वटा
९	झोलुङ्गे पुल लठ्ठा तान्ने काम	७५ वटा	२९ वटा
१०	खानेपानी योजना सम्पन्न	२८३ वटा	-
११	खाद्यान्न वितरण	५,६११ मे.टन	-

* २०६६ फागुन मसान्तसम्म

स्रोत : स्थानीय विकास मन्त्रलाय ।

सामाजिक विकासतर्फ

पञ्जीकरण कार्यक्रम

१२.८४ स्थानीय निकायमार्फत् देशभर बसोबास गर्ने व्यक्तिहरूको जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद जस्ता घटनाहरू दर्ता गरी प्रमाणपत्र दिने कार्य हुँदै आएकोमा आर्थिक वर्ष २०६५/६६ मा जन्म २ लाख ६१ हजार २१, मृत्यु ५५ हजार ५, विवाह ७२ हजार ५ सय ७२, बसाई सराई ३९ हजार १ सय ९५ र १ सय १९ सम्बन्ध विच्छेदका व्यक्तिगत घटना दर्ता भएका थिए । आर्थिक वर्ष २०६६/६७ मा व्यक्तिगत घटनादर्ताको अभिलेखहरू व्यवस्थित गरी राख्नको लागि व्यक्तिगत घटना दर्ता सम्बन्धी software को निर्माण गरी piloting को रुपमा पाँच गाउँ विकास समिति, दुई नगरपालिका र तीन जिल्ला विकास समितिमा कार्यक्रम सञ्चालन गरिएको छ । आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्म जन्मदर्ता १ लाख २९ हजार ८ सय ३८, मृत्यु दर्ता २५ हजार ४ सय २९, विवाह दर्ता ३९ हजार ३ सय ६७, बसाई सराई दर्ता २१ हजार ३ सय ४० र सम्बन्ध विच्छेद दर्ता ३८ वटा व्यक्तिगत घटना दर्ता रहेका छन् ।

सामाजिक सुरक्षा कार्यक्रम

१२.८५ आर्थिक वर्ष २०६५/६६ मा लोपोन्मुख जाति (कुसुण्डा, वनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुशवाडिया) का सबै उमेरका १६ हजार १ सय २२ जना व्यक्तिलाई मासिक पाँचसय रुपैयाँ, ६० वर्षभन्दा माथि उमेर भएका ८१ हजार ८ सय

२० जना दलित, २ लाख ९६ हजार २ सय २१ जना एकल महिला र कर्णाली अञ्चलका ६० वर्षभन्दा माथि उमेर भएका १६ हजार ८५ जनालाई मासिक पाँचसय रुपैयाँ, ७० वर्ष माथिका अन्य सबै ५ लाख ४५ हजार ५ सय ५६ जना जेष्ठ नागरिकलाई मासिक पाँचसय रुपैयाँ, पूर्णरुपमा असक्त अपाङ्ग १५ हजार ७३ जनालाई मासिक एक हजार रुपैयाँ र आंशिकरुपमा असक्त र अपाङ्ग ६ हजार ८ सय ७५ जनालाई मासिक तीन सय रुपैयाँ सामाजिक सुरक्षा भत्ता वितरण कार्य सम्पन्न भएको थियो । आर्थिक वर्ष २०६६/६७ मा सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख व्यवस्थापन गर्नको लागि software निर्माण गर्ने कार्य प्रारम्भ गरिएको छ । गत आर्थिक वर्ष २०६५/६६ मा सामाजिक सुरक्षा वापत वितरण गर्न नपुग भएको रकम रू. १ अर्ब २० करोड ९८ लाख ५४ हजार यस आर्थिक वर्षमा वितरण गरिएको छ ।

तालिका १२(म): सामाजिक सुरक्षा अन्तर्गत लक्षित वर्गलाई उपलब्ध गराइएको भत्ताको विवरण

क्र.सं.	लक्षित समूहको विवरण	संख्या	मासिक दर रू.	कैफियत
१	जेष्ठ नागरिक ७०+	५,३२,६३४	५००	
२	जेष्ठ नागरिक दलित ६०+	९३,३७७	५००	
३	जेष्ठ नागरिक कर्णाली ६०+	१४,१०८	५००	
४	एकल महिला	२,६७,८५७	५००	
५	लोपोन्मुख जनजाति	१६,४७०	५००	राउटेको लागि मासिक रू. १०००।- भत्ता दिने व्यवस्था रहेको
६	पूर्ण अशक्त अपाङ्ग	१३,०८९	१०००	
७	आंशिक अपाङ्ग	६,८७५	३००	
जम्मा		९,४४,४१०		

स्रोत: स्थानीय विकास मन्त्रालय ।

बाल अनुदान कार्यक्रम

१२.८६ कर्णाली अञ्चलका प्रत्येक परिवारका र अन्य जिल्लाका दलित परिवारका ५ वर्ष मुनिका २ जनासम्म बालबालिकालाई २०६६ कार्तिक महिनादेखि मासिक रू. दुई सयका दरले बाल संरक्षण अनुदान वितरण गर्नको लागि बाल संरक्षण कार्यविधि निर्माण गरी जिल्लाहरूबाट लक्षित समूहको लगत संकलन गर्ने कार्य भइरहेको छ । यसबाट करिव चार लाख बालबालिका लाभान्वित हुने अनुमान गरिएको छ ।

समावेशी विकासतर्फ

लोपोन्मुख आदिवासी/जनजाति उत्थान र चेपाङ्ग विकास कार्यक्रम

१२.८७ यस कार्यक्रमबाट आर्थिक वर्ष २०६५/६६ मा आदिवासी जनजाति तथा चेपाङ्ग जातिको समेत भाषा, कला, संस्कृति संरक्षण सम्वर्द्धन अन्तर्गत मातृ भाषाहरूको भाषिक सर्भेक्षण १ वटा, शव्दकोष निर्माण तथा प्रकाशन १६ वटा, ती जातिका ३ सय

२२ जना विद्यार्थीहरूलाई छात्रवृत्ति, शैक्षिक सामग्री वितरण, ६५ वटा आयआर्जन कार्यक्रम र चेतनामूलक कार्यक्रमहरू एवम् ILO Convention 169 को अभिमुखीकरण आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिएकोमा चालु आर्थिक वर्षमा पनि सोही कार्यक्रमहरूलाई निरन्तरता दिइएको छ ।

उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति

१२.८८ आर्थिक वर्ष २०६५/६६ मा उपेक्षित, उत्पिडित र दलित वर्गको उत्थान एवम् विकासका लागि विभिन्न सञ्चार तथा गोष्ठी, सेमिनार लगायतका विभिन्न माध्यमहरू मार्फत चेतनामूलक, आयमूलक, रोजगारमूलक, सीपमूलक, प्रविधि हस्तान्तरण, क्षमता विकास, सामाजिक परिचालन, विद्यार्थीहरूलाई छात्रवृत्ति एवम् शैक्षिक सामग्री वितरण, निःशुल्क स्वास्थ्य शिविर, सशक्तिकरण आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिएकोमा चालु आर्थिक वर्षमा समेत निरन्तरता दिइएको छ ।

मधेशी-पिछडा वर्ग र मुस्लिम वर्ग उत्थान कार्यक्रम

१२.८९ मधेशी, मुस्लिम एवं पछाडि परेका वर्ग र अन्य अल्प संख्यकहरूको हीत अनुकुल नीति निर्माण गरी उनीहरूको आर्थिक, सामाजिक र सांस्कृतिक स्थितिमा सुधार गर्ने हेतुले नेपाल सरकारले आफ्नै स्रोतमा आर्थिक वर्ष २०६४/६५ देखि २२ जिल्लामा यो कार्यक्रम सञ्चालनमा ल्याएको हो । आर्थिक वर्ष २०६५/६६ मा १० जिल्लाका २० जना प्रशिक्षार्थीहरूलाई मगही भाषा सम्बन्धी प्रशिक्षण दिइएको थियो भने जिल्ला विकास समितिमार्फत लक्षित समुहमा रोजगारीमूलक एवं सचेतना, प्रजनन स्वास्थ्य, स्वास्थ्य शिक्षा, सरसफाई, साक्षरता तथा शैक्षिक प्रोत्साहन, संस्थागत विकास जस्ता कार्यक्रमहरू सञ्चालन गरिएको थियो भने आर्थिक वर्ष २०६६/६७ मा पनि सोही कार्यक्रमहरूलाई निरन्तरता दिइएको छ ।

चुरे एवं तराई क्षेत्र विकास कार्यक्रम

१२.९० दीर्घकालिनरुपमा तराई तथा चुरे क्षेत्रको समग्र विकास गर्ने लक्ष्य लिई आर्थिक वर्ष २०६४/६५ देखि यो कार्यक्रम सिराहा, धनुषा, महोत्तरी, सर्लाही र रुपन्देहीमा सञ्चालित छ । आर्थिक वर्ष २०६५/६६ मा यस कार्यक्रमको कार्यान्वयन स्थानीय तहमा जिल्ला विकास समितिमार्फत् जिल्ला भूसंरक्षण कार्यालयको सहयोगमा गाउँ विकास समितिबाट हुने व्यवस्था गरी कार्यक्रम कार्यान्वयनका लागि १ करोड ८० लाख अनुदान उपलब्ध गराइएको थियो । आर्थिक वर्ष २०६६/६७ मा यस कार्यक्रम कार्यान्वयनका लागि १ करोड ९० लाख अनुदान उपलब्ध गराई कार्यक्रम सञ्चालन भइरहेको छ ।

राष्ट्रिय दलित आयोग

१२.९१ दलितहरूको हक हित संरक्षण र समग्र विकासको लागि गठन भएको राष्ट्रिय दलित आयोगले मुख्यत दलित सम्बन्धी नीति निर्माण गर्ने, दलितहरूको परम्परागत सीपको अध्ययन गर्ने, भूमिहीन दलितको तथ्यांक संकलन एवं विश्लेषण गर्ने, सामाजिक

जागरण र न्याय सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, दलित सम्बन्धी कार्यक्रमहरूको समन्वय र संयोजन गर्ने तथा दलित तथ्यांक स्रोत केन्द्रको विकास गर्ने जस्ता कार्यहरू वि.सं. २०५८ देखि गर्दै आएको छ। दलित समुदायका मुद्दाहरूलाई भावी संविधानमा समावेश गर्ने सम्बन्धमा सुझाव तयार भई राष्ट्रिय दलित आयोग स्थापना गर्न बनेको विधेयक र छुवाछुत विरुद्ध अपराध नियन्त्रण विधेयकको सैद्धान्तिक स्वीकृति प्राप्त भई व्यवस्थापिका संसदमा पेश भएको छ। आर्थिक वर्ष २०६६/६७ को आठ महिनामा सिन्धुपाल्चोक र मकवानपुर जिल्लामा घुम्ति न्यायिक सेवा कार्यक्रम सम्पन्न भएको छ भने स्याङ्जा र ओखलढुङ्गामा अपाङ्गता भएकाका लागि दलित सशक्तिकरण कार्यक्रम सम्पन्न भएको छ।

दुर्गम एवं विशेष क्षेत्र विकास कार्यक्रम

१२.९२ नेपालका उत्तरी भु-भागका सिमावर्ती जिल्लाहरू र भौगोलिक दृष्टीकोणले अत्यन्त विकट एवं आर्थिक दृष्टीकोणले अत्यन्त पिछडिएका २२ जिल्लामा गरिबी निवारणलाई सघाउ पुऱ्याउने गरी लक्षित कार्यक्रमको रुपमा दुर्गम क्षेत्र विकास कार्यक्रम सञ्चालनमा रहेको छ। सुरुमा २०२२ सालमा चार हिमाली जिल्ला हुम्ला, मुस्ताङ, सोलुखुम्बु (नाम्चेवजार) र ताप्लेजुङको भौतिक पूर्वाधार तयार गर्ने कार्यबाट प्रारम्भ भएको यो कार्यक्रम २०३३ सालमा थप १४ जिल्लाहरू समावेश गरी १८ जिल्लामा विस्तार गरेको र त्यसपछि पुनः २०४७ सालमा गरिएको पुनरावलोकनको आधारमा ४ जिल्ला थप गरी कुल २२ जिल्लामा कार्यक्रम सञ्चालन भइरहेको छ। कार्यक्रमको उचित व्यवस्थापन र समन्वय गर्न संस्थागतरुपमै दुर्गम क्षेत्र विकास समिति क्रियाशील रहेको छ। यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६५/६६ मा आठवटा झोलुङ्गे पुल तथा १० वटा विद्युतीकरण कार्यक्रम सम्पन्न भई २ सय २ किलोवाट विद्युत उत्पादन, तीनवटा खानेपानी आयोजना, चारवटा साना सिंचाई र १० वटा नदी नियन्त्रण, काठेपुल, टावर निर्माण लगायतका विविध कार्यक्रमहरू, ३० वटा आयोजना सर्भेक्षण, पाँचवटा सीपमूलक तालीम कार्यक्रम सम्पन्न भएका थिए। आर्थिक वर्ष २०६६/६७ मा तीनवटा झोलुङ्गे पुल, तीनवटा विद्युतीकरण आयोजना, एउटा सिंचाई कार्यक्रम र सात कि.मी. घोडेटो बाटोको निर्माण कार्य सम्पन्न भएको छ।

गुम्बा व्यवस्था तथा विकास कार्यक्रम

१२.९३ देशभित्र छरिएर रहेका गुम्बा तथा गुम्बामा रहेका महत्वपूर्ण पुरातात्विक वस्तु तथा सार्वजनिक सम्पत्तिहरूको संरक्षण, सम्वर्द्धन र विस्तार गर्न यो कार्यक्रम सञ्चालन भएको हो। आर्थिक वर्ष २०६५/०६६ मा यस कार्यक्रम अन्तर्गत ९२ वटा गुम्बा मर्मत सम्भार, प्राचीन, पुरातात्विक एवं ऐतिहासिक महत्वका गुम्बाहरूको प्राविधिक सर्वेक्षण कार्यक्रम, दुई पटक धर्मदेशना र दुई पटक लामा देशदर्शन कार्यक्रम, छ जिल्लामा गुम्बा सर्वेक्षण कार्य, १२ पटक प्राचीन गुम्बाहरूको अध्ययन अनुसन्धान कार्य, आम्ची, थाङ्का लेखन र प्राचीन मूर्ति संरक्षण तालीम एक/एक पटक सम्पन्न, हिमाली शिशु उपहार भाग १ र २ को पुनः प्रकाशन तथा एउटा पुस्तकालय निर्माण कार्य सम्पन्न भएको थियो। चालु आर्थिक वर्ष २०६६/६७ को आठ महिनामा धर्म देशना कार्यक्रम

एउटा सम्पन्न भई आठ जिल्लामा गुम्बाहरूको अद्यावधिक सर्वेक्षण गरिएको र आठ जिल्लाका विभिन्न आठवटा प्राचीन गुम्बाहरूको विस्तृत प्राविधिक सर्भेक्षण सम्पन्न भएको छ। यस अवधिमा सोलुखुम्बु जिल्लामा सीपमूलक आम्ची तालीम र प्राचीन गुम्बा स्वावलम्बन कार्यक्रम सम्पन्न भएको छ।

महिला तथा बालवालिकाहरूका लागि विकेन्द्रित कार्य योजना

१२.९४ युनिसेफको अनुदान सहयोगमा देशभरका २३ जिल्लाहरू (पाँचथर, सुनसरी, उदयपुर, सप्तरी, काभ्रे, चितवन, पर्सा, नवलपरासी, तनहुँ, कास्की, कपिलवस्तु, दाङ, रुकुम, जाजरकोट, कालिकोट, जुम्ला हुम्ला, मुगु, डोल्पा डडेल्धुरा, बझाङ, बाजुरा र अछाम) का ३ सय ६१ गाविस तथा १० नगरपालिकामा यो कार्यक्रम सञ्चालनमा रहेको छ। आर्थिक वर्ष २०६५/६६ मा गुणस्तरीय आधारभूत शिक्षा, प्रारम्भिक बालकोष, प्रारम्भिक बाल स्याहार र वौद्धिक विकास, बाल स्वास्थ्य, मातृ स्वास्थ्य, सरसफाई, एचआइभी एड्स रोकथाम, महिला र बालबालिकाको अधिकार संरक्षण, सामुदायिक कार्य प्रक्रिया (CAP) आदि क्षेत्रहरूलाई यस कार्यक्रमले समेटेकोमा चालु आर्थिक वर्ष २०६६/६७ मा समेत गत वर्ष सञ्चालित कार्यक्रमहरूलाई निरन्तरता दिइएको छ। साथै, विपन्न वर्गका महिला तथा बालबालिकाहरूको सार्वजनिक सेवामा पहुँच विस्तार र सशक्तिकरण भई सोच्न सक्ने क्षमतामा विकास भएको छ। त्यसैगरी, ग्रामीण महिला तथा बालबालिकाहरूको स्वास्थ्य स्थितिमा सुधार आएको, बालबालिकाहरू आफ्नो अधिकार प्रति सचेत भई उनीहरूको क्षमतामा विकास भएको र यस कार्यक्रम अन्तर्गत ८ हजार ४ सय ३५ वटा सामुदायिक संस्थाहरू क्रियाशील रहेका र समुदायस्तर/विद्यालयस्तरमा बाल क्लवहरू गठन भई त्रिकाशिल रहेका छन्। यसैगरी गाउँ विकास समितिस्तरमा हालसम्म ४ सय ५७ वटा प्यारालिगल कमिटि क्रियाशील भएका छन् भने करिव सात हजार प्रारम्भिक बाल विकास केन्द्र सञ्चालनमा आएका छन्। यस कार्यक्रम अन्तर्गत हालसम्म पाँचवटा जिल्ला र एउटा नगरपालिकामा बालमैत्री शासन अवधारणा परीक्षणको रुपमा सुरु भएको छ।

जनसंख्या शिक्षा तथा प्रजनन स्वास्थ्य कार्यक्रम

१२.९५ जनसंख्या तथा प्रजनन् स्वास्थ्यमा सुधार गरी लैंगिक न्याय कायम गर्न संयुक्त राष्ट्र संघीय जनसंख्या कोष (UNFPA) को सहयोगमा सन २००८ देखि सप्तरी, रौतहट,महोत्तरी,कपिलवस्तु, दाङ र डडेल्धुरा जिल्लामा यो कार्यक्रम सञ्चालनमा रहेको छ। आर्थिक वर्ष २०६५/६६ मा जिल्लास्तरीय अभिमुखीकरण ४५ गाउँ विकास समितिमा, महिला स्वास्थ्य कोषको स्थापना ३२ गाउँ विकास समितिमा र १५ गाउँ विकास समिति का प्राथमिक स्वास्थ्य केन्द्रहरूमा EOC कोषको स्थापना भएको थियो। चालु आर्थिक वर्षमा कार्यक्रम स्वीकृत भई कार्यान्वयन भइरहेको छ।

गरिबी निवारण र रोजगारी

कर्णाली रोजगार कार्यक्रम

१२.९६ कर्णाली अञ्चलको भौगोलिक विकटता, गरिबी, आर्थिक एवं सामाजिक पछौटेपनका कारण अधिकांश परिवारका व्यक्तिहरूको परम्परागत पेशा, व्यवसाय वा रोजगारीबाट प्राप्त आम्दानीले जीवन धान्न कठिन भएको यथार्थलाई मध्यनजर गरी यस्ता परिवारहरूलाई रोजगारीका अवसर उपलब्ध गराउने अभिप्रायले आर्थिक वर्ष २०६३/६४ देखि "कर्णाली अञ्चल एक परिवार एक रोजगार" को नामबाट यो कार्यक्रम सञ्चालन हुँदै आएको छ। आर्थिक वर्ष २०६५/६६ मा यस कार्यक्रमबाट गोरेटो तथा घोडेटो र मोटर बाटो निर्माण, शौचालय, विद्यालय भवन निर्माण एवम् साना लघु जलविद्युत आयोजना मर्मत जस्ता स-साना ६ सय १५ वटा आयोजना सम्पन्न भएकाछन्। जसबाट औसत १३ दिनका दरले रोजगारी सिर्जना भई ८ लाख ७८ हजार ३ सय २७ व्यक्ति प्रति दिन (Man/days) को काम भई सम्बन्धित व्यक्ति लाभान्वित भएका थिए। कर्णाली अञ्चलको परिप्रेक्षमा अघिल्लो आर्थिक वर्षको मंसिरदेखि कार्तिक मसान्तसम्म एक आर्थिक वर्ष कायम गरी मंसीरदेखि फागुन मसान्तसम्म पहिलो चौमासिक अवधि कायम गरिएको हुँदा यस अवधिमा जिल्लाहरूमा बेरोजगार परिवारहरूको विवरण अद्यावधिक गर्ने, बेरोजगार परिवारका समूह गठन गरी समूहबाट चयन गरेका योजना छनौट गरी अनुमानित लागत तयार गर्ने तथा जिल्लामा कार्यरत सरकारी एवं गै.स.स. सँग कार्यगत समन्वय र एकिकृत गर्ने काम भइरहेको छ।

पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना

१२.९७ मध्यपश्चिम तथा सुदूर पश्चिमका उच्च पहाडी जिल्लाहरूमा बसोबास गर्ने अति विपन्न जनताको जीवनस्तर सुधार गर्ने उद्देश्यले आर्थिक वर्ष २०५९/६० मा ४ जिल्लाहरू (जुम्ला, हुम्ला, बझाङ र बाजुरा) आर्थिक वर्ष २०६३।६४ मा ४ जिल्लाहरू (मुगु, डोल्पा, कालिकोट र जाजरकोट) र आर्थिक वर्ष २०६५।६६ मा ३ जिल्ला (रुकुम, रोल्पा र दैलेख) गरी कुल ११ जिल्लाहरूमा पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना नेपाल सरकार र कृषि विकासका लागि अर्न्तराष्ट्रिय कोष (IFAD), सम्बन्धित जिल्ला विकास समितिहरू, गाउँ विकास समितिहरू, निजी क्षेत्र र स्थानीय उपभोक्ताहरूको संयुक्त लगानीमा सञ्चालन भइरहेको छ। यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६५/६६ मा खानेपानी तथा सरसफाई, साना सिंचाई, विद्यालय भवन, स्वास्थ्य चौकी, पुल पुलेसा, लघु जलविद्युत जस्ता ९५ वटा पूर्वाधार योजनाको निर्माण कार्य सम्पन्न भएका छन् भने ८७ वटा उपभोक्ता समितिलाई योजना मर्मत सम्भार एवं सामाजिक परीक्षण सम्बन्धी तालीम प्रदान, ५४ पटक गाउँ विकास समितिस्तरमा सार्वजनिक सुनुवाइ कार्यक्रम, १ सय ४४ वटा कवुलियती वन उपभोक्ता समूह गठन, ५ सय ४४ हेक्टर कबुलियती वन समूहलाई हस्तान्तरण गरिएको, २ सय ९६ हेक्टर कवुलियती वनमा जडिबुटी खेती कार्य सञ्चालन गरिएको, कृषि तथा पशुपालन कार्यक्रम अन्तर्गत फलफूलका विरुवा वितरण,

सिडकीट वितरण, हरितगृह निर्माण, बाख्रा पैंचो जस्ता कार्यक्रम सञ्चालन गरिनुको साथै लघुवित्त तथा बजारीकरण कार्यक्रम अन्तर्गत समूह गठन, आन्तरीक वचत तथा ऋण परिचालन, ऋण पुँजी परिचालन, व्यापार मेला प्रदर्शनी आयोजना गरिएको थियो । आर्थिक वर्ष २०६६/६७ को दोश्रो चौमासिक अवधिसम्म दुई वटा ससाना पूर्वाधार निर्माण सम्बन्धी योजनाको निर्माण कार्य सम्पन्न, ७४ वटा कबुलियती बन उपभोक्ता समिति गठन, २ सय ९८ हेक्टर कबुलियति बन जग्गा हस्तान्तरण, २ हजार ३ सय ४६ जनालाई कबुलियती बन तथा जग्गा व्यवस्थापन तालीम प्रदान गरिएको छ । १ सय ७६ वटा प्लाष्टिक घरमा तरकारी खेती प्रदर्शन, १ सय २ वटा तरकारी नर्सरी स्थापना र १ सय २३ वटा सामुदायिक संस्था गठन गरिएको छ ।

स्थानीय अग्रसरतालाई नयाँ ज्ञान र सीपसँग जोड्ने कार्यक्रम

१२.९८ आर्थिक वर्ष २०६५/६६ मा जिल्ला विकास समितिको समन्वयमा दैलेख, जाजरकोट, डोटी र अछाम जिल्लाका केही गाउँ विकास समिति हरूमा आय आर्जन बढाउने क्रियाकलापहरू तरकारी खेती, बिउ उत्पादन, जडिबुटी खेती, उत्पादित वस्तुको बजार व्यवस्थापन, उन्नत प्रविधि हस्तान्तरण, साना भौतिक पूर्वाधार, स्थानीय साझेदार संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि, स्रोतहरूको उचित व्यवस्थापन र समन्वय आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरी २१ हजार ६ सय १५ परिवार लाभान्वित भएका थिए भने ७० वटा साना भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न भएको थियो । आर्थिक वर्ष २०६६/६७ को यस अवधिमा १३ हजार २ सय घरधुरी (साना किसानहरू) विभिन्न आयआर्जन (तरकारीको बिउ, कोशेवाली, अदुवा, जडीबुटी) कार्यक्रममा संलग्न भई उत्पादन तथा बजारीकरणमा लागेका छन् । ३० वटा साना लघु सिंचाई योजनाको निर्माण कार्य सम्पन्न भएको छ भने कृषि प्रविधिको प्रचारप्रसार र ज्ञान सीप हस्तान्तरण गर्न मागमा आधारित १ हजार १ सय समूह परिचालन भएको छ ।

नेपाल खाद्य सङ्कट सम्बोधन कार्यक्रम

१२.९९ खाद्य सङ्कट भएका जिल्लाहरूमा खाद्य सुरक्षालाई अभियानको रुपमा सुनिश्चित गर्न, खाद्य सङ्कटको चपेटामा परेका जनताहरूलाई तत्काल राहत दिन र खाद्यान्न उत्पादन बढाउन किसानहरूलाई सहयोग गर्न विशेष आयोजना तयार गरी तत्काल कार्यान्वयन गर्ने उद्देश्यले अर्थ मन्त्रालय, स्थानीय विकास मन्त्रालय, विश्व बैंक र विश्व खाद्य कार्यक्रम बीच सम्झौता भई यो कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

वातावरण व्यवस्थापन

शहरी वातावरण सुधारका लागि सरकार निजी क्षेत्र साझेदारी कार्यक्रम

१२.१०० संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को सहयोगमा १० वटा नगरपालिकाहरूमा शहरी वातावरणको लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रमले सार्वजनिक निजी क्षेत्र साझेदारीले बढ्दो

शहरीकरणलाई व्यवस्थित गर्न सरकार, निजी क्षेत्र र नागरिक समाजलाई एकै ठाउँमा भेला गराई साझेदारी कार्यलाई अगाडि बढाउन आवश्यक वातावरण तयार गर्ने कार्य गरिरहेको छ। आर्थिक वर्ष २०६५/६६ मा चार वटा खानेपानी वितरण, तीन वटा शहरी सरसफाई (सार्वजनिक शौचालय), एउटा फोहोरमैला व्यवस्थापन (मल बनाउने, घरघरबाट फोहोर जम्मा गर्ने आदि), चार वटा शहरी यातायात व्यवस्थापन, एउटा नविकरणीय उर्जा कार्यक्रम सम्पन्न भएको थियो भने तालीम, गोष्ठी, सेमीनार, अभिमुखीकरण कार्यक्रमद्वारा १ हजार १ सय ६० जनाको क्षमता अभिवृद्धि गरिएको थियो। आर्थिक वर्ष २०६६/६७ मा एउटा खानेपानी वितरण, पाँचवटा शहरी सरसफाई, पाँचवटा फोहोरमैला व्यवस्थापन, दुईवटा शहरी यातायात व्यवस्थापन कार्यक्रम सम्पन्न भएको छ भने ५ सय ८७ जनालाई तालीम, अभिमुखिकरण, सेमिनारमार्फत क्षमता अभिवृद्धि गरिएको छ।

फोहरमैला व्यवस्थापन कार्यक्रम

१२.१०१ फोहरमैलाको दिगो व्यवस्थापन गर्नका लागि जनचेतना अभिवृद्धि गरी वातावरणीय प्रदूषण नियन्त्रण गर्ने, फोहोरलाई स्रोतको रुपमा परिचालन गर्ने र फोहोर मैला व्यवस्थापनमा गैर-सरकारी तथा निजी क्षेत्र समेतलाई सहभागी गराउने उद्देश्यले आर्थिक वर्ष २०५६/५७ देखि यो कार्यक्रमको सुरुवात भएको हो। आर्थिक वर्ष २०६५/६६ तीन पिप्ले आलेटार सडक मर्मत सम्भार एवं पहिरो पन्छाउने कार्य, उपत्यका बाहिरका तीन वटा नगरपालिकामा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा वातावरणीय प्रभाव अध्ययन (EIA) कार्यमा सहयोग, २१ वटा नगरपालिकाहरूमा क्षमता अभिवृद्धि तथा आलेटार ल्याण्डफिल साइटको पूर्वाधार विकास कार्यहरू सम्पन्न भएका थिए। आर्थिक वर्ष २०६६/६७ मा काठमाण्डौं उपत्यकाको दिर्घकालिन फोहरमैला व्यवस्थापन गर्न प्रस्तावित बञ्चरे डाँडा दिर्घकालिन स्यानीटरी ल्याण्डफिल साईट निर्माणका लागि EIA को प्रतिवेदन स्वीकृत भइसकेको छ भने मध्यवर्ती क्षेत्रका लागि मुआव्जा वितरण भइरहेको छ। फोहरमैला व्यवस्थापन गर्न बनेको ऐन, २०६६ को विद्येयक संसदमा पठाउने कार्य भइसकेको छ। काठमाण्डौं उपत्यकाको फोहरमैला व्यवस्थापन निजी क्षेत्रको साझेदारीमा गर्नका लागि निजी क्षेत्रको छनौट लगायतका कार्यहरू गर्न फोहरमैला व्यवस्थापन सम्बन्धी अधिकार सम्पन्न उच्चस्तरीय समिति गठन भई मनसायपत्र माग गरी छनौट भएका निजी क्षेत्रबाट प्रस्ताव माग गर्ने (Request for proposal) कार्य अगाडी बढी रहेको छ। यस अवधिमा ओखरपौवा प्रवेशमार्गको ३.४ कि.मी. सडकको नाली सफाई कार्य तथा मर्मत, आलेटार ल्याण्डफिल साइटमा सेड तथा विद्युतीकरण गरिएको छ भने सिसडोल ल्याण्डफिल साइटलाई वातावरण मैत्री बनाउन माटोले छोप्ने कार्य (Post closure) भइरहेको छ।

स्थानीयस्तरमा वातावरणीय व्यवस्थापन सुदृढीकरण कार्यक्रम

१२.१०२ फिनल्याण्ड सरकारको सहयोगमा वातावरणीय व्यवस्थापन प्रशासनलाई सुदृढ गर्ने उद्देश्यले आर्थिक वर्ष २०५८/५९ सालदेखि सुरु भएको यस कार्यक्रमबाट आर्थिक

वर्ष २०६५/६६ मा १९ वटा नगरपालिकाहरूको क्षमता विकास सम्बन्धी कार्यक्रम र स्थानीय निकायको २ सय ४४ जना कर्मचारी निजी क्षेत्र समुदायहरूमा सार्वजनिक निजी साझेदारी सम्बन्धी क्षमता अभिवृद्धिका साथै परियोजना विकास, व्यवस्थापन सम्बन्धी तालीम प्रदान गरी स्रोत सामग्री समेत प्रकाशित भएको थियो। यस अवधिमा सार्वजनिक निजी साझेदारी स्थानीय तहमा परियोजनाहरूको सञ्चालनको वित्तिय स्वरुप सम्बन्धी नीतिको मस्यौदा तयार गर्ने कार्य सम्पन्न भएको थियो। चालु आर्थिक वर्ष २०६६/६७ को आठ महिनामा वातावरणीय अनुगमन तथा प्रयोगशाला प्रवर्द्धन, छवटा नगरपालिकाहरूमा वातावरण शाखा र उपसमिति गठन गरी शाखा र उपसमितिमा कार्यरत कर्मचारीहरूलाई तालीम प्रदान गरिएको छ भने वातावरणीय नमूना गाउँ कार्यक्रम सञ्चालन एवं स्थानीय वातावरण कोष र औद्योगिक वातावरणीय सहयोग कोष सम्बन्धी कार्यहरू भएका छन्।

जनशक्ति तथा संस्थागत विकास

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान

१२.१०३ स्थानीय निकायहरूको संस्थागत क्षमता अभिवृद्धिका लागि तालीम, अनुसन्धान, परामर्श सेवा उपलब्ध गराउने उद्देश्यले आर्थिक वर्ष २०३८/३९ देखि यस प्रतिष्ठानबाट कार्यक्रम सञ्चालन हुँदै आएको छ। आर्थिक वर्ष २०६५/६६ मा १२ जनालाई स्थानीय स्रोत साधन परिचालन, ३६ जनालाई सामाजिक परिचालन, ४० जनालाई लैङ्गिक मूल प्रवाहीकरण तथा सामाजिक समावेशीकरण, २० जनालाई सामाजिक समावेशीकरण अभिमूखिकरण, ७५ जना गाउँ विकास समिति सचिवलाई सेवाकालिन, ५८ जना स्थानीय निकायका लेखा सहायकका लागि लेखा सम्बन्धी, ४८ जना सहायक कर्मचारीको लागि सुशासन सम्बन्धी, ४८ जनालाई कार्यालय व्यवस्थापन सम्बन्धी, २६ जनालाई स्थानीय सुशासन तथा समावेशी विकास सम्बन्धी र १५ जनालाई पुस्तकालय तथा सूचना अभिलेख सम्बन्धी सेवाकालिन प्रशिक्षण दिइएको थियो। आर्थिक वर्ष २०६६/६७ मा २५ जना स्थानीय निकायका सहायक कर्मचारीको लागि लेखा व्यवस्थापन सम्बन्धी प्रशिक्षण, १ सय ७७ जना गाउँ विकास समिति सहायक कर्मचारीहरूका लागि लेखा सम्बन्धी सेवाकालिन प्रशिक्षण, २४ जनालाई सामाजिक परिचालन प्रशिक्षण र २० जनालाई लैङ्गिक मूल प्रवाहीकरण तथा सामाजिक समावेशीकरण प्रशिक्षण दिइएको छ।

जनशक्ति, संचार, वातावरण व्यवस्थापन तथा योजना अनुगमन

१२.१०४ यस कार्यक्रम अन्तर्गत स्थानीय विकास मन्त्रालयबाट स्थानीय निकायहरूद्वारा सञ्चालित आयोजना एवम् कार्यक्रमहरूको अनुगमन गरी तत्काल सुझाव दिने एवम् वार्षिकरुपमा क्षेत्रीय अनुगमन तथा समीक्षा गोष्ठी सञ्चालन गर्ने, पत्रिका एवम् ब्रोसर प्रकाशन गर्ने, कर्मचारीहरूको क्षमता अभिवृद्धि सम्बन्धी तालीम प्रदान गर्ने लगायतका कार्यक्रमहरू सञ्चालन हुँदै आइरहेको छ

स्थानीय निकाय वित्तीय आयोग

१२.१०५ आयोगले स्थानीय निकायहरूको आय स्रोत बढाउनको लागि अध्ययन गरी सुझावहरू सिफारिस गर्ने, आयस्रोतको वित्तीय विश्लेषण पुस्तिका प्रकाशन गर्ने, स्थानीय निकायहरूले ऐन, नियमावली, कार्यविधि/निर्देशिका अनुरूप कार्य गरे नगरेको सम्बन्धमा विश्लेषण गरी कार्यसम्पादनको स्तरलाई मन्त्रालयबाट प्रदान गरिने थप अनुदानसँग आवद्ध गर्न विभिन्न न्यूनतम शर्त तथा कार्यसम्पादन मापन टोलीलाई परिचालन गर्ने लगायतका कार्यक्रमलाई निरन्तरता दिइएको छ।

स्थानीय निकाय अनुदान

१२.१०६ स्थानीय श्रम, साधन तथा सीपको अधिकतम उपयोग गरी जनसहभागिता जुटाई स्थानीय विकासको कार्यलाई संस्थागतरुपमा विकास गर्न आन्तरिक स्रोतका अलावा आवश्यक थप स्रोत र साधनका लागि नेपाल सरकारले जिल्ला विकास समिति हरूलाई अनुदान उपलब्ध गराउँदै आएको छ। आर्थिक वर्ष २०६५/६६ मा जिल्ला विकास समिति अनुदानबाट ४ सय २६ कि.मी. सडक, २ सय ९ वटा झोलुङ्गेपुल, २६ वटा सडक पुल, १ सय ४० वटा सिंचाई तथा नदी नियन्त्रण आयोजना, ५७ वटा लघु जल विद्युत योजना, ६ सय ५२ वटा खानेपानी योजना र ३ सय २२ वटा भवन निर्माण कार्य सम्पन्न भएको थियो। त्यस्तै, आर्थिक वर्ष २०६६/६७ मा सूत्रको आधारमा अर्थ मन्त्रालयबाट सोझै निकासा दिने व्यवस्था गरिएको छ भने जिल्लाको कार्य सम्पादन मापनलाई आधार मानी प्रोत्साहन अनुदान दिने व्यवस्था समेत गरिएको छ। यस अवधिमा अनुदान र आन्तरिक स्रोतबाट ६ सय ६४ कि.मी. सडक, पुल पुलेसा ४४ वटा, विद्यालय तथा सामुदायिक भवन २ सय १२ वटा, खानेपानी आयोजना २ सय ८८ वटा, सिंचाई तथा नदी नियन्त्रण १ सय ६० वटा, ग्रामीण विद्युतीकरण ९५ किलोबाट निर्माण कार्यसम्पन्न भएको छ।

१२.१०७ स्थानीय स्रोत साधनको परिचालन र विकासको प्रतिफलमा सामाजिक समानता ल्याउन जनताको सहभागितामा अभिवृद्धि गर्दै जवाफदेही स्थानीय निकायहरूको संस्थागत विकासका लागि नगरपालिकाहरूलाई सार्वजनिक निर्माण सुधार तथा सामाजिक गतिविधिहरू समेतमा थप सहयोग पुऱ्याउन आर्थिक वर्ष २०६२/६३ देखि सूत्रमा आवद्ध गरी नगरपालिका अनुदान दिदै आएकोमा आर्थिक वर्ष २०६५/६६ मा नगरपालिका अनुदान रू. ३२ करोड ४५ लाख उपलब्ध गराइएको थियो भने आर्थिक वर्ष २०६६/६७ मा रू. ३५ करोड अनुदान वितरण गरिएको छ।

१२.१०८ स-साना विकास निर्माणका कार्यक्रमहरू गाउँ विकास समितिस्तरबाटै होस् भन्ने उद्देश्यका साथ जनसहभागिता जुटाई जनतालाई स्थानीय सेवा र सुविधामा सहज पहुँच पुऱ्याउन, स्थानीय निकायलाई जनचाहनाप्रति संवेदनशील र जनउत्तरदायी बनाउन, गाउँ विकास समितिलाई सवल र स्वावलम्बी बनाई सेवा प्रवाहलाई प्रभावकारी बनाउन यो कार्यक्रम सञ्चालनमा आएको हो। आर्थिक वर्ष २०६५/६६ मा "हाम्रो गाउँ राम्रो बनाउँ" भन्ने नाराका साथ गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६५ बमोजिम गाउँ विकास समिति अनुदान रू. १५

लाखदेखि रू. ३० लाखसम्म वितरण गर्ने व्यवस्था मिलाइएको थियो । सोही आर्थिक वर्षमा गाउँ विकास समिति अनुदानबाट १ सय ६९ कि.मी. सडक, सात वटा झोलुङ्गे पुल, ४८ वटा लघु जलविद्युत तथा वैकल्पिक उर्जा, १ सय ६६ वटा खानेपानी तथा सरसफाई योजना र १ सय २० वटा भवन निर्माण सम्पन्न भएका थिए । त्यसैगरी, आर्थिक वर्ष २०६६/६७ मा "आफ्नो गाउँ आफैं बनाउँ" भन्ने नाराका साथ अनुदानलाई गत आर्थिक वर्ष सरह उपलब्ध गराइएको छ । यस अवधिमा १ सय २ कि.मी. सडक, एउटा पुल, ४२ सिंचाई तथा नदी नियन्त्रण, आठवटा लघु जलविद्युत तथा बैकल्पिक उर्जा, ९५ वटा खानेपानी योजना र ८० वटा भवन निर्माण भएका छन् ।

तालिका १२(य): स्थानीय निकायहरूमा अनुदान रकम वितरणको सूत्र

निकाय/आधार ⟶ ↓	जनसंख्या (२०५८ को जनगणना अनुसार)	लागत	क्षेत्रफल (नापी विभागको सर्भेक्षण अनुसार)	गरिबी
गाउँ विकास समिति	६० प्रतिशत	३० प्रतिशत	१० प्रतिशत	-
नगरपालिका	५० प्रतिशत	-	२५ प्रतिशत	२५ प्रतिशत
जिल्ला विकास समिति	४० प्रतिशत	२५ प्रतिशत	१० प्रतिशत	२५ प्रतिशत

स्रोत : स्थानीय विकास मन्त्रालय ।

स्थानीय विकास शुल्क कोष

१२.१०९ आर्थिक वर्ष २०५५/५६ देखि नगरपालिकाहरूले उठाउँदै आएको चुंगीकर खारेज भई नेपाल सरकारबाट भन्सार विन्दुमा नै १.५ प्रतिशत स्थानीय विकास शुल्क उठाई चुंगीकरको सट्टामा स्थानीय विकास शुल्क उपलब्ध गराउँदै आएको छ । यसरी उठ्दै आएको स्थानीय विकास शुल्कबाट बचत हुन आएको रकमबाट जगेडा कोष स्थापना गरी नगरपालिकाहरूले स्वीकृत गरेका योजनाहरूका लागि स्थानीय उपभोक्ताको लागत सहभागितामा मन्त्रालयले रकम उपलब्ध गराउँदै आएको छ । आर्थिक वर्ष २०६५/६६ मा यस रकमलाई बजेटको परिधिभित्र ल्याई कोषमार्फत नगरपालिकाहरूलाई उपलब्ध गराईएको थियो । आर्थिक वर्ष २०६५/६६ मा नगरपालिकाहरूलाई निशर्त अनुदानको रुपमा एकमुष्ट करिब रू. १ अर्ब ३३ करोड रकम चौमासिकरुपमा उपलब्ध गराइएको थियो भने विगतमा जम्मा हुँदै आएको स्थानीय विकास शुल्क मध्ये रू. १ अर्ब ४४ करोड थप सशर्त अनुदानको रुपमा उपलब्ध गराइएको थियो । आर्थिक वर्ष २०६६/६७ मा स्थानीय विकास शुल्क कोष शिर्षकमा रू. २ अर्ब विनियोजन भएकोमा १ अर्ब ३३ करोड ६७ लाख चालु र पुँजीगत गरी नगरपालिकाहरूमा अख्तियारी पठाइसकिएको छ भने बाँकी ६६ करोड सडक बत्ती महशुल र जगेडा कोष कार्यक्रमको लागि विनियोजित भई कार्यान्वयन भइरहेको छ ।

स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम

१२.११० समावेशी, जवाफदेही एवं उत्तरदायी स्थानीय निकाय र समुदायको नेतृत्वमा सहभागितात्मक विकास कार्यक्रम सञ्चालन गरी गरिबी निवारणमा सहयोग गर्ने उद्देश्यले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) आर्थिक वर्ष २०६५/६६ देखि सुरु भएको हो। आर्थिक वर्ष २०६५/६६ मा यस कार्यक्रमबाट तयारी चरणको रुपमा अत्यावश्यक संरचनाको निर्माण र कार्यविधि निर्देशिकाहरू तयार गरिएको थियो। उक्त आर्थिक वर्ष मा कार्यक्रम समन्वय इकाई स्थापना र राष्ट्रिय सल्लाहकार समिति गठन हुनाको साथै जिल्ला विकास समितिको थप अनुदान कार्यविधि तयार भई ४७ जिल्ला विकास समितिहरूलाई थप अनुदान ६३ करोड उपलब्ध गराईएको थियो। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति र सामाजिक परिचालन सम्बन्धी अवधारणापत्र तयार भएको थियो। स्थानीय विकास मन्त्रालयको संस्थागत क्षमताको समीक्षा भएको, ADB र नेपाल सरकारबीच LGCDP कार्यक्रम सञ्चालन गर्न सम्झौता हुनुका साथै LGCDP को अनुगमन तथा मूल्याङ्कन खाका तयार भएको थियो। LGCDP को संयुक्त वित्तीय सम्झौतामा नेपाल सरकार र दातृ निकायहरू क्रमशः एसियाली विकास बैंक, नर्वे र डेनमार्क सरकार, डि.एफ.आइ.डि./एस.डि.सी. बीच सम्झौता भई आर्थिक वर्ष २०६६/६७ मा यस कार्यक्रमबाट जिल्ला विकास समिति र नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन तथा गाउँ विकास समितिको न्यूनतम शर्तको नतिजाका आधारमा सफल भएका ६७ जिल्ला विकास समिति, ५६ नगरपालिका र २ हजार ७ सय ४९ गाउँ विकास समितिहरूलाई कुल रू. २ अर्ब ४० करोड थप अनुदान उपलब्ध गराइएको छ। यस अवधिमा सामाजिक परिचालन कार्यविधि र निर्देशिका, जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिको थप अनुदान सञ्चालन कार्यविधि र निर्देशिका, निक्षेपित निकायलाई उपलब्ध गर्ने विषयगत सशर्त अनुदान सञ्चालन निर्देशिका, स्थानीय निकाय सुचना, शिक्षा तथा संचार कार्यक्रम सञ्चालन कार्यविधि, स्थानीय निकायमा वातावरणीय सुधार र सामाजिक तथा वातावरणीय सुरक्षात्मक कार्यक्रम कार्यान्वयन अनुदान सञ्चालन कार्यविधि, दलित वर्ग उत्थान जिल्ला समन्वय समिति र आदिवासी जनजाति जिल्ला समन्वय समितिको क्षमता विकास अनुदान सञ्चालन निर्देशिका, स्थानीय निकायहरूको क्षमता विकास योजना कार्यविधि निर्देशिका स्वीकृत गरी सोका आधारमा स्थानीय निकायहरूले कार्यक्रम सञ्चालन गरेका छन्।

स्थानीय निकायको आन्तरिक आयको अवस्था

१२.१११ स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका. र गाउँ विकास समिति) ले स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ बमोजिम आफ्नो क्षेत्रमा आय संकलन गरी स्थानीय जनताको आवश्यकता र माग बमोजिमका योजना तथा कार्यक्रमहरू सञ्चालन गर्न सक्ने व्यवस्था भए अनुसार आर्थिक वर्ष २०६५/६६ मा निम्नानुसारको आम्दानी भएको छ।

तालिका १२(र): आर्थिक वर्ष २०६५/६६ मा स्थानीय निकायको आन्तरिक आय

(रू.लाखमा)

स्थानीय निकाय	पूर्वाञ्चल	मध्यमाञ्चल	पश्चिमाञ्चल	मध्य पश्चिमाञ्चल	सुदूर पश्चिमाञ्चल	जम्मा
जिल्ला विकास समिति	41,68	1,19,74	66,45	14,26	8,11	2,50,24
नगरपालिका	53,00	1,12,88	17,90	5,53	1,99	1,91,30
गाउँ विकास समिति	11,73	26,80	9,17	1,76	1,73	51,19
कुल जम्मा	1,06,41	2,59,42	93,52	21,55	11,83	4,92,73

स्रोत : स्थानीय विकास मन्त्रालय ।

यसरी प्राप्त आन्तरिक आय र अनुदान समेतबाट आर्थिक वर्ष २०६५/६६ मा सम्पन्न भौतिक पूर्वाधारको अवस्था :

क्रियाकलाप	जम्मा
सडकको नयाँ ट्रयाक खोल्ने काम (कि. मि.)	3,142
सडकको नियमित मर्मत (कि. मि.)	4,459
कच्ची सडक निर्माण (कि. मि.)	1,740
सडक कालोपत्रे गर्ने काम (कि. मि.)	398
सडक ग्राभेल गर्ने काम (कि. मि.)	1,582
झोलुङ्गे पुल निर्माण सम्पन्न (वटा)	655
झोलुङ्गे पुल मर्मत सभार (वटा)	722
खानेपानी आयोजना (वटा)	2,443
सिचाई (हेक्टर)	3,658
भवन निर्माण वटा	3,271
लघु विद्युतीकरण आयोजना (संख्या)	290

स्रोत : स्थानीय विकास मन्त्रालय ।

महिला, बालबालिका तथा समाजकल्याण कार्यक्रम

१२.११२ महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको हक हित एवं कल्याण अभिवृद्धिका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र मातहतका निकायहरूबाट विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । जसअनुसार महिला विकास कार्यक्रम अन्तर्गत गठित समिति, समूह, संस्था जस्ता कार्यक्रमका सम्वाहकबाट महिला सशक्तिकरण, लैङ्गिक मूल प्रवाहीकरण, लैङ्गिक समानताको अवधारणलाई बढावा दिदै राज्यका सबै क्षेत्रमा महिलाको पहुँच वृद्धि गर्न जोड दिइएको छ । यसैगरी, बालबालिकाको हक अधिकार प्रवर्द्धन गर्न, जेष्ठ नागरिकहरूको अनुभवलाई मान्यता दिई मानवोचित व्यवहारद्वारा आत्मसम्मानका

साथ जीवन यापन गर्न र अपाङ्गहरूको हक अधिकार प्रवर्द्धनको क्षेत्रमा निम्नानुसारका कार्यक्रम सञ्चालन भइरहेका छन् ।

जेष्ठ नागरिक सम्बन्धी कार्यक्रम

१२.११३ द्वन्द्व प्रभावित जेष्ठ नागरिकहरूको उचित हेरचाह र स्वास्थ्य उपचार एवं राष्ट्रिय प्रतिभाको सम्मान र सुरक्षाका लागि पाँचै विकास क्षेत्रमा एक एक वटा "जेष्ठ नागरिक आरोग्य आश्रम" र काठमाडौंमा "पुष्पलाल सर्जक आश्रम" स्थापना गर्न अनुदान र उनीहरूका लागि वृद्धावस्थाको रोगको उपचार सम्बन्धी तालीम सञ्चालन भइरहेको छ । साथै, जेष्ठ नागरिकहरूका लागि मुलुकभरिमा नै स्वास्थ्य उपचार र व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइएको छ । अक्टोवर १ लाई अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवसका रुपमा मनाउने गरिएको छ । जेष्ठ नागरिकहरूको सम्मान र आत्मविस्वास वृद्धि गर्नका लागि वृद्ध दिवा सेवा केन्द्र र वृद्धाश्रम सञ्चालन भएका छन् । यसरी सञ्चालित वृद्धाश्रमहरूलाई सञ्चालन अनुदान उपलब्ध गराइएकोछ । सामाजिक सुरक्षाको क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरू र जेष्ठ नागरिकहरूलाई राज्यले दिनसक्ने सुविधामा क्रमशः वृद्धि गर्दै लगिएकोछ । जसले गर्दा उनीहरूमा आत्माविश्वास र समाजमा प्रतिष्ठा वढ्न गएको महशुस गरिएको छ ।

अपाङ्ग सम्बन्धी कार्यक्रम

१२.११४ चालु आर्थि वर्षदेखि ७५ वटै जिल्लामा विस्तार गरिएको समुदायमा आधारित कार्यक्रमबाट अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गरी तालीम दिनुका अतिरिक्त उनीहरूमा सीप क्षमताको वृद्धि भई केही गर्न सक्ने आत्म विश्वास अभिवृद्धि भएको महसुश गरिएकोछ । अपाङ्गता भएका व्यक्तिहरूलाई साहनुभूतिपूर्वक हेरी उनीहरूको हक अधिकार सुनिश्चित गर्न ३ डिसेम्बरलाई अन्तर्राष्ट्रिय अपाङ्ग दिवसको रुपमा मनाइएको छ । अनाथ अपाङ्ग उद्धार समाज नेपाल र नेपाल कुष्ठरोग निवारण संघलाई विविध कार्यक्रम गर्न अनुदान प्रदान गरिएको छ । नेपालले हस्ताक्षर गरेको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी इच्छाधीन आलेखमा व्यवस्थापिका संसदबाट अनुमोदन भएकोछ । गत वर्ष जस्तै अपाङ्ग परिचयपत्र वितरण कार्यक्रम यस वर्ष पनि ७५ वटै जिल्लामा सञ्चालन भएको छ । अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको आवश्यकता हेरी सिपमूलक तालीम शैक्षिक सहयोग, छात्रवृत्ति र समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन भएका छन् । अपाङ्गताको शारिरिक स्थिति हेरी उनीहरूलाई आवश्यक पर्ने सहयोगी उपकरण (सेतो छडी, व्हिल चियरहरू) अपाङ्ग क्षेत्रमा कार्यरत संस्थाहरूबाट नेपालका विभिन्न जिल्लाहरूमा निःशुल्क वितरण भएका छन् । अपाङ्गता भएका व्यक्तिहरू र जेष्ठ नागरिकहरूको यकिन तथ्याङ्क नभएकाले जिल्लागतरुपमा तथ्याङ्क संकलन कार्य यसै वर्ष देखि सुरुवात गरिएको छ ।

बाल अधिकार प्रवर्द्धन सम्बन्धी कार्यक्रम

१२.११५ बालबालिका खोजतलास समन्वय केन्द्र सञ्चालन कार्यक्रमलाई निरन्तरता दिई यस अवधिमा हराएका १ हजार ३ सय ९७ जना बालबालिकाको अभिलेखिकरण गर्दै खोजी गरी सो मध्ये ७ सय ७८ जना बालबालिकालाई प्राप्त सूचनाको आधारमा फेला पारी सम्बन्धित अभिभावककहाँ सुरक्षित तवरले फिर्ता गरिएको छ। बेवारिस आवस्थामा फेला परेका २ सय ७३ जना बालबालिका मध्ये २ सय ८ जनालाई परिवारमा पुनर्स्थापना गाएिको छ भने ६२ जना बालबालिकालाई संरक्षणको लागि विभिन्न बालगृहमा राख्न लगाइएको छ। बालगृह सञ्चालन तथा व्यवस्थापन न्यूनतम मापदण्ड, २०६० बमोजिम बालगृहहरूको सञ्चालन गर्न गराउन नियमित अनुगमनको क्रममा ३८ वटा बालगृहको अनुगमन गरी व्यवस्थापनको लागि मार्गानिर्देश गरिएको छ। २७ जिल्लामा बाल संरक्षण तथा विकास कार्यक्रम, २६ जिल्लामा बाल न्याय प्रणाली सुदृढीकरण कार्यक्रम, १६ जिल्लामा संस्थागत सुदृढीकरण कार्यक्रमलाई निरन्तरता दिइएको छ भने बालमैत्री गाउँ विकास समिति स्थापना गर्ने कार्यक्रम २६ जिल्लामा सञ्चालन भइरहेको छ। दैवी विपतमा परेका बालबालिकाहरूको उद्धार गरी परिवार वा समाजमा पुनःस्थापना गर्न एउटा स्थायी केन्द्रीय आपतकालिन बाल राहत कोष स्थापना गरी कोष सञ्चालन गर्न केन्द्रीय बालकल्याण समितिलाई अनुदान दिइएको छ भने प्रस्तावित मस्यौदाको अध्ययन गरी परिमार्जित निर्देशिका मन्त्रिपरिषद्मा पेश गर्ने क्रममा रहेको छ। सिंहदरबार परिसर भित्र एक दिवा शिशु स्याहार केन्द्र स्थापना गर्ने प्रक्रिया अगाडि बढाइएको छ। पोखरा र विराटनगरमा बाल सुधार गृह निर्माणधीन अवस्थामा छन्।

महिला सशक्तिकरण कार्यक्रम

१२.११६ देशका ७५ वटै जिल्लाका २ हजार ४ सय ४३ गाविस तथा ३५ नगरपालिकामा महिला विकास कार्यक्रम कार्यान्वयन भइरहेको छ। महिला विकास कार्यक्रमअन्तर्गत लैङ्गिक समानता, महिला सशक्तिकरण एवं सामाजिक समावेशीकरणका पक्षमा सामाजिक परिचालन, लक्षित विपन्न महिलाको समूह गठन तथा संस्थागत विकास, आधारभूत एवं विषयगत प्रशिक्षणका माध्यमबाट अभिकार्य (Agency) प्रवर्द्धन, आर्थिक सशक्तीकरण, किशोरी विकासजस्ता कार्यक्रमहरू सञ्चालित छन्। जिल्लास्तरमा लैङ्गिक सम्पर्क निकाय (Focal Agency) को रूपमा महिला विकास कार्यालयहरूबाट अधिवाचन, समन्वय एवं सञ्जालीकरण जस्ता कार्यक्रममा जोड दिइएको छ। महिला विकास कार्यक्रमबाट कार्यक्षेत्रमा महिला सशक्तीकरणका साथै महिला संस्थामा पछाडि पारिएका वर्गका सदस्यको अनुपात बढेको, समूह वचतको रकम एवं परिचालन क्षमता र महिलाको नेतृत्व क्षमताजस्ता सूचकहरू पनि अत्यन्त सकारात्मक देखिएका छन्। संस्थागत विकासको माध्यमबाट छरिएर रहेका महिलाहरूलाई सङ्गठित गर्दै समूह, समिति तथा संस्था गठन गरी कार्यक्रमलाई निरन्तरता दिने प्रयास भएको छ।

तालिका १२(ल): महिला विकास कार्यक्रमको हालसम्मका प्रमुख उपलब्धिहरु

क्र.स.	क्रियाकलापको नाम	एकाई	जम्मा	कैफियत
फैलावट				
१.	कार्यक्रम सञ्चालित जिल्ला	संख्या	७५	
२.	कार्यक्रम सञ्चालित गाविस	संख्या	२४४३	
३.	कार्यक्रम सञ्चालित नगरपालिका	संख्या	३५	
४.	कार्यक्रम सञ्चालित वडा	संख्या	१५,७८७	नगरपालिका समेत
संस्थागत विकास				
५.	समूह गठन	संख्या	७१,९४०	
६.	समूहमा सम्मिलित महिला	जना	४,७८,०६९	१५.४९ प्रतिशत
६.१	दलित	जना	७४,०४२	३३.८५ प्रतिशत
६.२	जनजाति	जना	१,६१,८२१	५०.६६ प्रतिशत
६.३	अन्य	जना	२,४२,२०६	
७.	गठन भएका महिला समिति	संख्या	७२४३	
८.	दर्ता भएका महिला संस्था	संख्या	१,११२	
९.	तदर्थ महिला संस्था	संख्या	२९४	
स्रोत परिचालन				
१०.	महिलाहरूको सामूहिक बचत	रू.	७,९६,२१३,४९१	
११.	जम्मा बचतमध्ये लगानीमा रहेको	रू.	७,६७,३९८,३९९	
१२.	चालुकोष	रू.	९,५३,९६,५९०।६१	
१२.१	मूलधन	रू.	९,१५,६२,०२३।९३	
१२.२	व्याज	रू.	३८,३४,५६६।६८	
१३	लगानीमा रहेको रकम	रू.	७,५३,०१,६७४।६९	

स्रोत : महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय ।

समाज कल्याण कार्यक्रम

१२.११७ गैह्व सरकारी क्षेत्रमा हाल देखा परेका समस्याहरूलाई समय सापेक्ष र प्रभावकारी ढंगबाट अगाडि बढाउन वर्तमान समाज कल्याण ऐन, २०४९ लाई समयानुकुल संशोधन, परिमार्जन गरी समाज विकास ऐन निर्माण गर्ने गत वर्ष देखिको प्रयासलाई यस वर्ष पनि जारी राखिएको छ । चालु आर्थिक वर्ष २०६६/६७ को दोश्रो चौमासिक अवधिसम्ममा ४२ वटा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरूले विभिन्न क्षेत्रमा करिव रू. ६ अर्ब ३९ करोड ३५ लाख ५७ हजार खर्च गर्ने गरी कार्यक्रम सञ्चालन गर्नको लागि सम्झौता गरेका छन । सम्झौता भएको सो कुल वजेट मध्ये यस आर्थिक वर्ष भित्र रू. २ अर्ब २३ करोड ६७ लाख ४१ हजारको काम गर्नेछन् ।

श्रम तथा सीप विकास

बालश्रम निवारण कार्यक्रम

१२.११८ आर्थिक वर्ष २०६५/६६ मा श्रम तथा यातायात व्यवस्था मन्त्रालयबाट सञ्चालित बालश्रम निवारण कार्यक्रम अन्तर्गत बालबालिका विकास तथा पुनर्स्थापना कोष, बालश्रम निवारण कोषबाट बालश्रमिक पुनर्स्थापनामा अनुदान दिनुका साथै कार्यस्थलमा एच. आई.भि./एड्स सम्बन्धी सूचना, शिक्षा कार्यक्रम, बालश्रम विरुद्ध चेतना अभिवृद्धि कार्यक्रम (श्रव्य/दृष्यमार्फत), बालश्रमिकका अभिभावक केन्द्रित स्वरोजगारमूलक सीप विकास एवं चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको थियो । श्रम तथा यातायात व्यवस्था मन्त्रालय र काठमाडौ महानगरपालिकाको संयुक्त आयोजनामा काठमाण्डौ महानगरपालिकाको विभिन्न पाँचवटा वडाहरुमा बालशिक्षण केन्द्रहरू सञ्चालनमा रहेका छन् । यी केन्द्रहरूबाट ५ सय ५ जना घरेलु बालश्रमिकको विवरण दर्ता, २ सय ९७ जना बालश्रमिकलाई अनौपचारीक शिक्षा प्रदान, ३ सय ५४ जना बालश्रमिकलाई विद्यालय भर्ना, ५० जना बालश्रमिकलाई व्यवसायिक तालीम (सिलाई कटाई, ब्युटि पार्लर, कुक, बाँसको सामग्री बनाउने) प्रदान गरियो । त्यसै गरी बालवालिका विकास तथा पुनर्स्थापना कोषद्वारा सञ्चालित पाँचवटा (जोरपाटी, महांकाल, गौरीघाट, कीर्तीपुर र धापासी) मा दिवा शिशु स्याहार तथा अनौपचारिक शिक्षा केन्द्रबाट वार्षिकरुपमा करीव २ सय ५० जना बालश्रमिकहरूलाई अनौपचारिक शिक्षा प्रदान गरियो भने उद्योग प्रतिष्ठानहरूमा २ सय ८० पटक बालश्रमिकहरूको निरीक्षण गरियो । श्रव्य र दृष्य दुवै मार्फत १ हजार ८ सय ९६ पटक बालश्रम विरुद्ध चेतनामूलक सामग्रीहरू प्रचार प्रसार गरियो । २ सय ५० जना बालश्रमिकका अभिभावकहरूलाई स्वरोजगारमूलक सीप विकास एवं चेतना वृद्धि तालीम प्रदान गरिनुका साथै "बालिकाहरूलाई मौका दिउँ" भन्ने नारा सहित बालश्रम विरुद्ध विश्व दिवस जुन १२, २००९ का दिन विभिन्न कार्यक्रमका साथ मनाइयो ।

१२.११९ चालु आर्थिक वर्ष २०६६/६७ मा बालश्रम निरीक्षण तथा अनुगमन, बालश्रम विरुद्ध चेतना अभिवृद्धि कार्यक्रम, बालश्रम निवारण सम्बन्धी रणनीतिक गोष्ठी, बालश्रम सम्बन्धी अध्ययन अनुसन्धान तथा तथ्यांक संकलन सहयोग कार्य, निकृष्ट बालश्रम सुधार कार्यक्रम, बालश्रमिकको स्वास्थ्य प्रवर्द्धन र एच.आई.भि./एड्स सचेतना कार्यक्रम एवं वृत्तचित्र निर्माण जस्ता कार्यक्रमहरू सञ्चालनमा छन् । यसै गरी विभिन्न कोषहरू (बालवालिका विकास तथा पुनर्स्थापना कोषमा अनुदान, बालश्रम निवारण कोषमा अनुदान, बालश्रमिक पुनर्स्थापना) मा अनुदान प्रदान गर्ने कार्यक्रम रहेको छ । चालु आर्थिक वर्षको प्रथम आठ महिनामा एक सय पटक बालश्रम निरीक्षण तथा अनुगमन गरिएको छ भने बालश्रम विरुद्ध चेतना अभिवृद्धि कार्यक्रम, बालश्रम सम्बन्धी अध्ययन अनुसन्धान तथा अनुदान सम्बन्धी कार्यहरू सञ्चालन भइरहेका छन ।

श्रम विभागबाट सञ्चालित कार्यक्रम

१२.१२० देशको जनशक्तिलाई नयाँ प्रविधि र श्रम बजारको माग सुहाउँदो बनाई वेरोजगारी घटाउने र औद्योगिक सुसम्बन्ध कायम गरी श्रमिकहरूको लागि सुरक्षित, मर्यादित र स्वस्थ कार्य वातावरणको सृजना गर्ने उद्देश्यले २०६५ पुस १६ गते छुट्टै श्रम विभागको गठन गरियो । आर्थिक वर्ष २०६५/६६ मा श्रम विभागबाट ट्रेड युनियन महासँघ १० वटा दर्ता, ट्रेड युनियन संघ २ सय ६२ वटा दर्ता, श्रम स्वीकृति प्रदान तथा नवीकरण २ सय ४९ वटा, औद्योगिक सम्बन्ध गोष्ठी दुईवटा, श्रम बजार सुचना सेमिनार तीनवटा, बुलेटिन तथा वार्षिक प्रतिवेदन प्रकाशन दुई पटक जस्ता कार्यक्रमहरू सञ्चालन भए । त्यसैगरी, श्रम कार्यालयहरूबाट ३ सय ८८ वटा ट्रेड युनियन दर्ता, नवीकरण, १ सय ४७ वटा श्रम उजुरी तथा विवाद समाधान, ४ सय ३६ वटा उद्योग प्रतिष्ठान र कारखानाको निरीक्षण एवं १० वटा श्रम सम्बन्धी गोष्ठी सञ्चालन भएका छन । व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी आयोजनाबाट सामाजिक साझेदारहरूका लागि चार दिने सहजकर्ता प्रशिक्षण कार्यक्रम, आपतकालीन तथा प्राथमिक उपचार सम्बन्धी तालीम, १० वटा औद्योगिक दुर्घटनाको अभिलेखन कार्य, नौवटा अनुसन्धान सम्बन्धी कार्य, ८५ वटा कार्यस्थलमा हानीकारक पदार्थ/तत्वको नमुना संकलन र विश्लेषण, नौवटा प्रचार प्रसार एवं वृत्तचित्र निर्माण जस्ता कार्यक्रमहरू सञ्चालन भए । आर्थिक वर्ष २०६६/६७ को प्रथम आठ महिनामा श्रम विभागबाट २० वटा उद्योग प्रतिष्ठानहरूको अनुगमन, दुईवटा श्रम विवाद समाधान जस्ता क्रियाकलापहरू सम्पन्न भएको र रोजगार सुचना केन्द्रहरूबाट हालसम्म १८ हजार भन्दा बढी वेरोजगारहरूको लगत संकलन भइसकेको छ ।

वैदेशिक रोजगार सम्बन्धी

१२.१२१ श्रम बजारमा प्रतिवर्ष चार लाख श्रम शक्ति थपिने प्रक्षेपण गरिएको छ । देशमा विद्यमान गरिबी, बेरोजगारी आदिका कारण नेपालीहरू वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकहरूमा जाने गर्दछन । वैदेशिक रोजगारले राष्ट्रिय अर्थतन्त्रमा विप्रेषण मार्फत ठूलो योगदान पुऱ्याउँदै आएतापनि अधिकांश नेपाली कामदारहरू अदक्ष क्षेत्रमा काम गर्न गएको हुँदा उनीहरूले पाउने सेवा सुविधा र पारिश्रमिक न्यून भएकोले जुन रुपमा विप्रेषण प्राप्त हुनु पर्ने हो सो हुन सकेको छैन । नेपाल सरकारले हालसम्म १ सय ८ देशहरू वैदेशिक रोजगारका लागि खुला गरिएतापनि अधिकांश नेपालीहरू मलेशिया, साउदी अरब, कतार, यूनाइटेड अरब इमिरेट्स, कुवेत, वहराईन, ओमन आदि देशमा वैदेशिक रोजगारका लागि जाने गरेका छन् । आर्थिक वर्ष २०६५/६६ मा वैदेशिक रोजगारका लागि २ लाख ११ हजार ३ सय ७१ पुरुष र ८ हजार ९ सय ५४ महिला गरी कुल २ लाख १९ हजार ९ सय ६५ गएकोमा चालु आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तभित्र १ लाख ६४ हजार ७ सय ११ पुरुष र ८ हजार ५ सय २८ महिला गरी कुल १ लाख ७३ हजार २ सय ३९ जना वैदेशिक

रोजगारमा गएका छन् । विभिन्न आर्थिक वर्षहरूमा वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या निम्नानुसार रहेको छ ।

तालिका १२ (ब): वैदेशिक रोजगारीको स्थिति

आर्थिक वर्ष	रोजगारीमा जानेको संख्या
2056/57	35,543
2057/58	55,025
2058/59	1,04,739
2059/60	1,05,055
2060/61	1,06,660
2061/62	1,35,992
2062/63	1,77,506
2063/64	2,04,533
2064/65	2,49,051
2065/66	2,19,965
2066/67*	1,73,239

* २०६६ फागुन मसान्तसम्म ।

स्रोत : वैदेशिक रोजगार विभाग ।

व्यवसायिक तथा सीप विकास तालीम कार्यक्रम

१२.१२२ आर्थिक वर्ष २०६५/६६ मा व्यवसायिक तथा सीप विकास तालीम केन्द्र, भैसेपाटी र सो अन्तर्गतका १२ वटा सीप विकास तालीम केन्द्र मार्फत २१ हजार ७ सय ४१ जना लाई विभिन्न विषयमा व्यवसायिक तथा सीपमूलक तालीम प्रदान गरेको छ । त्यसै गरी आर्थिक वर्ष २०६६/६७ मा पनि व्यवसायिक तथा सीप विकास तालीम केन्द्र भैसेपाटी र सो अन्तर्गतका १५ वटा सीप विकास तालीम केन्द्र (रौतहट, धादिङ्ग, जुम्ला समेत) मार्फत २० हजार ८ सय जनालाई विभिन्न किसिमका सीपमूलक तालीम प्रदान गर्ने लक्ष्य राखेकोमा चालु आर्थिक वर्षको प्रथम आठ महिनामा कुल १७ हजार ८ सय ८७ जनालाई सीपमूलक तालीम प्रदान गरिसकेको छ । आर्थिक वर्ष २०६४/६५ देखि हालसम्म प्रदान गरिएको सीपमूलक तालीमहरूको विवरण देहायबमोजिम रहेको छ ।

तालिका १२(श): व्यावासयिक तथा सीपमूलक तालीमहरूको विवरण

क्र. सं.	कार्यक्रमहरूको नाम	आर्थिक वर्ष					
		२०६४/६५		२०६५/६६		२०६६/६७	
		लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति*
१	जनरल मेकानिक्स	१९०	१८२	१९०	१५२	१९२	१४७
२	विद्युत् जडान	७०५	७७२	७२०	७३९	७८०	८०७
३	विद्युत् जडान अपग्रेडिङ्ग	९५	८४	८०	६२	८०	२७
४	प्लम्बिङ्ग	४३५	४३१	४४१	४५६	५०१	४७२
५	केश श्रृंगार	५१६	६७९	६४०	८०३	७००	८२७
६	केश श्रृंगार अपग्रेडिङ्ग	४०	३८	२४०	२५१	२४०	१७४
७	सिलाइ कटाई	७८०	११२३	१०२०	११६७	१०८०	१३३४
८	इलेक्ट्रोनिक्स मर्मत	३९०	३६२	३७९	३८१	४३९	४४३
९	मोटरसाइकल मर्मत	३००	२९४	३४५	३३५	३६५	३८५
१०	अटोमेकानिक्स	८५	९८	८५	९२	८५	८९
११	कम्प्युटर	४४०	५१३	६४५	६७७	७०५	७५६
१२	वेल्डिंग	१६०	१७०	१६०	१६३	१६०	१७४
१३	वेतवाँस	७५	९६	९०	९३	१३०	७४
१४	पम्पसेट मेकानिक्स	३०	३१	२०	३४	२०	३१
१५	ढाका बुनाई	०	०	४५	४५	४५	३०
१६	आवासिय महिला सीप विकास तालीम कार्यक्रम	७०	७०	९०	९०	११०	११०
१७	अल्पकालीन	०	०	०	०	०	०
	क) सीपमूलक तालीम एक हप्ता देखि तीन महिनासम्म	८६३०	९३६२	११२००	१२६६०	११४५५	९३५१
	ख) वैदेशिक रोजगारमूलक तालीम चार हप्तादेखि छ हप्ता	६२५	६६२	१४२५	१३६८	१५३०	९८१
१८	वैदेशिक एवं युवा स्वरोजगार सम्बन्धी (विशेष सीप विकास तालीम कार्यक्रम चार हप्ते र छ हप्ते)	१०००	१०२८	१५००	१५७०	१५००	१५००
१९	एक हप्ते उद्यमशीलता विकास तालीम	१५०	१५३	६८५	६०३	६८५	१७५
कुल जम्मा		**१४७१६**	**१६१४८**	**२०००० **	**२१७४१**	**२०८००**	**१७८८७**

* प्रथम आठ महिनाको

स्रोत : श्रम तथा यातायात मन्त्रालय ।

शहरी विकास तथा भवन निर्माण

१२.१२३ शहरी विकास तथा भवन निर्माण विभाग, मातहतका निकाय र विभिन्न आयोजना परियोजनामार्फत निम्नानुसारका कार्यक्रम सञ्चालन गरी निम्नानुसारको उपलब्धि भएको छ ।

शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन कार्यक्रम

१२.१२४ आर्थिक वर्ष २०६५/६६ मा शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतका १६ डिभिजन कार्यालयका कार्य क्षेत्र भित्रका १ सय ५ शहरी क्षेत्रका भौतिक पूर्वाधार एवं मठमन्दिर परिसर निर्माण तथा सुधार कार्य सम्पन्न भएको थियो । अत्तरीया धनगढी, पाँचखाल-धूलिखेल-बनेपा-पनौती (काभ्रे उपत्यका), इनरुवा-दूहवी-इटहरी-धरान, पोखरा-लेखनाथ-दूलेगौडा (पोखरा उपत्यका) र वीरेन्द्रनगर-छिन्चु-दशरथपूर (सूर्खेत उपत्यका) गरी छ वृहत शहरहरूको गुरुयोजना तयार भएका थिए भने मोरङ्गको कसेनी गाउँ विकास समिति धनपालगढी, काभ्रेको नमोवुद्ध, नवलपरासीको त्रिवेणीधाम, गुल्मीको घमिरकोट, रौतहटको विश्रामपुर र सिन्धुपाल्चोकको तातोपानी गरी छ स्थानको गुरुयोजना तर्जुमाका साथै गुल्मी जिल्लाको घनावस्ती अध्ययन कार्य सम्पन्न भएका थिए । UDLE/GTZ र नगरपालिकाहरूको सहकार्यमा चारवटा नगरपालिकाहरूको आवधिक योजना तर्जुमा भएको थियो । स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी न्यून लागतका गरीव तथा न्यूनआय भएका परिवारहरूको लागि १२ घर निर्माण (ग्रामीण आवास कम्पनीमार्फत कंचनपूरको त्रिभूवनवस्ती गाउँ विकास समितिको आनन्दपूरमा सञ्चालन) गर्ने कार्य भएका थिए । सुकुम्वासी/घरवार विहिन नीति तर्जुमा, हाईराइज विल्डीङ्गको मापदण्ड अनुवाद र परिमार्जन गर्ने, संयूक्त आवास विकासको अनुगमन निरीक्षण र नियन्त्रण गर्ने जस्ता कार्यक्रम सञ्चालन भएको थियो ।

१२.१२५ चालु आर्थिक वर्ष २०६६/६७ मा २१ डिभिजन कार्यालय अन्तर्गत ४७ जिल्लामा १ सय ९२ वटा विभिन्न सामुदायिक/दलित, जनजाति छात्रावास,/अनाथ असहाय, वृद्धा केन्द्र, महिला सामुदायिक, आदिवासी संग्रहालय आदि भवनहरूको निर्माण तथा मर्मत सुधार कार्य सञ्चालनमा रहेको, महेन्द्रनारायण नीधि मिथिला सांस्कृतिक केन्द्र भवन निर्माण चालु रहेको, सुकुम्वासी व्यवस्थित वसोवास एवं ग्रामीण आवास कम्पनी मार्फत स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी न्यून लागतका गरीव तथा न्यूनआय भएका परिवारहरूको लागि घर निर्माण कार्य भइरहेको, जग्गा विकास कार्यक्रम सञ्चालन गर्न जग्गा विकास चक्रकोष परिचालन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । त्यस्तै, मोरङ्गको लेटाङ्ग, वाग्लुङ्गको वुर्तिवाङ्ग र सल्यानको सल्ली बजारको भौतिक विकास योजना तर्जुमा, काभ्रेपलान्चोकको उग्रचण्डी नाला तत्चोकमा जग्गा एकिकरणको सम्भाव्यता अध्ययन, काठमाडौंको टुडिखेल स्थित लुमढी भद्रकाली क्षेत्रको गुरुयोजना आदि तयार गर्ने कार्य भइरहेको छ । यस वाहेक निर्माण नीति तथा निर्देशिका, क्वालिटी एस्योरेन्स प्लान तर्जुमा गर्ने जस्ता कार्यक्रम कार्यान्वयनमा रहेको छ ।

साना शहर बजार विकासबाट ग्रामीण विकास

१२.१२६ यस कार्यक्रमबाट आर्थिक वर्ष २०६५/६६ मा विभिन्न ४४ ग्रामीण शहरी क्षेत्रमा ग्रामीण तथा शहरी अन्तरसम्वन्ध अभिवृद्धि गर्न भौतिक पूर्वाधार निर्माण कार्य सञ्चालन भएको थियो जस मध्ये आठ स्थानको गुरुयोजना कार्यान्वयन (ताप्लेजुङ्गको पाथिभरा, इलामको माइपोखरी, झापाको सुखानी पार्क, संखुवासभाको सभापोखरी, सुनसरीको बराह क्षेत्र, दोलखाको कालिन्चोक भगवती र भिमेश्वर एवं काभ्रेपलान्चोकको भगवती क्षेत्र) र सात स्थानको (धनकुटाको भेडेटार, सुनसरीको चक्रघट्टी, मोरङ्गको मृगौलिया र विराटचोक, सप्तरीको फत्तेपूर, तनहुँको भीमाद, मूस्ताङ्गको मार्फा एवं दार्चूलाको चैनपूर) भौतिक विकास योजना कार्यान्वयन भएका थिए। इलाम र नेपालगञ्ज नगरपालिका र जोडिएका गाउँ विकास समितिहरूमा निर्देशित जग्गा विकास कार्यक्रम सञ्चालन भएका थिए। यस्तै गरी सुनसरीको पकली गाउँ विकास समिति र वाग्लुङ्गको वलेवामा जग्गा विकास कार्यक्रम सञ्चालन गर्न डि.पि.आर. तयारी र स्याङ्गजा जिल्लामा सम्भाव्यता अध्ययन कार्य सञ्चालन भएका थिए। झापाको वितामोड अनारमणीमा सडक ढल सञ्जाल योजना कार्यान्वयन भएको थियो भने दुई स्थानको सार्वजनिक जग्गा संरक्षण गर्ने आदि कार्य सञ्चालन गरिएको थियो।

१२.१२७ चालु आर्थिक वर्ष २०६६/६७ मा ग्रामीण शहरी क्षेत्रमा ग्रामीण तथा शहरी अन्तर सम्वन्ध अभिवृद्धि गर्न १ सय ७६ स्थानमा साना शहर तथा बजारको प्रतिवेदन कार्यान्वयन, गुरुयोजना कार्यान्वयन, भौतिक विकास योजना कार्यान्वयन, बजार व्यवस्थापन, वसपार्कको पूर्वाधार विकास आदि जस्ता कार्य सञ्चालनमा रहेका छन्। एक स्थानको गुरुयोजना, (खोटाङ्गको बराहताल) छ स्थानको भौतिक विकास योजना कार्यान्वयन गर्ने (सिन्धुपाल्चोक जिल्ला हेलम्वु मेलम्ची, नूवाकोटको सुनखानी गाउँ विकास समिति, गोरखा जिल्लाको पालुङ्गटार, दैलेख जिल्ला नौमुले, रुकूम जिल्ला चौरजहारी,) कार्य भइरहेको छ। यस्तैगरी, छ वटा सामुदायिक भवन निर्माण कार्य भइरहेको छ भने नेपालगञ्ज नगरपालिका र जोडिएका गाउँ विकास समितिमा स्थानीय जग्गा धनीहरूको सहभागितामा निर्देशित जग्गा विकास कार्यक्रम सञ्चालनमा रहेको छ।

एकीकृत कार्यमूलक योजना

१२.१२८ यो कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६५/६६ मा अव्यवस्थित र अस्वस्थ्यकर वस्तीको पूर्वाधार विकास, स्थानीय निकायहरूसँगको सहकार्यमा घोराही नगरपालिकाको डिजिटल आधार नक्सा तयारी भएको। UDLE/GTZ र स्थानीय निकायहरूसँगको सहकार्य गरी तीन नगरपालिकाहरूको आवधिक योजना तर्जुमाका साथै गत वर्ष सञ्चालन भएका चार नगरपालिकाहरूको आवधिक योजना तर्जुमा कार्य सम्पन्न भएको थियो। WHO सँग सहकार्य गरी टिकापूर नगरपालिका र लेखनाथ नगरपालिकामा स्वस्थ शहर कार्यक्रम सञ्चालन गरिएको छ भने नगरपालिका नभएका भोजपुरको भोजपुर, अछ्रामको मंगलसेन, ओखलढुङ्गाको

ओखलढुङ्गा, सिन्धुपाल्चोकको चौतारा एवं पाल्पा जिल्लाको रामपुर बजारको भौतिक विकास योजना तर्जुमा भएको छ। शहरी विकासको अवधारणा सम्बन्धी नगरपालिकाका प्रमुखहरू/पदाधिकारीहरूको सहभागितामा राष्ट्रिय गोष्ठी सञ्चालन एवं नगरपालिकाहरूको डिजिटल आधार नक्साको प्रयोग सम्बन्धमा नगरपालिका र विभागका कर्मचारीहरूलाई प्रशिक्षण दिने तथा नक्सा हस्तान्तरण जस्ता कार्यक्रम सञ्चालन भएका थिए।

१२.१२९ आर्थिक वर्ष २०६६/६७ मा UDLE/GTZ र स्थानीय निकायहरूसँगको सहकार्य गरी दुई नगरपालिकाहरूको आवधिक योजना तर्जुमाका साथै गत वर्ष सञ्चालन भएका छ नगरपालिकाहरूको आवधिक योजना तर्जुमा कार्य सम्पन्न गर्ने कार्यक्रम सञ्चालनमा रहेको छ। स्थानीय निकायहरूसँगको लागत सहभागितामा दुई नगरपालिकाको गरीबी नक्साङ्कन सहितको डिजिटल आधार नक्सा तयार गर्ने कार्य चालु भइरहेको छ। पाँच ठुला शहरी कोरीडोरको अध्ययन कार्य चालु रहेको छ भने भिमदत्त नगरपालिकाको आवधिक योजना तर्जुमा कार्य चालु छ। यस्तैगरी, छ स्थानको भौतिक विकास योजना तर्जुमा कार्य सञ्चालनमा रहेको छ। सुनसरीको पकली र पर्साको पोखरीयाको जग्गा एकिकरण आयोजना सञ्चालन गर्न DPR तयार गर्ने कार्य भइरहेको छ।

विशेष भौतिक तथा पूर्वाधारक्षेत्र विकास आयोजना

१२.१३० यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६५/६६ मा विभिन्न १४ स्थानहरूमा दिगो विकासको अवधारणा अनुरूप भौतिक तथा पूर्वाधार विकास कार्य सञ्चालन गरिएका थिए। विशेष महत्वका ६० स्थानहरूमा स्थानीय जनसहभागिता परिचालन गरी विभिन्न भौतिक संरचनाहरूको विकास निर्माण तथा मर्मत सम्भार गर्ने कार्य सम्पन्न भएको थियो। विभिन्न आठ स्थानहरूको आधार नक्साहरू तयार गरी दिगो विकासको अवधारणा अनुरूप गुरुयोजना तयार गर्ने कार्य गरिएको छ। साथै, चांगुनारायण र सूर्यविनायक क्षेत्रलाई स्थानीय निकायमा हस्तान्तरण गर्ने वातावरण तयार गर्ने कार्य भइरहेको छ। चालु आर्थिक वर्ष २०६६/६७ मा गुरुयोजना अनुसार विभिन्न स्थानहरूको भौतिक संरचनाहरूको निर्माण तथा मर्मत सुधार कार्य लगायत स्थानीय जनसहभागिता परिचालन गरी विशेष महत्व रहेका विभिन्न ४ सय १२ स्थानहरूका भौतिक संरचनाहरूको विकास निर्माण तथा मर्मत सम्भार कार्य भइरहेको छ।

शहरी विकास आयोजना

१२.१३१ आर्थिक वर्ष २०६५/६६ मा विभिन्न ३२ स्थानको शहरी क्षेत्रमा शहरी पूर्वाधार तथा वातावरणीय सुधारको कार्यक्रम सञ्चालन भएका थिए। नयाँ नेपाल निर्माण अन्तर्गत पाँच ठूला शहरी कोरीडोरको पूर्वाधार विकास कार्यक्रम सञ्चालन भएका थिए। विभिन्न तीन जिल्लामा (झापा, संखूवासभा र पाल्पा) सुरु गरिएको स्थानीय निकायको सहभागिता एवं सहकार्यमा निर्माणाधिन सडक तथा ढल र सडक पेटी निर्माण कार्य सम्पन्न भएको छ। भारत सरकारको सहयोगमा हुने चार एकिकृत

चेकपोष्ट निर्माणको लागि नेपाल सरकारको तर्फबाट जग्गा अधिग्रहण सम्बन्धी कार्य अन्तर्गत विरगञ्ज र भैरहवामा जग्गा अधिग्रहण कार्य चालु रहेको छ भने बाँकी दुईमा जग्गा पहिचानको कार्य भएको छ। यू.एन. ह्याबिट्याटको लागत सहयोगमा नगरपालिकाहरूमा वर्षातको पानी संकलन हार्वेष्टिङ्ग कार्यक्रम अन्तर्गत धरान र इलामका कार्यक्रम संपन्न भएको छ। पूर्वाञ्चलको इटहरी क्षेत्रको पूर्वाधारविकास अन्तर्गत तालतलैया क्षेत्र विकास कार्य सञ्चालनमा रहेको थियो। स्थानीय निकायको सहकार्यमा तीन नगरपालिकामा एकिकृत पूर्वाधारविकास निर्माण सुधार कार्य सञ्चालन भई सम्पन्न भएको थियो। विभिन्न १३ गाउँ विकास समितिको भौतिक विकास योजना तर्जमा गर्ने कार्य सम्पन्न भएको थियो। कोइका र स्थानीय निकायको सहकार्य र समन्वयमा लेखनाथ र किर्तिपुर नगरपालिकामा वातावरण मैत्री शहर कार्यक्रम सञ्चालन र भू.पू प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई आश्रममा मन्दिर निर्माण कार्य भएको थियो।

१२.१३२ आर्थिक वर्ष २०६६/६७ मा विभिन्न ६४ स्थानको शहरी क्षेत्रमा शहरी पूर्वाधार तथा वातावरणीय सुधारको कार्यक्रम सञ्चालनमा रहेको छ भने १५ स्थानको आवधिक योजना, सडक ढल सञ्जाल योजना, भौतिक विकास योजना आदि सञ्चालनमा रहेका छन। यस्तै प्रकारले संखूवासभाको सभापोखरी, काठमाडौंको कपन स्थित भागवत थान, रौतहतको गंगा प्रिप्रा, भलहिया, पचरुखी साथै मत्सरीको गुरुयोजना, भौतिक विकास योजना तर्जुमा कार्य सञ्चालनमा रहेका छन। पाँच ठूला शहरी कोरीडोरको पूर्वाधारविकास कार्यक्रम क्रमागतरुपमानै सञ्चालन भइरहेका छन्। संखुवासभाको मुढे बजारको सडक तथा ढल सञ्जाल योजना तर्जुमा र काभ्रेको थसकोटमा जग्गा विकासको सम्भाव्यता अध्ययनको कार्य सञ्चालनमा रहेको छ। स्थानीय निकायको सहकार्यमा तीन (रामग्राम, पृथ्वीनारायण र दशरथचन्द) नगरपालिमामा एकिकृत पूर्वाधार विकास निर्माण सुधार कार्य सञ्चालनमा रहेको छ। WHO को प्राविधिक सहयोगमा स्वस्थ शहर कार्यक्रम, राज्यका शहरी प्रणाली अध्ययन गरी एक शहर एक पहिचान जस्ता कार्यक्रम सञ्चालनमा रहेका छन भने सुकुम्वासी व्यवस्थित वसोवास कार्यक्रम पनि सञ्चालनमा रहेका छन्।

शहरी तथा वातावरण सुधार आयोजना

१२.१३३ मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गतका नौ वटा नगरपालिकाहरू (धुलिखेल, भरतपुर, हेटौडा, बनेपा, रत्ननगर, पनौती, विदुर, कमलामाई र काठमाण्डौ महानगरपालिका) मा आर्थिक वर्ष २०६०/६१ देखि छ वर्षभित्रमा सम्पन्न गर्ने गरी एसियाली विकास बैङ्कको ऋण सहयोग तथा उपभोक्ताको सहभागितामा शहरी तथा वातावरण सुधार आयोजना सञ्चालन हुदै आएको छ।

१२.१३४ आर्थिक वर्ष २०६५/६६ मा पहिलो समूहमा काम सुरु भएका धुलिखेल, भरतपुर र हेटौडा नगरपालिकाहरूमा परामर्शदाताहरूबाट विभिन्न सहायक परियोजनाहरूको विस्तृत डिजाइनको काम सम्पन्न भएको छ। धुलिखेल नगरपालिकामा शहरी नक्सा तयार गर्ने काम, सडक सुधार र सार्वजनिक शौचालय निर्माणको काम सम्पन्न

भएको छ । भरतपुर, हटौडा, बनेपा, रत्ननगर, पनौती, विदुर, कमलामाई, काठमाडौं महानगरपालिकामा शहरी तथा वातावरणीय सुधारका विभिन्न आयोजनाहरू सञ्चालन गरिएका थिए ।

१२.१३५ आर्थिक वर्ष २०६६/६७ मा यस आयोजना अन्तर्गतका भरतपुर नगरपालिका लगायत माथि उल्लेखित आठ वटा नगरपालिकाहरुमा खानेपानी आयोजना, ढल प्रणाली सुधार तथा ढल प्रशोधन केन्द्र निर्माण, तरकारी बजार, चोक सुधार सामुदायिक विकासका थप कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

बाहिरी चक्रपथ विकास आयोजना

१२.१३६ आर्थिक वर्ष २०६५/६६ मा जग्गा विकास आयोजनाको विस्तृत प्रतिवेदन तयार गर्ने कार्यमा चोभार (खोकना) देखि हरिसिद्धीसम्मको फिल्ड रिपोर्ट तयार भएको छ भने चोभारदेखि सतूंगलसम्मको जग्गा एकिकरण कार्य सञ्चालन गर्न उपभोक्ता समूहहरू गठन गरी जग्गा एकिकरण ऐन अनुसार ५१ प्रतिशत सहमति जुटाउने कार्य भइरहेको छ । बाहिरी चक्रपथको वातावरणीय/सामाजिक प्रभाव मूल्याङ्कन गर्ने कार्यको मस्यौदा प्राप्त भएको छ । बाहिरी चक्रपथ निर्माण गर्न ठूलो क्षेत्रमा जग्गा एकिकरण कार्यसञ्चालन गर्नुपर्ने भएको हुँदा त्यस कार्यमा सहजता ल्याउन जग्गा एकिकरण कार्यको विस्तृत सफ्टवेयर विकास गर्ने कार्यको लागि परामर्शदाता छनौट भई प्रणाली विश्लेषण प्रतिवेदन तयार भएको छ । बाहिरी चक्रपथले काठमाडौं उपत्यकामा पार्ने सामाजिक, आर्थिक, भौतिक पूर्वाधार प्रभाव बारे अध्ययन कार्य सुरु भई प्रारम्भिक प्रतिवेदन र श्रव्य दृष्य प्रतिवेदन तयार भएको छ ।

१२.१३७ आर्थिक वर्ष २०६६/६७ यस आयोजना अन्तर्गत ललितपुर जिल्ला अन्तर्गत हरिसिद्धी देखि चोभार (खोकना) सम्म १० कि.मी.को विस्तृत अध्ययनको लागि परामर्शदाता नियुक्ति र सतुङ्गल चोभार खण्डको सडक सञ्जाल सिमाङ्कन गरी १४.५ मिटर सर्भिस ट्रयाक निर्माण कार्य सुरु गर्ने क्रममा रहेको छ । बाहिरी चक्रपथको वातावरणीय/सामाजिक प्रभाव मूल्याङ्कन गर्ने कार्यमा ललितपुर, भक्तपुर र काठमाडौ क्षेत्रको लागि सार्वजनिक सुनुवाईको कार्यक्रम सम्पन्न भइसकेको छ । सतुङ्गल चोभार खण्डको जग्गा एकीकरण सञ्चालन एवं सुपरिवेक्षण गर्न प्राविधिक सेवा प्राप्त गर्न परामर्शदाता नियुक्ती अन्तिम चरणमा पुगेको छ । साथै, बाहिरी चक्रपथको चोभार सतुङ्गल खण्डमा चक्रपथको ५० मिटर क्षेत्र भित्र परेका घर टहराहरू यकिन गरी मुआब्जा वितरण गर्ने कार्यको प्रारम्भ भएको छ ।

भवन निर्माण संहिता, सरकारी भवन निर्माण

१२.१३८ आर्थिक वर्ष २०६५/६६ मा महेन्द्रनारायणनिधि मिथिला सांस्कृतिक केन्द्रको पुस्तकालय, म्यूजियम र लाइब्रेरी निर्माण कार्यलाई निरन्तरता दिइएको छ । शहरी विकास तथा भवन निर्माण विभागको कार्यालय भवन, म्याग्दीको कभर्ड हल, सूर्खेतको दलित छात्रावास भवन, स्याङ्जाको सभागृह, काठमाडौंको लेखनाथ साहित्य सदन, सिन्धुपाल्चोक ऐंसेलुखर्कको दलित छात्रावास भवन, ताप्लेजूङ्ग हाङ्गपाङ्गको

जनजाति छात्रावास भवन, भू.पू.प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराई आश्रममा गेष्टहाउस, लाइब्रेरी, गार्डहाउस आदि निर्माण कार्यलाई निरन्तरता दिने कार्य सम्पन्न भएका थिए । यस्तै गरी ४२ वटा सामुदायिक भवन निर्माण, पांचथरको दिङ्गदेनमा जन भवन, झापामा लेखनाथ पूस्तकालय भवन, काठमाडौं विष्णूमति लिङ्करोड संघाराम विहार, दुईवटा सांस्कृतिक भवन, गुल्मी अर्जे पोखरावारीमा दलित छात्रावास भवन एवं चारवटा कार्यालय भवनहरूको निर्माण कार्यको लक्षित कार्य सम्पन्न भएका थिए । भवन निर्माण निर्देशिका एवं क्याटलगहरू छपाई गर्ने, पाँच जिल्लामा स्थानीय सीप र सामग्री प्रयोग गरी बनाइएका पुराना ऐतिहासिक भवनहरूको अध्ययन, भवन संहिता परिमार्जन, भूकम्प सुरक्षा दिवस मनाउने, विभिन्न नम्स र स्पेसिफिकेसन तयार गर्ने जस्ता कार्य भएका छन् ।

१२.१३९ आर्थिक वर्ष २०६६/६७ मा महेन्द्रनारायणनिधि मिथिला सांस्कृतिक केन्द्रको भवन निर्माण कार्यको निरन्तरताको क्रममा अडिटोरियम भवन निर्माणको क्रममा रहेको, शहरी विकास तथा भवन निर्माण विभाग एवं विभाग अन्तर्गतका डिभिजन कार्यालय हरूको गरी १२ वटा भवन निर्माणको क्रममा रहेको छ भने अन्य १० सरकारी भवनहरूको निर्माण कार्य चालु रहेका छन । भू.पू.प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराई आश्रममा निर्माण कार्यलाई निरन्तरता दिने कार्य विभिन्न अवस्थामा सञ्चालनमा रहेको छ । दुईवटा सरकारी/सामुदायिक भवन प्रवलिकरण गरिने कार्यक्रम रहेकोमा मोरङ्ग र सूर्खेतमा सञ्चालनमा रहेको छ । सुकुम्वासी र भूमिहिन व्यवस्थित वसोवास कार्यक्रम अन्तर्गत आवासको लागि जग्गा खरिद प्रक्रियामा रहेको छ । राष्ट्रिय भवन निर्माण संहिता कार्यान्वयन गर्ने क्रममा विभाग र स्थानीय निकायका इन्जिनियर, सवइन्जिनियर, सम्वन्धित कार्यालयका प्राविधिक तथा निर्माण व्यवसायीहरू १ हजार १ सय ३५ जनालाई तालीम उपलब्ध गराइने कार्यक्रम रहेको छ । २५ डिभिजनका सरकारी कार्यालयहरूको लगत र नक्सा डिजिटल फरम्याटमा तयार गर्ने, वर्षे पानी संकलन प्रविधि निर्माण र तालीम सञ्चालनमा रहेका छन् । पाँच जिल्लामा (झापा, धनूषा, मनाङ्ग, संखूवासभा र मुगु) स्थानीय सीप र सामग्री प्रयोग गरी वनाइएका पूराना ऐतिहासिक भवनहरूको अध्ययन, भवन संहिता परिमार्जन, भूकम्प सुरक्षा दिवस मनाउने, विभिन्न नर्मस र स्पेसिफिकेसन तयार गर्ने कार्यक्रम रहेको छ । भवन निर्माण सम्बन्धी प्रचार सामग्री छपाई गरी वितरण गर्ने, विभाग अन्तर्गतका भवनहरूको भूकम्प प्रतिरोधात्मक क्षमताको मूल्याकंन विधि प्रकाशन गर्ने जस्ता कार्यक्रम सञ्चालनमा रहेका छन ।

विराटनगर चक्रपथ आयोजना

१२.१४० आर्थिक वर्ष २०६५/६६ मा जग्गा विकासको माध्यमबाट ३० कि.मी.लम्वाइ मध्येको एक खण्ड चक्रपथ निर्माणको विस्तृत योजना प्रतिवेदन (DPR) तयार गर्ने र गत आर्थिक वर्षमा निमार्ण सुरु भएको सडक रेखाङ्कन गरी कच्ची बाटो निर्माण साथै बाँकी भागमा सडक रेखाङ्कन गरी कच्ची बाटो निर्माण गर्ने कार्य गरिएको छ । आर्थिक वर्ष २०६६/६७ मा जग्गा विकासको माध्यमबाट करिब ३० कि.मि.

लम्बाइको चक्रपथ पहिलो खण्डको विस्तृत योजना प्रतिवेदन (DPR) तयार गर्ने लगायतका काम अगाडि बढाइएको छ ।

नमूना एकीकृत वस्ती विकास कार्यक्रम (तराई–मधेश–पहाड–हिमाल)

१२.१४१ आर्थिक वर्ष २०६५/६६ मा गत आर्थिक वर्षहरूमा अध्ययन सम्पन्न भएका पाँच जिल्लामा घनावस्ती कार्यक्रम सञ्चालन गरी एकीकृतरुपमामा पूर्वाधारविकासका कार्य सञ्चालन, चार स्थानमा नमूना गाउँ अध्ययन प्रतिवेदन कार्यान्वयन, १२ स्थानमा नमूना गाउँ विकास समितिको योजना अनूसार पूर्वाधारविकासका साथै नगरपालिका नभएका १० जिल्ला सदरमुकामहरूको एकिकृत पूर्वाधारविकास कार्य सञ्चालन गरिएका थिए भने छ गाउँ विकास समितिको भौतिक विकास योजना तर्जुमा र एक नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने कार्य सञ्चालन गरिएका थिए । आर्थिक वर्ष २०६६/६७ मा गत आर्थिक वर्षको क्रमागत कार्यक्रमको निरन्तरताका साथै रोल्पा जिल्लाको थवाङ्ग नमुना एकिकृत वस्ती विकास कार्यक्रम सञ्चालनमा रहेका छन भने जनता आवास कार्यक्रम अन्तर्गत सिराहा, सप्तरी र कपिलवस्तूका दलितहरू र विपन्न मुसलमानहरू लाई लक्षित गरी न्यून लागतमा आवास निर्माणगरी बसोवासको व्यवस्था गर्ने, लोकमार्गमा पर्ने वस्ती एवं साना शहरहरूको भौतिक विकास योजना तर्जुमा तथा पूर्वाधार विकास जस्ता कार्य सञ्चालन भइरहेका छन ।

गणतन्त्र स्मारक

१२.१४२ नारायणीहिटी परिसरभित्र गणतन्त्र प्रतिमूर्ति (Statue of Republic) निर्माण कार्यको विस्तृत डिजाइनको कार्य सुरु भएको छ ।

सिंहदरवार सचिवालय पुनर्निर्माण समितिबाट सञ्चालित कार्यक्रम

१२.१४३ सिंहदरवार सचिवालय क्षेत्रको गुरुयोजना अनुसार यसको हाता भित्र केन्द्रीय निकायका भवन र त्यसका लागि आवश्यक पूर्वाधार व्यवस्था गर्दा भवन सहिंता र तोकिएको मापण्ड अनुरूप गर्ने र गुरुयोजनामा नपरेका विभिन्न निकायहरूलाई सिंहदरवार वाहिर स्थानान्तरण गर्ने कार्यक्रम रहेको छ । यस कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्ष २०६६/६७ मा अर्थ मन्त्रालयको एनेक्स भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको, स्थानीय विकास मन्त्रालय र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको भवन, निर्माण अन्तर्गत जग ढलान भइरहेको, शिक्षा मन्त्रालयको भवन निर्माण भइरहेको, उद्योग मन्त्रालयको भवन तल्ला थप लगायत मर्मत सम्भार समेतको काम भइरहेको, सिंहदरवार परिसरभित्र ल्याण्डस्केप गर्ने, सडक बत्ती (सोलार सिस्टम) जडान गर्ने, सुरक्षा सेन्ट्री पोष्ट निर्माण गर्ने तथा CCTV जडान गर्ने काम भइरहेको छ ।

खानेपानी तथा ढल निकास

खानेपानी तथा सरसफाई

१२.१४४ आर्थिक वर्ष २०६५/६६ मा खानेपानी तथा ढल निकास विभाग अन्तर्गत जिल्लास्तरमा सञ्चालित ६ सय ४२ आयोजना मध्ये एक सय आयोजना सम्पन्न गरी थप २ लाख ६० हजार जनतालाई खानेपानी सुविधा उपलब्ध गराउने लक्ष्य रहेकोमा एक सय आयोजना सम्पन्न गरी थप २ लाख ५५ हजार जनतालाई आधारभूतस्तरको खानेपानी सुविधा उपलब्ध भएको थियो । समुदायमा आधारित सामुदायिक खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गतका १ सय ६ वटा आयोजना सम्पन्न गरी १ लाख २६ हजार जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध गराउने लक्ष्य रहेकोमा १ सय १७ आयोजना सम्पन्न गरी थप ९२ हजार जनतालाई सुविधा उपलब्ध भएको थियो । त्यस्तै, खानेपानीको सुविधा तथा गुणस्तर सुधारको लागि खानेपानी गुणस्तर सुधार आयोजनाबाट सात वटा आयोजनामा गुणस्तर सुधार सम्बन्धी कार्य सम्पन्न गरी ६० हजार जनतालाई र साना शहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गतका बाँकी ११ आयोजना सम्पन्न गरी १ लाख ९१ हजार जनतालाई उच्च/मध्यमस्तरको खानेपानी सुविधा उपलब्ध गराइएको थियो ।

१२.१४५ आर्थिक वर्ष २०६६/६७ मा केन्द्रस्तरका ११ आयोजना कार्यान्वयनमा रहेका छन् भने जिल्ला स्तरमा सञ्चालित क्रमागत ५ सय ४२ तथा नयाँ २ सय ७९ समेत ८ सय २१ आयोजना मध्ये १ सय आयोजना सम्पन्न गरी थप करिव २ लाख ७० हजार जनतालाई आधारभूत खानेपानी सुविधा उपलब्ध गराउने लक्ष्य रहेकोमा हालसम्म ३० वटा आयोजनाहरू सम्पन्न भईसकेको छ । समुदायमा आधारित सामुदायिक खानेपानी तथा सरसफाई आयोजनाबाट कार्यान्वयनमा रहेका ४ सय ५४ मध्ये ४ सय ४५ आयोजना सम्पन्न गरी ३ लाख ७७ हजार जनतालाई आधारभूतस्तरको खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउने लक्ष्य रहेकोमा हालसम्म ४२ आयोजना सम्पन्न गरिसकिएको छ । खानेपानी गुणस्तर सुधार आयोजनाबाट १५ वटा प्रणालीहरूमा पानी प्रशोधन प्रणाली निर्माण भइरहेको र चालु आर्थिक वर्ष मा पाँचवटा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । सहजरुपमा खानेपानीको स्रोत उपलब्ध हुन नसक्ने स-साना ग्रामीण वस्तीहरूमा वैकल्पिक स्रोतको रुपमा वर्षातको पानी संकलन गरी प्रयोगमा ल्याउन सुरुवात गरिएको छ । देशभर सरसफाई प्रवर्द्धनको लागि सरोकारवाला संस्थाहरू समेतको साझेदारी र सहकार्य तथा विद्यालय/समुदायको अगुवाइमा गत आर्थिक वर्षबाट अभियानका रुपमा अगाडी बढाइएको सरसफाइ कार्यक्रमबाट यस आर्थिक वर्षमा ७५ गाउँ विकास समितिलाई खुला दिसा मुक्त (Open Defecation Free) क्षेत्र घोषणा गर्ने लक्ष्य राखिएकोमा हालसम्म २२ गाउँ विकास समिति र १ सय ५० विद्यालय क्षेत्र खुला दिसा मुक्त क्षेत्र घोषणा भइसकेका छन् ।

१२.१४६ गत आर्थिक वर्षमा सम्पन्न साना शहरी खानेपानी तथा सरसफाइ आयोजनालाई निरन्तरता दिदै एसियाली विकास बैङ्कको अनुदान सहयोगमा यस आर्थिक वर्ष

२०६६/६७ बाट दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजनाको कार्यान्वयन सुरु गरिएको छ। आर्थिक वर्ष २०७२/७३ मा सम्पन्न हुने यस आयोजनाबाट २० वटा साना शहरका करिव २ लाख ४० हजार जनतालाई गुणस्तरको खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध हुनेछ। त्यस्तै, एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालित बाढीजन्य क्षती पूननिर्माण आयोजनाबाट आउँदो आर्थिक वर्षसम्ममा कैलाली, कंचनपुर र सुनसरी जिल्लाहरूमा वाढीबाट क्षतिग्रस्त ३१ खानेपानी आयोजनाहरूको पूनर्निर्माण तथा पूनस्थापन कार्य गरिनुका साथै २ हजार ५ सय स्यालो ट्युबवेल र २ हजार ५ सय शौचालय निर्माण गरिनेछ। गत वर्ष रुकुम र जाजरकोटमा फैलिएको झाडापखालाको महामारी पुनः दोहरीन नदिन नेपाल सरकारको विशेष राहत कार्यक्रम अन्तर्गत सरसफाइ र खानेपानी शुद्धिकरण गर्ने विधि सम्बन्धी जनचेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नुका साथसाथै रुकुममा २ हजार र जाजरकोटमा ३ हजार घरायसी शौचालय निर्माणको कार्य सुरु गरिसकिएको छ र खानेपानी शुद्धिकरणका लागि क्लोरिन झोल तथा ट्याब्लेट उपलब्ध गराउने कार्य पनि भइरहेको छ।

साना शहरी खानेपानी आयोजना कार्यक्रम

१२.१४७ एसियाली विकास बैङ्कको ऋण सहायतामा सञ्चालित साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाबाट आर्थिक वर्ष २०६५/६६ मा कार्यान्वयनमा रहेका बाँकी १० नगर आयोजना समेत सम्पन्न गरिएको छ। यस आयोजनाबाट समग्ररुपमा २९ नगर आयोजना कार्यान्वयन गरी कुल ५ लाख १० हजार १ सय ३३ जनतालाई उच्च/मध्यमस्तरको खानेपानी सुविधा उपलब्ध गराइएको थियो। आर्थिक वर्ष २०६६/६७ मा यी आयोजना सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी वहन गरिरहेका उपभोक्ता समितिहरूको व्यावसायिकता तथा क्षमता अभिवद्धि गर्न UN Habitat को सहयोगमा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू भइरहेका छन्। सरसफाईतर्फ आर्थिक वर्ष २०६५/६६ मा सरोकारवाला संस्थाहरू समेतको साझेदारी र सहकार्यमा २६ वटा गाउँ विकास समिति तथा १ सय २० विद्यालयको सुविधा क्षेत्रलाई खुला दिसा मुक्त क्षेत्र घोषणा गरिनुका साथै करिव ३० हजार घरायसी चर्पी निर्माण गरिएका थिए।

१२.१४८ चालु आर्थिक वर्ष २०६६/६७ मा एक परिवार एक चर्पी कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने सबै खानेपानी आयोजनाहरूमा सरसफाइ कार्यक्रम एकिकृतरुपमा सञ्चालन गर्ने गरी आबद्ध गरिएको छ र चालु आर्थिक वर्षमा देशभर थप १ लाख १० हजार शौचालय निर्माण गर्ने कार्य भइरहेको छ।

काठमाडौं उपत्यका खानेपानी तथा सरसफाई कार्यक्रम

१२.१४९ आर्थिक वर्ष २०६५/६६ मा नेपाल सरकारबाट प्राप्त ऋण सहयोगमा सञ्चालित सुख्खा मौसम कार्यक्रम अन्तर्गत ६ वटा नयाँ ट्युववेलहरू सञ्चालन गरी दैनिक ५० लाख लिटर खानेपानी थप गरिएको छ। यसै कार्यक्रम अन्तर्गत पानी नआउने क्षेत्रहरूमा पाइपलाइन सुधार विस्तारको कार्यहरू पनि गरिएका छन्। यसको अलावा

आर्थिक वर्ष २०६५/०६६ को खानेपानी उत्पादन तथा वितरण सुधार कार्यक्रमबाट दशवटा पुराना डिप ट्युववेलहरू मर्मत गरी दैनिक करिब ४० लाख लिटर खानेपानी थप उत्पादन गरिएको छ। साथै काठमाण्डौं उपत्यका खानेपानी तथा ढल निकास कार्यक्रम अन्तर्गत राष्ट्रपति निवास एरिया, मन्त्री क्वार्टर एरिया, उपराष्ट्रपति कार्यालय रहेको एरिया, प्रधानमन्त्री निवास एरिया र सिंहदरबार एरियाहरूमा थप पाँचवटा नयाँ डिप ट्युववेल निर्माण गर्ने कार्य अगाडि बढाइएको छ। यसै कार्यक्रम अन्तर्गत खानेपानीको वितरण प्रणाली सुधार कार्यक्रम अन्तर्गत करिब १२ किलोमिटर विभिन्न साईजका पाइपहरू बिछ्याई वितरण प्रणालीमा सुधार गर्ने तथा नयाँ विस्तार भएका बस्तीहरूमा आवश्यकता र औचित्य हेरी पाइपलाइन विस्तार गर्ने काम सम्पन्न भएको छ। यसबाट करिब ३० हजार जनतालाई प्रत्यक्षरुपमा फाईदा पुगेको छ।

१२.१५० आर्थिक वर्ष २०६६/०६७ मा ADB को ऋण सहयोगमा सञ्चालित मेलम्ची खानेपानी आयोजना-सब प्रोजेक्ट २ अन्तर्गत खानेपानी उत्पादन सुधार, खानेपानी वितरण सुधार, व्यवस्थापकीय सुधार, सुपरभिजन परामर्शदाता सेवा उपलब्धी गर्ने कार्यहरू सम्पन्न भएका छन्। यी कामहरू अन्तर्गत वितरण प्रणाली सुधारका निम्ति विभिन्न साइजका पाइप खरीद गर्ने कार्य सुरु भएको छ भने तत्काल नगरी नहुने कामहरू (Immediate Improvement Works) को विवरण र ल.ई. तयार भई उत्पादन तथा वितरणमा सुधार ल्याउने कार्यहरू सुरु गरिएका छन्। यस आर्थिक वर्षको हालसम्म १५ हजार घरेलु पानी मिटर, पाँच वटा जेनेरेटर, १४ कि.मी. स्पेयर पाइप तथा फिटिङ्गस खरिद भइसकेको छ। चुहावट पत्ता लगाउने उपकरण, ढल सफा गर्ने जेटिङ्ग ट्रक-चारवटा, पानी टैङ्कर-१० वटा, विभिन्न क्षमताका पम्पहरू-३५ वटा, बल्क पानी मिटरहरू खरिद प्रक्रिया सुरु भएको छ। वानेश्वर-मीनभवन क्षेत्रमा वितरण प्रणाली सुधारका लागि डेमोस्ट्रेसन स्किम, सतह स्रोत विस्तार र सुधारका लागि उपत्यकाका विभिन्न १० स्थानहरूमा पाइपलाइन सुधार विस्तार, पाँच ठाउँका डिप वोरिङ्गहरू नयाँ निर्माण, दुई स्थानमा पानी प्रशोधन संयन्त्र पुनः निर्माण, पानी परीक्षणका लागि महांकालचौरमा एउटा सुविधा सम्पन्न केन्द्रीय प्रयोगशाला भवन निर्माण कार्य सुरु भइसकेको छ। त्यस्तै, कोड्कु, ललितपुर र सल्लाघारी भक्तपुरमा ढल प्रशोधन संयन्त्रको सुधार भइरहेको छ। यसरी आयोजना कार्यान्वयन निर्देशनालयतर्फबाट मात्र ३२ वटा प्याकेजको २ अर्ब ९३ करोड ६ लाख स्विकृत तीन वर्षे खरिद गुरुयोजनामध्ये यस वर्ष १९ वटा प्याकेज ६१ करोड बराबर खरिद एवं निर्माण चरणमा रहेको र बाँकी ९६ करोड बराबरको कुसुन्ती-डेमो प्रोजेक्ट, सतह स्रोत सुधार र डिजाइन तथा सुपरभिजन कन्सल्टेन्ट नियुक्ति लगायतका प्याकेजहरू यसै वर्ष विडिङ्ग प्रक्रिया सम्पन्न गर्ने लक्ष्य लिई कार्य अघि बढिरहेको छ। सुख्खा मौसममा पानी आपूर्तिको विशेष व्यवस्था गरी पानी सञ्चालनमा सुधार गरिएको थियो। जस अन्तर्गत काठमाडौं उपत्यका खानेपानी लिमिटेडसँग रहेका १७ थान पानी टैङ्करको अलावा सडक विभागबाट र विभिन्न कम्पनीहरूबाट भाडामा पानी टैङ्कर लिई सार्वजनिक वितरण, इन्जेक्टप्वाइन्ट निर्माण गरी पानी वितरण,

जेनेरेटर खरिद गरी विद्युतलाईन नभएको बेलामा पनि विद्युत आपूर्ति गरी पानी उत्पादन आदि कार्यहरू सम्पन्न गरियो ।

शहरी खानेपानी प्रणाली

१२.१५१ आर्थिक वर्ष २०६५/६६ मा खानेपानी उत्पादन वृद्धि कार्यक्रम अन्तर्गत पोखराको मर्दी मुहानदेखि विन्ध्यवासिनीसम्म ११.२ कि.मी. २० इन्चको डि.आई. पाइपलाइन बिछ्याउने कार्य प्रारम्भ भई सो वर्ष २० प्रतिशत कार्य सम्पन्न भएको छ । त्यसैगरी, खानेपानी तथा ढल निकास कार्यक्रम अन्तर्गत बनेपा, बुटवल, भइरहवा, नेपालगंज, भद्रपुर, राजविराज, लहान, भरतपुर, महेन्द्रनगर, धनगढी, कलैया, कृष्णनगर, तौलिहवा र गौरमा चार कि.मी. पाइपलाइन विस्तार सुधारको काम सम्पन्न भएको छ । जनकपुर र धनगढीमा दुई वटा नयाँ डिप ट्युबवेल निर्माण गर्ने लक्ष्य रहेकोमा जनकपुरमा ट्युबवेल निर्माणमा प्राविधिक कारणले सम्पन्न हुन नसकेको र धनगढीमा काम सम्पन्न भएको छ । मुहान/डिप ट्युबवेल पुनर्निर्माण मध्ये १८ वटा मुहान (सतह स्रोत) हरूको तथा १६ वटा डिप ट्युबवेलको कार्य सम्पन्न भएको छ । त्यसैगरी बनेपा, धरान, विराटनगर, जनकपुर, जलेश्वर, मलंगवा, विरगंज, हेटौंडा, पोखरा, बुटवल, भैरहवा, नेपालगंज, भद्रपुर, राजविराज, लहान, भरतपुर, महेन्द्रनगर, धनगढी, कलैया, कृष्णनगर, तौलिहवा र गौरको लागि ४६ वटा पम्प सेट खरिद कार्य सम्पन्न भएको छ । आर्थिक वर्ष २०६५/६६ मा ट्युबवेल निर्माणबाट २० लाख लिटर प्रतिदिन थप पानी उत्पादन भई करिब १४ हजार थप जनसंख्या लाभान्वित भएका छन् ।

१२.१५२ आर्थिक वर्ष २०६६/६७ मा खानेपानी उत्पादन वृद्धि कार्यक्रम अन्तर्गत विराटनगर, राजविराज, वीरगंज, भरतपुर, बुटवल, नेपालगंजमा गरी जम्मा नौवटा डिप टयूबवेलबाट १ करोड ८० लाख लिटर प्रति दिन थप खानेपानी उत्पादन गर्ने लक्ष्य राखेकोमा बिराटनगर, राजविराज, भरतपुर, बुटवल र नेपालगंजमा डिप ट्यूबवेल निर्माण कार्य भइरहेको छ । वीरगंजमा दुईवटा ट्यूबवेल निर्माण भइसकेको छ र त्यसबाट प्रतिदिन ४० लाख लिटर पानी उत्पादन भई सकेको छ । त्यसै गरी सात वटा विभिन्न क्षमताको ग्राउण्ड ट्यांक तथा २ वटा ४ सय ५० घ.मि. क्षमताको ओभरहेड टैंक निर्माण कार्य भइरहेको छ । डिप ट्यूबवेल तथा टयांकी निर्माण कार्यको २०६६ फागुन मसान्तसम्म ७०.० प्रतिशत प्रगति रहेको छ ।

१२.१५३ आर्थिक वर्ष २०६६/६७ मा खानेपानी तथा ढल निकास कार्यक्रम अन्तर्गत भद्रपुर, बिराटनगर, धरान, राजविराज, लहान, जनकपुर, जलेश्वर, मलंगवा, गौर, कलैया, वीरगंज, हेटौंडा, भरतपुर, पोखरा, बुटवल, भइरहवा, तौलिहवा, कृष्णनगर, नेपालगंज, धनगढी, महेन्द्रनगर, बनेपा, पनौती (२३ शहरी क्षेत्र) मा १३ कि.मी. पाइपलाइन विस्तार कार्यको २०६६ फागुन मसान्तसम्म ७०.० प्रतिशत प्रगति रहेको छ । त्यसैगरी जेनेरेटर, पानी टयांकर, ट्रान्सफरमर, पम्पसेट खरिद कार्यको प्रगति २०६६ फागुन मसान्तसम्म करिब ७०.० प्रतिशत रहेको छ । गत वर्ष बुटवल खानेपानी सुदृढीकरण आयोजना अन्तर्गत झुम्सा खोलाबाट बुटवल, रामफेदीस्थित

पानीपोखरीसम्म १२ कि.मी. १० इञ्च डि.आई. पाईप विस्तार गर्ने कामको लागि टेण्डर प्रक्रिया सुरु गरिएकोमा आर्थिक वर्ष २०६६/६७ आठ महिनामा पाईप तथा फिटिंग्स् उपलब्धीको काम सम्पन्न भई एक कि.मी. पाईपलाईन विस्तार भैसकेको छ। यो आयोजना २०६७/६८ मा सम्पन्न हुने र करिब एक करोड लिटर पानी प्रतिदिन थप भई करिब ७० हजार थप जनसंख्या लाभान्वित हुने लक्ष्य रहेको छ। त्यसैगरी गत वर्ष काम सुरु भएको पोखराको मर्दी मुहानदेखि विन्ध्यवासिनीसम्म ११.२ कि.मी. २० इञ्च डि.आई.पाईप विछ्याउने कार्य २०६६ फागुनसम्म सात कि.मी. सम्पन्न भइसकेको छ। सो कार्य यस आर्थिक वर्षमा सम्पन्न हुने लक्ष्य रहेको छ। पाईप लाइन विस्तारको कार्यसम्पन्न भएपछि २ करोड ५० लाख लिटर पानी प्रतिदिन थप भई करीब १ लाख ७५ हजार थप जनसंख्या लाभान्वित हुने छन् र पोखरा नगरमा २४ घण्टा पानी वितरण गर्न सकिने छ।

ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समितिबाट सञ्चालित कार्यक्रम

१२.१५४ यस समितिले खानेपानी तथा सरसफाइको क्षेत्रमा गैर सरकारी संघ संस्थाको परिचालन गरी स्थानीय माग एवं आवश्यकता बमोजिम स्थानीय समुदायकै स्वामित्वमा कार्यक्रम सञ्चालन गर्ने र समुदायलाई आयोजना सञ्चालन गर्न आवश्यक आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ। समुदायले आयोजना निर्माणमा लाग्ने कुल लागतको २.५ प्रतिशत अनिवार्य नगदको रुपमा तथा अन्य स्थानीय सामग्री तथा अदक्ष श्रमको रुपमा व्यहोर्नु पर्ने व्यवस्था रहेकोमा नगद तथा अन्य स्थानीय सामग्री तथा अदक्ष श्रम गरी कुल लागतको करिब ३८ प्रतिशतसम्म व्यहोरेको पाइएकोले उत्साहजनक परिणाम रहेको देखिन्छ। यस कार्यक्रमको प्रगति देहायबमोजिम रहेको छ।

तालिका १२(ष): ग्रामीण खानेपानी तथा सरसफाई विकास कोषको प्रगति विवरण

सि.नं.	मुख्य कार्यहरू	इकाई	२०६५/६६		२०६६/६७	
			लक्ष्य	प्रगति	लक्ष्य	प्रगति*
क	संस्था छनौट	संख्या	७०	७०	७०	अप्राप्त
ख	समुदाय छनौट	संख्या	४५०	४१६	४००	अप्राप्त
ग	पूर्व निर्माण सामुदायिक परिचालन र तयारी	संख्या	६४५	६२५	४००	४१६
घ	खानेपानी आयोजना निर्माण	संख्या	४४७	७० प्रतिशत	५९०	१६७
ङ	लाभान्वित जनसंख्या	संख्या	२२००००	१५०२८०	३५७०००	११३५६०
च	बजेट	रू. हजारमा	११२९९९२	८५३८९३	११२१०१८	२१६८३०

* प्रथम आठ महिना।

स्रोत : ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति।

गृह मन्त्रालय

शान्ति सुरक्षा

१२.१५५ मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउधन एवम् स्वतन्त्रताको संरक्षण गर्नु र शान्तिसुरक्षाको प्रभावकारी कार्यान्वयनबाट दण्डहिनताको अन्त्य तथा मानव अधिकारको रक्षा गर्नु गृह मन्त्रालयको मुख्य उद्देश्य रहेको छ। सोका लागि चालु आर्थिक वर्षमा विशेष सुरक्षा कार्यक्रम, २०६६ लागु भई सार्वजनिक सेवा तथा सडक अवरोध नियन्त्रण कार्ययोजना २०६६, अपहरण तथा गम्भीर प्रकृतिका अपराध नियन्त्रण कार्यक्रम २०६६, काठमाडौं उपत्यका विशेष सुरक्षा योजना २०६६, तराई तथा पूर्वी र मध्य पश्चिम पहाडी जिल्ला सुरक्षा सुदृढिकरण कार्ययोजना २०६६ र शान्तिसुरक्षा व्यवस्थापन प्रभावकारीताका लागि सचेतना अभियान २०६६ कार्यान्वयनमा ल्याइएकाछन्। ती कार्यक्रमहरू लागू भएपश्चात काठमाडौं उपत्यका लगायत देशका मुख्य मुख्य शहरहरू र जिल्ला सदरमुकामहरूमा सुरक्षाकर्मीहरूको सघन परिचालन भई अपराधिक घटनामा कमी आएको छ।

स्थानीय प्रशासन

१२.१५६ आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्ममा बडादशैं तथा दिवावली, २०६६ को उपलक्ष्यमा असल चालचलन भई ५० प्रतिशत कैद भुक्तान भएका विभिन्न नौ मुद्दाहरू बाहेकका २ सय ४ जना कैदीहरूलाई बाँकी कैद सजाय माफी/मिनाहा दिई कैद मुक्त गरिएको छ। राष्ट्रिय मानव अधिकार आयोगको निर्णय बमोजिम पिडित पक्षहरूलाई क्षतिपूर्ति दिने, दोषी देखिएका सुरक्षाकर्मी र दोषी ठहरिएका अन्य व्यक्तिहरूउपर कानून बमोमिज कारवाही गरिएको छ। साथै, मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता एवम् प्रावधानहरू पालना गर्दै मानव अधिकार संरक्षण एवम् प्रवर्द्धन गर्ने र बन्दीहरूको मानव अधिकारको संरक्षण गरिनुका साथै विभिन्न तालीम कार्यक्रमहरू सञ्चालन तथा कारागार सुधार सुझाव आयोगका प्रतिवेदनहरूमा उल्लेखित सुझावहरू कार्यान्वयन गर्ने कार्य भइरहेको छ।

विपद व्यवस्थापन

१२.१५७ नेपालमा समयसमयमा आइपर्ने विपद्ले धेरै धनजनको क्षति हुने र यस्तो विपदमा परेका व्यक्तिहरूको उद्दार, राहत एवम् पुनर्स्थापना जस्ता कार्यक्रमहरूलाई प्रभावकारी ढंगले सञ्चालन गर्नको लागि आर्थिक वर्ष २०६६/६७ मा विपद् जोखिम व्यवस्थापनका लागि विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को स्वीकृति, विपद व्यवस्थापन ऐन, २०६६ तर्जुमा गर्ने कार्य अगाडि बढाइनुका साथै गृह मन्त्रालय अन्तर्गत रहने गरी विपद् व्यवस्थापन कार्यसञ्चालन केन्द्र (Emergency Operation Center) को कार्य अन्तिम चरणमा पुगेको छ। त्यस्तै, गत वर्ष कोशी नदीको बाँध भत्किई आएको बाढी एवम् डुबानबाट सुनसरी जिल्लाका विभिन्न गाउ विकास समितिहरूमा पुग्न गएको घरजग्गा, वालीको क्षतिपूर्ति स्वरुप रू. ९२ करोड

४२ लाख वितरण गरिएको छ। सुदूरपश्चिमाञ्चल र मध्यपश्चिमाञ्चल क्षेत्रका विभिन्न ११ जिल्लामा फैलिएको झाडा पखालाको महामारीबाट मृत्यु भएका व्यक्तिहरूका परिवारलाई सहयोग उपलब्ध गराइनुका साथै सरकारी र गैरसरकारी संस्थाहरूको सहकार्यमा चेतनामूलक कार्यक्रम पनि प्राथमिकताका साथ कार्यान्वयन भइरहेका छन्।

लागू औषध नियन्त्रण

१२.१५८ आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्म लागू औषधरहित स्वास्थ्य र समुन्नत समाजको निर्माण गर्ने लक्ष्य सहितको लागू औषध नियन्त्रण रणनीति, २०६६ स्वीकृति, परिवर्तित सन्दर्भमा लागू औषध नियन्त्रण सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि एवम् सम्झौता अनुकूल हुने गरी नयाँ लागू औषध नियन्त्रण ऐन सम्बन्धी कार्य अगाडि बढाइएको छ। त्यस्तै, नेपालमा करिब ४६ हजार लागू औषध प्रयोगकर्तालाई लक्षित गरी लागू औषध नियन्त्रण सम्बन्धी जनचेतनामूलक कार्यक्रम विभिन्न गैरसरकारी संस्थामार्फत सञ्चालन गर्ने कार्य भइरहेको छ।

इ-गभर्नेन्स

१२.१५९ आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्म सबै जिल्ला प्रशासन कार्यालयहरूमा एउटै कम्प्यूटर कार्यक्रम (Software) प्रयोग गरी कम्प्यूटर प्रणालीबाट नागरिकताको प्रमाणपत्र उपलब्ध गराउने कार्य अगाडि बढाइएको छ। त्यस्तै, हालसम्म ३० वटा जिल्ला प्रशासन कार्यालयहरूमा कम्प्यूटर नेटवर्क जडान गर्ने कार्य सम्पन्न गरिनुका साथै प्रहरी किताबखानामा समेत कम्प्यूटर नेटवर्क जडान गरी सोही सफ्टवेयरबाटै प्रहरी कर्मचारीहरूलाई नियमानुसार सुविधा उपलब्ध गराउने र अभिलेख व्यवस्थित गर्ने कार्य भइरहेको छ। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा उल्लेख भएअनुरूप नेपाली नागरिकहरूलाई निर्वाचन समेतमा प्रयोग गर्न सकिने गरी राष्ट्रिय परिचयपत्रको रुपमा फोटो सहितको बायोमेट्रिक स्मार्ट कार्ड वितरण गर्न आन्तरिक गृह कार्य भइरहेको छ।

सामान्य प्रशासन मन्त्रालय

१२.१६० आर्थिक वर्ष २०६६/६७ को फागुनसम्म पाँचथर, दार्चुला, बैतडी, कञ्चनपुर र डोटी जिल्ला स्थित सम्पूर्ण कार्यालय प्रमुखहरू एवम् इच्छुक कर्मचारीहरूको गुनासो सर्वेक्षण कार्य सम्पन्न भएको छ। त्यस्तै, डोटी बहुमुखी क्याम्पसमा Persuasive Partnership Program सञ्चालन गरिनुका साथै निकट भविष्यमा रुकुम र प्यूठान जिल्लास्थित क्याम्पसहरूमा उक्त कार्यक्रम सञ्चालन गर्ने तयारी भइरहेको छ। मन्त्रालयले तयार गरेको शैक्षिक योग्यता प्रमाणिकरण निर्देशिका मन्त्रिपरिषद्बाट स्वीकृति भएको छ। मन्त्रालयलाई "मानव संशाधन मन्त्रालय" मा रुपान्तरण गर्न सङ्गठन व्यवस्थापन सर्वेक्षण गरी मन्त्रिपरिषद्मा प्रस्ताव गरिएको छ। निजामती कर्मचारीहरूका छोराछोरीहरूको पठनपाठनका लागि धनकुटा र डोटी जिल्लामा आवाशीय विद्यालय

स्थापना गर्न गुठीमा दर्ता भई सञ्चालन गर्न मन्त्रिपरिषदबाट सैद्धान्तिक सहमति भई सम्बन्धित क्षेत्रीय प्रशासन कार्यालयमा कार्यान्वयनको लागि गइसकेको छ।

१२.१६१ ताप्लेजुङ्ग, पाँचथर, इलाम, मोरङ्ग र सिन्धुली जिल्लाका जिल्ला प्रशासन, अस्पताल, मालपोत र धुलिखेल नगरपालिका कार्यालयहरूमा सेवाग्राही सन्तुष्टी सर्भेक्षण कार्यसम्पन्न गरी मन्त्रालयको वेभसाइटमा राखिएको छ। त्यस्तै, बढुवा निर्देशिका तयारी, पूर्व कर्मचारी सेवा परिषद् तथा जनप्रशासन संघका लागि आर्थिक सहयोग जस्ता कार्य भएका छन्। मित्रराष्ट्रको संघीय शासन प्रणाली अवलोकन गर्न २६ जना अधिकृतहरूको भ्रमण सम्पन्न, नेतृत्व विकास सम्बन्धी सह-सचिवहरूलाई तालीम, विभिन्न मुलुकहरूबाट प्राप्त छात्रवृत्ति विभिन्न मन्त्रालय एवं निकायहरूलाई वितरण गरिनुका साथै १ सय ५ जना कर्मचारीहरूलाई उच्च शिक्षा हासिल गर्न सहमति प्रदान गरिएको छ। साथै, निजामती कर्मचारीहरू तथा जनतालाई आधुनिक चिकित्सा सेवा प्रदान गर्ने ध्ययले निजामती कर्मचारी अस्पताल पूर्णरुपले सञ्चालन, मृगौला रोग उपचार केन्द्र स्थापना र अर्वुद रोगको पहिचानको लागि आवश्यक उपकरणहरू व्यवस्था गर्ने कार्य अगाडि बढाइएको छ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय

१२.१६२ शान्ति स्थापना, द्वन्द्व व्यवस्थापन, विकास र द्वन्द्वबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण, द्वन्द्व पिडित व्यक्तिहरूको राहत र पुनःस्थापन, सत्य निरुपण तथा मेलमिलाप, विद्रोही पक्षको लडाकुहरूको शिविर व्यवस्थापन आदि कामका लागि तत्कालिन, दीर्घकालिन, नीति, रणनीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६३।१२।१८ को निर्णयबाट शान्ति तथा पुनर्निर्माण मन्त्रालयको स्थापना गरिएको हो। यस मन्त्रालयबाट सञ्चालन गरिएका मुख्य मुख्य कामहरूमा राहत तथा पुनस्थापन, पुनर्निर्माण, शान्ति संयन्त्र र शान्ति प्रक्रियाहरू, शान्ति वार्ता तथा सम्झौता, कोष व्यवस्थापन एवं परिचालन (शान्ति कोष), बारुदी सुरुङ्ग व्यवस्थापन, शिविर व्यवस्थापन आदि रहेका छन्। यस मन्त्रालयबाट सञ्चालन भएका विभिन्न आयोजनाहरुमा आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्म रू. १३ अर्ब ८५ करोड २० लाख खर्च भएको छ।

मञ्जुषा १२(ग) : शान्ति तथा पुनर्निर्माण मन्त्रालय बाट सम्पन्न भएका मुख्य-मुख्य कार्यहरु

- उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी विधेयक र बेपत्ता पारिएका व्यक्तिहरुको छानविन गर्ने सम्बन्धमा व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) सम्बन्धी विधेयक व्यवस्थापिका संसदमा पेश भएको छ।
- स्थानीयस्तरमा शान्ति सन्देश फैलाउने उद्देश्यले विभिन्न जिल्लाहरुका ३१ वटा स्थानीय एफ.एम. रेडियोमार्फत शान्ति र पुनर्निर्माण सम्बन्धी गतिविधिहरु, विभिन्न सूचनामूलक सन्देश एवम् शान्ति प्रवर्द्धनात्मक कार्यक्रमहरु साप्ताहिकहरुमा सञ्चालन गरिंदै आएको छ। नेपाल टेलिभिजनमार्फत साप्ताहिकहरुमा "अभियान शान्तिको" नामक खोजमूलक कार्यक्रम र दोस्रो जनआन्दोलन गाथा नामक

साप्ताहिक अन्तरक्रियात्मक कार्यक्रम श्रव्य-दृष्य माध्यमबाट प्रशारण हुँदा आएको छ। त्यसैगरी, मनोरञ्जनात्मकरुपमा शान्ति सन्देश प्रवाह गराउन विभिन्न स्थानहरुमा सडक नाटक अभियान सञ्चालन गरिएको छ।

- स्थानीय शान्ति समिति निर्देशिका, २०६६ स्वीकृत भई लागू भएको छ भने हालसम्म ६७ जिल्लामा स्थानीय शान्ति समिति गठन भएका छन्। स्थानीय शान्ति समितिका संयोजक, महिला सदस्य र कार्यालय सचिवहरूको क्षेत्रीयस्तरमा गोष्ठी सम्पन्न भएको छ।

तालिका १२(स): शान्ति तथा पुनर्निर्माणको क्षेत्रमा हालसम्म भएको खर्चको विवरण

रू. हजारमा

सि.नं.	कार्यक्रमको नाम	आर्थिक वर्ष २०६३/६४		आर्थिक वर्ष २०६४/६५		आर्थिक वर्ष २०६५/६६		आर्थिक वर्ष २०६६/६७ बैशाखसम्म		कुल		कैफियत
		संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	
१	द्वन्द्वको क्रममा मृत्यु भएका मृतकका परिवारलाई आर्थिक सहायता					११,६७६	११६७६००	१,६२१	१६२,१००	१३,२९७	१,३२९,७००	
२	मृतकका सन्ततिलाई छात्रवृत्ति					१,३६२	१७,७९३			१,३६२	१७,७९३	
३	द्वन्द्वको क्रममा भएको व्यक्तिगत सम्पत्ति क्षति वापत आर्थिक सहायता					५२५	३२,३७६	१९६	३९,२८१	७२१	७१,६५७	
४	सवारी साधन क्षति					१	६८६			१	६८६	
५	सरकारी कार्यालयले भाडामा लिएको घर क्षति					१	३६८			१	३६८	
६	अपहरण नागरिकलाई आर्थिक सहायता					१०२	२,५५०	११९	२,९७५	२२१	५,५२५	
७	द्वन्द्वको क्रममा अपाङ्ग भएको व्यक्तिलाई आर्थिक सहायता					१४०	९,९६८	१,६५८	६०,१८७	१,७९८	७०,१७५	
८	शहीद परिवारलाई जीवन निर्वाह भत्ता					२५	१,४७०	१	१,७००	२६	३,१७०	
९	घाइतेलाई जीवन निर्वाह भत्ता					२३	६१४		५८६	२३	१,२१०	
१०	ऐतिहासिक जनआन्दोलनका घाइते तथा घाइतेका सन्ततिलाई छात्रवृत्ति							३०	५०५	३०	५०५	
११	शिविरमा रहेका माओवादी लडाकुलाई मासिक भत्ता	३०८५२	९२५५६	१९६०२-३०८५२	५१४,८५	१९५७७-१९६०२	१,८५५,३४४	१९५५०-१९५७७	८८२,९५५	१९५५०-१९६०२	३,३४५,३४०	
१२	शिविरमा रहेका माओवादी लडाकुलाई भरणपोषण	३०८५२	१७३,२०	१९६०२-३०८५२	५१०,७५२	१९५७७-१९६०२	५४७,५४५	१९५५०-१९५७७	४७४,६१७	१९५५० - १९६०२	१,७०६,८३४	
१३	विस्थापितलाई घर फर्कन आर्थिक सहायता			५२,१६३	२५००००			-	९०,०००	५२,१६३.०	३४०,०००	
१४	मृतकका नजिकका हकदार विधवा पत्नीलाई आर्थिक सहायता (६३ जिल्लामा)								९१,७००	-	९१,७००	
कुल जम्मा											६,९८४,५७३	

स्रोत : शान्ति तथा पुनर्निर्माण मन्त्रालय।

शिविर व्यवस्थापन

१२.१६३ आर्थिक वर्ष २०६५/६६ मा शिविर व्यवस्थापनको लागि रू. १ करोड ३७ लाख खर्च भएकोमा आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्ममा रू. ७२ लाख ३८ हजार खर्च भएको छ ।

शान्तिकोष

१२.१६४ आर्थिक वर्ष २०६५/६६ मा शान्तिकोषको लागि रू. ९० करोड ७५ लाख खर्च भएको छ । यस कार्यक्रमबाट शिविरमा रहेका माओवादी सेनाका १९ हजार ५ सय ९४ जना लडाकुहरूलाई २०६६ असार मसान्तसम्मको भरणपोषण भत्ता वितरण भएको छ । साथै, मुख्य तथा सहायक २८ वटा माओवादी शिविरहरूमा रहेका लडाकुहरूको औषधोपचार, कैलाली डिभिजनको मुख्य तथा सहायक शिविरहरूमा सौर्य ऊर्जा प्रविधि निर्माण, संविधान सभा उपनिर्वाचन र संविधान निर्माण प्रयोजनको लागि समेत खर्च भएको थियो । आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्ममा विभिन्न १० वटा निकायहरूको लागि रू. ३ अर्व २६ करोड ४८ लाख खर्च भएको छ ।

पुनर्निर्माण तथा पुनःस्थापन कार्यक्रम

१२.१६५ **पुनर्स्थापन कार्यक्रम :** आर्थिक वर्ष २०६५/६६ मा राहत कार्यक्रमको लागि रू. १८ करोड ७० लाख खर्च भएको थियो । यस कार्यक्रम अन्तर्गत १ हजार ३ सय ६२ जना मृतकका सन्ततिलाई छात्रबृत्ति, ५ सय २७ जनालाई व्यक्तिगत सम्पत्ति क्षति (सवारी साधन क्षति समेत) वापत आर्थिक सहायता, १ सय २ जना अपहरण तथा बेपत्ता पारिएकाहरूको परिवारलाई आर्थिक सहायता, १ सय ४० जना द्वन्द्वको क्रममा अपाङ्ग भएकालाई आर्थिक सहायता, ऐतिहासिक जनआन्दोलन-२ का २५ जना शहीदका परिवार र २३ जना घाइतेहरूलाई जीवन निर्वाह भत्ता उपलब्ध गराइएको थियो । यस कार्यक्रमको लागि २०६६।६७ को फागुन मसान्तसम्ममा रू. १० करोड ५७ लाख खर्च भएको छ । यस कार्यक्रम अन्तर्गत १ सय ९६ जनालाई व्यक्तिगत सम्पत्ति क्षति वापत आर्थिक सहायता, १ सय १९ जना अपहरण पारिएकाहरूको परिवारलाई आर्थिक सहायता, १ हजार ६ सय ५८ जना द्वन्द्वको क्रममा अपाङ्ग भएकालाई आर्थिक सहायता, ऐतिहासिक जनआन्दोलन-२ का शहीदका २६ परिवार र २३ जना घाइतेहरूलाई जीवन निर्वाह भत्ता तथा आन्दोलनका क्रममा ३० जना घाइतेका सन्ततिलाई छात्रबृत्ति उपलब्ध गराइएको छ ।

१२.१६६ **पुनर्निर्माण कार्यक्रम :** आर्थिक वर्ष २०६५/६६ मा क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माणको लागि रू. १ अर्व ८ करोड ९६ लाख खर्च भएको थियो । यस कार्यक्रम अन्तर्गत स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग (DOLIDAR) मार्फत ४ सय ८८ वटा, शहरी विकास तथा भवन निर्माण विभागमार्फत १ सय ८० वटा र ३२ जिल्ला विकास समितिमार्फत १ सय २६ वटा आयोजना सञ्चालन भएकोमा क्रमशः २ सय ५६, ७१ र ६९ वटा आयोजनाहरू सम्पन्न भएका छन् भने बाँकी २ सय ३२, १ सय ९ र ५७ आयोजनाहरू आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्ममा रू.

४२ करोड ९९ लाख खर्च भएको छ। यस कार्यक्रम अन्तर्गत ९ सय २१ नयाँ आयोजनाहरू र ४ सय १९ क्रमागत आयोजनाहरू DOLIDAR, शहरी विकास तथा भवन निर्माण विभाग, जिल्ला विकास समिति र मन्त्रालयको परियोजनामार्फत् सञ्चालन भइरहेका छन्। त्यस्तै, ७८ वटा आयोजनाहरू यस अवधिमा सम्पन्न भएका छन्।

द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजना

१२.१६७ आर्थिक वर्ष २०६५/६६ मा द्वन्द्वपीडित नागरिकहरूलाई स्वरोजगारका लागि कृषि तथा जडिबुटीसम्बन्धी, द्वन्द्वपीडित बालबालिकाहरूलाई राहत तथा सहयोग, शान्ति उद्यान नमूना बगैंचा, स्मारक र शहीद पार्क निर्माण कार्यक्रमको लागि रू. २ करोड ४२ लाख खर्च भएको थियो। द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनाबाट १२ वटा आयोजनाहरू सञ्चालन भई आर्थिक वर्ष २०६६/६७ मा क्रमागतरुपमा सञ्चालनमा रहेका छन्। यस कार्यक्रममा आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्ममा रू. ४१ लाख खर्च भएको छ।

शान्ति प्रक्रिया सहयोग आयोजना

१२.१६८ आर्थिक वर्ष २०६५/६६ मा यस आयोजनाको लागि रू. २ अर्व ८८ करोड ९७ लाख खर्च भएको थियो। यस आयोजनाबाट द्वन्द्वका क्रममा मृत्यु भएका मृतकका नजिकका हकदार ११ हजार ६ सय ७६ जनालाई प्रतिव्यक्ति रू. १ लाखका दरले राहत वितरण भएको थियो। त्यस्तै, शिविरमा रहेका माओवादी सेनाका लडाकुहरूलाई २०६६ असारसम्मको मासिक भत्ता वितरण गरिएको थियो। यस आयोजनामा आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्ममा रू. ७६ करोड ८७ लाख खर्च हुनुका साथै द्वन्द्वका क्रममा मृत्यु भएका मृतकका नजिकका हकदार १ हजार ६ सय २१ जनालाई प्रतिव्यक्ति रू. एक लाखका दरले राहत वितरण भएको छ। शिविरमा रहेका माओवादी सेनाका लडाकुहरूलाई फागुन मसान्तसम्मको रू. ८८ करोड २९ लाख मासिक भत्ता वितरण गरिएको छ।

स्थानीय शान्ति समिति

१२.१६९ आर्थिक वर्ष २०६५/६६ मा स्थानीय शान्ति समितिको लागि रू. १ करोड ३७ लाख खर्च भएको थियो भने आर्थिक वर्ष २०६६/६७ को फागुन मसान्तसम्ममा रू. १० करोड ५ लाख खर्च भएको छ।

तालिका १.१(क) : कूल गार्हस्थ्य उत्पादन (स्रोत अनूसार)

(प्रचलित मुल्यमा)

रु. करोडमा

सि.नं.	उद्योग	आर्थिक वर्ष												
		2031\32	2032\33	2033\34	2034\35	2035\36	2036\37	2037\38	2038\39	2039\40	2040\41	2041\42	2042\43	2043\44
1	**कृषि, मत्स्यपालन तथा वन**	**1143.5**	**1149.5**	**1038.9**	**1161.6**	**1336.5**	**1352.0**	**1551.0**	**1771.5**	**1908.2**	**2257.0**	**2276.1**	**2713.6**	**3062.3**
2	**खानी**	**2.2**	**2.3**	**2.6**	**2.0**	**3.4**	**4.2**	**5.8**	**6.6**	**8.5**	**11.1**	**19.3**	**22.8**	**25.7**
3	**उत्पादन उद्योग**	**66.4**	**69.0**	**73.6**	**79.4**	**84.8**	**93.6**	**104.9**	**124.3**	**146.0**	**181.6**	**251.1**	**325.3**	**374.0**
	आधुनिक	*44.0*	*45.9*	*49.9*	*53.1*	*55.9*	*61.8*	*71.2*	*85.1*	*102.1*	*134.2*	162.7	220.4	258.0
	घरेलु	*22.4*	*23.1*	*23.7*	*26.3*	*28.9*	*31.8*	*33.7*	*39.2*	*43.9*	*47.4*	88.4	104.9	116.0
4	**विद्युत, ग्यास तथा पानी**	**3.4**	**3.8**	**3.9**	**4.2**	**4.8**	**6.0**	**6.7**	**8.2**	**12.7**	**15.8**	**18.4**	**32.7**	**39.6**
5	**निर्माण**	**58.3**	**71.8**	**102.0**	**133.8**	**420.0**	**157.0**	**19.7**	**234.2**	**237.7**	**257.6**	**376.1**	**455.0**	**516.2**
6	**व्यापार, रेष्टुरां तथा होटल**	**54.0**	**60.3**	**63.6**	**70.7**	**72.4**	**88.9**	**95.3**	**106.8**	**119.9**	**152.0**	**456.1**	**562.2**	**682.1**
	व्यापार	-	-	*55.3*	*60.4*	*63.5*	*78.6*	*83.2*	*95.0*	*106.9*	*136.2*	398.4	488.7	588.8
	रेष्टुरां तथा होटल	-	-	*8.3*	*10.3*	*8.9*	*10.3*	*12.1*	*11.8*	*13.0*	*15.8*	57.7	73.6	93.3
7	**यातायात, संचार तथा भण्डार**	***69.0***	**80.5**	**85.2**	**109.3**	**252.0**	**154.1**	**188.9**	**199.2**	**212.9**	**246.8**	**267.9**	**308.8**	**360.0**
8	**वित्त तथा घर जग्गा**	**109.5**	**117.1**	**141.2**	**153.4**	**161.3**	**183.3**	**207.7**	**236.6**	**259.4**	**293.7**	**398.7**	**472.8**	**566.9**
9	**सामुदायिक तथा सामाजिक सेवाहरु**	**90.3**	**104.6**	**114.5**	**127.7**	**134.0**	**149.5**	**188.9**	**216.3**	**259.1**	**284.8**	**380.3**	**428.2**	**487.3**
	सरकारी	64.8	*81.1*	*88.4*	*98.9*	*109.0*	*121.1*	*157.4*	*174.7*	*211.6*	*228.7*			
	वाह्य क्षेत्र	-	-	*1.7*	*1.9*	*2.1*	*2.5*	*3.1*	*3.5*	*3.9*	*4.2*			
	व्यक्तिगत सेवाहरु	*25.5*	*23.5*	*24.4*	*26.9*	*22.9*	*25.9*	*28.4*	*38.1*	*43.6*	*51.9*			
	कुल गार्हस्थ्य उत्पादन (फ्याक्टर कष्टमा)	**1596.6**	**1658.9**	**1625.5**	**1842.1**	**2469.2**	**2188.6**	**2368.9**	**2903.7**	**3164.4**	**3700.4**	*4444.1*	*5321.5*	*6114.0*
	सब्सिटी रहित अप्रत्यक्ष कर	63.5	*80.5*	*102.5*	*130.6*	*143.6*	*146.5*	*184.1*	*195.1*	*217.7*	*228.6*	-	-	-
	कृषि	*11.5*	*11.6*	*11.7*	*13.6*	*15.7*	*16.3*	*16.9*				*2276.1*	*2713.6*	*3062.3*
	गैर(कृषि	*52.0*	*68.9*	*90.8*	*117.0*	*127.9*	*130.2*	*167.2*	*176.3*	*197.7*	*208.5*	*2168.0*	*2607.9*	*3051.7*
	कुल गार्हस्थ्य उत्पादन (बजार मुल्यमा)	**1660.1**	**1739.4**	**1728.0**	**1972.7**	**2612.8**	**2335.1**	**2553.0**	**3098.8**	**3382.1**	**3929.0**	*46587.0*	*5573.4*	*6386.4*

क्रमश:

तालिका १.१(ख) : कुल गार्हस्थ्य उत्पादन (स्रोत अनुसार)

(प्रचलित मूल्यमा)

(नयाँ सिरिज अनुसार)

करोड

सि.नं.	उद्योग	आर्थिक वर्ष												
		2044/45	2045/46	2046/47	2047/48	2048/49	2049/50	2050/51	2051/52	2052/53	2053/54	2054|55	2055/56	2056/57
1	कृषि, मत्स्यपालन तथा वन	3675.5	4257.2	5047.0	5536.8	6515.6	7009.0	8058.9	8556.9	9689.6	10878.5	11249.5	13237.3	14513.1
2	खानी	31.7	42.1	44.9	57.5	79.5	92.1	99.0	111.7	134.2	149.5	155.3	168.5	181.5
3	उत्पादन उद्योग	461.5	485.7	595.6	789.4	1282.2	1461.8	1786.1	1955.5	2246.6	2481.6	2698.7	3033.7	3355.0
4	विद्युत, ग्यास तथा पानी	44.1	46.6	52.3	81.5	124.1	154.3	216.3	286.2	359.8	445.7	438.3	463.2	594.2
5	निर्माण	630.3	823.1	894.3	1107.8	1476.9	1731.8	1962.1	2309.3	2609.3	2926.3	3048.3	3326.2	3738.2
6	व्यापार, रेष्टुरां तथा होटल	811.8	905.2	1050.7	1290.2	1656.3	1926.0	2249.7	2432.6	2831.7	3055.1	3368.7	3931.3	4289.5
7	यातायात, संचार तथा भण्डार	425.0	473.2	572.4	656.0	855.8	1081.9	1262.5	1399.5	1589.8	1931.5	2259.8	2463.1	2933.6
8	वित्त तथा घर जग्गा	668.1	803.2	926.9	1094.4	1324.1	1568.4	1812.2	2053.3	2352.1	2715.7	2977.8	3320.3	3691.9
9	सामुदायिक तथा सामाजिक सेवाहरु	569.1	746.9	786.1	999.1	1178.8	1511.5	1712.8	1892.4	2125.7	2373.1	2783.4	3058.2	3328.1
10	**कुल गार्हस्थ्य उत्पादन**													
	(साधनको लागतमा)	**7317.0**	**8583.1**	**9970.2**	**11612.7**	**14493.3**	**16535.0**	**19159.6**	**20997.4**	**23938.8**	**26957.0**	**28979.8**	**33001.8**	**36625.1**
	कृषि	3675.5	4257.2	5047.0	5536.8	6515.6	7009.0	8058.9	8556.9	9689.6	10878.5	11249.5	13237.3	14513.1
	गैर-कृषि	3641.5	4325.9	4923.2	6075.9	7977.7	9526.0	11100.7	12440.5	14249.2	16078.5	17730.3	19758.7	22112.0
11	बैकिङ्ग सेवा शुल्क	95.6	131.9	195.4	228.9	293.3	357.8	447.3	506.0	593.2	700.9	789.6	943.8	1070.8
12	**कुल गार्हस्थ्य उत्पादन**													
	(साधनको लागतमा)	**7221.4**	**8451.2**	**9774.8**	**11383.8**	**14200.0**	**16179.0**	**18712.3**	**20491.4**	**23345.6**	**26256.1**	**28190.2**	**32058.0**	**35554.3**
13	खुद अप्रत्यक्ष कर	469.2	475.8	566.8	653.2	748.7	970.2	1214.9	1426.1	1545.7	1795.2	1894.3	2145.6	2394.5
14	कुल गार्हस्थ्य उत्पादन													
	(उत्पादक मूल्यमा)	**7690.6**	**8927.0**	**10341.6**	**12037.0**	**14948.7**	**17149.2**	**19927.2**	**21917.5**	**24891.3**	**28051.3**	**30084.5**	**34203.6**	**37948.8**

स्रोत: केन्द्रीय तथ्यांक विभाग ।

तालिका १.१(ग) : कुल मूल्य अभिवृद्धि (औद्योगिक वर्गीकरण अनुसार)

(प्रचलित मूल्यमा)

रू . करोडमा

औद्योगिक वर्गीकरण	आर्थिक वर्ष									
	2057/58	2058/59	2059/60	2060/61	2061/62	2062/63	2063/64	2064/65	2065/66v¾.	2066/67प्रा.
कृषि तथा वन	15378.05	16392.53	17063.44	18362.13	19668.59	20859.11	22353.60	24332.30	30156.70	36674.42
मत्स्यपालन	184.40	216.49	216.82	250.36	268.22	311.34	328.70	386.80	514.70	581.64
खानी तथा उत्खनन्	181.71	214.89	231.04	250.66	274.82	313.36	341.70	437.50	508.40	578.17
उद्योग	3840.90	3773.60	3882.56	4167.33	4488.47	4784.03	5217.20	5718.50	6416.50	6934.88
विद्युत, ग्याँस तथा पानी	774.96	913.79	1144.67	1197.44	1278.16	1317.19	1484.10	1521.90	1512.20	1659.68
निर्माण	2558.54	2883.76	3095.54	3325.43	3664.42	4095.20	4509.90	5413.40	6368.30	7368.40
थोक तथा खुद्रा व्यापार	6992.84	6477.82	6869.50	7921.86	7983.85	9021.45	9264.80	10530.57	12588.55	15513.92
होटल तथा रेष्टुराँ	845.90	714.28	753.97	894.25	889.47	939.80	1004.31	1150.27	1403.11	1857.10
यातायात, संचार तथा भण्डारण	3142.46	3495.92	3936.19	4628.30	5133.64	6124.95	6955.48	7681.83	9326.12	10839.44
वित्तीय मध्यस्थता	1145.50	1220.20	1286.10	1372.80	1734.20	2197.90	2846.70	3353.85	3854.50	4518.20
रियल इष्टेट, भाडा तथा व्यावसायिक सेवाहरू	3526.74	3652.53	3825.14	3999.08	4924.20	6004.20	7079.10	7363.56	8254.06	9166.05
सार्वजनिक प्रशासन र रक्षा	528.81	723.65	807.03	801.87	954.82	1096.70	1222.70	1435.20	1853.20	2205.30
शिक्षा	1737.24	2082.33	2458.17	2631.33	3167.06	3499.60	4093.90	4872.20	6287.50	7405.50
स्वास्थ्य र सामाजिक कार्य	417.84	462.63	540.79	582.45	701.73	784.20	856.80	1096.30	1395.90	1625.00
अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू	1289.56	1180.78	1243.64	1414.04	1526.21	1684.00	2177.40	2650.50	3512.50	4102.80
कुल मूल्य अभिवृद्धि (अप्रत्यक्ष वित्तीय मध्यस्थता समेत)	42545.45	44405.21	47354.59	51799.33	56657.87	63033.01	69736.40	77944.68	93952.24	111030.50
अप्रत्यक्ष वित्तीय मध्यस्थता	1202.58	1365.54	1322.06	1729.43	1809.40	1921.20	2150.50	2418.50	2936.20	3515.63
कुल मूल्य अभिवृद्धि (Gross Value Added), (आधारभूत मूल्यमा)	41342.87	43039.66	46032.53	50069.91	54848.47	61111.80	67585.90	75526.18	91016.04	107514.87
उत्पादित वस्तुहरुमा खुद कर	2809.03	2904.62	3190.60	3604.98	4092.69	4296.60	5196.80	6040.14	8115.57	10753.13
कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा)	44151.90	45944.28	49223.13	53674.89	58941.16	65408.40	72782.70	81566.32	99131.61	118268.01

टिप्पणी : Nepal Standards Industrial Classification (NSIC) प्रमुख खण्ड १६ र १७ को अंश नगण्य भएकोले प्रमुख खण्ड १५ मै गाभिएको छ ।

आधार वर्ष २०५७/५८

सं. = संशोधित, प्रा.= प्रारम्भिक

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

तालिका १.२(क) : कुल गार्हस्थ्य उत्पादन (स्रोत अनुसार)

(स्थीर मूल्यमा)

रु. करोडमा

उद्योग	आधार वर्ष २०४१/४२					आधार वर्ष २०५१/५२										
	2041/42	2042/43	2043/44	2044/45	2045/46	2046/47	2047/48	2048/49	2049/50	2050/51	2051/52	2052/53	2053/54	2054/55	2055/56	2056/57
1 कृषि, मत्स्यपालन तथा वन	2276.1	2337.6	2321.3	2473.5	2626.0	7951.2	8132.0	8039.2	7963.1	8635.6	8556.9	8883.0	9270.6	9349.6	9618.3	10085.6
2 खानी	19.3	20.7	20.7	23.1	26.3	84.6	92.2	99.6	101.8	108.0	111.7	126.2	134.8	136.5	141.6	148.0
3 उत्पादन उद्योग	251.1	289.2	295.9	312.8	290.7	1035.0	1217.9	1607.6	1707.5	1917.9	1955.5	2132.2	2282.6	2360.7	2485.6	2664.6
4 विद्यूत, ग्यास तथा पानी	18.4	22.5	26.1	28.3	26.6	184.5	248.1	264.9	240.6	255.3	286.2	341.4	347.5	333.1	352.0	402.5
5 निर्माण	376.1	405.8	412.1	460.2	522.6	1695.7	1828.5	1969.5	2047.4	2176.5	2309.3	2473.3	2637.2	2695.3	2878.6	3155.0
6 व्यापार, रेष्टूरां तथा होटल	456.1	486.9	521.6	546.3	551.4	1682.4	1870.1	1982.8	2113.0	2294.7	2432.6	2542.4	2645.8	2798.1	2906.9	3103.6
7 यातायात, संचार तथा भण्डार	267.9	281.3	297.2	308.6	312.5	875.9	991.0	1077.2	1159.7	1265.3	1399.5	1475.9	1590.2	1718.6	1835.5	1964.4
8 वित्त तथा घर जग्गा	398.7	410.7	431.9	451.4	481.5	1519.8	1664.7	1751.9	1852.2	1968.4	2053.4	2209.6	2313.6	2449.4	2571.9	2702.6
9 सामूदायिक तथा सामाजिक सेवाहरु	380.3	396.4	416.0	472.0	514.2	1360.2	1446.4	1544.4	1692.9	1818.0	1892.4	2009.0	2081.7	2240.3	2388.5	2483.3
कृषि गार्हस्थ्य उत्पादन (साधनको लागतमा)	2276.1	2337.6	2321.3	2473.5	2626.0	7951.2	8132.0	8039.2	7963.1	8635.6	8556.9	8883.0	9270.6	9349.6	9618.3	10085.6
गैर-कृषि गार्हस्थ्य उत्पादन ((साधनको लागतमा)	2167.9	2313.5	2421.5	2602.7	2725.8	8438.1	9358.9	10297.9	10915.1	11804.1	12440.6	13310.0	14033.4	14732.0	15560.6	16624.0
10 कूल गार्हस्थ्य उत्पादन (साधनको लागतमा)	4444.0	4651.1	4742.8	5076.2	5351.8	16389.3	17490.9	18337.1	18878.2	20439.7	20997.5	22193.0	23304.0	24081.6	25178.9	26709.6
11 बैंकिंग सेवा शुल्क (-)	42.5	42.6	59.6	66.3	82.2	306.0	327.7	351.9	389.2	451.8	506.0	561.6	570.3	618.1	661.0	723.0
12 कूल गार्हस्थ्य उत्पादन	4401.5	4608.5	4683.2	5009.9	5269.6	16083.3	17163.2	17985.2	18489.0	19987.9	20491.5	21631.4	22733.7	23463.5	24517.9	25986.6
13 खुद अप्रत्यक्ष कर	257.1	262.8	270.9	325.5	296.7	887.4	934.6	897.9	1054.1	1228.7	1426.1	1456.1	1568.4	1553.7	1624.0	1750.8
14 कूल गार्हस्थ्य उत्पादन (उत्पादक मुल्यमा)	4658.6	4871.3	4954.1	5335.4	5566.3	16970.7	18097.8	18883.1	19543.1	21216.6	21917.6	23087.5	24302.1	25017.2	26141.9	27737.4

श्रोत : केन्द्रीय तथ्यांक विभाग ।

तालिका १.२(ख) : कुल मूल्य अभिवृद्धि (औद्योगिक वर्गीकरण अनुसार)

आधार वर्ष २०५७/५८

(स्थिर मूल्यमा)

(रु. करोडमा)

औद्योगिक वर्गीकरण	2057/58	2058/59	2059/60	2060/61	2061/62	2062/63	2063/64	2064/65	2065/66सं.	2066/67प्रा.
कृषि तथा वन	15378.05	15841.69	16367.65	17139.44	17730.36	18025.97	18195.80	19251.40	19828.20	20036.40
मत्स्यपालन	184.40	200.46	208.48	233.98	250.67	275.52	283.80	304.50	321.80	338.89
खानी तथा उत्खनन्	181.71	197.67	203.99	203.11	216.92	234.83	238.30	251.30	253.10	263.80
उद्योग	3840.90	3636.40	3637.99	3716.32	3813.59	3889.83	3989.10	3954.50	3913.20	4016.78
विद्युत, ग्याँस तथा पानी	774.96	863.08	1027.43	1069.25	1111.67	1156.22	1306.50	1320.40	1308.40	1315.33
निर्माण	2558.54	2722.51	2779.80	2770.11	2850.34	3069.00	3145.30	3304.30	3334.10	3554.90
थोक तथा खुद्रा व्यापार	6992.84	6183.68	6323.33	7006.63	6569.36	6809.90	6429.22	6696.22	7090.54	7489.46
होटल तथा रेष्टुराँ	845.90	691.70	705.58	795.49	752.47	800.10	827.81	885.11	911.29	989.13
यातायात, संचार तथा भण्डारण	3142.46	3405.50	3582.50	3850.85	4098.50	4200.10	4409.43	4822.58	5188.27	5523.17
वित्तीय मध्यस्थता	1145.50	1189.21	1208.96	1283.77	1595.70	1984.30	2210.30	2414.23	2450.21	2488.68
रियल इष्टेट, भाडा तथा व्यावसायिक सेवाहरू	3526.74	3354.33	3221.18	3153.79	3470.02	3690.00	4124.00	4554.40	4634.25	4859.79
सार्वजनिक प्रशासन र रक्षा	528.81	723.65	807.03	801.87	855.10	913.90	926.20	931.90	999.90	1041.90
शिक्षा	1737.24	2102.97	2391.34	2513.77	2760.60	2864.00	3073.80	3271.60	3639.90	3876.10
स्वास्थ्य र सामाजिक कार्य	417.84	448.68	517.14	548.73	610.90	647.00	688.80	747.40	830.80	877.40
अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू	1289.56	1178.46	1230.33	1395.52	1348.30	1393.30	1664.30	1820.40	2057.00	2181.70
कुल मूल्य अभिवृद्धि (अप्रत्यक्ष वित्तीय मध्यस्थतासमेत)	42545.45	42740.00	44212.73	46482.63	48034.50	49954.0	51512.66	54530.24	56760.96	58853.44
अप्रत्यक्ष वित्तीय मध्यस्थता	1202.63	1330.85	1242.80	1617.24	1718.00	1910.50	2147.60	2304.29	2470.62	2649.00
कुल मूल्य अभिवृद्धि (आधारभूत मूल्यमा)	41342.82	41409.15	42969.93	44865.39	46316.50	48043.50	49365.06	52225.96	54290.34	56204.44
उत्पादित वस्तुहरुमा खुद कर	2809.04	2795.69	2978.91	3234.96	3457.40	3405.06	3838.76	4225.69	4903.00	5698.53
कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा)	44151.86	44204.84	45948.84	48100.35	49773.90	51448.56	53203.82	56451.65	59193.34	61902.97

सं. = संशोधित, प्रा.= प्रारम्भिक

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

तालिका १.३ : कुल उत्पादन (औद्योगिक वर्गीकरण अनुसार)

(प्रचलित मूल्यमा)

(रु. करोडमा)

औद्योगिक क्षेत्रहरू	आर्थिक वर्ष									
	2057/58	2058/59	2059/60	2060/61	2061/62	2062/63	2063/64	2064/65	2065/66सं.	2066/67प्रा.
कृषि तथा वन	20904.88	22061.44	23029.09	24594.43	26227.66	27805.63	29938.50	32940.10	40531.40	49124.06
मत्स्यपालन	232.08	264.25	264.84	299.23	318.11	361.43	379.00	437.30	572.00	640.27
खानी तथा उत्खनन्	228.28	270.28	290.64	315.59	345.60	394.32	429.60	550.80	639.70	727.64
उद्योग	13937.18	13517.03	13888.90	14894.04	16018.56	17087.50	18649.60	20410.70	22827.20	25342.76
विद्युत, ग्याँस तथा पानी	1271.29	1548.12	1745.53	1956.12	2111.92	2263.71	2510.60	2641.80	2962.80	3288.71
निर्माण	5112.38	5818.02	6241.64	6693.11	7416.56	8314.70	9174.60	11163.90	13113.50	15181.10
थोक तथा खुद्रा व्यापार	8320.72	7712.04	8178.82	9415.46	9506.10	10736.50	11032.51	12540.20	14990.03	18472.21
होटल तथा रेष्टुराँ	2548.63	2271.64	2386.12	2762.11	2805.06	2947.70	3242.23	3753.63	4539.85	5242.77
यातायात, सञ्चार तथा भण्डारण	5713.27	6282.85	7007.97	8126.92	9032.89	10734.85	12179.90	13312.52	16044.87	18415.45
वित्तीय मध्यस्थता	1516.15	1678.42	1799.55	1936.72	2303.90	2793.90	3689.70	4390.74	5022.27	5833.37
रियल इष्टेट, भाडा तथा व्यावसायिक सेवाहरू	4752.34	4944.28	5222.67	5499.13	6769.00	8569.80	10057.50	10788.72	11987.46	13457.20
सार्वजनिक प्रशासन र रक्षा	676.44	930.89	1053.12	1068.16	1284.44	1428.80	1652.40	1922.40	2400.60	2873.20
शिक्षा	2191.12	2635.22	3160.43	3397.51	4114.20	4497.90	5332.80	6326.30	8072.40	9518.00
स्वास्थ र सामाजिक कार्य	576.66	640.05	749.24	816.28	982.57	1093.00	1265.20	1535.70	1919.00	2247.50
अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू	1781.17	1617.91	1739.61	1993.43	2172.24	2368.00	3095.90	3745.80	4946.00	5777.30
मौद्रिक कुल उत्पादन (आधारभूत मूल्यमा)	**69762.59**	**72192.42**	**76758.17**	**83768.23**	**91408.80**	**101397.73**	**112630.04**	**126460.61**	**150569.08**	**176141.54**

टिप्पणी : NSIC प्रमुख खण्ड १६ र १७ को अंश नगण्य भएकोले प्रमुख खण्ड १५ मै गाभिएको छ।

सं. = संशोधित, प्रा.= प्रारम्भिक

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

तालिका १.४ : कुल गार्हस्थ्य उत्पादनको बार्षिक वृद्धिदर (औद्योगिक वर्गीकरणअनुसार)

(स्थिर मूल्यमा)

(प्रतिशतमा)

औद्योगिक वर्गीकरण	आर्थिक वर्ष								
	2058/59	2059/60	2060/61	2061/62	2062/63	2063/64	2064/65सं.	2065/66सं.	2066/67प्रा.
कृषि तथा वन	3.01	3.32	4.72	3.45	1.67	0.94	**5.80**	**3.00**	**1.05**
मत्स्यपालन	8.71	4.00	12.23	7.13	9.91	3.01	7.29	5.68	5.31
खानी तथा उत्खनन्	8.79	3.20	-0.43	6.80	8.26	1.48	5.46	0.72	4.23
उद्योग	-5.32	0.04	2.15	2.62	2.00	2.55	-0.87	-1.04	2.65
विद्युत, ग्याँस तथा पानी	11.37	19.04	4.07	3.97	4.01	13.00	1.06	-0.91	0.53
निर्माण	6.41	2.10	-0.35	2.90	7.67	2.49	5.06	0.90	6.62
थोक तथा खुद्रा व्यापार	-11.57	2.26	10.81	-6.24	3.66	-5.59	4.15	5.89	5.63
होटल तथा रेष्टुराँ	-18.23	2.01	12.74	-5.41	6.33	3.46	6.92	2.96	8.54
यातायात, सञ्चार तथा भण्डारण	8.37	5.20	7.49	6.43	2.48	4.98	9.37	7.58	6.45
वित्तीय मध्यस्थता	3.82	1.66	6.19	24.30	24.35	11.39	9.23	1.49	1.57
रियल इष्टेट, भाडा तथा व्यावसायिक सेवाहरू	-4.89	-3.97	-2.09	10.03	6.34	11.76	10.44	1.75	4.87
सार्वजनिक प्रशासन र रक्षा	36.85	11.52	-0.64	6.64	6.88	1.35	0.62	7.30	4.20
शिक्षा	21.05	13.71	5.12	9.82	3.75	7.33	6.44	11.26	6.49
स्वास्थ्य र सामाजिक कार्य	7.38	15.26	6.11	11.33	5.91	6.46	8.51	11.16	5.61
अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू	-8.62	4.40	13.43	-3.38	3.34	19.45	9.38	13.00	6.06
कुल मूल्य अभिवृद्धि (अप्रत्यक्ष रुपमा मापन गरिने वित्तीय मध्यस्थता सेवा सहित)	0.46	3.45	5.13	3.34	4.00	3.12	5.86	4.09	3.69
अप्रत्यक्ष रुपमा मापन गरिने वित्तीय मध्यस्थता सेवा	10.67	-6.62	30.13	6.23	11.20	12.41	7.30	7.22	7.22
कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)	0.16	3.77	4.41	3.23	*3.73*	2.75	5.80	3.95	3.53
वस्तु तथा सेवामा खुद कर	-0.47	6.55	8.60	6.88	-1.51	12.74	10.08	16.03	16.23
कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा)	0.12	3.95	4.68	3.48	*3.36*	*3.41*	*6.10*	*4.86*	*4.58*

सं. = संशोधित, प्रा.= प्रारम्भिक

आधार वर्ष २०५७/५८

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

तालिका १.५ : कुल गार्हस्थ्य उत्पादनको संरचना (औद्योगिक वर्गीकरण अनुसार)

(प्रतिशतमा)

औद्योगिक वर्गीकरण	आर्थिक वर्ष									
	2057/58	2058/59	2059/60	2060/61	2061/62	2062/63	2063/64	2064/65	2065/66सं.	2066/67प्रा.
कृषि तथा वन	36.15	36.92	36.03	35.45	34.71	33.09	32.05	31.22	32.10	33.03
मत्स्यपालन	0.43	0.49	0.46	0.48	0.47	0.49	0.47	0.50	0.55	0.52
खानी तथा उत्खनन्	0.43	0.48	0.49	0.48	0.49	0.50	0.49	0.56	0.54	0.52
उद्योग	9.03	8.50	8.20	8.05	7.92	7.59	7.48	7.34	6.83	6.25
विद्युत, ग्याँस तथा पानी	1.82	2.06	2.42	2.31	2.26	2.09	2.13	1.95	1.61	1.49
निर्माण	6.01	6.49	6.54	6.42	6.47	6.50	6.47	6.95	6.78	6.64
थोक तथा खुद्रा व्यापार	16.44	14.59	14.51	15.29	14.09	14.31	13.29	13.51	13.40	13.97
होटल तथा रेष्टुराँ	1.99	1.61	1.59	1.73	1.57	1.49	1.44	1.48	1.49	1.67
यातायात, सञ्चार तथा भण्डारण	7.39	7.87	8.31	8.94	9.06	9.72	9.97	9.86	9.93	9.76
वित्तीय मध्यस्थता	2.69	2.75	2.72	2.65	3.06	3.49	4.08	4.30	4.10	4.07
रियल इष्टेट, भाडा तथा व्यावसायिक सेवाहरू	8.29	8.23	8.08	7.72	8.69	9.53	10.15	9.45	8.79	8.26
सार्वजनिक प्रशासन र रक्षा	1.24	1.63	1.70	1.55	1.69	1.74	1.75	1.84	1.97	1.99
शिक्षा	4.08	4.69	5.19	5.08	5.59	5.55	5.87	6.25	6.69	6.67
स्वास्थ्य र सामाजिक कार्य	0.98	1.04	1.14	1.12	1.24	1.24	1.23	1.41	1.49	1.46
अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू	3.03	2.66	2.63	2.73	2.69	2.67	3.12	3.40	3.74	3.70

सं. = संशोधित, प्रा.= प्रारम्भिक

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग

तालिका १.६(क) : कुल गार्हस्थ्य उत्पादन

रु. करोडमा

	2031/32	2032/33	2033/34	2034/35	2035/36	2036/37	2037/38	2038/39	2039/40	2040/41	2041/42	2042/43	2043/44
कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा)	**1657.10**	**1739.40**	**1728.00**	**1973.20**	**2221.50**	**2335.10**	**2730.70**	**3098.80**	**3376.10**	**3939.00**	**4444.10**	**5321.50**	**6114.00**
कृषि क्षेत्र	1155.00	1161.10	1050.60	1175.20	1352.20	1368.30	1567.90	1790.30	1928.20	2277.10	2276.10	2713.60	3062.30
गैर(कृषि क्षेत्र	502.10	578.30	677.40	798.00	869.30	966.80	1162.80	1308.50	1447.90	1661.90	2168.00	2607.90	3051.70
कुल गार्हस्थ्य उत्पादन (२०५१।५२ को मूल्यमा)	**1657.10**	**1730.00**	**1782.20**	**1860.70**	**1904.80**	**1860.60**	**2015.80**	**2092.00**	**2029.70**	**2226.20**	**4444.10**	**4651.20**	**4742.70**
कृषि क्षेत्र	1155.00	1161.50	1114.10	1114.10	1148.00	1093.30	1206.60	1261.60	1247.80	1366.80	2276.10	2337.60	2321.30
गैर(कृषि क्षेत्र)	502.10	568.50	668.10	746.60	756.80	767.30	809.20	830.40	781.90	859.40	2168.00	2313.60	2421.40
कुल गार्हस्थ्य उत्पादन मुल्य सुचकांक	**100.00**	**100.54**	**96.96**	**106.05**	**116.63**	**125.50**	**135.46**	**148.13**	**166.33**	**176.94**	**100.00**	**114.41**	**128.91**
कृषि क्षेत्र	100.00	99.97	94.30	105.48	117.79	125.15	129.94	141.91	109.08	166.60	120.32	137.63	143.42
